सङ्गठित संस्थाको लेखापरीक्षण प्रतिवेदन

(महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

२०८२



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

सङ्गठित संस्थाको लेखापरीक्षण प्रतिवेदन

(महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

२०८२

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accaccountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालका महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१)(क) देखि (घ) मा उल्लिखित विषय क्रमशः महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन तयार गरिएको छ। यो वार्षिक प्रतिवेदनमा संगठित संस्थाका प्रमुख बेहोरा समावेश गरिएको छ। संगठित संस्थाको लेखापरीक्षण गर्न ३ संस्थामा कार्यालयका कर्मचारी परिचालन गरिएको तथा अन्य सार्वजनिक संस्थामा लेखापरीक्षण सहायकको रूपमा बाह्य लेखापरीक्षक नियुक्त गरिएको र ४२ संस्थाको लेखापरीक्षण परामर्श दिइएको लेखापरीक्षकबाट सम्पन्न भएको छ। कार्यालयबाट जारी भएका र परामर्शदाता लेखापरीक्षकले सम्बन्धित संस्थामा पेश भएका प्रतिवेदनमा देखिएका बेहोरा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई जानकारी गराइएको र फर्स्यौंट हुन नसकेका विषय संस्थाको बोर्ड, लेखा उत्तरदायी अधिकृतलाई समेत जानकारी गराई वार्षिक प्रतिवेदन, ती संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्रमा समावेश गरिएको छ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम संगठित संस्थाहरूले सम्पादन गरेको काम कारबाही, सेवा प्रवाहलगायतका विषयको अतिरिक्त वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरूप सम्पादन गरेका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धी सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले जारी गरिएका लेखापरीक्षण प्रतिवेदनहरू र अन्य बेहोरासहितको व्यवस्थापन पत्र समावेश गरी सो संगालो प्रकाशित गरिएको छ। प्रस्तुत प्रतिवेदनमा संस्थाका सञ्चालक समिति, संस्थाको स्वामित्व संरचना, वित्तीय तथा सम्पत्तिको अवस्था, आन्तरिक नियन्त्रण, जवाफदेहिता र पारदर्शीतालगायतका विषय रहेका छन्। यो वर्ष पूर्ण स्वामित्वको संगठित संस्थातर्फ ४३ संस्थाको ४५ आर्थिक वर्षको रू.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त अधिकांश स्वामित्वका ४२ संगठित संस्थाको ४७ आर्थिक वर्षको लेखापरीक्षणको परामर्शमार्फत् रू.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको छ।

लेखापरीक्षणबाट संस्थाले आफ्नो सम्पत्ति यकिन गरी प्रभावकारी व्यवस्थापन गर्न नसकेको, प्राप्त गर्नुपर्ने आम्दानी असुल नगरेको, संस्थाहरूको सञ्चालन नतिजा प्रभावकारी हुन नसकेको, सञ्चालकको सेवा सुविधा आफैले निर्धारण गरेको, संस्थाले सहायक कम्पनीमा सञ्चालक खटाउँदा सरकारको स्वीकृति नलिएको, चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता नआएको, सरकार तथा अन्य निकायसँगको लेनदेन हिसाब मिलान हुन बाँकी रहेको, संस्थाहरू पूर्ण क्षमतामा सञ्चालन नरहेको, दायित्व सिर्जना भएकोमा कोषको पर्याप्त व्यवस्था नगरेको, सेवा सुविधामा फरकपन रहेको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको लगायतका बेहोरा देखिएका छन्। सार्वजनिक संस्थाहरू व्यावसायिक रूपमा मुनाफा आर्जन गर्न र राज्यले प्रदान गर्ने सेवा भावले सञ्चालन गर्ने विषयमा पनि नीतिगत रूपमा सम्बोधन गर्न बाँकी रहेको छ। यस्ता बेहोराहरू समयमै सुधार गर्न जरूरी देखिएको छ।

प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने लेखापरीक्षक, यस कार्यालयका कर्मचारी तथा संगठित संस्थाका व्यवस्थापन कार्यमा संलग्न सबै प्रति धन्यवाद व्यक्त गर्दछु। साथै, प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई संगठित संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

(तोयम राया)
महालेखापरीक्षक

खण्ड-कः परिचय

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

संवैधानिक तथा कानुनी व्यवस्था - संविधानको धारा २४१(१) मा संघीय, प्रदेश सरकार, स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने र धारा २४१(२) अनुसार पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने, त्यस्ता संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तका सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

१. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदन उपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ भने अन्य सहायक उद्देश्यहरू देहायअनुसारका विषयमा मूल्याङ्कन विश्लेषण गरी प्रतिवेदन गर्ने रहेका छन्:

- उद्देश्य, नीति, कार्यक्रम कार्यान्वयन र उपलब्धी हासिल गरेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धी हासिल गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाईँ गर्ने यथेष्ट प्रमाण राखेको,
- संगठित संस्थाको हिसाब यथार्थपरक रहेको,
- वित्तीय विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ चित्रण गरेको,
- संस्थानको आय र धरौटी असुली तथा दाखिला गरेको,
- सार्वजनिक संस्थानको सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी जिन्सी तथा सार्वजनिक सम्पत्ति एवं स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- सार्वजनिक संस्थाले जवाफदेहिता बहन गरेको।

२. **क्षेत्र** - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्वमा तथा पचास प्रतिशतभन्दा बढी स्वामित्वमा सञ्चालन हुँदै आएका संगठित संस्थाहरू महालेखापरीक्षकको क्षेत्राधिकार भित्र रहेका छन्। संगठित संस्था, समिति, बोर्ड, कोष र प्राधिकरणसमेत कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थाको २०८०।८१ को आर्थिक कारोबार र पेस भएसम्म बक्यौता कारोबारलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। सार्वजनिक संस्थाको वित्तीय विवरण, सञ्चालन नतिजा, आन्तरिक नियन्त्रण, सेवा प्रवाहमा जिम्मेवारी र जवाफदेहिताको विषय समेटिएको छ।

३. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, लेखापरीक्षणका आधारभूत सिद्धान्त, मान्यता, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमनसमेत ४ चरणमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ। जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवम् विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नमुना छनौट गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ।

खण्ड-खः लेखापरीक्षणबाट देखिएका बेहोरा

महालेखापरीक्षकले नियुक्ति गरेका वा महालेखापरीक्षकको परामर्शमा नियुक्ति भएका लेखापरीक्षकले अन्य कुराका अतिरिक्त सामान्यतः महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरी प्रकाशित गरेको लेखापरीक्षण सम्बन्धी मानदण्ड तथा निर्देशिकाले प्रतिपादन गरेको स्वतन्त्रता र वस्तुपरकता, सक्षमता, उचित सतर्कता, सूचनाको गोपनीयता, लेखापरीक्षण योजना, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण कार्य योजना, अन्य लेखापरीक्षक तथा विशेषज्ञसँगको सम्बन्ध, लेखापरीक्षण व्यवस्थापन, सुपरिवेक्षण तथा पुरानलोकन, प्रमाण अभिलेखाङ्कन, वित्तीय विवरणको विश्लेषण, ऐन नियमको पालना, लेखापरीक्षण समापन, लेखापरीक्षण कार्यपत्र फाइलको पुनरावलोकन, वित्तीय विवरण सम्बन्धी प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सम्बन्धी मानदण्ड अनुरूपका सिद्धान्त अपनाई लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।

१. **लेखापरीक्षण अवस्था** – स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार यो वर्ष देहायानुसार संगठित संस्थाहरूको लेखापरीक्षण सम्पन्न भएको छ।

१.१. लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार सहायकको रूपमा नियुक्त तथा कार्यालयको जनशक्ति समेतबाट यो वर्ष पूर्ण स्वामित्व भएका संस्थाहरूको बक्यौतासमेत ४५ आर्थिक वर्षको रू.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

१.२. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ अनुसार परामर्श उपलब्ध गराएका लेखापरीक्षकबाट संस्थाको बक्यौतासमेत ४७ आर्थिक वर्षको रू.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **लेखापरीक्षबाट देखिएका प्रमुख बेहोरा** – यो वर्ष पूर्ण स्वामित्व भएका संस्था ४३ को लेखापरीक्षण सम्पन भएको र अधिकांश स्वामित्व भएको संस्था ४२ को लेखापरीक्षण सम्पन्न गरी पूर्ण स्वामित्व भएका संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्र यस कार्यालयले नै जारी गरेको र अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्र परामर्श दिइएको लेखापरीक्षकबाट जारी गरिएको छ। सम्बन्धित सार्वजनिक निकायको जिम्मेवार तहबाट कानुनबमोजिम फर्स्यौंट नभई बाँकी रहेका प्रमुख बेहोरा देहायअनुसार उल्लेख गरिएको छ।

२.१. **सञ्चालक समिति** - नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थानबाट सहायक कम्पनीमा सञ्चालक नियुक्त वा मनोनयन हुँदा नेपाल सरकारको समन्वयमा निर्णय गरेको छैन। सरकारी स्वामित्वमा रहेका संस्थाले अन्य संस्थामा लगानी गर्दा यस्ता संस्थाबाट बहुसङ्ख्यक रूपमा बोर्डमा प्रतिनिधित्व गराएको छ। लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिने लगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुँदा संस्था सञ्चालनमा समस्या रहेको छ।

२.२. **स्वामित्व संरचना** - नेपाल सरकारले संस्थामा लगानी गर्दा सेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन। संस्थाले सहायक कम्पनीको रूपमा नयाँ संस्था स्थापना गर्ने स्पष्ट मापदण्ड नभएको तथा त्यस्ता संस्थामा सर्व-साधारणलाई समेत सेयर दिनुपर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको बारेमा थप अध्ययन गर्ने नगरेको, कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै सेयर स्वामित्व कायम गरी संस्था सञ्चालन रहेकोमा समग्रमा नेपाल सरकार एउटै निकाय भएकोले तदनुरूप ऐन, नियममा संशोधन भैसकेको छैन।

२.३. **वित्तीय विवरण** - संगठित संस्थाले वित्तीय विवरण प्रचलित नेपाल वित्तीय प्रतिवेदन लेखामानबमोजिम तयार गरेका छैनन्। अधिकांश संस्थाको लेखा ढाँचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत गर्ने नगरेको, नेपाल लेखामानहरु, नोट, टिप्पणी, सम्पत्तिको ह्रासकट्टी, कर्मचारी दायित्वको लागि यकिन आधारबाट बीमाङ्कीय मूल्याङ्कन गरी दायित्व यकिन नगरेको लगायतका विषयमा लेखा अभिलेख सम्बन्धी स्पष्ट लेखा टिप्पणी तयार गरेका छैनन्।

२.४. **सम्पत्ति व्यवस्थापन** - सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी उपयोगको प्रभावकारी व्यवस्थापन गर्न नसकेको, संस्थाको सम्पत्तिको जग्गा लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामग्री लिलाम बिक्री नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुंगो नलगाएको, प्रयोगमा ल्याएको सफ्ट्वेयरको आवश्यकता प्रयोग, वार्षिक मर्मतसम्भार र साइवर सुरक्षामा ध्यान नपुगेको जस्ता बेहोरा देखिएका छन्।

२.५. **आन्तरिक नियन्त्रण –** संगठित संस्थाहरुको सुधारको लागि संस्थानको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन एकीकृत नियन्त्रण प्रणाली लागू नगरेको, कर्मचारी दायित्वलगायत अन्य दायित्व भुक्तानीको लागि कोषसहितको पर्याप्त व्यवस्था नगरेको, सञ्चालक समिति तथा कर्मचारीको कार्य विवरणमा वित्तीय सुशासनको विषय समावेश नगरेको, अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको अवस्था देखिएको छ। त्यस्तै संगठित संस्था, प्रतिष्ठानलगायतमा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा जवाफदेहिताको स्तर मापन गर्ने गरेको छैन।

२.६. **वित्तीय व्यवस्थापन -** तलब, भत्ता, कार्यालय सञ्चालनलगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ। कतिपय संस्था विगतदेखि घाटामा सञ्चालन भएकोमा संस्था सुदृढीकरणको लागि थप पहल नगरेको कारण सरकारको लगानीको तुलनामा प्रतिफल न्यून रहेको छ। सरकारको तर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्याङ्कन एवम् लगानीको समीक्षा भएको छैन।

२.७. **जवाफदेहिता –** संगठित संस्थाहरुले समयमा लेखापरीक्षण नगराएको, लक्ष्यअनुसार प्रगति हासिल नभएको, हिसाब मिलान नगरेको, नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने रकम समयमा नबुझाएको, प्राप्त गर्नुपर्ने आम्दानी तथा नियमानुसार लाग्ने क्षतिपूर्ति असूल नगरेको, सोझै खरिद गरेको लगायतका बेहोरा देखिएका छन्।

२.८. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा लेखापरीक्षणको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने उल्लेख छ। लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरूजु बेहोराको अभिलेख राख्ने गरेको छैन। जिम्मेवार पदाधिकारीले लेखापरीक्षण प्रतिवेदन, सुझावहरू कार्यान्वयन नगरेकोले सोही बेहोरा पुनः दोहोरिने गरेको छ। अतः अभिलेख व्यवस्थित गरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

३. **सञ्चालन नतिजा एवम् मुख्य बेहोरा** - पूर्ण स्वामित्व र अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदनका मुख्य बेहोरा यसै साथ संलग्न गरिएको छ। सारभूत रूपमा उल्लेख गर्न नपर्ने निकायको अवस्था यसमा समावेश गरिएको छैन। सबै संगठित संस्थाहरूको लेखापरीक्षण प्रतिवेदन कार्यालयको वेव पेजमार्फत् सार्वजनिक गरिएको छ।

पूर्ण स्वामित्व भएका संगठित संस्थाको बेहोरा पृष्ठ १ देखि ३०८ सम्म र अधिकांश स्वामित्व भएका संगठित संस्थाको बेहोरा पृष्ठ ३०९ देखि ५६५ सम्म रहेको छ।

४. **लेखापरीक्षण बक्यौता** - लेखापरीक्षण ऐन, २०७५ को दफा २५ मा लेखापरीक्षण नगराउने लेखा सम्बन्धी कागजात पेश नगर्ने पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारबाहीलगायतका प्रचलित कानुनबमोजिम कारबाही गर्न लेखी पठाउन सक्ने र सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी जानकारी दिनुपर्ने व्यवस्था छ। कार्यालयबाट पटक पटक निर्देशन भएकोमा ३१ संगठित संस्थाले ८० आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्। यो वर्ष पूर्ण स्वामित्व भएका २१ संस्थाको ३८ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, दुग्ध विकास संस्थान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजनलगायतको लेखापरीक्षण बक्यौता रहेको छ। त्यस्तै, नेपाल सरकारको अधिकांश स्वामित्व भएका १० संगठित संस्थाको ४२ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, विशाल बजार कम्पनी, अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, साझा प्रकाशन र नेपाल ओरिण्ड म्याग्नेसाइट प्राईभेट लिमिटेडको लेखापरीक्षण गर्न बाँकी छ। लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलब्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ। लेखापरीक्षण गर्न बाँकी नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थाको विवरण अनुसूची १ र अधिकांश स्वामित्व रहेका संस्थाको विवरण अनुसूची १क मा छ।

विषयसूची

महालेखापरीक्षकको भनाई

खण्ड-कः परिचय

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

खण्ड-ख लेखापरीक्षणबाट देखिएका बेहोरा

खण्ड-ग लेखापरीक्षण प्रतिवेदन

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्था

अर्थ मन्त्रालय

१. कर्मचारी सञ्चय कोष..... १
२. नागरिक लगानी कोष..... १०
३. नागरिक लगानी कोष (२०७९।८०)..... २१
४. निक्षेप तथा कर्जा सुरक्षण कोष..... ३२
५. नेपाल धितोपत्र बोर्ड..... ३९
६. नेपाल धितोपत्र बोर्ड (२०७९।८०)..... ४५
७. नेपाल बीमा प्राधिकरण..... ५२
८. नेपाल राष्ट्र बैङ्क..... ५८

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

९. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (२०७९।८०)..... ७१
१०. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०७९।८०)..... ७५
११. धौवादी फलाम कम्पनी..... ८४
१२. नेपाल औषधि लिमिटेड..... ८८
१३. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड..... ९३
१४. हेटौंडा सिमेन्ट उद्योग लिमिटेड (२०७९।८०)..... ९८

ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

१५. अपर अरुण हाईड्रोइलेक्टिक लिमिटेड..... १०६
१६. उत्तर गंगा पावर कम्पनी लिमिटेड..... ११०
१७. तनहुँ हाईड्रोपावर लिमिटेड..... ११४
१८. तामाकोशी जलविद्युत कम्पनी लिमिटेड..... १२१
१९. दुधकोशी जलविद्युत कम्पनी लिमिटेड..... १२६
२०. नेपाल विद्युत प्राधिकरण..... १३०
२१. बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड..... १५०
२२. मोदी जलविद्युत कम्पनी लिमिटेड..... १५५
२३. रघुगंगा हाइड्रोपावर लिमिटेड..... १५९
२४. राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड..... १६५
२५. स्यार्पु पावर कम्पनी लिमिटेड..... १७१

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२६. कानून किताब व्यवस्था समिति..... १७५

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२७. कृषि सामग्री कम्पनी लिमिटेड (२०७९।८०)..... १८०
२८. दुग्ध विकास संस्थान (२०७९।८०)..... १८९
२९. नेपाल पशु चिकित्सा परिषद्..... १९८
३०. स्यार्पु कृषि कम्पनी लिमिटेड..... २०२

खानेपानी मन्त्रालय

३१. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०७९।८०)..... २०६

३२. नेपाल खानीपानी संस्थान (२०७९।८०)..... २१४

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

३३. गुठी संस्थान (२०७८।७९)..... २२९

३४. राष्ट्रिय सहकारी विकास बोर्ड (२०७८।७९)..... २३५

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

३५. नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड..... २४१

वन तथा वातावरण मन्त्रालय

३६. नेपाल वन निगम लिमिटेड (२०७९।८०)..... २४५

शहरी विकास मन्त्रालय

३७. नगर विकास कोष..... २५०

३८. राष्ट्रिय आवास कम्पनी..... २५४

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

३९. जनक शिक्षा सामग्री केन्द्र (२०७९।८०)..... २५९

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

४०. गोरखापत्र संस्थान (२०७८।७९)..... २६५

४१. प्रेस काउन्सिल नेपाल..... २७२

४२. राष्ट्रिय समाचार समिति..... २७६

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

४३. नेपाल नागरिक उड्डयन प्राधिकरण..... २७९

४४. नेपाल वायुसेवा निगम (२०७९।८०)..... २९२

४५. सांस्कृतिक संस्थान..... ३०५

खण्ड-घ लेखापरीक्षण प्रतिवेदन

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्था

अर्थ मन्त्रालय

४६. आर बि बि मर्चेन्ट बैङ्किङ..... ३०९

४७. आर बि बि सेक्युरिटिज लिमिटेड..... ३१४

४८. कृषि विकास बैङ्क..... ३१८

४९. कोष व्यवस्थापन कम्पनी लिमिटेड..... ३२५

५०. नागरिक स्टक डिलर कम्पनी लिमिटेड..... ३२९

५१. नेपाल डिजिटल पेमेन्ट्स कम्पनी..... ३३४

५२. नेपाल बैङ्क लिमिटेड..... ३३८

५३. नेपाल स्टक एक्सचेन्ज लिमिटेड..... ३४६

५४. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०७९।८०)..... ३५३

५५. राष्ट्रिय बीमा कम्पनी लिमिटेड (२०७५।७६)..... ३५७

५६. राष्ट्रिय बीमा कम्पनी लिमिटेड (२०७४।७५)..... ३६३

५७. राष्ट्रिय वाणिज्य बैङ्क..... ३६८

५८. विशाल बजार (२०७५।७६)..... ३७९

५९. सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड..... ३८५

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

६०. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड ३९१

६१. नेपाल आयल निगम ३९६

६२. नेपाल मेटल कम्पनी लिमिटेड ४०६

ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

६३. अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड (२०७९।८०) ४१०

६४. एन इए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड ४१७

६५. चिलिमे इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेड ४२२

६६. चिलिमे जलविद्युत कम्पनी ४२६

६७. चिलिमे सेती जलविद्युत कम्पनी ४३३

६८. चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड ४३७

६९. जगदूल्ला हाइड्रोपावर कम्पनी लिमिटेड ४४१

७०. नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड ४४५

७१. नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड ४४८

७२. पावर ट्रान्समिसन कम्पनी लिमिटेड ४५१

७३. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड ४५६

७४. रेमिट हाइड्रो लिमिटेड ४६१

७५. विद्युत उत्पादन कम्पनी लिमिटेड ४६५

७६. सल्लेरी च्याल्सा जलविद्युत कम्पनी ४७१

७७. सान्जेन जलविद्युत कम्पनी लिमिटेड ४७५

७८. सिम्बुवा रेमिट हाइड्रो लिमिटेड ४८१

७९. हाइड्रोइलेक्ट्रिसिटी इन्भेन्टमेन्ट एण्ड डेभेलप्मेन्ट ४८६

८०. त्रिशुली जलविद्युत कम्पनी लिमिटेड ४९२

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

८१. दोलखा दुग्ध उद्योग लिमिटेड ४९९

खानेपानी मन्त्रालय

८२. काठमाडौं उपत्यका खानेपानी लिमिटेड (२०७९।८०) ५०३

८३. काठमाडौं उपत्यका खानेपानी लिमिटेड (२०७८।७९) ५१०

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

८४. साझा प्रकाशन सहकारी संस्था लिमिटेड (२०७७।७८) ५१६

८५. साझा प्रकाशन सहकारी संस्था लिमिटेड (२०७६।७७) ५२०

८६. साझा प्रकाशन सहकारी संस्था लिमिटेड (२०७५।७६) ५२३

८७. साझा भण्डार सहकारी संस्था लिमिटेड ५२७

८८. साझा यातायात सहकारी संस्था लिमिटेड ५३२

८९. साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड ५३८

वन तथा वातावरण मन्त्रालय

९०. जडिबुटी उत्पादन तथा प्रशोधन ५४३

९१. जडिबुटी उत्पादन तथा प्रशोधन (२०७९।८०) ५४९

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

९२. नेपाल टेलिकम ५५३

सुधार गर्नुपर्ने क्षेत्रहरू

अनुसूची १: पूर्ण स्वामित्व भएका संस्थाको लेखापरीक्षण बक्यौता

अनुसूची १क: अधिकांश स्वामित्व भएका संस्थाको लेखापरीक्षण बक्यौता

पूर्ण स्वामित्व भएको सङ्गठीत संस्था

खण्ड-गः लेखापरीक्षण प्रतिवेदन

पूर्ण स्वामित्व भएका संगठित संस्था

अर्थ मन्त्रालय

कर्मचारी सञ्चय कोष

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सेवा निवृत्त सेनाको सञ्चय कोष रकम व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले सम्वत् १९९१ सालमा सैनिक द्रव्य कोष स्थापना भएकोमा हाल निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोष सञ्चालनमा छ। कोषले सार्वजनिक र निजी क्षेत्रका कर्मचारीलाई आफ्नो दायरामा ल्याई सञ्चयकर्ताबाट सञ्चित रकम व्यवस्थापन गर्दै आएको छ। उक्त ऐनको दफा ४ मा कोषको सञ्चालन एवम् सुव्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त अध्यक्षसहित नेपाल सरकारले नेपाल सरकारको विभिन्न सेवाबाट मनोनित गरेका ३ जना सञ्चालक, बैङ्क, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूबाट २ जना सञ्चालक र कोषका प्रशासक गरी ७ सदस्यीय सञ्चालक समितिको व्यवस्था रहेको छ। कोषमा कर्मचारीको स्वीकृत दरबन्दी ५०० रहेकोमा ३९४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा नगद समान सम्पत्ति	१५,१०,१५		९७,८९	
बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दात	१,६७,९०,३१		१,४७,२१,३९	
सञ्चयकर्तालाई कर्जा तथा सापटी	२,६२,५०,०६		२,४४,५२,९०	
परियोजना तथा संगठित संस्थालाई कर्जा तथा सापटी	८७,३२,५०		८४,३२,००	
कर्मचारीलाई कर्जा तथा सापटी	२,३१,८४		२,३३,९५	
धितोपत्रमा लगानी	३०,७३,६९		३०,१४,९३	
सहायक कम्पनीको सेयर पुँजी	२०,००		२०,००	
सम्बद्ध कम्पनीमा लगानी	१,४१,५४		१,३४,१४	
सम्पत्तिमा लगानी	९०,८५		८७,३६	
सम्पत्ति र उपकरण	१,०३,३४		९३,५९	
अमूर्त सम्पत्ति	१,१५		८८	
अन्य सम्पत्ति	१,३९,७६		१,४०,७७	
कुल सम्पत्ति		**५,७०,८५,१९**		**५,१४,२९,८०**
दायित्व				
कर्मचारी सुविधा दायित्व	४,०७,६८		४,२३,६८	
अन्य दायित्व	१,७५,२१		१,८६,१५	
कुल दायित्व		**५,८२,८९**		**६,०९,८३**
कोष तथा जगेडा				
सञ्चय कोष	५,१८,४७,५३		४,६५,०२,०२	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
निवृत्तभरण कोष	११,२१,३८		६,३५,८३	
जगेडा तथा बचत	३५,३३,३९		३६,८२,११	
कुल कोष तथा जगेडा		**५,६५,०२,३०**		**५,०८,१९,९७**
ठितकुल कोष, जगेडा तथा दायित्व		**५,७०,८५,१९**		**५,१४,२९,८०**

२. **सञ्चालन नतिजा** - कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
ऋण तथा लगानीबाट आम्दानी	४७,५४,८२		४४,१७,५७	
ब्याज तथा अन्य प्रत्यक्ष खर्च	३६,३५,६९		३४,६२,६९	
ऋण तथा लगानीबाट खुद आम्दानी		**११,१९,१३**		**९,५४,८८**
शुल्क तथा कमिसन आम्दानी	१,७४		२,१६	
अन्य आम्दानी	२५,२२		२९,१०	
कुल सञ्चालन आम्दानी		**११,४६,०९**		**९,८६,१४**
वित्तीय सम्पत्तिको खुद क्षयीकरण	४,२९,७५		२,५२,३९	
कर्मचारी खर्च	१,०५,२७		९९,८७	
अन्य सञ्चालन खर्च	२४,६१		२२,४५	
ह्रास कट्टी, परिशोधन तथा गैर वित्तीय सम्पत्तिको क्षयीकरण	४,८८		५,८१	
कुल खर्च		**५,६४,५१**		**३,८०,५२**
आय कर अघिको मुनाफा (नोक्सान)		**५,८१,५८**		**६,०५,६२**
आय कर		**०**		**०**
खुद मुनाफा (नोक्सान)		**५,८१,५८**		**६,०५,६२**

३. **वित्तीय सम्पत्तिको क्षयीकरण** - कर्मचारी सञ्चय कोष कर्जा तथा लगानी नीति, २०८० अनुसार नेपाल सरकारको निर्देशन र जमानतमा प्रवाह भएको कर्जामा ५ प्रतिशतले र पुनर्संचरना वा पुनर्तालिकीकरण भएको कर्जाको हकमा १२.५० प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने उल्लेख छ। कोषले प्रवाह गरेका परियोजनालगायतका कर्जा खराब कर्जामा परिवर्तन भई नोक्सान व्यवस्था गरी कर्जाको अपलेखनसमेत गर्ने गरेको छ। कोषले गत वर्षसम्म वित्तीय सम्पत्तिको खुद क्षयीकरणबापत रु.२ अर्ब ५२ करोड ३९ लाख खर्च लेखेकोमा यो वर्ष ७०.२७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब २९ करोड ७५ लाख पुगेको छ। कर्जा असुली व्यवस्थापनमा सुधार गरी वित्तीय सम्पत्तिको क्षयीकरणलाई न्यूनीकरण गर्नुपर्दछ।

४. **वित्तीय प्रतिवेदनमानको पालना** - कोषले कार्यालय सञ्चालनको निम्ति भाडा/पट्टामा लिएका भवनहरूको नेपाल वित्तीय प्रतिवेदनमान-१६ (लिज) अनुसार उचित लेखाङ्कन गरेको छैन। यसैगरी, नेपाल वित्तीय प्रतिवेदनमान-१५ अनुसार कर्जा तथा लगानीबाट आर्जन हुने ब्याज आम्दानीलाई प्रोदभावी आधारमा मापन गर्नुपर्नेमा कोषले परियोजना कर्जाको ब्याजको लेखाङ्कन नगद आधारमा गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमान-९ अनुसार कर्जाको सुरक्षण पर्याप्त भए तापनि निश्चित अवधिभन्दा बढीले भाखा नाघेको कर्जामा ब्याज लेखाङ्कन बन्द गर्नुपर्नेमा कोषले सञ्चयकर्ता कर्जाको भाखा नाघे पनि कर्जा अवधि समाप्त नहुँदासम्म नै ब्याज आम्दानी लेखाङ्कन गरेको छ। साथै, कोषले सञ्चयकर्तालाई कर्जा प्रवाह गर्दा किस्ताबन्दीमा कर्जा चुक्ता गर्ने सर्तमा कर्जा प्रवाह गरेको भए तापनि नेपाल वित्तीय प्रतिवेदनमान-९ अनुसारको क्षयीकरण जाँच गर्दा ब्याज बक्यौताको आधारमा गरेको छ।

नेपाल लेखामान-२८ अनुसार कुनै संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै संस्थाको २० प्रतिशत वा सोभन्दा बढी मताधिकार राखेमा उक्त संस्थामा सारभूत प्रभाव रहेको मानिन्छ र त्यस्तो महत्त्वपूर्ण प्रभाव रहेका संस्थाहरूलाई संलग्न कम्पनीको रूपमा वर्गीकरण गरी इक्विटी विधिअनुसार वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ। राष्ट्रिय बिमा कम्पनीको कुल चुक्ता पुँजीको २२ प्रतिशत सेयर स्वामित्व कर्मचारी सञ्चय कोषका नाममा रहेकोमा इक्विटी विधि प्रयोग नगरी वित्तीय विवरणमा प्रस्तुत गरेको छ।

५. **प्राप्त हुन बाँकी ब्याज -** कोषले यो वर्षमा परियोजना कर्जातर्फ़ रु.९ अर्ब ५१ करोड ब्याज आय लेखांकन गरेकोमा सोमध्ये रसुवागढी जलविद्युतको रु.१ अर्ब ४७ करोड ४४ लाख, मध्य भोटेकोशी जलविद्युतको रु.१ अर्ब ३४ करोड ६६ लाख र सान्जेन जलविद्युत आयोजनाको रु.८७ करोड ३६ लाखसमेत रु.३ अर्ब ९३ करोड नगदमा उठेको नभई निर्माणाधीन परियोजनामा निर्माण अवधिको ब्याज रकमलाई पुँजीकरण गरेको रकम रहेको पाइयो। निर्माण अवधि सम्बन्धी निश्चित मापदण्ड नतोकी निर्माण अवधिमा वृद्धि भए तापनि ब्याज रकमलाई पुँजीकरण गरी आम्दानी बाँध्ने नीति उचित देखिँदैन। परियोजनाको प्रकृतिअनुसार निश्चित कर्जा सीमा र अवधिसम्म ब्याज पुँजीकरण गरी आम्दानी बाँध्ने नीति अवलम्बन गर्नुपर्दछ।

६. **विमान खरिद कर्जा** - कोष र नेपाल वायु सेवा निगमबिच २०७०।३।४ मा ए३२० न्यारोबडी एयरबस २ थान खरिद गर्नका लागि नेपाल सरकारको रु.१० अर्बको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए३३० वाइडबडी एयरबस १ थान खरिदको लागि नेपाल सरकारको रु.१२ अर्बको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाखको ऋण उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ। उक्त ऋण सम्झौताअनुसार निगमले ब्याज भुक्तानी नगरेकोले ब्याजसमेत पुँजीकरण गर्न कोषको सञ्चालक समितिबाट निर्णय भएअनुसार साँवा रकम रु.२८ अर्ब ५७ करोड ३५ लाख कायम भएको छ। नेपाल सरकारले जमानी दिँदा यस्ता ठुला र दीर्घकालीन परियोजनाका विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयमा अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात् कर्जा प्रवाह गर्नुपर्ने, त्यसैगरी उक्त रकमलाई खाम्ने गरी जमानत लिने व्यवस्था मिलाउनुपर्ने देखिएको छ।

७. **परियोजना कर्जा** - परियोजना कर्जा प्रवाह कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम रु.१ अर्बसम्मको संस्थागत कर्जा स्वीकृत गर्ने अख्तियारी प्रशासकको संयोजकत्वमा गठन भएको कर्जा तथा लगानी समितिमा रहेको र रु.१ अर्बभन्दा माथिको कर्जा सञ्चालक समितिबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। निजी क्षेत्रसमेतबाट प्रवर्द्धन भएका ठूला र दीर्घकालीन परियोजनामा जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजनालगायतका विषयमा विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात् कर्जा प्रवाह गर्नुपर्नेमा सोअनुसार नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

७.१. कोषबाट लगानी भएको परियोजना कर्जामा न्यूनतम कर्जा/स्वःपुँजी अनुपातसमेत कायम नहुने गरी कर्जा प्रवाह भएको छ। कोषले स्वीकृत गरेको लगानी नीतिअनुसार कर्जा/स्वःपुँजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको २०८१ असार मसान्तसम्म कर्जा/स्वःपुँजी अनुपात ८५:१५ देखिन्छ। नेपाल वायु सेवा निगममा कर्जा लगानी गर्दा कोषले कर्जा/स्वःपुँजी अनुपातको कुनै परबाह नगरी विमानको परल मूल्यको शतप्रतिशत ऋण प्रवाह गरेको देखिन्छ।

७.२. कर्जा लिने व्यवसायीको धितो तथा आर्थिक अवस्था, कर्जा तिर्ने क्षमतालगायतका पक्षको पर्याप्त विश्लेषण नगरी कर्जा प्रवाह गरेका कारण केही कर्जा नउठ्ने अवस्थामा पुगेको देखियो। कोषले निजी क्षेत्रका २६ परियोजनामा लगानी गरेको कर्जा रु.७ अर्ब ४१ करोडमध्ये १४ परियोजनामा भाखा नाघी असुल हुन बाँकी साँवा रु.१ अर्ब ७४ करोड रहेकोले खराब कर्जा २३.४८ प्रतिशत पुगेको छ। उक्त खराब कर्जाको ब्याजसमेत हिसाब गर्दा एक हाउजिङ्ग कम्पनीसँग रु.१ अर्ब २६ करोड ४५ लाख, तीन चिनी मिलसँग रु.५९ करोड ५० लाख, एक हस्पिटालिटी कम्पनीसँग रु.४९ करोड ७ लाख, एक होटलसँग रु.३० करोड ८६ लाख, एक रियल इस्टेट्स कम्पनीसँग रु.२७ करोड ९१ लाख, एक

टेक्सटायल कम्पनीसँग रु.३० करोड ९६ लाख, एक केमिकल एण्ड फर्टिलाइजर कम्पनीसँग रु.१० करोड ७२ लाख, एक उद्योगसँग रु.९ करोड ८ लाख, एक खाद्य प्रशोधन कम्पनीसँग रु.६ करोड ३० लाखलगायत रु.३ अर्ब ९९ करोड १७ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल नभएकोले थप छानबिन गरी सो ऋणको साँवा र ब्याज असुल गर्नुपर्दछ।

८. **लगानी** - कोषको सञ्चालक समितिले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताले क्रमशः १५ प्रतिशत र ४० प्रतिशत सेयरमा लगानी गर्ने निर्णय गरेको देखिन्छ। सञ्चय कोष ऐनमा लगानी गर्ने अधिकार कोषलाई रहे तापनि कोष आफैंले संस्था प्रवर्द्धन गर्ने स्पष्ट प्रावधान रहेको देखिँदैन। वेतन कर्णाली जलविद्युत परियोजनाको परामर्शदाताबाट प्राप्त सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार आयोजनाको कुल लागत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त हुँदा निर्माण अवधिको ब्याजबाहेक रु.७४ अर्ब १५ करोड र निर्माण अवधिको ब्याजसमेत रु.८८ अर्ब ५६ करोड उल्लेख गरेकोमा सो सम्भाव्यता अध्ययन प्रतिवेदनलाई यो वर्ष अद्यावधिक गर्दा निर्माण अवधिको ब्याजबाहेक रु.७८ अर्ब ३७ करोड र निर्माण अवधिको ब्याजसमेत रु.९३ अर्ब २७ करोड पुगेको देखिन्छ। आयोजनाले विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गर्न बाँकी देखिएकोले तोकिएको समय र लागतमा परियोजना सम्पन्न गर्न कठिनाइ हुने देखिन्छ। साथै कम्पनीको प्रगति प्रतिवेदनमा माथिल्लो कर्णाली जलविद्युत परियोजनाको क्षेत्रभित्र यस बेतन कर्णाली जलविद्युत परियोजना पर्न गएकोले उत्पन्न भएको विवाद अझै समाधान हुन नसकेको उल्लेख छ। उक्त विवाद समाधान नहुँदा कोषले परियोजनामा लगानी गरेको रु.६६ करोड़ जोखिममा पर्न सक्ने देखिन्छ।

९. **घर जग्गा व्यवस्थापन कम्पनी** - कोषले भवन तथा आवास योजना सञ्चालन गर्ने उद्देश्यले २०७६।९।३ मा रु.२० करोड लगानी गरी सञ्चय कोष घर जग्गा व्यवस्थापन कम्पनी प्राइभेट लिमिटेड स्थापना गरेको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १९(ट) मा कोष आफैंले आवास परियोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान रहेकोमा नयाँ कम्पनी स्थापना गर्नुको उद्देश्य यकिन गर्न सकिएन। छुट्टै कम्पनी स्थापना गरी उक्त कार्य गर्दा कोषलाई थप व्ययभार पर्न जाने, कोषलाई प्राप्त हुने कर छुट सुविधा कायम नरहने लगायतका समस्या उत्पन्न हुन सक्ने देखिएको छ।

१०. **अस्थायी सञ्चयकर्ता खाता** - सङ्कलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा दुविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गरेको छ। कोषले यो वर्षसम्म २० हजार ५१६ अस्थायी सञ्चयकर्ताको खातामा रु.९४ करोड ३४ लाख प्रविष्ट गरेको छ। सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पुरा कोष रकम पाउनको लागि अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ताको खातामा जम्मा गर्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ।

११. **बेचालु खाता** - कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५(क) को उपदफा ३(क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरू मितिले ६ वर्षसम्म यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिने र छुट्टै खातामा जम्मा गरेपछि सो रकममा ब्याज दिने व्यवस्था नभएको उल्लेख छ। कोषको यो वर्षको अन्त्यसम्म ९१ हजार ९५ बेचालु खाताको रु.३ अर्ब ४० करोड ६४ लाख मौज्दात रहेको छ। बेचालु खातामा भएको मौज्दातको पहिचान गरी सम्बन्धित व्यक्ति तथा निकायसँग सम्पर्क तथा पत्राचार गरी त्यस्ता बेचालु खाताको रकम न्यून गर्दै लैजानुपर्दछ।

१२. **भाडा असुली** - कोषको असुल हुन बाँकी बहाल तथा महसुल रु.७२ करोड ११ लाख रहेकोमा रु.३० करोड ७१ लाख असुली शङ्कास्पद व्यवस्था कायम गरेको छ। उक्त असुल बाँकी बहालमध्ये रु.६१ करोड ८ लाख विभिन्न बहालवालाले मुद्दा दायर गरी अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ। बक्यौता भाडा असुलीको लागि कोष क्रियाशील हुनुपर्दछ।

१३. **बैङ्क हिसाब** - स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा विगत वर्षदेखि नै कोषको बैङ्क हिसाब मिलान भएको छैन। यो वर्षको अन्त्यमा बैङ्क खाताअनुसार रु.१५ अर्ब १० करोड १५

लाख र बैङ्क स्टेटमेन्टअनुसारको मौज्दात रु.१७ अर्ब ५३ करोड ६७ लाख रहेकोले रु.२ अर्ब ४३ करोड ५२ लाख फरक देखिएको छ। कोषले सोमध्ये रु.१ अर्ब ३८ करोड ३७ लाखको बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन। समयमै हिसाब मिलान गरी बैङ्क खाता अद्यावधिक गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको कैफियत सहितको राय

हामीले कर्मचारी सञ्चय कोषको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको एकीकृत वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत नाफा नोक्सान हिसाव, एकीकृत विस्तृत आम्दानी विवरण, एकीकृत नगद प्रवाह विवरण, कोष तथा जगेडामा भएका परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कोषको वित्तीय विवरणले २०८१ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **परियोजना कर्जाः** नेपाल वित्तीय प्रतिवेदनमान १५ (Revenue from Contracts with Customers) अनुसार कर्जा तथा लगानीबाट आर्जन हुने ब्याज आम्दानीलाई प्रोद्धभावी आधारमा मापन गर्नुपर्नेमा कोषले परियोजना कर्जाको ब्याज लेखाङ्कन नगद आधारमा गरेको छ । नेपाल लेखमानअनुसार प्रोदभावी आधारमा लेखांकन गर्नुपर्दछ । कोषबाट लगानी भएको परियोजना कर्जामा न्यूनतम कर्जा/स्वःपुँजी अनुपातसमेत कायम नहुने गरी कर्जा प्रवाह भएको छ । कोषले स्वीकृत गरेको लगानी नीतिअनुसार कर्जा/स्वःपुँजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको २०८१ असार मसान्तसम्म कर्जा/स्वःपुँजी अनुपात ८५:१५ देखिन्छ । नेपाल वायुसेवा निगममा कर्जा लगानी गर्दा कोषले कर्जा- स्वःपूंजी अनुपातको कुनै प्रवाह नगरी विमानको परल मूल्यको शतप्रतिशत ऋण प्रवाह गरेको देखिन्छ ।

   कर्जा लिने व्यवसायीको धितो तथा आर्थिक अवस्था, कर्जा तिर्ने क्षमतालगायतका पक्षको पर्याप्त विश्लेषण नगरी कर्जा प्रवाह गरेका कारण केही कर्जा नउठ्ने अवस्थामा पुगेको देखियो । कोषले निजी क्षेत्रका २६ परियोजनामा लगानी गरेको कर्जा रू. ७ अर्ब ४१ करोडमध्ये १४ परियोजनामा भाखा नाघी असूल हुन बाँकी साँवा रू. १ अर्ब ७४ करोड रहेकोले खराब कर्जा २३.४८ प्रतिशत पुगेको छ । उक्त खराब कर्जाको ब्याजसमेत हिसाब गर्दा रू.३ अर्ब ९९ करोड १७ लाख उठ्न बाँकी रहेको छ । कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल नभएकोले थप छानबिन गरी सो ऋणको साँवा र ब्याज असुल गर्नुपर्दछ ।

२. **विमान खरिद कर्जा :** नेपाल वायुसेवा निगम र कर्मचारी सञ्चय कोषबीच २०७०।३।४ मा ए-३२० न्यारोबडी एयरबस २ थान खरिद गर्नका लागि नेपाल सरकारको रू.१० अर्बको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए-३३० वाइडबडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रू.१२ अर्बको जमानीमा रू.११ अर्ब ९९ करोड ६१ लाखको ऋण सम्झौता भएको देखिन्छ । निगमले सो ऋणको व्याज भुक्तानी नगरेको र सोही व्याज पुँजीकरण गर्ने कोषको सञ्चालक समितिको निर्णयअनुसार साँवा रकम बढाएर रू.२८ अर्ब ५७ करोड ३५ लाख कायम गरिएको छ । थप साँवा समेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नेपाल वायु सेवा निगमलाई प्रदान गरेको कर्जाको असुली अनियमित रहेकोले कोषको आम्दानी सङ्कुचित हुन पुगेको छ । यस्ता ठुला र दीर्घकालिन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल

तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यवसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मूल्याङ्कन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो नगर्दा कोषको कर्जा रकम उठ्न नसक्ने जोखिम रहेको देखिन्छ ।

३. **प्राप्त हुन बाँकी ब्याजः** कोषले २०८०।८१ मा परियोजना कर्जातर्फ ब्याज आम्दानी रू.९ अर्ब ५१ करोड बाँधेकोमा सो मध्ये रू.३ अर्ब ९३ करोड नगदमा उठेको नभई निर्माणाधीन परियोजनाहरुमा निर्माण अवधिको ब्याज रकमलाई पुँजीकरण गरी आम्दानी बाँधिएको हो । निर्माण अवधि सम्बन्धी निश्चित मापदण्ड नतोकी निर्माण अवधि जति लम्बिए पनि ब्याज रकमलाई पुँजीकरण गरी आम्दानी बाँध्ने नीति उचित देखिँदैन । २०६८।६९ मा कर्जा प्रवाह शुरु भई २०८०।८१ सम्म सम्पन्न हुन नसकेका परियोजना रसुवागढी जलविद्युतमा रू.५ अर्ब ५१ करोड, मध्य भोटेकोशी जलविद्युतमा रू.४ अर्ब ९७ करोड र सान्जेन जलविद्युतमा रू.३ अर्ब ८९ करोड गरी कुल रू.१४ अर्ब २६ करोड बराबर नगदमा प्राप्त नभएको ब्याज आम्दानीमा समावेश भएको छ । परियोजनाको प्रकृति अनुसार निश्चित कर्जा सीमा र अवधिसम्म मात्र ब्याज पुँजीकरण गरी आम्दानी बाँध्ने नीति अबलम्बन गर्न जरुरी छ ।

४. **लगानीः** कोषको सञ्चालक समितिको बैठक नं. १४९६ ले बेतन कर्णाली सञ्चयकर्ता जलविधुत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताले (क्रमसः १५ प्रतिशत र ४० प्रतिशत) शेयरमा लगानी गर्ने भनेर निर्णय भएको देखिन्छ । तर कर्मचारी सञ्चय कोष ऐन, २०१९ को व्यवस्थामा लगानी गर्ने अधिकार दिएतापनि कोषले आफै संस्था प्रवर्द्धन गर्न पाउने नपाउने भन्ने बारेमा स्पष्ट प्रावधान देखिँदैन । परामर्शदाताबाट प्राप्त सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार आयोजनाको कुल लागत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त हुँदा रु.७४ अर्ब १५ करोड (निर्माण अवधिको ब्याज बाहेक) र निर्माण अवधिको ब्याजसमेत रु.८८ अर्ब ५६ करोड रहेको छ भने सो सम्भाव्यता अध्ययन प्रतिवेदनलाई २०८०।८१ मा अद्यावधिक गर्दा करिब रु.७८ अर्ब ३७ करोड (निर्माण अवधिको ब्याज बाहेक) र निर्माण अवधिको ब्याजसमेत रु.९३ अर्ब २७ करोड पुगेको छ । आयोजनले विद्युत उत्पादन अनुमतिपत्र प्राप्त नगरेको कारणले आयोजना समयमा सम्पन्न नहुने र निर्माण सम्पन्न गर्न लाग्ने लागत बढ्ने कारणले परियोजना निर्माण गर्न समस्या पर्न सक्ने देखिन्छ । साथै, बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको २०८१।८२ को पौष मसान्तसम्मको प्रगति प्रतिवेदनमा माथिल्लो कर्णाली जलविद्युत परियोजनाको क्षेत्रभित्र यस बेतन कर्णाली जलविद्युत परियोजना पर्न गएको भनी उत्पन्न विवाद अझै समाधान हुन नसकेको उल्लेख छ । उक्त विवाद समाधान नहुँदा कोषले परियोजनामा गरिसकेको रू.६६ करोड बराबरको लगानी जोखिममा पर्न सक्ने देखिन्छ ।

५. **अस्थायी सञ्चयकर्ता खाताः** सङ्कलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा दुविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेको छ । कोषले यो वर्षसम्म २०,५१६ अस्थायी सञ्चयकर्ता खातामा रू.९४ करोड ३४ लाख प्रविष्ट गरेको छ । सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पूरा कोष रकम पाउनको लागि अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ता खातामा जम्मा गर्न प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ।

६. **बेचालु खाताः** कर्मचारी सञ्चय कोष, ऐन २०१९ को दफा १५(क) को उपदफा ३(क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको मितिले ६ वर्ष सम्ममा पनि यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिनेछ र त्यसरी छुट्टै खातामा जम्मा गरिसकेपछि सो रकममा ब्याज दिइने छैन भन्ने व्यवस्था रहेको छ । कोषको २०८०।८१ को अन्त्यसम्ममा बेचालु खाताको सङ्ख्या ९१,०९५ रहेको जसमा रू.३ अर्ब ४० करोड ६४ लाख रहेको छ । बेचालु खातामा भएको मौज्दातको पहिचान गरी सम्बन्धित व्यक्ति तथा निकायसँग सम्पर्क तथा पत्राचार गरी त्यस्ता बेचालु खाताको रकम न्यून गर्दै लैजानुपर्दछ ।

७. **भाडा असुलीः** कोषको असुल हुन बाँकी बहाल तथा महसुल रू.७२ करोड ११ लाख रहेकोमा रू.३० करोड ७१ लाख असुली शङ्कास्पद व्यवस्था कायम गरेको छ । उक्त असुल गर्न बाँकी बहाल मध्ये रू.६१ करोड ८ लाख बराबरको रकम

विभिन्न बहालवालाले मुद्दा दायर गरी अदालतमा विचाराधीन रहेकोले असुल गर्न बाँकी रहेको छ । वक्यौता असुलीको लागि कोष क्रियाशील हुनुपर्दछ ।

८. **बैङ्क हिसाब भिडानः** स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा विगतका वर्ष देखि नै कोषको बैङ्क हिसाब छैन । यस वर्षको अन्त्यमा बैंक लेजर अनुसार रु. १५ अर्ब १० करोड १५ लाख र बैंक स्टेटमेन्ट अनुसार रु. १७ अर्ब ५३ करोड मिलान भएको ६७ लाख रहेकोमा जम्मा फरक रकम रु. २ अर्ब ४३ करोड ५२ लाख मध्ये रु. १ अर्ब ३८ करोड ३७ लाखको बैंक हिसाब मिलान नगरेकाले हिसाब मिलान गरी बैंक खाता अद्यावधिक गर्नुपर्दछ।

हामीले लेखापरीक्षण ऐन, २०७५ तथा नेपाल लेखापरीक्षण मान बमोजिम लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका विषय (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु त्यस्ता विषयहरु हुन, जुन हाम्रो विचारमा कोषको यो वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए । त्यस्ता विषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं । हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षणको मुख्य विषयको रूपमा निर्धारण गरेका छौं ।

क्र.सं.	लेखापरीक्षणको मुख्य विषय	लेखापरीक्षकको प्रतिक्रिया
१.	**लगानी मूल्यांकन, पहिचान, र क्षयीकरण** कोषको लगानीको रुपमा सरकारी ऋणपत्र, ट्रेजरी बिल्स, विकास ऋणपत्र, अन्य ऋणपत्र र सुचिकृत नभएका इक्विटी उपकरणमा गरिएको लगानी रहेको छ । उल्लेखित लगानीहरूको मूल्यांकन नेपाल लेखामान ३९ र नेपाल वित्तिय प्रतिवेदन मान ९ को आधारमा गरिएको छ । सरकार र केन्द्रिय बैंकको ऋणपत्र तथा ट्रेजरी बिल्समा भएको लगानीलाई परिशोधन लागतको आधारमा मुल्यांकन गर्नुपर्दछ भने व्यापारिक प्रयोजनका लागि गरिएका लगानी बाहेक अन्य इक्विटी उपकरणलाई उचित बजार मूल्यमा मुल्यांकन गरी अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गर्नुपर्दछ । नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्यांकन गर्ने विधिको विविधता, गणनाको जटिलता र यस्तो लगानीमा संलग्न रकमको महत्वको आधारमा हाम्रो लेखापरीक्षणमा	लगानीको पहिचान, मूल्यांकन र क्षयीकरणको परिक्षण प्रक्रियाको सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती निम्नअनुसार रहेको छः • नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा कोषको लगानी र यसको मूल्यांकनको समीक्षा । • उपलब्ध प्रमाण तथा परिस्थितिको आधारमा लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति तथा Business Model को मूल्यांकन तथा सोको आधारमा व्यवस्थापनले सो लगानीको वर्गीकरण गरेको कुराको निर्क्योल । • प्रशोधित लागतको आधारमा गरिएको मूल्यांकनको परिक्षण गर्दा हामीले प्रभावकारी ब्याज दर र Amortization Schedule नमुनाको आधारमा परीक्षण । • सुचिकृत लगानीलाई नेपाल स्टक एक्सचेन्जले २०८१ आषाढ मसान्तमा प्रकाशित गरेको अन्तिम कारोबार मूल्यको आधारमा मूल्यांकन गरी अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरेको तथा सूचीकरण नभएका इक्विटी उपकरणलाई अंकित मूल्यमा

	यसलाई लेखापरीक्षणको मुख्य विषयको रूपमा लिइएको छ ।	मूल्यांकन गरको कुराको यकिन ।
२.	**सूचना प्रविधि नियन्त्रण प्रणाली** कारोबारको लेखांकन तथा हिसाब, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायलाई आवश्यक प्रतिवेदन बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली कोषको महत्वपूर्ण प्रक्रिया हो । त्यस्ता प्रतिवेदन कोषको सफ्टवेयरको प्रभावशालितामा निर्भर रहन्छ । कुनै पनि नियन्त्रण असफलता, Validation Failures, गलत तथ्यांकको इन्ट्रि तथा तथ्यांकको गलत Extraction ले गर्दा व्यवस्थापन, शेयरधनी र नियामकर्तीहरुलाई गलत रिपोर्टिंग हुन सक्ने भएको कारण हामीले यसलाई हाम्रो लेखापरीक्षणको मुख्य कुरा मानेका छौं ।	सूचना प्रविधि सम्बन्धी हाम्रो लेखापरीक्षण पद्धती कोषका सूचना प्रविधि नीति तथा असल अभ्यासहरुमा आधारित छ जुन निम्नअनुसार रहेको छः • कोषद्वारा विभिन्न ग्राहकहरुको लागि आपनाइएको Coding प्रणाली परीक्षण । • कोषको सूचना प्रविधि प्रणालीमा तथ्यांकको इन्ट्रि तथा सोको आधारमा वित्तीय जानकारीको Extraction परीक्षण । • कोषको नीति नियममा कुनै परिवर्तन हुँदा प्रयोगकर्ताका आवश्यकताहरूको जाँच गर्ने । • प्रणालीबाट उत्पन्न भएका प्रतिवेदनलाई नमुना छनौटबाट जाँच गर्ने । कर्जाको सम्बन्धमा ब्याज आम्दानी र खर्च हिसाब प्रमाणीकरणको लागि हामीले कोषको सफ्टवेयरको नमुनाको आधारमा परीक्षण गरेका छौं । • हामी कोषद्वारा गरिएको सूचना प्रविधि लेखापरीक्षणमा निर्भर रहेका छौं ।

अन्य सूचनाहरु

कोषको व्यवस्थापन अन्य सूचना तथा जानकारीको तयारीको लागि जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन । वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन तथा निष्कर्ष व्यक्त गर्दैनौं । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसँग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसँग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ । यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिर्पोट गर्नु आवश्यक छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

सम्बन्धित ऐन र नियम तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस सारभूत किसिमले त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा संस्थालाई विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा बन्द गर्नु बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको निरन्तर सञ्चालनका लागि संस्थाको क्षमता मूल्यांकन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कोषको व्यवस्थापानमा रहेको छ। सञ्चालक समिति कोषको वित्तीय रिपोर्टिङ प्रक्रियाको निरीक्षणको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकम तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८२।१।१३ मा पठाइएको छ।**

नागरिक लगानी कोष

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत बचत परिचालन, लगानी प्रवर्धन र पुँजी बजार सेवा प्रदान गर्न कोषको स्थापना भएको हो। कोषले कर्मचारी, कामदार तथा सङ्गठित संस्थाहरूबाट समेत विभिन्न शीर्षक अन्तर्गत बचत सङ्कलन गरी सङ्कलित बचत रकमको लगानी प्रबन्ध गर्दै आएको छ। कोषले हालसम्म ७ कोष तथा योजनाहरू सञ्चालन/व्यवस्थापन गरिरहेको छ। कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरू पोखरा, विराटनगर, बुटवल, सुर्खेत र अत्तरियामा रहेका छन्। कोषमा नेपाल सरकारको २३.३४ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ३१.५५ प्रतिशत, नेपाल स्टक एक्सेन्जको १० प्रतिशत, बैङ्क तथा वित्तीय संस्थाको १५.११ प्रतिशत र सर्वसाधारण जनताको २० प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय प्रतिवेदन-** कोषको वित्तिय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

सम्पत्ति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
नगद तथा नगद समान	१,३४,८३,१४		४५,५७,८२	
नेपाल राष्ट्र बैङ्कमा नगद तथा लिनुपर्ने	४,३६,७१		४,७४,८८	
बैङ्क तथा वित्तिय संस्थामा रहेको मुद्दति	४,२०,२६,१९		३,७६,३५,८९	
अन्य व्यापारिक सम्पत्तिहरू	२०		१५,९६,९०	
कर्मचारीलाई दिएको कर्जा तथा सापट	१७,१८,१८		१३,९९,१९	
धितोपत्र लगानी	१,३५,२६,९३		१,१४,७६,३४	
चालु कर सम्पत्ति	१,०४,४५,२५		८६,२८,०७	
कुल चालु सम्पत्ति		**८,१६,३६,६०**		**६,५७,६९,०९**
सहायक कम्पनीमा लगानी	२,७२,४६,७५		२,७२,४६,७५	
सम्पत्ति तथा उपकरण	२,२०,०१,२८		२,२०,५५,६३	
पुँजीगत निर्माण	३५,००		३५,००	
ख्याति तथा अमूर्त सम्पत्ति	१,७१,७३		२,३२,३०	
अन्य सम्पत्ति	११,८७,४८,८		११,४२,८५,०४	
कुल गैर चालु सम्पत्ति		**१६,८२,०३,६४**		**१६,३८,५४,७२**
कुल सम्पत्ति		**२४,९८,४०,२४**		**२२,९६,२३,८१**
योजना/कार्यक्रमहरूको कुल सम्पत्ति		**२,८५,७१,६७,१०**		**२,५३,०४,७२,०७**
कुल सम्पत्ति		**३,१०,७०,०७,३४**		**२,७६,००,९५,८९**
दायित्व तथा व्यवस्था				
स्थगन कर दायित्व	२३,४८,५८		२०,२१,४३	
अन्य दायित्व	१४,९९,४१,५		१४,१२,७६,२९	
कुल दायित्व तथा व्यवस्था		**१५,२२,९०,१४**		**१४,३२,९७,७२**
इक्विटी				
सेयर पुँजी	६,०५,७६,७५		५,३१,३७,५०	
सञ्चित मुनाफा	१,०९,४५,७५		१,०५,४६,३९	
जगेडा तथा कोषहरू	२,६०,२७,६०		२,२६,४२,१९	
कुल इक्विटी		**९,७५,५०,१०**		**८,६३,२६,०९**
कुल दायित्व र इक्विटी		**२४,९८,४०,२४**		**२२,९६,२३,८१**
योजनाहरूको कुल कोष तथा दायित्व		**२,८५,७१,६७,१०**		**२,५३,०४,७२,०७**
कुल दायित्व तथा इक्विटी		**३,१०,७०,०७,३४**		**२,७६,००,९५,८९**

उल्लिखित विवरणअनुसार कोषद्वारा सञ्चालित योजनाहरूको कुल सम्पत्ति/दायित्व रु.२ खर्ब ८५ अर्ब ७१ करोड ६७ लाख १० हजारसमेत सम्पत्ति/दायित्व र इक्विटी रु.३ खर्ब १० अर्ब ७० करोड ७ लाख ३४ हजार रहेको छ। गत वर्षसम्म कोषद्वारा सञ्चालित योजनाहरूको सम्पत्ति र दायित्वलाई कोषको वित्तीय विवरणमा प्रस्तुत नगरेकोमा यो वर्ष कुल योगलाईसमेत जोडेर प्रस्तुत गरेको छ। जसको कारणले गर्दा २०७९।८० का सम्पत्ति र दायित्वका केही विवरणहरू फरक परेका छन्।

२. **सञ्चालन नतिजा -** कोषको आम्दानी खर्च तथा सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
शुल्क तथा कमिशन आम्दानी	१,५९,६९,०४		१,३९,१९,८७	
ब्याज आम्दानी	४४,६०,०३		४८,३०,०८	
अन्य सञ्चालन आम्दानी	३,३५,७३		६,६८,१५	
कुल आम्दानी		**२,०७,६४,८०**		**१,९४,१८,११**
शुल्क तथा कमिसन खर्च	५८,२०		-	
ब्याज खर्च	-		११,२८,३२	
सञ्चालन खर्च				
कर्मचारी खर्च	२८,७२,३९		२१,९२,३५	
अन्य सञ्चालन खर्च	८,२०,३७		८,९१,४५	
ह्रास कट्टी	६,०६,९१		५,४८,३८	
कुल खर्च		**४३,५७,८७**		**४७,६०,५१**
आयकर अघिको नाफा		**१,६४,०६,९३**		**१,४६,५७,६०**
कर्मचारी बोनस व्यवस्था		८,०५,७९		६,९७,९८
आयकर खर्च				
चालु कर	४०,५१,४१		३२,४४,६७	
स्थगन कर	(३७,६३)		(१५,२१,५५)	
कुल आयकर खर्च		**४०,१३,७८**		**१७,२३,१२**
यस अवधिको मुनाफा		**१,१५,८७,३६**		**१,२२,३६,५०**

कोषले २०८०।८१ मा रु.२ अर्ब ७ करोड ६४ लाख ८० हजार आम्दानी तथा रु.४३ करोड ५७ लाख ८७ हजार सञ्चालन खर्च र रु.८ करोड ५ लाख ७९ हजार कर्मचारी बोनस व्यवस्था गरेको छ। गत वर्षको तुलनामा कर्मचारी खर्च रु.६ करोड ८० लाख ४ हजारले बढेको छ। कर्मचारीको तलब वृद्धि हुनु, कर्मचारी कल्याणकारी खर्च बढ्नु र सोको लेखाङ्कन अघिल्लो वर्ष कर्मचारी कल्याणकारी कोषमा गरेकोमा चालु वर्ष खर्चमा लेखाङ्कन गर्नुले खर्च वृद्धि भएको देखिएको छ।

३. **वित्तीय प्रतिवेदनमान-** नेपाल सरकारले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने व्यवस्था गरेकोले यस कोषले वित्तीय विवरणहरू नेपाल लेखामान बमोजिम तयार गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३.१. कोषले योगदानकर्ताहरूबाट रकम सङ्कलन गरी लगानीकर्ता हिसाब योजना (कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश योजना, राष्ट्र सेवक कर्मचारीको सावधिक जीवन बिमा कोष, नार्क बिमा कोष योजना, नागरिक पेन्सन योजना) र नागरिक एकाङ्क योजना सञ्चालन गर्दै आएको छ। उक्त कोष/योजनाहरूको सञ्चालन/प्रबन्धन कोषले नै तोकेका सञ्चालक तथा कर्मचारीहरू सम्मिलित न्यासधारी (ट्रष्टी) हरूबाट हुने तथा कोषको सङ्गठनात्मक संरचनामा उक्त कोष/योजनाहरूलाई कोषकै अभिन्न अंगको रुपमा राखेकाले उक्त कोष/योजनाहरू स्वतन्त्र नभई संस्था अन्तर्गत नै रहेको देखिन्छ। उक्त अवस्थामा कोषले एकीकृत वित्तीय विवरणहरू तयार गर्नुपर्ने देखिन्छ।

३.२. यो वर्ष कोषले सञ्चालन/प्रबन्धन गरेका ७ कोष/योजनाहरूको रु.२ खर्ब ८५ अर्ब ७१ करोड ६७ लाखको सम्पत्ति र दायित्वको हिसाब कोषको वित्तीय विवरणमा शीर्षकगत रुपमा समावेश नगरी योजना तथा कार्यक्रमहरूको कुल सम्पत्ति, कोष तथा दायित्व भनी एकमुष्ट रुपमा प्रस्तुत गरेको छ। लेखा सिद्धान्त र प्रचलित कानुनी व्यवस्थाअनुसार कोषले आफ्नो वित्तीय विवरणहरूमा केन्द्रीय कार्यालयका साथै आफूले सञ्चालन गर्दै आएका कोष/योजनाहरूको हिसाब नेपाल वित्तीय प्रतिवेदनमानले तोकेको ढाँचा अनुसार शीर्षकगत रुपमा समावेश नगरेकोले वित्तीय विवरणहरूले कोषको वित्तीय अवस्थाको यथार्थ चित्रण गरेको देखिँदैन। उक्त प्रस्तुतीकरण नेपाल वित्तीय प्रतिवेदनमानको ढाँचा र लेखाको सर्वमान्य सिद्धान्त विपरीत रहेको छ।

३.३. कोषले तत्कालीन समयमा सञ्चालन गरेको निजामती कर्मचारीहरूको योगदानमा आधारित पेन्सन योजना (हाल सञ्चालनमा नरहेको) को केन्द्रीय हिसाबमा दायित्व मानी रु.२ करोड ९७ लाख ७ हजार देखाएको छ। पेन्सन योजनाको छुट्टै वित्तीय विवरणहरू तयार गरेको छैन। सो पेन्सन योजनाको छुट्टै वित्तिय विवरण तयार गर्नुपर्दछ।

४. **बचत सङ्कलन एवं लगानी-** कोषको कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणहरूलाई समेट्ने गरी नागरिक पेन्सन योजनालाई प्रवर्धन गर्दै लैजाने योजना रहेकोमा उक्त योजना प्रति सर्वसाधारणको आकर्षण देखिए तापनि प्रवर्धनात्मक कार्यहरू यथेष्ट मात्रामा हुन नसकेको एवं सहभागीहरूको संख्या अपेक्षित रूपमा वृद्धि हुन सकिरहेको छैन। कोषले व्यावसायिक योजनाअनुसार बचत सङ्कलनको क्षेत्र विस्तार गर्नुपर्दछ।

कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजना एवं क्षेत्रमा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, विशिष्टीकृत लगानी कोष (एसआईएफ) मा लगानी गर्ने, पुँजी बजारमा थप लगानी विस्तार गर्ने, उपयुक्त क्षेत्रका संस्थाहरूको इक्विटीमा लगानी गर्ने लगायतका कार्यक्रम राखे तापनि ती कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयनमा आएका छैनन्। कोषले योजनाअनुसार लगानीको क्षेत्र तथा दायरा विस्तार गरी कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्दछ।

५. **कानुनको पालना-** नागरिक लगानी कोष ऐनको दफा २५(१) बमोजिम कोषको सञ्चालक समितिमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रबन्धक सञ्चालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम १४(ख) अनुसार धितोपत्र बजारमा लाभको पदमा रहेको व्यक्ति सञ्चालक नियुक्त हुन अयोग्य रहने व्यवस्था एकअर्कासँग बाझिएको छ। कोषको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएको छैन। त्यसैगरी ऐनको दफा २५(२) को प्रावधानअनुसार महिला सञ्चालक नियुक्त नगरिएको लगायतका कानुनी व्यवस्था पालनामा सुधार गर्दै ऐनको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

६. **अवकाश कोष -** सर्वोच्च अदालतबाट २०८०।४।२२ मा भएको उत्प्रेषणको फैसलामा अवकाश कोषको रकम लगानी कोषले आफुले रोजेको क्षेत्रमा स्वतन्त्र रुपले गर्न पाउने नभई आयकर नियमावली, २०५९ को नियम २०(२) बमोजिम नेपाल सरकारबाट स्वीकृत क्षेत्रमा लगानी गर्नुपर्ने व्याख्या गरेको छ। यसरी कोषले हाल गरिरहेको लगानी आयकर नियमावली, २०५९ को नियम २०(२) ले तोकेको परिधिभन्दा बाहिर रहेको देखिन्छ। कोषले आफ्नो ऐन र आयकर नियमावलीमा तादाम्यता मिलाउनु पर्दछ।

७. **ऋण लगानी -** नेपाल वायुसेवा निगमसँग २०७४।२।२९ मा भएको ऋण सम्झौताअनुसार वाइड बडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत रु.१२ अर्बको दीर्घकालीन ऋण प्रवाह गरेको छ। उक्त ऋण लगानी रकम कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत भुक्तानी भएको अवकाश कोषको वित्तीय विवरणमा मात्र देखिएको छ। तत्कालीन समयमा कोषको न्यासधारी गठन नभएको कारणले कोषको सञ्चालक समितिले मात्र निर्णय गरेको देखिन्छ। नेपाल वायुसेवा निगमसँग २०८१ आषाढ मसान्तसम्म पुँजीकृत गरिएको व्याज रकमसमेत रु.१९ अर्ब ३९ करोड ९ लाख ८४ हजार ऋण लगानी देखिएको छ। कोषले नेपाल वायुसेवा निगमबाट सम्झौता बमोजिम ऋण लगानीको रकम प्राप्त गरेको छैन। सम्झौताको बुँदा नं. ७.१ बमोजिम उक्त विमानको टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालनासमेत भएको छैन। सम्झौताबमोजिम विशेष खातामा रकम जम्मा गर्न लगाई ऋण प्राप्तिको तालिकाबमोजिम ऋण प्राप्त गर्नुपर्दछ।

८. **मुद्दती निक्षेप-** कोषले लिनुपर्ने देखाएको मौज्दात २०८१ आषाढ मसान्त सम्म साँवा रु.४७ करोड ८८ लाख र पुँजीकृत ब्याज रु.१२ करोड ३५ लाखसमेत रु.६० करोड २३ लाख समस्याग्रस्त घोषणा भएका वित्तीय संस्थामा मुद्दती निक्षेप रहेको छ। उक्त मुद्दती निक्षेपमा कायम गरिएको साधारण ब्याजदर (४ प्रतिशत) कोष लागत भन्दा न्यून रहेको एवं उक्त रकमको सम्बन्धित वित्तीय संस्थाबाट समर्थन पत्र लिएको छैन। उक्त रकममा हाल दर्ता खारेजी भई बन्द भइसकेको एक फाइनान्स कम्पनीबाट पाउनुपर्ने साँवा र ब्याज रकम रु.१ करोड ५० लाख समावेश छ। सरोकारवाला निकायसँग समन्वय गरी समस्याग्रस्त संस्थामा रहेको निक्षेप असुल गर्नुपर्दछ।

९. **हिसाब भिडान-** कोषको २०८१ आषाढ मसान्तमा १४ बैङ्क खातामध्ये ११ बैङ्क खातामा रहेको रु.१ अर्ब ६६ करोड ६० लाख ३१ हजार धनात्मक मौज्दात तथा ३ बैङ्क खातामा रहेको रु.३१ करोड ७७ लाख १७ हजार ऋणात्मक मौज्दातसमेत कुल बैङ्क मौज्दात रु.१ अर्ब ३४ करोड ८३ लाख १४ हजार धनात्मक देखिन्छ। वित्तीय विवरणमा

रु.१ अर्ब ३४ करोड ८३ लाख १४ हजार देखिएको र बैङ्कहरूको समर्थन पत्र अनुसारको मौज्दात रु.१ अर्ब १६ करोड ७ लाख ३९ हजार देखिएकोले रु.१८ करोड ७५ लाख ७५ हजार बराबरले बैङ्क मौज्दात हिसाब भिडान भएको छैन। उक्त खाताहरू अद्यावधिक गरी समयमै हिसाब मिलान गर्नुपर्दछ।

९.१. कोषको लेखा प्रणालीमा २०८१ आषाढ मसान्तमा नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात रु.४ करोड ४६ लाख ३१ हजार रहेको छ। नेपाल राष्ट्र बैङ्कको समर्थन पत्रअनुसार रु.८५ लाख १ हजार मात्रै रहेको छ। त्यसैगरी कोषको नेपाल राष्ट्र बैङ्कमा रहेको अर्को एक खाता बन्द भए तापनि २०८०।८१ मा सो खातामा मौज्दात रु.२ अर्ब ३९ करोड ४ लाख ४२ हजार ऋणात्मक रहेको छ। कोषले नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी उक्त हिसाबमिलान गर्नुपर्दछ।

९.२. कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८१ आषाढ मसान्तमा २७ बैङ्क खातामध्ये १६ बैङ्क खातामा रहेको रु.२० अर्ब ६ करोड ८६ लाख २९ हजार धनात्मक मौज्दात तथा ११ बैङ्क खातामा रहेको रु.९ अर्ब ४६ करोड ५७ लाख ४० हजार ऋणात्मक मौज्दातसमेत कुल बैङ्क मौज्दात रु.१० अर्ब ६० करोड २८ लाख ८९ हजार धनात्मक रहेको छ। यसरी वित्तीय विवरणअनुसारको मौज्दात रु.१० अर्ब ६० करोड २८ लाख ८९ हजार रहेको र बैङ्कहरूको समर्थन पत्रअनुसारको मौज्दात रु.१० अर्ब ५३ करोड ८१ लाख २१ हजार देखिएकोले रु.६ करोड ४७ लाख ६८ हजार बराबरले बैङ्क मौज्दात हिसाब भिडान भएको छैन। उक्त खाताहरू अद्यावधिक गरी ऋणात्मक बैङ्क मौज्दातको यथार्थ हिसाब यकिन गर्नुपर्दछ।

१०. **लेखा सफ्ट्वेयर-** कोषले प्रयोगमा ल्याएको नागरिक लगानी कोष वेबमा आधारित सफ्टवयेरले दिने तथ्याङ्क तथा विवरणहरू नमुना छानेको आधारमा रुजु गर्दा विवरणहरू एक आपसमा मेल खाएको पाइएन। कोषले लेखाको लागि प्रयोग गर्दै आएको सफ्टवेयरबाट वित्तीय विवरण तयार गर्न सकिने अवस्था छैन। सफ्टवेयरबाट सिर्जना हुने प्रतिवेदनहरू (जि एल, बक्यौता ऋण रकम)मा एकरुपता रहेको देखिँदैन। सफ्टवेयरमा अघिल्लो वर्षको अन्तिम मौज्दातको रेकर्ड यस वर्षको शुरु मौज्दातमा स्थानान्तरण गर्दा सफ्टवेयरले स्थानान्तरण गरेको छैन। सफ्टवेयरमा ग्राहक पहिचान फारम भर्दा कार्यालयको प्रकृतिको तथ्याङ्क राख्ने स्थान नभएको कारणले सफ्टवेयर प्रभावकारी रहेको छैन। कोषले यो वर्ष सूचना प्रविधि प्रणालीको परीक्षण गराएको छैन। उक्त सफ्टवेयरको सेवाप्रदायकसँगको वार्षिक मर्मत सम्झौता समेत समाप्त भइसकेको रहेको देखिँदैन।

कोषको केन्द्रीय हिसाब लगायत कोषले सञ्चालन/प्रबन्धन गरेका ७ वटा कोष/योजनाहरूको अन्तर योजना हिसाब तथा लेनदेन रकम हिसाब मिलान भएको छैन। यो वर्षको अन्त्यमा लेनदेन रकम हिसाब मिलान हुन बाँकी रहेको रु.१४ करोड ३४ लाख ६९ हजार वित्तीय विवरणमा अन्य दायित्वमा लेखाङ्कन गरेको छ। कोषले कोष/योजनाहरूसँग सम्बन्धित कतिपय बैङ्क कारोबारहरूको लेखा सम्बन्धित बैङ्क लेजरमा नगरी अन्य बैङ्क लेजरमा गरेको छ। अन्य कोष/योजनाहरूको कारोबार त्रुटिवश फरक कोष/योजनाहरू तथा कोषको लेखामा समावेश गरेको छ। लेखा प्रणालीमा जिम्मेवारी सार्दा घटी/बढी सार्ने लगायतका विभिन्न गल्तीहरूले गर्दा अन्तर योजना हिसाब तथा लेनदेनका रकमहरू सम्बन्धित कोष/योजनाहरूले वास्तवमै लिनुपर्ने वा दिनुपर्ने हो वा होइन भन्ने यथार्थता यकिन गर्न सकिने अवस्था छैन। यस्ता कमजोरीको समयमा नै सुधार गरी सफ्टवेयरलाई विश्वसनीय बनाउनुपर्दछ।

११. **सावधिक जीवन बिमा योजना -** राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडबाट २०८०/९/१२ मा इमेलमार्फत प्राप्त जानकारी बमोजिम बिमा कोषको तर्फबाट बिमा गर्ने सहभागीहरूको संख्या जम्मा ३ लाख ३७ हजार ९६३ रहेको र बिमा शुल्क रु.३ अर्ब ३० करोड ३९ लाख ७८ हजार रहको छ। तर कोषको टिप्पणी र वित्तीय विवरणमा कोषबाट जम्मा ३ लाख ३३ हजार २९२ जनाको बिमा शुल्क रु.३ अर्ब २२ करोड ९ लाख ६२ हजार राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा पठाएको छ। यो वर्ष ४ हजार ६७१ जनाको विवरण राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड र बिमा कोषको विवरणमा फरक परेको छ। उक्त खाताहरू अद्यावधिक गरी यथार्थ हिसाब तयार गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नानुसार छन्:

११.१. बिमा कोषले यो वर्ष राष्ट्रसेवक कर्मचारीहरूबाट बिमाको निम्ति रु.३ अर्ब ९४ करोड ७१ लाख ९७ हजार सङ्कलन गरेकोमा रु.३ अर्ब २२ करोड ९ लाख ६२ हजार मात्र राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा पठाएको देखियो। योगदानकर्ताहरूबाट संकलन गरेको रकम यथासमयमा तोकिएको कोष वा निकायको खातामा दाखिला गर्नुपर्दछ।

११.२. बिमा कोषले पुरानो लेखा सफ्टवेयरबाट नयाँ लेखा सफ्टवेयरमा तथ्याङ्क स्थानान्तरण गर्दा भुक्तानी भइसकेका सहभागीहरूको पनि तथ्याङ्क स्थानन्तरण भएको छ। उक्त ९१ हजार सहभागीहरूको अन्तिम मौज्दात रु.३८ करोड २ लाख ७९ हजार ऋणात्मक रहेको छ। बिमा कोषले समयमा नै यथार्थ हिसाब गरी हिसाब मिलान गर्नुपर्दछ।

१२. **कोषको सेवा प्रवाह-** कोषको सेवाको गुणस्तर तथा प्रभावकारिताको लागि ग्राहक सेवा सम्बन्धी छुट्टै शाखा स्थापना भएको छैन। साथै कोषले सेवाग्राहीको गुनासो सुन्ने छुट्टै डेस्क तथा गुनासोपेटिका आदिको व्यवस्था गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याएको छैन। टोकन प्रणाली लागु नभएको, खाजा समयको बेलामा सेवा प्रवाह निरन्तरता नरहदा ग्राहकले पाउने सेवा चुस्त दुरुस्त नभएको, कागजात प्रमाणीकरण र सङ्कलन कार्य अनलाइन मार्फत हुन नसकेकोलगायतका अवस्थाले सेवा प्रवाहमा असर परेको छ।

कोषले सेवाग्राहीलाई हेल्प डेस्क लगायतमा सेवा प्रदान गर्नको लागि आफ्नो स्थायी कर्मचारी नराखी वाह्य सेवा प्रदायकसँग सम्झौता गरेका कारण पर्याप्त तालिमको अभावमा ती कर्मचारीले सेवाग्राहीसँग गर्ने व्यवहार र सेवाको गुणस्तर प्रभावकारी हुन सकेको देखिँदैन। समग्रमा गुणस्तरीय सेवा प्रवाहको लागि कोष व्यवस्थापनले सुधारात्मक कार्य गर्नुपर्दछ।

१३. **परामर्श खर्च-** आन्तरिक जनशक्तिबाट कोषको उद्देश्यअनुसार सम्पादन गर्नुपर्ने कार्य गर्न वित्तीय तथा कानुनी परामर्शदाता नियुक्त गरी यो वर्ष वित्तीय परामर्शमा रु.२९ लाख ७१ हजार र कानुनी परामर्शमा रु.२ लाख ३२ हजार खर्च गरेको छ। संस्थासँग पेशाविद् कर्मचारीसमेत रहेकोले वित्तीय परामर्शको लागि परामर्शदाताको निर्भरता न्यून गर्नुपर्दछ।

१४. **आन्तरिक नियन्त्रण प्रणाली**- कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ विनियम २१ बमोजिम तयार गर्नु पर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरू तयार गरिएका छैन। कोषले प्रतिवेदन तयारी, हिसाबमिलान लगायतका कार्यहरू समयमै सम्पन्न गर्न सकेको छैन। कोषबाट सञ्चालित/प्रबन्धित विभिन्न कोष/योजनाहरूको फरकफरक न्यासधारी मार्फत सञ्चालन हुने गरेको छ। यद्यपि ती न्यासधारी पूर्ण स्वतन्त्र रहेका छैनन्। न्यासधारीमा संस्थाका सञ्चालकहरू संयोजक रहनु, अन्तर योजना हिसाबमा लेनदेन हुँदा बिना ब्याज लेनदेन हुनु, संस्था सञ्चालक पनि आफैं र न्यासधारी पनि आफैं रहेको अवस्था छ। न्यासधारी गठन गरे पनि लगानी सम्बन्धी अन्तिम टुंगो सञ्चालक समितिले गर्ने गरेको, कोषको विगत वर्षका हिताधिकारीहरूको अभिलेखहरू अझै पनि पुरानो ढङ्गा प्रणालीबाट नै प्रमाणीकरण गर्नुपर्ने स्थिति रहेको, कोषले केही हिताधिकारीलाई सीमाभन्दा बढी भुक्तानी गरेको देखिन्छ। कोषबाट प्रवाह भएका ऋणहरू समयमा भुक्तानी नभएको, ऋण तालिका बमोजिम संस्थागत ऋणीले भुक्तानी नगर्दा कालोसूचीमा राख्ने कार्यविधि नभएको र संस्था कर्जा सूचना केन्द्रको सदस्य समेत नरहेको तथा कोषको काम कारबाही, सूचना प्रणालीमा तथ्याङ्कको प्रविष्टि जस्ता महत्वपूर्ण विषयमा वाह्य जनशक्तिबाट काम कारबाही भइरहेको छ। स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरूको पदपूर्ति भएको छैन। समयमै वित्तीय विवरणहरू तयार हुने गरेका छैनन्, कोषले करार र सेवा करार समेतबाट वाह्य जनशक्तिलाई काममा लगाइरहेकोले यसमा सुधार हुनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले नागरिक लगानी कोष *(जसलाई यसपछि संस्था भनिएको)* को यसै साथ संलग्न २०८१ आषाढ मसान्त, (तदनुसार जुलाई १५,२०२४) को वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८०/ ८१ को नाफा/(नोक्सान) हिसाब विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणहरुले आर्थिक वर्ष २०८०/ ८१ को कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा उल्लेख भएको विषयहरुले पार्ने असर बाहेक २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको स्थिति तथा उक्त अवधिको नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. संस्थाबाट सञ्चालित/प्रबन्धित कोष/योजनाहरुको एकीकृत वित्तीय विवरणहरु तयार नगरेको

१.१ नेपाल वित्तीय प्रतिवेदनमानको वैचारिक संरचनाको खण्ड ४ मा उल्लेख भए बमोजिम वित्तीय विवरणहरुको तत्वहरुमा निकायसँग सम्बन्धित सम्पत्ति, दायित्व, इक्विटी, आय र व्यय पर्दछन् ।

संस्थाले योगदानकर्ताहरुबाट रकम संकलन गरि लगानीकर्ता हिसाब योजना (जसले कर्मचारी बचत बृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश योजना, राष्ट्र सेवक कर्मचारीको सावधिक जीवन बीमा कोष, नार्क बीमा कोष योजना, नागरिक पेन्सन योजना समेट्छ) र नागरिक एकाङ्क योजना संचालन गर्दै आएको छ । उक्त कोष/योजनाहरुको संचालन/प्रबन्धन संस्थाले नै तोकेका संचालक तथा कर्मचारीहरु सम्मिलित न्यासधारीहरुबाट हुने तथा संस्थाको संगठनात्मक संरचनामा उक्त कोष/योजनाहरुलाई संस्थाकै अभिन्न अंगको रुपमा राखेकाले उक्त कोष/योजनाहरु स्वतन्त्र नभई संस्था अन्तर्गतनै रहेको देखिन्छ । उक्त अवस्थामा संस्थाले एकीकृत वित्तीय विवरणहरु तयार गर्नुपर्ने देखिन्छ ।

१.२ २०८०/८१ मा संस्थाले संचालन/ प्रबन्धन गरेका ७ वटा कोष/योजनाहरुको रु.२ खर्ब ८५ अर्ब ७१ करोड ६७ लाखको सम्पत्ति र दायित्वको हिसाब कोषको वित्तीय अवस्थाको विवरणहरुमा शीर्षकगत रुपमा सम्मिलित नगरिएको यद्यपी वित्तीय अवस्थाको विवरणमा योजना तथा कार्यक्रमहरुको कुल सम्पत्ति, कोष तथा दायित्व भनि एकमुष्ट रुपमा प्रस्तुत गरेको छ । यसरी लेखा सिद्धान्त र प्रचलित कानूनी व्यवस्थालाई समेत दृष्टिगत गर्दा संस्थाले आफ्नो वित्तीय विवरणहरुमा केन्द्रीय कार्यालयका साथै आफूले संचालन गर्दै आएका कोष/योजनाहरुको हिसाब पनि नेपाल वित्तीय प्रतिवेदनमानले तोकेको ढाँचा अनुसार शीर्षकगत रुपमा समावेश नगरेकोले वित्तीय विवरणहरुले संस्थाको वित्तीय अवस्थाको यथार्थ चित्रण गर्दैन । उक्त प्रस्तुतीकरण नेपाल वित्तीय प्रतिवेदनमानको वैचारिक संरचना र लेखाको सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) को विपरित हुन जान्छ ।

१.३ संस्थाले तत्कालिन समयमा संचालन गरेको निजामती कर्मचारीहरुको योगदानमा आधारित पेन्सन योजना (हाल संचालनमा नरहेको) को केन्द्रीय हिसाबमा दायित्व मानि रकम रु. २,९७,०६,८१४ देखाएको छ । पेन्सन योजनाको छुट्टै वित्तीय विवरणहरु तयार नगरेको देखिन्छ ।

२. नागरिक लगानी कोष ऐन, २०४७ को पालना सम्बन्धी कैफियतहरु

ऐनको दफा १९ (४) बमोजिम संस्थाले संचालन/प्रबन्धन गरेका विभिन्न बीमा कोष/योजनाहरुले योगदानकर्तालाई प्रतिफल प्रदान गर्दा संचालक समितिले तोकेको ब्याज (कोष/योजनाहरुमा ६.५ देखि ९ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा रकमान्तर गरेको छ । कोष/योजनाहरुको जोखिम व्यवस्थापन तथा प्रतिफल समिकरणका लागि न्यूनतम कोषको व्यवस्था गरी बाँकी रकम योगदानकर्तालाई बाँडफाँड नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र साधारण सभा सम्पन्न नभएको, दफा २५(१) बमोजिम संस्थाको संचालक समितिमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रबन्धक संचालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली २०६४ को नियम १४ को व्यवस्था एकअर्कोसँग बाझिएको, संस्थाको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार नतोकिएको, दफा २५(२) को प्रावधान अनुसार महिला संचालक नियुक्त नगरिएको, दफा २८ बमोजिम संस्थाको सम्पूर्ण कारोबारको प्रबन्ध गर्ने, अधिकारहरुको प्रयोग तथा कर्तव्यहरुको पालना गर्ने र संस्थाको सामान्य प्रशासनको संचालन, निर्देशन, रेखदेख र नियन्त्रण गर्ने कार्य संचालक समितिलाई प्रदान गरेकोले संस्थाको दैनिक काम कारवाहीमा संचालक समितिको संलग्नता रहेको देखिन्छ ।

३. आयकर ऐन २०५८ को पालना सम्बन्धी कैफियतहरु

संस्थाले आयकर ऐनको दफा २(घ) ले परिभाषित गरेको जस्तो मात्र कार्य नगरी पूँजी बजारको कारोबार गर्ने गरेको र सहायक कम्पनी समेत खोलेको सूचिकृत निकाय हो । यसरी आयकर ऐनले परिभाषा गरेभन्दा अन्य कार्य पनि गरिरहेको स्थितिमा संस्था अवकाश कोषको परिभाषा भित्र समेटिने देखिँदैन । संस्थाले संचालन/प्रबन्धन गरिरहेका ७ वटा कोष/योजनाहरुको संचालन/प्रबन्धनको तरीका अनुसार छुट्टाछुट्टै जाँच गरी उक्त कोषहरु स्वीकृत अवकाश कोष भए नभएको यकिन गर्नुपर्दछ यद्यपी संस्थाले यकिन गर्ने गरी कुनै प्रतिवेदन तयार गरेको छैन तापनि उक्त कोष/योजनाहरुलाई स्वीकृत अवकाश कोषको रुपमा संचालन/प्रबन्धन गरिरहेको छ ।

आयकर ऐन, २०५८ को दफा ६४(२) मा "स्वीकृत अवकाश कोषको आयमा कर लाग्ने छैन" भन्ने व्यवस्था रहेको र संस्थाले ती कोषहरुलाई स्वीकृत अवकाश कोषको रुपमा व्यवहार गरी आयकर ऐन, २०५८ को दफा ६४ बमोजिम आयकर गणना गरेको छैन । संस्थाले कोष/योजनाहरु बाहेक संस्थाको अन्य कारोबारमा व्यवसाय गरेको मानी पूँजी बजारको कारोबारलाई ३० प्रतिशत करको दर र अन्य कारोबारलाई सामान्य व्यवसाय गरेको मानी २५ प्रतिशत आय करको दर लगाएको छ र तिर्दै आइरहेको छ । संस्थाले संचालन/प्रबन्धन गरेका विभिन्न कोष/योजनाहरु र संस्थाको

अन्य आयमा फरक फरक कर व्यवहार गर्दै आइरहेकोले कर व्यवहार र दरका बारेमा सम्बन्धित निकायसँग समयमा नै समन्वय गरी निश्कर्षमा पुग्नुपर्ने देखिन्छ ।

संस्थाले संचालन/प्रबन्धन गरेका कोष/योजनाहरूले ऐनको दफा ६४ को सुविधा प्रयोग गरिरहेको तर उक्त कोष/योजनाहरुको लागि अलग अलग स्थायी लेखा नम्बर लिएको छैन । संस्थाको एउटा मात्र स्थायी लेखा नम्बर रहेकोले संस्थाबाट संचालन/प्रबन्धन गरेका ७ वटै कोष/योजनाहरुको कारोबारको करसँग सम्बन्धित व्यवहार संस्थाको स्थायी लेखा नम्बरबाट गरेको छ ।

४. औद्योगिक व्यवसाय ऐन, २०७६ को पालना सम्बन्धी कैफियतहरु

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ बमोजिम संस्थाले खुद मुनाफाको १ प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था गर्नुपर्नेमा सोको व्यवस्था नगरेको देखिन्छ ।

५. लेखापरीक्षण ऐन, २०७५ सम्बन्धी कैफियतहरु

लेखापरीक्षण ऐन, २०७५ को दफा २१ बमोजिम महालेखापरीक्षकले जारी गरेको प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुनेमा संस्थाले विगतको लेखापरीक्षण प्रतिवेदनको कैफियतहरु पूर्ण रुपमा सुधार नगरेको, आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम २७ बमोजिम वेरुजुको अभिलेख नराखेको र विनियम २८ बमोजिम वेरुजु फछ्यौट सम्बन्धी व्यवस्था पालना नभएको देखिन्छ ।

६. कोषको केन्द्रीय हिसाबसँग सम्बन्धित कैफियतहरु

६.१. बैंक मौज्दातको हिसाब भिडान नभएको

केन्द्रिय हिसाब तर्फ २०८१ आषाढ मसान्तमा १४ बैंक खाताहरुमध्ये ११ बैंक खाताहरुमा रहेको रकम रु.१,६६,६०,३०,६३२ धनात्मक मौज्दात तथा ३ बैंक खाताहरुमा रहेको रकम रु.३१,७७,१६,८७७ ऋणात्मक मौज्दात गरी कुल बैंक मौज्दात रु.१,३४,८३,१३,७५५ धनात्मक देखिन्छ । यसरी वित्तीय विवरणमा रु.१,३४,८३,१३,७५५ देखिएको र बैंकहरुको समर्थन पत्र अनुसारको मौज्दात रु.१,१६,०७,३८,७४२ देखिएकोले रु.१८,७५,७५,०१३ बराबरले बैंक मौज्दात हिसाब भिडान नभएको देखिन्छ ।

६.२. नेपाल राष्ट्र बैंकसँगको कारोबार

संस्थाको लेखा प्रणालीमा २०८१ आषाढ मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रु.४,४६,३०,८१७ देखिन्छ भने नेपाल राष्ट्र बैंकको समर्थन पत्र अनुसार रु.८५,०१,५०९ मात्रै रहेको देखिन्छ ।

६.३. लगानी

संस्थाले नागरिक लगानी कोष ऐन, २०४७ ले निर्देश गरे बमोजिम लगानी गरिरहेको भएतापनि सम्मानित सर्वोच्च अदालतबाट अवकाश कोषको रकमको लगानी संस्थाले आफुले रोजेको क्षेत्रमा स्वतन्त्र रुपले गर्न पाउने नभै आयकर नियमावली, २०५९ को नियम २०(२) बमोजिम नेपाल सरकारबाट स्वीकृत लगानी गर्नुपर्ने व्याख्या गरेको नजिर छ । यसरी संस्थाले हाल गरिरहेको लगानी आयकर नियमावली २०५९ को नियम २०(२) ले तोकेको परिधि भन्दा बाहिर रहेर गरेको पाइएको छ ।

नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगमसँग २०७४/०२/२९ मा गरेको ऋण सम्झौता अनुसार वाइड बडि विमानको खरिद गर्न नेपाल सरकारको जमानीमा संस्थाले कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत रु.१२ अर्बको दीर्घकालिन ऋण प्रवाह गरेको छ । उक्त ऋण लगानी रकम कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत भुक्तानी भएको अवकाश कोषको वित्तीय विवरणमा मात्र देखिएको छ । तत्कालिन समयमा कोषको न्यासधारी गठन नभएको कारणले संस्थाको संचालक समितिले मात्र निर्णय गरेको देखिन्छ । नेपाल वायुसेवा निगमसँग २०८१ आषाढ मसान्तसम्म पूँजीकृत गरिएको व्याज रकम समेत गरी जम्मा रु १९,३९,०९,८३,७७१ ऋण लगानी देखिएको छ । सम्झौता बमोजिम अवकाश कोषले नेपाल वायुसेवा निगमबाट ऋण लगानीको रकम प्राप्त गरेको छैन । सम्झौता बमोजिम उक्त विमानको टिकट विक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालना समेत भएको छैन ।

समस्याग्रस्त संस्थामा रहेको मुद्दति निक्षेप

समस्याग्रस्त संस्थामा रहेको मुद्दती निक्षेपमा कायम गरिएको साधारण ब्याजदर (४ प्रतिशत) संस्था/कोष/योजनाहरुको कोष लागत भन्दा पनि कम रहेको छ ।

समस्याग्रस्त मुद्दती निक्षेप सम्बन्धमा वर्षको अन्त्यमा लिनुपर्ने देखाइएको मौज्दात संस्था/कोष/योजना अन्तर्गत देखाइएको २०८१ आषाढ मसान्त सम्म कुल सावाँ रु.४७ करोड ८८ लाख र पूँजीकृत ब्याज रु.१२ करोड ३५ लाख गरि जम्मा पाउनुपर्ने रु.६० करोड २३ लाखको सम्बन्धित वित्तीय संस्थाबाट समर्थन पत्र नलिएको देखिन्छ । उक्त रकममा हाल दर्ता खारेजी भई बन्द भइसकेको क्रिस्टल फाइनान्स कम्पनी लिमिटेडबाट पाउनुपर्ने रकम सावाँ रु.१ करोड १५ लाख र ब्याज रकम रु.१ करोड ५० लाख समावेश भएकोमा उक्त कम्पनीको नाममा देखिएको रकम नउठ्ने देखिन्छ ।

६.४. लेखा सफ्टवेयर

संस्थाले प्रयोगमा ल्याएको NLK Web Based Software ले दिने तथ्यांक तथा विवरणहरु नमूना आधारमा रुजु गर्दा विवरणहरु एक आपसमा मेल खाएको पाईएन । तसर्थ संस्थाले लेखाको लागि प्रयोग गर्दै आएको सफ्टवेयरबाट प्राप्त हुने प्रतिवेदनहरुले यथार्थ विवरण नै दिन्छन् भन्ने एकिन गर्न सकिदैन । सफ्टवेयरको लागतको तुलनामा संस्थाले सफ्टवेयरको प्रयोग गरि पूर्ण रुपमा लाभ लिन नसकेको देखिन्छ ।

सफ्टवेयरबाट निस्किने प्रतिवेदनहरुमा (जि एल, बक्यौता ऋण रकम) एकरुपता नभएको, सफ्टवेयरमा अघिल्लो वर्षको अन्तिम मौज्दातको रेकर्ड यस वर्षको शुरु मौज्दातमा स्थान्तरण गर्दा सफ्टवेयरले स्थानान्तरण नगरेको तथा सफ्टवेयरमा ग्राहक पहिचान फारम भर्दा कार्यालयको प्रकृतिको तथ्यांक राख्ने स्थान नभएको आदि विविध कारणले सफ्टवेयर प्रभावकारी नभएको देखिन्छ । यस आर्थिक वर्षमा सूचना प्रविधि प्रणालीको Information System Audit गरिएको देखिएन । साथै सो सफ्टवेयरको सेवाप्रदायक सँगको वार्षिक मर्मत सम्झौता समाप्त भइसकेको अवस्थामा देखिन्छ ।

६.५. संस्थाको केन्द्रीय हिसाब लगायत कोषले संचालन/प्रबन्धन गरेका ७ वटा कोष/योजनाहरुको अन्तर योजना हिसाब तथा लेनदेन रकम राफसाफ नभएको पाइयो । आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा लेनदेन रकम राफसाफ हुन बाँकी रहेको रकम रु.१४,३४,६९,२५७ वित्तीय अवस्थाको विवरणमा अन्य दायित्वमा लेखाकंन गरेको देखिन्छ । संस्थाले कोष/योजनाहरुसँग सम्बन्धित कतिपय बैंक कारोबारहरुको लेखा सोहि सम्बन्धित बैंक लेजरमा नगरी अन्य बैंक लेजरमा गरेको; अन्य कोष/योजनाहरुको कारोबार त्रुटिवश फरक कोष/योजनाहरु तथा कोषको लेखामा समावेश गरेको; साथै लेखा पद्धतिमा देखिएका अन्य गल्तीहरुले गर्दा अन्तर योजना हिसाब तथा लेनदेनका रकमहरु सम्बन्धित कोष कोष/योजनाहरुले वास्तवमै लिनुपर्ने वा दिनुपर्ने हो वा होइन भन्ने यथार्थपरक चित्रण नभएको पाइयो र उक्त कारोबारहरुको वास्तविकता एकिन गर्न सकिदैन ।

६.६. लेखा नीति तथा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको खुलासा नभएको

संस्थाले वित्तीय विवरणहरु तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानमा उल्लेख भए बमोजिम कर्मचारीलाई प्रदान गरिएको सम्पूर्ण सहुलीयतपूर्ण कर्जाको सन्दर्भमा रोजगारदाताको योगदान, सोको लेखा नीति तथा टिप्पणीमा आवश्यक खुलासा समावेश नगरेको देखिन्छ ।

७. कर्मचारी बचत वृद्धि अवकाश कोषसँग सम्बन्धित कैफियतहरु

कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८१ आषाढ मसान्तमा २७ बैंक खाताहरुमध्ये १६ बैंक खाताहरुमा रहेको रकम रु.२०,०६,८६,२८,७३८ धनात्मक मौज्दात तथा ११ बैंक खातामा रहेको रकम रु.९,४६,५७,४०,४०६ ऋणात्मक मौज्दात समेत गरी कूल बैंक मौज्दात रु.१०,६०,२८,८८,३३२ धनात्मक देखिन्छ । यसरी वित्तीय विवरण अनुसार रु.१०,६०,२८,८८,३३२ देखिएको र बैंकहरुको समर्थन पत्र अनुसारको मौज्दात रु.१०,५३,८१,२१,४८८ देखिएकोले रु.६,४७,६६,८४४ बराबरले बैंक मौज्दात हिसाब भिडान नभएको देखिन्छ ।

७.१. संस्थाको नेपाल राष्ट्र बैंकमा रहेको खाता बन्द भएतापनि आर्थिक वर्ष २०८०/८१ मा सो खातामा मौज्दात रहेको रु.२,३९,०४,४२,५३७ ऋणात्मक देखिएको छ ।

७.२. कर्मचारी बचत वृद्धि अवकाश कोष संचालन कार्यविधि, २०५९ को बुँदा ५.२ अनुसार कर्मचारी बचत वृद्धि कोषमा सहभागीले मासिक पारिश्रमिकको निश्चित प्रतिशतका दरले हुने रकम अवकाश कोष कट्टी गरि अवकाश कोषले तोके अनुसार जम्मा गर्ने व्यवस्था भएतापनि आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षणको क्रममा केही सहभागीहरुको नियमित रुपमा अवकाश कोष कट्टी हुने रकम भन्दा एकैपटक धेरै रकम जम्मा गरिएको देखिन्छ ।

८. राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजनासँग सम्बन्धित कैफियतहरु

८.१. राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडबाट मिति २०८०/०९/१२ मा इमेल मार्फत प्राप्त जानकारी बमोजिम बीमा कोषको तर्फबाट बीमा गर्ने सहभागीहरुको सङ्ख्या जम्मा ३३७,९६३ रहेको छ र बीमा शुल्कको निम्ति रु.३,३०,३९,७८,०१० रहने कुरा खुलाइएको छ । तर कोषको टिप्पणी र वित्तीय विवरणहरु बमोजिम कोषबाट जम्मा

३,३३,२९२ जनाको बीमा शुल्क रु.३,२२,०९,६२,४९५ राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा पठाएको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा ४,६७१ जनाको विवरण राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड र बीमा कोषको विवरणमा फरक परेको देखिन्छ ।

८.२. बीमा कोषले आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रसेवक कर्मचारीहरुबाट बीमाको निम्ति रु.३,९४,७१,९७,४२३ संकलन गरेको तर रु.३,२२,०९,६२,४९५ मात्र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा पठाएको देखिन्छ । यसरी कम पठाएको रकममा कोषले ब्याज रकम भुक्तानी नगरेको देखिन्छ ।

८.३. बीमा कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजना अन्तर्गत रहेका सम्पूर्ण राष्ट्रसेवकहरुको उमेर विवरण कोषको तथ्यांक प्रणाली अन्तर्गत नरहेकोले राष्ट्रिय जीवन बीमा कम्पनीमा भुक्तानी गरेको प्रिमियम राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा योजना संचालन कार्यविधि बमोजिम भएको पुष्टि नहुने देखिन्छ ।

८.४. बीमा कोषले पुरानो लेखा सफेटवेयरबाट नयाँ लेखा सफ्टवेयरमा तथ्यांक स्थानान्तरण गर्दा भुक्तानी भइसकेका सहभागीहरुको पनि तथ्यांक स्थानन्तरण भएको र उक्त ९१,१७० सहभागीहरुको अन्तिम मौज्दात रु.३८,०२,७९,५८९ ऋणात्मक देखिन्छ ।

९. अन्य विषय

अन्य विषयहरु निम्न बमोजिम छन् :

९.१. कमजोर आन्तरिक नियन्त्रण प्रणाली

कोषको आन्तरिक नियन्त्रण प्रणालीले तल उल्लेख गरे बमोजिमका कार्यहरु समयमै सम्पन्न गर्न सकेको पाइएन :

- संस्थाबाट संचालित/प्रबन्धित विभिन्न कोष/योजनाहरुको फरकफरक न्यासधारी मार्फत संचालन हुने गरेको छ । यद्यपी ती न्यासधारी पूर्ण स्वतन्त्र रहेका छैनन् । न्यासधारीमा संस्थाका संचालकहरु संयोजक रहनु, अन्तर योजना हिसाबमा लेनदेन हुँदा बिना ब्याज लेनदेन हुनु,
- संस्था, संचालक पनि आफैं र न्यासधारी पनि आफैं रहेको छ । न्यासधारी गठन गरेपनि लगानी सम्बन्धी अन्तिम टुंगो संचालक समितिले गर्ने गरेको,
- संस्थाको विगत वर्षका योगदानकर्ता/हिताधिकारीहरुको फाईलहरु/कागजातहरु/अभिलेखहरुको अझैपनि पुरानो ढड्डा/कागजात प्रणालीबाट नै प्रमाणीकरण/रुजु गनुपर्ने स्थिती, संस्थाले केहि हिताधिकारी/योगदानकर्तालाई सिमाभन्दा बढी भुक्तानी गरेको देखिन्छ, संस्थाबाट प्रवाह भएका ऋणहरु समयमा भुक्तानी नभएको, ऋण तालिका बमोजिम संस्थागत ऋणीले भुक्तानी नगर्दा कालोसूचीमा राख्ने कार्यविधि नभएको र संस्था कर्जा सूचना केन्द्रको सदस्य समेत नरहेको तथा संस्थाको काम कारवाही, सूचना प्रणालीमा तथ्याङ्कको प्रविष्टी जस्ता महत्वपूर्ण विषयमा वाह्य जनशक्ति (Outsourced Staff) बाट काम कारवाही भइरहेको छ,
- संस्थाको आर्थिक कार्यविधि विनियमावली, २०६८ विनियम २१ बमोजिम तयार गर्नु पर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरु तयार गरिएको छैन र समयमै वित्तीय विवरणहरु तयार हुने गरेको छैन,
- स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति भएको छैन । संस्थाले करार र सेवा करार गरी वाह्य जनशक्तिलाई काममा लगाइरहेको छ ।

९.२. संस्थागत सुशासन सम्बन्धी व्यवस्था

संस्थागत सुशासन प्रभावकारी रुपमा कार्यान्वयन गर्न संचालकहरुले पालना गर्नु पर्ने आचार संहिता तयार गर्ने, संस्थाले विभिन्न निकायहरुमा नियुक्त गरि पठाउने संचालकहरुको काम कर्तव्य तोक्ने, यस सम्बन्धमा विनियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, नियमनकारी निकायबाट जारी भएका नीति, नियमहरु कडाइकासाथ पालना गर्नुपर्ने लगायतका सुधारका कामहरु लागू गर्नुपर्ने देखिन्छ । संस्थाको सेवाको गुणस्तर तथा प्रभावकारिता हेर्नको लागी ग्राहक सेवा सम्बन्धी छुट्टै शाखा, कार्यालय स्थापना भएको छैन । सेवाग्राहीको गुनासो सुन्ने छुट्टै डेस्क र पोर्टल, गुनासो राख्ने बाकस आदीको व्यवस्था गरी सेवामा प्रभावकारिता ल्याएको छैन । संस्थाले नेपाल राष्ट्र बैंक द्वारा जारी सम्पत्ती शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धि निर्देशिकाको पूर्ण रुपमा पालना नगरेको देखिन्छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणहरुको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा

थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले संस्थाका पेशागत सदस्यहरुका लागि जारी गरेको आचारसंहिता लगायत वित्तीय विवरणहरुको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले संस्थाका पेशागत सदस्यहरुका लागि जारी गरेको आचारसंहिता बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

१०. लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु, ती विषयहरू हुन्, जुन हाम्रो व्यावसायिक निर्णयमा, आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थिए । यी मामिलाहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र वित्तीय विवरणहरुमा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको छ, र हामीले यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं । हामीले निम्न उल्लेख गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा मुख्य लेखापरीक्षण विषयहरुहरूको रूपमा निर्धारण गरेका छौं:

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रतिक्रिया
लगानीको पहिचान, मापन तथा क्षयीकरण संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट्र बैकको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ । लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	लगानीको पहिचान, मापन तथा क्षयीकरणको सम्बन्धमा हाम्रो लेखापरीक्षणको प्रकृया देहाय बमोजिम रहेको थियो: क) लगानीको मापन नेपाल लेखामान बमोजिम रहे/नरहेको समीक्षा गरीएको । ख) संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाहको समिक्षा गरीएको । ग) सुचिकृत लगानीको मापन २०८१ आषाढ ३१ को बजार मुल्य बमोजिम रहे/नरहेको चेक जाँच गरिएको, तथा सुचिकृत नरहेको लगानीको मुल्यांकन परल मुल्यको आधारमा गरिएको । **लेखापरीक्षणको नतिजा:** लगानीको पहिचान, मापन तथा क्षयीकरणमा संस्थाले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो ।

११. अन्य जानकारी

अन्य जानकारीको जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहन्छ । अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर, वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन भने समावेश हुँदैनन् । लेखापरीक्षकलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्षा रहेको छ । वित्तीय विवरणहरु माथिको हाम्रो रायले अन्य जानकारी समावेश गर्दैन र हामी यस सम्बन्धमा कुनै प्रकारको आश्वस्त निष्कर्ष प्रदान गर्दैनौं ।

वित्तीय विवरणहरुको लेखापरिक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारीको अध्ययन गर्नु हो र, यसरी अध्ययन गर्दा यस्ता अन्य जानकारीहरु वित्तीय विवरणहरु तथा लेखापरीक्षणको क्रममा प्राप्त हाम्रो ज्ञानसँग सारभूतरुपमा गलत भए/नभएको विचार गर्नु पर्दछ । हाम्रो जिम्मेवारी तथा कार्यहरुको आधारमा, यदि अन्य जानकारी सारभूतरुपमा गलत भएको हाम्रो निष्कर्ष रहेमा सो तथ्यलाई हामीले प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दा सोमा सारभूतरुपमा गलत विवरण भएको भन्ने हाम्रो निष्कर्ष रहेमा सो विषयलाई हामीले शासकीय भूमिका वहन गर्नेहरुलाई सूचित गर्नुपर्दछ ।

१२. वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय विवरणहरु तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापन हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वश्त हुनको लागि आवश्यक पर्ने आन्तरीक नियन्त्रण प्रणाली स्थापना गर्नको लागी पनि संस्थाको व्यवस्थापन जिम्मेवार हुन्छ । वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थाको लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकका कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । शासकीय कार्यभार बहन गर्ने पक्षले संस्थाको सम्प्रेषण प्रकृया निरीक्षण गर्नुपर्दछ ।

१३. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटी बाट मुक्त छन् /छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरणलाई वित्तीय विवरणहरुलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

क) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टचाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

(ख) लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

(ग) संस्थाको व्यवस्थापनले वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

(घ) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिस्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिस्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणहरुमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

(ङ) संस्थाको व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणहरु सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणहरुले संस्थाको कारोवार र घटनाहरुलाई यथार्थ रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

(च) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

(छ) शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेकोबारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८१।९।१६ मा पठाइएको छ।**

नागरिक लगानी कोष (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

सम्पत्ति	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
नगद तथा नगद समान	४५,५७,८२		४,३७	
नेपाल राष्ट्र बैङ्कमा नगद तथा लिनुपर्ने	४,७४,८८		४,९०,५८	
बैङ्क तथा वित्तीय संस्थामा रहेको मुद्दति	३,७६,३५,८९		४,८५,१२,९८	
अन्य व्यापारिक सम्पत्तिहरू	१५,९६,९०		१२,४७,७०	
कर्मचारीलाई दिएको कर्जा तथा सापट	१३,९९,१९		५,४६,३९	
धितोपत्र लगानी	१,१४,७६,३४		१,०७,४७,८५	
चालु कर सम्पत्ति	८६,२८,०७		४७,१७,१०	
कुल चालु सम्पत्ति		**६,५७,६९,०९**		**६,६२,६६,९७**
सहायक कम्पनीमा लगानी	२,७२,४६,७५		२,५५,००,००	
सम्पत्ति तथा उपकरण	२,२०,५५,६३		२२४११,७७	
पुँजीगत निर्माण	३५,००		-	
ख्याति तथा अमूर्त सम्पत्ति	२,३२,३०		३,००,३३	
अन्य सम्पत्ति	१३,१०,९७,३९		१०,७७,७५,८७	
कुल गैर चालु सम्पत्ति		**१८,०६,६७,०७**		**१५,५९,८७,९७**
कुल सम्पत्ति		**२४,६४,३६,१६**		**२२,२२,५४,९४**
स्थगन कर दायित्व	२०,२१,४३		२७,९६,००	
अन्य दायित्व	१५,८०,८८,६४		१४,६२,७६,६५	
कुल दायित्व तथा व्यवस्था		**१६,०१,१०,०७**		**१४,९०,७२,६५**
सेयर पुँजी	५,३१,३७,५०		३,२७,००,००	
सेयर प्रिमियम	-		१,२६,४८,७९	
सञ्चित मुनाफा	१,०५,४६,४०		१,०४,९१,३६	
जगेडा तथा कोषहरू	२,२६,४२,१९		१,७३,४२,१४	
शेयरधनीहरूलाई वितरण योग्य इक्विटी		**८,६३,२६,०९**		**७,३१,८२,२९**
कुल दायित्व र इक्विटी		**२४,६४,३६,१६**		**२२,२२,५४,९४**

उल्लिखित विवरणअनुसार कोषको वर्षान्तको नगद मौज्दात गत वर्षको तुलनामा यो वर्ष वृद्धि भई रु.४५ करोड ५७ लाख ८२ हजार पुगेको र वित्तीय विवरणका अन्य चरहरूमा स्वाभाविक परिवर्तन आएको देखिन्छ।

२. **सञ्चालन नतिजा** - कोषको आम्दानी खर्चको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
ब्याज आम्दानी	४८,३०,०८		३५,९९,४१	
ब्याज खर्च	(११,२८,३२)		(१५,५४,४१)	
खुद ब्याज आम्दानी		**३७,०१,७६**		**२०,४५,००**
शुल्क तथा कमिशन आम्दानी	१,३९,१९,८७		१,२४,८८,३५	
शुल्क तथा कमिशन खर्च	-		९,३३,१०	
खुद शुल्क र कमिशन आम्दानी		**१,३९,१९,८७**		**१,१५,५५,२५**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी		**१,७६,२१,६३**		**१,३६,००,२५**
अन्य सञ्चालन आम्दानी	६,६८,१५		१,९५,५४	
कुल सञ्चालन आम्दानी		**६,६८,१५**		**१,९५,५४**
खुद सञ्चालन आम्दानी		**१,८२,८९,७८**		**१,३७,९५,७९**
सञ्चालन खर्च				
कर्मचारी खर्च	२८,७८,९८		२४,५६,१०	

विवरण	२०७९।८०		२०७८।७९	
अन्य सञ्चालन खर्च	९,०२,८१		६,४०,७७	
ह्रासकट्टी	५,४८,३८		४,४५,०३	
कुल सञ्चालन खर्च		**४३,३०,१७**		**३५,४१,९०**
सञ्चालन मुनाफा		**१,३९,५९,६१**		**१,०२,५३,८९**
चालु कर	३२,४४,६७		२८,९४,०३	
स्थगन कर/(आम्दानी)	(१५,२१,५५)		७,२०,७६	
कुल कर खर्च		**१७,२३,१२**		**३६,१४,७९**
यस अवधिको मुनाफा		**१,२२,३६,४९**		**६६,३९,१०**

कोषको यो वर्ष ब्याज, शुल्क तथा कमिसन र अन्य सञ्चालन आम्दानी रु.१ अर्ब ९४ करोड १८ लाख १० हजार र ब्याज, कर्मचारी, ह्रासकट्टी र अन्य सञ्चालन खर्च जम्मा रु.५४ करोड ५८ लाख ४९ हजार खर्च भई सञ्चालन मुनाफा रु.१ अर्ब ३९ करोड ५९ लाख ६१ हजार रहेको छ। जुन अघिल्लो वर्षको तुलनामा ३६ प्रतिशतले बढी हो।

३. **ऋण लगानी** - माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड र कोषबिच दीर्घकालीन ऋण लिने दिने सम्बन्धमा मिति २०६७।८।२१ मा दुई पक्षीय ऋण सम्झौता भएको र उक्त सम्झौता २०७८ चैत्रमा संशोधन गरी पुरक ऋण सम्झौता भएको देखिन्छ। पूरक ऋण सम्झौता बमोजिम आयोजनाले २०७८/५/४ बाट व्यापारिक उत्पादन शुरु गर्ने र २०७८।९।३० सम्म ब्याज पुँजीकरण गरी नयाँ कर्जा भुक्तानी तालिका स्विकृत गरेको देखिन्छ। सो आयोजनामा २०८० आषाढ मसान्तसम्म पुँजीकरण गरिएको ब्याज रकमसमेत जम्मा रु.५ अर्ब ५५ करोड १६ लाख ३६ हजार ऋण लगानी गरेको छ।

४. **कल्याणकारी कोषमा रकम स्थानान्तरण** - कोषको सञ्चालक समितिको २०६६।३।४ को बैठकको निर्णयले खुद मुनाफाको ५ प्रतिशत बराबरको रकम कर्मचारी कल्याणकारी कोषमा बाँडफाँट गर्ने निर्णय गरेको देखिन्छ। सोही निर्णय अनुसार २०७९/८० मा रु.७ करोड २० लाख ३६ हजार सञ्चित मुनाफाबाट कर्मचारी कल्याणकारी कोषमा स्थानान्तरण गरेको छ।

५. **कर्जा नवीकरण** - कर्जाहरू नवीकरण नगरेकोले २०७९।८० मा कोषको रु.१३ लाख ३५ हजार बराबरको आम्दानी घटेको छ। कोषको २३ वटा सरल कर्जाको रु. ३ करोड ६६ लाख ४ हजार बराबरको ५ वर्षको भुक्तानी अवधि समाप्त भएको र उक्त कर्जामा ब्याज पुँजीकरण भइरहेकोमा कर्जा असुली प्रकृया सुरु भएको छैन। उक्त अवस्थामा सुधार गर्नुपर्दछ।

६. **प्रतिफल वितरण** - नागरिक लगानी कोष, २०४७ को दफा १९.४ को कोषअन्तर्गतका विभिन्न बिमा कोष र अन्य योजनाले योगदानकर्ताहरूलाई अधिकतम लाभ प्रदान गर्दा लगानी गरी प्राप्त आम्दानीबाट खर्च घटाई हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट आवश्यक जगेडा राखी बाँकी रकम समानुपातिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था छ। कोष अन्तर्गतका विभिन्न बिमा कोष र अन्य योजनाले योगदानकर्तालाई प्रतिफल प्रदान गर्दा सञ्चालक समितिले तोकेको ब्याज (योजनाहरूमा ६.५ देखि ७.५ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा रकमान्तर गरेको छ। योजनाहरूको जोखिम व्यवस्थापनका लागि न्यूनतम कोषको व्यवस्था गरी बाँकी रकम योगदानकर्तालाई बाँडफाँट गर्नुपर्दछ।

७. **परामर्श खर्च** - कोषबाट यो वर्ष आन्तरिक जनशक्तिको व्यवस्था हुँदा हुदै संस्थाको उद्देश्यअनुसार सम्पादन गर्नुपर्ने कार्य वित्तीय परामर्श तथा कानुनी परामर्श नियुक्त गरेर सञ्चालन गरेको छ। वित्तीय परामर्शमा रु.५७ लाख ६० हजार र कानुनी परामर्शमा रु.५ लाख ३५ हजार खर्च गरेको छ। कोषमा पेशाविद्

कर्मचारीहरूको दरबन्दी तथा पदपूर्ति भएको अवस्थामा वित्तीय परामर्शको लागि थप खर्च गर्नुपर्ने अवस्थामा सुधार हुनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले नागरिक लगानी कोषको *(जसलाई यसपछि कोष भनिएको)* यसै साथ संलग्न २०८० आषाढ मसान्त, (तदनुसार जुलाई १६,२०२३) को वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/(नोक्सान) विवरण तथा अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा कोषको संलग्न वित्तीय विवरणले आर्थिक वर्ष २०७९/८० को कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा उल्लेख भएको विषयले पार्ने असर बाहेक २०८० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. कोषबाट सञ्चालित योजनाहरुको आय, व्यय, सम्पत्ति र दायित्व वित्तिय विवरणमा समावेश नभएको

१.१. नेपाल वित्तीय प्रतिवेदन मानको *वित्तीय प्रतिवेदनको वैचारिक संरचनाको* खण्ड ४ मा उल्लेख भए बमोजिम वित्तीय प्रतिवेदनको तत्वहरुमा निकायसँग सम्बन्धित सम्पत्ति, दायित्व, इक्विटी, आय र व्यय पर्दछन् । कोषले बचतकर्ताहरुबाट रकम लिई लगानीकर्ता हिसाब योजना तथा नागरिक एकाङ्क योजना संचालन गर्दै आएको छ। कोषले वित्तीय विवरण तयार गर्दा केन्द्रिय कार्यालयको आय, व्यय तथा सम्पत्ति र दायित्व मात्र प्रस्तुत गर्दछ । कोषले बचतकर्ताबाट रकम लिई संचालन गर्दै आएको लगानीकर्ता हिसाब योजना तथा नागरिक एकाङ्क योजनाको आय, व्यय तथा सम्पत्ति र दायित्व नागरिक लगानी कोषको वित्तीय विवरणमा प्रस्तुत नगर्दा नेपाल वित्तीय प्रतिवेदन मानको *वित्तीय प्रतिवेदनको वैचारिक संरचना र* लेखाको सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles) को विपरित हुन जान्छ ।

१.२. आर्थिक वर्ष २०७९/८० मा कोषद्धारा सञ्चालित ७ वटा योजनाहरुको संचालन आम्दानी रु. १९ अर्ब ५३ करोड ९९ लाख र संचालन खर्च रु. १७ अर्ब २१ करोड २२ लाख कोषको वित्तीय विवरणमा समावेश भएको छैन । यसैगरि, उक्त ७ वटा योजनाहरुको रु. २ खर्ब ५० अर्ब ६५ करोड ४६ लाखको सम्पत्ति र दायित्वको हिसाब पनि कोषको वित्तीय अवस्थाको विवरणमा सम्मिलित नभएको पाईयो ।

१.३. नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५५ ले कोषले लगानीकर्ता हिसाब योजना तथा नागरिक एकाङ्क योजना अन्तर्गत लगानीकर्तालाई फिर्ता दिनुपर्ने रकम, तिर्नुपर्ने अन्य ऋण वा ऐन बमोजिम काम गर्न कोष असमर्थ छ भन्ने नेपाल सरकारलाई लागेमा कोष विघटन हुने व्यवस्था गरेकाले लगानीकर्ता हिसाब योजना तथा नागरिक एकाङ्क योजना अन्तर्गत लगानीकर्तालाई फिर्ता दिनुपर्ने रकमको दायित्व नागरिक लगानी कोषमा नै रहेको प्रष्ट छ । साथै, नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५७ ले दायित्व भुक्तानी गर्ने प्राथमिकताको क्रममा लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना र समुहगत बचत योजनाको रकम प्राथमिकताको तेस्रो क्रममा रहने स्पष्ट कानूनी व्यवस्था गरेको पाईन्छ ।

यसरी लेखा सिद्धान्त र प्रचलित कानूनी व्यवस्थालाई समेत दृष्टिगत गर्दा कोषले आफ्नो वित्तीय विवरणमा केन्द्रिय कार्यालयका साथै आफूले संचालन गर्दै आएका योजनाहरुको आय, व्यय, सम्पत्ति र दायित्व समेत प्रस्तुत हुनुपर्ने देखिन्छ । हालको वित्तीय विवरणले कोषको केन्द्रिय कार्यालयको आय, व्यय तथा सम्पत्ती,

दायित्व मात्र प्रस्तुत गर्ने र कोषको वास्तविक आय, व्यय तथा सम्पत्ति र दायित्वको यथार्थ चित्रण गर्ने सम्बन्धमा एकिन गर्न सकिदैन ।

२. कोषको केन्द्रीय हिसाबसँग सम्बन्धित कैफियतहरु

२.१. कल्याणकारी कोषको रकम रकमान्तर गर्दा नाफा नोक्सान हिसाब खाताबाट नगरिएको

कोषको संचालक समितिको मिति २०६६।०३।०४ को बैठकको निर्णय नं. १३९४ ले खूद मुनाफाको ५% बराबरको रकम कर्मचारी कल्याणकारी कोषमा बाँडफाड गर्ने निर्णय गरेको देखिन्छ । सोही निर्णय अनुसार आर्थिक वर्ष २०७९/८० मा रु. ७,२०,३६,३५१ संचित मुनाफाबाट कर्मचारी कल्याणकारी कोषमा स्थानान्तरण गरिएको र उक्त रकम कोषले खर्च दाबी नगरी संचित मुनाफाबाट समायोजन गरेको देखिन्छ ।

२.२. संचित मुनाफाको अ.ल्या रकममा भिन्नता

गत वर्षको वासलातमा संचित मुनाफाको रकम रु २,७८,३३,५०,६३८ रहेकोमा चालु आ.व.मा सोहि संचित मुनाफाको लेजरमा अ.ल्या. रकम रु २,८२,८५,८३,०२६ रहेको र उक्त विवरण अनुसार संचित मुनाफाको अ.ल्या रकममा रु ४,५२,३२,३८८ ले अधिक रहेको पाइयो ।

२.३. नागरिक बचतपत्रको ब्याजको हिसाब मिलान नभएको

नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको नागरिक बचतपत्रको सहभागीहरुले पाउने ब्याज रकम कोषले भुक्तानी गर्ने र सो रकम कोषलाई नेपाल राष्ट्र बैंकबाट प्राप्त हुने गरेको र नागरिक बचतपत्रको लिनु पर्ने वा दिनु पर्ने रकम राफसाफ भई सो खाताको मौज्दात शून्य हुनुपर्नेमा उक्त ब्याज खातामा वर्षको अन्तिममा रु. ४६,६६,००२ मौज्दात रहेको पाइयो ।

२.४. बैंक मौज्दातको हिसाब भिडान नभएको

केन्द्रिय कोष तर्फ २०८० आषाढ मसान्तमा १२ बैंक खातामध्ये १० बैंक खातामा रहेको रकम रु. ८१,६८,७६,६८५ सकरात्मक मौज्दात तथा २ बैंक खातामा रहेको रकम रु. ३६,१०,९५,०५४ ऋणात्मक मौज्दात समेत गरी कूल मौज्दात रु. ४५,५७,८१,६३१ सकारात्मक देखिए तापनि बैंक स्टेटमेन्ट अनुसारको रु.४२,५७,७१,१३९ बैंक मौज्दात हिसाब भिडान गरेको पाइएन ।

कोषको सन्तुलन परिक्षणमा प्रस्तुत १६ वटा बैंक लेजर खाताहरुको स्टेटमेन्ट र समर्थन पत्र प्राप्त नभएको र सो मध्ये कतिपय बैंक खाताहरु बन्द भईसकेकोले उक्त लेजर खाताहरुको मौज्दात रकमले मौज्दात हिसाबको यथार्थ चित्रण गर्छ भन्ने यकिन गर्न सकिदैन ।

२.५. नेपाल राष्ट्र बैंकसँगको कारोवार

कोषको लेखाप्रणालीमा २०८० आषाढ मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रु. ५,२१,५४,०८३ देखिन्छ भने राष्ट्र बैंकको समर्थन पत्र अनुसार रु. १,५३,२१,२८७ मात्रै रहेको देखिन्छ ।

३. कर्मचारी बचत वृद्धि अवकाश कोषसँग सम्बन्धित कैफियतहरु

३.१. कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८० आषाढ मसान्तमा २१ बैंक खाता मध्ये ११ बैंक खातामा रहेको रकम रु. ११,९६,३२,२४,८०९ धनात्मक मौज्दात तथा १० बैंक खातामा रहेको रकम रु. ७,८६,२४,०१,७२५ ऋणात्मक मौज्दात समेत गरी कूल मौज्दात रु. ४,१०,०८,२३,०८४ सकारात्मक देखिए तापनि बैंक स्टेटमेन्ट अनुसारको रु. ४,३४,०४,७७,५३५ बैंक मौज्दात हिसाब भिडान गरेको पाइएन ।

३.२. कोषको नेपाल राष्ट्र बैंकमा रहेको खाता २०७८ मा नै बन्द भएतापनि आर्थिक वर्ष २०७९/८० मा सो खातामा मौज्दात रहेको रु. २,३९,८६,८८,९६२ ऋणात्मक देखिएको छ ।

३.३. कर्जाहरु नविकरण नगरे बापत कोषलाई आर्थिक वर्ष २०७९/८० मा रु १३,३४,८७८ बराबरको आम्दानीमा घाटा लागेको छ ।

३.४. २३ वटा सरल कर्जाको रु ३,६६,०४,१९८ बराबरको ५ वर्षको भुक्तानी अवधि समाप्त भएको र उक्त कर्जामा ब्याज पूँजीकरण भइरहेको साथै कर्जा असुली प्रकृया सुरु नभएको पाइयो ।

४. राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडसँगको कारोवार

४.१. राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडबाट मिति २०७९/०३/०९ मा प्राप्त पत्र बमोजिम कोषको तर्फबाट बीमा गर्ने सहभागीहरुको सङ्ख्या जम्मा ३४२,४०१ रहेको छ र बीमा शुल्कको निम्ति रु. ३,३६,७४,७१,९३६ रहने कुरा खुलाइएको छ । तर कोषको टिप्पणी र वित्तीय विवरण बमोजिम कोषबाट जम्मा ३३९,१७९ जनाको मात्र बीमा भएको र सो को बीमा शुल्क रु. ३,३०,३५,८७,०७९ राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा पठाएको पाइयो । सो हुँदा आ. व. २०७९/८० मा ३,२२२ जनाको बीमा नभएको पाइयो र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडले माग गरेको भन्दा रु. ६,३८,८४,८५७ कम भुक्तानी भएको पाइयो ।

४.२. कोषले आ.व. २०७९/८० मा राष्ट्रसेवक कर्मचारीहरुबाट बीमाको निम्ति रु. ४,०१,६७,१४,२११ संकलन गरेको तर रु. ३,३०,३५,८७,०७९ मात्र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा पठाएको पाइयो । कोषले राष्ट्रिय जीवन बीमा कम्पनीमा पठाउनुपर्ने भन्दा रु.७१,३१,२७,१३२ कम पठाएको पाइयो र कोषले उक्त रकममा व्याज रकम भुक्तानी नगरेको पाइयो ।

४.३. कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजना अन्तर्गत रहेका सम्पूर्ण राष्ट्रसेवकहरुको उमेर विवरण कोषको तथ्यांक प्रणाली अन्तर्गत नरहेकोले राष्ट्रिय जीवन बीमा कम्पनीमा भुक्तानी गरेको प्रिमियम राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जिवन बीमा योजना संचालन कार्यविधि बमोजिम भएको पुष्टि गर्न सकिएन ।

४.४. कोषले पुरानो लेखा प्रणालीबाट नयाँ लेखा प्रणालीमा तथ्याङक स्थानन्तरण गर्दा भुक्तानी भइसकेका सहभागीहरुको पनि तथ्याङक स्थानन्तरण भएको र उक्त १,०६,३७३ सहभागीहरुको अन्तिम मौज्दात रु. ७०,४३,६३,२९८ ऋणात्मक देखिएको पाइयो ।

५. नार्क बीमा कोष

नार्क बीमा कोषमा सहभागी रकम रु. १३,७९,४४,७९२ र कूल लगानी रकम रु.१६,२८,५५,००० रहेकाले अधिक लगानी रकम रु.२,४९,१०,२०८ गरेको पाइयो ।

६. लेखा नीति तथा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको खुलासा नभएको

कोषले आफ्नो वित्तीय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानमा उल्लेख भए बमोजिम कर्मचारीलाई प्रदान गरिएको सम्पूर्ण सहुलीयतपूर्ण कर्जाको सन्दर्भमा रोजगारदाताको योगदान, सोको लेखा नीति तथा टिप्पणीमा आवश्यक खुलासा समावेश गरेको पाईएन ।

७. प्रतिफल विवरण

नागरिक लगानी कोष, २०४७ को दफा १९(४) को कोषअन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्ताहरुलाई अधिकत्तम लाभ प्रदान गर्दा लगानी गरी प्राप्त आम्दानीबाट खर्च घटाई हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट आवश्यक जगेडा राखी बाँकी रकम समानुपातिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था छ । कोष अन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्तालाई प्रतिफल प्रदान गर्दा संचालक समितिले तोकेको ब्याज (योजनाहरुमा ६.५ देखि ७.५ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा रकमान्तर गरेको छ । योजनाहरुको जोखिम व्यवस्थापन तथा प्रतिफल समिकरणका लागि न्यूनतम कोषको व्यवस्था गरी बाँकी रकम योगदानकर्तालाई बाँडफाँड गर्नुपर्दछ ।

८. लेखा सफ्टवेयर

कोषले अवलम्बन गरेको पुरानो लेखा प्रणाली सफ्टवेयर फक्स प्रो /पी.सी.एस.लाई प्रतिस्थापन गरी नयाँ लेखा सफ्टवेयर संचालनमा ल्याएको छ । सोको मर्मत बापत वार्षिक रु. २७ लाख ११ हजार खर्च भएको छ । उक्त प्रणालीबाट सिर्जित विवरणहरु वित्तीय विवरण तयार गर्न पुर्ण नभएकोले एक्सेलमा सारी वित्तीय विवरण तयार

गर्ने गरेको छ र समयमै वित्तीय विवरण तयार हुन नसकेको देखिन्छ । कोषले लेखा सफ्टवेयरमा रहेका कमी कमजोरी सुधार गरी समयमा नै वित्तीय विवरण तयार गर्नुपर्दछ ।

९. सहायक कम्पनीमा लगानी

संचालक समितिको २०७६/१०/२०को निर्णय नं २५८६ मा कोषको एक सहायक लिमिटेड कम्पनीमा रु. २ अर्व ५५ करोड (५१ प्रतिशत) लगानी गर्ने निर्णय गरेको छ । उक्त कम्पनीमा लगानी गर्नका लागि कर्मचारी बचत वृद्धि अवकाश कोष योजनाबाट अल्पकालिन समयको लागि २ अर्व १४ करोड सापटी दिएकोमा सापटी दिएको सम्पुर्ण रकम यो वर्ष फिर्ता गरेको छ । उक्त शेयर लगानीबाट आ.व. ०७९।८० मा ६.८५ प्रतिशत बोनश शेयर प्राप्त भएको छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले व्यवसायिक लेखापालका लागि जारी गरेको आचारसंहिता लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस कोषबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले व्यवसायिक लेखापालका लागि जारी गरेको आचारसंहिता बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

१०. अन्य विषय

अन्य विषयहरु निम्न बमोजिम छन् :

१०.१. आयकर ऐन २०५८ को दफा ६५ को सुविधको गलत उपयोग गरेको

कर्मचारी बचत बृद्धि अवकाश कोष संचालन कार्यविधि,२०५९ को दफा १२ को व्यवस्था अनुसार कार्यक्रममा जम्मा भएको रकमे भुक्तानी को खण्ड १ अनुसार देहायको अवस्थामा कार्यक्रममा जम्मा भएको रकम सहभागी कर्मचारीलाई भुक्तानी दिइने छ ।

(क) कर्मचारीले सेवाबाट अवकाश प्राप्त गरेमा,
(ख) कर्मचारीको उमेर ५८ बर्ष पुगेमा, वा
(ग) कर्मचारी स्थायी रुपमा अपाङ्ग भएमा ।

माथि उल्लेखित अवस्था बाहेक अन्य कुनै पनि अवस्थामा भुक्तानी दिन पाइने छैन ।

आयकर ऐन २०५८ को दफा ६५ बमोजिम यदि अवकाश भुक्तानी एकमुष्ठ रूपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिनेछ ।

कर्मचारी बचत बृद्धि अवकाश कोष को आ.व. २०७९।८० को लेखापरीक्षणको क्रममा सहभागिले कर्मचारी बचत बृद्धि अवकाश कोष योजना बाट खण्ड १ अनुसारको अवस्थामा भुक्तानी पश्चात सहभागिको खाता बन्द हुनुपर्नेमा फेरि सोहि सहभागिले पुरानै कार्यालयबाट नयां खाता खोली रकम जम्मा भएको देखिन्छ । उक्त कार्य कर्मचारीको वास्तविक अवकाश नभई आयकर ऐन २०५८ ले व्यवस्था गरेको सुविधाको लागी मात्र गरिएको देखिन्छ ।

१०.२. कर्मचारी बचत वृद्धि अवकाश कोष संचालन कार्यविधि, २०५९ को बुँदा ५.२ अनुसार कर्मचारी बचत वृद्धि कोषमा सहभागीले मासिक पारिश्रमिकको ५, १० वा सो भन्दा बढी कुनै निश्चित प्रतिशतका दरले हुने रकम कोष कट्टी गरि कोषले तोके अनुसार जम्मा गर्ने व्यवस्था भएतापनि आ.व.२०७९।८० को लेखापरीक्षणको क्रममा सहभागीको नियमित रुपमा कोष कट्टी हुने रकम भन्दा एकैपटक धेरै रकम जम्मा गरिएको र उक्त रकमको विवरण नखुलाएको पाइयो ।

१०.३. कोषको केन्द्रीय हिसाब लगायत कोषले संचालन गरेका अन्य ७ वटा कोष/योजना/कार्यक्रमहरुको अन्तर योजना हिसाब तथा लेनदेन रकम राफसाफ नभएको पाइयो । आ.व.२०७९।८० सम्म पनि लेनदेन रकम राफसाफ नगरी वित्तीय अवस्थाको विवरणमा सो रकम अन्य सम्पत्ति तथा दायित्व भनि लेखाकंन गरेको देखिन्छ । कोषले अधिकांश कारोबारहरुको लेखा नगदी आधारमा गरेको; कार्यक्रमसँग सम्बन्धित कतिपय बैंक कारोबारहरुको लेखा सोहि सम्बन्धित बैंक लेजरमा नगरी अन्य बैंक लेजरमा गरेको; अन्य योजनाको कारोबार त्रुटिवश फरक योजना तथा कोषको लेखामा समावेश गरेको; साथै लेखा पद्धतिमा देखिएका अन्य गल्तीहरुले गर्दा अन्तर योजना हिसाब तथा लेनदेनका रकमहरु सम्बन्धित कोषले वास्तवमै लिनुपर्ने वा दिनुपर्ने हो वा होइन भन्ने यथार्थपरक चित्रण नभएको पाइयो र उक्त कारोबारहरुको वास्तविकता एकिन गर्न सकिदैन ।

१०.४. कमजोर आन्तरिक नियन्त्रण प्रणाली

कोषको आन्तरिक नियन्त्रण प्रणालीले तल उल्लेख गरे बमोजिमका कार्यहरु समयमै सम्पन्न गर्न सकेको पाइएन :

- बैंक तथा अन्तर योजनाहरुको हिसाब भिडान, प्राप्त आम्दानीको सम्बन्धित खातामा हिसाब मिलान, लगानी र लेखा शाखाको विवरण मिलान गर्ने जस्ता हिसाब भिडान कार्यहरु भएको छैन,
- कोषको आर्थिक प्रशासन सम्बन्धि नियमावली २०६८ विनियम २१ बमोजिम तयार गर्नु पर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरु तयार गरिएको छैन र समयमै वित्तीय विवरणहरु तयार हुने गरेको छैन,
- प्रभावकारी तवरले विगतको लेखापरीक्षणमा उठाईएका कैफियतहरुको समाधान गर्ने कार्यहरु भएका छैनन् ।
- स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति भएको छैन । कोषले करार र सेवा करार गरी वाह्य जनशक्तिलाई काममा लगाइरहेको छ ।
- सवारी साधनहरुको प्रयोगको स्थिती थाहा पाउन लगबुक राखिएको छैन ।

उक्त देखिएको कमि कमजोरि सुधार गर्न आन्तरिक नीति, नियम तथा निर्देशिका तयार गरी जारी गर्नु पर्ने, आन्तरिक लेखापरीक्षणलाई एउटा परम्परागत निरन्तरता भन्दा पनि फरक ढंगले संस्थाको काम कारवाही र तरलताको चित्रण तथा विश्लेषण गर्न सक्ने गरि चुस्त बनाउनु पर्ने देखिन्छ ।

१०.५. संस्थागत सुशासन सम्बन्धी व्यवस्था

संस्थागत सुशासन प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालकहरुले पालना गर्नु पर्ने आचार संहिता तयार गर्ने, संस्थाले विभिन्न कम्पनीहरुमा नियुक्त गरि पठाउने संचालकहरुको सीमा तथा काम कर्तव्य तोक्ने, यस्तो विनियमावली अर्थ मन्त्रालयको स्विकृती प्राप्त गरे पछि लागू गर्ने तथा अर्थ मन्त्रालयबाट निर्देशित नीति, नियमहरु कडाइका साथ पालना गर्नुपर्ने लगायतका सुधारका कामहरु लागू गर्नुपर्ने देखिन्छ ।

साथै नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५(२) को प्रावधान अनुसार महिला संचालक नियुक्त गरिएको छैन, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र साधारण सभा सम्पन्न भएको छैन, संचालकको नियुक्ती सम्बन्धमा नागरिक लगानी कोष ऐनको दफा २५(१) बमोजिम कोषको संचालक समितिमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका महाप्रबन्धक संचालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली २०६४ को नियम १४ को व्यवस्था एकअर्कोसँग बाझिएको र कोषको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएको छैन ।

१०.६. लगानी

नेपाल वायु सेवा निगम

नेपाल वायु सेवा निगमसँग २०७४।०२।२९ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडि विमानको खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत वृद्धि अवकाश योजना मार्फत रु. १२ अर्वको दिर्घकालिन ऋण प्रवाह गरेको छ। निगमसँग २०८० आषाढ मसान्त सम्म पुंजिकृत गरिएको व्याज रकम समेत गरी जम्मा रु १७,८३,९३,४०,४४४ ऋण लगानी देखिएको छ। सम्झौता बमोजिम योजनाले नेपाल वायु सेवा निगमबाट सो ऋण लगानीको रकम प्राप्त गरेको छैन । सम्झौता बमोजिम उक्त विमानको टिकट विक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना समेत भएको छैन ।

सम्झौताको बुँदा ८.१ बमोजिम निगमको प्रतिबद्धता अनुसार आर्थिक कारोबारको लेखापरीक्षण गराएको प्रतिवेदन, त्रैमामिक कार्यप्रगति विवरण, खुद बिक्री आयको मासिक विवरण, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अर्धवार्षिक लाभ लागत विश्लेषण विवरण बुझाएको छैन ।

माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनी लिमिटेड

माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड र कोष बीच दिर्घकालिन ऋण लिने दिने सम्बन्धमा मिति २०६७ मंसिर २१ गते दुई पक्षीय ऋण सम्झौता भएको र उक्त सम्झौता मिति २०७८ चैत्रमा संशोधन गरी पुरक ऋण सम्झौता भएको देखिन्छ। पुरक ऋण सम्झौता बमोजिम आयोजनाले २०७८/०५/०४ बाट व्यापारीक उत्पादन शुरु गर्ने र २०७८/०९/३० सम्म व्याज पूँजीकरण गरी नयाँ कर्जा भुक्तानी तालिका स्विकृत गरेको देखिन्छ।

संशोधित कर्जा भुक्तानी तालिका अनुसार चैत्र २०७८ मसान्तबाट किस्ता भुक्तानी तालिका अनुसार किस्ता भुक्तानी भएको देखिन्छ। आ.व. २०७९/८० मा किस्ता भुक्तानी हुनुपर्ने अनुसार किस्ता भुक्तानी भएकाले जोखिम व्यवस्था गरिएको छैन। माथिल्लो तामाकोशी हाइड्रोपावर लि. सँग २०८० आषाढ मसान्त सम्म पुंजिकृत गरिएको व्याज रकम समेत गरी २०८० आषाढ मसान्त सम्म जम्मा रु. ५,५५,१६,३५,७६५ ऋण लगानी देखिएको छ।

समस्याग्रस्त संस्थामा रहेको मुद्दति निक्षेप

समस्याग्रस्त संस्थामा रहेको मुद्दती निक्षेपमा कायम गरिएको साधारण व्याज दर (४ प्रतिशत) कोष अन्तर्गत योजनाहरुको कोष लागत भन्दा पनि कम रहेको छ। साथै समस्याग्रस्त भनिएका कतिपय वित्तीय संस्थाहरु हाल अन्य बैंकहरुमा मर्ज भैसकेका वा सामान्य सञ्चालनमा आईसकेको अवस्थामा यो रकम समस्याग्रस्त राखी न्यून व्याज दरमा रकम लगानी गर्नु कोष अन्तर्गतका योजनाहरुको कोष रकमको उचित उपयोग भएको पाइएन ।

समस्याग्रस्त मुद्दती निक्षेप सम्बन्धमा वर्षको अन्त्यमा लिनुपर्ने देखाइएको मौज्दात कोष तथा योजना अन्तर्गत देखाइएको २०८० आषाढ मसान्त सम्म कुल रु ६१,६१,६७,०२५ मा सम्बन्धित संस्थाले समर्थन गरे नगरेको यकिन गर्न समर्थन पत्र लिएको पाइएन ।

१०.७. संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था नगरेको :

कोषले खुद नाफाको १% संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था गर्नुपर्नेमा सोको व्यवस्था नगरेको पाइयो ।

१०.८. सूचना प्रविधि प्रणाली तथा उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरु

- कोषले प्रयोजनमा ल्याएको NLK Web Based Software ले दिने तथ्यांक तथा विवरणहरु नमूना आधारमा रुजु गर्दा विवरणहरु एक आपसमा मेल खाएको पाईएन । तसर्थ कोषले लेखाको लागि प्रयोग गर्दै आएको सफ्टवेयरबाट प्राप्त हुने प्रतिवेदनहरुले यथार्थ विवरण नै दिन्छन् भन्ने एकिन गर्न सकिदैन ।

- Business Continuity Plan (BCP) र Disaster Recovery Plan (DRP) सँग सम्बन्धित सम्पूर्ण कागजातहरु सुरक्षित साथ कोषको कार्यालय बाहिर राख्नु पर्ने व्यवस्था रहेकोमा कोषले BCP/DRP सम्बन्धित कुनै कागजातहरु तयार नगरेको पाइयो । साथै कोषको हेटौडा स्थित Disaster Recovery Site (DRS) को स्रोत कोषको सम्पूर्ण Data को Backup लिन अपर्याप्त रहेको पाइयो ।
- यस आ.व.मा सूचना प्रविधि प्रणालीको स्वतन्त्र परीक्षण गरिएको पाईएन ।

११. लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु, ती विषयहरू हुन्, जुन हाम्रो व्यावसायिक निर्णयमा, आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थिए । यी मामिलाहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र वित्तीय विवरणमा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको छ, र हामीले यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौँ । हामीले निम्न उल्लेख गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा मुख्य लेखापरीक्षण विषयहरुहरूको रूपमा निर्धारण गरेका छौं:

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रतिक्रिया
लगानीको पहिचान, मापन तथा क्षयीकरण संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट बैंकको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ । लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखा परिक्षणमा प्रमुख बुँदाकोरुपमा लिइएको छ ।	लगानीको पहिचान, मापन तथा क्षयीकरणको सम्बन्धमा हाम्रो लेखा परीक्षणको प्रकृया देहाय बमोजिम रहेको छ : क) लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समीक्षा गरीएको । ख) संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाह को समिक्षा गरीएको । ग) सुचिकृत लगानीको मापन २०८० आषाढ ३१ को बजार मुल्य बमोजिम रहे नरहेको चेक जाँच गरिएको, तथा सुचिकृत नरहेको लगानीको मुल्यांकन परल मुल्यको आधारमा गरिएको । **लेखापरीक्षणको नतिजा:** लगानीको पहिचान, मापन तथा क्षयीकरणमा कोषले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो ।

१२. अन्य जानकारी

अन्य जानकारीको जिम्मेवारी कोषको व्यवस्थापनमा रहन्छ । अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर, वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन भने समावेश हुँदैनन् । लेखापरीक्षकलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्षा रहेको छ । वित्तीय विवरणहरु माथिको हाम्रो रायले अन्य जानकारी समावेश गर्दैन र हामी यस सम्बन्धमा कुनै प्रकारको आश्वस्त निष्कर्ष प्रदान गर्दैनौँ ।

वित्तीय विवरणहरुको लेखापरिक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारीको अध्ययन गर्नु हो र, यसरी अध्ययन गर्दा यस्ता अन्य जानकारीहरु वित्तीय विवरण तथा लेखापरिक्षणको क्रममा प्राप्त हाम्रो ज्ञानसँग

सारभूतरुपमा असंगत वा गलत भएनभएको विचार गर्नु पर्दछ ।हाम्रो कार्यको आधारमा यदि अन्य जानकारी सारभूतरुपमा गलत भएको हाम्रो निष्कर्ष रहेमा सो तथ्यलाई हामीले प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दा सोमा सारभूतरुपमा गलत विवरण भएको भन्ने हाम्रो निष्कर्ष रहेमा सो विषयलाई हामीले शासकीय भूमिका वहन गर्नेहरुलाई सूचित गर्नुपर्दछ ।

१३. वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारीकोषको व्यवस्थापन हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुन बाट बञ्चित छन् भन्ने विश्वश्त हुनको लागी आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागी पनि कोषको व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्था को आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कोषको लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकका कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । शासकीय कार्यभार बहन गर्ने पक्षले कोषको सम्प्रेषण प्रकृया निरीक्षण गर्नुपर्दछ ।

१४. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटी बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमासुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरणलाई वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :

क) वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टचाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

(ख) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

(ग) कोषको व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

(घ) लेखापरिक्षणका क्रममा कोषले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिस्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिस्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण कोष अविछिन्न नरहन पनि सक्दछ ।

(ङ) कोषको व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति,ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

(च) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

(छ) शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८१।३।७ मा पठाइएको छ।**

निक्षेप तथा कर्जा सुरक्षण कोष

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत स्थापित यो कोषमा नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैङ्कको १० प्रतिशत सेयर स्वामित्व रहेको छ। बैङ्क तथा वित्तीय संस्थामा सर्वसाधारण जनताले जम्मा गरेको निक्षेप सो संस्थाले फिर्ता गर्न नसकेमा तोकिएको सीमासम्मको रकम सर्वसाधारणलाई फिर्ता गर्ने, निक्षेप सुरक्षण कार्यक्रम सञ्चालन गर्ने र तोकिएको क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाले लगानी गरेको कर्जा ऋणीबाट असुलउपर हुन नसकेमा बैङ्क तथा वित्तीय संस्थालाई क्षतिपूर्ति प्रदान गर्ने लगायतका कार्य गर्ने कोषको प्रमुख जिम्मेवारी रहेको छ। कोषको १ केन्द्रीय कार्यालय र भरतपुर, विराटनगर, पोखरा, बुटवल, धनगढी, जनकपुर र सुर्खेतमा ७ शाखा कार्यालय रहेका छन्। कोषमा स्थायी ६१ र करार १३ समेत ७४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
अमूर्त सम्पत्ति	३१		३५	
सम्पत्ति, प्लान्ट तथा उपकरण	४१,२२		४२,४०	
स्थगन कर सम्पत्ति (खुद)	४,९१		५,२६	
अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी	२		२	
वित्तीय सम्पत्ति				
लगानी	७५,३९		७२,६३	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	८,३२		८,८६	
कुल गैर चालु सम्पत्ति		**१,३०,१७**		**१,२९,५२**
अन्तिम मौज्दात	६		१३	
अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी	३९		३४	
आयकर सम्पत्ति (खुद)	४३,९४		९,४८	
लगानी	२४,४४,००		२०,८१,२६	
आसामी	२,४२,९५		१,२०,२६	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	२६		०	
नगद तथा बैङ्क मौज्दात	४४,२८		७४,६५	
कुल चालु सम्पत्ति		**२७,७५,८८**		**२२,८६,१२**
कुल सम्पत्ति		**२९,०६,०५**		**२४,१५,६४**
पुँजी तथा दायित्व				
कर्मचारी अवकाश सुविधा दायित्व	६२,१९		६०,१८	
कुल गैर चालु दायित्व		**६२,१९**		**६०,१८**
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	६०,८७		४१,४३	
कुल चालु दायित्व		**६०,८७**		**४१,४३**
पुँजी				
सेयर पुँजी	१०,००,००		१०,००,००	
अन्य पुँजी (सञ्चित मुनाफासमेत)	१७,८२,९९		१३,१४,०३	
कुल पुँजी		**२७,८२,९९**		**२३,१४,०३**
कुल पुँजी तथा दायित्व		**२९,०६,०५**		**२४,१५,६४**

२. **सञ्चालन नतिजा -** कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आम्दानी				
सुरक्षण शुल्कबापत आम्दानी	४,४३,६५		३,९९,९३	
दाबी भुक्तानी तथा सुरक्षण खर्च	(५४,१६)		(३९,८७)	
कुल सञ्चालन आम्दानी		**३,८९,४९**		**३,६०,०६**
ब्याज आम्दानी	२,०७,८८		२,०२,६८	
अन्य आम्दानी	४,३३		२,३४	
कुल ब्याज तथा अन्य आम्दनी		**२,१२,२२**		**२,०५,०३**
कुल आम्दानी		**६,०१,७१**		**५,६५,०९**
प्रशासनिक तथा अन्य खर्च				
कर्मचारी सम्बन्धी खर्च	(८,६५)		(७,६४)	
ह्रास कट्टी तथा परिशोधन खर्च	(१,६२)		(१,६६)	
अन्य सञ्चालन खर्च	(३,६७)		(३,७५)	
कुल प्रशासनिक तथा अन्य खर्च		**(१३,९५)**		**(१३,०६)**
आयकर, बोनस अघिको मुनाफा		**५,८७,७६**		**५,५२,०४**
वित्तीय आम्दानी/(खर्च)	०		(६६)	
कोषमा भएको व्यवस्था फिर्ता	९४		०	
आयकर तथा बोनस अघिको मुनाफा/(नोक्सान)		**५,८८,७०**		**५,५१,३७**
बोनस खर्च		५,८९		५,५१
आयकर अघिको मुनाफा/(नोक्सान)		**५,८२,८१**		**५,४५,८६**
चालु कर खर्च	१,७४,६२		१,६५,६०	
विगत वर्षको कर व्यवस्थाबाट फिर्ता	(५८,०६)		०	
स्थगन कर खर्च/(आम्दानी)	७३		(३८)	
कुल कर खर्च		**१,१७,२९**		**१,६५,२२**
खुद मुनाफा/(नोक्सान)		**४,६५,५२**		**३,८०,६४**

३. **सुरक्षण शुल्क -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २१(१) मा सुरक्षित सदस्य संस्थाले बुझाउनुपर्ने वार्षिक सुरक्षण शुल्क कोषद्वारा तोकिएबमोजिम हुने र दफा १९(३) मा सुरक्षित निक्षेप रकमको मूल्याङ्कन गर्दा निक्षेप खातामा रहेको साँवा र सोमा आर्जित ब्याजसमेत गणना गर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले कतिपय मुद्दती निक्षेपको सुरक्षण शुल्क गणना गर्दा आर्जित ब्याज समावेश गरेको देखिएन। बैङ्कहरूद्वारा पठाएको सुरक्षित निक्षेप र सुरक्षण शुल्कको गणना प्रतिवेदनमा ब्याज रकमलाई समावेश नगरी साँवा रकममा मात्र शुल्क गणना गरेका कारण वास्तविक मुद्दती निक्षेप रकमभन्दा कम रकममा सुरक्षण शुल्कको गणना भएको र कोषको सुरक्षण शुल्क आम्दानीमा कमी आएको पाइयो।

४. **निक्षेप सुरक्षण जोखिम कोष -** यो वर्ष ५५ बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सुरक्षण रु.१४ खर्ब ३० अर्ब ४५ करोड ९६ लाख रहेकोले सुरक्षित निक्षेप औसतमा रु.२६ अर्ब ८३ लाख हुने देखिन्छ। निक्षेप सुरक्षण जोखिम कोषमा रु.९ अर्ब ८२ करोड ९६ लाख रहेकोले कुनै एक 'क' वर्गको बैङ्क विघटन भएमा क्षतिपूर्ति भुक्तानी गर्न रु.१६ अर्ब १७ करोड ८७ लाख अपुग हुने देखिन्छ। कोषले निक्षेप सुरक्षणअन्तर्गत बिमाङ्कीय मूल्याङ्कन गराई सोको आधारमा भविष्यमा आउन सक्ने निक्षेप सुरक्षण दाबी भुक्तानीको लागि पर्याप्त हुने गरी कोषको रकममा वृद्धि गर्नुपर्ने देखिन्छ।

५. **कर्जा सुरक्षा दायित्व -** यो वर्ष कर्जा सुरक्षणको अधिकतम दायित्व रु.२ खर्ब २४ अर्ब ३० करोड ९ लाख रहेको तथा कर्जा सुरक्षण कोषमा रु.७ अर्ब ५२ करोड ८८ लाखको व्यवस्था गरेको छ। कर्जा सुरक्षणको अधिकतम दायित्वको विवरण निम्न बमोजिम रहेको छः

(रु. लाखमा)

कर्जाको किसिम	ऋणी संख्या	२०८० चैत मसान्तको सुरक्षण रकम	अधिकतम दायित्वको भार (प्रतिशत)	सुरक्षण रकमको अधिकतम दायित्व
लघुवित्त तथा विपन्न वर्ग कर्जा	१४१२५३०	२,२९,२७,१९	७५	१,७१,९५,३९
साना तथा मझौला कर्जा	६१९२	१४,२९,५८	८०	११,४३,६७
कृषि कर्जा	१३४०४	१४,१५,५८	८०	११,३२,४७
सहुलियतपूर्ण कर्जा	७४२५५	३८,७२,२६	७५	२९,०४,१९
पशुधन कर्जा	१००६१०००	६०,४१	९०	५४,३७
जम्मा	**११५६७३८१**	**२,९७,०५,०२**		**२,२४,३०,०९**

कर्जा सुरक्षणअन्तर्गत यो वर्षको सुरक्षण अधिकतम दायित्वको आधार तथा गत वर्षको वास्तविक खर्चको आधारमा दायित्वको विमाङ्कीय मूल्याङ्कन गरी कर्जा सुरक्षण दाबी भुक्तानीको दायित्व निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६. **लगानी** - कोषको लगानी विनियमावली, २०७४ बमोजिम लगानी समितिले बैङ्कको मुद्दतीमा लगानी गर्न सक्ने साथै कोष व्यवस्थापनले सरकारी ऋण वा बैङ्कको कल डिपोजिटमा लगानी गर्ने व्यवस्था छ। कोषले ३ बैङ्कमा परिपक्व भएको रु.२ अर्ब ५० करोड मुद्दती निक्षेप पुनः लगानी गर्न ५३ दिन ढिलाई गर्दा रु.७५ लाख ब्याज आम्दानी गुमाएको छ। व्यवस्थापनले समयमा निर्णय गरी लगानीमा सचेत रहनुपर्दछ।

७. **सेयर पुँजी** - निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९(४) अनुसार भुक्तानी वा शोधभर्ना गर्न बाहेक कोषको प्रयोग अन्य कुनै प्रयोजनमा खर्च गर्न नसकिने व्यवस्था छ। कोषको चुक्ता पुँजी नेपाल सरकारको रु.९ अर्ब र नेपाल राष्ट्र बैङ्कको रु.१ अर्बसमेत रु.१० अर्ब रहेकोमा अर्थ मन्त्रालयको २०७४।१२।२९ को निर्देशनबमोजिम २०७४।७५ मा कर्जा सुरक्षण कोषबाट रु.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट रु.२ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी चुक्ता पुँजी रु.२ अर्ब ९३ करोड ४० लाखले वृद्धि भएको छ। यसबाट कोषको सेयर पुँजी उल्लिखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लिखित रकमले घटी भएको छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोष (यस पछि "कोष" भनिएको) को यसै साथ संलग्न २०८१ आषाढ मसान्त (१५ जुलाई २०२४) को वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, कैफियत सहितको रायका आधारहरू अनुच्छेदमा उल्लेख गरिएका विवरणहरूले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणहरूले कोषको २०८१ आषाढ मसान्त (१५ जुलाई २०२४) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा/नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही कोषलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभुत रूपमा यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधार

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको २०७४/१२/२९ को निर्देशन बमोजिम २०७४/७५ मा कर्जा सुरक्षण कोषबाट रू.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट रू.२ अर्ब ५४ करोड ७७ लाख पूँजीकरण गरी चुक्ता पूँजी रू.२ अर्ब ९३ करोड ४० लाखले वृद्धि भएको छ, जुन निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को

दफा ३९(४) को निक्षेप तथा कर्जा सुरक्षण कोषमा रहेको रकम सुरक्षित निक्षेपको दाबी भुक्तानी वा शोधभर्ना गर्न बाहेक कोषको अन्य कुनै प्रयोजनका लागि खर्च गर्न नसकिने प्रावधान अनुसार रहेको छैन । जसका कारण कोषको शेयर पूँजी उल्लेखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लेखित रकम बराबर घटी भएको छ ।

हामीले लेखापरीक्षण ऐन, २०७५ र नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । यी ऐन/नियम र मान अन्तर्गतका हाम्रा दायित्वहरू यस प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरू हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरू

यस अवधिका कोषको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरू नै लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरू हुन । यी विषयहरू वित्तीय विवरणको लेखापरीक्षणका क्रममा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र यी विषयमा छुट्टै राय प्रदान गर्दैनौं । तल वर्णन गरिएका विषयहरूलाई प्रतिवेदनमा उल्लेख गर्ने लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरूका रूपमा निर्धारण गरेका छौं ।

लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरू	**लेखापरीक्षकको प्रतिक्रिया**
१. लगानी पहिचान, मुल्याङ्कन तथा परिशोधन	
कोषको लगानी अन्तर्गत ऋणपत्रमा लगानी र आवधिक वचतमा लगानी रहेको छ । उल्लेखित लगानीको मुल्यांकन गर्दा NAS 39 र NFRS 9 को अनुपालनमा गरिएको छ । ऋणपत्र र आवधिक वचतमा भएको लगानीलाई परिसोधित लागत मुल्यमा उल्लेखित गर्नुपर्दछ । नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मुल्याङ्कन पद्दति, व्यवसायिक प्रणाली, गणनाको जटिलता र त्यस्ता लगानीमा संलग्न रकमको महत्वलाई हाम्रो लेखापरीक्षणको मुख्य विषय मानिएको छ ।	लगानी पहिचान, मुल्याङ्कन र परिशोधन प्रमाणीकरणका सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती देहायबमोजिम रहेको छः • नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कोषको लगानी र यसको मुल्याङ्कन सम्बन्धी बिवरणहरूको जाँच गर्यौं । • उपलब्ध प्रमाणहरूका आधारमा हामीले लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति र व्यवस्थापनले अपनाएको व्यवसायिक प्रणालीको मुल्याङ्कन गर्यौं र सोको आधारमा लगानीको वर्गीकरण भए नभएको बारेमा सुनिश्चित गर्यौं । • परिशोधित लागत अन्तर्गत मुल्याङ्कन गरिएको लगानीको मुल्याङ्कनका लागि हामीले नमुना छनौट गरी प्रभावकारी व्याजदर तथा परिशोधित तालिका बमोजिम लगानीको मुल्याङ्कन परीक्षण गर्यौं ।
२. सुचना प्रविधि (सामान्य नियन्त्रण)	
कोषमा व्यवसाय सञ्चालनका लागि सुचना प्रविधि प्रणालीको विश्वासनीयताले महत्वपूर्ण भूमिका खेल्दछ । कोषको अधिकांश व्यावसायिक कारोबारहरू कोषको सुचना प्रविधि प्रणाली मार्फत भईरहेको तथा कोषको सहज कार्य सम्पादन र वित्तीय विवरणहरूको यथार्थ चित्रणका लागि सुचना प्रविधि पूर्वाधारहरू महत्वपूर्ण हुने गर्दछन् ।	• कोषको सुचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती देहायबमोजिम रहेको छः • कोषद्वारा प्रयोग गरिएको सफ्टवेयरको प्रणाली बारे बुझ्यौं। • कोषमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरूको उत्पादन प्रक्रिया बारे बुझ्यौं ।

कारोवारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरूका उत्पादनहरूको विश्वासनीयता सुचना प्रविधि, सफ्टवेयर र अन्य सम्बद्ध प्रणालीको प्रभावकारीतामा भर पर्दछ । सुचना प्रविधि माथिको नियन्त्रण तथा प्रमाणीकरणमा भएका त्रुटीहरू, गलत तथ्याङ्कको प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन र नियामकहरूलाई गलत प्रतिवेदन पेश हुन सक्ने भएकाले यसलाई प्रमुख लेखापरीक्षण विषयको रूपमा लिएका छौं ।	• कोषको नीति नियममा कुनै परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्यौं। • प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमूना कारोबारको आधारमा विश्लेषण गर्यौं । • कोषद्वारा उपलब्ध गराईएको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा विश्वास गरी लेखापरीक्षण सम्पन्न गर्यौं ।

वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकको अन्य सूचनाहरू

अन्य सूचनाहरूको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । अन्य सूचनाहरूमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक सञ्चालक समिति तथा अध्यक्षको प्रतिवेदन लगायतका प्रतिवेदनहरूमा उल्लेख भएका सूचनाहरू पर्दछन । यस्ता सूचनाहरू लेखापरीक्षण प्रतिवेदन जारी भएपश्चात मात्र प्राप्त हुन्छन् ।

वित्तिय विवरण उपरको रायले अन्य सूचनालाई समावेश गर्दैन तथा यस्ता अन्य सूचनाका सम्बन्धमा हामी कुनै प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौं ।

वित्तिय विवरणको लेखापरीक्षणको सम्बन्धमा माथि उल्लेख गरिएका अन्य सूचनाहरू उपलब्ध हुँदा जानकारी लिनु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य सूचनाहरू वित्तीय विवरण वा लेखापरीक्षणका बखत प्राप्त भएको हाम्रो ज्ञानसँग सारभूत रूपमा असंगत वा सो सूचनाहरू सारभूत रूपमा गलत व्याख्या भएका छन् कि छैन्न भनी विचार गर्नुपर्दछ । व्यवस्थापनले सुधार गर्नुपर्ने थप बेहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरूको जिम्मेवारी

सम्बन्धित ऐन/नियम, नेपाल वित्तीय प्रतिवेदनमान र अभ्यास अनुरूप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रूपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरूको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा कोषको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धी व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले कोष खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धी लेखाको आधार प्रयोग गर्नुपर्दछ । शासकीय भूमिका वहन गर्नेहरूले कोषको वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन् ।

वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिका कारणले गलत आँकडा सहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिव आश्वश्तता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ । मनासिव आश्वश्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूत रूपमा

गलत वर्णन भएको अवस्था सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं । यस क्रममा हामीले

क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरू सारभूत रूपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरू प्राप्त गरेका छौं । जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भूल गर्ने काम, गलत प्रस्तुती वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटिको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिमभन्दा बढि हुन्छ ।

ख) कोषको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।

ग) कोषको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको उपयुक्तता र लेखा अनुमानहरूको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरूको मूल्याङ्कन गरेका छौं ।

घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरूको आधारमा कोष अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ शेयरधनीहरूको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि कोषको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरू लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको तथा वित्तीय विवरणहरूले अन्तर्निहित कारोबार र घटनाहरूलाई यथार्थ तरिकाले प्रतिनिधित्व बारे मूल्याङ्कन गरेका छौं ।

शासकीय भूमिका वहन गर्ने जिम्मेवारी भएकाहरू समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमी कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरू सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरू समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचार संहिताको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरू र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरूको बारेमा पनि सूचित गरेका छौं ।

शासकीय भूमिका वहन गर्ने जिम्मेवारी भएकाहरूसँग संचार गरिएका विषयहरू मध्ये हामीले वर्तमान अवधिका वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण रहेका विषयहरू निर्धारण गछौं र त्यसैले ती लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरू हुन् । सो विषयको सार्वजनिक खुलासालाई कानून वा नियमले रोक्ने भएमा वा अत्यन्त दुर्लभ परिस्थितिहरूमा कुनै

विषयलाई हाम्रो प्रतिवेदनमा सञ्चार गर्दा नकारात्मक परिणामहरूले उचित रूपमा सार्वजनिक हितको लाभभन्दा बढी असर पार्ने अनुमान गर्ने हामीले विश्लेषण गरेमा बाहेक हामी यी विषयहरूको वर्णन हाम्रो लेखापरीक्षण प्रतिवेदनमा गर्दछौं ।

- **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८२।१।३ मा पठाइएको छ।**

नेपाल धितोपत्र बोर्ड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने, लगानीकर्ताहरूको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नेलगायतका कार्यको लागि नेपाल सरकारबाट २०५०।२।२५ मा नेपाल धितोपत्र बोर्डको स्थापना भएको हो।

१. **वित्तीय स्थिति-** बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
स्थिर सम्पत्ति	४,२४,१८		२,८४,०६	
अमूर्त सम्पत्ति	१२,५४		१२,४२	
सम्पत्ति खरिदको अग्रिम भुक्तानी	४२,५६,००		४२,५६,००	
लगानी	२,७२,८५		२,७२,८५	
कर्जा तथा पेस्की	६,६८,०२		५,४८,५१	
धरौटी	५४		५४	
कर्मचारी सुविधाको अग्रिम भुक्तानी	२,०२,५१		२,१०,८०	
स्थगन कर सम्पत्ति	५,८२,५५		५,९८,५७	
कुल गैर चालु सम्पत्ति		**६४,१९,१९**		**६१,८३,७५**
प्राप्त गर्नुपर्ने आम्दानी	१३,५०,१८		११,३८,९६	
अन्य वित्तीय आम्दानी	२,४८,००,००		२,०४,००,००	
अग्रिम भुक्तानी तथा पेस्की	८,४०,२९		४,४७,०४	
नगद र नगद सरह मौज्दात	१६,८९,४२		१७,०७,४५	
कुल चालु सम्पत्ति		**२,८६,७९,८९**		**२,३६,९३,४५**
कुल सम्पत्ति		**३,५०,९९,०८**		**२,९८,७७,२०**
अक्षय कोष	१५०६०००		१३०८०००	
अन्य कोषहरू	१६९८५३३		१४३०६३४	
कुल कोष तथा जगेडा		**३,२०,४५,३३**		**२,७३,८६,३४**
परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	१६,५५,६३		१७,९२,५९	
गैर वर्तमान लिज दायित्व	१,५३,१०		-	
कुल गैर चालु दायित्व		**१८,०८,७३**		**१७,९२,५९**
कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	८७,१४		७३,९७	
चालु लिज दायित्व	८९,७७		४३,८०	
आयकर र अन्य कर दायित्व	१२,७२		२२,२२	
अन्य चालु दायित्व	१०,५५,३९		५,५८,२८	
कुल चालु दायित्व		**१२,४५,०२**		**६,९८,२७**
कुल कोष तथा दायित्व		**३,५०,९९,०८**		**२,९८,७७,२०**

बोर्डको वासलातअनुसार २०८१ आषाढ मसान्तमा अक्षय कोषमा रु.१ अर्ब ५० करोड ६० लाख, अन्य कोष तथा जगेडामा रु.१ अर्ब ६९ करोड ८५ लाख ३३ हजारसमेत कोष तथा जगेडा रु.३ अर्ब २० करोड ४५ लाख ३३ हजार रहेको छ। चालु दायित्व गत वर्ष रु.६ करोड ९८ लाख २७ हजार रहेकोमा यो वर्ष रु.१२ करोड ४५ लाख २ हजार पुगेको छ। बोर्डको गैर चालु सम्पत्ति गत वर्ष रु.६१ करोड ८३ लाख ७५ हजार

रहेकोमा यो वर्ष रु.६४ करोड १९ लाख १९ हजार पुगेको छ। चालु सम्पत्ति गत वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भई यो वर्ष रु.२ अर्ब ८६ करोड ७९ लाख ८९ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
धितोपत्र बजारबाट आम्दानी	६४,७९,८८		६६,७८,९७	
अन्य आम्दानी	२४,९९,००		२१,९६,९३	
कुल आम्दानी		**८९,७८,८८**		**८८,७५,९०**
कर्मचारी खर्च	२३,०१,०५		१९,७३,२५	
अन्य सञ्चालन खर्च	५,७९,६०		७,३६,५९	
ह्रासकट्टी तथा परिशोधन खर्च	१,६८,०१		१,५५,५२	
कुल खर्च		**३०,४८,६६**		**२८,६५,३६**
सञ्चालन बचत		**५९,३०,२२**		**६०,१०,५४**
वित्त लागत		१३,७७		८१९
आयकर अघिको बचत		**५९,१६,४५**		**६०,०२,३५**
चालु आयकर	१७,९५,३१		१६,६८,८९	
स्थगन कर खर्च/(आम्दानी)	(१,२२,४५)		३५,२८	
कुल कर खर्च		**१६,७२,८६**		**१७,०४,१७**
यस वर्षको खुद बचत		**४२,४३,५९**		**४२,९८,१८**

उल्लिखित विवरण अनुसार धितोपत्र बजारबाट हुने आम्दानी गत वर्ष रु.६६ करोड ७८ लाख ९७ हजार रहेकोमा यो वर्ष २.९८ प्रतिशतले न्यून भई रु.६४ करोड ७९ लाख ८८ हजार भएको छ। बोर्डको अन्य आय गत वर्ष रु.२१ करोड ९६ लाख ९३ हजार रहेकोमा यो वर्ष १३.७५ प्रतिशतले वृद्धि भई रु.२४ करोड ९९ लाख पुगेको छ। यस्तै खुद बचत गत वर्ष रु.४२ करोड ९८ लाख १८ हजार रहेकोमा यो वर्ष रु.४२ करोड ४३ लाख ५९ हजार रहेको छ।

३. **पेस्की** - बोर्डले काठमाडौं उपत्यका विकास प्राधिकरणलाई २०७७।११।१२ मा ७ रोपनी जग्गा खरिदको लागि रु.४२ करोड ५६ लाख पेस्की उपलब्ध गराएकोमा जग्गाको स्वामित्व प्राप्त नभएकोले उक्त पेस्की पस्यौंट भएको छैन। सम्बन्धित निकायसँग समन्वय गरी जग्गा प्राप्त गर्नुपर्दछ।

४. **प्रिमियममा धितोपत्र निष्काशन** - धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ (क) मा रहेको प्रिमियममा धितोपत्र निष्काशन गर्ने संगठित संस्था लगातार पछिल्लो ३ वर्षसम्म खुद मुनाफामा सञ्चालनमा रहेको हुनुपर्ने प्रावधान २०८०।५।६ मा संशोधन भई कम्तीमा रु.१ अर्ब चुक्ता पुँजी भई पछिल्लो २ वर्ष मुनाफामा रहेको संगठित संस्थाले पनि प्रिमियमा धितोपत्र निष्काशन गर्न सक्ने व्यवस्था भएको छ। उक्त संशोधन पश्चात् २०७८।२।३ मा दर्ता भएको एक रि-इन्स्योरेन्स कम्पनीले २०८०।८।२८ मा प्रिमियममा धितोपत्र निष्काशन गरेको देखिन्छ। धितोपत्र सम्बन्धी कानुन संशोधन गर्दा लगानीकर्तामा पर्नसक्ने जोखिम विश्लेषण गर्नुपर्दछ।

५. **सेयर बिक्री** - धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ मा विवरण पत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र संस्थापक समूहले सर्वसाधारणका लागि प्राथमिक निष्काशन गरेको सेयर बाँडफाँट भएको मितिले ३ वर्षको अवधि पूरा नभई बिक्री गर्न नपाइने व्यवस्था छ। जलविद्युत कम्पनीहरूले निर्माण चरणमानै सर्वसाधारणका लागि सेयर जारी गर्न सक्ने व्यवस्था भएकोले सेयर निष्काशन गरेको ३ वर्ष सम्म पनि निर्माण सम्पन्न नहुने अवस्था रहन सक्ने र ३ वर्षपछि संस्थापकहरूले सेयर बिक्री गर्न सक्ने देखिन्छ। जसबाट आयोजना निर्माणमा

पर्ने असर एवम् सो बाट सर्वसाधारण लगानीकर्तामा पर्ने जोखिम लगायतका विषयमा सम्बन्धित निकायबिच समन्वय गरी सर्वसाधारण लगानीकर्ताको हित संरक्षण गर्नुपर्दछ।

६. **कोषको परिचालन -** धितोपत्र ऐन, २०६३ को दफा २२ मा बोर्डको आफ्नो छुट्टै कोष हुने र कोषको सञ्चालन तोकिएबमोजिम हुने उल्लेख छ। उक्त कोषमा गत वर्षसम्म रु.१ अर्ब ३० करोड ८० लाख रहेकोमा यो वर्ष रु.१९ करोड ८० लाख वृद्धि भई रु.१ अर्ब ५० करोड ६० लाख पुगेको छ।

७. **कर्मचारी कल्याणकोष -** बोर्डको कर्मचारी सेवा शर्त नियमावली, २०६८ को नियम ७७ मा बोर्डमा कर्मचारी कल्याण कोष हुने र सोको सञ्चालन बोर्डबाट स्वीकृत कार्यविधिबमोजिम हुने उल्लेख छ। उक्त व्यवस्थाबमोजिम बोर्डले २०७१।६।२७ मा नेपाल धितोपत्र बोर्ड कर्मचारी कल्याण कोष कार्यविधि, २०७१ स्वीकृत गरी कार्यविधिको बुँदा नं.४(६) अनुसार बचत रकम मध्येबाट कर्मचारीको व्यक्तिगत खातामा जम्मा हुने गरी २०७९।८० सम्म रु.२९ करोड १ लाख ८३ हजार ट्रान्सफर गरेकोमा हालसम्म रु.२० करोड ४९ लाख ४७ हजार खर्च भई रु.८ करोड ५२ लाख ३६ हजार मौज्दात रहेको छ। बचत रकमबाट कर्मचारीको व्यक्तिगत खाता ट्रान्फर गर्ने कार्य औचित्यपूर्ण छैन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले नेपाल धितोपत्र बोर्डको यसै साथ संलग्न २०८१ असार मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य आय व्ययको विवरण, नगद प्रवाह विवरण, कोष तथा जगेडामा भएको परिवर्तन सम्बन्धी विवरण एवं वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य आय व्ययको अवस्था र नगद प्रवाहको अवस्थाले प्रचलित कानुनका अधिनमा रही लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभुत रुपमा यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित महालेखापरीक्षका कर्मचारीहरूको आचारसंहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters) ति मामलाहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयको आधारमा यस अवधिको वित्तिय विवरणको लेखापरीक्षणमा मुख्य महत्व राख्दछन् । यी मामलाहरु हाम्रो लेखापरीक्षणमा र हाम्रो राय जाहेर गर्नमा समग्ररुपमा लिईएको छ, साथै उक्त प्रमुख विषयहरुका लागि वेग्लै राय व्यक्त गरिएको छैन । लेखापरीक्षणका प्रमुख विषयहरु देहाय वमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणका प्रमुख विषयहरु	हाम्रो लेखापरीक्षणले कसरी लेखापरीक्षणको मुख्य विषयलाई सम्बोधन गर्यौं
आम्दानीको लेखाङ्कन यस बोर्डको आम्दानी अन्तर्गत आम्दानीहरु जस्तैः नविकरण शुल्क, आवेदन शुल्क, दर्ता शुल्क, कारोबार शुल्क र अन्य शुल्क समावेश गरिएको छ। यस वर्षको वित्तिय विवरण अनुसार रु.८९७,८८७,८९४ को आम्दानी लेखाङ्कन गरिएको छ। उक्त	हामीले आय लेखाङ्कन सम्बन्धी Key Control Design and Operating Effectiveness को मुल्याङ्कन गर्यौं । जस्तैः सेवा विवरण अभिलेख, ग्राहकबाट भुक्तानीको प्रमाण र उपलव्ध अन्य कागजात आदि । हामीले धितोपत्र बोर्डले प्रदान गर्ने सेवा साथै प्राप्त गर्ने विभिन्न सेवा आयको बारेमा बुझ्यौं । लेखा

आम्दानी कुन/कुन संगठित संस्थाबाट कुन/कुन शिर्षकमा शुल्क लेखाङ्कन भए/नभएको (Income Reconciliation) नभएको देखिन्छ ।	राखिएको आयको शुद्धता साथै त्यसको पूर्णताको जाँच गर्यौं । अन्य लेखा परीक्षणको प्रक्रियाहरु जस्तैः ऐन, नियमावली तथा अन्य व्यवस्थामा तोकीय अनुसारको शुल्क, रकम तथा लगानी निक्षेपबाट प्राप्त आम्दानीहरुको नमुना परीक्षणको आधारमा जाँच गर्यौं । जस अनुसार बोर्डको धितोपत्र बजारबाट जम्मा आम्दानी रू.६४७,९८७,६९४/- र लगानी निक्षेपबाट रू.२४९,९००,२००/- रहेको पाइयो । • आवश्यक अनुसार शुल्क धितोपत्र व्यवसायीको, बजार सहभागीको वित्तीय विवरणमा देखाइएको आयसँग प्रमाणीकरण गरियो, • उक्त मुख्य कारोवार प्रवाहको लागि आवश्यक Substantive Procedure including test of details अनुसार जाँच गरियो, • Manual Journal Entry हरुको परीक्षण तथा लेजर र धितोपत्र व्यवसायीबाट प्राप्त विवरण सम्बन्धी आवश्यक हिसाव मिलान जाँच गरियो, • व्यवस्थापनद्धारा गरिएको आम्दानी सम्बन्धी समायोजनहरुको जाँच, आवश्यकता तथा सोको स्पष्टिकरण उपर्युक्तता जाँच गरियो, • धितोपत्र बजारमा गत आर्थिक वर्षको मसान्तमा रू. ४ खर्ब ६७ अर्ब १२ करोड रहेको नेप्से शेयर कारोबार वृद्धि गई यस वर्षको अन्त्यमा रू.७ खर्ब ३४ अर्ब ६८ करोड पुगेको साथै धितोपत्र कारोबार दस्तुर आम्दानीमा ४३.९१ प्रतिशतले वृद्धि भएको पाईयो । धितोपत्र तथा कोष इकाई निष्काशन अनुमती र दर्ता दस्तुर आम्दानी, नियमन शुल्क समेतमा कमि आएको कारणले गर्दा धितोपत्र बजार अम्दानीमा ४५.५८ प्रतिशतले घटेको छ । • यस वर्ष थप बैंक निक्षेप लगानी भएको कारणले व्याज आम्दानीमा १४.२१ प्रतिशत ले बृद्धि भएको छ । **निष्कर्ष-** हामीले गरेको नमुना परीक्षणको नतिजा र बोर्डको लेखा प्रणालीबाट प्राप्त जानकारीको आधारमा बोर्डको आय Reconciled नभएता पनि आयको लेखाङ्कन प्रति विश्वस्त रह्यौं ।

अन्य मामिलाहरू

कर्मचारी कल्याण कोष - धितोपत्र सम्बन्धि ऐन, २०६३ को दफा २२ मा बोर्डको आफ्नै छुट्टै कोष हुने र कोषको सञ्चालन तोकिए बमोजिम हुने उल्लेख छ । त्यस्तै दफा ११६ मा बोर्डका कर्मचारीहरुको सेवा शर्त सम्बन्धमा नेपाल सरकारको स्विकृती लिई बोर्डले नियम बनाउन सक्ने उल्लेख छ । नेपाल धितोपत्र बोर्ड सम्बन्धि नियमावलीमा कोष परिचालन / सञ्चालन सम्बन्धि उल्लेख गरेको देखिएन ।

कर्मचारी सेवा शर्त नियमावली, २०६८ को नियम ७७ मा कर्मचारीको हितको निम्ति कर्मचारी कल्याण कोषको व्यवस्था गरिने र उक्त कोष सञ्चालन कार्यविधि सञ्चालक बोर्डबाट स्विकृत भए बमोजिम हुने व्यवस्था छ । बोर्डको २०७१।०६।२७ को निर्णयबाट नेपाल धितोपत्र बोर्ड कर्मचारी कल्याण कोष कार्यविधि, २०७१ स्विकृत गरेको छ। कार्यविधिको बुँदा नं.४(६) अनुसार कर्मचारी कल्याण कोषमा बोर्डको वार्षिक वचत रकम देहाय अनुसार योगदान रहने उल्लेख छ ।

वार्षिक वचत रकम	कर्मचारी कल्याण कोषमा योगदान
एक करोड रुपैयाँसम्म	बचत रकमको २५ प्रतिशत
एक करोड रुपैयाँ भन्दा बढी र दुई करोडसम्म	बचत रकमको बीस प्रतिशत हुने तर न्यूनतम पच्चीस लाख रुपैयाँ

दुई करोड रुपैयाँ भन्दा बढी र तीन करोडसम्म	बचत रकमको पन्ध प्रतिशत हुने तर न्यूनतम चालिस लाख रुपैयाँ
तीन करोड रुपैयाँ भन्दा बढी	बचत रकमको दश प्रतिशत हुने तर न्यूनतम पैतालिस लाख रुपैयाँ

उक्त व्यवस्था अनुसार कोषमा २०६६।०६७ देखि २०७९।०८० सम्म रु.२९,०१,८३,५२१।४३ रकमान्तर गरेकोमा रु. २०,४९,४६,९८९।१७ खर्च भई हाल यस कोषमा रु.८,५२,०६,५३२।२९ रहेको छ ।

- कार्यविधिको बुँदा ४(२) मा कोषको देहाय अवस्थामा सापटी प्रदान गर्ने प्रयोग हुने र बुदा ४(५) मा कर्मचारीहरुले खाइपाइ आएको तलबका आधारमा व्यक्तिगत हिसाबमा राखिने र अवकाश हुँदा सापटी कट्टी गरि बाँकी रकम निजलाई प्रदान गर्ने उल्लेख छ ।

  (क) कर्मचारी वा निजको परिवारको कुनै सदस्यको मृत्यू भएमा,
  (ख) दैविप्रकोप वा प्राकृतिक प्रकोपबाट धनजन नष्ट भएमा,
  (ग) कर्मचारी वा निजको परिवारको कुनै सदस्य कुनै दुर्घटनामा परी औषधि उपचार गर्नु पर्ने भएमा,
  (घ) कर्मचारी स्वयं वा निजको छोराछोरीको विहाबारी वा व्रतबन्ध वा अन्य सामाजिक कार्य गर्नुपर्ने भएमा,
  (ङ) कर्मचारी स्वयं वा निजको छोराछोरीको शिक्षाका लागि आवश्यक भएमा,
  (च) कर्मचारी स्वयं वा निजको परिवारको कुनै सदस्यलाई कुनै रोग लागि उपचार गराउनुपर्ने भएमा ।

- धितोपत्र सम्बन्धि ऐन, २०६३ को दफा २२ मा भएको व्यवस्था अनुसार कोष सञ्चालन सम्बन्धमा नियममा व्यवस्था गरेको पाइएन । त्यस्तै नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका सस्थानको तलब भत्ता बोनस तथा लाभांस सम्बन्धि नीति निर्धारण कार्य क्षेत्र अर्थ मन्त्रालय रहेकोमा मन्त्रालयको स्विकृती लिएको देखिएन ।

- बोर्डको वचत रकममा वृद्धि भएको सन्दर्भलाई समेत विचार गरि कोषको सञ्चालन र कल्याणकारी कोषमा रकम योगदान गर्ने विषयमा कानुनी नितिगत व्यवस्था सहित पुनरावलोकन गर्नुपर्ने देखिएको छ ।

वित्तिय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटिवाट होस, सारभुत किसिमको गलत विवरण रहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यन्वयन र सन्चालन गर्ने, सम्पत्तीहरुको व्यवस्थापन र लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन ।

वित्तीय विवरणहरु तयार गर्दा वोर्डको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुको स्तरियता विचार गर्नुपर्ने वा अविच्छिन्नतासंगै जानकारीहरुको खुलाशा गर्ने दायित्व व्यवस्थापनको रहेको छ । वोर्डको वित्तिय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकिय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण त्रुटि (Fraud) बाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

- वित्तीय विवरणहरुमा उन्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

- लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नितिको सान्दर्भिकता विशेष तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिन्चितता रहेको निष्कर्ष भएमा वित्तीय विबरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, दाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले सस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- शासकीय कार्यभार वहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आधार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्वतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।१।७ मा पठाइएको छ।**

नेपाल धितोपत्र बोर्ड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सम्पत्ति				
स्थिर सम्पत्ति	२,८४,०६		३,९७,०९	
अदृश्य सम्पत्ति	१२,४२		१०,६६	
सम्पत्ति खरिदको अग्रिम भुक्तानी	४२,५६,००		४२,५६,००	
लगानी	२,७२,८५		२,७२,८५	
कर्जा तथा पेस्की	५,४८,५१		३,६५,३७	
धरौटी	५४		१,३२	
कर्मचारी सुविधाको अग्रिम भुक्तानी	२,१०,८०		१,२४,३१	
स्थगन कर सम्पत्ति	५,९८,५७		५,८५,४०	
कुल गैर चालु सम्पत्ति		**६१,८३,७५**		**६०,१३,००**
प्राप्त गर्नुपर्ने आम्दानी	११,३८,९६		१२,३३,५८	
अन्य वित्तीय सम्पत्ति	२,०४,००,००		१,५९,००,००	
अग्रिम भुक्तानी तथा पेस्की	४,४७,०४		४७,७५	
नगद र नगद सरह मौज्दात	१७,०७,४५		२१,८०,३४	
कुल चालु सम्पत्ति		**२,३६,९३,४५**		**१,९३,६१,६७**
कुल सम्पत्ति		**२,९८,७७,२०**		**२,५३,७४,६७**
कोष तथा दायित्व				
अक्षय कोष	१,३०,८०,००		१,११,००,००	
अन्य कोषहरू	१,४३,०६,३४		१,२१,३३,५१	
कोष तथा जगेडा		**२,७३,८६,३४**		**२,३२,३३,५१**
परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	१७,९२,५९		१३,५९,१२	
लिज दायित्व		-		४४,४१
कुल गैर चालु दायित्व		**१७,९२,५९**		**१४,०३,५३**
परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	७३,९७		७५,७७	
चालु लिज दायित्व	४३,८०		९५,५९	
आयकर र अन्य कर दायित्व	२२,२२		२०,२८	
अन्य चालु दायित्व	५,५८,२८		५,४५,९९	
कुल चालु दायित्व		**६,९८,२७**		**७,३७,६३**
कुल कोष तथा दायित्व		**२,९८,७७,२०**		**२,५३,७४,६७**

२. **सञ्चालन नतिजा** - बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
धितोपत्र बजारबाट आम्दानी	६६,७८,९७		८०,९२,१२	
अन्य आम्दानी	२१,९६,९३		१३,१२,१३	
कुल आम्दानी		**८८,७५,९०**		**९४,०४,२५**
कर्मचारी खर्च	१९,७३,२५		२१,८९,६६	

विवरण	२०७९।८०		२०७८।७९	
अन्य सञ्चालन खर्च	७,३६,५९		३,८०,०२	
ह्रास कट्टी खर्च	१,५५,५२		१,४८,४६	
कुल खर्च		**२८,६५,३६**		**२७,१८,१४**
सञ्चालनबाट नाफा/बचत		**६०,१०,५४**		**६६,८६,११**
वित्तीय लागत		८,१९		१७,७१
आयकर अघिको नाफा/बचत		**६०,०२,३५**		**६६,६८,४०**
चालु आयकर	१६,६८,८९		२६,५५,८१	
स्थगन कर खर्च/आम्दानी	३५,२८		(३,०५,५९)	
कुल कर खर्च		**१७,०४,१७**		**२३,५०,२२**
यो वर्षको खुद नाफा/बचत		**४२,९८,१८**		**४३,१८,१८**

यो वर्ष धितोपत्र बजारबाट हुने आय गत वर्ष भन्दा १७.४६ प्रतिशतले न्यून भई रु.६६ करोड ७९ लाख रहेको देखिन्छ। यस्तै अन्य आम्दानी गत वर्षभन्दा गत वर्षभन्दा ६७ प्रतिशतले वृद्धि भई रु.२१ करोड ९७ लाख पुगेको छ। त्यस्तै, कर अघिको नाफा गत वर्ष रु.६६ करोड ६८ लाख रहेकोमा यो वर्ष १० प्रतिशतले ह्रास आई रु.६० करोड २ लाख पुगेको छ। कर अघिको नाफा गत वर्षभन्दा १० प्रतिशतले ह्रास आएको छ।

३. **धितोपत्रको प्रारम्भिक निष्कासन** - धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २५ अनुसार प्रिमियममा धितोपत्र निष्कासन गर्दा प्रिमियम मूल्य निर्धारण गर्ने विधि र औचित्य पुष्टि हुनुपर्ने व्यवस्था रहेकोमा एक उद्योगले प्रति सेयर रु.३३५ प्रिमियम थप गरी प्रति सेयर रु.४३५ का दरले ७९ लाख ४३ हजार ८०१ कित्ता सेयर निष्कासन गरेको देखियो। नेपाल विद्युत प्राधिकरणलाई तिर्नुपर्ने महसुल रु.१ अर्ब २४ करोड १३ लाख र कर दायित्व रु.१ करोड ४८ लाखसमेत रु.१ अर्ब २५ करोड ६१ लाख २०७८।७९ मा कन्टिन्जेन्ट दायित्वतर्फ देखाई खर्च नियोजनबाट उद्योग नाफामा देखाई प्रिमियममा सेयर निष्कासन गर्नु औचित्यपूर्ण देखिएन। त्यस्तै, उद्योगले कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरी उद्योगको तर्फबाट खर्च लेख्नुपर्नेमा कोषमा आबद्ध नगरेको तथा ह्रास खर्चसमेत न्यून लेखी नाफामा वृद्धि गरेको पाइयो। यस सम्बन्धमा नियामक निकायहरूबिच समन्वय गरी नागरिकमा परेको प्रभावको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

४. **लघु बिमा कम्पनी** - धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २५ अनुसार प्रिमियममा धितोपत्र निष्कासन गर्दा प्रिमियम मूल्य निर्धारण गर्ने विधि र औचित्य पुष्टि हुनुपर्ने व्यवस्था रहेकोमा केही लघु बिमा कम्पनीले सर्वसाधारणमा सेयर जारी गर्दा बोर्डले कम्पनीको नेटवर्थ विश्लेषण सो बेगर प्रिमियममा सेयर जारी गर्न स्वीकृति दिएकोले लघु बिमा कम्पनीको सेयर खरिद गर्ने सर्वसाधारणको लगानी जोखिममा पर्ने देखिन्छ। निम्नानुसारका ४ लघु बिमा कम्पनीको खर्च लेखाङ्कन गर्दा एक्च्युरियरले बिमा समर्पण दर गणना नगरेको, वार्षिक ब्याजदर बिमा प्राधिकरणले ६ प्रतिशत कायम गरेकोमा फरक दरले गणना गरेका कारणबाट पर्ने असर सम्बन्धमा बोर्डले छानबिन गरेको देखिएन।

(रु. हजारमा)

कम्पनीको नाम	शेयर संख्या	२०७८।७९ को जारी पुँजी	सञ्चित मुनाफा	रिजर्व नेटवर्थको आधारमा आउने अधिकतम प्रिमियम	स्वीकृत प्रिमियम दर	बढी प्रिमियम दर	बढी प्रिमियम रकम
लाइफ इन्सुरेन्स कम्पनी "क"	११२५०	१७५००००	४७७१९६	२७.२६	१४४	११६.७४	१३१३३२५
लाइफ इन्सुरेन्स कम्पनी "ख"	९६००	१४०००००	४०६९१६	२९.०६	१३७	१०७.९६	१०३६४१६

लाइफ इन्सुरेन्स कम्पनी "ग"	९६००	१४०००००	३९५००१	२८.२१	१३९	११०.९६	१०६३५८४
लाइफ इन्सुरेन्स कम्पनी "घ"	६०००	१४०००००	७७१९८२	५५.१४	११२	५६.८६	३४११६०
जम्मा							**३७,५४,४८५**

नेटवर्थ विश्लेषण बेगर प्रिमियममा सेयर जारी गर्न अनुमति दिनेलाई जिम्मेवार बनाई बोर्डले तोकिएबमोजिम नेटवर्थ विश्लेषण गरेर मात्र अनुमति दिनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले नेपाल धितोपत्र बोर्डको यसै साथ संलग्न २०८० असार मसान्त (तदअनुसार १६ जुलाई २०२३) को वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको २०७९।८० को नाफा नोक्सान तथा अन्य आय व्ययको विवरण, नगद प्रवाह विवरण, कोष तथा जगेडामा भएको परिवर्तन सम्बन्धि विवरण एवं वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुको २०८० आषाढ मसान्त (तदअनुसार १६ जुलाई २०२३) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य आय व्ययको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभुत रुपमा यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

हामीले हाम्रो लेखापरीक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालनका लागि आचारसंहितको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस निकायबाट स्वतन्त्र छौ र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाले जारी गरेको व्यवसायिक लेखापालनका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हाम्रो लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखा परीक्षणहरुमा सबैभन्दा महत्वपूर्ण थियो । यी विषयहरु समग्रमा वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा र यसमा हाम्रो राय बनाउँदा सम्बोधन गरिएको थियो र हामी यी बिषयहरुमा छुट्टै राय प्रदान गर्दैनौं ।

हामीले तल वर्णन गरीएका विषयहरुमा हाम्रो प्रतिवेदनमा सूचित गर्नको लागि लेखापरीक्षणको मुख्य विषयहरु निर्धारण गरेका छौं ।

लेखापरीक्षणको मुख्य विषयबस्तुहरु	हाम्रो लेखापरीक्षणले कसरी लेखापरीक्षणको मुख्य विषयलाई सम्बोधन गर्यौं
आम्दानीको लेखाङ्कन : यस बोर्डको आम्दानी अन्तर्गत आम्दानीहरु जस्तै: नविकरण शुल्क, आवेदन शुल्क, दर्ता शुल्क, कारोबार शुल्क र अन्य शुल्क समावेश गरिएको छ । यस आ.व. २०७९/०८० को वित्तिय विवरण अनुसार रु. ८८,७५,८९,५५३ को आम्दानी लेखाङ्कन गरिएको छ । उक्त आम्दानीमध्ये	हामीले आय लेखाङ्कन सम्बन्धी Key Control Design and Operating Effectiveness को मुल्याङ्कन गर्यौं । जस्तै:सेवा विवरण अभिलेख, ग्राहकबाट भुक्तानीको प्रमाण र उपलब्ध अन्य कागजात आदि । हामीले धितोपत्र बोर्डले प्रदान गर्ने सेवा साथै प्राप्त गर्ने विभिन्न सेवा आयको बारेमा बुझ्यौ । लेखा राखिएको आयको शुद्धता साथै त्यसको पूर्णताको जाँच गर्यौं । अन्य लेखा परीक्षणको प्रक्रियाहरु जस्तै:

कुन/कुन संगठित संस्थाबाट कुन/कुन शिर्षकमा कति कति शुल्क प्राप्त हुनुपर्थ्यो र कति प्राप्त भयो भन्ने सम्बन्धमा एकिन (Income Reconciliation) गरेको छैन ।	ऐन, नियमावली तथा अन्य व्यवस्थामा तोकीय अनुसारको शुल्क, रकम तथा लगानी निक्षेपबाट प्राप्त आम्दानीहरुको नमुना परीक्षणको आधारमा जाँच गर्यौं । जस अनुसार बोर्डको धितोपत्र बजारबाट जम्मा आम्दानी रु ६६,७८,९६,९८० र लगानी निक्षेपबाट रु २१,६३,२१,०९१ रहेको पाइयो । ➢ आवश्यक अनुसार शुल्क धितोपत्र व्यवसायीको, बजार सहभागीको वित्तीय विवरणमा देखाइएको आयसँग प्रमाणीकरण, ➢ उक्त मुख्य कारोवार प्रवाहको लागि आवश्यक Substantive Procedure including test of details अनुसार जाँच गर्यौं, ➢ Manual Journal Entry हरुको परीक्षण तथा लेजर र धितोपत्र व्यवसायीबाट प्राप्त विवरण सम्बन्धी आवश्यक हिसाव मिलान जाँच गर्यौं, ➢ व्यवस्थापनद्धारा गरिएको आम्दानी सम्बन्धी समायोजनहरुको जाँच, आवश्यकता तथा सोको स्पष्टिकरण उपर्युक्तता जाँच गर्यौं, ➢ धितोपत्र बजारमा गत आ.व को मसान्तमा १,२०,२१,०१० (रु. लाखमा) रहेको Nepse Transaction विभिन्न कारणले गर्दा शेयर कारोबार घट्न गई यस आ.व को अषाढ मसान्तमा ४६,७१,२६० (रु. लाखमा) पुगेको साथै धितोपत्रको कारोबारमा कमी आउँदा धितोपत्र कारोबार दस्तुर आम्दानीमा ६१.१४ प्रतिशतले घटेको पाईयो । धितोपत्र तथा कोष इकाई निष्काशन अनुमती र दर्ता दस्तुर आम्दानी, नियमन शुल्क समेतमा कमि आएको कारणले गर्दा धितोपत्र बजार अम्दानीमा ५२.१४ प्रतिशतले घटेको छ । ➢ यस वर्ष थप बैंक निक्षेप लगानी भएको, ब्याजदर बृद्धि आदिको कारणले व्याज आम्दानीमा ७२ प्रतिशत ले बृद्धि भएको छ भने कुल आम्दानीमा कमि हुन गएको छ । **निष्कर्षः** हामीले गरेको नमुना परीक्षणको नतिजा र बोर्डको लेखा प्रणालीबाट प्राप्त जानकारीको आधारमा बोर्डको आय Reconciled नभएता पनि आयको लेखाङ्कन प्रति विश्वस्त रहयौं ।

अन्य विषयहरु :

प्रारम्भिक सार्वजनिक निष्काशनका कैफियतहरु :

घोराही सिमेन्ट उद्योग लिमिटेडः

घोराही सिमेन्ट उद्योग लिमिटेडले २०७९ वैशाखमा रु.१०० मूल्यको शेयरमा ३३५ प्रिमियम थप गरी ४३५ को हिसावले ७९,४३,८०१ कित्ता शेयर सर्वसाधारणमा जारी गरेको छ । शेयर जारी गर्दा २०७८/७९ मा नेटवर्थ २२६।८१ रहेको देखाएको छ । नेटवर्थ भन्दा बढी प्रिमियम वुक गरी शेयर जारी गर्न स्वीकृति दिएको विषय औचित्यपूर्ण छैन । यस सम्बन्धी व्यहोराहरु निम्न छन् :

१. कम्पनीले उठाएको शेयर र सोको प्रिमियमलाई व्यवसाय विस्तार नभई वैकबाट लिएको ऋण चुक्ता गर्ने उल्लेख गरेको छ । बैक ऋण चुक्ता गर्ने व्यवसायिक योजना अनुसार ऋण चुक्ता गर्नुपर्नेमा प्रिमियममा आई.पि.ओ. जारी गरेर ऋण चुक्ता गर्ने विषय औचित्यपूर्ण देखिएन ।

२. उद्योगले नेपाल विद्युत प्राधिकरणलाई तिर्नुपर्ने महसुल रु. १२४।१३ करोड र कर दायित्व रु. १।४८ करोड समेत २०७८/७९ मा रु. १२५।६१ करोड कन्टीन्जेन्ट दायित्व देखाएको छ । त्यस्तै कुल सम्पति रु. २१ अर्व ६५ करोड मध्ये रु. १० अर्व ५४

करोड निर्माणाधिन सम्पतिमा रहेको र सोको व्याज खर्च रु. ७१ करोड ८८ लाख पूजीकरण गरेको छ । निर्माणाधिन सम्पति र कन्टीन्जेन्ट दायित्वलाई वेवास्ता गरेर देखाएको नेटवर्थका आधारमा प्रिमियम निर्धारण गरेको विषय समेत औचित्य पूर्ण छैन ।

३. करदाताले कर्मचारीलाई दिइने सुविधाअन्तर्गत सामाजिक सुरक्षा कोषमा आवद्ध गरी कम्पनीको तर्फबाट खर्च लेख्नुपर्नेमा कामदारलाई कोषमा आवद्ध नगराएकोले लेखांङ्कन गर्नुपर्ने खर्च नलेखी नाफा देखाएको छ । त्यस्तै २०७८/७९ मा सम्पतिको ह्रासखर्च कम कट्टा गरी मूनाफा देखाएको छ । अर्कोतर्फ यो कम्पनीले डाइरेक्टर र शेयर होल्डरबाट यो वर्ष रु.९५,२२,५९,९७७ निरव्याजी सापटी लिएको, उक्त सापटी ३ वर्ष पछि रु. ९५,२२,५९,९७७ नै भुक्तानी गर्ने गरी निर्णय गरेको उल्लेख छ । यसरी लिमिटेड कम्पनीमा निश्चित शेयर होल्डर्सले निरव्याजी सापटी दिएको अवस्था यर्थाथपरक नहुदा सोमा छानविन गरेको छैन ।

४. कम्पनीले ३ वर्ष पछि निरव्याजी लिएको रकमको सावा मात्र भुक्तानी गर्दा कंम्पनीलाई हुने फाइदा रु.२०,८०,९५,७४१ अन्य आयमा देखाई यो कंम्पनी नाफामा गएको देखाएर प्रिमियममा शेयर निस्कासन गर्ने नियोजन गरेको विषय समेत छानविन गर्नु पर्दछ । वास्तवमा unrealized deemed income कंम्पनीको वासलातमा देखाउनु पर्नेमा नाफा नोक्सान हिसावमा नै आय देखाएको अवस्था रहेको छ ।

५. यी माथिका परिस्थितिहरुले यो कम्पनी २०७८/७९ मा नाफामा रहेको अवस्था छैन । नाफामा नहुने अवस्था रहेको कंम्पनीमा न्यून नाफा देखाई अस्वभाविक रुपमा रु.३३५ प्रिमियर थपेर शेयर निस्कासन गर्न दिदा कंम्पनीलाई रु. २,६६,११,७३,३३५/- फाइदा पुग्न गएको छ भने प्रारम्भिक निश्कासनमा शेयर खरिद गर्ने सर्वसाधारणलाई बढी लागत पर्न गएको छ ।

वीमा कम्पनी:

विमा कम्पनीहरुले सर्वसाधरण समूहमा शेयर जारी गर्दा कम्पनीहरुको नेटवर्थ विश्लेषण गरेर मात्र प्रिमियममा शेयर जारी गर्न अनुमति दिनु पर्नेमा सो वेगर नै धितोपत्र वोर्डले अस्वभाविक रुपमा प्रिमियम तोकेर शेयर जारी गर्न दिदा निश्चित लघूविमा कम्पनीलाई फाइदा र शेयर खरिद गर्ने नागरिकलाई नोक्सानी पर्ने गरी धितोपत्र वोर्डले प्रिमियममा शेयर निश्कासन गर्न स्विकृती दिएको देखियो । यसको लेखापरीक्षणबाट गरिएको विश्लेषण निम्नानुसार छ ।

प्रिमियममा प्राथमिक शेयर निस्कासन गरेर रकम संकलन गरेको विवरण निम्नानुसार छ ।

सिं.नं.	कम्पनी	शेयर संख्या	प्रिमियम दर	प्रिमियम रकम (करोडमा)
१.	सिटीजन लाइफ इन्सूरेन्स कम्पनी	१,१२,५०,०००	१४४	१६२।००
२.	आइ यम इ लाइफ इन्सुरेन्स कम्पनी	९६,००,०००	१३७	१३१।५०
३.	सन लाइफ इन्सुरेन्स कम्पनी	९६,००,०००	१३९	१३३।४०
४.	रिलाएवल लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड	६०,००,०००	११२	६७।२०
	जम्मा			**४९४।१०**

माथिको तथ्याङ्क अनुसार प्रति शेयरको प्रिमियम निर्धारण गरेको दर नियोजन गरी वृद्धि गरेको छ । ति कम्पनीको खर्च लेखांकन गर्दा एक्चुरियरले इन्सुरेन्स सर्मपणको हिसाव नगरेको, वार्षिक व्याजदर विमा प्राधिकरणले ६ प्रतिशत दर कायम गरेकोमा फरक दरले हिसाव गरेकोले सो को असर धितोपत्र वोर्डले छानविन गरेको छैन ।

यी जीवन विमा कम्पनीले कर्पोरेट आयकर तिरेको छैनन । कर्पोरेट आयकरको हिसाव कर प्रयोजनका लागि तयार हुने वित्तीय विवरणमा डिफर टयाक्स क्याल्कुलेसन गरेर समावेश गर्ने हो । उक्त डिफर टयाकसको अन्तर संचित नाफा-नोक्सानमा देखाउने होइन । तर करदाताले वित्तीय विवरणको नाफा-नोक्सान हिसावमा डिफर टयाक्स आय देखाई सोही रकमलाई संचित नाफामा थप गरेर कम्पनीको नेटवर्थ बढाएको अवस्थामा समेत छानविन गरेको छैन ।

कम्पनीहरुले देखाएको संचित नाफा (डिफर टेक्स वाहेक) का आधारमा अधिकतम देहाय अनुसार प्रिमियम कायम गरेर शेयर निस्कासन गर्न अनुमति दिनुपर्नेमा कम्पनीलाई देहायअनुसार प्रत्यक्ष फाइदा र सर्वसाधारण नागरिक शेयर होल्डर्सलाई देहाय अनुसार रु. ३ अर्व ७५ करोड ४४ लाख ८५ हजार नोक्सानी हुने गरी स्वीकृति दिएकोमा थप छानविन गरेर आवश्यक कारवाही गर्नुपर्दछ ।

सिं.नं.	कम्पनीको नाम	२०७८/७९ को जारी पुँजी (रु.हजारमा)	संचित मुनाफा	रिर्जव नेटवर्थको आधारमा आउने अधिकतम प्रिमियम	बढी स्वीकृत गरेको प्रिमियम दर	बढी स्वीकृत गरेको प्रिमियम (रु हजारमा)
१.	सिटीजन लाइफ इन्सूरेन्स कम्पनी	१७,५०,०००	४,७७,१९६	२७।२६	११६।७४	१३,१३,३२५
२.	आइ यम इ लाइफ इन्सुरेन्स कम्पनी	१४,००,०००	४,०६,९१६	२९।०६	१०७।९६	१०,३६,४१६
३.	सन लाइफ इन्सुरेन्स कम्पनी	१४,००,०००	३,९५,००१	२८।२१	११०।९६	१०,६३,५८४
४.	रिलाएवल लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड	१४,००,०००	७,७१,९८२	५५।१४	५६।८६	३,४१,१६०
	जम्मा					**३७,५४,४८५**

वित्तीय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बश्चित छन् भने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन व्यवसाय गर्न सक्ने अवस्थाको आकलन गर्नुपर्दछ र श्री सम्वन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै बोर्डलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको या हो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न निकायलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीवरण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरिक्षण उपर लेखापरिक्षकको जिम्मेवारी

हाम्रो उत्तरदायित्व समष्टिगतरुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारबान गलत आँकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षमान अनुसार लेखापरीक्षण गर्दा सारबान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगतकारणले त्यस्ता वित्तीय बिबरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारबान ठहरिन्छ ।

लेखापरीक्षकको जिम्मेवारी सम्वन्धी अन्य कुराहरु :

१. वित्तीय विवरणहरुमा उन्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नितिको सान्दर्भिकता विशेष तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिन्चितता रहेको निष्कर्ष भएमा वित्तीय विबरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, दाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले सस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार वहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आधार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्वतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८१।४।२१ मा पठाइएको छ।**

नेपाल बीमा प्राधिकरण

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपाल बिमा प्राधिकरण नेपालमा बिमा व्यवसायलाई व्यवस्थित, नियमित, निरीक्षण र सुपरिवेक्षण गर्न स्थापित नियामक निकाय हो। बिमा ऐन, २०४९ खारेज भई २०७९।७।२२ मा स्थापित साबिकको बिमा समिति नेपाल बिमा ऐन, २०७९ अनुसार बिमा प्राधिकरणमा परिणत भएको हो। प्राधिकरणको केन्द्रीय कार्यालय र ६ प्रादेशिक कार्यालयमा स्थायी ११३ र अस्थायी/करार ४६ समेत १५९ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

सम्पत्ति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
अमूर्त सम्पत्ति	४७		२९	
सम्पत्ति तथा उपकरण	१,३२,११		१,१६,१९	
लगानी सम्पत्ति	०		०	
स्थगन कर सम्पत्ति	१,१५		२,८२	
लगानी	६,२४,५२		४,९३,८८	
ऋण तथा सापटी	२४,४४		२३,५४	
चालु कर सम्पत्ति (खुद)	०		१४२४	
अन्य सम्पत्ति	३२,२३		३६,४२	
अन्य वित्तीय सम्पत्ति	१,६८,५९		१,६२,१६	
नगद तथा नगद सम्पत्ति	२२,३३		१९,४७	
कुल सम्पत्ति		**१०,०५,८४**		**८,६९,०१**
कोष तथा दायित्व				
सञ्चित कोष	९,९४,९६		८,६२,८९	
कुल सञ्चित कोष		**९,९४,९६**		**८,६२,८९**
दायित्व				
व्यवस्था	४,१२		३,४१	
चालु कर दायित्व (खुद)	३,८५		०	
अन्य वित्तीय दायित्व	१,१२		५०	
अन्य दायित्व	१,८०		२,२१	
कुल दायित्व		**१०,८८**		**६,१२**
कुल सञ्चित कोष एवं दायित्व		**१०,०५,८४**		**८,६९,०१**

२. **सञ्चालन नतिजा -** प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिमा बजारबाट प्राप्त हुने आम्दानी				
सेवा शुल्क	१,६१,१३		१,५७,८०	
दर्ता एवम् नवीकरण शुल्क	५,६०		१०,९४	
दण्ड, जरिबना तथा अतिरिक्त शुल्क आम्दानी	८		१०	
ब्याज आम्दानी	५१,७०		४५,४७	
अन्य आम्दानी	१,४५		१५	
कुल आम्दानी		**२,१९,९६**		**२,१४,४६**
सञ्चालन खर्च				

विवरण	२०८०।८१		२०७९।८०	
कर्मचारी खर्च	१९,६०		१६,१७	
सञ्चालन खर्च	१६,३३		२८,३६	
वित्तीय खर्च	१८		१४	
ह्रास कट्टी तथा परिशोधन खर्च	२,८२		२,२७	
कुल खर्च		**३८,९३**		**४६,९४**
आयकर अघिको खुद बचत		**१,८१,०३**		**१,६७,५१**
आयकर व्यवस्था	४६,८६		४२,४७	
स्थगन कर खर्च/(आम्दानी)	१,७१		(५०)	
कुल कर खर्च		**४८,५७**		**४१,९७**
आयकर पछिको खुद बचत		**१,३२,४६**		**१,२५,५४**

३. **सञ्चित कोष** - बिमा ऐन, २०७९ को दफा २० मा प्राधिकरणको एउटा छुट्टै कोष हुने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, बिमा कम्पनीको स्थापना, पूर्व स्वीकृति, इजाजत प्रदान गरेबापतको रकम, बिमा मध्यस्थकर्ताको इजाजतपत्र प्रदान वा नवीकरण गरेबापतको रकम, बिमा व्यवसायको नियमन शुल्कबापतको रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम रहने व्यवस्था छ। ऐनको सोही दफाको उपदफा (६) मा कोषमा जम्मा भएको रकममध्ये प्राधिकरणको कार्य सञ्चालन, व्यवस्थापन तथा बिमा विकासको लागि वार्षिक रूपमा छुट्याएको रकमको अतिरिक्त ५० प्रतिशतले हुन आउने रकमबाहेक अन्य रकम वार्षिक रूपमा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणको कोषमा २०८१ आषाढ मसान्तमा रु.९ अर्ब ९४ करोड ९६ लाख मौज्दात रहेको छ। प्राधिकरणले ऐनको व्यवस्थाअनुसार तोकिएको कोषलगायतमा रकम छुट्याई बाँकी रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४. **आसामी हिसाब** - प्राधिकरणले प्राप्त गर्नुपर्ने रकम गत वर्षको अन्त्यमा रु.१ अर्ब ६२ करोड १६ लाख रहेकोमा यो वर्ष ३.९६ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६८ करोड ५९ लाख रहेको छ। उक्त रकममा प्राप्त हुन बाँकी सेवा शुल्क रु.१ अर्ब ६१ करोड ६ लाख र प्राप्त हुन बाँकी ब्याज आम्दानी रु.६ करोड ५० लाखसमेत समावेश छ। प्राधिकरणले बिमा कम्पनीहरूको समयमै लेखापरीक्षण गराउने र सेवा शुल्कको रकम यकिन गरी दाखिला गर्न निर्देशन दिनुपर्दछ।

५. **पुँजी पर्याप्तता** - बिमक दर्ता तथा बिमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को निर्देशन नं. ४(क) बमोजिम जीवन बिमा कम्पनीको रु.५ अर्ब र निर्देशन नं. ४(ख) बमोजिम निर्जीवन बिमा व्यवसायको हकमा रु.२ अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। जीवन बिमा कम्पनी ७ र निर्जीवन बिमा कम्पनी ६ समेत १३ कम्पनीले निर्देशिकाले तोकेबमोजिमको न्यूनतम पुँजी कायम गरेका छैनन्। निर्देशिकाको व्यवस्था पालना गर्नुपर्दछ।

६. **व्यतीत तथा समर्पित बिमालेख** - गत वर्ष १४ जीवन बिमा कम्पनीबाट जारी भएका ९६ हजार ९३८ बिमालेखको समर्पण भएकोमा यो वर्ष १७.५८ प्रतिशतले वृद्धि भई १ लाख १३ हजार ९७६ पुगेको छ। समर्पण मूल्य गत वर्ष रु.१३ अर्ब ३४ करोड ३४ लाख रहेकोमा यो वर्ष ८.६८ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ५० करोड १३ लाख रहेको छ। त्यसै गरी गत वर्ष १२ लाख ५ हजार ७४ व्यतीत बिमालेख रहेकोमा यो वर्ष ३.८८ प्रतिशतले कम भई ११ लाख ५८ हजार २९९ भए तापनि यसको रकम भने गत वर्ष रु.३३ अर्ब ९५ करोड १ लाख रहेकोमा यो वर्ष ०.२६ प्रतिशतले वृद्धि भई रु.३४ अर्ब ३ करोड ७१ लाख पुगेको छ। बिमालेखको समर्पण दर वृद्धि हुनुको कारण पहिचान गरी समाधान गर्नेतर्फ प्राधिकरणले ध्यान दिनुपर्दछ।

७. **लघु बिमा** - कम्पनीको सञ्चालक समितिको २०७९।८।७ को निर्णयबाट मापदण्ड पुरा गरेको ३ जीवन र ४ निर्जीवन सहित ७ कम्पनीलाई पूर्व सहमति दिई उक्त कम्पनीहरूले बिमा ऐन, २०७९ को दफा २७ बमोजिमको सर्त पुरा गरेकोले दफा २९ बमोजिम दर्ता गरी इजाजत प्रदान गरेको छ। बिमा कम्पनी धेरै हुँदा समग्र रूपमा बिमा व्यवसायको विस्तार हुने र आमजनतामा बिमाको पहुँच पुग्ने भए तापनि पछिल्लो समयमा समान प्रकारको व्यवसाय गर्ने बिमा कम्पनीहरू एक

आपसमा गाभिएर १४ जीवन तथा १४ निर्जीवन बिमा कम्पनी सञ्चालनमा रहेका छन्। लघु बिमा व्यवसायको स्तर न्यून रहेको र ठूला बिमा कम्पनीहरूसँग प्रतिस्पर्धा गरी व्यवसाय गर्नुपर्ने अवस्थाले लघु बिमाको विस्तार हुन सकेको छैन। साथै, लघु बिमा कम्पनीहरूको दिगोपना, बजारको जोखिम तथा अन्तर्राष्ट्रिय अभ्यासलगायतका आधारमा प्राधिकरणले उपयुक्त व्यवस्था गर्नुपर्दछ।

८. **बिमालेखको पुनर्बिमा -** बिमकको पुनर्बिमा निर्देशिका, २०८० को निर्देशन ७ मा बिमकले स्वदेशी पुनर्बिमकलाई ट्रिटी पुनर्बिमाअन्तर्गत पुनर्बिमा गर्दा तोकिएबमोजिमको दरले प्रत्यक्ष हिस्सा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम यो वर्षको लागि प्रत्यक्ष हिस्साबापत अनिवार्य रूपमा स्वदेशी पुनर्बीमकसँग ८ प्रतिशतको दरले पुनर्बिमा गर्नुपर्ने देखिन्छ। साथै, निर्देशिकाको निर्देशन ८ मा बिमकले ट्रीटी पुनर्बिमाअन्तर्गत प्रत्यक्ष हिस्सा स्वदेशी पुनर्बीमकलाई प्रदान गरेपश्चात् बाँकी रहेको हिस्साको कम्तिमा ३० प्रतिशत पुनर्बिमा बराबर हुने गरी स्वदेशी पुनर्बिमकलाई प्रदान गर्नुपर्ने व्यवस्था छ। एक पुनर्बिमा कम्पनीसँग नवीकरण बिमालेखहरूको पुनर्बिमा गर्दै आएको हिस्सालाई अर्को पुनर्बिमा कम्पनीले माग गरेको र नवीकरण बिमालेखबापतको प्रिमियम भुक्तानी नगरेसम्म नयाँ बिमालेखको पुनर्बिमा नगर्ने जानकारी गराएको छ। यो वर्ष बिमकहरूसँग सो कम्पनीले ट्रीटी सम्झौता गर्न बाँकी रहेको र नयाँ बिमालेखहरू तथा पुराना नवीकरण बिमालेखहरूको पुनर्बिमा भएको देखिएन। पुनर्बिमामा भएको अन्योलले बिमालेखबापतको जोखिम र बिमकहरूको दायित्व वृद्धि हुने अवस्था रहेकोले प्राधिकरणले पुनर्बिमाको सिद्धान्त अनुरूप निर्णय गर्नुपर्दछ।

९. **दाबी भुक्तानी -** बिमा ऐन, २०७९ को दफा ९८(१) मा प्राधिकरणले बिमक, बिमा मध्यस्थकर्ता, अन्य बिमा सेवा प्रदायक वा त्यस्तो बिमक, बिमा मध्यस्थकर्ता वा अन्य बिमा सेवा प्रदायकसँग सम्बन्धित व्यक्ति वा संस्थाको काम कारबाहीको सम्बन्धमा जुनसुकै बखत नियमन, निरीक्षण वा अनुगमन गर्न सक्ने व्यवस्था छ। भेरी बबई हाइड्रोपावर आयोजनाको एक निर्माण व्यवसायीले आई.पी.सी. नं. २ बाट रु.३ करोडमा सम्पन्न गरेको कफर ड्यामलगायत अन्य संरचनामा **२०७७।३।८** मा आएको बाढीबाट क्षति भएपछि राष्ट्रिय बिमा कम्पनीमा बिमा दाबी प्रस्तुत गरेको थियो। राष्ट्रिय बिमा कम्पनी लिमिटेडले एक सर्भेयरलाई सो संरचनाको क्षति मूल्याङ्कन गर्न नियुक्त गरेकोमा सर्भेयरले **अन्तरिम भुक्तानी र रनिङ्ग बिलबापत** रु.८ करोड ८८ लाख ३० हजार क्षतिको मूल्याङ्कन गरेको र बिमालेखको सर्तअनुसार राष्ट्रिय बिमा कम्पनीले **रु.८ करोड ६० लाख भुक्तानी गरेको** देखियो। पुनर्बिमक कम्पनीमा उक्त रकमको दाबी प्रस्तुत गरे तापनि सो रकम प्राप्त भएको देखिएन। भुक्तानीयोग्य रकमभन्दा बढी भुक्तानीको लागि बिमक र सर्भेयर उपर प्राधिकरणले छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ।

१०. **बिमालेख -** जीवन बिमा कम्पनीले बिमितलाई भुक्तानी गर्न बाँकी दाबी सम्बन्धमा प्राप्त तथ्याङ्कअनुसार लामो समयदेखि जीवन बिमा कम्पनीबाट पूर्ण परिपक्व दाबी, चुक्ता दाबी, समर्पण दाबी तथा मृत्यु दाबीअन्तर्गत १ वर्षभन्दा बढी समयदेखि भुक्तानी हुन रु.१ अर्ब १९ करोड ९४ लाख १३ हजार रहेको छ। बिमालेख परिपक्व भइसकेको भुक्तानी हुन बाँकी रु.३७ करोड ३७ लाख ९ हजार जीवन बिमा कम्पनीले नै प्रयोग गर्दै आइरहेको देखिन्छ। प्राधिकरणले भुक्तानी नहुनुको कारण बारे बिमकहरूसँग जानकारी लिने नगरेको साथै बिमा दाबी भुक्तानीमा ढिलाइ हुनुको कारण बिमित मात्र नभई बिमक जिम्मेवार हुने हुँदा सो सम्बन्धमा प्राधिकरणले अनुगमन गरी आवश्यक निर्देशन दिनुपर्दछ।

११. **क्रस होल्डिङ्ग -** बिमा ऐन, २०७९ को दफा २५(३) मा एकाघरको परिवारले बिमा कम्पनीको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी हुने गरी सेयर लगानी गर्न नसक्ने र दफा २५(५) अनुसार कुनै एक व्यक्ति, संस्था तथा सम्बद्ध व्यक्तिले कुनै दुई वा दुईभन्दा धेरै बिमा कम्पनीमा एक प्रतिशतभन्दा धेरै हुने गरी लगानी गर्न नपाउने व्यवस्था छ। एक बिमा कम्पनीले अर्को बिमा कम्पनीमा लगानी गर्दा स्वार्थ बाझिने हुँदा ऐनको उक्त व्यवस्थाबमोजिम बिमा प्राधिकरणले बिमकको सेयर लगानीमा क्रस होल्डिङ्ग सम्बन्धी निरन्तर रूपमा अनुगमन गरी तोकिएको सीमाभन्दा बढी लगानी गरेको संस्थापक वा संस्थापक समूहको सेयर सीमाभित्र कायम गर्न आवश्यक निर्देशन दिनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले नेपाल बीमा प्राधिकरणको यसै साथ संलग्न २०८१ असार मसान्त (१५ जुलाई २०२४) को वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं । हाम्रो रायमा प्राधिकरणको वित्तीय विवरणले २०८१ असार मसान्त (१५ जुलाई २०२४) को वित्तीय स्थिति तथा उक्त अवधिको नाफा-नोक्सान विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

लेखापरीक्षकको रायको आधार

हामीले लेखापरीक्षण ऐन, २०७५ र नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती ऐन र मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । प्राधिकरणको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले सोही उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरिक्षणका मुख्यमामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन् । सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं । लेखापरीक्षण सम्बन्धी मुख्य व्यहोराहरू यस प्रकार रहेका छन्:

क्र.सं.	मुख्य लेखापरीक्षणका विषयहरु	लेखापरीक्षकले अवलम्बन गरेका प्रकृयाहरु
१.	सेवा शुल्क आम्दानी	अवलम्बन गरेका प्रकृयाहरु: • नेपाल बीमा प्राधिकरणको सेवा शुल्क आम्दानी बीमकहरुको अपरिष्कृत वित्तीय विवरणहरुको आधारमा प्रोदभावी आधारमा लेखाङ्कन गरे नगरेको परीक्षण गरेका छौं। • हामिले नेपाल बीमा प्राधिकरणमा पेश गरिएका जीवन तथा निर्जीवन बीमकहरुको अपरिष्कृत वित्तीय विवरणहरुमा देखिएको कुल बीमा प्रिमियम आम्दानीको ०.७५ प्रतिशत र लघु बीमकहरुको अपरिष्कृत वित्तीय विवरणहरुमा देखिएको कुल बीमा प्रिमियम आम्दानीको ०.५ प्रतिशत सेवा शुल्क आम्दानीको रुपमा लेखाङ्कन भए नभएको परीक्षण गरेका छौं । • बीमकहरुको लेखापरीक्षण पश्चात् कुल बीमा प्रिमियम आम्दानीमा फेर बदल भएमा बाँकी रकममा सेवा शुल्क आम्दानी समायोजन भए नभएको पनि व्यवस्थापनसँग छलफल र चेक जाँच गरेका छौं।
२.	मुद्दती निक्षेप लगानी तथा ब्याज आम्दानी	अवलम्बन गरेका प्रकृयाहरु: • नेपाल बीमा प्राधिकरणले मुद्दती निक्षेपमा गरेको लगानी मुद्दती निक्षेप रसिद र लगानी उप-समितिको निर्णयको आधारमा चेक जाँच गरेका छौं ।

		• मुद्दती निक्षेपमा भएको ब्याज आम्दानी विभिन्न बैंकहरुले प्रदान गरेको आम्दानी पुष्टि गर्ने कागजातहरुको आधारमा परीक्षण गरेका छौं । • ब्याज आम्दानी प्रोदभावी आधारमा लेखाङ्कन भए नभएको र गणना गर्ने आधारको चेक जाँच गरेका छौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

सम्बन्धित ऐन/नियम र नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्राधिकरणको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले प्राधिकरणको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै प्राधिकरणलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। प्राधिकरणको व्यवस्थापनको लागि उत्तरदायी पक्षले प्राधिकरणको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्श निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्श भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्श लेखापरीक्षण

प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस प्राधिकरणमा २०८२।१।३ मा पठाइएको छ।**

नेपाल राष्ट्र बैङ्क

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपालको केन्द्रीय बैङ्कको रूपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ सालमा नेपाल राष्ट्र बैङ्कको स्थापना भएको हो। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९२(१) बमोजिम बैङ्कको लेखापरीक्षण गरिएको छ। हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कले नोट तथा सिक्का निष्कासन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय काठमाडौं र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरालगायत ८ प्रादेशिक कार्यालयमा १ हजार १३७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१,३१,६५,८४		१,६८,९७,७०	
आईएमएफ सम्बन्धित सम्पत्ति	२३,९९,१८		२५,८५,७९	
विदेशी बैङ्कमा सावधिक निक्षेप	५,९८,५०,८५		५,२२,४६,२०	
विदेशी सेक्युरिटीमा लगानी	११,२७,७४,१९		६,६०,३४,९५	
कुल वित्तीय विदेशी मुद्रा सम्पत्ति	**१८,८१,९०,०६**		**१३,७७,६४,६४**	
गैर वित्तीय विदेशी मुद्रा सम्पत्ति				
सुन प्रमाणपत्रमा लगानी	८३,३२,२४		६६,३४,३२	
कुल विदेशी मुद्रा सम्पत्ति		**१९,६५,२२,३०**		**१४,४३,९८,९६**
स्थानीय मुद्रा वित्तीय सम्पत्ति				
बैङ्क मौज्दात	६२		७२	
सरकारी सेक्युरिटीमा लगानी	२३,०४,७२		७७,२८,६४	
बण्ड तथा सावधिक निक्षेपमा लगानी	७,३८,११		६,४७,४२	
पेस्की तथा सरकारबाट प्राप्त हुने प्राप्ति	१,९४,६७		१,६०,६०	
बैङ्क तथा वित्तीय संस्थालाई ऋण तथा पेस्की	११,८४		१,६६,८०	
अन्य ऋण तथा पेस्की	९,३९,९७		७,९२,५८	
इक्विटी लगानी	४,३०,२८		५,५१,१५	
अन्य प्राप्ति	१७		३,४२	
कुल स्थानीय मुद्रा (वित्तीय सम्पत्ति)	**४६,२०,३८**		**१,००,५१,३३**	
स्थानीय मुद्रा (गैर वित्तीय सम्पत्ति)				
सुन तथा चाँदी सम्पत्ति	४४,००,३५		३४,०२,६१	
जिन्सी मौज्दात	१,४४,९८		१,५८,७१	
सम्पत्ति, जायजेथा र उपकरण	६,४३,८०		५,६२,४४	
अमूर्त सम्पत्ति	४,३३		४,७२	
अन्य सम्पत्ति	३,६६,३०		२,३३,७९	
कुल स्थानीय मुद्रा गैर वित्तीय सम्पत्ति	**५५,५९,७६**		**४३,६२,२७**	
कुल स्थानीय मुद्रा सम्पत्ति		**१,०१,८०,१४**		**१,४४,१३,६०**
कुल सम्पत्ति		**२०,६७,०२,४४**		**१५,८८,१२,५६**
दायित्व				
विदेशी मुद्रा वित्तीय दायित्व				
बैङ्क तथा वित्तीय संस्थाको निक्षेप	१२,८६,८९		६,३३,००	
आईएमएफ सम्बन्धित दायित्व	३८,९५,३४		३९,१३,३४	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
कुल विदेशी मुद्रा वित्तीय दायित्व	**५१,८२,२३**		**४५,४६,३४**	
स्थानीय मुद्रा वित्तीय दायित्व				
भुक्तानी गर्नुपर्ने बिल	११,१७		११,५२	
बैङ्क तथा वित्तीय संस्थाको निक्षेप	२,९०,७१,८३		२,८०,७७,५५	
सरकारको निक्षेप	६३,९५,३४		४५,०८,९५	
अन्य संस्थाको निक्षेप	२०,०६,३२		१७,९५,१८	
चलन चल्तीमा रहेको मुद्रा	६,८०,०४,८८		६,२५,७८,७९	
बैङ्क तथा वित्तीय संस्थालाई दिन बाँकी रकम	३,५५,४५,००		६०,००,००	
आईएमएफ सम्बन्धित दायित्व	११,८५,९०		११,८८,२९	
सरकारलाई तिर्नुपर्ने बचत रकम	३७,२२,३८		२५,००,००	
अन्य दायित्व	१,५९,२६		१,३९,८७	
कुल स्थानीय मुद्रा वित्तीय दायित्व	**१४,६१,०२,०८**		**१०,६८,००,१५**	
पेन्सन तथा अन्य रोजगारी सम्बन्धी दायित्व रकम	५,३६,३२		४,७०,९६	
कुल स्थानीय मुद्रा दायित्व	**१४,६६,३८,४०**		**१०,७२,७१,११**	
कुल दायित्व		**१५,१८,२०,६३**		**११,१८,१७,४५**
इक्विटी				
पुँजी	५,००,००		५,००,००	
सञ्चित कोष	५,४३,८१,८१		४,६४,९५,११	
कुल इक्विटी		**५,४८,८१,८१**		**४,६९,९५,११**
कुल दायित्व र इक्विटी		**२०,६७,०२,४४**		**१५,८८,१२,५६**

२. **सञ्चालन नतिजा -** बैङ्कको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
विदेशी मुद्रा आय र व्यय				
विदेशी मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी	७९,७८,५२		४८,३६,६०	
विदेशी मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च	(१,६१,९०)		(१,१४,२२)	
खुद विदेशी मुद्रा आय		**७८,१६,६२**		**४७,२२,३८**
स्थानीय मुद्रा आय र व्यय				
स्थानीय मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी	३,३३,६३		१५,४३,०७	
स्थानीय मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च	(२,१८,६०)		(८,२०)	
खुद स्थानीय मुद्रा आय		**१,१५,०३**		**१५,३४,८७**
कुल ब्याज आम्दानी		**७९,३१,६५**		**६२,५७,२५**
शुल्क र कमिशन आम्दानी	१२,०७		१२,६४	
सुनबाट प्राप्त आम्दानी	४२,२३		५८,९३	
विदेशी मुद्रा सटही कारोबारबाट भएको नाफा/(नोक्सान)	(२५,७३)		२,४३,२६	
अन्य आय	९२,०७		१,४१,६८	
शुल्क र कमिशन खर्च	(९,२४)		(७,८५)	
कुल अन्य आय		**१,११,४०**		**४,४८,६६**
सम्भावित कर्जा (नोक्सान)/ वित्तीय सम्पत्तिमा नाफा		(१८,५८)		(१३,२०)
खुद सञ्चालन आय		**८०,२४,४७**		**६६,९२,७१**
सञ्चालन खर्च				
कर्मचारी खर्च	३,८७,३०		३,९२,२५	
नोट मुद्रण खर्च	४१,०९		६८,९४	
प्रशासनिक खर्च	१,८१,५८		१,४७,७३	
मूल्य ह्रास, परिशोधन र क्षयीकरण खर्च	३८,२७		३५,५५	
कुल सञ्चालन खर्च		**६,४८,२४**		**६,४४,४७**

विवरण	२०८०।८१		२०७९।८०	
पुनःमूल्याङ्कन अघिको नाफा/(नोक्सान)		**७३,७६,२३**		**६०,४८,२४**
सुन र चाँदीको पुनःमूल्याङ्कन नाफा/(नोक्सान)		२६,५९,६०		१७,११,२३
खुद विदेशी मुद्रा सटही पुनःमूल्याङ्कन नाफा/(नोक्सान)		१४,९९,५४		१०,००,९०
खुद नाफा/(नोक्सान)		**१,१५,३५,३७**		**८७,६०,३७**

बैंङ्कमा गत वर्ष रु.६० अर्ब ४८ करोड २४ लाख वितरणयोग्य आम्दानी रहेकोमा यो वर्ष २२ प्रतिशतले वृद्धि भई रु.७३ खर्ब ७६ करोड २३ लाख पुगेको देखिन्छ। उक्त रकममा रु.२ अर्ब ८ करोड ८७ लाख खुला बजार सञ्चालन स्थिरीकरण कोषबाट स्थानान्तरण भई रु.७५ अर्ब ८५ करोड १० लाख वितरणयोग्य आम्दानी रहेको छ।

३. **बैङ्क सुपरिवेक्षण -** नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम १७(२) मा सुपरिवेक्षण कार्यको लागि बैङ्क तथा वित्तीय संस्थाको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकको संख्या निर्धारण गर्नुपर्ने व्यवस्था रहेतापनि बैङ्क तथा वित्तीय संस्थाहरूको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकहरूको संख्या र जनशक्ति परिचालन गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण गरी तयार गरेको प्रतिवेदनमा वाणिज्य बैङ्कहरूमा जोखिम व्यवस्थापन पर्याप्त नरहेको, संस्थागत सुशासन कमजोर रहेको, कर्जा नोक्सानीको व्यवस्था पर्याप्त नदेखिएको, प्रिमियम दर वृद्धि गरी ब्याज असुल गरेको, कर्जाहरूको जोखिम भारित सम्पत्तिलाई कम देखाइ पुँजीकोष पर्याप्तताको यथार्थ विवरण पेश नगरेको, मौज्दात निरीक्षण र आसामीको प्रमाणीकरण कमजोर रहेको बेहोरासमेत उल्लेख छ। सुपरिवेक्षण सम्बन्धी बेहोरा निम्नानुसार छन्।

३.१. नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम ६ को ४(ग) मा प्रतिवेदन कार्यान्वयन इकाईले बैङ्क तथा वित्तीय संस्थाहरूको वित्तीय व्यवस्थापकीय पुँजी, विगतमा दिएका निर्देशन तथा सोको पालनाको अवस्थालगायत १२ विषयको जानकारीको कम्तीमा विगत ५ वर्षको अद्यावधिक विवरण तथा अभिलेख सुरक्षित राख्नुपर्ने व्यवस्था छ। विनियमावलीअनुसार सुपरिवेक्षण योजनामा बैङ्कहरूको व्यवसायको आकार र प्रकृतिलाई आधार नबनाएको, प्रश्नावलीहरू जाँच र प्रमाण कागजात फाइलमा संलग्न नगरेको र बैङ्क सुपरिवेक्षण कार्यका लागि सुपरिवेक्षण सूचना प्रणाली सफ्टवेयर शुरु गरे तापनि म्यानुअल पद्धति नै कार्यान्वयनमा रहेको देखियो। निरीक्षण तथा उपरिवेक्षण अवलोकनबाट देखिएका पक्षहरूको उचित विश्लेषण गर्न, सुपरिवेक्षणमा देखिएका बेहोराको कार्यान्वयन अवस्थाको अभिलेख प्रणाली व्यवस्थित गर्नुपर्दछ।

३.२. बैङ्कहरूको सुपरिवेक्षण गर्दा बासेल कोर प्रिन्सिपलको सिद्धान्त २४ अनुसार बैङ्कका सहायक र सम्बद्ध कम्पनीहरूमा निहित जोखिमहरूको मूल्याङ्कन गरेको देखिएन। समूहव्यापी जोखिमहरूको पहिचान र व्यवस्थापन गरी वित्तीय प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ।

३.३. साइबर सुरक्षा अभिवृद्धि गर्न र साइबर अपराध रोक्नका लागि बैङ्कहरूले नयाँ प्रणाली लागु गरेको १ वर्षभित्र र त्यसपछिका प्रत्येक २ वर्षमा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको स्थलगत निरीक्षण गर्दा बैङ्कहरूले गरेको सूचना प्रविधि प्रणालीको लेखापरीक्षणको विश्लेषण गरेको देखिएन।

३.४. नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशन बुँदा २०८० को नम्बर २१(३७) अनुसार वाणिज्य बैङ्कहरूले प्रत्येक वर्ष क्रेडिट रेटिङ एजेन्सीबाट अनिवार्य रूपमा क्रेडिट रेटिङ गराउनुपर्ने उल्लेख भएकोमा बैङ्कहरूले गरेको

क्रेडिट रेटिङको नतिजा सुपरिवेक्षण गर्दा उल्लेख गरेको बेहोराको कार्यान्वयन र प्रभावकारिताको सम्बन्धमा प्रतिवेदनमा विश्लेषण गरेको देखिएन।

३.५. नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशन नम्बर २०८० को ३४ मा बैङ्क तथा वित्तीय संस्थाहरूले रु.५० करोड वा सोभन्दा बढी ऋण लिने ऋणीको क्रेडिट रेटिङ अनिवार्य रूपमा प्राप्त गर्नुपर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले ऋण स्वीकृत गर्ने सीमा र ब्याजदर निर्धारण गर्दा ऋणीको क्रेडिट रेटिङलाई आधार बनाएको देखिएन। ऋण दिने निर्णय मुख्य रूपमा धितोको आधारमा गरेको भए तापनि फरक फरक क्रेडिट रेटिङ भएका ऋणीलाई समान व्यवहार गरेको देखियो। बैङ्कहरूले जोखिममा पर्ने सम्भावना घटाउन क्रेडिट रेटिङलाई आधार मान्दै ऋण स्वीकृत गर्ने सीमा र ब्याज दर निर्धारण गर्ने व्यवस्था गर्नुपर्दछ।

३.६. नेपाल राष्ट्र बैङ्कबाट "क", "ख" र "ग" वर्गका इजाजत प्राप्त संस्थालाई जारी गरेको एकीकृत निर्देशन विपरीत अधिक दरमा लिएको प्रिमियम ब्याजको रकम फिर्ता गर्न सुपरिवेक्षण विभागले २०७९।६।११ मा "क" वर्गका वाणिज्य बैङ्कहरूलाई निर्देशन दिएकोमा एक बैङ्कले रु.१ करोड ७६ लाख फिर्ता गरेको छैन।

३.७. प्रकाशित ब्याजदरमा दुई प्रतिशत प्रिमियम ब्याज थप गर्नुपर्नेमा एक बैङ्कले ३.१० प्रतिशतसम्म प्रिमियम ब्याज थप गरी १८ फर्मबाट सो सीमाभन्दा बढी दरमा ब्याज असुल गरेको पाइयो। यस्तो रकम यकिन गरी फिर्ता गर्नुपर्दछ।

३.८. एक बैङ्कको २०७९।८० को स्थलगत सुपरिवेक्षणका क्रममा उक्त बैङ्कलाई रु.१ अर्ब २९ करोड ५२ लाखको कर्जा नोक्सानीमा थप व्यवस्था गर्न निर्देशन दिएकोमा उक्त निर्देशनको कार्यान्वयन नगरेको अवस्थामा वित्तीय विवरण प्रकाशनको स्वीकृति दिँदा रु.२६ करोड ७४ लाख नोक्सानी देखिनुपर्नेमा बैङ्कको नाफा रु.१ अर्ब २ करोड ७८ लाख कायम भई नाफा सहितको वित्तीय विवरण साधारण सभाबाट पारित भएको छ।

३.९. नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम २६ अनुसार नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाका सबै प्रकारका स्थलगत निरीक्षण कार्य सम्पन्न गरी जारी गरेका प्रारम्भिक सुपरिवेक्षण प्रतिवेदनमा देखिएका कैफियतहरूमा सुधार भएको पुष्ट्याइँ नगरी अन्तिम प्रतिवेदनबाट हटाएकोले दुई वाणिज्य बैङ्कमा रु.१२ अर्ब १२ करोड ८५ लाख थप कर्जा नोक्सानी व्यवस्था छुट भएको छ । यस्तो अवस्था उत्पन्न हुन नदिन जिम्मेवार पक्ष पहिचान गरी आवश्यक कारबाही गर्नुपर्दछ।

३.१०. यो वर्ष एक बैङ्कलाई रु.३ अर्ब ८२ करोड र अर्को बैङ्कलाई रु.२ अर्ब ३३ करोडसमेत रु.६ अर्ब १५ करोड प्रोभिजन गर्नुपर्ने बेहोरासहितको अन्तिम प्रतिवेदन जारी भएकोमा सोको कार्यान्वयनको अद्यावधिक अभिलेख नराखेकोले बैङ्कहरूले प्रोभिजन गरे नगरेको यकिन गर्न सकिएन।

३.११. बैङ्कहरूले तोकिएको निर्देशित कर्जा सीमामध्येको अधिकांश लगानी (९८.२७ प्रतिशतसम्म) अप्रत्यक्ष (थोक) कर्जामा गरिएको पाइयो। बैङ्कबाट प्राप्त विवरणअनुसार २०८० चैत्र महिनामा प्रत्यक्ष कर्जामा न्यूनतम लगानी गर्ने प्रमुख ५ वाणिज्य बैङ्क निम्नानुसार छन्:

बैङ्कको नाम	कुल कर्जामध्ये विपन्न वर्ग कर्जा प्रवाह प्रतिशत		
	जम्मा	प्रत्यक्ष	अप्रत्यक्ष
स्ट्याण्डर्ड चार्टर्ड बैङ्क लिमिटेड	५.२१	०.०९	५.१२
हिमालयन बैङ्क लिमिटेड	५.०२	०.८२	४.२०
एभरेष्ट बैङ्क लिमिटेड	५.२०	०.८५	४.३५
नेपाल एसबीआई बैङ्क लिमिटेड	५.८९	०.९०	४.९९
कुमारी बैङ्क लिमिटेड	५.२२	१.१२	४.१०

उल्लिखित तालिकाअनुसार प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरिने कर्जा प्रवाहको सीमा नेपाल राष्ट्र बैङ्कले नतोकेकाले बैङ्कहरूले कुल ५ प्रतिशतमध्ये अधिकांश भाग अप्रत्यक्ष (थोक) कर्जामा लगानी गरेको पाइयो। सो कर्जाको लाभ लक्षित वर्गले प्राप्त गरेको सम्बन्धमा आवधिक अनुगमन नगरेकोले थोक कर्जा प्राप्त गर्ने संस्थाबाट प्रत्येक ६/६ महिनामा कर्जाको प्रयोग विपन्न वर्गमा भएको अनुगमन गर्नुपर्दछ।

३.१२. नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनअनुसार विपन्न वर्गमा कर्जा प्रवाह गर्ने शर्तमा "घ" वर्गको इजाजत प्राप्त संस्थालाई संस्थागत क्षमता र संस्थागत जमानीमा प्रवाह गरेको आवधिक प्रकृतिको थोक कर्जालाई मात्र विपन्न क्षेत्रको कर्जामा मान्य गर्ने व्यवस्था भएकोमा एक बैङ्कले रु.१ अर्ब १३ करोड ५४ लाख चालु कर्जालाई विपन्न वर्गको कर्जामा समावेश गरेकोले उक्त बैङ्कले निर्देशनको पालना गरेको देखिएन।

३.१३. नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनअनुसार सहकारी संस्थालाई अप्रत्यक्ष कर्जा प्रवाह गरेको रकम विपन्न कर्जामा राख्न नपाइने व्यवस्था भएकोमा एक बैङ्कले उक्त निर्देशन विपरीत एक सहकारी संस्थालाई प्रदान गरेको रु.८ करोड २ लाखलाई विपन्न वर्गको कर्जामा समावेश गरेको देखियो। बैङ्क तथा वित्तीय संस्थाले कुल ५ प्रतिशतको प्रत्यक्ष र अप्रत्यक्ष कर्जा प्रवाहको सीमा स्पष्ट रूपमा निर्धारण गर्नुपर्दछ ।

३.१४. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १०० मा ऐन वा ऐनअन्तर्गत बनेको नियम वा सोअन्तर्गत बैङ्कले जारी गरेको आदेश वा निर्देशन बैङ्क तथा वित्तीय संस्थाहरूले उल्लङ्घन गरेमा बैङ्क तथा वित्तीय संस्थालाई सचेत वा लिखित चेतावनी, समितिलाई कबुलियतनामा, लाभांश वितरणमा प्रतिबन्ध, निक्षेप र कर्जामा प्रतिबन्ध, कारोबारमा प्रतिबन्ध, इजाजतपत्र रद्द गर्ने जस्ता एक वा एकभन्दा बढी सजाय र सञ्चालक, पदाधिकारी एवम् कर्मचारीलाई सचेत वा नसिहत, निलम्बन, ५ लाख रूपैयाँसम्म जरिबाना, तलब भत्तालगायतका सुविधा निलम्बन वा अन्तर्गत र सेवाबाट हटाउन आदेश दिनेसम्मको व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षण प्रतिवेदनमा बैङ्क तथा वित्तीय संस्थाहरूले गरेका कैफियत उल्लेख भएतापनि कैफियतका आधारमा कारबाही गर्ने र सोको अभिलेख राख्ने कार्य भएको देखिएन। बैङ्कद्वारा जारी एकीकृत निर्देशन विपरीत प्रत्येक वर्ष एउटै प्रकृतिका कैफियतहरू दोहोऱ्याउँदा पनि सामान्यत कैफियत सहितको प्रतिवेदन मात्रै पठाउने वा सचेत गराउने गरेको र जरिवानाबापतको रकम बैङ्कले आफ्नो आयबाट खर्च लेख्ने गरेको पाइयो। नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षण र कारबाही गर्ने प्रणाली व्यवस्थित गर्नुपर्दछ।

४. **सहुलियतपूर्ण कर्जा -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान उपलब्ध गराउन ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी, २०७५ को बुँदा नं. १९(ग) र (घ) मा कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्नुपर्ने र कर्जाको सदुपयोग नभएको पाइएमा नेपाल राष्ट्र बैक ऐन, २०५८ बमोजिम कारबाही गरी अनुदानबापतको रकम बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना भुक्तानी नदिने उल्लेख छ। साथै बुँदा नं. १३(५) मा कर्जा सदुपयोग भएको नपाइएमा ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र ब्याज अनुदान सुविधा लिई सकेको भए सम्बन्धित ऋणीबाट असुलउपर गरिने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

४.१. नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार बैङ्क तथा वित्तीय संस्थाहरूबाट २०८१ आषाढ मसान्तसम्म रु.१ खर्ब ८७ अर्ब ७० करोड कर्जा प्रवाह भएकोमा ५ प्रतिशतका दरले ब्याज अनुदानबापत यो वर्ष रु.२ अर्ब ५० करोडसमेत २०८१ आषाढ मसान्तसम्म रु.२४ अर्ब ८९ करोड १० लाख ब्याज अनुदान प्रदान गरेका छन्। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८१ आषाढ मसान्तमा रु.१ खर्ब २६ करोड ८२ लाख पुगेको छ। बैङ्कले सहुलियतपूर्ण कर्जा र सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च

खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

४.२. पुनर्कर्जा, व्यावसायिक निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको उपयोग स्थितिको अध्ययन गर्न नेपाल राष्ट्र बैङ्कद्वारा नियुक्त भएका परामर्शदाताले पेश गरेको स्वतन्त्र मूल्याङ्कन प्रतिवेदनअनुसार १ लाख ७० हजार ४६ ऋणीमध्ये १८.६३ प्रतिशतले हुने ३१ हजार ६७४ ऋणीको कागजात र १ हजार ८३८ ऋणीको परियोजनास्थल निरीक्षण गरेको उल्लेख छ। सञ्चालक समितिको २०८०।१०।१० को निर्णयबाट सदुपयोग नभएका कर्जाहरू सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामार्फत यकिन गराई ऋणीले उपभोग गरेको ब्याज अनुदान तथा सुविधा फिर्ता गरी सम्बन्धित खातामा दाखिला गर्न लगाउन सम्बन्धित सुपरिवेक्षण विभागमार्फत निर्देशन दिने उल्लेख भएको र त्यसरी ऋण फिर्ता गराइएका ऋणीको हकमा कर्जा स्वीकृति कार्यमा प्रत्यक्ष रूपमा संलग्न भएका बैङ्क तथा वित्तीय संस्थाका कर्मचारीलाई सम्बन्धित बैङ्कको कर्मचारी सेवा विनियमावलीबमोजिम विभागीय कारबाही गर्न निर्देशन दिएको छ। उक्त प्रतिवेदनमा रु.६ अर्ब ३५ करोड ६० लाखका (७ प्रतिशत) कर्जा दुरूपयोगको आशङ्का गरिएको, रु.२१ अर्ब २५ करोड ४० लाख (११ प्रतिशत) दोहोरो सुविधा उपयोग गरेको कर्जा, रु.१० अर्ब ४९ करोड १० लाख (६ प्रतिशत) लक्षित वर्गको पहिचान नभएको कर्जा रु.१८ अर्ब ७४ करोड ९० लाख (१२ प्रतिशत) र अन्य समस्याग्रस्त कर्जा रहेको उल्लेख छ। कुल ऋणीमध्ये १८.६३ प्रतिशत नमूना छनोट गरी अध्ययन भएकोमा समस्याग्रस्त ऋण रकम रु.५६ अर्ब ८५ करोड देखिन्छ। क्षेत्रगत रूपमा विश्लेषण गर्दा व्यावसायिक निरन्तरता कर्जा ६८ प्रतिशत, सहुलियतपूर्ण कर्जाअन्तर्गतको कपडा उद्योगको कर्जा ७० प्रतिशत र शिक्षित युवा स्वरोजगार कर्जा ६६ प्रतिशत प्रभावकारी रूपमा सदुपयोग नभएको उल्लेख छ। सञ्चालक समितिले दिएको यस्तो निर्देशन लेखापरीक्षण अवधिसम्म कार्यान्वयन भएको देखिन। यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्नानुसार छन्:

४.२.१. परामर्शदाताको प्रतिवेदनमा सञ्चालनमा नरहेको योजनामा ब्याज अनुदान दिएको, ऋणीले सहुलियतपूर्ण कर्जा रकमलाई अन्य ऋण चुक्ता गर्न प्रयोग गरेको, व्यावसायिक प्रयोजन बाहेकको जग्गा खरिद, मुद्दती निक्षेप र दोश्रो बजारमा सेयर लगानीमा प्रयोग गरेको, एकाघरका अन्य व्यवसायको ऋण भुक्तानीमा प्रयोग गरेको र असम्बन्धित व्यक्तिलाई भुक्तानी दिएको लगायतका विषयमा ५ वाणिज्य बैङ्कले ५ फर्मलाई रु.१८ करोड १७ लाख ऋण प्रवाह गरेको उल्लेख छ।

४.२.२. भुक्तानी प्राप्तकर्ताको उचित पहिचान विना कर्जा खाताबाट शङ्कास्पद रूपमा कर्जाको बर्हिगमन भएको, ऋणी वा ऋणीको सम्बन्धित व्यक्तिद्वारा एकमुष्ट रूपमा कर्जा खाताबाट रकम झिकिएको र महिला उद्यमशीलता कर्जाको हकमा ऋणी महिलाको व्यवसाय वा बैङ्क सञ्चालनमा कुनै पनि सहभागिता नदेखिएको अवस्थामा २ वाणिज्य बैङ्कले रु.३२ करोड ३५ लाख ऋण प्रवाह गरेको देखियो।

४.२.३. एकाघरका परिवार तथा सम्बद्ध निकायहरूमा प्रवाह भएका बहुकर्जाहरू, एउटै ऋणीलाई भिन्न भिन्न बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण प्रकृतिका कर्जाहरू, एउटै योजनामा सहुलियतपूर्ण बहुकर्जाको लागि उपयोग गरिएको र कर्जा प्रस्ताव कागजातमा खुलासा नगरेको अवस्थामा कर्जा सीमा बढाई ५ वाणिज्य बैङ्कले रु.५२ करोड ९५ लाख ऋण प्रवाह गरेका छन्।

५. **विदेशी मुद्रा व्यवस्थापन -** मूल्य स्थिरता, सन्तुलित भुक्तानी प्रणाली र दिगो आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने प्रभावकारी मौद्रिक तथा विदेशी विनिमय नीतिको विकास र कार्यान्वयन गर्नु नेपाल बैङ्कको मुख्य उद्देश्य हो। राष्ट्र बैङ्कको विदेशी मुद्रा विभाग वस्तु तथा सेवा आयातका लागि स्वीकृति, लाभांश र अन्य प्रत्यावर्तन अनुरोधहरूको प्रशोधन, विदेशी मुद्रा प्रवाह र बहिर्गमन रेकर्ड गर्ने, र यी सेवाहरूको लागि आमजनता र

व्यवसायहरूलाई प्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने लगायत नियमित विदेशी विनिमय परिचालनमा प्रत्यक्ष रूपमा संलग्न छ। रेटिङ वा अन्य नियामकीय मापदण्डका आधारमा विदेशी मुद्रा व्यवस्थापन कार्यहरू क्रमशः इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरूलाई नियमित स्थानान्तरण गरी नेपाल राष्ट्र बैङ्कले नीति निर्माण र नियामकीय निरीक्षणमा केन्द्रित हुर्नुपर्दछ।

६. **सुन सञ्चिति -** नेपाल राष्ट्र बैङ्कको सुन सञ्चिति व्यवस्थापन नीतिअनुसार विद्यमान सुन सञ्चिति प्रभावकारी बनाउन कुल विदेशी विनिमय सञ्चितिको न्यूनतम ५ प्रतिशतदेखि १० प्रतिशत सुनमा लगानी गर्नुपर्ने उल्लेख छ। बैङ्कको २०८१ आषाढ मसान्तको वित्तीय विवरणअनुसार कुल रु.१९ खर्ब ५४ अर्ब ७५ करोडमध्ये रु.८२ अर्ब ४३ करोड (४.२२ प्रतिशत) सुन सञ्चितिमा विनियोजन गरेकोले नीतिले तोकेभन्दा कम लगानी गरेको छ।

७. **मेसिन उपयोग -** नेपाल राष्ट्र बैङ्क र बेलायतस्थित क्यास प्रोसेसिङ्ग सोलुसन लिमिटेडबिच २०७८।१।२३ मा भएको सम्झौता बमोजिम मुद्रा परीक्षण तथा प्रशोधन प्रणाली मेशिन रु.३ करोड ५० लाखमा खरिद गरेकोमा मेशिन/ढुवानी पश्चात् उक्त आपूर्तिकर्ता दिवालीया प्रक्रियामा गएको कारणले मेशिन उपयोगमा ल्याएको छैन । मेशिन उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

८. **छपाइ सामग्री -** नेपाल राष्ट्र बैङ्कले नेपाली रूपैयाँ ५० दरका नोट ३० करोड थान तथा १० रुपैयाँ दरका नोट ४३ करोड थान छपाइ गर्न सेक्युरिटी प्रिन्टिङ्ग एण्ड मिन्टिङ्ग कर्पोरेशन अफ इण्डियासँग क्रमशः अमेरिकन डलर ५० लाख ४९ हजार र १ करोड ११ लाखको सम्झौता गरेकोमा वास्तविक मुद्रण प्रमाण तथा नोटहरूको प्राविधिक परीक्षण प्रतिवेदनमा स्वीकृत नमूनाअनुसार नभएको कारणले सम्झौता रद्द गरी बैङ्क ग्यारेन्टी जफत गरेको छ। सम्झौता रद्द भएको अवस्थामा नेपाल राष्ट्र बैङ्कले आपूर्तिकर्तासँग रहेको उत्पत्ति सामग्री सुरक्षित र गोपनीयता सुनिश्चित गर्न, बैङ्कले नोट तयार गर्न प्रयोग हुने सबै सामग्रीहरू निरीक्षण गर्ने र प्रदान गरिएका नमूना बैङ्क नोटहरूको फिर्ता सुनिश्चितता गर्नुपर्नेमा बैङ्कले सम्बन्धित पक्षलाई अनुरोधपत्र मात्र पठाएको छ। बैङ्क नोट मुद्रणका लागि गरिने महत्वपूर्ण गोप्य डाटा नेपाल राष्ट्र बैङ्कको भौतिक स्वामित्वमा नरहेकाले बैङ्कको नियन्त्रणमा ल्याउनुपर्दछ।

९. **सञ्चालकको सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ मा गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुने उल्लेख भए तापनि अन्य सुविधाबारे ऐनमा उल्लेख गरेको छैन। सोही ऐनको दफा ३२(२) मा समितिमै रहने गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नै सुविधाको लागि निर्णय गर्दा स्वार्थ बाझिने कारण सम्बन्धित पदाधिकारीले भाग लिन नपाउने उल्लेख छ। सञ्चालकले पाउने सुविधा समितिले तोक्ने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्।

९.१. नेपाल राष्ट्र बैङ्कले बैङ्कका गभर्नर/डेपुटी गभर्नरबाट आफूले प्रयोग गर्ने सवारी साधन खरिद गर्ने कार्यविधि स्वीकृत गरेको छ। उक्त कार्यविधिमा सेवा निवृत्त समयमा सवारी साधनको किताबी मूल्य वा खरिद मूल्यको २० प्रतिशतमध्ये जुन बढी हुन्छ सो मूल्य तिरी व्यक्तिगत नाममा नामसारी गरी लैजान पाउने व्यवस्था छ। यसरी खरिद गर्ने सवारी साधन विद्युतीय वा हाइब्रिड भएमा ४ वर्षमा र डिजेल, पेट्रोल भए ५ वर्षमा सवारीसाधनको मूल्य शून्य हुने गरी ह्रास कट्टीको व्यवस्था रहेको छ। आफूसमेतले पाउने सुविधा जोडिएको कार्यविधि आफैंले स्वीकृत गरेको विषय औचित्यपूर्ण देखिएन। सेवामा रहँदा पाउने सुविधाको हद र निवृत्त भएपछि पाउने सुविधा सम्बन्धमा कानुनद्वारा स्पष्ट गर्नुपर्दछ।

९.२. कानुनअनुसार सुविधा पाउने गभर्नर १, डेपुटी गभर्नर २, कार्यकारी निर्देशक १८ र निर्देशक ५९ समेत ८० जना रहेकोमा बैङ्कमा १२७ थान सवारी साधन रहेको देखिन्छ जसअनुसार बैङ्कमा ४७ सवारीसाधन जगडामा रहेको देखिन्छ। उक्त सवारीसाधनको प्रयोग मितव्ययी र प्रभावकारी तवरले गर्नुपर्दछ।

१०. **कर्मचारी सुविधा -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) अनुसार बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी तलब, भत्ता, उपदान, निवृत्तिभरणलगायत सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय नीति, कानुन, अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११०(२)मा सञ्चालक समितिले कर्मचारीको पारिश्रमिक, सेवा सुविधा सम्बन्धी विनियम बनाउन सक्ने व्यवस्था छ। सञ्चालक समितिको निर्णय तथा नेपाल राष्ट्र बैङ्क कर्मचारी विनियमावली, २०६८ मा उल्लेख गरी बैङ्कका कर्मचारीहरूलाई केन्द्रीय बैङ्क भत्ता, कर्मचारी कल्याणकारी सञ्चय कोष, वार्षिकोत्सव भत्ता, खाजा भत्तालगायत १४ किसिमका भत्ता तथा सुविधाबापत यो वर्ष रु.१ अर्ब ९५ करोड १ लाख उपलब्ध गराएको देखियो।

उक्त भत्ता तथा सुविधामा सेवा निवृत्त भएपछि कर्मचारीले पाउने गरी कर्मचारी कल्याणकारी सञ्चय कोषमा दाखिला गरेको रु.९ करोड ८९ लाख ८६ हजार, केन्द्रीय भत्तासमेत थप गरी बढी भुक्तानी भएको दशैँ खर्च रु.५ करोड ६८ लाख ७१ हजार, कर्मचारी कल्याणकोष मार्फत कर्मचारीलाई भुक्तानी दिएको रु. ६९ करोड ५१ लाख समावेश छ।

बैङ्कका कर्मचारीहरूको पारिश्रमिक, सेवा, सुविधा सम्बन्धमा सञ्चालक समितिले निर्णय गर्न सक्ने विद्यमान कानुनी व्यवस्थामा पुरावलोकन गरी बैङ्कलाई आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिने व्यवस्था मिलाउनुपर्दछ।

११. **आन्तरिक नियन्त्रण -** नेपाल राष्ट्र बैङ्कले यो वर्षदेखि पूर्णरूपमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण लागु गरे तापनि जोखिम पहिचान तथा मूल्याङ्कनलाई समय सापेक्ष अद्यावधिक नगरेको, जोखिमलाई विभिन्न तहमा वर्गीकरण गरे तापनि सोलाई पुष्ट्याइँ गर्ने कुनै कागजातको अभिलेखीकरण नभएको, लेखापरीक्षण समिति, स्रोत बाँडफाँट, लेखापरीक्षण अभ्यास, तालिम, जोखिम मूल्याङ्कन अभ्यास तथा लेखापरीक्षणको कार्यको समग्र प्रभावकारिता लगायतका विषयहरू लेखापरीक्षण समितिमा छलफल नहुनु, आन्तरिक लेखापरीक्षण योजना जोखिम क्षेत्रको वर्गीकरणअनुसार नहुनु लगायतका अवस्थाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

Opinion

We have audited the accompanying financial statements of **Nepal Rastra Bank ("the Bank or NRB hereafter")** which comprise the Statement of Financial Position as at Ashad 31, 2081, (July 15, 2024), the Statement of Net Income and Other Comprehensive Income, the Statement of Change in Equity and the Statement of Cash Flows for the year then ended, and a summary of the significant accounting policies and other explanatory information.

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid financial statements present fairly, in all material respects, the financial position of the Bank, as at Ashad 31, 2081, (July 15, 2024), and its financial performance, changes in equity, cash flows for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with Nepal Financial Reporting Standards (NFRSs).

Basis for Opinion

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Bank in accordance with the Handbook of the Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants 2023. We believe that the audit evidence we have obtained are sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

Key Audit Matters (KAM)

Key audit matters are those matters that, in our professional judgement, were of most significance in the audit of financial statements of the current period. These matters were addressed, and our results are based on procedures undertaken, in the context of, and solely for the purpose of, our audit of the financial statements as a whole, and in forming our opinion thereon, and consequently are incidental to that opinion, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters in our report.

Key Audit Matters	The risk	How the matters were addressed in our audit
Investment in foreign securities and term deposits with foreign banks: NRB's balances held in foreign securities and term deposits with foreign banks amounting to NPR 1,726.25 billion, equivalent to 83.51 % of NRB's total assets, impact of which is significantly material to the financial statements.	NRB holds a huge amount of its assets in foreign currency. Considering the nature of these investments, their impairment assessment requires judgement and significant estimates. Further, the value of foreign investment fluctuates along with the change in foreign currency exchange rates resulting in foreign exchange gain loss which are material. The measurement, presentation and disclosures of the investment in foreign securities and term deposits and recognition of income from those investments require management judgement and hence has been identified as a Key Audit Matter.	Our audit procedures to address the risk of material misstatement relating to the foreign investments, which was considered to be a significant risk included: • Assessment of the design and testing of the operating effectiveness of management's control in assessing the carrying value of investments in foreign currencies, • Obtaining direct confirmation from the related banks to confirm the balances of the investment reported in the financial statements. Upon receipt of the confirmations, necessary reconciliations were made, and • Detailed analysis of exchange rates used and valuation procedures, recalculation of interest income, and evaluation of recognition, measurement, presentation and disclosures in the financial statements in accordance with applicable NFRSs. Based on our procedures performed we concluded that the investment in foreign securities disclosed in the financial statements are acceptable.

Key Audit Matters	The risk	How the matters were addressed in our audit
Balances with International Monetary Fund (IMF): NRB's assets held with International Monetary Fund (IMF) at the year-end amounted to NPR 23.99 billion equivalent to 1.16% of total assets, impact of which is material to the financial statements. NRB has been allocated SDR on the basis of member's quota. Liabilities with IMF represent 3.34% of the total liabilities of the NRB. NRB's disclosures relating to transactions with IMF are included in Note 5. 14 of the financial statements.	Due to the unique structure, terms, valuation, foreign currency translation and periodic interest accrual of the IMF holdings and allocations, it was considered key audit matters to our audit.	Our audit procedures to address the risk of material misstatement relating to IMF holdings and allocations included verification of the SDR holdings provided by the IMF and allocations with information published on the IMF website, obtaining direct confirmation from IMF and subsequently testing the exchange rates used to translate those amounts into the reporting currency as at the year end. Furthermore, we examined relevant documents and the basis of computation of interest income on SDR holding and expenses on SDR allocation and transactions undertaken during the year. Based on our audit procedures performed, we concluded that the balances with IMF in both assets and liabilities reported in the financial statements are acceptable.
Valuation of Gold and Silver: NRB maintained gold and silver as stock for minting purposes and for reserves. The value of gold and silver maintained as reserves for notes in circulation amounts to NPR 44.03 billion. NRB's disclosures about gold and silver are included in Note 5.1 of the financial statements.	The valuation of these gold and silver are carried out in line with the international market which is subject to market volatility and other external economic factors. Due to the unique nature of the asset's valuation methodology adopted and associated risk, it was considered key audit matters.	Our audit procedures included reviewing the valuation methodology adopted (rate published by Federation of Nepal Gold and Silver Dealers Association) and carrying out the physical verification of gold and silver on a sample basis. Based on our procedures performed, we concluded that the valuation of gold and silver carried out and disclosed in the financial statements are acceptable.
Transaction with Government of Nepal: NRB acts as the banker, advisor and fiscal agent of the Government of Nepal (GoN) and is primarily responsible for managing banking transactions on behalf of GoN including	Given the unique nature as well as the high volume of transactions undertaken by NRB on behalf of the GoN, it was considered key audit matter.	Our audit procedures to address the risk of material misstatement relating to Deposit, advances and payments of Government included: • Assessment of the design and testing of the operating effectiveness of management's control in assessing the

Key Audit Matters	The risk	How the matters were addressed in our audit
loan and grant received from foreign countries and entities, collection and administration of funds of various ministries and the national exchequer. NRB's assets held as advances and receivable from Government amounts to NPR 1.72 billion. Similarly, Deposit of Government is NPR 63.95 billion.		carrying value of Deposit of Government, and • Confirm the balances from records maintained by the Financial Comptroller General Office (FCGO), Nepal and reconciliation mechanism of NRB to reconcile the balances with the record of the FCGO. • NRB's disclosure about the advances and receivable from Government and Deposit of Government are included in Note 4.9 and Note 4.21 of the financial statements respectively. Based on our procedure performed, we concluded that the balances with the Government of Nepal reported in the financial statements are acceptable.
Currency in Circulation: The balance of currency in circulation represents the value of all bank notes issued in Nepal and the liability is measured at face value of all bank notes issued less any bank notes cancelled/destroyed and withdrawn from circulation and maintained in the note chest vault of NRB. NRB's disclosures about currency in circulation are included in Note 4.23 of the financial statements	Issuance of banknotes is one of the key roles of NRB as defined in the Nepal Rastra Bank Act, 2058 and is a key audit matter due to: • Significant importance to the users of the financial statements, • The balance is significantly material to the NRB's financial statements, and • Complexity in assessing the accuracy of the liability for banknotes that are in circulation in the economy of Nepal.	We performed the following audit procedures in relation to currency in circulation: • Tested those general controls which are relevant to the accurate recording of the issuance and return of bank notes within the system responsible for recording the balance of currency in circulation, • We performed a comparison of current year's movements against the prior periods focusing on the number of bank notes issued by denomination, and • Our audit procedures included communicating with the concerned department to understand the note issue process and carrying out physical inspection of notes held at NRB vault including note chest against currency in circulation on sample basis. Based on the procedure we performed we concluded that the balance of currency

Key Audit Matters	The risk	How the matters were addressed in our audit
		circulation disclosed in the financial statements are acceptable.
IT System and Control: The financial information of NRB is primarily generated through NRB's IT systems, which is continuously undergoing changes to meet its operating needs and to address internal and external threats.	The primary information for the financial statements is generated from the IT system and its controls. Therefore, we considered NRB's IT system as a key audit matter.	We performed the following audit procedures: • Tested the design and operating effectiveness of NRB's IT access controls over the information systems that are critical to financial reporting, • Tested IT general controls (logical access, changes management and aspects of IT operational controls) including testing of request for access to systems, • Tested NRB's periodic review of access rights and reviewed requests for changes to system for appropriate approval and authorization, • Considered the control environment relating to various interfaces, configurations and other application layer control, and • Performed test of IT General Controls to evaluate the application development and database, hosting platforms and segregation of incompatible duties relevant to application and database change management. Based on the procedures performed, we considered the change managements, segregation of duties, controls and outputs in relation to financial accounting and reporting systems to be acceptable.

Information Other than the Financial Statements and Auditor's Report Thereon

Bank's Management is responsible for the other information. The other information comprises of macroeconomic and financial situation, activities of the Bank, analysis of assets, liabilities, and income statement included in the annual report but does not include the financial statements.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether that other information are materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Bank's Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with NFRSs and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting.

Those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditors' report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if individually or in the aggregate they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit.

We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Bank's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditors' report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such communication.

❖ माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बैङ्कमा २०८१।७।३० मा पठाइएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (२०७९/८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

उद्यमशीलता र व्यवसाय विकासका चुनौतीहरूलाई सामना गर्ने उद्देश्यले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत २०५३।०७।१९ मा प्रतिष्ठानको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित प्रतिष्ठानले उद्यम विकासमा संलग्न संस्थाहरूबाट गुणस्तरीय सेवाहरू प्रदान गर्न स्वदेश तथा विदेशमा भएका उत्कृष्ट अभ्यासहरूको अनुसन्धान, विकास, परीक्षण र प्रसार गर्दै आएको छ।

१. **वित्तीय स्थिति** - प्रतिष्ठानको वित्तीय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
पुँजी कोष	२,०४,९९		३,६६,०९	
विविध साहु	३,८९		४,०३	
अग्रिम पेस्की	-		-	
कर्मचारी दायित्व भुक्तानी बाँकी	३,६८,२५		४,०५,९४	
अग्रिम पेस्की प्राप्ती	-		-	
सञ्चित बचत	(२,१५,१६)		(१,८०,४४)	
जम्मा पुँजी तथा दायित्व		**३,६१,९७**		**५,९५,६२**
स्थिर सम्पत्ति	१,२९,६९		२,९३,४६	
विविध आसामी	-		१,६८	
कर्मचारी पेस्की	७८		१,६२	
धरौटी	१,१७		१,१७	
बैङ्क तथा नगद मौज्दात	२,२५,७१		२,९३,०७	
शाखा कार्यालयको चालु पुँजी मौज्दात	४,६२		४,६२	
जम्मा सम्पत्ति		**३,६१,९७**		**५,९५,६२**

प्रतिष्ठानको स्थिर सम्पत्ति रु. १ करोड ३० लाख, बैङ्क तथा नगद मौज्दात रु. २ करोड २६ लाख समेत कुल सम्पत्ति रु. ३ करोड ६२ लाख रहेको छ। त्यस्तै पुँजीगत कोष रु. २ करोड ५ लाख, कर्मचारी दायित्व भुक्तानी बाँकी रु. ३ करोड ६८ लाख रहेको छ। पुँजीगत कोष भन्दा कर्मचारी दायित्व भुक्तानी बाँकी बढी रहेको देखिन्छ। प्रतिष्ठानले व्यवसायिक कार्यकुशलता अभिबृद्दि गर्नुपर्दछ।

२. **सञ्चालन नतिजा** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
कार्यक्रम सञ्चालन आम्दानी	८,०१		२०,८१	
नेपाल सरकारको बजेट निकासा	१,३५,३३		१,३९,१४	
अन्य आम्दानी	७,९३		१२,१४	
पुँजीगत जगेडाबाट सारेको	१२,७२		२३,२०	
जम्मा आम्दानी		**१,६३,९९**		**१,९५,२९**
कार्यक्रम सञ्चालन तथा सेवा खर्च	२०,४०		३१,०८	

विवरण	२०७९।८०		२०७८।७९	
तलब तथा प्रशासनिक खर्च	१,६२,९३		१,४१,४३	
ह्रास कट्टी	१२,९२		२३,४५	
जम्मा खर्च		**(१,९६,२५)**		**(१,९५,९६)**
कुल आय(व्यय)		**(३२२६)**		**(६७)**
विगत वर्षको शाखा कार्यालयको लेखापरीक्षण शुल्क	८५			
पोखरा शाखाको नगद समायोजन	(१६,३६)			
गत वर्षसम्मको सञ्चित आय	(१,६७,३९)		(१,७९,७७)	
खुद आय/(व्यय)		**(२,१५,१६)**		**(१,८०,४४)**

कार्यक्रम सञ्चालन आम्दानी गत वर्ष रु. २१ लाख रहेकोमा ६१.५० प्रतिशतले न्यून भई रु. ८ लाख मात्र रहेकोमा कार्यक्रम सञ्चालन तथा सेवा खर्च ३४.३६ प्रतिशतले न्यून रहेको देखिन्छ। त्यस्तै तलब तथा प्रशासनिक खर्च गतवर्ष रु. १ करोड ४१ लाख रहेकोमा रु. २२ लाखले बृद्दि भई यो वर्ष रु.१ करोड ६३ लाख रहेको छ। आय घटेको र प्रशासनिक खर्च वृद्धि भएकोले कार्ययोजना तयार गरी प्रतिष्ठानको कार्यक्षमता अभिवृद्धि गर्ने वा पुनः संरचित गर्नुपर्दछ।

३. **अवकाश कोष** - नेपाल लेखामान १ तथा १२ बमोजिम वित्तीय विवरण सही र दुरुस्त हुनका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्दछ। प्रतिष्ठानको कर्मचारी व्यवस्थापन विनियमावली अनुसार अवकाश कोषमा कर्मचारीको मासिक तलबबाट ४ प्रतिशत, स्वआर्जित रकमबाट आर्थिक व्यवस्थापन विनियमावली, २०५७ को विनियम ५३ (क) बमोजिम र नेपाल सरकारबाट प्राप्त अनुदानबाट रकम जम्मा हुने गरेको छ। अवकाश दायित्व रु.३ करोड ६८ लाख रहेकोमा अवकास कोष रु.२ करोड २६ लाख मात्र रहेकोले पर्याप्त कोष खडा गरेको पाइएन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थाको वित्तीय विवरणको २०८० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छः

१. **अवकाश दायित्व -** नेपाल लेखामान १, वित्तीय विवरणको प्रस्तुति तथा नेपाल लेखामान ३७, व्यवस्था, सांयोगिक दायित्व तथा सम्पत्ति अनुसार वित्तीय विवरण सही र दरुस्त हुनको लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा प्रतिष्ठानले कर्मचारी दायित्व मध्ये कर्मचारी अवकाश भएका बखत भुत्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको छ । तर त्यसको लागि पर्याप्त कोष खडा गरेको छैन । यस वर्षको अन्त्यसम्म कुल अवकाश दायित्व रु.३,६८,२५,०३९ रहेको छ भने सम्बन्धित बैंक कोष रु.२,२५,७१,२३५ रहेको छ । साथै, प्रतिष्ठानको कर्मचारी व्यवस्थापन विनियमावली, २०५७ बमोजिम

कर्मचारीको उपदान तथा संचित विदाको रकम वापत प्रति वर्ष खाइपाइ आएको तलबको औसतमा पचास दिन बराबरको रकम अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भए पनि सो कोषमा आम्दानी भएको पाइएन । प्रतिष्ठानले दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ ।

हामीले नेपाल सरकारी लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण कार्य गऱ्यौं। ती मान अनरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमा अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन । लेखापरीक्षणका क्रममा त्यस्ता गलत विवरणहरुलाई प्राथमिकता दिइन्छ, जुन जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु भएको वित्तीय विवरणलाई आधार मानी सरोकारवालाहरुले गरेको निर्णयलाई प्रभाव पार्न सक्दछ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष

लखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस प्रतिष्ठानमा २०८२।१।२२ मा पठाइएको छ।**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपाल सरकारको खाद्य नीतिबमोजिम खाद्यान्नको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन खाद्यान्न खरिद, बिक्री वितरण, ढुवानी तथा सञ्चय गर्ने मुख्य उद्देश्यले कम्पनी ऐन, २०६३ अन्तर्गत २०७६।४।२८ मा कम्पनीको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित यस कम्पनीको खाद्यान्नलगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेल्न सक्ने एक सक्षम व्यावसायिक कम्पनीको रुपमा स्थापित हुने दीर्घकालीन सोच रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सम्पत्ति				
स्थिर सम्पत्ति	२७,०३,४२		२५,६५,०७	
पुँजीगत कार्य प्रगति	१२,२२,८०		१२,०४,०५	
अदृश्य सम्पत्ति	५३,०९		४,१८	
लगानी	१,२६,८०,८२		१,६५,१६,७०	
स्थगन कर सम्पत्ति	३५,८५,०४		-	
जम्मा गैर चालु सम्पत्ति		**२,०२,४५,१७**		**२,०२,९०,००**
जिन्सी मौज्दात	५८,५६,८३		८९,७९,९९	
व्यापारिक प्राप्य	६०,१०,८८		५,६५,०५०	
नगद तथा नगदजन्य	८८,३२,७३		६२,८८,७२	
अन्य बैङ्क मौज्दात	४७,८३,४९		३२,००,५७	
अन्य चालु सम्पत्ति	२१,९२,७९		१४,७५,६३	
जम्मा चालु सम्पत्ति		**२,७६,७६,७२**		**२,५५,९५,४१**
जम्मा सम्पत्ति		**४,७९,२१,८९**		**४,५८,८५,४१**
इक्विटी				
सेयर पुँजी	१,१५,९८,३०		१,१५,९८,३०	
सेयरको लागी अग्रिम भुक्तानी	१,६२,७३		-	
सञ्चित आम्दानी तथा जगेडा	१,१५,७३,०३		१,१४,०६,९७	
जम्मा इक्विटी		**२,३३,३४,०६**		**२,३०,०५,२७**
गैर चालु दायित्व				
दीर्घकालीन ऋण	३५,९२,६४		३५,९२,६४	
अन्य दायित्व	४२,४७,८२		४२,४७,८२	
चालु कर दायित्व	५६,४२		-	
जम्मा गैर चालु दायित्व		**७८,९६,८८**		**७८,४०,४६**
अल्पकालीन ऋण	३६		५,८०,५०	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	११,५९,२३		११,३४,४३	
अन्य वित्तीय दायित्व	१८,५५,३९		११,३९,६४	
अन्य चालु दायित्व	१,३६,७५,९७		१,२१,८५,११	
जम्मा चालु दायित्व		**१,६६,९०,९५**		**१,५०,३९,६८**
जम्मा इक्विटी तथा दायित्व		**४,७९,२१,८९**		**४,५८,८५,४१**

कम्पनीको कुल सम्पत्ति एवम् पुँजी तथा दायित्व गत वर्षभन्दा यो वर्ष ४.४४ प्रतिशतले वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	१,५९,६६,४७		१,१६,९३,८७	
बिक्रीको लागत	(१,३३,४७,५१)		(१,०३,०१,२४)	
व्यापार खर्च	(५७,२१,३९)		(४०,९८,५७)	
कुल नाफा		**(३१,०२,४३)**		**(२७,०५,९४)**
अन्य सञ्चालन आम्दानी	९७,७७,९९		७३,६३,९३	
कुल सञ्चालन नाफा		**६६,७५,५६**		**४६,५७,९९**
कर्मचारी खर्चहरू	४०,९४,९७		३५,५६,४४	
प्रशासनिक तथा अन्य खर्चहरू	१५,२६,२२		६,६७,७६	
सञ्चालन नाफा		**१०,५४,३७**		**४,३३,७९**
ह्रास कट्टि तथा परिशोधन खर्च	१,९४,८४		१,७९,५१	
वित्तीय खर्चहरू	५,७१		६,५८	
कर अघिको नाफा		**८,५३,८२**		**२,४७,७०**

कम्पनीको ह्रास कट्टी खर्च रु.१ करोड ९५ लाख र वित्तीय खर्च रु.५ लाखसमेत घटाई कर अघिको नाफा रु.८ करोड ५४ लाख कायम भएको छ। जुन गत वर्षको तुलनामा २४४.७ प्रतिशतले बढी रहेको छ।

३. **कम्पनीको विघटन र खारेजी** - साविकमा सञ्चालनमा रहेका नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेड कम्पनी यस कम्पनीमा गाभिएकोमा क्रमशः नेपाल खाद्य संस्थान ऐन, २०२१ को दफा १४ बमोजिम विघटन तथा कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम खारेजी हुनुपर्नेमा उक्त कार्यहरू प्रक्रियामा रहेको पाइयो। उक्त कम्पनीहरूको विघटन र खारेजी प्रक्रिया सम्पन्न नहुँदा सोको कर, ब्याज र जरिवाना भुक्तानी गर्ने कार्य बाँकी नै रहेको छ।

४. **जग्गाको स्वामित्व हस्तान्तरण** - साविकका कम्पनीको स्वामित्वमा रहेका जग्गा नयाँ कम्पनीको नाममा नामसारी गर्न २०७६।६।६ मा निर्णय भए तापनि उक्त कार्य सम्पन्न हुन सकेको छैन। लामो समयसम्म नामसारी नहुँदा त्यसको उपयोग र परिचालनमा समस्या सिर्जना हुने भएकोले उक्त कार्यलाई प्राथमिकता दिई सम्पन्न गर्नुपर्दछ।

५. **कर्मचारी दायित्व** - नेपाल लेखामान १९ "कर्मचारी लाभ" अनुसार कम्पनीले कर्मचारीलाई भुक्तानी गर्नुपर्ने उपदान, सञ्चित बिदालगायतको रकम वार्षिक दायित्वको गणना गरी लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन। एक्च्युरियर मूल्याङ्कनको आधारमा वार्षिक रूपमा दायित्वको गणना गरी व्यवस्था गर्नुपर्दछ।

६. **लिलाम बिक्री तथा मिनाहा** - कम्पनीको खरिद तथा आर्थिक विनियमावली, २०७९ को परिच्छेद १८ अनुसार लिलाम गर्ने तथा धुल्याउने कार्य आवश्यकताअनुसार सालवसाली रूपमा गर्नुपर्नेमा सो गरेको पाइएन। प्रादेशिक कार्यालय थापाथलीमा रहेका पुराना ट्रकहरू लामो समयदेखि उपयोगविहिन रहेका छन्। उपयोग गर्न नसकिने अवस्थाका उक्त ट्रकहरू आवश्यक प्रकृया पूरा गरी लिलाम बिक्री गर्नुपर्नेमा सो भएको छैन।

लामो समयसम्म सञ्चालनमा नरहेका सवारी साधन लिलाम बिक्री नगर्दा सवारी कर दायित्व बढेको अवस्था छ। तसर्थ, उपयोगविहिन सवारीको लिलाम बिक्री गरी सम्पत्ति अद्यावधिक गर्नुपर्दछ।

७. **जग्गा बिक्रीको रिटेन्सन मनी** - मन्त्रीपरिषद्को २०७४।२।४ को निर्णयबमोजिम साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा रहेको काठमाडौं महानगरपालिका वडा नं १२ टेकुस्थित ९४९ रोपनी १० आना ३ दाम जमिन (घर र गोदामसमेत) नेपाल आयल निगमलाई बिक्री गरेकोमा २०७४।२।१७ को सम्झौताको सर्त नं. ८ बमोजिम तत्कालीन अवस्थामा जग्गा खाली नभएको कारणले निगमले रिटेन्सन मनीबापत रोक्का राखेको रु.१६ करोड २८ लाख जग्गा खाली भईसक्दासमेत कम्पनीलाई भुक्तानी गरेको छैन। कम्पनीले सम्झौताको सर्तअनुसार उक्त रकम प्राप्त गरी लेखाङ्कन गर्नुपर्दछ।

८. **नगद तथा नगद समतुल्य** - यो वर्षको वर्षान्तमा कम्पनीले नेपाल राष्ट्र बैङ्कको ३ र राष्ट्रिय वणिज्य बैङ्कको ३ समेत ६ खाताको रु.२५ लाख ३० हजार हिसाब मिलान गरेको छैन। उक्त फरक रकम २०३४।३५ देखि जिम्मेवारी सार्दै आएकोले सम्बन्धित निकायसँग समन्वय गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **नेशनल ट्रेडिङ्गतर्फको ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरणअनुसार २०७९।८० मा साबिकको नेशनल ट्रेडिङ्ग लिमिटेडलाई प्रवाह भएको ऋणमध्ये साँवा रु.३२ करोड ३५ लाख र ब्याज रु.८ करोड १२ लाख रहेको छ। कम्पनीले आफ्नो वासलातमा रु.३५ करोड ९२ लाख दीर्घकालीन ऋण र रु.१ करोड ८७ लाख ब्याज जिम्मेवारी सारेको छ। यसबाट सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र कम्पनीबिच दीर्घकालीन ऋण तथा ब्याजमा रु.२ करोड ६८ लाख फरक देखिएको छ। कम्पनीले जिम्मेवारी सार्दै आएको ऋण र सोको ब्याज सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

१०. **खाद्य संस्थानतर्फको ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरणअनुसार नेपाल सरकारको विशेष ऋणअन्तर्गत २०४७।११।२४ को सम्झौताअनुसार रु.५ करोड ९० लाख नेपाल खाद्य संस्थानलाई ऋण प्रवाह भएकोमा २०७४।७५ सम्म साँवा रु.४२ लाख ४३ हजार बाँकी रहेकोमा कम्पनीमा उक्त ऋण रकम लेखाङ्कन नभएको बेहोरा विगतका लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत रहेकोले हिसाब मिलान तथा लेखाङ्कन गर्नुपर्दछ।

११. **खर्च लेखाङ्कन** - कम्पनीको २०७९।८० को वित्तीय विवरणमा कर्मचारी हिसाब शीर्षकअन्तर्गत रु.८५ लाख ८५ हजार देखिएकोमा उक्त रकम कर्मचारीहरूलाई २०४०।४१ देखि नै भुक्तानी दिन बाँकी रहेको देखिन्छ। उक्त रकम विगत लामो समयदेखि जिम्मेवारी सार्दै ल्याइएकोमा हिसाब यकिन गरी फर्स्यौंट गर्नुपर्दछ।

१२. **शंकास्पद आसामी व्यवस्था** - कम्पनीले शंकास्पद आसामी व्यवस्थाअन्तर्गतको रु.३ करोड ८२ लाख विगतदेखि जिम्मेवारी सार्दै ल्याएको छ। उक्त आसामीको नामनामेसी सम्बन्धी विवरण कम्पनीमा नरहेकोले आसामीको सम्बन्धमा यकिन गर्न सकिएन। आसामीको विस्तृत विवरण यकिन गरी असुल फर्स्यौंट गर्नुपर्दछ।

१३. **क्षतिपूर्ति** - कम्पनीको यो वर्ष मुद्दा सम्बन्धी क्षतिपूर्तिमा रु.६ करोड २० लाख व्यवस्था गरेको छ। साविकको खाद्य संस्थान र एक भारतीय कम्पनीको मुद्दामा कोलकता उच्च अदालत भारतबाट सन् २०१३ मा फैसला भई यस कम्पनीले रु.६ करोड ६६ लाख क्षतिपुर्ति पाउने उल्लेख छ। उक्त रकममध्ये गत वर्षसम्म रु.६ करोड २० लाख प्राप्त भएकोमा यो वर्ष थप रकम प्राप्त भएको छैन। उक्त मुद्दाबाट कम्पनीलाई थप रु.४६

लाख प्राप्त हुनुपर्नेमा कम्पनीले उक्त रकमलाई आफ्नो खातामा लेखाङ्कन गरेको देखिएन। अदालतको फैसलाअनुसारको क्षतिपूर्ति रकम प्राप्त गरी आय लेखाङ्कन गर्नुपर्दछ।

१४. **जग्गा तथा संरचनाको उपयोग -** जग्गा तथा भवन उपयोग सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१. कम्पनीको प्रादेशिक कार्यालय, काठमाडौं र एक इन्टरनेशनल कम्पनीबिच कम्पनीको नख्खुस्थित गोदाम २०७९।१।१ देखि दुई वर्षको लागि मासिक भाडा रु.३ लाख १५ हजार तिर्ने गरी सम्झौता भएकोमा उक्त कम्पनीले सम्झौताको सर्तअनुसार समयमा भाडा नबुझाएको, आफूले भाडामा लिएको गोदाम पुनः अर्को व्यवसायीलाई भाडामा लगाएर सम्झौता उल्लङ्घन गरेकोले कानुनी कारबाही गरिनुपर्दछ।

१४.२. कम्पनीको प्रादेशिक कार्यालय बिराटनगरमा साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा दर्ता कायम रहेको बिराटनगर महानगरपालिका वडा नं ११ को साविकको नेशनल ट्रेडिङ लिमिटेडको घर र गोदाम विगतमा नेपाल सरकारले कोभिड अस्पताल बनाई प्रयोग गरेकोमा हाल सङ्क्रमण अस्पतालको रुपमा प्रदेश स्वास्थ्य मन्त्रालयअन्तर्गत सञ्चालनमा रहेको छ। उक्त जग्गा तथा भवन प्रयोग गरेबापत प्रदेश सरकारबाट कम्पनीलाई कुनै आम्दानी भएको छैन। कम्पनीले चलनचल्तीअनुसारको भाडा प्राप्तिको लागि प्रदेश सरकारसँग समन्वय गर्नुपर्दछ।

१४.३. साविकको नेशनल ट्रेडिङ्ग लिमिटेड र एक कन्स्ट्रक्सन कम्पनीबीच महेन्द्रनगर बसपार्कमा रहेको १ विगाह ७ कट्ठा १३ धुर जग्गा भाडामा दिने गरी २०७५।१०।९ मा भएको सम्झौताको सर्तअनुसार समयमा भाडा रकम नबुझाएकोले असुल गर्न आवश्यक प्रक्रिया अघि बढाउनुपर्दछ।

१४.४. पोखरामा गोदाम रहेको कित्ता नम्बर ९३९ को ६ रोपनी ५ आना ४ दाम क्षेत्रफल जग्गाको जग्गाधनी प्रमाणपूर्जा कम्पनीको नाममा रहेको छैन तर नेपाल सरकार सचिवस्तरको निर्णयानुसार साविकको खाद्य संस्थान र कृषि विकास आयोजनाले भोगाधिकार पाउने निर्णय भएको छ। जग्गाको जग्गाधनी प्रमाणपूर्जा कृषि विकास आयोजनको नाममा रहेको छ। साविकको खाद्य संस्थानको लिखत रेकर्डमा उक्त जग्गासहित १५ रोपनी १ पैसा ३ दाम जग्गा प्रति रोपनी रु.२ हजारका दरले रु.३० हजारमा खरिद गरेको देखिन्छ। जग्गाको स्वामित्व संस्थाको नाममा ल्याउनुपर्दछ।

१५. **वण्डेड वेयर हाउसको सामान** - साविकको नेशनल ट्रेडिङ लिमिटेडले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुटनीतिक सुविधा प्राप्त व्यक्ति तथा निकायका लागि वण्डेड वयरहाउस र ड्युटी फ्री सपमा विभिन्न किसिमका मदिरा, चकलेट, चुरोट, घडी, गरगहना बिक्री गर्ने गरेकोमा बिक्री हुन नसकी ठुलो परिमाणमा सामानहरू गोदाममा रहेका छन्। उक्त गोदाममा रहेका सामानमध्ये लिलाम बिक्री गर्नुपर्ने अमेरिकी डलर २ लाख ५८ हजार र नष्ट गर्नुपर्ने अमेरिकी डलर ३ लाख १३ हजारसमेत अमेरिकी डलर ५ लाख ७१ हजारको मूल्याङ्कन गरी २०७४।५।४ मा प्रतिवेदन दिएकोमा सो उपर कुनै कारबाही गरेको छैन। पुनः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गठन गरेको समितिबाट अमेरिकी डलर २ लाख ६३ हजार मूल्यका सामान काम नलाग्ने भई नष्ट गर्नुपर्ने र बाँकी अमेरिकी डलर ३ लाख १ हजार बराबरका मदिरा तथा अन्य सामान टुटफुट भएका, म्याद नाघेको कारण प्रयोग गर्न सकिने/नसकिने विषय यकिन नभएको उल्लेख गरी २०७९।५।६ मा प्रतिवेदन प्राप्त भएकोमा सो उपर थप निर्णय भएको पाइएन। यसमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले यसै साथ संलग्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको (यसपछि कम्पनी भनिएको) लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ जसमा ३१ आषाढ २०८० (१६ जुलाई २०२३) को वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा वा नोक्सानीको विवरण, अन्य विस्तृत आय विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण समावेश रहेका छन्।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको रायको आधार

हामीले नेपाल लेखामान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको "वित्तीय विवरणहरुप्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत उल्लेख गरेका छौं। कम्पनीको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र प्रचलित कानून अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा आधारभुत असर पर्ने व्यहोरा निम्नानुसार छन्।

१. कम्पनी ऐन, २०६३ को दफा १०८ अनुसार लेखा राखिदाँ दोहोरो लेखा प्रणालीमा आधारित र कम्पनीको कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी प्रचलीत कानुन बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (Accounting Standard) र कम्पनी ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था अनुरुप राख्नु पर्दछ। नेपालमा लेखामान जारि गर्ने अधिकारिक निकाय नेपाल लेखामान वोर्ड हो र सो वोर्डले जारि गरेका लेखामान नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको निर्णय अनुसार कम्पनीले अनिवार्यरुपमा नेपाल वित्तीय प्रतिवेदनमान पालना गरी वित्तीय विवरण तयार गर्नु पर्ने गरी तोकेमा सो मान अनुसार कम्पनीले नेपाल वित्तीय प्रतिवेदन अनुसार वित्तीय विवरणहरु तयार गरेको छैन।

२. कम्पनीले हालको वित्तीय प्रतिवेदनको प्रस्तुती एवं खाँकालाई नेपाल वित्तीय प्रतिवेदन मानहरुमा (NFRS) परिवर्तन गर्नुपर्ने र कम्तिमा तिन वर्षको वित्तीय विवरण, दूई वर्षको अन्य विस्तृत आय विवरण, दूई वर्षको आयको विवरण, दूई वर्षको नगद प्रवाहको विवरण, दूई वर्षको इक्विटी मा भएको परिर्वतनको विवरण प्रस्तूत गर्नु पर्ने, तर यस कम्पनीले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरिएको साथै नयाँ लेखा सिद्धान्त अनूरुप चाहिने वित्तीय सुचनाको पहिचान, यसको पूर्नलेखन, प्रस्तूती र खुलासा सम्प्रेषणं नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुनसक्छ।

३. नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेड गाभेर "खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड" दर्ता भईसकेको र मन्त्रीपरिषद्को निर्णयको बुँदा नं. २ र कम्पनी ऐन २०६३ को दफा १७३ (३) बमोजिम संस्थान वा समितिको चल अचल सम्पत्ति मूल्याङ्कन गरी उपदफा (१) बमोजिम संस्थापना हुने कम्पनीको शेयर पूँजीमा परिणत गर्न सकिनेछ र त्यसरी परिणत भएमा नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो संस्थापना वा समितिको सम्पूर्ण जायजेथा र दायित्व नयाँ स्थापना भएका कम्पनीमा सर्नुपर्नेमा नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लि. को सम्पूर्ण शेयर सम्पत्ति र दायित्व कम्पनीमा पूर्णरुपमा नामसारी नभएकाले यसको एकीकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुनसक्छ।

४. नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६/०२/१० को निर्णयानुसार साविकको नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लि.को नाममा दर्ता कायम रहेको विभिन्न जिल्लाका जग्गा जमिन "खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड" को नाममा नामसारी गर्न मिति २०७६/०६/०६ मा निर्णय भए अनुसार कम्पनीका सम्बन्धीत कार्यालयहरुलाई अख्तियारी दिई जग्गा नामसारी गरी विवरण उपलब्ध गराउन सबै कार्यालयलाई मिति २०७६/०७/०४ को च.नं. ६५ पत्रबाट जानकारी गराइएकोमा त्यसको पालना नभएकोमा यसको एकीकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुनसक्छ ।

५. वित्तीय विवरणको अनुसुचीअन्तर्गत शाखा हिसाब, आसामी हिसाब, साहु हिसाबमा सारभूत रकम उल्लेख गरिएको छ। शाखा हिसाब, आसामी हिसाब, साहु हिसाब, बाकी हिसाब, मिलान/ समायोजन हुन विगतका बर्षहरु देखि बाँकी रहेका रकमहरुको समावेश भइरहेको र त्यस्ता रकमहरुको प्रकृती र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी चारित्रीकरण गरी वित्तीय विवरणमा हिसाब मिलान नगरेसम्म सो बाट कम्पनीको सम्पत्ती, दायित्व, आम्दानी तथा खर्चमा पर्न जाने असर परिमाणीकरण गर्न सकिएन।

६. कम्पनीको असूल हुन बाकी वहाल तथा गोदाम भाडाको विस्तृत विवरण वा लगत तयार गरिएको छैन। भाडावाला संगको संझौतामा एकरुपता नभएको, संझौता अनुसार भाडावालाहरुले नियमित रुपमा भाडा रकम नबुझाएको, संझौताअनुसार भाडा रकम समयमा नबुझाएकोमा व्याज, हर्जना पनि असुल हुन नसकेको अवस्थाको कारण भाडा वक्यौता असूली प्रभावकारी नभएको र त्यस्ता रकमहरुको प्रकृती र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी चारित्रीकरण गरी वित्तीय विवरणमा हिसाब मिलान नगरेसम्म सो बाट कम्पनीको सम्पत्ती, दायित्व, आम्दानी तथा खर्चमा पर्न जाने असर परिमाणीकरण गर्न सकिएन।

७. कम्पनीको श्रेस्ताले देखाएको र बैंकले देखाएको मौज्दात भिडान गर्न बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्छ। बैंक हिसाब भिडान नभएको रकम विगतका बर्षहरुको यथावत रहेकोले हिसाब मिलान गरि अद्यावधिक गर्नुपर्छ र त्यस्ता रकमहरुको प्रकृती र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी चारित्रीकरण गरी वित्तीय विवरणमा हिसाब मिलान नगरेसम्म सो बाट कम्पनीको सम्पत्ती, दायित्व, आम्दानी तथा खर्चमा पर्न जाने असर परिमाणीकरण गर्न सकिएन।

८. वित्तीय विवरणको अनुसूची ५ मा प्रस्तुत गरिए अनुसार कम्पनीले सुचिकृत कम्पनीहरुको शेयरमा गरेको लगानीलाई बजारदर अनुरुप मूल्याङ्कन गरी भिन्नतालाई जगेडा (Reserves) मार्फत समायोजन (Adjust) गर्नुपर्नेमा परल मूल्य (Cost Price) मा लेखांकन गर्ने नीति लिएको छ।

९. कम्पनीले आफ्नो प्रधान कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका स्थिर सम्पत्तीको विवरण दुरुस्त राखेको पाइएन। स्थिर सम्पत्तीको भौतिक परीक्षण समेत नभएको पाईयो र वित्तीय विवरणमा देखाइएको स्थिर सम्पत्तीको मौज्दात स्थिर सम्पत्तीको विवरणसंग मिलान नगरेको पाईयो।

१०. कम्पनीले आयकर ऐन, २०५८ मा भएको व्यवस्था अनुरूप ह्रासकट्टी खर्च लेखाङ्कन गरेको छ। जुन नेपाल लेखामान १६ अनूरुप रहेको छैन।

११. कम्पनीले आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, कम्पनी ऐन, २०६३, श्रम ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नियामक निकायहरु तथा कार्यालयहरुमा बुझाउनु पर्ने विवरण र रकमहरु नबुझाई यी ऐन हरुको पूर्ण पालना नगरेका कारण थप दायित्वहरु समेत सृजना हुन सक्नेमा तिनको असर वित्तिय विवरणमा पर्न जाने देखिन्छ।

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन्। सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय

विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं। लेखापरीक्षण सम्बन्धी अन्य मुख्य व्यहोराहरु नभएको जानकारी गराउँदछौं।

प्रमुख लेखापरीक्षण मामिलाहरू	हामीले गरेको परीक्षणः
वित्तीय विवरणहरू र कागजात सफ्टवेर बीना मैन्युअल आधारमा राख्नु	
कम्पनीका अधिकांश कागजात र वित्तीय विवरणहरू मैन्युअल आधारमा राखिएका छन्, जसका कारण अडिट प्रक्रियामा गल्तीहरू र प्रमाणहरूको कमीकमजोरीको जोखिम हुन्छ। यस कारण, सही र समयमै जानकारी र सही डेटा उपलब्ध नगराउने जोखिम रहन्छ।	• हामीले कम्पनीका मैन्युअल रेकर्ड राख्ने प्रणालीको परीक्षण गर्न र मूल्याङ्कन गर्नका लागि कागजातहरूको भौतिक निरीक्षण गर्यौं र कागजातहरूको भण्डारण प्रक्रियामा प्रभावकारीता परीक्षण गर्यौं। • हामीले मैन्युअल लेखाङ्कन प्रक्रियामा नियन्त्रण र जोखिम मूल्याङ्कन गर्दै, खास कागजातहरूको गुणस्तर र यथासम्भव पुनः प्रमाणीकरण प्रक्रिया पनि परीक्षण गर्यौं। • कम्पनीको व्यवस्थापन र जिम्मेवार कर्मचारीसँग छलफल गरी मैन्युअल रेकर्डको मान्यता, अद्यावधिक प्रक्रिया र प्रमाणीकरण बारे जानकारी लिएका थियौं।
सूचना प्रविधि सामान्य नियन्त्रणहरू	
• लेखापरीक्षणको क्रममा हामीले कम्पनीका सूचना प्रविधि प्रणाली र नियन्त्रणहरूको मूल्याङ्कन गरेका छौं, जसको प्रभाव वित्तीय रिपोर्टिङमा व्यापक हुन्छ र यी प्रणालीमा निर्भर कारोवारको जाँच गर्न महत्त्वपूर्ण छ। • कम्पनीको थापाथली स्थित प्रादेशिक कार्यालयमा विलिङ्ग कम्प्युटराइज्ड रहेको छ र सो विलिङ कर सूचना प्रणालीलाई आयकर विभाग (IRD) को कम्प्युटराइज् विलिङ सिस्टम (CBS) सँग जडान गरिएको छ।	• कम्पनीको वित्तीय रिपोर्टिङको लागि महत्त्वपूर्ण रहेको सूचना प्रणालीहरूको पहुँच नियन्त्रणको प्रभावकारिता परीक्षण गरेका छौं। • IT विक्रेतासँगको सम्झौताका सम्बन्धमा कम्पनीको नीतिहरूको मूल्याङ्कन गरेका छौं। • अडिट अवधिमा IT प्रणाली र नियन्त्रणको समीक्षा गरेका छौं। • कम्पनीको IT प्रणाली IRD को CBMS (Central Billing Monitoring System) मा प्रविष्ट गरेका विवरणको परीक्षण गरेका छौं।
कानूनी (Legal) जोखिम एवं संभाव्य दायित्व (Contingent Liability)	
कम्पनीको विगतका कारोवारबाट सृजित मुद्दा मामिला विभिन्न अड्डा अदालतमा विचाराधिन रहेका छन। साथै, वित्तीय विवरण र रेकर्डमा दर्शाईएका हिसाबहरु समेत असुल हुने वा नहुने जोखिम रहेका छन। यी जोखिम र संभाव्य दायित्वहरुको कारण कम्पनीको संचालन तथा वित्तीय अवस्थामा प्रतिकूल प्रभाव पर्न सक्छ।	• कानूनी प्रावधान र सम्भाव्य दायित्व उपरको अन्तरिम नियन्त्रण प्रणालीको मूल्याङ्कन र परीक्षण गर्यौं। • जिम्मेवारीमा रहेका पदाधिकारीहरूसँग छलफल गर्दै सबै महत्वपूर्ण मुद्दाहरूको अवस्थाको जानकारि प्राप्त गर्यौं।

अन्य सूचनाहरु

वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन तथा निष्कर्ष व्यक्त गर्दैनौ। वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसँग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसँग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ। यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई प्रतिवेदनमा समावेश गर्नुपर्दछ।

हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दा सोमा सारभूतरुपमा गलत विवरण भएको भन्ने हाम्रो निष्कर्ष रहेमा सो विषयलाई हामीले शासकीय भूमिका वहन गर्नेहरुलाई सूचित गर्नुपर्दछ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तिय प्रतिवेदनमान NFRS अनूसार वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने तथा प्रस्तूत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको बनावट, तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरणहरु तयार गर्दा कम्पनी अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नता सँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व कम्पनी व्यवस्थापनमा रहेको छ। वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ।

प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान NFRS अनूसार यी वित्तीय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ। यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभुत रुपमा त्रूटीपुर्ण रहित विवरण तयार गर्न तथा प्रस्तूत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको बनावट, कार्यान्वयन र कायम गर्ने, उपयूक्त लेखानीतिहरु को छनौट एवं प्रयोग तथा परिस्थिती अनूरुप उचित लेखा अनूमानको प्रयोग पनि समावेश हुन्छ। व्यवस्थापनले वित्तीय विवरणहरु नेपाल लेखामान अनूरुप तयार पारेको छ।

वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु तथ्यको गलत विवरण जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित मनासिब आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छन् र ती त्रुटिहरुको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ।

लेखा परीक्षणको आधारमा वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो। हामीले हाम्रो लेखा परीक्षण नेपाल लेखा परीक्षण मान बमोजिम सम्पन्न गरेका छौ। सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीपूर्ण प्रस्तूती रहित छ भन्ने कुरामा उचित रुपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको परिपालन तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको प्रमाण प्राप्त गर्न लेखापरीक्षणका कार्यविधिको साथै वित्तीय विवरणहरु जालसाजी वा त्रूटीवाट सारभुत रुपमा त्रुटीपूर्ण हुने जोखिमको मुल्याङ्कन लेखापरीक्षकको व्यावसायिक निर्णयमा आधारित हुन्छ। उक्त जोखिमको मुल्याङ्कन गर्दा सो अवस्थामा उपयूक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतिकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रणको प्रभावकारीता माथि विचार व्यक्त नगर्ने गरी आन्तरिक नियन्त्रणको मनन गर्दछ। व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयूक्तता तथा लेखा अनूमानको औचित्यताको साथै विवरणहरुको समग्र प्रस्तुतिकरण्को मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

लेखापरीक्षणको जिम्मेवारी सम्वन्धी अन्य कुराहरु :

वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सुचना लगायत अन्य विवरण वारे पुर्याइएका यथेष्ट प्रमाण संकलन गर्ने प्रमाणको पुर्ण वा आँशिक वा छड्के परिक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समाबेस हुन्छ। यसरी अवलम्वन गरिएका लेखापरीक्षण भएको बिधिमा वित्तीय विवरण जालसाजी त्रुटिबाट सारभुत रुपमा गलत आकडा सहित प्राप्त

हुनसक्ने कुरामा अबलम्बन गरिने लेखापरिक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विवेकमा निर्मित हुन्छ। जालसजीबाट निम्त्याईएको सारभुत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

लेखापरिक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनी त्यस्तो आन्तरिक नियन्त्रण प्रणालिको प्रभावका रितबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता बिश्लेसण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतिकरणको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

लेखापरीक्षणका काममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा आधारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ। आधारभुत अनिश्चितता रहेको निष्कर्स भएमा वित्तीय विभागमा भएको खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई सम्बोधन गरिन्छ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरुमा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुको अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्य क्षेत्र, कार्य समय र लेखपरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकिय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

शासकिय कारोबार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचार संहितको परिपालना गरिएको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरिएको वारे पनि शासकिय कारोवार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

कम्पनी ऐन, २०६३ को पालना सम्बनधमा खुलासा

कम्पनी ऐन, २०६३ को दफा ११५ अनुसार, हामी थप खुलासा गर्छौं किः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टीकरण पायौं

ख) यस प्रतिवेदनको अन्य खण्डमा उल्लेख गरिएका विषय बाहेक, यस ऐन अनुरुप कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको,

ग) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं, जून हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो। यस प्रतिवेदनको अन्य खण्डमा उल्लेख गरिएका विषय बाहेक, हाम्रो रायमा यस प्रतिवेदनसँग सम्बद्ध वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा वा नोक्सानीको विवरण, अन्य विस्तृत आय विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरु प्रचलित नेपाल लेखा मान तथा कानुन बमोजिम तयार गरेको छ।

घ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टिकरण र लेखापरीक्षणको लागि आवश्यक श्रेस्ताहरुको परिक्षणबाट तल खुलासा गरिएको टिप्पणीहरुबाट वित्तीय विवरणमा पर्न सक्ने असरको अधिनमा रही, संचालक समिति अथवा कुनै पदाधिकारीले कानुनी व्यवस्थाहरु विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानि नोक्सानी गरे गराएको जानकारी हुन आएन।

ङ) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन।

च) हाम्रो रायमा शाखाको स्वतन्त्र लेखापरीक्षण नभएतापनि शाखाबाट प्राप्त विवरणहरु लेखापरीक्षणको निमित्त आधार थिए।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।९।२२ मा पठाइएको छ।**

धौवादी फलाम कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थित धौवादी क्षेत्रमा रहेको फलाम खानीको उत्खनन् तथा प्रशोधन गरी व्यावसायिक उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम २०७६।६।९ मा यस कम्पनीको स्थापना भएको हो। विभिन्न अध्ययनबाट ४१ वर्ग किलोमिटर क्षेत्रफलभित्र १० किलोमिटर लम्बाई र २५ मिटर मोटाइ भएको १० करोड मेट्रिक टन फलाम खानीको भण्डार रहेको अनुमान छ। कम्पनीमा करारसेवाका १३ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
जायजेथा, संयन्त्र र उपकरण	७९,५०		८४,९१	
अमूर्त सम्पत्ति	१५,०४,७३		९,५९,४६	
स्थगन कर सम्पत्ति (खुद)	४,०७		७१	
कर सम्पत्ति (खुद)	५६,८९		४१,३१	
अन्य सम्पत्ति	१,४७,३०		७५,९९	
कुल गैर चालु सम्पत्ति		**१७,९२,५०**		**११,६२,३८**
चालु सम्पत्ति				
लगानी	११,५०,००		०	
नगद वा बैङ्क मौज्दात	२,८१,४०		२०,६४,४०	
कुल चालु सम्पत्ति		**१४,३१,४०**		**२०,६४,४०**
कुल सम्पत्ति		**३२,२३,९०**		**३२,२६,७८**
दायित्व तथा ईक्वीटी				
दायित्व				
गैर चालु दायित्व				
कुल गैर चालु दायित्व				
चालु दायित्व				
अन्य वित्तीय दायित्व	२२,३७		१५,१५	
कुल चालु दायित्व		**२२,३७**		**१५,१५**
कुल दायित्व		**२२,३७**		**१५,१५**
ईक्वीटी				
सेयर पुँजी	३१,७२,००		३१,७२,००	
जगेडा	२९,५३		३९,६३	
कुल इक्विटी		**३२,०१,५३**		**३२,११,६३**
कुल दायित्व तथा इक्विटी		**३२,२३,९०**		**३२,२६,७८**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री	०		०	
अन्य आम्दानी	३७		१६,३०	
प्रशासकीय खर्च	१,१८,०५		१,२१,६५	
सञ्चालन नाफा/(नोक्सान)		**(१,१७,६८)**		**(१,०५,३५)**

विवरण	२०८०।८१		२०७९।८०	
लगानी आय	१,०४,२१		१,११,०५	
वित्तीय खर्च र कर अघिको नाफा/(नोक्सान)		**(१३,४७)**		**५,७०**
कर अघिको नाफा/(नोक्सान)		**(१३,४७)**		**५,७०**
आयकर खर्च	०		(२,०९)	
स्थगन कर (खर्च)/आम्दानी	३,३७		(६,६४)	
यो वर्षको खुद नाफा/(नोक्सान)		**(१०,१०)**		**(३,०३)**

३. **पुँजी संरचना** - कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब रहेकोमा जारी पुँजी रु.४ अर्ब तथा चुक्ता पुँजी रु.३१ करोड ७२ लाख रहेको छ। प्रबन्धपत्रमा सेयर पुँजी रु.१० अर्बमध्ये ५५ प्रतिशतले हुने रु.५ अर्ब ५० करोड नेपाल सरकारबाट र बाँकी ४५ प्रतिशतले हुने रु.४ अर्ब ५० करोड निजी क्षेत्रबाट लगानी हुने उल्लेख छ। कम्पनी ऐन, २०६३ को दफा ६२ बमोजिम संस्थापकहरूले खरिद गर्न कबुल गरेको सेयरबापतको रकममध्ये माग भएको पूरा रकम चुक्ता नभएसम्म कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर निष्कासन गर्न स्वीकृति प्राप्त नहुने र सेयर निष्कासन नभएसम्म निजी क्षेत्रको सहभागिता नहुने अवस्था रहेकोले हालसम्म नेपाल सरकारको मात्र सेयर लगानी रहेको छ। हालसम्म फलाम खानीको अवस्था सम्भाव्यता अध्ययन चरणमा नै रहेकोले थप सेयर निष्कासन हुन सकेको छैन।

४. **आयोजना निर्माण** - यो वर्ष पुँजीगततर्फ विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय सम्भाव्यता अध्ययन गर्ने लगायतका १४ कार्यक्रम सञ्चालन गर्न रु.३९ करोड बजेट स्वीकृत भएकोमा रु.६ करोड १४ लाख ९५ हजार खर्च गरी वित्तीय प्रगति १५.४५ प्रतिशत र भौतिक प्रगति १९.३६ प्रतिशत रहेको छ। कम्पनीले औद्योगिक क्षेत्र स्थापना गर्ने स्थानको जग्गा हालसम्म प्राप्त गर्न सकेको छैन। विभिन्न निकायसँग समन्वय र प्रकृया पूरा नगरी कार्यक्रम स्वीकृत गरेकोले विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय सम्भाव्यता अध्ययन गर्ने लगायतका ९ कार्यक्रम सञ्चालन भएको छैन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

राय

हामीले धौवादी फलाम कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा धौवादी फलाम कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणले नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम यथार्थ चित्रण गर्दछ ।

मुख्य लेखापरीक्षण मामिलाहरु (Key Audit Matter)

हाम्रो व्यवसायिक मुल्याङ्कनको आधारमा चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा प्रमुख सान्दर्भिक मामिला नै लेखापरीक्षणका प्रमुख विषयहरु हुन। यी मामिलाहरु वित्तीय विवरणमा राय व्यक्त गर्ने क्रममा लेखापरीक्षणमा समावेश गरिएको तथा ती मामिलाहरुमा हामी छुट्टै राय दिदैनौ। हामीले चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा कुनै मुख्य लेखापरीक्षण मामिलाहरु रहेका छैनन्।

अन्य जानकारी

अन्य जानकारीको जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहन्छ । अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर, वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन भने समावेश हुँदैनन् । लेखापरीक्षकलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्षा रहेको छ ।

वित्तीय विवरणहरु माथिको हाम्रो रायले अन्य जानकारी समावेश गर्दैन र हामी यस सम्बन्धमा कुनै प्रकारको आश्वस्त निष्कर्ष प्रदान गर्दैनौं ।

वित्तीय विवरणहरुको लेखापरिक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारीको अध्ययन गर्नु हो र, यसरी अध्ययन गर्दा यस्ता अन्य जानकारीहरु वित्तीय विवरणहरु तथा लेखापरीक्षणको क्रममा प्राप्त हाम्रो ज्ञानसँग सारभूतरुपमा गलत भए/नभएको विचार गर्नु पर्दछ । हाम्रो जिम्मेवारी तथा कार्यहरुको आधारमा, यदि अन्य जानकारी सारभूतरुपमा गलत भएको हाम्रो निष्कर्ष रहेमा सो तथ्यलाई हामीले प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दा सोमा सारभूतरुपमा गलत विवरण भएको भन्ने हाम्रो निष्कर्ष रहेमा सो विषयलाई हामीले शासकीय भूमिका वहन गर्नेहरुलाई सूचित गर्नुपर्दछ ।

वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय विवरणहरु तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापन हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वश्त हुनको लागि आवश्यक पर्ने आन्तरीक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि संस्थाको व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थाको लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकका कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । शासकीय कार्यभार बहन गर्ने पक्षले संस्थाको सम्प्रेषण प्रकृया निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटी बाट मुक्त छन् /छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरणलाई वित्तीय विवरणहरुलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

क) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

(ख) लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

(ग) संस्थाको व्यवस्थापनले वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

(घ) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिस्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिस्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणहरुमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

(ङ) संस्थाको व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणहरु सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणहरुले संस्थाको कारोवार र घटनाहरुलाई यथार्थ रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

(च) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

(छ) शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेकोबारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।१०।२४ मा पठाइएको छ।**

नेपाल औषधि लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

गुणस्तरीय औषधीहरू उत्पादन गरी आम जनतालाई सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले साविक कम्पनी ऐन, २०२१ बमोजिम २०२९।६।१ मा कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत तथा जारी पुँजी रु.१५ करोड एवं चुक्ता पुँजी रु.७ करोड ५५ लाख रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	३,२६,७९,६८		७,८५,५६	
धितोपत्रमा लगानी	१३,०२		१३,०२	
स्थगन कर सम्पत्ति	२२,७४,६६		२३,६१,५३	
गैर चालु सम्पत्ति		**३,४९,६७,३६**		**३१,६०,११**
मौज्दात	२,३३,७२		२,४०,०१	
व्यापारिक प्राप्य	१,३६,४६		१,२९,३७	
नगद तथा नगद समतुल्य	२,१८,७२		७,०७	
बैङ्क मौज्दात(मार्जिन) बाहेक	३,०१		२६,८६	
अग्रिम र पूर्व भुक्तानी	४,५८,५०		४,१८,६८	
चालु सम्पत्ति		**१०,५०,४१**		**८,२१,९९**
कुल सम्पत्ति		**३,६०,१७,७७**		**३९,८२,१०**
सेयर पुँजी	७,५४,९९		७,५४,९९	
सञ्चित मुनाफा/(नोक्सानी)	(२,०६,६६,०३)		(१,९७,५४,०४)	
पुँजी व्यवस्था	२,४९,२३		२,४९,२३	
पुनर्मूल्याङ्कन कोष	३,१९,३४,५०		-	
सेयरहोल्डर इक्विटी		**१,२२,७२,६९**		**(१,८७,४९,८२)**
दीर्घकालीन ऋण	९,४७,००		१०,९१,७४	
दीर्घकालीन प्रावधान	२८,०५,१८		३०,६५,६७	
गैर चालू दायित्व		**३७,५२,१८**		**४१,५७,४१**
दीर्घकालीन ऋणको वर्तमान भाग	१,१६,७२,९६		१,१३,२८,२२	
व्यापार र अन्य भुक्तानीयोग्य	८०,८०,२८		६९,८२,५४	
अन्य दायित्व	२,३९,६६		२,६३,७५	
वित्तीय दायित्व		**१,९९,९२,९०**		**१,८५,७४,५१**
कुल इक्विटी तथा दायित्व		**३,६०,१७,७७**		**३९,८२,१०**

कम्पनीको सेयरहोल्डर इक्विटी रु.१ अर्ब २२ करोड ७३ लाख, गैर चालु दायित्व रु.३७ करोड ५२ लाख र चालु दायित्व रु.१ अर्ब ९९ करोड ९३ लाख रहेको छ। त्यस्तै गैर चालु सम्पत्ति रु.३ अर्ब ४९ करोड ६७ लाख र चालु सम्पत्ति रु.१० करोड ५० लाख रहेको छ। यो वर्ष जग्गाको पुनर्मूल्याङ्कन गरेकाले पुनर्मूल्याङ्कन कोषमा रु.३ अर्ब १९ करोड ३४ लाख समावेश गरेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आय	४,७८,३६		३,५६,८६	

विवरण	२०८०।८१		२०७९।८०	
बिक्रीको लागत	(५,६२,१०)		(६,१३,१४)	
कुल नाफा/(घाटा)		**(८३,७४)**		**(२,५६,२८)**
अन्य आय	३,६६,१९		२,७०,५९	
सञ्चालनबाट कुल नाफा		**२,८२,४५**		**१४,३१**
बिक्री तथा वितरण खर्च	५,६८		७,३०	
प्रशासनिक खर्च	४,०२,८७		८,१४,५४	
वित्तीय खर्च	६,१५,६८		६,१०,१४	
मूल्यह्रास र परिशोधन	६१,२१		६१,४६	
कुल खर्च		**१०,८५,४४**		**१४,९३,४४**
करअघिको नाफा/(नोक्सानी)		**(८,०२,९९)**		**(१४,७९,१३)**
स्थगन कर-आय/(व्यय)		(८६,८७)		१६,७०
आयकर पछिको खुद नाफा/(नोक्सानी)		**(८,८९,८६)**		**(१४,६२,४३)**

सञ्चालनबाट प्राप्त आय रु.४ करोड ७८ लाख, बिक्रीको लागत रु.५ करोड ६२ लाख रहेकोमा रु.८४ लाख कुल घाटा रहेको छ। अन्य आय रु.३ करोड ६६ लाख रहेकाले सञ्चालन आम्दानी रु.२ करोड ८२ लाख रहेको देखिन्छ। बिक्री वितरण तथा प्रशासनिक खर्च पश्चात्को सञ्चालन घाटा रु.१ करोड २६ लाख रहेकोमा कर पछिको खुद नोक्सान रु.८ करोड ९० लाख रहेको छ। यसरी सञ्चालन आयबाट बिक्रीको लागत नै प्राप्त नभएको र कम्पनीको नोक्सानी वर्षेनी वृद्धि हुँदै गएकोले दीर्घकालीन व्यावसायिक योजना बनाई कार्य सञ्चालन गर्नुपर्दछ।

३. **क्षमता उपयोग -** कम्पनीले सिटामोल तथा डिष्टिल्ड वाटरको उत्पादनमा आफ्नो उत्पादन क्षमताको ७० प्रतिशतसम्म उपयोग गरेकोमा जीवनजल लगायत अन्य उत्पादनहरूमा ४० प्रतिशत मात्र क्षमता उपयोग गरेको छ। यो वर्ष उत्पादन तथा बिक्री वितरण खर्च रु.५ लाख ६८ हजार भएकोमा अवकाश प्राप्त कर्मचारी समेतको प्रशासनिक खर्च रु.४ करोड ३ लाख भएको छ। मुलुकमा उत्पादित औषधीले बजारको माग धान्न नसकी विदेशबाट ठुलो परिमाणमा औषधी आयात गर्नुपरेको अवस्थामा कम्पनीलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। सरकारले निःशुल्क रुपमा वितरण गर्ने औषधीहरू यसै कम्पनी मार्फत उपलब्ध गराउन आवश्यक समन्वय गर्ने, पूर्ण क्षमतामा सञ्चालन गरी उत्पादनमा वृद्धि गर्दै संस्थागत निरन्तरताको व्यवस्था मिलाउनु पर्दछ।

४. **अवकाश कोष -** नेपाल लेखामान १ (वित्तीय विवरणको प्रस्तुति) तथा लेखामान ३७ (व्यवस्था, सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तीय विवरणको यथार्थपरकताका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा कम्पनीले कर्मचारी दायित्वमध्ये अवकाश भएका बखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरे तापनि कोष स्थापना गरेको छैन। वर्षान्तसम्म अवकाश दायित्व रु.२८ करोड ५ लाख रहेकोले सो दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ।

५. **राजस्व बक्यौता -** आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वरबाट माग भएको शुल्क तथा ब्याजसहितको पछिल्लो कर बक्यौता रु.६ करोड ७१ लाख रहेको पाइयो। आयकरतर्फ २०५२।५३ र मूल्य अभिवृद्धि करतर्फ २०६८।६९ पश्चात् हालसम्म कर निर्धारण आदेश जारी भएको देखिएन। बक्यौता कर फरफारक गर्नुपर्दछ।

६. **ब्याज भुक्तानी -** कम्पनीको वित्तीय विवरण अनुसार नेपाल सरकारबाट प्राप्त ऋण वर्षान्तमा रु.१ अर्ब २६ करोड २० लाख रहेकोमा उक्त ऋणको ब्याज नतिरेकोले नेपाल सरकारलाई तिर्नुपर्ने व्याज रु.६० करोड ५४ लाख रहेको छ।सञ्चालन दक्षता अभिवृद्धि गरी साँवा ब्याज भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले नेपाल औषधि लिमिटेडको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थाको वित्तीय विवरणले २०८१ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् ।

१. **अवकाश दायित्व बरावरको कोष खडा नगरिएको:** नेपाल लेखामान १ (वित्तिय विवरणको प्रस्तुती) तथा लेखामान ३७ (व्यवस्था सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तिय विवरण सही र दुरुस्त हुनको लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा लिमिटेडले कर्मचारी दायित्व मध्ये कर्मचारी अवकाश भएका वखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको तर त्यसको लागि कुनै पनि कोष खडा गरेको छैन । यस वर्षको अन्त्य सम्म कुल अवकाश दायित्व रु. २८,०५,१८,१५८ रहेकोमा कोषको कुनै व्यवस्था गरेको छैन । लिमिटेडले दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ ।

२. **कर बक्यौता फरफारक नगरिएको:** लिमिटेडलाई आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वरबाट माग भएको शुल्क तथा व्याज सहितको पछिल्लो आयकर तथा मु.अ. कर बक्यौता रकम रु.६ करोड ७१ लाख रहेको छ। आयकर तर्फ आ.व.२०५२/५३ पछि तथा मू.अ. कर तर्फ २०६८/६९ पछि हालसम्म कर निर्धारण आदेश जारी भएको देखिएन। उपरोक्त विवरण अनुसारको आयकर तथा मु.अ. कर बक्यौता वापतको रकम भुक्तानी गरी कर चुक्ता लिने तर्फ कुनै प्रगति भएको छैन। वार्षिक रुपमा गर्नुपर्ने अन्तःशुल्क इजाजतपत्रको नविकरण, आयात निर्यात प्रयोजनको Exim Code नविकरण, व्यवसाय नविकरण, बैंक खाता खोल्ने तथा बन्द गर्ने लगायतका कार्यहरुको लागि पछिल्लो वर्ष सम्मको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने अनिवार्य भएकोले वक्यौता कर फरफारक गरी कर चुक्ता प्रमाणपत्र लिनु पर्दछ।

हामीले नेपाल सरकार लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनी व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो

बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रूटीबाट मुक्त छन छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरणहरु जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ ।

लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३) व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मुल्याकंन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५) व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७) शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य ऐनका प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

१) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

२) कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा उल्लेख गरिएको बाहेक लिमिटेडले आफ्नो हिसाब किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

३) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण प्रमुख लेखा नीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु र संलग्न अनुसूचीहरु लिमिटेडले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४) हामीलाई उपलब्ध गराइएको सूचना तथा स्पष्टिकरणको आधारमा कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा उल्लेख गरिएको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरीत वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।१२।२९ मा पठाइएको छ।**

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपालबाट समुद्रपार मुलुकमा निकासी तथा नेपालभित्र पैठारी हुने सामानहरूको पारवहन सम्बन्धी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२८।५।३० मा यो कम्पनीको स्थापना भएको हो। हाल नेपालमा वीरगन्ज, काँकडभिट्टा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल एवम् भारतको कोलकाता, राधिकापुर र हल्दियामा यसको शाखा विस्तार भई क्लियरिङ्ग, फरवार्डिङ, अण्डरटेकिङ्ग र गोदाम व्यवस्थापन लगायतको सेवा प्रवाह भैरहेको छ। कम्पनीको केन्द्रीय र शाखा कार्यालयमा स्थायी ३७ र करार ७१ समेत १०८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
मूर्त सम्पत्ति र उपकरण	३,१५,७३		३,२४,९३	
अमूर्त सम्पत्ति	१९,१४		२२,१४	
दीर्घकालीन लगानी	८,६२,१९		८,८३,१८	
कुल गैर चालु सम्पत्ति		**११,९७,०७**		**१२,३०,२५**
चालु सम्पत्ति				
नगद र बैङ्क मौज्दात	८,२५,५४		१०,२५,५३	
चालु कर सम्पत्ति	१,९२,०५		२,४४,९२	
मुद्दतीमा लगानी	५१,०९,२१		४५,०९,२१	
व्यापार आसामी	२,२२,९४		२,१९,७८	
अन्य आसामी, पेस्की तथा धरौटी	७९,४६		७०,१२	
कुल चालु सम्पत्ति		**६४,२९,२०**		**६०,६९,५६**
कुल सम्पत्ति		**७६,२६,२७**		**७२,९९,८१**
पुँजी र दायित्व				
सेयर पुँजी	१,२२,४३		१,२२,४३	
जगेडा कोष	५९,१४,६०		५४,७६,४६	
कुल पुँजी तथा जगेडा कोष		**६०,३७,०३**		**५५,९८,८९**
गैर चालु दायित्व				
स्थगित अनुदान आय	२७,५५		२८,५०	
दीर्घकालीन व्यवस्था	११,५१,९१		११,७९,४०	
कर्मचारी कल्याणकारी कोष	२६		१९,८१	
कुल गैर चालु दायित्व		**११,७९,७२**		**१२,२७,७१**
चालु दायित्व				
अल्पकालीन व्यवस्था	३,२८,३७		३,१९,४४	
अन्य चालु दायित्व	८१,१५		१,५३,७८	
कुल चालु दायित्व		**४,०९,५२**		**४,७३,२२**
कुल पुँजी र दायित्व		**७६,२६,२७**		**७२,९९,८१**

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	२४,४५,६६		२५,१२,४९	
बिक्री लागत	(१३,०३,९६)		(१२,८९,९६)	
कुल नाफा / (नोक्सान)		**११,४१,७०**		**१२,२२,५३**
अन्य आम्दानी	४,७५,००		५,१०,१६	
कर्मचारी खर्च	(६,९९,६६)		(७,९१,७०)	
प्रशासनिक खर्च	(२,०८,०३)		(२,४९,०५)	
ह्रास खर्च	(३५,०४)		(४०,६३)	
कुल सञ्चालन आम्दानी		**६,७३,९७**		**६,५१,३२**
बन्द भएको शाखाबाट नाफा/(नोक्सान)		**-**		**(५,२१)**
आय कर र बोनस अघिको नाफा/(नोक्सान)		**६,७३,९७**		**६,४६,११**
कर्मचारी बोनसको व्यवस्था	(३३,७०)		(५१,६९)	
आय कर अघिको नाफा/(नोक्सान)		**६,४०,२७**		**५,९४,४२**
आयकर खर्च	-		-	
अघिल्लो वर्षसम्म	४०,१६		३४,३५	
यस वर्ष	१,६१,९७		१,४८,६१	
कुल कर खर्च		**(२,०२,१३)**		**(१,८२,९६)**
खुद नाफा/(नोक्सान)		**४,३८,१४**		**४,११,४७**

यो वर्ष इन्लेण्ड कन्टेनर डिर्पोट, कन्टेनर फ्रेट स्टेशन तथा गोदाम शुल्क, अन्डरटेकिङ्ग र क्लियरिङ्ग सेवा शुल्क रु.३४ करोड ९७ लाख ५० हजार र ब्याज तथा अन्य आय रु.७ करोड ३४ लाख ५० हजारसमेत रु.४२ करोड ३२ लाख आर्जन गर्ने लक्ष्य निर्धारण भएकोमा इन्लेण्ड कन्टेनर डिर्पोट, कन्टेनर फ्रेट स्टेशन तथा गोदाम शुल्क, अन्डरटेकिङ्ग र क्लियरिङ्ग सेवा शुल्क रु.२४ करोड ४५ लाख ६६ हजार (६९.९३ प्रतिशत) र ब्याज तथा अन्य आय रु.४ करोड ७५ लाख (६४.६७ प्रतिशत) समेत रु.२९ करोड २० लाख ६६ हजार (६९.०१ प्रतिशत) आय प्राप्त भएको छ। कम्पनीको मुख्य व्यावसायिक क्रियाकलापबाट हुने अण्डरटेकिङ्ग सेवा शुल्क र क्लियरिङ्ग सेवा शुल्क गत वर्षभन्दा २.६६ प्रतिशतले घटेको देखिएको छ। कम्पनीको मुख्य व्यावसायिक क्रियाकलापलाई प्रभावकारी बनाई लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

३. **वित्तीय विवरण -** कम्पनीको ऐन, २०६३ को दफा १०८(२) मा कम्पनीले प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान अनुरूप लेखा राख्नुपर्ने व्यवस्था छ। कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मानअनुसारको वित्तीय विवरण तयार गरेको छैन। कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मानअनुसार सम्पत्ति, दायित्व, खर्च र आम्दानीको प्रस्तुतीकरण गर्नुपर्दछ।

४. **लाभांश -** कम्पनी ऐन, २०६३ को दफा १८२ मा कुनै कानुनले लाभांश वितरण गर्नबाट रोक लगाएको भएमा, लाभांश पाउने अधिकार विवादित भएमा, कम्पनीको काबु बाहिरको परिस्थितिमा वा कुनै कारणवश सो म्यादभित्र लाभांश वितरण गर्न नसकिने भएमा बाहेक लाभांश दिने निर्णय भएको ४५ दिनभित्र सेयरधनीलाई लाभांश वितरण गरी सक्नुपर्ने एवम् म्यादभित्र लाभांश वितरण नगरेमा तोकिएबमोजिमको ब्याज थप गरी लाभांश वितरण गर्नुपर्ने व्यवस्था छ। कम्पनीले मुनाफाबाट प्रत्येक वर्ष कर्मचारीलाई बोनसबापत निम्नानुसारको रकम व्यवस्था गरेको छ। कम्पनीले ऐनको उक्त व्यवस्थाबमोजिम गत विगत वर्षदेखि सेयरधनी नेपाल सरकारलाई लाभांश वितरण गरेको देखिएन। ऐनबमोजिम सेयरधनीलाई समयमै लाभांश वितरणको व्यवस्था मिलाउनुपर्दछ।

(रु. हजारमा)

आर्थिक वर्ष	खुद मुनाफा	कर्मचारी बोनसबापत व्यवस्था	कर र बोनस अघिको नाफा
२०७८।७९	८,५३,२०	९४,७३	११,८४,१०

२०७९।८०	४,११,४७	५१,६९	६,४६,११
२०८०।८१	४,३८,१४	३३,७०	६,७३,९७

५. **लिज भाडा -** नेपाल सरकार र भारत सरकारबीच भएको जग्गा सम्बन्धी ३० वर्षीय लिज सम्झौता १ नोभेम्बर १९८४ बाट सुरू भई ३१ डिसेम्बर २०१४ मा समाप्त भएकोमा थप ३० वर्षका लागि नवीकरण भएको छ। उक्त सम्झौताबमोजिम नेपाल सरकारको एजेन्सीको रूपमा कम्पनीले हल्दिया डक कम्पलेक्सको ६ हजार ९८५ वर्गमिटर र आवासीय क्षेत्रको २ हजार वर्गमिटर प्रयोग गर्न पाउने देखिन्छ। त्यस्तै, कोलकता बन्दरगाहको डक इन्टेरियर जोनभित्रको कस्टम वन्डेड क्षेत्रमा नेपालतर्फ हुने पारवहन कार्गो भण्डारण गर्न करिब ४ हजार ८८६.१५ वर्गमिटर जग्गाको लागि १ मे १९९८ देखि लागु हुने गरी २५ वर्षको दीर्घकालीन लिज सम्झौता भई ३० अप्रिल २०२३ मा समाप्त भएको छ। कोलकता डक कम्प्लेक्स र हल्दिया डक कम्प्लेक्समा जमिन उपलब्ध भए तापनि कन्टेनर फ्रेट स्टेशनको लागि पूर्वाधारहरू निर्माण नगरेकोले व्यावसायिक रूपमा उपयोग हुन सकेको छैन। कम्पनीले विगतदेखि लिज भाडा भुक्तानी गर्दै आएकोमा यो वर्ष कोलकता डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ ८ लाख ९ हजार र हल्दिया डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ २६ लाख ३० हजार भुक्तानी गरेको छ। कम्पनीले भाडामा लिएको जग्गाको व्यावसायिक रूपले उपयोग गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको लेखापरीक्षकको राय

हामीले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८१ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०८०।८१ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ ।

२. **आसामीः** कम्पनीको वित्तीय विवरणमा शंकास्पद आसामीको रुपमा रु. ३७ लाख ५९ हजार ३०५ लेखाङ्कन भएको पाइयो । सो रकम लामो समयदेखि अचल रहेको र सो रकमको निर्धारणको आधार यकिन नभएकोले उक्त रकम आसामी नै हुन भनी यकिन गर्न सक्ने अवस्था छैन । यस सम्बन्धमा गतविगतको प्रतिवेदनमा उल्लेख गरेतापनि स्थिति यथावत छ ।

३. **लेखा नीतिहरु**: लेखा नीतिहरु जस्तै ह्रासकट्टी, स्थिर सम्पति लेखांकन, बिक्री आम्दानी लेखांकन, प्रत्यक्ष खर्च, लिज पट्टा आदि सम्बन्धी नीतिहरु तयार गरिएको छैन । कम्पनीको लेखा सम्बन्धि नीति तथा टिप्पणीहरु प्रयाप्त तथा यथार्थ सूचनाहरु प्रवाह गर्दैनन् । कम्पनीले श्रेस्तामा स्थिर सम्पतिको भोगचलन हुने आयुको अनुमान र ह्रासकट्टी गर्ने गरेको छैन । त्यस्तै लिज पट्टा अवधि र सम्पति प्रयोगको अवधिको आंकलन गरिएको छैन र खराब आसामीको वर्गीकरण गरिएको छैन । कम्पनीले लेखा कार्यविधिहरु समयापेक्ष संसोधन सहित अद्यावधिक गर्नु पर्दछ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैन।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरणहरु जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३) व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा

लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५) व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७) शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन

१) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ।

३) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षणबाट सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५) संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१।१० मा पठाइएको छ।**

हेटौंडा सिमेन्ट उद्योग (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

उच्च गुणस्तरको सिमेन्ट उत्पादन, सिमेन्टको आयात प्रतिस्थापन एवं निर्यातमा योगदान, देशको औद्योगिक तथा आर्थिक विकास र रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले २०३३ सालमा उद्योग स्थापना भई २०४२ सालदेखि सिमेन्टको व्यापारिक उत्पादन शुरू भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको यस उद्योगको अधिकृत पुँजी रु.३ अर्ब रहेकोमा चुक्ता पुँजी रु.९० करोड ६ लाख ८५ हजार रहेको छ।

१. **वित्तीय स्थिति** - उद्योगको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
सम्पत्ति				
जायजेथा, संयन्त्र र उपकरण	२५,८६,०७		२७,६१,२७	
अदृश्य सम्पत्ति	१,६२		२,३९	
डेफर्ड कर सम्पत्ति (खुद)	२९,५८,६९		२६,७८,२६	
वित्तीय सम्पत्ती (अन्य वित्तीय सम्पत्ति)	८६,०५		९७,३१	
जम्मा गैर चालु सम्पत्ति		**५६,३२,४३**		**५५,३९,२३**
जिन्सी सम्पत्ति	७५,०३,४८		६७,६३,५२	
लगानी	-		३,००,००	
व्यापारिक तथा अन्य प्राप्य रकम	८,१६,९४		११,५७,११	
नगद र नगद सरह	८२,३७		२,६९,०५	
अन्य वित्तीय सम्पत्ति	४७,४५		१,३९,०२	
कर सम्पत्ति (खुद)	२,८४,९७		३,४१,५५	
अन्य सम्पत्ति	१,४३,६९		३,०५,६८	
जम्मा चालु सम्पत्ति		**८८,७८,९०**		**९२,७५,९३**
कुल सम्पत्ति		**१,४५,११,३३**		**१,४८,१५,१६**
सेयर पुँजी	९०,०६,८५		९०,०६,८५	
जगेडा	(१,१६,४९,९७)		(८९,५६,४८)	
जम्मा इक्विटी		**(२६,४३,१२)**		**५०,३७**
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	४,२२,१७		४,३४,९३	
कर्मचारी दायित्व	६१,६७,९०		६२,५०,४०	
व्यवस्था	३,०२,८१		३,०२,८१	
जम्मा गैर चालु दायित्व		**६८,९२,८८**		**६९,८८,१४**
कर्जा तथा सापटी	४६,६९,३७		४५,६०,१७	
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३०,४३,९४		२१,४२,७२	
कर्मचारी दायित्व	६,७२,५४		६,७२,५४	
अन्य वित्तीय दायित्व	१८,६३,९२		३,९४,३९	
अन्य दायित्व	११,८०		६,८३	
जम्मा चालु दायित्व		**१,०२,६१,५७**		**७७,७६,६५**
कुल इक्विटी तथा दायित्व		**१,४५,११,३३**		**१,४८,१५,१६**

उद्योगको २०८० आषाढ मसान्तमा सेयर पुँजी रु.९० करोड ६ लाख ८५ हजार, जगेडा कोष रु.१ अर्ब १६ करोड ४९ लाख ९७ हजारले ऋणात्मक रहेको छ। उद्योगको चालु दायित्व गत वर्ष रु.७७ करोड ७६ लाख ६५ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब २ करोड ६१ लाख ५७ हजार पुगेको छ। उद्योगको स्थिर

सम्पत्ति गत वर्ष रु.५५ करोड ३९ लाख २३ हजार रहेकोमा यो वर्ष रु.५६ करोड ३२ लाख ४३ हजार पुगेको छ। उद्योगको चालु सम्पत्ति गत वर्ष भन्दा ४.२८ प्रतिशतले कमी भई यो वर्ष रु.८८ करोड ७८ लाख ९० हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** उद्योगको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	५८,४१,४९		१,०२,३९,८५	
बिक्रीको लागत	(७४,५८,०९)		(१,०४,६५,१३)	
कुल नाफा		**(१६,१६,६०)**		**(२,२५,२८)**
अन्य आम्दानी	२,१६,०८		२,२५,०८	
वित्तीय लागत	(१,०९,२०)		(१,०९,२०)	
प्रशासकिय खर्च	(१३,८३,३४)		(१३,६०,८४)	
आयकर अघिको नाफा/(नोक्सानी)		**(२८,९३,०६)**		**(१४,७०,२४)**
डेफर्ड कर आम्दानी/(खर्च)	(२,८०,४३)		(४,००,९९)	
यस वर्षको खुद नाफा/(नोक्सानी)		**(२६,१२,६३)**		**(१०,६९,२५)**

उद्योगको बिक्री आम्दानी गत वर्ष रु.१ अर्ब २ करोड ३९ लाख ८५ हजार रहेकोमा यो वर्ष ४२.९५ प्रतिशतले घटी रु.५८ करोड ४१ लाख ४९ हजार भएको छ भने बिक्रीको लागत गत वर्ष रु.१ अर्ब ४ करोड ६५ लाख १३ हजार रहेकोमा यो वर्ष २८.७४ प्रतिशतले ह्रास आई रु.७४ करोड ५८ लाख ९ हजार रहेको छ। उद्योगको खुद नोक्सानी गत वर्ष रु.१० करोड ६९ लाख २५ हजार रहेकोमा यो वर्ष १४४ प्रतिशतले वृद्धि भई रु.२६ करोड १२ लाख ६३ हजार पुगेको छ।

३. **सिमेन्ट उत्पादन क्षमता -** उद्योगको वार्षिक करिब २ लाख २० हजार मेट्रिकटन सिमेन्ट उत्पादन क्षमता रहेकोमा विगत १० वर्षमा अधिकतम ५४ प्रतिशतसम्म मात्र क्षमताको उपयोग भएको छ। उद्योगमा २०७३।७४ मा ५४ प्रतिशत क्षमतामा सिमेन्ट उत्पादन भएकोमा त्यसपछिका वर्षहरूमा ५० प्रतिशतभन्दा कम क्षमतामा मात्र उत्पादन भएको देखिन्छ भने २०७८।७९ मा उत्पादन क्षमताको करिब ३१ प्रतिशत र २०७९।८० मा करिब १७.३८ प्रतिशत उत्पादन भएको छ। यसबाट उद्योगको बिक्री र आय समेत न्यून भएकोले उत्पादन क्षमताको पूर्ण उपयोग गरी बिक्री तथा मुनाफा वृद्धि गर्नुपर्दछ।

४. **सेयरमा लगानी -** उद्योगले एक लिमिटेड, एक विकास केन्द्र लिमिटेड र एक प्राइभेट लिमिटेडको सेयरमा रु.५ लाखका दरले रु.१५ लाख लगानी गरेकोमा एक लिमिटेड खारेजीमा गईसकेको र एक प्राइभेट लिमिटेडको लगानीको विगत वर्षमै शतप्रतिशत रकम नोक्सानी व्यवस्था गरेको छ।

५. **व्यापारिक तथा अन्य प्राप्य रकम -** उद्योगले सिमेन्ट डिलरहरूलाई उधारोमा सिमेन्ट दिएबापत लिनुपर्ने र साहु तथा अन्यलाई अग्रिम भुक्तानी गरेको रकम गत वर्ष रु.११ करोड ५७ लाख ११ हजार रहेकोमा यस वर्ष रु.८ करोड १६ लाख ९४ हजार रहेको छ। उद्योगले म्याद नाघेका लिनुपर्ने रकममा नियमानुसार ब्याजसमेत हिसाब गरी असुल गर्नुपर्दछ।

६. **दीर्घकालीन कर्मचारी दायित्व -** उद्योगको २०८० आषाढ मसान्तमा उपदान दायित्व रु.४१ करोड ६४ लाख ७२ हजार, औषधी उपचार दायित्व रू १३ करोड ८६ लाख ३८ हजार र बिदा दायित्व रु.६ करोड ८१ लाख ८३ हजार समेत रु. ६२ करोड ३२ लाख ९३ हजार दीर्घकालीन दायित्व रहेकोमा विदावापत दायित्वको

लागि उद्योगले लगानी नगरेको र उपदान योजना सम्पत्तिमा रु.५२ लाख २४ हजार र औषधी उपचार योजना सम्पत्तिमा रु.१२ लाख ७९ हजारसमेत रु.६५ लाख ३ हजार लगानी गरेको छ। उक्त लगानीबाट दायित्व बहन गर्न रु.६१ करोड ६७ लाख ९० हजार न्यून रहेकोले उक्त दायित्व भुक्तानी गर्नका लागि योजना बनाई लगानी गर्नुपर्दछ।

७. **ऋणात्मक बैङ्क मौज्दात -** उद्योगको स्रेस्ताअनुसार २०८० आषाढ मसान्तको ११ बैङ्कको खाताको बैङ्क मौज्दात रु.४५ लाख २५ हजार ऋणात्मक देखिन्छ। बैङ्क समायोजन विवरण तयार गरी यथार्थ मौज्दात यकिन गर्नुपर्दछ।

८. **नन-कोकिङ्ग कोइला ठेक्का -** उद्योगले एक इन्टरप्राइजेजसँग ३५ दिनभित्र ३ हजार मेट्रिक टन नन-कोकिङ्ग कोइला आपूर्ति गर्नेगरी मूल्य अभिवृद्धि कर बाहेक रु.८ करोड ६६ लाख ९७ हजारमा २०८०।१।१७ मा सम्झौता गरेकोमा सोको लागत अनुमान लेखापरीक्षणमा पेश नगरेको तथा सम्झौता बमोजिमको परिमाण आपूर्ति नगरी सो अवधिमा १ हजार ४२१.२४ मेट्रिक टन आपूर्ति गरेको देखियो। सम्झौतामा आपूर्तिकर्ताले तोकिएको म्यादमा कार्य सम्पन्न गर्न नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेकोले सो बमोजिम २०८० असार मसान्तसम्म हुने रु.१६ लाख ९१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोहि मितीमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखासंग सम्बन्धित टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा आषाढ ३१, २०८० को हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको वासलातले संस्थाको वित्तीय अवस्था, नाफा नोक्सान हिसाबले यसको वित्तीय कार्यसम्पादन, नगद प्रवाह विवरणले आर्थिक वर्षको नगद प्रवाहको विवरण, इक्वीटिमा भएको परिवर्तनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका बुँदाहरूले वित्तीय विवरणमा पुर्‍याएको असर बाहेक, नेपाल वित्तीय प्रतिवेदन मानमा भएको व्यवस्था अनुरूप समुचित तथा यथार्थ रूपमा प्रस्तुत गरेको छ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणवाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसार छनः

१. **नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) -** नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले २०७३।७४ वाट लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ । यद्यपि संलग्न गरिएका २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन ।

२. **अविच्छिन्नताको सिद्धान्त (Going Concern Assumption) -** उद्योगमा अविच्छिन्नताको सिद्धान्त (Going Concern Assumption) उपयुक्त नरहने निम्नानुसार कारणहरु रहेका छन :

क) प्रति शेयर आम्दानी रु ०।३० प्रति शेयरले ऋणात्मक (Negative Net Worth Per Share) रहेको,

ख) प्रति इकाई उत्पादन लागत रु.१७९/४८ ले घाटामा रहेको (Gross Loss Per Unit Production),

ग) उद्योगले ६९ करोड ५ लाखको कर्मचारी दायित्व वहन गर्न सक्ने अवस्था नरहेको,

घ) उद्योगको वार्षिक उत्पादन अत्यन्त न्युन रहेको (अन्तिम लेखापरीक्षण विवरण तयार हुनुभन्दा तत्काल अगाडि आ.व. २०८०।८१ मा उत्पादन क्षमताको ६ प्रतिशत पनि उत्पादन नभएको),

ङ) उद्योगले हालसम्म उद्योग संचालन सम्बन्धि औपचारिक रणनीतिक योजना (Strategic Plan) तयार नगरेको।

३. **स्थिर सम्पत्ति -** उद्योगले नेपाल लेखामान १६ जायजेथा, संयन्त्र तथा उपकरण अनूसार सम्पत्तिको उपयोगी आयू र अवशिष्ट मुल्यको आधारमा ह्रास दर निर्धारण गरेको छैन । सम्पतिको मुल्यमा महत्वपुर्ण हिस्सा ओगट्ने सम्पत्तिको एकाईलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन । उद्योगले विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेको कारण स्थिर सम्पत्तिको वास्तविक अवस्था एकिन भएको छैन । नेपाल लेखामान ३६ सम्पत्तिको क्षयिकरण अनूसार उद्योगले वार्षिक रुपमा सम्पत्तिको क्षयिकरण परिक्षण गरेको छैन र सोको आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन । उद्योगको सम्पत्ती रजिष्टरमा देखिएको रु १४ करोड २४ लाख ४२ हजारका प्रयोगमा नआएका सम्पत्तिहरुलाई एकिन गरी आवश्यक निर्णय लिएको देखिदैंन ।

४. **अन्य वित्तिय सम्पत्ति -** उद्योगले अन्य बित्तिय सम्पति रु. ८६ लाख ४ हजारलाई नेपाल बित्तिय प्रतिवेदन मान ९ बमोजिम बित्तिय सम्पत्तिलाई सूरुमा उचित मूल्य थपघट लेनदेन लागतमा पहिचान गरी पछि प्रभावकारी व्याजदर प्रयोग गरी परिशोधित लागत **(Amortized Cost)** मूल्यमा मापन गरेको छैन।

५. **जिन्सी मौज्दातः** यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छनः

५.१. उद्योगको रु. ७५ करोड ३ लाख ४७ हजार बराबरको जिन्सी मौज्दातको विगत वर्षहरुमा जस्तै यस वर्ष समेत भौतिक परिक्षण नभएकोले जिन्सी मौज्दातमा देखाएको रकमको यथार्थता यकिन हुन सकेन। नेपाल लेखामान २ अनुसार जिन्सी उत्पादनको लागि राखिएको कच्चा पदार्थ तथा अन्य आपुर्तिहरुबाट बन्ने तयारी समानको बिक्री मुल्य लागत मुल्यभन्दा कम भएतापनि सो कच्चा पदार्थ तथा आपुर्तिहरुलाई खुद प्राप्य मुल्यमा (Net Realizable Value) मापन गरेको छैन ।

५.२. नेपाल लेखामान २ अनुसार जिन्सीको लागत मुलयाङ्कन गर्दा खरिद मूल्य, रुपान्तरण लागत र सो जिन्सी हालको स्थान तथा अवस्थामा ल्याउन लागेको अन्य खर्चहरु समेत समावेश गर्नुपर्ने हुन्छ । उद्योगले यस बर्षमा वास्तविक उत्पादन साधारण उत्पादन क्षमताभन्दा निकै कम भएतापनि निश्चित उत्पादन ओभरहेडलाई वास्तविक उत्पादनकै आधारमा बाँडफाँड गरेको हुनाले जिन्सीको मुल्याङ्कन बढी गरेको देखिन्छ ।

६. **ऋणात्मक वैंक मौज्दात -** उद्योगको आषाढ मसान्त २०८० को वैंक मौज्दातको विवरण अनुसार ११ वटा वैंकहरुको जम्मा मौज्दात रु ४५,२४,८८३।६१ ले ऋणात्मक रहेको देखिन्छ जुन लेखाको सर्वमान्य सिद्दान्त अनुसार उचित छैन।

७. **कर्मचारी दायित्व -** उद्योगको कर्मचारी उपदान, औषधी उपचार तथा बिदा व्यवस्था वापतको २०८० आषाढ मसान्तसम्मको व्यतित अवधिको आधारमा रु.६९ करोड ५ लाख ४६ हजार खुद दायित्व रहेको देखिन्छ ।उद्योगसँग कर्मचारी दायित्वसँग सम्वन्धित जम्मा सम्पत्ति रु.६५ लाख २ हजार मात्र रहेकोले उक्त सम्पत्तिले कर्मचारी दायित्व थेग्न सक्ने अवस्था छैन ।

उपदान, औषधी उपचार तथा बिदा वापतको व्यवस्था नेपाल लेखामान १९ अनुसार कर्मचारी सुविधाहरु विमाङ्किय (Acturial) मुल्याङ्कनको आधारमा गर्नुपर्नेमा सो अनुसार गरेको छैन । जसले गर्दा उद्योगले कर्मचारी दायित्व अन्तर्गत लेखाङ्कन गरेको रकमले यथार्थ चित्रण गरेको छैन ।

८. **रिटेन्सन मनी/अन्य अर्नेष्ट मनीको फछर्यौंट तथा छुट्टै खातामा मौज्दात कायम नगरेको -** उद्योगले खरिद सम्झौता अनुसार बिल रकमबाट कट्टा गरेको रकम र आपुर्तिकर्ताहरुले राखेको नगद धरौटी रकम रु ४८,३३०,७९६/-रहेको, जसमा

२०७८।७९ अघिको र २०७९।८० को रिटेन्सनमनि अन्य अर्नेष्टमनी क्रमशः रु. १७,५०५,२६७/- र रु ३०,८२५,५२९/- फछ्र्यौट हुनबाँकी रहेको देखिन्छ । साथै धरौटी दायित्व रकम लाई कम्पनीले छुट्टै बैङ्क खाता खोली अभिलेख राखेको छैन ।

९. **लेखाङ्कन नगरेको दायित्व -** नेपाल विद्युत प्राधिकरणले डेडिकेटेड फिडर वापत माग गरेको थप महसुल रकम रु. ४,६७,५६,८७०/- को सम्बन्धमा उद्योग र प्रधिकरण बिच मासिक रू.१५,००,०००/- बक्यौता भुक्तानी गर्ने सम्बन्धि सहमती भएअनुसार २०७८।७९ मा रु. १ करोड ५० लाख भूक्तानी भएको मा बाँकी रु ३ करोड १७ लाख ५६ हजार दायित्वलाई लेखाङ्कन गरेको छैन ।

१०. **सम्भावित दायित्व -** उद्योगले उद्योगसंग सम्बद्ध मूद्धा र दाबी वापतको रकम सम्वन्धमा नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित सम्पत्ति बमोजिम सम्भावित दायित्व रकम निक्र्यौल गरी वित्तिय विवरणमा खुलासा गर्नुपर्नेमा सम्भावित दायित्वको प्रकृति उल्लेख भएको तर केही मुद्दाको सम्भावित दायित्वको रकम खुलासा गरेको छैन।

११. ऐन नियमको पालना सम्वन्धमा

क) कम्पनी ऐन, २०६३, दफा ७६(१) अनुसार पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने र त्यसपछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले २०७५।७६ को बार्षिक सधारण सभा गरे पश्चात २०७६।७७, २०७७।७८ र २०७८।७९ का बार्षिक साधारण सभाहरु गरेको पाइएन । साथै सो सम्वन्धमा वहन गर्नुपर्ने हर्जानाको दायित्व लेखाङ्कन गरेको छैन ।

ख) कम्पनी ऐन, २०६३, दफा ६०(१) अनुसार पब्लिक कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) घट्न गई चुक्तापूँजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको पैतीस दिनभित्र सञ्चालकहरुले कम्पनी तथा शेयरधनी समेतको हितका लागि उपयुक्त रणनीति तयार गर्नु पर्ने र सो जानकारी भएको लगत्तै पछि बस्ने साधारण सभामा यस सम्बन्धी छुट्टै प्रस्ताव राख्नु पर्नेमा त्यस सम्बन्धी सञ्चालक समितिबाट कुनै शेयरधनी समेतको हितका लागि उपयुक्त रणनीति तयार गरेको छैन ।

ग) सार्वजनिक खरिद नियमावालि २०६४ नियम ७(१) अनूसार सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्नेछ भन्ने प्रावधान रहेकोमा उद्योगले खरिदको गुरु योजना तयार गरेको छैन।

१२. सारयुक्त अनिश्चितता (Material Uncertainty)

उद्योगको आ.व. २०७९।८० को वित्तीय स्थितिको अवलोकन गर्दा संचालन घाटा वढ्दो अवस्थामा रहेको, जसले गर्दा नेटवर्थ रु १०० वाट कमी आई रु ०.३० प्रति सेयर ऋणात्मक रहन गएको, कर्मचारीको दायित्व रु ६१ करोड ६७ लाख भुक्तानी गर्न सकिने आधार नभएको, प्रति इकाइ कुल नोक्सान रु २९०।०७ रहेकोले निकायको अविच्छिन्नता उपयुक्त रहेको देखिएन ।

लेखापरीक्षणका मुख्य मामलाहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामलाहरु (Key Audit Matters) ति मामलाहरु हुन जुन हाम्रो व्यबसायिक निर्णयको आधारमा यस अबधिको वित्तिय विवरणको लेखापरीक्षणमा मुख्य महत्व राख्दछन् । यी मामलाहरु हाम्रो लेखापरीक्षणमा र हाम्रो राय जाहेर गर्नमा समग्ररुपमा लिईएको छ, साथै उक्त प्रमुख विषयहरुका लागि वेग्लै राय व्यक्त गरिएको छैन । लेखापरीक्षणका प्रमुख विषयहरु देहाय वमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रतिक्रया
१. उद्योगले खानी तथा भुगर्व विभागलाई कम्पनीले पेश गर्नुपर्ने प्रतिवेदन (Mines Feasibility Report) समयमा पेश नभएको कारणले ४८ प्रतिशत वा सो भन्दा बढि गुणँस्तरको चुनढूङ्गा उत्खनन हूने जोगिमारा खानिको लाइसेन्स नविकरण भएको छैन। जसले गर्दा कम्पनिले उत्पादन गर्नुपर्ने सिमेन्ट र उत्पादकत्वमा ह्रास हूदै जानुलाई लेखापरीक्षणको मुख्य वुँदाको रुपमा लिईएको छ ।	१. खानी तथा भुगर्व विभागलाई कम्पनीले पेश गर्नुपर्ने प्रतिवेदन(Mines Feasibility Report) समयमा पेश नभएको कारण व्यवस्थापन प्रतिनिधित्व पत्र मार्फत प्राप्त गरिएको । २. खानी तथा भुगर्व विभागसंगको करारको अध्ययन गरिएको
२. सुचना प्रविधि प्रणालीवाट निस्किने तथ्यांक तथा विवरण : उद्योगको वित्तीय प्रस्तुतिकरण, संस्थाले अपनाएको सुचना तथा तथ्यांक प्रणालीवाट निस्किने तथ्यांक तथा विवरणमा आश्रित रहेको छ । तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यकता वमोजिम रहे नरहेको सुनिश्चित गर्न सुचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यकता वमोजिम पर्याप्त तथा उपयुक्त हुनु पर्दछ । लेखा परिक्षण प्रक्रिया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकोले उक्त विषयलाई लेखा परिक्षणको मुख्य वुदांको रुपमा लिईएको छ ।	१. उद्योगले अपनाएको सुचना प्रविधि प्रणाली संस्थाको लेखा प्रयोजनका लागि उपयुक्त रहे नरहेको नेपाल लेखा परिक्षणमानको आधारमा गरिएको २. उद्योगले प्रयोजनमा ल्याएको Minds Frame ले दिने तथ्यांक तथा विवरणहरु नमुना आधारमा रुजु गरिएको
३. कम्पनी ऐन २०६३, दफा ६० (१) अनुसार पव्लिक कम्पनीको खूद सम्पत्ती (नेटवर्थ) घट्न गइ चुक्ता पूंजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको पैतिस दिनभित्र सञ्चालकहरुले उपयुक्त रणनिति तयार गर्नुपर्नेछ । उद्योगको आषाढ मसान्तको खुद सम्पत्ती (नेटवर्थ) रु ०.३० प्रति सेयर ऋणात्मक रहेको र उपयुक्त रणनिति तयार गरेको देखिदैंन ।	३. व्यवस्थापन प्रतिनिधित्व पत्र तथा व्यवस्थापन पत्रको प्रतिउत्तर मार्फत वार्षिक साधारण सभामा रणनितिक योजना पेश गर्ने प्रतिवद्धता लिईएको ।
३. **सञ्चालक समिति** - कम्पनी ऐन, २०६३ को दफा ८९(१छ) बमोजिम समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत सेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन नसक्ने व्यवस्था छ। कम्पनीको केही सञ्चालक सोही प्रकृतिको अन्य कम्पनीमा समेत सञ्चालक रहेको अवस्था छ। यससम्बन्धमा नीतिगत व्यवस्था गरी विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ।

४. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार व्यावसायिक प्रयोजनका लागि निर्माण गरिने रु. ५० लाखभन्दा बढी लागतका संरचनामा रिभर्स मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था छ। कम्पनीको निर्माणाधीन पुँजीगत सम्पत्तिमा परियोजना सम्बन्धी अन्य खर्च रु.१९ करोड ८९ लाख १४ हजार (रु.४ करोड २८ लाख ८७ हजारको वित्तीय खर्च बाहेक) समावेश भएकोमा कम्पनीले मूल्य अभिवृद्धि कर योग्य र कर छुटका खर्च नछुट्याउँदा रिभर्स मूल्य अभिवृद्धि करको दायित्व यकिन गरेको छैन। उक्त दायित्व यकिन गर्नुपर्दछ।

५. **ठेक्का व्यवस्थापन** - कम्पनी र एक संयुक्त उपक्रमबिच आयोजनाको स्थायी क्याम्प १८ महिनामा निर्माण सम्पन्न गर्न २०७७।९।३ मा रु.२५ करोड ९२ लाखको सम्झौता गरेको छ। निर्माण कम्पनीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेकोले २०८१।६।१७ सम्म ६ पटक म्याद थप गरेकोमा यो वर्षसम्मको भौतिक प्रगति ५९.०६ प्रतिशत रहेको छ। जलविद्युत आयोजनाको निर्माणमा समय तथा लागत वृद्धि हुने अवस्था नियन्त्रण गर्न कार्यतालिका बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले तामाकोशी जलविद्युत कम्पनी लिमिटेड ("कम्पनी") को ३१ आषाढ, २०८१ को वित्तिय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विवरण, नगद प्रवाह विवरण, इक्विटिमा भएको परिर्वतन सम्बन्धि विवरण एवम् प्रमुख लेखा नितिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा कैफियतसहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका विवरणले वित्तीय विवरणमा पार्ने असरबाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८१ आषाढ मसान्तको वित्तीय अवस्था र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदनमानअनुसार यथार्थ चित्रण गर्दछन् ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

मूल्य अभिवृद्धि कर निर्देशिका २०६९ को ३.१५(४) अनुसार वित्तीय खर्चबाहेक निर्माणसँग सम्बन्धित प्रत्यक्ष लागतलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) (Reverse Charge Vat) अनुसार कर लगाउने व्यवस्था छ । त्यसैगरी सोहि निर्देशिकाको उदाहरण नं ३.७ अनुसार अन्य अप्रत्यक्ष (other overhead) खर्चहरूलाई समेत मूल्य अभिवृद्धि कर ऐन, २०५२ को धारा ८(३) अन्तर्गत (Reverse Charge VAT) करयोग्य रकमको गणनामा समावेश गर्नुपर्ने व्यवस्था छ। कम्पनिको Capital Work in Progress मा अन्य परियोजना सम्बन्धी खर्चहरू रु. १९,८९,१४,२७३ (रु ४,२८,८६,७५८ को वित्तीय खर्च बाहेक) समावेश भएको छ जसमा रु २,५८,५८,८५६ को Reverse VAT तिर्नुपर्ने हुन्छ । जसमा कम्पनीले पार्टीहरूलाई पहिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर लाई कुल मूल्य अभिवृद्धि करबाट घटाउन पाईनेछ । तर कम्पनिको मूल्य अभिवृद्धि कर योग्य र अयोग्य पक्षहरू बीचको कारोवारको पृथकिकरण गर्न नसक्दा हामी यस्तो कारोवारबाट उत्पन्न हुने Net Reverse VAT को दायित्वमा टिप्पणी गर्न असमर्थ छौं।

NAS ३८ "अमूर्त सम्पत्ति (Intangible Asset)" अनुसार अनुसन्धान (वा आन्तरिक परियोजनाको अनुसन्धान चरण) मा गरिएको खर्चलाई त्यसवाट भविस्यमा आर्थिक लाभ हुने सुनिश्चतता(विकास/निर्माण चरण) भएपछि सम्पत्तिको रुपमा र सोभन्दा अगाडी खर्चको रूपमा लेखांकन गर्नुपर्दछ । कम्पनिले परियोजनाको सम्भाव्यता अध्ययन खर्च (Feasibility

Study cost) रु ४१,०७,६३,०९९ लाई Capital Work in Progress अन्तर्गत पूंजीकरण गरेको छ । आयोजनाको अनुसन्धान चरण र विकास चरण बीचको समयको पृथकिकरणको अभावमा सम्भाव्यता अध्ययन खर्च मध्ये कुन रकम खर्च लेखाङ्कन गर्नुपर्ने ? र कुन रकम सम्पत्तिको रूपमा पूंजीकरण गनुपर्ने ? भन्ने सम्बन्धमा टिप्पणी गर्न असमर्थ छौ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरिक्षणउपर लेखापरिक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालका लागि जारी गरेको आचारसंहितको हातेपुस्तक (Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

विषय उपर जोड (Emphasis of Matter)

हामी निम्न विषयमा ध्यान आकर्षित गर्न चाहन्छौं:

- वित्तीय विवरणको नोट ३.१.१ मा श्रम ऐन, २०७४ को दफा १०० (१) अनुसार प्रत्येक प्रतिष्ठानले ऐनअनुसार श्रम अडिट गर्नुपर्नेमा कम्पनीले सो गरेको पाइएन ।
- वित्तीय विवरणमा उल्लेख गरिएको नोट ३.१.१ अनुसार नेपाल विद्युत् प्राधिकरणले तामाकोशी पाँचौं जलविद्युत् परियोजना (९९.८० मेगावाट) को लागि २०७९/८० सम्म गरिएका खर्चहरूबाट उत्पन्न खुद सम्पत्ति र दायित्ववापत रु. ५४,६८,४३,१०८ स्थानान्तरण गरेको छ । उक्त रकममा रु. १५,९३,६८२ संचित नोक्सानी र रु. ९५४,२८७ सोहि आर्थिक वर्यसम्मको मुल्यह्रास समावेश छ ।

मुख्य लेखापरिक्षण मामिलाहरु (Key Audit Matters)

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं ।

मुख्य लेखापरीक्षण मामिलाहरु	हाम्रो लेखापरीक्षणले मुख्य लेखापरीक्षण विषयहरूलाई कसरी सम्बोधन गर्यो
कम्पनीले वार्षिक बजेट, नीतिहरू र कार्यक्रमअनुसार वार्षिक गतिविधिहरू, नीतिहरू र कार्ययोजना सञ्चालन गर्नुपर्छ । बजेट, नीतिहरू र कार्यक्रममा उल्लेखित गतिविधिहरूसँग सम्बन्धित भौतिक प्रगति र वित्तीय प्रगति क्रमशः ५.६२% र ५.७१% मात्र सम्पन्न गरिएको छ, जहाँ अघिल्लो आर्थिक वर्षमा सो ५.५०% र ५.२७% मात्र थियो।	हाम्रो लेखापरीक्षण दृष्टिकोणले मुख्य लेखापरीक्षण मुद्दाहरूलाई सम्बोधन गर्ने प्रक्रिया: • हामीले चालु आर्थिक वर्ष २०८०/८१ का प्रशासनिक र पूँजीगत बजेट खर्चहरूको अध्ययन गरेका थियौ। • नेपाल विद्युत् प्राधिकरणद्वारा पूँजी लगानी • कम्पनीको प्रगति प्रतिवेदन • हामी बजेट र प्रगतिको सम्बन्धमा सम्बन्धित अधिकारीहरूसँग छलफल गरेका थियौ। नतिजा: कम्पनीको उद्देश्य प्राप्त गर्न बजेट गतिविधि, योजना र नीतिको तुलनामा प्रगति अपेक्षाकृत कम भएकोले कम्पनीले गतिविधिहरू समाप्त गर्न कार्य योजना विकास गर्नुपर्दछ।
कम्पनीको सञ्चालन र आर्थिक प्रक्रियाहरू जटिल सुचना प्रविधि वातावरणमा निर्भर छन्, जसमा स्वतन्त्र र आपसमा निर्भर सुचना प्रविधि प्रणालीहरू प्रयोग गरिन्छ। कम्पनीको मुख्य वित्तीय लेखा र प्रतिवेदन प्रक्रिया सुचना प्रविधि प्रणालीमा निर्भर गर्दछ र निरन्तर	हाम्रो लेखापरीक्षण दृष्टिकोणले मुख्य लेखापरीक्षण मुद्दाहरूलाई सम्बोधन गर्ने प्रक्रिया: • कम्पनीद्वारा गरिएको सुचना प्रविधि लेखापरीक्षणमा निर्भरता

अनुगमनको अभावमा नियन्त्रण त्रुटिहरू, प्रमाणीकरण असफलता, गलत इनपुट र तथ्यांक दुरुपयोगको सम्भावना उच्च छ जसले व्यवस्थापन र नियामकहरूलाई गलत तथ्यांक रिपोर्ट गर्ने सम्भावना उत्पन्न गर्दछ। हामीले यस्ता सुचना प्रविधि प्रणालीहरू र सम्बन्धित नियन्त्रण प्रणालीहरूको पर्यावरणीय परीक्षणलाई मुख्य लेखापरीक्षण विषयको रूपमा लिएका छौं। वित्तीय प्रतिवेदन प्रक्रियाको सटीकता र विश्वसनीयता सुचना प्रविधि प्रणाली र सम्बन्धित नियन्त्रण वातावरणमा निर्भर गर्दछ।	• कम्पनिको सफ्टवेयर आपुर्तिकर्ताद्धारा समय समयमा गरिने मर्मत सम्भारसम्बन्धि विस्तृत विवरणहरु • कम्पनीले डेटा ब्याकअपको लागि अपनाएको नीति नतिजा: हामी विश्वास गर्छौं कि सूचना प्रविधि प्रणालीहरू र तिनीहरूको सान्दर्भिक नियन्त्रणहरूलाई निरन्तर अनुगमन र सुधार गर्न आवश्यक छ।

वित्तीय विवरणका लागि व्यवस्थापन र शासकीय जिम्मेवारीमा रहेका व्यक्तिहरूको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

वित्तीय विवरणहरूको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् / छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। NAS अनुसार आयोजित एक लेखापरीक्षणले सँधै एक भौतिक गलत अवस्थित भएपनि बयान पत्ता लगाउनेछ भनेर प्रत्याभूति नभइकन उचित आश्वासन आश्वासनको एक उच्च स्तर हो । गलत विवरणहरू धोखाधडी वा त्रुटिबाट उत्पन्न हुन सक्छन् र, व्यक्तिगत वा समग्रमा रूपमा प्रयोगकर्ताहरूले यी वित्तीय विवरणहरूको आधारमा लिने आर्थिक निर्णयहरूलाई प्रभाव पार्ने सम्भावना राख्छन् भने, तिनीहरूलाई महत्त्वपूर्ण मानिन्छ। नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ ।

लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

- वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत विवरणसहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।
- परिस्थिति अनुसार संस्थाको उपयुक्त लेखापरीक्षण प्रक्रिया डिजाइन गर्न आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सञ्चार गरिन्छ। शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सञ्चार गरिन्छ । शासकीय जिम्मेवारी बहन गर्ने व्यक्तिहरूसँग गरिएको संवादका आधारमा, हामीले ती विषयहरू पहिचान गर्छौं, जुन वर्तमान अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्त्वपूर्ण ठहरिए। यी नै विषयहरूलाई मुख्य लेखापरीक्षण मामिलाहरूका रूपमा मानिन्छ। यदि कुनै कानून वा नियमले यस विषयमा सार्वजनिक खुलासा गर्न प्रतिबन्ध लगाएको छैन, वा अत्यन्त दुर्लभ परिस्थितिमा, जहाँ हामीले निर्धारण गर्छौं कि कुनै विशेष विषयलाई हाम्रो प्रतिवेदनमा समावेश गर्दा त्यसको प्रतिकूल प्रभाव सार्वजनिक हितका लाभहरूभन्दा अधिक हुन सक्छ, हामी यी मामिलाहरू हाम्रो लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गर्छौं।

अन्य कानूनी र नियामक आवश्यकताहरूमा रिपोर्ट

- हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं। हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब कम्पनी ऐन, २०६३ बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ। हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्। हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन। संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।
- कम्पनी ऐन, २०६३ को धारा ८९(६) अनुसार, समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको, व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्था रहेको छ । यद्यपि, हामीले माथि उल्लेख गरिएको ऐनको प्रावधानको पालनाको पुष्टि गर्ने कुनै दस्तावेज प्रमाणित गर्न सकेनौं।
- कम्पनीको प्रबन्ध पत्रको धारा ११(२) अनुसार, शेयर पूँजीको भुक्तानी कम्पनीको बैंक खातामा जम्मा गर्नुपर्छ। यद्यपि, आर्थिक वर्ष २०८०/८१ मा कम्पनीले Upper Tamakoshi Hydropower Ltd. (Tamakoshi V Interconnection System को भुक्तानी बाँकी रहेको) को दायित्व नेपाल विद्युत् प्राधिकरण शेयर पूँजी (NEA) समायोजनको रूपमा (उक्त रकम कम्पनीको बैंक खातामा जम्मा गर्नुको सट्टा) रु. २,८९,६७,४७७.२४ शेयर पूँजी वृद्धि गरेको छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।९।१८ मा पठाइएको छ।**

दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

दुधकोशी नदीबाट ६७० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्य अनुरूप दुधकोशी जलविद्युत कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ अनुसार नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२० मा यस कम्पनीको स्थापना भएको हो। जलाशययुक्त यस जलविद्युत आयोजनाको कुल अनुमानित लागत अमेरिकी डलर २ हजार २२२ मिलियन रहेको छ। आयोजनाको २२० मिटर अग्लो रकफिल बाँधको निर्माणबाट कुल ३१.५ किलोमिटर लामो र १५८ करोड घनमिटरको कृत्रिम जलाशय (ताल) को निर्माण हुने उल्लेख छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका २० कर्मचारी र दैनिक ज्यालादारीमा ८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ २०८१		३१ अषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,७८,६७		५१	
पुँजीकृत हुन बाँकी सम्पत्ति	१,२२,५१,६१		१,०५,९८,४२	
कुल गैर चालु सम्पत्ति		**१,२५,३०,२८**		**१,०५,९८,९३**
नगद तथा बैङ्क मौज्दात	७०,९३		१,३९,०२	
अन्य गैर वित्तीय सम्पत्ति	१,०७,६६		४,४७	
चालु सम्पत्ति		**१,७८,५९**		**१,४३,४९**
कुल सम्पत्ति		**१,२७,०८,८७**		**१,०७,४२,४२**
इक्विटी				
सेयर पुँजी	१,३४,४६,३५		१,०८,०९,१५	
अन्य इक्विटी	(७,४२,९६)		(८०,१६)	
कुल इक्विटी		**१,२७,०३,३९**		**१,०७,२८,९९**
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	५,४८		१३,४३	
कुल चालु दायित्व		**५,४८**		**१३,४३**
जम्मा इक्विटी तथा दायित्व		**१,२७,०८,८७**		**१,०७,४२,४२**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी	०		०	
बिक्री	०		०	
अन्य आम्दानी	९,५०		३,७९	
कुल आम्दानी		**९,५०**		**३,७९**
खर्च				
कार्यालय सञ्चालन खर्च	६,४६,५९		७६,०६	
मर्मत सम्भार खर्च	२३,२०		०	
ह्रास खर्च	२,५२		०	
कुल सञ्चालन तथा प्रशासनिक खर्च		**(६,७२,३१)**		**(७६,०६)**
कर र बोनस अघिको नाफा/(नोक्सान)		**(६,६२,८१)**		**(७२,२७)**
कर/बोनस		०		०
करपछिको नाफा/(नोक्सान)		**(६,६२,८१)**		**(७२,२७)**

३. **सेयर संरचना** - कम्पनीको प्रबन्धपत्रमा कम्पनीको अधिकृत पुँजी रु.१० अर्बलाई प्रति शेयर रु.१०० का दरले १० करोड थान साधारण शेयरमा विभाजन गरेको छ। कम्पनीको तत्काल जारी हुने पुँजी रु.३ अर्बलाई प्रति शेयर रु.१०० का दरले ३ करोड थान साधारण शेयरमा विभाजन गरिएको छ। कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पुँजी रु.३ अर्ब रहेकोमा विद्युत प्राधिकरणको चुक्ता पुँजी रु.१४ करोड ३१ लाख ८४ हजार र अग्रिम शेयर पुँजी रु.१ अर्ब २० करोड १४ लाख ५१ हजारसमेत रु.१ अर्ब ३४ करोड ४६ लाख ३५ हजार पुँजी कायम भएको छ।

४. **खरिद व्यवस्थापन** - कम्पनीले यो वर्ष दुधकोशी नदीमा मोटरेबल पुल निर्माण कार्य गर्न रु.२२ करोड ६२ लाख ८२ हजार र आयोजनास्थल रहेको खोटाङको लामीडाँडामा प्रि-फ्याब भवन निर्माण गर्न रु.२ करोड ६४ लाख १८ हजारको सम्झौता गरेकोमा वित्तीय प्रगति क्रमशः ४.४२ प्रतिशत र ८.८१ प्रतिशत देखिएको छ।

५. **सेवा सुविधा** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको १७४.१८ प्रतिशतसम्म हुने गरी संस्थाका ९ कर्मचारीलाई रु.१ करोड ९ लाख ४४ हजार भत्ता उपलब्ध गराएको छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

Opinion

We have audited the accompanying financial statements of **Dudhkoshi Jalvidyut Company Limited.,** which comprise the Statement of Financial Position as at Ashad 31, 2081, (July 15, 2024), the Statement of Profit or Loss, the Statement of Changes in Equity and the Statement of Cash Flows for the year then ended on that date, and a summary of the significant accounting policies and other explanatory information (hereafter referred to as "the financial Statements").

In our opinion, the financial statements give a true and fair view in conformity with Nepal Financial Reporting Standards (NFRS):

a) in the case of the Statement of Financial Position, of the financial position of the **Dudhkoshi Jalvidyut Company Limited.,** as at July 15, 2024;
b) in the case of the Statement of Profit or Loss (including other Comprehensive Income), of the financial performance for year ended on that date;
c) in the case of the Statement of Changes in Equity, of the changes in equity for the year ended on that date; and
d) in the case of the Statement of Cash flows, of the cash flows for the year ended on that date.

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the company in accordance with the OAGN Code of Ethics together with the ethical requirements that are relevant to our audit of the financial statements under OAGN code of conduct and we have fulfilled our ethical responsibilities in accordance with these requirements and OAGN code of Ethics. We believe that the audit evidence we obtained is sufficient and appropriate to provide a basis for our opinion.

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statements of the current period. During our audit of the financial statements, we observed that there were no key audit matters that are to be addressed in the context of our audit as a whole and would affect in forming our opinion thereon.

Other Information

Management is responsible for other information. The other information comprises the Chairman's statement and director's report, but does not include the financial statements and our auditors report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

Responsibility of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Accounting Standards, and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the firm's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Firm or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Firm's financial reporting process.

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Firm's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.

- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Firm's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Firm to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit. We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

Report on Other Legal and Regulatory Requirements

On the basis of our examination, we would like to further report that:

i) We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose for audit.
ii) The accounts and records of the firm have been maintained as required by law.
iii) Financial statements are in agreement with the books of account maintained by the Firm.
iv) In our opinion and to the best of our information and according to the explanations given to us, the Board of Directors, the representative or any employee of the firm has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the firm deliberately or acted in a manner that would jeopardize the interest and security of the firm.
v) The operations of the firm were within its jurisdiction.
vi) We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book of accounts.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।१०।३ मा पठाइएको छ।**

नेपाल विद्युत प्राधिकरण

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

जलविद्युत उत्पादन, प्रसारण र वितरणको लागि नेपाल सरकारको पूर्ण स्वामित्व रहेको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२।५।१ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरण अन्तर्गत केन्द्रीय कार्यालयसमेत ७ प्रादेशिक कार्यालय तथा १२९ वितरण तथा ग्राहक सेवा केन्द्र रहेका छन्। प्राधिकरणबाट यो वर्ष उत्पादित विद्युत २ हजार ९११ गिगावाट घण्टा, अन्य उत्पादकबाट खरिद ९ हजार १६१ गिगावाट घण्टा तथा आयात १ हजार ८९५ गिगावाट घण्टासमेत हाल उपलब्ध विद्युत १३ हजार ९६७ गिगावाट घण्टा रहेको छ। यो वर्ष १० हजार २४३ गिगावाट घण्टा विद्युत आन्तरिक बिक्री तथा १ हजार ९४६ गिगावाट घण्टा विद्युत निर्यात भएको छ। २०८१ मसान्तसम्म प्राधिकरणको ग्राहक सङ्ख्या ५९ लाख ४० हजार तथा कर्मचारी सङ्ख्या ११ हजार ६९९ (२ हजार ८६१ मासिक ज्यालादारीसमेत) रहेको छ।

१. **वित्तीय स्थिति** - प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
सम्पत्ति तथा उपकरण	२,३४,६८,७४,६१		२,१५,५०,४०,९५	
निर्माणाधीन संरचना	२,२०,८५,५०,९३		१,७६,४२,३३,३०	
अदृश्य सम्पत्ति	६५,३८,७१		३,८०,०७	
धितोपत्रमा लगानी	१,१२,५४,६३		९०,१८,५५	
सब्सिडियरी कम्पनीमा लगानी	२९,६९,९१,८९		२५,४०,०९,८८	
संयुक्त कम्पनीमा लगानी	३२,०३,००		४,००	
एसोसिएट कम्पनीमा लगानी	११,५७,३९,२३		११,९३,७६,७६	
ऋण तथा पेस्की	४६,९०,३४,७४		४१,२४,८९,८४	
निक्षेप	१,२४,१६		२,३३,७६	
कर सम्पत्ति	९,२५,२५,६३		१०,०७,२७,०४	
अन्य गैर चालु सम्पत्ति	१,४७,९५,०२		१,२६,७१,७०	
कुल गैर चालु सम्पत्ति		**५,५६,५६,३२,५५**		**४,८२,८१,८५,८५**
जिन्सी मौज्दात	१८,४४,९६,५६		१८,१३,६७,९३	
व्यापारिक तथा अन्य प्राप्ति	४०,२२,०२,२४		४०,९७,७६,४०	
पेस्की तथा मुद्दती निक्षेप	६,८९,८८,५५		७,४०,६०,४२	
अल्पकालीन ऋण	८,१६,९२		३,२२,१५,५६	
अल्पकालीन लगानी	५,६४,३२,१५		१०,०२,०९,३०	
नगद तथा नगदजन्य सम्पत्ति	१०,७१,२७,३७		१८,८८,५३,५२	
कर सम्पत्ति	२,००,००,००		-	
अन्य चालु सम्पत्ति	३,२८,२८,४९		४,२५,१३,४४	
कुल चालु सम्पत्ति		**८७,२८,९२,२८**		**१,०२,८९,९६,५८**
कुल सम्पत्ति		**६,४३,८५,२४,८३**		**५८५,७१,८२,४३**
पुँजी तथा दायित्व				
दीर्घकालीन ऋण	२,४५,११,७७,२९		२,१६,२९,५४,३८	
स्थगित कर दायित्व	१२,०१,००,०१		१०,४९,८५,१७	
अन्य गैर चालु दायित्व	५८,६६,४९,५७		४५,४४,९८,९३	
कुल गैर चालु दायित्व		**३,१५,७९,२६,८७**		**२,७२,२४,३८,४८**
व्यापारिक तथा अन्य दायित्व	६१,३३,३२,९२		५८,२३,२०,९८	
अल्पकालीन ऋण	३,००,००,००		३,००,००,००	
अन्य चालु दायित्व	४,६२,४०,५८		४,३३,५२,०१	
कुल चालु दायित्व		**६८,९५,७३,५०**		**६५,५६,७२,९९**
सेयर पुँजी	२,०६,७३,६०,४६		१,९९,३८,३७,५१	
सञ्चित मुनाफा	४६,४७,३४,३७		३५,८४,१५,८८	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
अन्य जगेडा	५,८९,२९,६३		१२,६८,१७,५६	
जम्मा इक्विटी		**२,५९,१०,२४,४६**		**२,४७,९०,७०,९५**
जम्मा पुँजी तथा दायित्व		**६,४३,८५,२४,८३**		**५,८५,७१,८२,४३**

प्राधिकरणको यस वर्षसम्मको सञ्चित मुनाफा रु.४६ अर्ब ४७ करोड पुगेको छ। विगतमा आम्दानी जनाएको महसुलमा यस वर्षसम्म रु.११ अर्ब ५१ करोड १० लाख व्यापारिक प्राप्यमा क्षयीकरण लेखाङ्कन गरेको र सो मध्ये डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता जरिवानाबापतको रु. ५ अर्ब १६ करोड १८ लाख र बाँकी रकम सडक बत्ती, मन्दिरलगायतको सार्वजनिक स्थानको बक्यौताबापतको रकम समावेश छ।

२. **सञ्चालन नतिजा** - प्राधिकरणको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	१,१५,५०,४५,२८		१,००,३४,५५,९५	
बिक्रीको लागत खर्च	(८८,७७,७७,५१)		(८०,५३,७६,२६)	
कुल मुनाफा		**२६,७२,६७,७७**		**१९,८०,७९,६९**
अन्य आय	१०,६५,०४,२४		१०,३५,९८,९०	
कर्मचारी खर्च	(५,८६,३३,७५)		(६,३२,३१,७८)	
साधारण प्रशासनिक खर्च	(३४,२४,५२)		(४९,००,२०)	
मूल्य ह्रास	(९,१४,२६,१४)		(८,१४,७७,७९)	
अन्य सञ्चालन खर्च	(२२,६१,६६)		(१३,५७,४७)	
सञ्चालन नाफा		**२१,८०,२५,९४**		**१५,०७,११,३५**
वित्तीय आय	३,९६,४०,६४		६,६३,५१,९०	
वित्तीय खर्च	(६,४६,२०,०१)		(५,७१,९८,०१)	
अन्य नाफा/(नोक्सान)	३३,४०,८१		१,५४,१६,२१	
इम्पेयरमेन्ट (क्षयीकरण) खर्च	(५,१६,१८,३०)		(६३,२०,७६)	
अन्य गैर सञ्चालन खर्च	(१,१५,७३)		(८३,४९)	
कर अघिको नाफा		**१४,४६,५३,३५**		**१३,८०,४४,७६**
आयकर खर्च	-		(५,८८,०६)	
स्थगित आयकर	(३,९३,८२,३०)		(३,०३,४६,८३)	
करपछिको (खुद) नाफा		**१०,५२,७१,०५**		**१०,७१,०९,८७**
अन्य विस्तृत आय	**(८,४०,४७,०३)**		**(५३,९१,३७)**	
जम्मा विस्तृत आय		**२,१२,२४,०२**		**१०,१७,१८,५०**

प्राधिकरणले क्षयीकरण खर्चबापत यो वर्ष रु.५ अर्ब १६ करोड १८ लाख लेखाङ्कन गरेको छ। प्राधिकरणले डेडिकेटेट र ट्रङ्क लाईनतर्फको बक्यौताको जरिवानावापतको विगतमा आम्दानी बाँधेको रकममा सरकारद्वारा गठित विभिन्न आयोगले महसुल छुट दिने सिफारिस गरेकोमा सोलाई मध्यनजर गरी यस्तो खर्च लेखाङ्कन गरेको जनाएको छ। तथापी कतिपय पुँजीकृत गर्नुपर्ने सम्पत्तिलाई निर्माणाधीन सम्पत्तिमा लेखाङ्कन गरेर ह्रास खर्च न्यून गरेको, नियमन गर्ने निकायलाई तोकिएको सेवा शुल्क व्यवस्था नगरेको लगायतका कारणले माथि उल्लिखित मुनाफा यथार्थ परक रहेको देखिँदैन।

३. **अनुपात विश्लेषण** - प्राधिककरणको प्रमुख वित्तीय तथा अन्य सूचकको अवस्था देहायअनुसार रहेको छः

क्र.सं	विवरण	एकाई	२०८०।८१	२०७९।८०
१	कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा)	प्रतिशत	२३.१४	१९.७४
२	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आयसहित	प्रतिशत	१.८४	१०.१३
३	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आय बाहेक	प्रतिशत	९.११	९.६७
४	कुल सम्पत्तिमा खुद नाफा अनुपात	प्रतिशत	१.६४	१.६३
५	चालु अनुपात (गुणा)	अनुपात	१.२७:१	१.७२:१
६	दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात	अनुपात	४८.६१:५१.३९	४७.५९:५२.४१
७	स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	अनुपात	०.७१:१	०.६८:१
८	कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात	प्रतिशत	१४.०८	१७.०८
९	नेपाल विद्युत प्राधिकरणको उत्पादन	गिगावाट घण्टा	२९११	२९३०

क्र.सं	विवरण	एकाई	२०८०।८१	२०७९।८०
१०	स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन	गिगावाट घण्टा	९१६१	७६०६
११	विद्युत आयात	गिगावाट घण्टा	१८९५	१८३३
१२	विद्युत आयात	गिगावाट घण्टा	१९४६	१३४६
१३	ग्राहक विवरण	सङ्ख्या	५९,४०,०००	५६,४८,०४२

यो वर्ष कुल नाफा अनुपात गत वर्षको तुलनामा वृद्धि भएको छ भने खुद नाफा अनुपातमा ह्रास आएको छ। क्षयीकरण खर्चमा भएको वृद्धिले खुद नाफा अनुपात घटेको देखिन्छ। कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात, दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात, कर्मचारी खर्च र कुल खर्चको अनुपात, आयातित विद्युतको परिमाण करिब समान अनुपातमा रहेकोमा वित्तीयतर्फको आय घटेको र खर्च बढेको अवस्था छ।

४. **आय लेखाङ्कन** - वित्तीय विवरणमा समाविष्ट आसामी रु.२ अर्ब ८९ करोडको विस्तृत विवरण आय लेखाङ्कन सफ्टवेयर (एम पावर) मा उपलब्ध नभएको तथा आय लेखाङ्कन सफ्टवेयरमा लेखाङ्कन भएको आसामी रु.१ अर्ब ७५ करोड लेखा सफ्टवेयर (सिएआईएस) मा लेखाङ्कन नभएकोले रु.१ अर्ब १४ करोड आसामी वित्तीय विवरणमा बढी लेखाङ्कन भएको देखिन्छ। उक्त दुई सफ्टवेयरमा रहेको हिसाब विगत वर्षदेखि नै भिडान नगरेकोले फरक देखिएको छ।

५. **प्रोत्साहन भत्ता** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको छ। प्राधिकरणका विभिन्न निर्देशनालयले अर्थ मन्त्रालयको पूर्व सहमतिबेगर प्राधिकरणको सञ्चालक समितिको निर्णयअनुसार अतिरिक्त समय भत्ता रु.९१ करोड ८३ लाख र प्रोत्साहन भत्ता रु.११ करोड १७ लाख खर्च लेखेको छ। सो सम्बन्धी बेहोरा निम्नानुसार छन्:

५.१. प्राधिकरणको ईन्जिनियरिङ्ग निर्देशनालयअन्तर्गतका विभागले विभिन्न परियोजनाको सम्भाव्यता अध्ययनको लागि लक्ष्य निर्धारण गर्ने र प्रगति मापन गरी पूर्वनिर्धारित सूचकका आधारमा प्रोत्साहन भत्ता खर्च लेखेको छ। अन्तरनिर्देशनालयबाट स्वतन्त्र मूल्याङ्कन बेगर निर्देशनालयले कर्मचारीलाई रु.१ करोड ३७ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ। त्यसका अतिरिक्त ईन्जिनियरिङ्ग निर्देशनालयअन्तर्गतका अन्य एकाइले पनि रु. २ करोड ६८ लाख ७० हजार प्रोत्साहन भत्ता वितरण गरेका छन्।

५.२. प्राधिकरणले आयोजना व्यवस्था निर्देशनालयअन्तर्गतका विभिन्न परियोजनामा रु.३ करोड ६६ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ। समग्र योजनाको कार्यसम्पादन सूचक र प्राप्त उपलब्धिबिचको तुलना बेगर नै वार्षिक लक्ष्यका आधारमा प्रोत्साहन भत्ता वितरण गरेकोले प्रगति न्यून रहेको अवस्थामा पनि प्रोत्साहन भत्ता भुक्तानी भएको छ।

५.३. प्राधिकरणको उत्पादन निर्देशनालयअन्तर्गत सञ्चालित विभिन्न जलविद्युत आयोजनाको मर्मत सम्भार कार्यमा संलग्न कर्मचारीलाई तलबको ३ सय प्रतिशतसम्म र दशैं तथा बिदाको दिन ४ सय प्रतिशतसम्म प्रोत्साहन भत्ता प्रदान गरेको छ। यस्तो भत्ता सुपरिवेक्षणको लागि जाने अन्य कार्यालयका कर्मचारीलाई (दैनिक भत्ताको अलावा) पनि वितरण गरेको देखिन्छ। यो वर्ष उत्पादन निर्देशनालयअन्तर्गतका १८ उत्पादन आयोजनामा रु.४ करोड ८२ लाख प्रोत्साहन भत्ता खर्च लेखेको छ।

५.४. प्राधिकरणबाट सहायक कम्पनीमा काजमा खटाइएको व्यवस्थापक तथा कर्मचारीलाई सञ्चालक समितिबाट निर्णय गरी काजमा रहने कम्पनीबाट शत प्रतिशतदेखि ३ सय प्रतिशतसम्म हुने गरी ७ कम्पनीका ९१ कर्मचारीलाई रु.८ करोड ६५ लाख ४९ हजार प्रोत्साहन भत्ता उपलब्ध गराएको छ। यस्तो सेवा सुविधा वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६. **अन्तर कार्यालय हिसाब** - प्राधिकरणले आर्थिक वर्षको अन्त्यमा हिसाब भिडान गरी राफसाफ गर्नुपर्नेमा सो गरेको पाइएन। हिसाब राफसाफ नहुँदा प्राधिकरणको अन्तर कार्यालय हिसाब खुद रु.७१ करोड लिनुपर्ने देखिएको छ। समयमै हिसाब भिडान गरी हिसाब राफसाफ गर्नुपर्दछ।

७. **हिसाब हस्तान्तरण** - प्राधिकरणले विद्युत परियोजना विकास गर्नको लागि विभिन्न सहायक कम्पनीहरू स्थापना गरी कम्पनीको स्थापनापश्चात् उक्त कम्पनीमा प्राधिकरणबाट भएको खर्च हस्तान्तरण गरी कम्पनीको लागतमा समावेश गर्नुपर्दछ।

प्राधिकरणले २०८१ आषाढ मसान्तमा निम्न कम्पनीमा खर्च हस्तान्तरण गरी त्यस्ता कम्पनीको लागतमा समावेश गरेको पाइएन।

(रु. हजारमा)

कम्पनी	सम्पत्ति		दायित्व	
	चालु	गैर चालु	चालु	गैर चालु
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	४,११७.३५	२७०,५६४.२०	८,७८१.८३	५२५,३१३.००
उत्तरगंगा पावर कम्पनी लिमिटेड	४०२.६७	१०६,८६३.९५	२१,४२३.७०	८९,६०१.००
तमोर जलविद्युत कम्पनी लिमिटेड	१,०९२.८१	१,५८,४९१.३८	१२,११९.४१	९३,३३३.००
आँधीखोला जलविद्युत कम्पनी लिमिटेड	१,७३५.५६	१,०५,६१५.४४	१,८४८.१०	३३,९२६.००
जम्मा	**७,३४८.३९**	**६,४१,५३४.७७**	**४४,१७३.०४**	**७,४२,१७३.००**

यस प्रकारका सबै हिसाब कम्पनीमा हस्तान्तरण गरी सम्बन्धित कम्पनी र आयोजनाको लागतमा समावेश गर्नुपर्दछ।

८. **नगद तथा बैङ्क -** वर्षान्तमा मार्गस्थनगद मौज्दात रु.२५ करोड ८१ लाख रहेकोमा रु.१ करोड ७९ लाख विगतदेखिकै रहेको र नगद तथा बैंङ्क मौज्दात रु.९ करोड ९२ लाख ऋणात्मक रहेको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **भुक्तानीमा करकट्टी** -विदेशी निकायका नेपालमा भएका स्थायी संस्थापनले सो निकायको विदेशमा रहेको बैङ्क खातामा भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम ५ प्रतिशत स्रोतमा करकट्टी गर्नुपर्नेमा प्राधिकरणले १.५ प्रतिशत मात्र कट्टी गरेको देखिन्छ। प्राधिकरण तथा प्राधिकरणका सहायक कम्पनीहरूले यसरी १.५ प्रतिशत मात्र करकट्टी गरेकोले ५५ भुक्तानीमा रु.२ अर्ब १३ करोड करकट्टी छुट भएको देखिन्छ। यसरी छुट भएको कर असुल हुनुपर्दछ।

१०. **ऋण तथा ब्याज** - प्राधिकरणले दातृ निकाय तथा विदेशी बैङ्कबाट प्राप्त हुने ऋणको लागि नेपाल सरकारसँग सहायक ऋण सम्झौता तथा नेपाल सरकारबाट प्राप्त हुने ऋणमा सम्झौता गरी ऋण लिने गरेको पाइयो। यस्तो ऋण २०८१ आषाढ मसान्तमा रु.२ खर्ब ४८ अर्ब ११ करोड रहेको छ। गत वर्षसम्म भुक्तानी गर्न बाँकी ब्याज रु.२९ अर्ब ४९ करोड रहेकोमा यो वर्ष रु.२९ अर्ब ५४ करोड रहेको छ। प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैङ्कसँग ऋण लिँदा आर्थिक व्यवस्थापन योजना तर्जुमा तथा लागत लाभ विश्लेषण नगरी ऋण सम्झौता गरेबाट प्रतिवद्धता शुल्कबापत यो वर्ष रु.११ करोड ४८ लाख भुक्तानी गरेको छ।प्राधिकरणले एसियाली विकास बैङ्कसँग लिएको ऋण रकममा ग्रेस अवधि समाप्ति पश्चात् पनि ग्रेस अवधि अनुरूपको ब्याज मात्र लेखाङ्कन गर्दा रु.१ अर्ब १८ करोडले कम ब्याज लेखाङ्कन भएको छ।

त्यसै गरी प्राधिकरण तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबीचको हिसाब भिडान गर्न २०७९।७।२९ मा समिति गठन गरिए तापनि हिसाब मिलान भएको देखिएन। प्राधिकरण र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबिच समन्वय गरी हिसाब मिलानको कार्य सम्पन्न गर्नुपर्दछ।

११. **घर तथा जग्गा अधिग्रहण -** प्राधिकरणद्वारा सञ्चालित मर्स्याङ्दी जलविद्युत केन्द्रले घर तथा जग्गा अधिग्रहणको क्रममा केही जग्गा सो स्थानको चलनचल्तीभन्दा बढी मूल्यमा बिक्री गरेको र सोही कारोबारलाई आधार मानेर स्थानीय तहले सो स्थानको जग्गाको न्यूनतम मूल्याङ्कन सिफारिस गरेको छ। मुआब्जा निर्धारण समितिले २० कित्तामा रहेको ९ रोपनी १० आना २ दाम २ पैसा जग्गा अधिग्रहण गर्नका लागि औसत मूल्य कायम गर्न लिएका ८ ओटा दररेटमध्ये मालपोत कार्यालयको सरकारी न्यूनतम मूल्याङ्कन प्रति रोपनी रु. २१ लाख, सम्पत्ति कर प्रयोजनको लागि प्रति रोपनी रु. १८ लाख ६३ हजार, बैङ्क क को प्रति रोपनी रु.१ करोड २५ लाख, बैंङ्क ख को प्रति रोपनी रु.१ करोड ५० लाख, बैंङ्क ग र घ को प्रति रोपनी रु.१ करोड ६० लाख, त्यस अवधिको उक्त स्थानको खरिद बिक्रीको उच्चतम मूल्य प्रति रोपनी रु.१ करोड ६० लाख र वडाले सिफारिस गरेको प्रति रोपनी रु.६ करोड २४ लाखको आधारमा औसत मूल्य प्रति रोपनी रु.१ करोड ८४ लाख ९२ हजार कायम हुन गई बैङ्क क ले उपलब्ध गराएको मूल्यभन्दा प्रति रोपनी रु.५९ लाख ९२ हजार बढी भएको छ। जसबाट उक्त जग्गाको मुआब्जा खर्च रु.५ करोड ७९ लाखले बढी देखिन्छ। यसरी बैङ्किङ मूल्याङ्कनभन्दा बढी मूल्याङ्कन गरी मुआब्जा दिएको देखिँदा यस सम्बन्धमा छानबिन गरिनुपर्दछ।

१२. **प्रगति** - नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम २२ मा भएको संशोधनको बुँदा नं. २२ अनुसार बजेट कार्यान्वयनको समीक्षा गरी कार्यान्वयनमा रहेका कार्यक्रम र थप भएका कार्यक्रमको लाभ लागत विश्लेषण गरी पठाउनु सबै जिम्मेवार पदाधिकारीको कर्तव्य हुने व्यवस्था छ। सोही विनियमावलीको विनियम ३१ अनुसार प्राधिकरणको काम कारबाही प्रचलित कानुनअनुसार भए/नभएको समेत आकस्मिक छानबिन गराउनुपर्ने व्यवस्था छ। प्राधिकरणले विभिन्न निर्देशनालयअन्तर्गत गर्नुपर्ने कार्यलाई वार्षिक कार्य योजनामा समावेश गरी बजेटको व्यवस्था गरेकोमा अधिकांश निर्देशनालयले लक्ष्यअनुसार प्रगति गर्न सकेका छैनन्। यो वर्ष सम्पादित आयोजनामध्ये ५ आयोजनाको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

आयोजना	यो वर्षको			हालसम्मको भौतिक प्रगति (प्रतिशत)
	बजेट	खर्च	वित्तीय प्रगति (प्रतिशत)	
केरोन (मोरङ्ग) १३२/३३ के.भी. सब-स्टेशन आयोजना	२४५०००	१८२२९१	७४	४८.९६
ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली वृद्धि आयोजना	१९३००००	१०६७९००	५५.२८	५८.७२
खिम्ती बाह्रबिसे लप्सिफेदी ४०० के.भी. सब-स्टेशन आयोजना	१७३९२००	१८०९९७५	१०४.०७	६१.४०
१३२ के.भी. प्रसारण कन्डक्टर अपग्रेड आयोजना	६८००००	६४२६०४	९४	५९.५३
मर्स्याङ्दी २२० के.भी. कोरिडर आयोजना	२९३००००	२५७२३९५	८७	६४.८३

प्राधिकरणअन्तर्गत नेपाल सरकारमार्फत विश्व बैङ्क, एसियाली विकास बैङ्क तथा अन्य अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त ऋण तथा अनुदान साथै प्राधिकरणको आन्तरिक स्रोतबाट सञ्चालित विद्युत प्रसारण तथा वितरण परियोजनाहरूको अपेक्षित कार्य प्रगति नहुँदा समय तथा लागत वृद्धि हुने देखिन्छ। प्राधिकरणले सञ्चालित परियोजना समयमै सम्पन्न गरी विद्युत प्रसारण तथा वितरणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१३. **स्थिर सम्पत्ति तथा निर्माणाधीन सम्पत्ति** - प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ३६ बमोजिम प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र स्थिर सम्पत्तिको भौतिक परीक्षण गर्नुपर्दछ। यो वर्ष प्राधिकरणले अतिक्रमण भएको ३४७ रोपनी जग्गालगायतका सम्पत्तिको छानबिन तथा यकिन नगरेको, लेखाङ्कन गरेको २ हजार १७९ रोपनी जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको करिब रु.८ अर्ब १६ करोडको सम्पत्ति पुँजीकृत नगरेको, सफ्टवेयरमा देखिएको तथा वित्तीय विवरणको सम्पत्तिबिच रु.३८ करोड फरक देखिएबाट प्राधिकरणको वित्तीय विवरणमा उल्लिखित सम्पत्तिको यथार्थता यकिन हुन सकेको छैन। त्यस्तै वर्षान्तमा निर्माणाधीन सम्पत्ति कुल रु.२ खर्ब २० अर्ब ८५ करोड रहेकोमा सोको भौतिक परीक्षण नभएको र उक्त सम्पत्तिमध्ये रु.१३ करोड ऋणात्मक मौज्दात रहेको देखिन्छ। यी अवस्थाले ह्रास खर्चले समेत यथार्थ चित्रण गरेको देखिँदैन। प्राधिकरणले स्थिर तथा निर्माणाधीन सम्पत्तिको लेखाङ्कनमा सुधार गरी सही तथा यथार्थ वित्तीय विवरण तयार गर्नुपर्दछ।

१४. **जिन्सी व्यवस्थापन** - गत वर्षको आषाढ मसान्तमा रु.१८ अर्ब १३ करोडको जिन्सी मौज्दात रहेकोमा यो वर्षको आषाढ मसान्तमा रु.१८ अर्ब ४५ करोड मौज्दात रहेको छ। नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप उक्त जिन्सीको मूल्याङ्कन तथा क्षयीकरण परीक्षण नगरिएबाट जिन्सी मौज्दातको यथार्थ अवस्था यकिन भएको छैन। साथै, जिन्सी मौज्दातको भौतिक परीक्षण तथा छानबिन गर्दा केन्द्रीय भण्डार (हेटौडा) मा रु.७ करोड ६ लाख र जलेश्वर वितरण केन्द्रमा रु.३५ लाख ९० हजार बराबरको जिन्सी अपुग देखिएकोले सम्बन्धित कर्मचारीबाट उक्त रकम असुल गर्नुपर्दछ।

१५. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष ८.८८ प्रतिशतले वृद्धि भई रु.४८ अर्ब २६ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ५९ ग्राहकबाट विगत वर्षको असुल हुनुपर्ने रु.२३ अर्ब ४४ करोड रहेको छ। सो रकम कुल बक्यौताको ४८.५७ प्रतिशत देखिन्छ। यस अतिरिक्त सडक बत्तीको रु.६ अर्ब ८९ करोड असुल गर्न बाँकी देखिन्छ।

१६. **विद्युत नोक्सानी** - प्राधिकरणको विद्युत उत्पादन, प्रसारण तथा वितरणको नोक्सानी (चुहावट दर) गत वर्ष १३.४६ प्रतिशत रहेकोमा यो वर्ष केही सुधार भई १२.८५ प्रतिशतमा झरेको देखिन्छ। तथापि विश्वको औषत चुहावट दरको तुलनामा उक्त दर अझै उच्च रहेकोले यसका कारण पत्ता लगाई अत्यधिक विद्युत नोक्सानी भएका केन्द्रहरूमा प्रभावकारी नियन्त्रण प्रणाली अवलम्बन गरी चुहावट कम गर्ने व्यवस्था गर्नुपर्दछ।

१७. **विद्युत उत्पादन तथा खपत -** प्राधिकरणले यो वर्षसम्ममा ४५५ स्वतन्त्र ऊर्जा उत्पादकसँग करिब १० हजार ३०१ मेगावाट विद्युतको खरिद सम्झौता गरिसकेको तथा प्राधिकरणको आफ्नै विद्युत जडित उत्पादन क्षमता ६६२ मेगावाट भएकोमा हालसम्म करिब ३ हजार मेगावाट राष्ट्रिय ग्रिडमा जोडिएको र आगामी २ वर्ष भित्र थप करिब १ हजार ८१६ मेगावाटभन्दा बढी जडित क्षमता राष्ट्रिय ग्रिडमा जोडिने चरणमा रहेको छ। विद्युत उत्पादन बढ्दै जाँदा प्राधिकरणले विद्युतको आन्तरिक खपत वृद्धि, वर्षायामको उत्पादन तथा मागलाई ध्यानमा राखी विद्युत निर्यात रणनीतिको प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१८. **विद्युत महसुलको हिसाब मिलान** - नेपाल र भारत सरकारबिच भएको महाकाली सन्धिको धारा नं. १ अनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डरअनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधानअनुसार नेपाल सरकारले निःशुल्क प्राप्त गरेको विद्युत प्रति युनिट रु.४.७५ का दरले प्राधिकरणलाई उपलब्ध गराएको छ। सो बापत प्राधिकरणले नेपाल सरकारलाई अघिल्लो वर्षसम्म रु.२ अर्ब ४२ करोड र यो वर्षको रु.३३ करोडसमेत रु.२ अर्ब ७५ करोड तिर्न बाँकी रहेको देखिन्छ। त्यसैगरी, नेपाल सरकारले विगतमा कोभिड-१९ को समयमा विद्युत महसुलमा छुट दिने घोषणा गरेबमोजिम प्राधिकरणले ग्राहकलाई छुट प्रदान गरेको तथा अन्य छुटको रकमबापत वित्तीय विवरणमा रु.५ अर्ब ६ करोड लिनुपर्ने देखिएको छ। यसरी प्राधिकरणले नेपाल सरकारबाट खुद रु. २ अर्ब ३१ करोड लिन बाँकी देखिएकोले उक्त हिसाब यकिन गरी फरफारक गर्नुपर्दछ।

१९. **शिरोभार खर्च -** नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त नियमावली, २०७४ को नियम ४३ अनुसार सहायक कम्पनी र आयोजनामा काजमा खटाउँदा उपनियम १० अनुसार सहायक कम्पनीमा खटाइने कर्मचारीको शिरोभार खर्चको शतप्रतिशत रकम दीर्घकालीन दायित्वको लागि पठाउनुपर्ने उल्लेख छ। प्राधिकरणले यो वर्षको मसान्तमा सहायक कम्पनी र आयोजनामा काजमा खटाएका १२१ कर्मचारी तथा अघिल्ला वर्षहरूमा काजमा खटाइएका कर्मचारीको शिरोभार खर्चको लेखाङ्कन तथा असुल गरेको पाइएन। सो शिरोभार खर्च रकम यकिन गरी सहायक कम्पनीबाट असुलउपर गर्नुपर्दछ।

२०. **पदपूर्ति खर्च** - प्राधिकरणले यो वर्ष खुलातर्फ ८२ र आन्तरिकतर्फ २७ विज्ञापनबाट ५२२ पदको पदपूर्तिमा रु.३ करोड ३९ लाख खर्च गरेको छ। उक्त खर्चमध्ये नतिजा तयारी, नतिजा प्रकाशन र मनोवैज्ञानिक परीक्षणमा रु.१ करोड १६ लाख खर्च भएको छ। नतिजा तयारीको क्रममा अन्तरवार्ता लिँदा सिफ्टको निर्धारण लोक सेवा आयोगको कार्यविधिअनुसार गरे तापनि प्राधिकरणले बैठक भत्ता भुक्तानी गर्दा सम्बन्धित संस्थाको नियमानुसार (नेपाल सरकारतर्फ सहसचिवले अध्यक्षता गर्दा रु.२ हजार प्रति बैठक र प्राधिकरण उप-कार्यकारी निर्देशकले अध्यक्षता गर्दा रु.३ हजार प्रति बैठक) भुक्तानी गरेको छ।

२१. **भूमिगत वितरण प्रणाली** - प्राधिकरणको काठमाडौं उपत्यकामा भूमिगत विद्युत वितरण प्रणालीअन्तर्गत निर्माणाधीन ४ आयोजनाको प्रगति स्थिति निम्नअनुसार छः

(रु. हजारमा)

आयोजनाको नाम	सम्झौता मिति	सम्झौता रकम		भुक्तानी रकम (२०८१ फाल्गुनसम्म)	सुरुको म्याद	म्याद थप पश्चात् को म्याद	म्याद थप पटक	प्रगति (प्रतिशत)	
								वित्तीय	भौतिक
काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजना	१५ मार्च, २०१९	अ.डलर	२४३३०	१४१८४	९ अक्टोबर, २०२१	९ जुन, २०२५	३	८७.१६	८१.१२
		रु.	६८७४७२	५४८४८२					
ललितपुर भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजना	४ जुन, २०२१	अ.डलर	२७०६६	११५४४	८ सेप्टेम्बर, २०२४	८ डिसेम्बर, २०२५	१	४४.२३	४६.५१
		रु.	७६१६५५	२३५९२९					
काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना	२४ जुन, २०२०	अ.डलर	२८७०३	१९४९७	१९ डिसेम्बर, २०२३	म्याद थपको प्रक्रियामा रहेको	१	६३.४४	८०.८८
		रु.	११२७०६६	५३८२१८					
काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजना	१५ मार्च, २०१९	अ.डलर	२४९७८	१९५८२	९ अक्टोबर, २०२१	९ जुन, २०२५	३	७७.१९	७६.३८
		रु.	१०१०१५९	४६७८२८					

(नोटः प्रगति प्रतिशत वास्तविक कार्य सम्पादन(प्रोदभावी) को आधारमा गणना गरिएको)

उल्लिखित विवरणअनुसार काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजनाको तेस्रो पटक म्याद थप भइ ९ जुन, २०२५ सम्म म्याद रहेको छ। काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजनाको १९ डिसेम्बर, २०२३ सम्म म्याद समाप्त भई हाल म्याद थपको प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ। त्यस्तै, काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाको तेस्रो पटक म्याद् थप भई ९ जुन, २०२५ सम्म म्याद कायम रहेको छ। यसरी पटक पटक म्याद थप गर्नुपर्ने अवस्था अन्त्य गरी निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ।

२२. **कर्मचारी दायित्व -** एक्च्युरियल मूल्याङ्कनअनुसार कर्मचारी लाभ दायित्वको वर्तमान मूल्य रु.४८ अर्ब ४ करोड देखिन्छ। सो दायित्व भुक्तानी गर्नको लागि लगानी गरेको सम्पतिको मूल्य रु.८१ करोड मात्र रहेको छ। सो अनुसार कर्मचारी लाभ दायित्व वहनको लागि रु.४७ अर्ब २३ करोड लगानी अपुग देखिन्छ। कर्मचारी अवकाशको समयमा अवकाश भुक्तानीको सुनिश्चितता गर्न एक्च्युरियल मूल्याङ्कनको सिफारिसबमोजिम लगानी गर्नुपर्दछ।

२३. **सहायक कम्पनीमा सञ्चालक -** कम्पनी ऐन, २०६३ को दफा ८९(१) मा समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, कर्मचारी वा सल्लाहकार पदमा बहाल रहेको व्यक्ति अर्को कम्पनीमा सञ्चालकको रुपमा नियुक्त हुन नसक्ने व्यवस्था छ। तथापि प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रुपमा एक भन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको पाइयो। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृतिसमेत लिएको छैन। उक्त ऐनको प्रावधान बमोजिम सहायक कम्पनीमा सञ्चालक खटाउनुपर्दछ।

२४. **स्वामित्व हस्तान्तरण -** नेपाल विद्युत प्राधिकरण र हिमाल पावर लिमिटेडबिच २०५२।१०।१ मा सम्पन्न विद्युत खरिद सम्झौताबमोजिम २० वर्षको अवधि समाप्ति पश्चात् खिम्ती जलविद्युत आयोजनाको ५० प्रतिशत सेयर स्वामित्व प्राधिकरणलाई हस्तान्तरण हुनुपर्ने व्यवस्था रहेको देखिन्छ। २०७७ आषाढ २८ मा २० वर्ष अवधि पुरा भइसके तापनि सो बमोजिम स्वामित्व हस्तान्तरण नहुँदा सो सम्पत्ति प्राधिकरणको वित्तीय विवरणमा रु.१२ अर्ब ५८ करोड (विगत ५ वर्षको औसत उत्पादनको आधारमा मासिक औसत उत्पादनको आधारमा गणना गरी सोमा वर्षायाममा प्रति युनिट रु. ४.८० र हिँउदयाममा रु.८.४० खर्च घटाई विगत ३ वर्षको औसत खर्चको आधारमा वर्तमान मूल्य) लेखाङ्कन भएको छैन। सम्झौताबमोजिम सम्पत्ति हस्तान्तरण तथा लेखाङ्कन गर्नुपर्दछ।

२५. **सञ्चालक समितिको निर्णय** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अन्तर्गत अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको तलब, भत्ता, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने उल्लेख छ। प्राधिकरणको सञ्चालक समितिले अन्य सहायक संस्थामा सञ्चालक नियुक्ति गर्ने सम्बन्धमा नेपाल सरकारको र संस्थालाई दीर्घकालीन असर पर्ने निर्णय गर्दा अर्थ मन्त्रालय एवम् तालुक निकायबाट पूर्व स्वीकृति लिएको देखिएन। समितिले २ हजार ८६१ दैनिक ज्यालादारी कर्मचारीलाई मासिक ज्यालादारीमा परिणत, १० दिने पर्यटन बिदाको व्यवस्थालाई संशोधन गरी १० दिने पर्यटन काजको व्यवस्था, नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने मुनाफाबाट २०७७।७८ देखि २०८०।८१ सम्म कर्मचारीको कल्याणकारी कोषमा रु.४५ करोड स्थानान्तरण, आन्तरिक लेखापरीक्षणसँग सम्बन्धित दैनिक भ्रमण भत्ता वृद्धि, सहायक र सम्बद्ध कम्पनीमा कर्मचारी काजमा पठाउँदा प्रोत्साहनलगायतका अन्य भत्ता प्रदान, आयोजना, उत्पादन केन्द्र, भार प्रेषण केन्द्रमा प्रोत्साहन भत्ताको व्यवस्था लगायतका निर्णय गरेकोमा अर्थ मन्त्रालय एवम् तालुक निकायहरूबाट स्वीकृति लिएको देखिएन। त्यसैगरी सञ्चालक समितिले ज्यालादारी कर्मचारीलाई मासिक तलब भत्ता भुक्तानी दिने गरी स्वीकृत गरेको कार्यविधिमा अन्य निकायबाट प्रश्न उठेमा सोहीअनुसार हुने शर्त राखेर स्वीकृत गरेको देखियो। यस्तो शर्त राखी स्वीकृत गरेको कार्यविधि औचित्यपूर्ण देखिँदैन।

२६. **विद्युत खरिद सम्झौता -** यस वर्षसम्म कनेक्सन सम्झौता भएका ९५ वटा रन अफ रिभर आयोजनामध्ये अदालतमा मुद्दामा रहेका २, विद्युत खरिद सम्झौता मस्यौदा तयार भएका २, विद्युत खरिद सम्झौता व्यवस्थापनद्वारा अनुमोदन भएका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत ७, विद्युत खरिद सम्झौता सम्पन्न भएका ६७, सूचीबाट हटाएका १५ र विद्युत नियमन आयोगको स्वीकृतिको लागि पठाएको १ आयोजना रहेका छन्। यसैगरी ५५ पिकिङ्ग रन अफ रिभर आयोजनामध्ये प्रक्रिया जारी रहेका २, विद्युत नियमन आयोगद्वारा स्वीकृत २, विद्युत खरिद सम्झौता सम्पन्न भएका ३४, विद्युत नियमन आयोगमा स्वीकृतिका लागि पठाएका २ र कोटा सकिएका कारण कारबाही हुन बाँकी १५ आयोजना रहेको देखिन्छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

Qualified Opinion

We have audited the accompanying consolidated Financial Statements of Nepal Electricity Authority (NEA) and its subsidiaries (collectively referred as "Group") which comprise Consolidated Statement of Financial Position as at 31st Ashad 2081 (corresponding to 15th July 2024), Consolidated Statement of Profit or Loss and Other Comprehensive Income, Consolidated Statement of Changes in Equity, Consolidated Statement of Cash Flows for the year then ended, and notes to the Financial Statements, including a summary of significant accounting policies.

In our opinion, except for the effects of the matters described in the *Basis for Qualified Opinion* section of our report, the accompanying consolidated financial statements present fairly, in all material respects, the financial position of NEA and the Group as at 31st Ashad, 2081 (corresponding to 15th July, 2024), and its consolidated financial performance and its consolidated cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

Basis for Qualified Opinion

Our opinion is qualified on the following matters of accompanying consolidated financial statements:

A. Various General Matters That Have Significant Effects on Fairness of Financial Statements

1. Property Plant and Equipment (PPE)

a. Fair and Appropriate Presentation of Carrying Amount of PPE

दिई प्राप्त भएको जग्गाको स्वामित्व नेपाल सरकार वा संस्थामा सरेपछि कुनै प्रकारको घर, टहरा, पर्खाल बनाउन र आबाद गर्न नहुने उल्लेख छ। कम्पनीले यो वर्ष ६ जग्गाधनीबाट जग्गा प्राप्त गरी रु.१ करोड ५३ लाख ४६ हजार मुआब्जा वितरण गरेकोमा त्यसमा भएका संरचना घर, टहरालगायत साविक आयोजनाले अधिग्रहण गरेको ४८ हजार १६७ रोपनी जग्गा व्यावसायिक कार्यमा उपयोग हुन सकेको छैन। विद्युत उत्पादनका लागि आवश्यक संरचना निर्माण गरी कार्य प्रारम्भ गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायको आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने कैफियत निम्न अनुसार रहेको छ ।

१. सम्पत्ति तथा दायित्वको नामसारी

कम्पनीमा साबिकको बुढीगण्डकी जलविद्युत आयोजना बिकास समिति खारेज भई सो समितिबाट प्राप्त हुने सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न गठित मुल्यांकन समितिले खुद पूँजीगत खर्च रु.४२,३४,६३,२५,६०८.९३ कायम गरेतापनि सम्पत्ति तथा दायित्व कम्पनीको नाममा नामसारी नभएको देखियो । साथै जग्गाधनी दर्ता प्रमाण पुर्जा नेपाल सरकार बुढीगण्डकी जलविद्युत आयोजनाको नाममा भएको तर जग्गा मुआब्जाको भुक्तानी कम्पनीबाट भएको पाइयो र जग्गाहरु बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको नाममा नामसारी भएको पाइएन ।

२. लगानी श्रोत सुनिश्चित नभएको

संचालक समितिको २०८०।१२।१ को १८औं बैठकको निर्णयानुसार बुढीगण्डकी जलविद्युत आयोजनाको वित्तीय लगानीको ढाँचा नेपाल सरकार, मन्त्रीपरिषदबाट स्वीकृत गर्ने प्रयोजनार्थ दुई विकल्प सहितको वित्तीय लगानीको योजना ढाँचा तयार गरी सहमतिको लागि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाएको पाइयो जस अनुसार,

विकल्प १: Viability Gap Funding उपलब्ध नभएमा (कर्जा स्वपूँजी अनुपात ७५:२५) आयोजना विकास गर्न बुढीगण्डकी जलविद्युत कम्पनीलाई नेपाल सरकारले न्यून सम्भाव्यता कोष (VGF) उपलब्ध नगराई जग्गा प्राप्ति लगायतका कार्यमा नेपाल सरकारबाट भएको खर्चलाई स्वपूँजीमा समावेश गरी थप र सहुलियतपूर्ण ऋण लगानीको रुपमा उपलब्ध गर्ने,

विकल्प २: Viability Gap Funding उपलब्ध भएमा (कर्जा स्वपूँजी अनुपात ७०:३०) आयोजना विकास गर्न बुढीगण्डकी जलविद्युत कम्पनीलाई नेपाल सरकारले जग्गा प्राप्ति, सार्वजनिक पूर्वाधारहरुको पुनर्स्थापना, वातावरण संरक्षण र वन क्षेत्र प्रयोगको लागि खर्च बापतको आवश्यक रु.७३.२ अर्ब रकम नेपाल सरकारले Viability Gap Funding (VGF) वापत रु. ७३ अर्ब प्रदान गर्ने रहेको छ ।

उक्त लगानी श्रोतको विकल्पहरु सुनिश्चितता भएको पाइएन ।

मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters)

हाम्रो व्यवसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयवस्तुहरु रहेको छैन ।

वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविच्छिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भुलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जलसाझी वा गल्तीबाट निम्तिन्छन् र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपुर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधिमा लेखापरीक्षण समावेश हुन्छ । यसरी अवलम्बन गरिने लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्त्याइएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखीम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणको क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता आचारसंहिताको परिपालन गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे शासकीय कार्यभार बहन गर्ने व्यक्तीलाई सम्प्रेषण गरिन्छ ।

अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदन

हामीलाई उपलब्ध जानकारी, स्पष्टिकरण, सूचनाहरु र हाम्रो लेखापरीक्षणको आधारमा निम्न अनुसार प्रतिवेदन पेश गर्दछौं ।

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ उपलब्ध भयो ।

ख) यस प्रतिवेदनसँग संलग्न वित्तीय विवरणहरु कम्पनी ऐन, २०६३ र अन्य प्रचलित कानुन बमोजिम तयार भएको र कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ ।

ग) हाम्रो रायमा कम्पनीबाट पाएको विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।८।२० मा पठाइएको छ।**

मोदी जलविद्युत कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

मोदी जलविद्युत कम्पनी लिमिटेड माथिल्लो मोदी "ए" जलविद्युत आयोजना, (४२ मेगावाट) र माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मेगावाट) को प्रबर्धन एवं सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७५।३।२७ मा स्थापित पब्लिक लिमिटेड कम्पनी हो। कम्पनीमा पूर्ण रूपमा नेपाल विद्युत प्राधिकरणको लगानी रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटाएका ११ र दैनिक ज्यालादारीका १८ कर्मचारी रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ, २०८१		३१ अषाढ, २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,८९,४३		२,५५,८५	
पुँजीकृत हुन बाँकी सम्पत्ति	४५,२८,८२		२६,८८,५१	
लिज सम्पत्ति	४२,५१		५७,७१	
बैङ्क मुद्दती निक्षेप	१,००,००		४,००,००	
कुल गैर चालु सम्पत्ति		**४९,६०,७६**		**३४,०२,०७**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	७२		१५	
नगद वा बैङ्क मौज्दात	३८,६१		४,५४,०७	
चालु कर सम्पत्ति	१६,८७		१३,६४	
पेस्की तथा बैङ्क निक्षेप	४,६०,१८		४,६२,२५	
कुल चालु सम्पत्ति		**५,१६,३८**		**९,३०,११**
कुल सम्पत्ति		**५४,७७,१४**		**४३,३२,१८**
इक्विटी तथा दायित्व				
सेयर पुँजी	४१,००,००		३८,००,००	
अग्रिम सेयर पुँजी	१०,९०,००		३,००,००	
अन्य इक्विटी	५५,९३		४६,३०	
कुल इक्विटी		**५२,४५,९३**		**४१,४६,३०**
दायित्व				
गैर चालु दायित्व				
अन्य गैर चालु दायित्व	३७,८३		५३,१५	
स्थगन कर दायित्व	४,१९		३५	
कुल गैर चालु दायित्व		**४२,०२**		**५३,५०**
चालु दायित्व				
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	७७,३१		३५,२७	
अन्य चालु दायित्व	१,११,८८		९७,११	
कुल चालु दायित्व		**१,८९,१९**		**१,३२,३८**
कुल इक्विटी तथा दायित्व		**५४,७७,१४**		**४३,३२,१८**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	०		०	
सञ्चालन तथा प्रशासनिक खर्च	१३,५४		५,७४	
सञ्चालनबाट नाफा/(नोक्सान)		**(१३,५४)**		**(५,७४)**

विवरण	२०८०।८१		२०७९।८०	
वित्तीय आम्दानी	२५,७५		५९,०७	
अन्य आम्दानी	१,२६		८१	
कुल आम्दानी		**२७,०१**		**५९,८८**
कर अघिको नाफा/(नोक्सान)		**१३,४७**		**५४,१४**
स्थगन कर खर्च		३,८४		१,१५
खुद नाफा/(नोक्सान)		**९,६३**		**५२,९९**

कम्पनीको वित्तीय आम्दानी ५६.४१ प्रतिशतले घटेको, सञ्चालन तथा प्रशासनिक खर्च १३५.८९ र स्थगन कर २३३.९१ प्रतिशतले बढेको कारण खुद नाफा ८१.८३ प्रतिशतले घटेको देखिन्छ।

३. **आयोजना निर्माण** - यस कम्पनीअन्तर्गतको ४२ मेगावाटको परियोजनाको निर्माण अवधि २०८१।१।२५ देखि २०८५।१।२४ सम्म रहेको छ। यो परियोजनाको सिभिल र हाइड्रो मेकानिकल कार्य गर्न २०८१।१।२६ मा खरिद सम्झौता भई कार्य शुरू भएको र ईलेक्ट्रो-मेकानिकल कार्यको बोलपत्र २०८१।२।९ मा आह्वान गरेको छ। यसैगरी १८.२ मेगावाटको अर्को परियोजनाको सिभिल र हाइड्रो-मेकानिकल कार्यको खरिद सम्झौता २०८०।८।१० मा गरेको छ। दुवै परियोजनाको लागि क्याम्प सुविधा निर्माण गर्न २०७७।७।२८ मा सम्झौता भएकोमा ५४ प्रतिशत कार्य सम्पन्न भएको छ। दुवै परियोजना निर्माणको लागि करिब २२२ रोपनी ११ आना २ दाम सार्वजनिक जग्गा उपयोग र वन कटान स्वीकृतिको लागि कम्पनीले रु.४ करोड ३४ लाख ५५ हजारको निजी जग्गा खरिद गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको छ। दुवै परियोजनाको निर्माणको लागि आवश्यक पर्ने करिब २५३ रोपनी निजी जग्गा मध्ये ८५ प्रतिशत जग्गा अधिग्रहण भएको छ।

४. **सेवा सुविधा** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने कार्य अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको २०० प्रतिशतसम्म हुने गरी कम्पनीका १५ कर्मचारीलाई रु.१ करोड ५२ हजार भत्ता उपलब्ध गराएको छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

वित्तीय विवरण उपर राय

हामीले यसैसाथ संलग्न मोदी जलविद्युत कम्पनी लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं (कम्पनी) को २०८१ साल आषाढ मसान्त (१५ जुलाई २०२४) को वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखानीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, यसैसाथ संलग्न वित्तीय विवरणहरुले मोदी जलविद्युत कम्पनी लिमिटेडको ३१ आषाढ, २०८१ (१५ जुलाई २०२४) को वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको अवधिको आर्थिक अवस्था र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सबै सारभूतताको दृष्टिकोणबाट उचित चित्रण गर्दछ।

महत्वपूर्ण विषयहरु

नेपाल विद्युत् प्राधिकरणले माथिल्लो मोदी ए (४२ मेगावाट) र माथिल्लो मोदी (१८.२ मेगावाट) जलविद्युत् आयोजना कम्पनीलाई हस्तान्तरण गर्ने निर्णय गरेको वित्तीय विवरणको नोट ३ प्रति हाम्रो ध्यानाकर्षण गराउँदछौं । २०८१ असार मसान्तसम्ममा प्राधिकरणले यी आयोजनाहरुसँग सम्बन्धित सम्पत्ति र दायित्वको कुल मूल्य निर्धारण गर्न सकेको छैन, फलस्वरूप कम्पनीले यी सम्पत्तिको उपयोग गरिरहेको भए तापनि कम्पनीको वित्तीय विवरणमा समावेस गरिएको छैन ।

यसबाहेक, यी आयोजनाहरूको सम्भाव्यता अध्ययनका लागि प्राधिकरणले गरेको खर्च पनि २०८१ असार मसान्तसम्म कम्पनीको खातामा समावेश गरिएको छैन ।

रायको आधार

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यस लेखापरीक्षण मान अनुसारको हाम्रा जिम्मेवारी यस प्रतिवेदनको "लेखापरीक्षकको उत्तरदायित्व" खण्डमा थप समावेश गरिएको छ । वित्तीय विवरणको लेखापरीक्षणको लागि पालना गर्नुपर्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको Handbook of Code of Ethics for Professional Accountants अनुरुप हामी कम्पनीबाट स्वतन्त्र छौं र सोही Handbook of Code of Ethics for Professional Accountants अन्तर्गत यस लेखापरीक्षणसँग सान्दर्भिक आचारसंहिता तथा पेशागत जिम्मेवारीको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छ। यी विषयहरु हाम्रो समग्र वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको हुन्छ र हामी यी बिषयहरुमा छुट्टै राय प्रदान गर्दैनौं ।

कम्पनी र लेखापरीक्षणका तथ्य र परिस्थितिहरुमा निर्भर गर्दै, हामीले हाम्रो प्रतिवेदनमा उल्लेख गर्न कुनै प्रमुख लेखापरीक्षण बिषयहरु छैनन् भनी निर्धारण गरेका छौ ।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरणहरु तयार गर्ने तथा यथार्थ प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा निहित रहेको छ । यी दायित्व अन्तरगत वित्तीय विवरण सारभुतरुपमा त्रुटीरहित बनाउनको लागि, चाहे जालसाजीबाट वा गल्तीबाट, व्यवस्थापनले आवश्यकता अनुसारको आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने समेत समावेश हुन्छ ।

व्यवस्थापनको कम्पनी विघटन गर्ने मनसाय रहेमा वा कारोवार बन्द गर्ने भएमा वा अन्य कुनै वास्तविक विकल्प नदेखिएको अवस्थामा बाहेक वित्तीय विवरण तयार गर्दा बैंक निरन्तर चल्न सक्ने आधार र सोहि आधारमा लेखांकन गरिएको भनि आवश्यकता अनुसार खुलासा समेत गरी निरन्तर चल्न सक्ने भन्ने निर्धारण गर्ने दायित्व व्यवस्थापनमा रहेको हुन्छ ।

कम्पनीको वित्तीय प्रतिवेदन प्रस्तुती प्रक्रियाको निरिक्षण गर्ने उत्तरदायित्व शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहनेछ ।

वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटी रहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उदेश्य हो । उचित आश्वस्तता एक उच्च आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरु बमोजिम गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतीहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतीलाई सारभूत रुपमा गलत प्रस्तुती भनिन्छ ।

नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत अभ्यास गर्दछौं । साथै हामीलेः

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतीहरुको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकृयाहरु तर्जुमा गरी हाम्रो मन्तब्य प्रदान गर्ने आधारहरुको लागि प्रर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलीभगत, ठगी, जानाजानी भुलचुक, गलत प्रतिनिधित्व वा

आन्तरीक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।

- संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उदेश्य नभई, लेखापरीक्षण प्रकृयाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ।
- व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिहरुको औचित्य लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धी खुलासाहरुको बारेमा जानकारी प्राप्त गर्दछौ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारीत लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारको कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धीत सारभूत अनिश्चितताको संस्थाको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय परीमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारीत रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविछिन्न निकायको रुपमा नरहन सक्दछ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरणको ढाचाँ र खुलासा सहितको विषयवस्तु तथा अन्तरनिहित कारोबार एंवम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गर्दछौ । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षणका खोजहरु लगायत संस्थाको आन्तरीक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौ ।

हामीले शासकीय व्यवस्था बहन गर्ने अख्तियारीहरुसँग अन्य विषयहरुका साथै योजना गरिएको लेखापरीक्षणको क्षेत्र एवम् समय र आन्तरिक नियन्त्रणका महत्वपूर्ण कमीहरु समेत गरी लेखापरीक्षणको क्रममा हामीले पहिचान गरेका महत्वपूर्ण विषयहरूको बारेमा समेत जानकारी गराउछौ।

अन्य कानुनी तथा नियमकारीको आवश्यकता सम्बन्धमा प्रतिवेदन

हामीले लेखापरीक्षणका लागि आवश्यक ठानेका सबै सूचना तथा स्पष्टिकरणहरु यथासीघ्र पायौं । हाम्रो विचारमा कम्पनीको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सान विवरण, नगद प्रवाहको विवरण र इक्विटीमा परिवर्तनको विवरण तयार गरी कम्पनीको हिसाब किताबसँग मेल खाने गरी प्रचलित कानून बमोजिम लेखा तथा अभिलेख कायम गरिएको छ । हाम्रो लेखापरीक्षणको क्रममा, हामीले सञ्चालक समिति वा प्रतिनिधि वा कम्पनीको कुनै पनि कर्मचारीले कानूनको प्रावधानहरू विपरीत जानीजानी कार्य गरेको वा कम्पनीलाई हानि नोक्सानी पुर्याएको वा कम्पनीको कोषको दुरुपयोग गरेको अवस्थामा हामीले फेला पारेका छैनौं, न त हामीलाई व्यवस्थापनद्वारा त्यस्तो कुनै मामलाको बारेमा सूचित गरिएको छ।

कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ८६(३), दफा १६४, दफा ९७(२), दफा १११ र दफा १०७(१)(२) तथा श्रम ऐन, २०७४ को दफा ५४(१), दफा ५५(१) र दफा १११ को उल्लङ्घन गरेको छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।९।१६ मा पठाइएको छ।**

रघुगंगा हाईड्रोपावर लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२४ मा यो हाइड्रोपावर कम्पनीको स्थापना भएको हो। प्रारम्भमा यसको क्षमता ३२ मेगावाट रहेकोमा हाल ४० मेगावाट निर्धारण भएको छ। आयोजनाको कुल लागत रु.९ अर्ब १७ करोड २६ लाख (मू.अ.कर, भन्सार, मूल्य समायोजन र ब्याज बाहेक) रहेको छ। नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्व रहेको कम्पनीको जारी पुँजी रु.१ अर्ब ३७ करोड ४० लाख रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ २०८१		३२ अषाढ २०८०	
सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरणहरू	१०१,१४२		१०९,११०	
पुँजीगत कार्य प्रगति	६,८५५,९७७		५,०२१,२६६	
जम्मा गैर चालु सम्पत्ति		**६,९५७,११९**		**५,१३०,३७६**
अग्रिम भुक्तानी र लगानी	९८८,५०१		१,०७८,४२१	
नगद तथा नगद सम्मान	२५,१५४		१८,८२४	
जम्मा चालु सम्पत्ति		**१,०१३,६५५**		**१,०९७,२४५**
जम्मा सम्पत्ति		**७,९७०,७७४**		**६,२२७,६२१**
शेयर पुँजी	१,३७४,०००		१,३७४,०००	
अग्रीम शेयर पुँजी	१,८८१,२७०		१,३७६,२७०	
सञ्चित नाफा	(२६७,६११)		(२३६,६६८)	
कुल इक्विटी		**२,९८७,६५९**		**२,५१३,६०२**
दायित्व				
ऋण सापटी	३,७३७,१९५		२,५५८,३८०	
जम्मा गैर चालु दायित्व		**३,७३७,१९५**		**२,५५८,३८०**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी	१,२४५,९२०		१,१५५,६३९	
जम्मा चालु दायित्व		**१,२४५,९२०**		**१,१५५,६३९**
जम्मा इक्विटी र दायित्व		**७,९७०,७७४**		**६,२२७,६२१**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
अन्य आय		**१,२२,२३**		**२०,१६५**
प्रशासनिक खर्च	(३,३१,४२)		(४१,४५०)	
ह्रास खर्च	(१,१६,१८)		(११,९८३)	
कुल खर्च		**(४,४७,६०)**		**(५,३४,३३)**
कुल नाफा/(नोक्सानी)		**३२५३७**		**३३२६८**
अन्य नाफा		१,५९४		२,१६८
सञ्चालन नाफा/(नोक्सानी)		**(३०,९४३)**		**(३१,१००)**

आयोजना निर्माण चरणमा रहेकोले कम्पनीको बिक्री आम्दानी र बिक्रीको लागत रहेको छैन। अन्य आयतर्फ रु.१५ लाख ९४ हजार विदेशी विनिमयदरमा भएको परिवर्तनबाट सिर्जित नाफा रकम हो।

३. **सम्पत्ति र दायित्वको लेखाङ्कन** - नेपाल विद्युत प्राधिकरणको २०७९।४।१ को निर्णयबमोजिम राहुघाट जलविद्युत आयोजनाको सम्पूर्ण सम्पत्ति तथा दायित्व रघुगंगा हाइड्रोपावर लिमिटेडमा हस्तान्तरण भएको थियो। हस्तान्तरण भएका सम्पत्तिमध्ये कतिपय सम्पत्ति पूर्ण रुपमा ह्रास भैसकेको र सोको खुद किताबी मूल्य वित्तीय विवरणमा रु.१ राखेको पाइयो। नेपाल लेखामान १६ (जायजेथा, प्लाण्ट तथा उपकरण) बमोजिम आर्थिक वर्षको अन्त्यमा सम्पत्तिको अवशेष मूल्य तथा उपयोगी आयुको समीक्षा गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले उक्त व्यवस्था कार्यान्वयन नगरेको कारणले कम्पनीको वित्तीय विवरणमा पर्ने असर यकिन गर्न सकिएन।

४. **सञ्चालक समिति** - कम्पनी ऐन, २०६३ को दफा ८९(१छ) बमोजिम समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन नसक्ने व्यवस्था रहेकोमा कम्पनीको अध्यक्ष तथा सञ्चालकहरू सोही प्रकृतिको अन्य कम्पनीमा समेत सञ्चालक रहेको अवस्था छ। यस सम्बन्धमा नीतिगत व्यवस्था गरी विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ।

५. **शिरोभार खर्च** - नेपाल विद्युत प्राधिकरणको निर्णयअनुसार प्राधिकरणबाट कम्पनीमा काजमा खटिएका कर्मचारीको दीर्घकालीन दायित्व/अप्रत्यक्ष खर्चवापतको रकम गणना गरी कम्पनीले प्राधिकरणमा पठाउनु पर्नेमा सो गरेको देखिएन। प्राधिकरणसँग समन्वय गरी नियमानुसार पठाउनुपर्ने रकम अविलम्ब पठाउनुपर्दछ।

६. **सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य** - आयोजना कार्यान्वयनको क्रममा कोभिड-१९, डिजाइन स्वीकृतिमा ढिलाइ, मालसामान आपूर्तिमा ढिलाइ, कमजोर भौगोलिक अवस्थाजस्ता विभिन्न परिस्थितिको कारण समयमा कार्य सम्पन्न नभई म्याद थप भएको छ। सिभिल तथा हाइड्रोमेकानिकल कार्यको लागि २१ नोभेम्बर २०१७ मा अमेरिकी डलर ३ करोड ५९ लाख ९९ हजार र नेपाली रुपैयाँ रु.२ अर्ब १७ करोड ३३ लाखमा गरेको सम्झौताको म्याद १ फेब्रुअरी, २०२२ सम्म रहेकोमा २७ जुन, २०२५ सम्म थप गरेको पाइयो। त्यस्तै इलेक्ट्रोमेकानिकल कार्यको लागि १५ अक्टोबर, २०१९ मा अमेरिकी डलर ८७ लाख ४८ हजार र रु.१८ करोड १५ लाखमा गरेको सम्झौताको म्याद १७ नोभेम्बर, २०२२ सम्म रहेकोमा १३ नेभेम्बर, २०२४ सम्म म्याद थप गरेको छ। तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

७. **परामर्श खर्च** - आयोजना र परामर्शदाताविच सिभिल तथा हाइड्रोमेकानिकल कार्यमा परामर्श सेवा उपलब्ध गराउन ६ फेब्रुअरी, २०१२ मा अमेरिकी डलर ३८ लाख २४ हजार र रु.७ करोड ५३ लाखको सम्झौताको अवधि १५ फेब्रुअरी, २०१६ सम्म रहेकोमा ठेकेदारले समयमा कार्य गर्न नसक्दा परामर्श सेवाको अवधि ३१ डिसेम्बर, २०२६ सम्म म्याद थप गरेको छ। यसरी समयावधि थप हुँदा यस परियोजनाको सिभिल तथा इलेक्ट्रोमेकानिकल तर्फको परामर्श सेवामा यस वर्षसम्म वर्षान्तको विनिमय दरअनुसार रु.१४ करोड ९२ लाखले लागत बढेको छ।

८. **मुआब्जा पेस्की** - कम्पनीले मुआब्जा वितरणको लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दीलाई दिएको पेस्कीमध्ये वर्षान्तमा रु.३ करोड ३ लाख ५२ हजार फस्यौंट हुन बाँकी छ। मुआब्जा वितरणको कार्य समयमा सम्पन्न गरी पेस्की फस्यौंट गर्नुपर्दछ।

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

कैफियत सहितको राय

हामीले श्री रघुगंगा हाइड्रोपावर लिमिटेडको संलग्न २०८१ आषाढ मसान्त (१५ जुलाई २०२४) को वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, कैफियत सहितको रायको आधारहरु अनुच्छेदमा उल्लेख गरीएका विवरणले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८१ आषाढ मसान्त (१५ जुलाई २०२४) को वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदनमान अनुसार यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधारहरु

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सार्वजनिक जवाफदेहिता भएका सस्थाहरुले अनिवार्य रुपमा आर्थिक वर्ष २०७३।७४ देखि वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गर्ने निर्देशन गरेको छ । यसरी नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सेवा छुट व्यवस्था (Service Concession Arrangement) मा आवद्ध भई पुर्वाधार विकास गरी संचालन गर्ने संस्थाले वित्तीय विवरण तयार गर्दा तल उल्लेखित अवस्थामा अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान व्याख्या समिति (IFRS Interpretation Committee) ले प्रस्तुत गरेको IFRIC- 12 को प्रावधानको पालना गरेको हुनु पर्दछः

- पुर्वाधार संचालक (Operator) ले कुन सेवा प्रदान गर्ने, कति मुल्य तय गर्ने तथा, कसलाई सेवा प्रदान गर्ने तथा कुन मुल्यमा सेवा प्रदान गर्ने कुराको नियमन तथा नियन्त्रण अनुदानकर्ताले (Grantor) ले गर्दछ ।
- संझौताका सर्तहरुको अन्त्यमा अनुदानकातर्नले पुर्वाधारमा, स्वामित्व लाभदायक हक वा अन्यथा कुनैपनि महत्वपुर्ण अवशिष्ट चासो मार्फत नियन्त्रण गर्दछ ।

संस्थाले उर्जा मन्त्रालय अन्तर्गत विद्युत विकास विभागबाट अनुमति पत्र प्राप्त गरी विद्युत आयोजना निर्माण गरिरहेको छ । विद्युत खरिद सम्झौताको प्रावधान अनुरुप निर्धारण गरिएको बिक्री मूल्यमा नेपाल विद्युत प्राधिकरणलाई मात्र उत्पादित विद्युत आपुर्ति गर्नु पर्ने बाध्यकारी व्यवस्था गरिएको छ । अनुमति पत्रको शर्त अनुसार सम्झौताको अन्त्यमा आयोजानको पुर्वाधारहरुमा महत्वपुर्ण अविशिष्ट हित नेपाल सरकार संग रहने छ । यसर्थ यस संस्थालाई IFRIC- 12 को प्रावधानहरु लागु हुन्छन र यसको पालन गरिएन भने वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ । यस संस्थाले वित्तीय विवरण तयार गर्दा IFRIC- 12 को पालना नगर्दा संस्थाको वित्तीय विवरणमा पार्ने असरको कुल रकम हामीले लेखापरीक्षणका बखत यकिन गर्न सकेनौं।

२. राहुघाट जलविद्युत आयोजनाको सम्पूर्ण, सम्पत्ति खर्च तथा दायित्वको हरहिसावहरु हस्तान्तरण गरी हिसाव मिलाउन, २०७९।०४।०१ गते नेपाल विद्युत प्राधिकरणले टिप्पणी र आदेश पेश गरे बमोजिम जायजेथा प्लाण्ट तथा उपकरण रघुगंगा हाइड्रोपावर लिमिटेडमा हस्तान्तरण गरीएको थियो । हस्तान्तरण भएका सम्पत्ति मध्ये कतिपय सम्पत्तिहरु पूर्ण रुपमा ह्रास भैसकेको र सो को खुद किताबी मूल्य वित्तीय विवरणमा रु. एक राखेको पाईयो । नेपाल लेखामान १६ "जायजेथा प्लाण्ट तथा उपकरण" बमोजिम सम्पत्तिको अवशेष मुल्य (Residual Value) तथा उपयोगी आयुको आर्थिक वर्षको अन्त्यमा कम्तिमा एक पटक समिक्षा गर्नुपर्ने व्यवस्था भएपनी, व्यवस्थापनले सो सम्पत्ति प्राप्ति पश्चात मूल्य तथा उपयोगी आयुको समिक्षा नगरेको कारणले संस्थाको वित्तीय विवरणमा पार्ने असरको कुल रकम हामीले लेखापरीक्षणका बखत यकिन गर्न सकेनौं ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालका लागि जारी गरेको आचारसंहितको हातेपुस्तक (Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका

क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ। हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं।

लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु	सम्बन्धित जोखिम	लेखापरीक्षकको प्रतिक्रिया
नेपाल विद्युत प्राधिकरण संगको सहायक वित्तीय सम्झौता अन्तर्गतको ऋण र अन्य लेना देना हिसाव ।	गलत तथ्याङ्कको प्रविष्टी हुन सक्ने जोखिम रहन्छ ।	• यस वर्षको लागि नेपाल विद्युत प्राधिकरणबाट प्राप्त सहायक ऋण सम्झौताका सम्बन्धमा EXIM Bank द्धारा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई पठाएको चिठ्ठीको अध्ययन गर्यौं। • ठेकेदारहरुको सम्बन्धमा लिखित समर्थन पत्र माग्यौ। • अन्यको हकमा हामीले व्यवस्थापनसंग सोधपुछ, कागजहरुको परिक्षण गर्यौं र केहीको हकमा समर्थन पत्र माग्यौ।
ईलेक्ट्रोमेकानिकल कार्य (भारत हेवि ईक्यूमेन्ट लिमिटेड) का सम्बन्धमा परामर्शदाताको सिफारिस बमोजिम खरिद सम्झौताको म्याद पन्ध्र महिना अर्थात १३ नोभेम्बर, २०२४ सम्म थप गर्न स्वीकृति दिने निर्णय गरेकोमा आ.व. २०८०।८१ को अन्त्य सम्म हाल सम्म २८.१३ प्रतिशत मात्र कार्य सम्पन्न भएको हुदा उक्त ठेकेदारले करार बमोजिमको समयावधिमा कार्य गर्न नसक्ने ।	आयोजनाको ईलेक्ट्रोमेकानिकल कार्य आयोजनाको निर्माण कार्य पूर्व निर्धारित करार बमोजिमको अवधिमा सम्पन्न हुन नसक्ने तथा करार अवधि थप हुँदा आयोजनाको लागत बढी हुने जोखिम रहन्छ ।	• भारत हेवि ईक्यूमेन्ट लिमिटेड सँग गरिएको करारको अध्ययन गर्यौं ।
कम्पनीले तय गरेको वार्षिक नीति तथा कार्यक्रम अनुरुप कार्यहरु सम्पन्न गर्न नसकेको ।	वार्षिक नीति तथा कार्यक्रम अनुरुपका कार्यहरु पूर्ण रुपमा सम्पन्न नहुँदा तय गरेको समयावधिमा आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसक्ने जोखिम रहन्छ ।	• कम्पनीको वार्षिक नीति तथा कार्यक्रमको अध्ययन गर्यौं। • कम्पनीको आयोजनाको चौमासिक तथा वार्षिक प्रगति विवरणको अध्ययन गर्यौं । • कम्पनिको वार्षिक पूँजिगत तथा चालु बजेट तथा वास्तविक खर्चको तुलनात्मक विश्लेषण गर्यौं ।

वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकको अन्य सूचनाहरु

अन्य सुचनाहरुको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । अन्य सुचनाहरुमा वार्षिक विवरण सँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक सञ्चालक समिति तथा अध्यक्षको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन लगायतका प्रतिवेदनहरुमा उल्लेख भएका सूचनाहरु पर्दछन । यस्ता सुचनाहरु हामीलाई लेखापरीक्षण प्रतिवेदन जारी भए पश्चात मात्र प्राप्त हुन्छन् ।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य सूचनालाई समावेश गर्दैन तथा यस्ता अन्य सूचनाका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, माथि उल्लेख गरिएका अन्य सूचनाहरु उपलब्ध हुँदा पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य सूचनाहरु वित्तिय विवरण वा लेखापरीक्षणका बखत प्राप्त भएको हाम्रो ज्ञानसँग सारभुत रुपमा असंगत वा सो सूचनाहरु सारभुत रुपमा गलत व्याख्या भएका छन् कि छैन्न भनी विचार गर्नुपर्दछ ।

वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, अभ्यास अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तिय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा समुहको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ।

शासकीय भूमिका वहन गर्नेहरुले वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन् ।

वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जलसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आश्वश्तता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ। मनासिब आवश्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूतरुपमा गलत वर्णन भएको अवस्था सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन। गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र, सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं। यस क्रममा, हामीले,

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं। जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भूल गर्ने काम, गलत प्रस्तुती वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटिको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिमभन्दा बढि हुन्छ।

(ख) संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन।

(ग) संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ। हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं ।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमीकमजोरीलगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं। शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारसंहिताको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन

कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धि प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पुर्ण रुपमा पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब बहिखाता श्रेष्ता र लेखासँग सारभुत रुपमा दुरुस्त रहेका छन् ।

ग) हाम्रो रायमा कम्पनीको हिसावकिताब ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेष्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।९।१६ मा पठाइएको छ।**

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

विद्युत शक्तिको प्रसारणलगायत भार सम्प्रेषण गर्ने कार्यका लागि आवश्यक क्षमता, स्तर तथा किसिममा प्रसारण लाईन, सवस्टेशन तथा अन्य आवश्यक संरचनाको निर्माण, विस्तार, विविधीकरण, मर्मत सम्भारलगायत त्यसको सञ्चालनबाट ग्रिड प्रणालीको समयोचित व्यवस्थापन गर्ने, प्रसारण ग्रिड सञ्चालन गर्ने र आफूले निर्माण तथा सञ्चालन गरेको प्रसारण प्रणालीलगायत अन्य संरचनाहरूको प्रयोग गरेबापत लाग्ने दस्तुर नियमनकारी निकायले तोकेबमोजिम लिने उद्देश्यले २०७२।३।२७ मा कम्पनीको स्थापना भएको हो। कम्पनीमा ३३ करारका कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	४४,६३,८३		३२,९३,२३	
लिज सम्पत्ति	६२,९६			
पुँजीकृत हुन बाँकी सम्पत्ति	१,३९,९५,४८		४९,७९,२३	
अमूर्त सम्पत्ति	२,७१		२,६७	
जग्गा खरिदको लागि पेस्की	१,४१,७१		२१,६८,८८	
सेयर लगानी	२,८०,५०		२,८०,५०	
कुल गैर चालु सम्पत्ति		**१,८९,४७,१९**		**१,०७,२४,५१**
चालु सम्पत्ति				
व्यावसायिक तथा अन्य प्राप्य रकम	९४,५९,३९		५४,००,४०	
अग्रिम आयकर	३,७९,११		६,५२,९५	
अन्य वित्तीय सम्पत्ति			२,०६,००,००	
अग्रिम भुक्तानी, पेस्की, सापटी र धरौटी	५,०६		३,९०	
बैङ्क तथा नगद मौज्दात	२,६९,३९,०८		१,२०,२५,०४	
कुल चालु सम्पत्ति		**३,६७,८२,६४**		**३,८६,८२,२९**
कुल सम्पत्ति		**५,५७,२९,८३**		**४,९४,०६,८०**
सेयर पुँजी	३,५४,००,००		३,५४,००,००	
सञ्चित नाफा र जगेडा कोष	८५,६९,८७		७९,६३,८८	
अग्रिम सेयर पुँजी	७७,६८,००		५०,००,००	
कुल इक्विटी		**५,१७,३७,८७**		**४,८३,६३,८८**
दायित्व				
गैर चालु दायित्व				
कर्मचारी सुविधा दायित्व	४८,०१		३९,१४	
स्थगन कर दायित्व	२६,००		२१,१७	
कुल गैर चालु दायित्व		**७४,०१**		**६०,३१**
चालु दायित्व				
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३७,०२,४६		५,०८,२२	
आयकर दायित्व	१,४६,३०		४,६६,७०	
कर्मचारी सुविधा दायित्व	११			
घरभाडा दायित्व	६९,०८		७,६९	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
कुल चालु दायित्व		**३९,१७,९५**		**९,८२,६१**
कुल इक्विटी र दायित्व		**५,५७,२९,८३**		**४,९४,०६,८०**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आम्दानी		०		०
बिक्रीको लागत		०		०
कुल नाफा/ (नोक्सान)		०		०
बैङ्क ब्याज तथा अन्य आम्दानी	१३,०३,६१		२८,५८,६८	
कर्मचारी खर्च	(२,३९,१५)		(१,९०,६५)	
व्यावसायिक तथा प्रशासनिक खर्च	(९५,७७)		(७५,६७)	
अन्य सञ्चालन खर्च	(७२,४४)		(६०,०३)	
ह्रासकट्टी र अपलेखन खर्च	(१,२३,६४)		(१,२४,०८)	
वित्तीय खर्च अघिको नाफा/(नोक्सान)		**७,७२,६१**		**२४,०८,२५**
वित्तीय खर्च	९,०५		४,०९	
सटही नाफा/(नोक्सान)	६,२२		४,१२	
करकट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**७,५७,३४**		**२४,००,०४**
आयकर	१,४६,५३		४,६६,७१	
स्थगन कर	४,८३		३,६८	
खुद नाफा/ (नोक्सान)		**६,०५,९८**		**१९,२९,६५**

३. **आयोजना निर्माण स्थिति** - कम्पनीले अनुमानित लागत रु.९५ करोड २४ लाख ३३ हजार भएको केराबारी न्यू मर्स्याङ्दी १३२ किलोभोल्ट प्रसारण लाइन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।३।२७ मा रु.१७ करोड ७० लाख ७२ हजार (अमेरिकी डलर २९ लाख २१ हजार)को सम्झौता गरेकोमा यो वर्ष ८०.४७ प्रतिशत भौतिक प्रगति भएको छ। उक्त खरिद सम्झौताको म्याद २०८०।५।९ सम्म थप भएको छ। त्यसैगरी, अनुमानित लागत रु.५९ करोड ४० लाख ३७ हजार भएको मेवाचाँगे १३२ किलोभोल्ट प्रसारण लाइन निर्माण गर्न एक व्यवसायीसँग २०७८।२।३० मा रु.३० करोड ७१ लाखको सम्झौता भएकोमा भौतिक प्रगति ५२.५२ प्रतिशत रहेको छ। उक्त निर्माण कार्य २०८१।३।२० मा सम्पन्न गर्नुपर्नेमा १ वर्ष म्याद थप गरेको छ। तोकिएको समयमा कार्यसम्पन्न गर्नुपर्दछ।

४. **सेयर संरचना** - कम्पनीको अधिकृत पुँजी रु.२५ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब ५४ करोड रहेको छ। कम्पनीको हाल रहेको सेयर संरचनाअनुसार नेपाल सरकार (अर्थ, ऊर्जा जलस्रोत तथा सिँचाइ, रक्षा, गृह, वन तथा वातावरण, शिक्षा विज्ञान तथा प्रविधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) को ९८.६० प्रतिशत र नेपाल विद्युत प्राधिकरणको १.४० प्रतिशत सेयर रहेको छ। यसैगरी, नेपाल विद्युत प्राधिकरणबाट कबोल गरेको ३ करोड २० लाख ७३ हजार ३३१ थान सेयरको रु.३ अर्ब २० करोड ७३ लाख ३३ हजार भुक्तानी हुन बाँकी रहेको देखिन्छ।

५. **मुआब्जा वितरण** - जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४ मा परियोजना सञ्चालनका लागि मुआब्जा र अन्य सबै खर्च सम्बन्धित संस्थाले बेहोर्ने र जग्गा अधिग्रहण गरी उपलब्ध गराउने व्यवस्था छ। कम्पनीको ट्रान्समिसन लाइन कार्य योजनाअन्तर्गत सब-स्टेशन निर्माणको लागि जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गर्न सुर्खेत,

सखुवासभा, कालीकोट, जाजरकोट र गोरखा जिल्ला प्रशासन कार्यालयलाई रु.१ करोड ४१ लाख ७१ हजार पेस्की दिएकोमा मुआब्जा वितरण एवं जग्गा प्राप्ति गरी पेस्की फस्यौंट भएको देखिएन।

६. **सेवा सुविधा** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको २०० प्रतिशतसम्म हुने गरी कम्पनीले १४ कर्मचारीलाई रु.६२ लाख ७० हजार भत्ता उपलब्ध गराएको पाइयो।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् ।

१. **चुक्ता हुन बाँकी शेयरः** बाँडफाँड भएको शेयर मध्ये नेपाल विद्युत प्राधिकरणबाट चुक्ता हुन बाँकी शेयर संख्या ३,२०,७३,३३१ कित्ता वापत रु.३,२०,७३,३३,१०० देखिन्छ । नेपाल विद्युत प्राधिकरणको विद्युत प्रसारण प्रणालीको मौजुदा संरचना यस कम्पनीमा समावेश गर्दा ती संरचनाहरुको मुल्याङ्कन गरी उक्त शेयर पुँजी वापत भुक्तान हुन बांकी रकम फरफारक गर्नुपर्दछ ।

२. **जग्गा प्राप्तिको पेश्की फर्छ्यौटः** सम्बन्धित जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी जग्गाको लालपुर्जा तथा अन्य सम्बन्धित कानूनी तथा प्रशासनिक खर्च समेतको बिल भर्पाई प्राप्त हुनासाथ फरफारक गरी यथाशीघ्र रु.१४,१७०,६९८.७१ पेश्की फर्छ्यौट गर्नु पर्दछ ।

हामीले नेपाल सरकारी लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेको छौं । हामी विश्वस्त छौं की हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

लेखापरिक्षणको मुख्य कुराहरु (Key Audit Matters)

हाम्रो व्यवसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरिक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन् । उक्त विषयवस्तुहरु लेखापरिक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकीय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरु मध्येबाट गरिएका छन् । वित्तीय विवरणको लेखापरिक्षण र राय व्यक्त गर्नको लागि ती कुराहरु प्रस्तुत गरिएको छ र ती कुराहरु उपर अलग्गै राय व्यक्त गर्दैनौं । हाम्रो प्रतिवेदनमा जानकारी गराउनको लागि देहायका विषयवस्तुहरु लेखापरिक्षणका मुख्य कुराहरु हुन् भनी ठानेका छौं ।

१. **आयोजनाहरुको प्रगति तथा बजेट सदुपयोगिता सम्बन्धमाः**

आर्थिक वर्ष २०८०।८१ मा कम्पनीले विभिन्न आयोजनाहरुको लागि लक्ष्य तथा कार्यक्रम निर्धारण गरेको र सो अनुसार वार्षिक बजेट तयार गरी सञ्चालक समितिमा पेश गरेकोमा सञ्चालक समितिले ती आयोजनाहरुको वार्षिक बजेट स्वीकृत गरेको छ । आयोजनाहरुको बजेट खर्च विश्लेषण यस प्रकार छ ।

विवरण	बजेट	खर्च	प्रतिशत
अचल सम्पति	५७,००,०००	९१८,५७८	१६
वितरण प्रणाली	१,५०,६८,०९,०२६	१,०२,३२,८५,८९९	६८
प्रशासनिक खर्चहरु	१०,०६,२२,९९८	४,७९,२१,४३६	४८

वार्षिक बजेट र वास्तविक खर्चको तुलनात्मक विवरण अनुसार अचल सम्पत्तिमा खर्च अपेक्षाकृत देखिएको छैन ।

२. **शेयर संरचना सम्बन्धमा**

कम्पनीको शेयर पुँजी अन्तगत विभिन्न ८ संघीय मन्त्रालयले रु.३ अर्ब ४९ करोड शेयर पुँजी चुक्ता गरिसकेका छन् । नेपाल विद्युत प्राधिकरणले जम्मा १.४१ प्रतिशत अर्थात रु.५ करोड मात्र शेयर रकम चुक्ता गरेको छ । कम्पनी स्थापना हुँदा नेपाल विद्युत प्राधिकरणले ३,२०,७३,३३१ कित्ता शेयरको रकम जम्मा गर्ने व्यवस्था भए पनि सो शेयरको रकम चुक्ता गरेको छैन ।

३. **प्रसारण प्रणाली खण्डीकरण तथा रिफोर्म**

कम्पनी कार्यान्वयनमा आएको ८ वर्ष व्यतित भइसक्दा पनि कम्पनी स्थापनाको उद्देश्यलाई आत्मसात गरी कार्यान्वयन गर्न नेपाल विद्युत प्राधिकरणको प्रसारण प्रणाली यस कम्पनीसंग मर्ज गर्नुपर्ने उल्लेख भएको तर त्यस तर्फ कम्पनी, नेपाल विद्युत प्राधिकरण र उर्जा मन्त्रालयबाट उल्लेखनीय कार्य तथा तत्परता भएको देखिएन ।

४. **स्रोत सुनिश्चतता भैसकेकेको आयोजनाको लागि समेत बजेट व्यवस्था तथा निकासा नभएको**

अर्थ मन्त्रालयको मिति २०७८।१०।०९ को पत्र संख्या ३०८-३(३) च.नं. ७३० को पत्रबाट स्रोत सुनिश्चता भए पश्चात कर्णाली कोरिडोर प्रसारण लाईन आयोजनाको ठेक्का पट्टा भएको पाइयो । समयावधि चार (४) वर्ष रहेको सो आयोजनाको मिति २०७९।१०।१२ मा भएको ठेक्का सम्झौता अनुसार अनुमानित लागत अमेरिकी डलर ४ करोड ३६ लाख ८९ हजार र नेपाली रुपैंया २ अर्ब २४ करोड २० लाख ४७ हजार रहेको देखिन्छ । स्रोत सुनिश्चतता हुँदाहुँदै आ.व. २०७९।८० मा विनियोजन भएको रु. ६० करोड ८० लाख बजेट निकासा नभएको, आ.व. २०८०।८१ मा ४० करोड ८० लाख बजेट व्यवस्था भएकोमा २७ करोड ६८ लाख मात्र निकासा भएको र सम्झौतामा उल्लेखित कार्ययोजना अनुसार आ.व.२०८१।८२ मा रकम रु. २ अर्ब ५० करोड बजेट व्यवस्था हुनुपर्नेमा अर्थ मन्त्रालयबाट आ.व. २०८१।८२ को लागि रु. २० करोड मात्र बजेट व्यवस्था गरेकोले आयोजनाको निर्माण समय लम्बिन जाने र सोको कारणले ठुलो आर्थिक व्ययभार थपिने देखिन्छ।

५. कम्पनीले केराबारी न्यु मर्स्याङ्दी १३२ के.भी. प्रसारण लाईन निर्माणको ठेक्का २०७८/०३/२७ मा लगाएको थियो । उक्त आयोजनाको अनुमानित लागत रु. ९५,२४,३३,४६० रहेकोमा ८०.४७ प्रतिशत मात्र प्रगति भई २०८० भाद्र ९ सम्म सम्पन्न गर्नुपर्नेमा २०८१ भाद्र ९ सम्म सम्पन्न गर्ने लक्ष्य सहित अवधि थप भएको थियो । उक्त थपिएको म्यादभित्र पनि परियोजना सम्पन्न नभएकोले थप १ वर्ष २०८२ भाद्र ८ सम्म सम्पन्न गर्ने गरी म्याद थप गरिएको छ । उक्त आयोजनाको समय र मुल्य वृद्धि नबढ्ने गरी थपिएको समयमा कार्य सम्पन्न गराउने व्यवस्था मिलाउनु पर्दछ ।

६. कम्पनीले मेवा चांगे १३२ के.भी. प्रसारण लाईन निर्माणको ठेक्का २०७८/०२/२३ मा लगाएको थियो । उक्त आयोजनाको अनुमानित लागत रु.५९,४०,३७,१७४ रहेकोमा ५२.५२ प्रतिशत मात्र प्रगति भई १ वर्ष म्याद थप भएको छ । २०८१ असार २० सम्म सम्पन्न गर्नुपर्नेमा २०८२ असार २० सम्म बढ्ने गरी अवधि बढाइएकोमा समय र मुल्य वृद्धि नबढ्ने गरी समयमा निर्माण कार्य सम्पन्न गराउने व्यवस्था मिलाउनु पर्दछ ।

७. नेपाल विद्युत प्राधिकरणले संचालन गरेको राष्ट्रिय प्रसारण तथा ग्रिडहरुको प्रभावकारी व्यवस्थापनका लागि यो कम्पनी स्थापना भएको हो । यो कम्पनीले साविकमा नेपाल विद्युत प्राधिकरणले निर्माण गरी पूँजीकरण गरेको र निर्माणधीन ग्रिडसँग सम्बन्धित संरचनाको मूल्यांकन गरी शेयरको रुपमा यस कम्पनीमा हस्तान्तरण भएको छैन । यो कम्पनी स्थापना भएपछि ७ वटा ट्रान्समिशन लाइनको अध्ययन गरी ३ वटाको निर्माण शुरु गरे पनि सम्पन्न नभएको अवस्था छ। ट्रान्समिशन लाइन हस्तान्तरण सम्बन्धमा नीतिगत निर्णय गरी कार्यान्वयन हुनु पर्दछ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यो जिम्मेवारी अन्रतगत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सन्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजेखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भुलबाट मुक्त छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमका त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जलसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सुचना लगायत अन्य विवरण बारे पुष्टाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधी वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षण जोखिम मुल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटीको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म भएका प्रमाणहरुमा आधारित हुन्छन् । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको सम्रग प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरण संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्न व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पलना सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठीकसगँ राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु त्था लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेका हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टिकरणका आधारमा एवं संस्थाको खाताहरु परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति र त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।८।२५ मा पठाइएको छ।**

स्यार्पु पावर कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

रुकुम पश्चिममा रहेको स्यार्पुतालबाट निस्केको पानीबाट ३.३ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यले २०७५।५।१ मा कम्पनीको स्थापना भएको हो। कम्पनीले २०७८।११।३ देखि कारोबार सञ्चालन गर्दै आएको छ। कम्पनीबाट उत्पादन विद्युत बाफीकोटमा निर्माणाधीन १३२.३३ के.भी. सबस्टेशनमा जोडिने र नेपाल विद्युत प्राधिकरणलाई कम्पनीले प्रति वर्ष १ करोड ८६ लाख ७० हजार युनिट विद्युत बिक्री गर्ने सम्झौता गरेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
जग्गा	१,७३,१३		१,७३,१३	
सम्पत्ति, प्लान्ट र उपकरण	८,८२,३३		२,८२,६७	
ह्रास कट्टी	(६,५५)		(३,३९)	
मुद्धती निक्षेप	१९,४२		१९,४२	
स्थगन कर	२,७५		१,८६	
कुल गैर-चालु सम्पत्ति		**१०,७१,०८**		**४,७३,६९**
सहायक कम्पनीमा लगानी		**२,३१,००**		**१,८१,००**
चालु सम्पत्ति				
व्यापार र अन्य प्राप्य	४,०४		४१,०८	
ऋण, निक्षेप र पेस्की	१२,२८,६३		४,३९,५६	
नगद र नगद बराबर	६३,७९		७,४४,१६	
कुल चालु सम्पत्ति		**१२,९६,४६**		**१२,२४,८०**
कुल सम्पत्ति		**२५,९८,५४**		**१८,७९,४९**
इक्विटी र दायित्वहरू				
इक्विटी				
शेयर पुँजी	९,३३,७३		८,३५,७३	
सञ्चित मुनाफा	(१,२४)		(१,४९)	
कुल इक्विटी		**९,३२,४९**		**८,३४,२४**
दायित्वहरू				
गैर-चालु दायित्वहरू				
प्रावधानहरू	१५,१२		९,९१	
ऋण र उधारो	११,११,४७		६,५१,३६	
अन्य गैर चालु दायित्व	३,४८,६४		३,४८,६४	
कुल गैर-चालु दायित्वहरू		**१४,७५,२३**		**१०,०९,९१**
चालु दायित्वहरू				
व्यापार र अन्य भुक्तानी बाँकी	१,३७,८५		३४,५८	
अन्य चालु दायित्वहरू	१२,४९		८	
व्यवस्था (हालको हिस्सा)	२,०२		६८	
ऋण र उधारो	३८,४६		०	
कुल चालु दायित्व		**१,९०,८२**		**३५,३४**
कुल इक्विटी र दायित्वहरू		**२५,९८,५४**		**१८,७९,४९**

कम्पनीले यो वर्ष रु.५ करोड ९९ लाख ६६ हजारको सम्पत्ति, प्लाण्ट र उपकरण थप गरेको छ। साथै ऋण, निक्षेप र एड्भान्स तर्फ अर्थ मन्त्रालय र राष्ट्रिय वाणिज्य बैङ्कबाट ऋणसमेत रु.७ करोड ८९ लाख थप भएको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय	-		-	
बिक्रीको लागत	-		-	
कुल नाफा	**-**		**-**	
अन्य सञ्चालन आय	९६०		४८०	
प्रशासनिक र सञ्चालन खर्च	(६६२)		(४०५)	
मूल्यह्रास र परिशोधन	(३१६)		(११४)	
कुल खर्च		**(९,७८)**		**(५,१९)**
संचालनबाट नाफा		**(१८)**		**(३९)**
वित्तीय खर्च	-		-	
वित्तीय आय	-		-	
कर र प्रावधान अघिको नाफा		**(१८)**		**(३९)**
कर्मचारी बोनसको लागि प्रावधान	-		-	
कर अघिको नाफा		**(१८)**		**(३९)**
कर खर्च				
हालको कर खर्च	-		-	
स्थगन कर खर्च/आय		८९		(५७)
खुद नाफा		**७१**		**(९६)**

कम्पनीको आयोजना निर्माणाधीन अवस्थामा रहेकाले अन्य सञ्चालन आय रु.९ लाख ६० हजार रही सञ्चालन घाटा रु.१८ हजार रहेको छ।

३. **पुँजी संरचना** - कम्पनीको अधिकृत पुँजी रु.२२ करोड रहेकोमा संस्थापक शेयरधनीको ५५ प्रतिशत, सर्वसाधारण, स्थानीय बासिन्दा र अति विपन्न परिवारको ४५ प्रतिशत रहने उल्लेख छ। संस्थापक शेयरधनीमा रुकुम पश्चिमका ६ स्थानीय तह, जिल्ला समन्वय समिति र अर्थ मन्त्रालयसमेतको रु.९ करोड ३४ लाख रहेको छ। हालसम्म सर्वसाधारणमा सेयर जारी गरेको छैन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत रहितको राय

हामीले स्यार्पु पावर कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक स्यार्पु पावर कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

कैफियत रहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

खास लेखापरीक्षकीय विषयवस्तुहरू त्यस्ता विषयहरू हुन्, जुन हाम्रो ठहरमा, कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरूलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरूमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हाम्रो यसै अनुच्छेदमा उल्लेख गरिएका विषयवस्तु बाहेक अन्य खास विषयवस्तुहरू नरहेको जानकारी गराउन चाहन्छौं।

मुख्य लेखापरीक्षण विषयहरु	लेखापरीक्षणको क्रममा उक्त विषयहरु सम्वोधन गर्नका लागि अपनाइएका तरिकाहरु
परियोजना कार्य प्रगतिम (Project WIP) - वित्तीय विवरणको अनुसूची ४, २०८१ असार ३१ गतेसम्म कम्पनीको परियोजना कार्य प्रगतिमा विकास र निर्माणका लागि रु.८,००,०२,२४२ खर्च गरेको भएता पनि परियोजना संचालन र कार्यान्वयनमा आउन बांकी रहेको छ ।	• सञ्चालक समितिको माइन्युट तथा कम्पनीको करार सम्झौता आदिको अध्ययन गरियो। • खर्च र आय विवरण वा अन्य कुनै कागजातहरूलाई पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात अध्ययन गरियो। • बिल तथा भरपाई र कागजातहरु परिक्षण गरियो। • वित्तीय विवरणहरुमा खुलासाहरु गरिएका अनुसूचीहरुको पर्याप्तता अध्ययन गरियो।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ। यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी

भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु निम्नानुसार छन्:

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यान आकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्वन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि :

क) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

ख) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पत्ति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ग) कम्पनिमा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१।२२ मा पठाइएको छ।**

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानुन किताब व्यवस्था समिति

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

विकास समिति ऐन, २०१३ अन्तर्गत कानुन किताब (व्यवस्था र वितरण) आदेश २०२१ बमोजिम समितिको स्थापना भएको हो। समितिको मुख्य उद्देश्य कानुन सम्बन्धी पुस्तक छपाई गरी बिक्री वितरण गर्ने र नेपाल कानुनलाई विदेशी भाषामा अनुवाद गर्ने रहेको छ। समितिमा १४ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
जायजेथा, प्लान्ट र उपकरण	१,७७,०३		१,९३,५६	
जायजेथा, प्लान्ट र उपकरण (पुँजी कोष)	३,३९,३८		३,९९,२७	
जम्मा गैर चालु सम्पत्ति		**५,१६,४१**		**५,९२,८३**
जिन्सी मौज्दात	१,२८,९१		१,३१,४२	
व्यावसायिक आसामी	५,३६		१२,२७	
नगद तथा बैङ्क मौज्दात	१२,८७,१०		११,९३,८७	
अन्य चालु सम्पत्ति	४८,९३		३१,२८	
जम्मा चालु सम्पत्ति		**१४,७०,३०**		**१३,६८,८४**
जम्मा सम्पत्ति		**१९,८६,७१**		**१९,६१,६७**
पुँजीकोष	३,३९,३८		३,९९,२७	
सञ्चित नाफा	१२,०४,२२		११,७६,११	
जम्मा पुँजी तथा दायित्व		**१५,४३,६०**		**१५,७५,३८**
विविध साहुहरू	३,४०		६,७२	
ट्रिटी सिरीज किताबहरू	९,९५		११,८१	
कर्मचारी व्यवस्था हिसाब	४,०४,१०		३,६३,२४	
बिक्रेता धरौटी	३,७१		४,५२	
आयकर व्यवस्था	२१,९५		-	
जम्मा चालु दायित्व तथा व्यवस्था		**४,४३,११**		**३,८६,२९**
जम्मा पुँजी तथा दायित्व		**१९,८६,७१**		**१९,६१,६७**

२. **सञ्चालन नतिजा -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री	३,८२,५१		३,३०,११	
अनुवाद तथा जाँच	३२,८५		४८,२०	
जम्मा आम्दानी		**४,१५,३६**		**३,७८,३१**
बिक्रीको लागत		**(१,७९,७१)**		**(१,९२,१९)**
कुल नाफा		**२,३५,६५**		**१,८६,१२**
कर्मचारी खर्च	१,७४,९१		१,८१,४४	
प्रशासनिक खर्च	१,३५,४५		१,१६,९६	
ह्रास खर्च	२१,७२		२५,०४	
जम्मा खर्च		**३,३२,०८**		**३,२३,४४**

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन नाफा/घाटा		(९६,४३)		(१,३७,३२)
अन्य आय		१,४६,४९		१,५९,७०
कर अघिको सञ्चालन नाफा		५०,०६		२२,३८
आयकर व्यवस्था		(२१,९५)		-
आयकर पछिको खुद नाफा/नोक्सान		२८,११		२२,३८

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको पूर्ण स्वामित्व रहेका निकायले २०७३।७४ बाट लागु हुने गरी नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार वित्तीय प्रतिवेदन तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गर्नुपर्दछ।

४. **मूल्य निर्धारण** - पुस्तकको परल मूल्य निर्धारण कार्यको लागि लागत एवं वित्तीय व्यवस्थापनका सिद्धान्तको आधारमा उत्पादनमूलक संस्थाले प्रत्यक्ष खर्च र अप्रत्यक्ष खर्चको पहिचान गरी तथा स्थिर लागत र परिवर्तशिल लागतमा खर्चलाई विभाजन गरी वैज्ञानिक रुपले मूल्य निर्धारण गर्नुपर्दछ। समितिले आफ्नो उत्पादन लागतलाई स्थिर लागत र चल लागतमा विभाजन गरी वैज्ञानिक रुपले पुस्तकको मूल्य निर्धारण नगरेकोले बिक्रीबाट भएको खुद नाफा यथार्थपरक रहेको देखिएन।

५. **गैरचालु सम्पत्ति -** समितिको जायजेथा, प्लान्ट र उपकरण अन्तर्गत भवनको मूल्य रु.१ करोड १३ लाख रहेकोमा बजार मूल्य अनुसार भवनको पुनर्मूल्याङ्कन गरेको छैन।

६. **अवकाश दायित्व -** नेपाल लेखामान १ तथा लेखामान ३७ बमोजिम वित्तीय विवरणको यथार्थपरकताका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्दछ। दीर्घकालीन दायित्वको मापन वर्तमान मूल्य अनुसार गरी उचित मूल्यमा गरिनुपर्दछ। संस्थाले बिमाङ्किय मूल्याङ्कन अनुसार दायित्वको व्यवस्था गर्नुपर्नेमा सो बेगर रु.४ करोड ४ लाख ब्यवस्था गरी लेखाङ्कन गरेको छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत सहितको राय

हामीले कानुन किताव व्यवस्था समितिको २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक कानून किताव व्यवस्था समिती को २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय विवरणः** समितिको वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अन्तर्गतको ढाँचामा तयार गर्नुपर्नेमा सो व्यवस्था अनुसार तयार गरिएको छैन। NFRS बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिंदा संस्थाको वित्तीय विवरणमा पर्ने समष्टिगत प्रभाव अनिश्चित रहेको छ, जुन समग्रमा सारयुक्त/सारभूत (Material) तथा व्यापक (Pervasive) हुन्छ।

२. **गैर चालु सम्पत्तिः** समितिको जायजेथा, प्लान्ट र उपकरण अन्तर्गत रहेको भवनको मूल्य जम्मा रु. ११,२९३,९५७.९५ रहेको छ जुन अषाढ मसान्तको भवनको बजार मूल्यभन्दा धेरै कम रहेको छ। उक्त सम्पत्तिमा हरेक बर्ष ह्रास कट्टि गरिएको तर बजार भाउ अनुसार उचित मूल्यमा पुनर्मूल्यांकन गरिएको छैन। साथै समितिले स्थिर सम्पत्तिको बिमा गरी सम्पत्तिको संरक्षण गरेको छैन।

३. **अवकाश सुविधा (दिर्घकालीन दायित्व):** संस्थाले दीर्घकालीन दायित्व मापन गर्दा वर्तमान मूल्यअनुसार मापन गर्नुपर्दछ। संस्थाले यस व्यवस्थामा नियमित योगदान गर्नुपर्दछ। यसको मतलब संस्थाको निवृत्तिभरण योजनाभित्र सम्पत्ति रहेको हुन्छ जसलाई उचित मूल्यमा मापन गरिनुपर्दछ। संस्थाले विशेषज्ञ (Actuary Valuation) प्रयोगगरी उक्त विशेषज्ञको सिफारीसलाई आधार मानी वित्तियविवरणमा Defined Benefit Obligation र निवृत्तिभरण योजनाभित्र रहेको सम्पत्ति एक आपसमा Offset गरी लेखा राख्नुपर्दछ यद्यपी समितिले लेखामानले तोके बमोजिम नभई अनुमानित आधारमा रु.४०,४०९,९६०.८१ को व्यवस्था गरी लेखाङ्कन गरेको छ।

४. **सरकारी अनुदानः** गैर चालू सम्पत्तिको खरिदका लागी पाएको अनुदानलाई सम्बन्धीत सम्पत्तिको अपेक्षित उपयोग अवधि हिसाव गरी सोहि अनुसार लेखाङ्कन गरिनुपर्दछ। यसको लेखाङ्कनका लागि सम्पत्तिको लागतबाट अनुदान कटौती गरी शुद्धमूल्यमा ह्रासकट्टि गर्नुपर्ने र अनुदानलाई स्थगित आयको रुपमा लिएर नाफा वा नोक्सानमा सम्पत्तिको अपेक्षित उपयोग अवधि अनुसार लेखाङ्कन गर्नुपर्ने यद्यपी समितिमा रहेको रु.३३,९३८,३५१.५७ को अनुदानलाई स्थगित आयको रुपमा लिएर नाफा वा नोक्सानमा सम्पत्तिको अपेक्षित उपयोग अवधिअनुसार लेखाङ्कन गरेको छैन।

५. **वित्तीय विवरण उपर व्यवस्थापनः** नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरण यथार्थ र उचित चित्रण गर्ने, तयारी एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ ।

   वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थालाई बिघटन गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेको कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ । यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्वन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ङ) माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८२।१।८ मा पठाइएको छ।**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि सामग्री कम्पनी लिमिटेड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

देशमा कृषि बाली उत्पादनको लागि आवश्यक पर्ने गुणस्तरीय मल, बीउ, रसायन र उपकरणको आयात गरी सर्वसुलभ मूल्यमा बिक्री वितरण गर्नको लागि २०२२ सालमा यो कम्पनीको स्थापना भएकोमा २०५९ देखि कम्पनी ऐनअन्तर्गत नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी सञ्चालन हुँदै आएको छ। कम्पनीले नेपालमा आवश्यक पर्ने रासायनिक मलसमेत आयात गरी सहकारी संस्थामार्फत वितरण गर्ने काम गर्दछ। कम्पनीको केन्द्रीय कार्यालय, ७ प्रादेशिक कार्यालय र ३४ शाखा कार्यालय रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सम्पत्ति प्लाण्ट र उपकरणहरू	११,९५,१५,६०		११,९४,३७,१५	
ख्याति र अमूर्त सम्पत्ति	४४,५१		४५,७१	
लगानी उद्देश्य भएका स्थिर सम्पत्ति	५६,६४,५३		५६,६६,२१	
अन्य लगानी	८,४७,५१		८,८९,२८	
अन्य गैर चालु सम्पत्ति	४,०५,६५		६,८२,२५	
जम्मा गैर चालु सम्पत्ति		**१२,६४,७७,८०**		**१२,६७,२०,६०**
मौज्दात	१,११,०९,२५		४६,४१,८३	
व्यापारिक आसामी लिनुपर्ने	२,११,३०		९,२१,८०	
नगद तथा नगदजन्य	३,३५,५६,१८		४,०१,७९,४४	
चालु कर सम्पत्ति	८,०९,४८		२,५५,०५	
अन्य चालु सम्पत्ति	५२,९०,६३		२५,७३,८५	
जम्मा चालु सम्पत्ति		**५,०९,७६,८४**		**४,८५,७१,९७**
जम्मा सम्पत्ति		**१७,७४,५४,६४**		**१७,५२,९२,५७**
सेयर पुँजी	८९,३३,०८		८९,१४,३८	
जगेडा तथा कोषहरू	९,१५,६७,१६		९,१३,६७,४७	
सञ्चित नाफा / नोक्सान	१,६४,०७,७०		१,६०,७२,२८	
जम्मा कोष		**११,६९,०७,९४**		**११,६३,५४,१३**
व्यवस्थाहरू	८,२६,२५		८,२६,२५	
स्थगन कर दायित्व	२,६९,५३,२०		२,६६,५३,८७	
जम्मा गैर चालु दायित्व		**२,७७,७९,४५**		**२,७४,८०,१२**
व्यापारिक साहु तिर्नुपर्ने	२,६३,८३,९८		२,६०,५६,७०	
व्यवस्थाहरू	२१,४८,७५		२१,१५,००	
अन्य चालु दायित्व	४२,३४,५२		३२,८६,६२	
जम्मा चालु दायित्व		**३,२७,६७,२५**		**३,१४,५८,३२**
जम्मा कोष तथा दायित्व		**१७,७४,५४,६४**		**१७,५२,९२,५७**

उल्लिखित तालिकाअनुसार कम्पनीको वर्षान्तको मौज्दात गत वर्षको तुलनामा १३९.३३ प्रतिशतले वृद्धि भएकोमा नगद मौज्दातमा १६.४८ प्रतिशतले कमी आएको छ ।

२. **सञ्चालन नतिजा** - कम्पनीको नाफा नोक्सानको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री	५,६२,९२,४६		४,४८,१२,९४	
अन्य व्यावसायिक आम्दानी	१९,३४,४१,९७		८,५१,७१,३२	
कुल आम्दानी		**२४,९७,३४,४३**		**१२,९९,८४,२६**
खर्च				
बिक्री लागत खर्च	२४,५५,५३,०५		१२,३१,६०,४०	
कर्मचारी खर्च	२४,२०,०७		१८,२८,८४	
प्रशासकीय खर्च	८,६०,३१		९,२५,८७	
अन्य खर्च	१,९३,६८		१,७५,१७	
कुल खर्च		**(२४,९०,२७,११)**		**(१२,६०,९०,२८)**
सञ्चालनबाट मुनाफा		**७,०७,३२**		**३८,९३,९८**
साधारण आम्दानी/खर्च	१०,५०		११,७७,००	
बोनस र आयकर अघिको मुनाफा		**७,१७,८२**		**५०,७०,९८**
कर्मचारी बोनस	(३४,१८)		(२,४१,४७)	
आयकर अघिको मुनाफा		**६,८३,६४**		**४८,२९,५१**
चालु वर्षको आयकर	(१,१६,६५)		(१०,८४,४७)	
स्थगन कर आम्दानी/(खर्च)	(२,३१,७७)		७,७६,१३	
कर पछिको खुद मुनाफा		**३,३५,२२**		**४५,२१,१७**

उल्लिखित तालिकाअनुसार कम्पनीको बिक्री आम्दानी गत वर्षको तुलनामा २५.६१ प्रतिशतले वृद्धि भई यो वर्ष रु.५ अर्ब ६२ करोड ९२ लाख पुगेको छ। अन्य व्यावसायिक आम्दानी रु.१९ अर्ब ३४ करोड ४२ लाख रहेकोमा मुख्य हिस्सा मल खरिदको लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदानको रहेको छ। बिक्री लागत खर्च रु.२४ अर्ब ५५ करोड ५३ लाखसहित जम्मा खर्च रु.२४ अर्ब ९० करोड २७ लाख भई सञ्चालन नाफा रु.७ करोड ७ लाख कायम भएको छ। बोनस, चालु वर्षको आयकर र स्थगन आयकर खर्च कट्टी गर्दा कम्पनीको मुनाफा गत वर्षको तुलनामा ९२.५८ प्रतिशतले कम भई रु.३ करोड ३५ लाख कायम भएको छ।

३. **वैदेशिक दायित्वको लेखाङ्कन** - नेपाल लेखामान २१ को अनुच्छेद २१ र २८ अनुसार वैदेशिक मुद्रामा भुक्तानी गर्नुपर्ने दायित्वलाई आर्थिक वर्षको अन्तिम दिनको विनिमय दरअनुसार गणना गर्नुपर्दछ। कम्पनीको व्यापारिक साहु रु. २ अर्ब ६३ करोड ८३ लाख ९८ हजारमध्ये अन्य शीर्षकमा रहेको रु.२ अर्ब ३६ करोड ४२ लाख २ हजार दायित्व विदेशी पार्टीलाई विदेशी मुद्रामा तिर्नुपर्ने देखिन्छ। सो रकमलाई आर्थिक वर्षको अन्तिम दिनको विनिमय दरमा गणना गरी व्यवस्था गर्नुपर्नेमा सो गरेको पाइएन। यसबाट वित्तीय विवरणले यथार्थ चित्रण गरेको पाइएन।

४. **सम्भावित दायित्व** - कम्पनीले अन्तर्राष्ट्रिय बोलपत्रबाट पैठारी गरेको रासायनिक मलको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३क) बमोजिम ५ प्रतिशत करकट्टी गर्नुपर्नेमा सोअनुसार नगर्दा करबापतको दायित्व ब्याजसहित २०७१।७२ देखि २०७५।७६ सम्म २०८०।१।३१ मा गणना गर्दा रु.५ अर्ब २२ करोड ८९ लाख ४३ हजार तिर्नुपर्ने उल्लेख गरी ठुला करदाता कार्यालयबाट माग भई आएकोले बक्यौता कायम भएको छ । उक्त रकममध्ये २०७१।७२ देखि २०७४।७५ सम्मको रु. ४ अर्ब १३ करोड २३ लाख ४३ हजार बाहेकको रु.१ अर्ब ९ करोड ६६ लाखको सम्बन्धमा कम्पनीले आयकर ऐन, २०५८ को दफा ११५ बमोजिम २०८०।३।२९ मा आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनका लागि

निवेदन दिएको छ। प्रशासकीय पुनरावलोकनमा नगएको रु.४ अर्ब १३ करोड २३ लाख ४३ हजारको सम्बन्धमा वित्तीय विवरणमा व्यवस्था गर्नुपर्नेमा सो नगरी खुलासा मात्र गरेको छ। जुन नेपाल लेखामान ३७ अनुसार छैन। कम्पनीले सम्भावित दायित्व नेपाल लेखामान ३७ बमोजिम व्यवस्था गर्नुपर्दछ।

५. **घरजग्गा तथा सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था छ। सो बमोजिम कम्पनीले स्थानीय तहलाई तिर्नुपर्ने घरजग्गा/सम्पत्ति करबापतको बक्यौता जरिवानासहित २०७९।८० सम्म तीन महानगरपालिकालाई रु.७ करोड ७१ लाख ३ हजार, एक उप-महानगरपालिकालाई २०५८।५९ देखि २०७८।७९ सम्म रु.१ करोड १० लाख ४२ हजार तथा अर्को एक महानगरपालिकालाई २०७५।७६ सम्म रु.६० लाख ४ हजार गरी जम्मा रु.९ करोड ४१ लाख ४९ हजार तिर्न बाँकी रहेको छ। कम्पनीको अन्य कार्यालयको हकमा २०७९।८० सम्मको घरजग्गा कर गणना गर्न बाँकी रहेको छ। कम्पनीले घर/जग्गामा सम्पत्ति करबापत रु.३ करोड १३ लाख ३६ हजार बराबरको व्यवस्था गरे तापनि रु.६ करोड २८ लाख १३ हजारको व्यवस्था गरेको पाइएन।

६. **साहु तथा आसामीको लेखाङ्कन** - कम्पनीले आसामीहरूको सूचीमा राष्ट्रिय सहकारी सङ्घ लिमिटेडसँग लिनुपर्ने रु.२७ लाख र अन्यसँग लिनुपर्ने रु.१ करोड ८४ लाख २९ हजारसमेत रु.२ करोड ११ लाख २९ हजार लेखाङ्कन गरेको छ। त्यस्तै, व्यापारिक साहु तिर्नुपर्ने रु.२ अर्ब ६३ करोड ८३ लाख ९८ हजार प्रस्तुत गरेको छ। लिनपुर्ने तथा पेस्की रकमको समर्थनपत्र संलग्न नहुँदा वित्तीय विवरणमा प्रस्तुत गरेको लिनुपर्ने तथा दिनुपर्ने रकमको अवस्था यकिन गर्न सकिएन।

७. **कानुनी दायित्वको लेखाङ्कन** - कम्पनीले अन्तर्राष्ट्रिय बोलपत्रबाट छनोट भएको आइपीएल (इन्डियन पोटास लिमिटेड) सँग खरिद गरेको ३० हजार मेट्रिक टन युरिया मलको भुक्तानी सम्बन्धमा कम्पनीलाई मुद्दा पर्न गएकोमा मध्यस्तताबाट २०७३।८।१७ गते कम्पनी विरूद्ध निर्णय भएको, सोही मुद्दालाई लिएर आइपीएल (इन्डियन पोटास लिमिटेड) ले उच्च अदालत पाटनमा बिगो भरिभराउका लागि मुद्दा दायर गर्दा २०७५।५।१८ मा उच्च अदालत पाटनले लगतबमोजिम बिगो अमेरिकी डलर १६ लाख ७२ हजार ६९४ कोर्ट फि र अन्य दस्तुरसमेत जम्मा बिगो भरिभराउका लागि कानुनबमोजिमको ब्याजसमेत दिलाई भराई गराउन भनी कम्पनी विरूद्ध निर्णय भएको थियो। कम्पनीले पुनः उक्त फैसला उपर चित्त नबुझी सर्वोच्च अदालतमा २०७६।३।८ मा रिट दायर गरी २०७९।११।२ मा सर्वोच्च अदालतबाट रिट निवेदन खारेज हुने र उच्च अदालत पाटनबाट भएको फैसला कानुनसम्मत हुने भनी कम्पनी विरूद्ध फैसला भएकोमा उक्त फैसलालाई पुनरावलोकन गरी पाऊँ भनी २०८०।१२।१ मा कम्पनीले सर्वोच्च अदालतमा पुनरावलोकन दर्ता गरेको र सो मुद्दा विचाराधिन रहेको छ।

८. **दायित्वको लेखाङ्कन** - नेपाल लेखामान १९ (कर्मचारी लाभ) बमोजिम कम्पनीले उपदान, बिदा र औषधी उपचार खर्च गणना गर्दाको बखतमा योजना सम्पत्ति र निर्दिष्ट लाभ दायित्वको प्रतिफल बराबर हुनुपर्नेमा योजना सम्पत्तिको प्रतिफल दर १ प्रतिशत र निर्दिष्ट लाभ दायित्वको प्रतिफल दर ८.४ प्रतिशतको आधारमा गणना गर्दा रु.४ करोड ७७ लाख ३२ हजार हुनेमा कम्पनीले रु.५७ लाख २५ हजार मात्र लेखाङ्कन गर्दा रु.४ करोड २० लाख ७ हजार कम लेखाङ्कन गरेको पाइयो। उल्लिखित अवस्थामा वित्तीय विवरणले यथार्थ दायित्व चित्रण गर्न सकेको छैन।

९. **अनुदानको लेखाङ्कन** - नेपाल लेखामान २० (सरकारी अनुदानको लेखाङ्कन) अनुसार अनुदानको लेखाङ्कन गर्दा सोसँग सम्बन्धी कुनै सर्त भए सो सर्तहरू पुरा भएपछि मात्र लेखाङ्कन गर्नुपर्दछ। कम्पनीले २०७९।८० को

रासायनिक मल खरिदको अनुदान सो वर्ष प्राप्त भएको परिमाण बराबर मात्र आम्दानी लेखाङ्कन गर्नुपर्नेमा २०८०।८१ मा प्राप्त भएको रासायनिक मलबापतको रु.२४ करोड ६ लाखको आम्दानी पनि २०७९।८० मा नै आम्दानी बाँधेको छ। लेखामान अनुरुप लेखाङ्कन नगर्दा वित्तीय विवरणको यथार्थतामा आश्वस्त हुन सकिएन।

१०. **मल खरिद** - कम्पनीले यो वर्ष १ लाख ४२ हजार मेट्रिक टन युरिया, ८० हजार ११० मेट्रिक टन डी.ए.पी. र ५ हजार ९९ मेट्रिक टन पोटास गरी रासायनिक मल खरिदमा रु.२४ अर्ब ५६ करोड खर्च गरेको छ। अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट रासायनिक मल खरिद गर्दा कम्पनीले बोलपत्र आह्वान गर्ने समय र बोलपत्र खोल्ने समय गरी २ पटक लागत अनुमान तयार गर्ने गरेको छ। सार्वजनिक खरिद ऐन र कम्पनीको आर्थिक विनियमावलीमा २ पटक लागत अनुमान तयार गर्ने व्यवस्था नभए तापनि अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य साप्ताहिक रूपमा परिवर्तन हुने र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिद गर्दा बोलपत्र पेश गर्न ४५ दिनको अवधि दिनुपर्ने कारण सो अवधिमा मूल्यमा ठुलो परिवर्तन आउने भएकाले २ पटक लागत अनुमान तयार गरी सुरूको लागत अनुमानको आधारमा बोलपत्र जमानत लिने र पछिल्लो लागत अनुमानको आधारमा बोलपत्रको मूल्याङ्कन गर्ने गरेको कम्पनीको जवाफ रहेको छ।

११. **मुद्दा** - विभिन्न मल आपूर्तिकर्ताहरूले कम्पनीसँग गरेको खरिद सम्झौताको सर्तअनुसार समयमा मल आपूर्ति गर्न नसकेपछि कम्पनीले कार्यसम्पादन जमानत जफत गरेकोमा उक्त आपूर्तिकर्ताहरू कम्पनीको निर्णयमा चित्त नबुझाई कानुनी उपचारका लागि विभिन्न तहका अदालत गएकोमा यस वर्षसम्म ११ मुद्दा अदालतमा विचाराधीन रहेका छन्।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय :

हामीले कृषि सामग्री कम्पनी लिमिटेडको (यस पछि "कम्पनी" भनिएको) को यसै साथ संलग्न २०८० आषाढ ३१ मितिको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यसपछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं।

कैफियत सहितको रायका आधार शीर्षक अर्न्तगत समावेश भएका बिषय वस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा कम्पनीको मिति २०८० आषाढ ३१ को वित्तीय स्थिती तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय अवस्था र नगदप्रवाहले नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको रायका आधार :

(क) कृषि सामग्री कम्पनी लिमिटेडले Global Tender बाट पैठारी गरेको रासायनिक मलहरुको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३)(क) बमोजिम भुक्तानी रकममा ५ प्रतिशत भुक्तानी गर्दा कर कट्टी गर्नुपर्नेमा सो अनुसार नगर्दा रासायनिक मल खरिदको भुक्तानी गर्दा कर कट्टी गर्नुपर्ने वापतको रकम ब्याज सहित आ.व. २०७१/७२ देखि २०७४/७५ सम्म को लागि मिति २०८०/०९/०२ सम्म गणना गर्दा रु.४,१३२,३४२,९७९ र आ.व. २०७५/७६ को लागि मिति २०८०/०१/३१ सम्म ब्याज सहितको रकम गणना गर्दा रु. १,०९६,६००,२०९ गरी जम्मा रु. ५,२२८,९४३,१८८ तिर्नुपर्ने भनी ठुला करदाता कार्यालयबाट माग भइ आएको वक्यौता रकममा संभावित दायित्व भनि देखाइएको छ। आ.व. २०७१/७२ देखि २०७४/७५ सम्म को रु.४,१३२,३४२,९७९ को लागि कम्पनी आय कर ऐन, २०५८ को दफा ११५ बमोजिम प्रशासकिय पुनरावलोकनको लागि विभाग समक्ष निवेदन नदिएको कारणले संभावित दायित्व (Contingent Liability) भनी मात्र खुलासा नगरी नेपाल लेखामान ३७ बमोजिम व्यवस्था सृजना गर्नुपर्दछ।

बाँकी रकम रु. १,०९६,६००,२०९ मिति २०८०/०३/२९ मा कृषि सामग्री कम्पनी. लि. ले आन्तरिक राजश्व विभाग, प्रशासकिय पुनरावलोकनका लागि आवश्यक कागजातहरु संलग्न गरी पुनरावलोकनका लागि निवेदन दिएको पाइयो। दफा ११५(८) बमोजिम निवेदन दिएको मितिले साठी दिनभित्र विभागले सो निवेदन उपरको निर्णयको सूचना कम्पनीलाई प्राप्त

नभएको कारणले दफा ११६ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्नुपर्नेमा नगरेको पाइयो । सो कारण कम्पनीले संभावित दायित्व (Contingent Liability) भनी मात्र खुलासा नगरी नेपाल लेखामान ३७ बमोजिम व्यवस्था सृजना गर्नुपर्दछ ।

(ख) कम्पनीले घरजग्गा/सम्पत्ति कर बापत बक्यौता जरिवाना सहित काठमाडौँ महानगरपालिकालाई आ.व. २०७९/८० सम्म रु. ४९,३२९,९३४.०४, विराटनगरमा आ.व. २०७९/८० सम्म रु. ४,९३६,०६४.००, वीरगंजमा आ.व. २०७९/८० सम्म रु. २२,८३७,३४०.९६, जनकपुरमा आ.व. २०५८/५९ देखि २०७८/७९ सम्म रु. ११,०४१,६६३.१३, पोखरामा आ.व. २०७५/७६ सम्म रु. ६,००४,६३१.००, गरी जम्मा रु. ९४,१४९,६३३.०० दिनुपर्ने रहेको छ । कम्पनीको अन्य कार्यालयहरुको हकमा भने आ.व. २०७९/८० सम्मको घर जग्गा कर गणना गर्न बाँकी रहेको छ । कम्पनीले घर/ जग्गा सम्पत्ति कर वापत रु. ३१,३३५,९२०.३२ बराबरको व्यवस्था गरेको तर रु. ६२,८१३,७१२.६८ रकमको व्यवस्था नगरिएको पाइयो । जग्गा तथा गोदामको एकीकृत सम्पत्ति कर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस कम्पनीको कर दायित्व हुने हुदाँ उक्त रकमलाई दायित्वको रूपमा लेखाङ्कन गरी भुक्तानी गर्नु पर्दछ ।

(ग) कम्पनीले आसामीहरुको सूचिमा राष्ट्रिय सहकारी संघ लि. सँग लिनुपर्ने रकम रु. २,७००,४५३.१४ र अन्यसँग लिनुपर्ने भनी रु. १८,४२९,१९५.९१ गरी जम्मा रु. २१,१२९,६४९.०५ लेखांकन गरेको छ । कम्पनीले व्यापारिक साहू तिर्नुपर्ने भनी रु. २,६३८,३९८,३९४ आ.व. २०७९/८० को वित्तीय विवरणमा प्रस्तुत गरेको छ । लिनपुर्ने तथा पेश्की हिसाब अन्तर्गत रहेका रकमको ३ महिना, ६ महिना, १२ महिना र सोभन्दा बढी आयु अनसुारको वर्गीकरण गरिएको छैन । कम्पनीले लिनुपर्ने तथा दिनुपर्ने रकमको समर्थन पत्र सङ्कलन गरी राख्नु पर्नेमा नराख्दा वित्तीय विवरणमा प्रस्तुत गरेको लिनुपर्ने तथा दिनुपर्ने रकम पुष्टी गर्न सकिएन ।

(घ) कृषि सामग्री कम्पनी लिमिटेडले Global Tender बाट छनोट भएको आइ.पी.एल. (इन्डियन पोटास लि.) सँग खरिद गरेको ३०,००० मे. टन युरिया मलको भुक्तानी सम्बन्धमा कम्पनीलाई मुद्दा पर्न गएको जसमा मध्यस्तताबाट मिति २०७३/०८/१७ गते कम्पनी विरुद्ध निर्णय भएको । सोही मुद्दालाई लिएर आइ.पी.एल. (इन्डियन पोटास लि.)ले उच्च अदालत पाटनमा बिगो भरी भराउका लागि मुद्दा दायर गर्दा मिति २०७५/०५/१८ मा उच्च अदालत पाटनले लगत बमोजिम बिगो USD 16,72,694.57 कोर्ट फि र अन्य दस्तुर समेत जम्मा बिगो भरी भराउका लागि कानुन बमोजिमको ब्याज समेत दिलाई भराई गराउन भनी कम्पनी विरुद्ध निर्णय भएको । कम्पनीले पुनः उक्त फैसलाउपर चित्त नबुझी सर्वोच्च अदालतमा मिति २०७६/३/८ मा रिट (रिट नं. ०७५-ध्य-१३०५) दायर गरी मिति २०७९/११/०२ गतेमा सर्वोच्च अदालतबाट रिट निवेदन खारेज हुने र उच्च अदालत पाटनबाट भएको फैसला कानुनसम्मत हुने भनी कम्पनीको विरुद्ध फैसला भएकोमा उक्त फैसलालाई पुनरावलोकन गरी पाँउ भनी मिति २०८०/१२/०१ मा कम्पनीले सर्वोच्च अदालतमा पुनरावलोकन दर्ता गरेको र सो मुद्दा चलिरहेको छ । यसरी ३ तहबाट कम्पनीले कानुन बमोजिम ब्याज समेत दिनुपर्ने निर्णय हुदाँ मिति २०८० असाढ मसान्तको नेपाल राष्ट्र बैंकको विनिमय दर १ USD = रु. १३१.७७ का दरले जम्मा रकम रु.२२०,४१०,९६३.४९ (ब्याज बाहेक) को न्यूनतम व्यवस्था नगरिएको पाइयो ।

(ङ) नेपाल लेखामान १९ बमोजिम कृषि सामग्री कम्पनी .लि.ले उपदान, बिदा र Medical Benefit गणना गर्दाको बखतमा Plan Assets र Defined Benefit Obligation को प्रतिफल बराबर हुनुपर्नेमा Plan Assets को प्रतिफल दर १% र Defined Benefit Obligation को प्रतिफल दर ८.४% (औसत अनुमानित प्रतिफल) मानि गणना गरिएको पाइयो । यसरी Plan Assets मा Defined Benefit Obligation को प्रतिफल दर ८.४% (औसत अनुमानित प्रतिफल) मानि गणना गर्दा रु.४७,७३२,११८.६८ हुने तर कम्पनीले भने रु. ५,७२४,९७८ मात्र लेखाङ्कन गर्दा रु.४२,००७,१४१.१४ रकमले कम लेखाङ्कन गरेको पाइयो ।

(च) कम्पनीको आ.व. २०७९/८० को वित्तीय विवरण अनुसार मार्गस्थल मौज्दात भनी रु. १६०,६९१,९०० रकम देखाइएको पाइयो । सो रासायनिक मलहरुको मौज्दात आ.व. २०७९/८० मा प्राप्त नभई आ.व. २०८०/८१ मा प्राप्त भएको पाइन्छ । Conceptual Framework for NFRS 2018 अनुसार संस्थाको विगतका कारणले हाल नियन्त्रणमा रहेका स्रोतहरु जसले भविष्यमा आर्थिक लाभ उपलब्ध गराउछ त्यस्तो कुरालाई सम्पत्ति भनिन्छ । आ.व. २०७९/८० मा प्राप्त नभएको मार्गस्थल मौज्दात कम्पनीको नियन्त्रणमा नभएकोले उक्त मार्गस्थल मौज्दातलाई नेपाल लेखामान २ अनुसार सम्पत्ति लेखाङ्कन गर्न मिल्दैन ।

साथै नेपाल लेखामान २० (Accounting for Government Grants and Disclosure of Government Assistance) अनुसार आम्दानीको लागि पाएको अनुदान सोसँग सम्बन्धी कुनै सर्त भए सो सर्तहरु पुरा भए पछि मात्र लेखाङ्कन गर्न मिल्ने छ । कम्पनीले आ.व. २०७९/८० सँग सम्बन्धित रासायनिक मल खरिदको सरकारी अनुदान सोही आ.व.मा प्राप्त भएको परिमाण बराबर आम्दानी मानी आ.व. २०७९/८० मा लेखाङ्कन गर्नुपर्नेमा आ.व. २०८०/८१ मा प्राप्त भएको रासायनिक मलहरु वापतको सरकारी अनुदानको आम्दानी रु. २४०,६०४,९१५.५० लेखाङ्कन गरेको छ ।

(छ) कम्पनीको जिन्सी मौज्दात विवरण अनुसार विगत लामो समयदेखि बिक्री हुन नसकी बाँकी रहेका कृषि औजार, बिउबिजन तथा अन्य जिन्सी सामानलाई मौज्दात विवरणमा मूल्य नखुलाई परिमाण मात्र खुलाएको र आर्थिक विवरणमा सोको लेखाङ्कन गरेको देखिएन । कम्पनीले नेपाल लेखामान २ अनुसार अन्तिम जिन्सी मौज्दातलाई लागत मूल्य वा खुद प्राप्तयोग्य मूल्य मध्येको जुन कम हुन्छ सो मूल्यमा देखाउनुपर्नेमा सो अनुसार लेखाङ्कन गरेको पाइएन ।

कम्पनीको वित्तीय विवरणमा रासायनिक मल, बिउ तथा कृषि औजारका मौज्दातलाई रु. १,११०,९२५,२३६ मा मूल्याङ्कन गरिएको छ । कम्पनीले वित्तीय विवरण तयार गरी प्रस्तुत गर्दा नेपाल सरकारबाट प्राप्त अनुदान रकमलाई अन्य आम्दानी भनी देखाएको तर वर्षको अन्त्यमा रहेको जिन्सी मौज्दातको गणना गर्दा रासायनिक मल खरिदको लागि प्राप्त सरकारी अनुदानलाई आम्दानी नमानी लगतमा कट्टा गरी देखाईएको पाइयो ।

(ज) कृषि सामग्री कम्पनी. लि. को वित्तीय विवरणमा अन्य गैर चालु सम्पत्ति अन्तर्गत "कर्मचारीसँग लिनुपर्ने पुरानो कर हिसाब" शीर्षकमा रु. ६७६,१५० र "कर्मचारी पेश्की हिसाब" शीर्षक अन्तर्गत "बहालमा रहनु भएका कर्मचारी"को रु. ७४८,२९८.५८ र "बहालमा नरहनु भएका कर्मचारी" अहिलेको अवस्थामा अवकाश प्राप्त भएका कर्मचारीहरुको उपदान कर वापतको रकम अर्न्तगत रु. ८,९३८,१४६.८१ गरी कर्मचारीसँग जम्मा रकम रु. १०,३६२,५९५.५१ अझै पनि संस्थाले उठाउनु पर्ने भनी देखिन्छ । यसरी संस्थाले उठाउनुपर्ने रकम कहिले सम्म र कसरी उठाउनुपर्ने हो सो कुराको विवरण संस्थाको नीतिमा खुलाउनु पर्नेमा अहिले सम्म पनि नखुलाएको पाइन्छ ।

(झ) कम्पनीको वित्तीय विवरणमा समावेश भएको नोट नं. ३.४ अनुसार जग्गा र भवन बाहेक अन्य सम्पत्तिहरुको लागि २०७६ असार मसान्तको रकम (Written Down Value (WDV)) लाई ३ बर्षमा सकिने गरी Straight Line Method मा ह्रासकट्टी गरिनुपर्ने नीति रहेको छ । कम्पनीको विभिन्न कार्यालयहरुमा आ.व. २०७५/७६ मा (जग्गा र भवन बाहेक) स्थिर सम्पत्तिहरु खरिद गरिएको पाइयो तर सो सम्पत्तिहरुको ह्रासकट्टी संस्थाको नीति अनुसार नगरिएको पाइयो । ह्रासकट्टीको लागि कायम गर्नुपर्ने अनुमानित आयू भन्दा कायम गरेको अनुमानित आयू बढी भएको हुदाँ कम्पनीको आ.व.२०७९/८० को ह्रासकट्टी रकममा रु. ६,३७१,५८८।९६ ले घटी लेखाङ्कन भएको पाइयो ।

(ञ) बोनस ऐन, २०३० को दफा ५ को ३(ख) बमोजिम नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले हरेक आर्थिक वर्षको सम्भावित दायित्व बापतको रकम यकिन गर्ने र त्यसरी यकिन हुन आएको रकम छुट्टै कोष खडा गरी जम्मा गरे पछि मात्र बोनस वितरण गर्न पाउनेछ । कृषि सामग्री कम्पनी. लि. को विगत वर्षहरुमा सबै सम्भावित दायित्व भएको तर वित्तीय विवरणमा भने खुलासा (Disclosure) नगरिएको पाइयो । हरेक आर्थिक वर्षमा हुनसक्ने सबै सम्भावित दायित्व बापतको रकम संस्थाले यकिन नगरेको तर बोनस रकम आ.व. २०७४।७५ देखि सार्दै आएको र आ.व. २०७४।७५ देखि आ.व. २०७९।८० सम्म जम्मा रु.११०,९३४,७२५ रकम छुट्याएको पाइयो । कम्पनीले आ.व. २०७९/८० सम्म सबै सम्भावित दायित्व बापतको रकम छुट्टै कोष खडा नगरी बोनस व्यवस्था गरिएको पाइयो ।

(ट) कुनै समयावधिको लागि भाडामा लिएको सम्पत्तिको नियन्त्रण पहिचान गर्न सकिन्छ र त्यस्को निमित्त संस्थाले आर्थिक कारोबार गर्नेपर्ने हुन्छ भने त्यस्तो सम्झौतालाई नेपाल वित्तीय प्रतिवेदनमान १६ अनुसार Right of Use Assets र Lease Liability भनी पहिचान गनुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा, गोदामघरहरुको सम्झौता चेकजाँच गर्दा प्रादेशिक तथा प्रधान कार्यालयहरुले गोदामघर सम्झौता गरी भाडामा लिइएको पाइयो । यसरी प्रयोगमा लिइएको गोदामघरहरु नेपाल वित्तीय प्रतिवेदनमान १६ अनुसार लेखाङ्कन गर्नुपर्नेमा सम्झौताहरुको Recognition, Presentation and Disclosure नगरिएको पाइयो । नेपाल वित्तीय प्रतिवेदनमान अनुसार गोदामघर भाडामा प्रयोग गर्दा "Right of Use of Assets" भनि सम्पत्तिमा र "Lease Liability" लेखाङ्कन गर्नुपर्नेमा नभएको एवं भाडाको लागि भुक्तानी गरिएको रकम खर्चमात्र लेखाङ्कन भएको छ । यसले गर्दा संस्थाको वासलातले सम्पत्ति तथा दायित्वको वास्तविक प्रस्तुति नगरेको पाइयो ।

(ठ) लेखापरीक्षणको क्रममा भवन, जमिन, मेशिनरी, अदृश्य सम्पत्ति तथा अन्य सम्पत्तिको नेपाल लेखामान ३६ अनुसार क्षयकरण (Impairment) जाँच गर्नुपर्नेमा सो गरिएको छैन । साथैं Recoverable Amount को पनि अनुमान नगरिएको पाइयो ।

(ड) नेपाल लेखामान २१ को अनुच्छेद २१ को अनुसार आर्थिक वर्षको अन्तिम रिपोर्टिङ अवधिमा रहेको मौद्रिक वस्तुहरू संस्थाको वासलातमा उपलब्ध छ भने सो दिनको समापन दर प्रयोग गरी अनुवाद गर्नुपर्ने साथै अनुच्छेद २८ अनुसार त्यसरी अनुवाद गरेर आएको फाइदा वा घाटालाई सोहि आ.व.को नाफा वा नोक्सानमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । कम्पनीको वित्तीय विवरण अनुसार "व्यापारिक साहू तिर्नुपर्ने" अन्तर्गत रु २,६३८,३९८,३९४।०० मध्ये "अन्य ग्राहक" को शीर्षकमा रु २,३६४,२०२,०१३।७३ तिर्नु पर्ने रकम विदेशी पार्टीलाई विदेशी मुद्रामा तिर्नु पर्ने देखिन्छ । सो तिर्नु पर्ने विदेशी रकमहरुलाई आर्थिक वर्षको अन्तिम रिपोर्टिङ अवधिमा माथि उल्लेखित प्रावधान अनुसार अनुवाद गर्नुपर्नेमा नगरिएको पाईयो ।

(ढ) कृषि सामग्री कम्पनी. लि. को अन्य आम्दानी अन्तर्गत "गोदाम तथा जग्गा भाडा आम्दानी" भनी रु. ४०,८३५,७९९.७३ लेखाङ्कन गरेको पाइयो सो मध्ये रु. २२,३२९,७७२.१५ प्रधान कार्यालयले आम्दानी गरेको पाइयो । कम्पनीको प्रधान कार्यालयको गोदाम तथा जग्गा भाडा सम्झौता अध्यन गर्दा कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रोदभावी आधारमा आम्दानी जनाउनु पर्नेमा नगद प्राप्तीको आधारमा गर्दा जम्मा रकम रु. ९,२२२,६९३.२९ ले कम लेखाङ्कन भएको पाइयो । साथै कम्पनीको प्रादेशिक तथा शाखा कार्यालयहरुले पनि नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको पाइयो ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । नेपाल लेखापरीक्षण मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants)" बमोजिम हामी कम्पनीसँग

स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षण मामिला :

मुख्य लेखापरीक्षण मामिला :	**लेखापरीक्षकको प्रतिक्रिया**
बिक्री आम्दानी : नेपाल वित्तीय प्रतिवेदनमान १५ (Revenue from Contracts with Customer) अनुसार कम्पनीले विक्रेतालाई रासायनिक मल बिक्री गर्दा five step revenue recognition model अपनाउनु पर्नेहुन्छ । रासायनिक मलहरुको जोखिम र स्वामित्वको हस्तान्तरण गरे पछि मात्र कम्पनीले आम्दानी बाँदनु पर्ने हुन्छ जुन मुख्यतया सामग्रीको डेलिभरी भएपछि र आम्दानी प्राप्त हुन सक्ने भरपर्दो सम्भावना सृजना भएपश्चात मात्र लेखाङ्कन गर्न सकिन्छ । कम्पनीले यस आ.व.मा गरेको रासायनिक मलहरुको बिक्री र सोसँग सम्बन्धित आम्दानीको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुरुप भए वा नभएको साथै समयमै लेखाङ्कन भए वा नभएको प्रमाणीकरण गर्न जोखिम रहेको ।	कम्पनीले बिक्री गरेको रासायनिक मलबाट आर्जन गरेको आम्दानीको प्रमाणीकरण गर्नको निमित्त हाम्रीले अपनाएको विधी निम्न अनुसार रहेको : नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार five step revenue recognition model अपनाई कम्पनीले गरेको आम्दानी र सोको लेखाङ्कन तल अनुरुप चेकजाँच गरिएको : १. बिक्रेतासँग सम्झौताको पहिचान २. सम्झौतामा कार्यसम्पादनको दायित्व ३. बिक्री हुने वस्तुको मूल्य पहिचान ४. कार्यसम्पादन दायित्वमा बिक्री मूल्यको वितरण गर्नुपर्ने ५. कार्यसम्पादन गर्नुपर्ने दायित्व पुराभए पछि आम्दानी पहिचान गर्ने प्रक्रिया । कम्पनीको आम्दानी पहिचान गर्नको निमित्त लेखाङ्कन गरेको आम्दानीको विवरण र सोको विश्वासनीयता पुष्टीकरण गर्नको लागि लेखाङ्कन गर्ने प्रक्रिया, सम्बन्धीत कागजात, नियम तथा नियमावलीको पालना गरे नगरेको भनी चेकजाँच गरिएको । कम्पनीले आन्तरिक राजस्व विभागमा भरेको खरिद तथा बिक्रीको आयकर विवरण र कम्पनीको बिक्री हिसाब भिडान गरी बिक्रीको चेकजाँच गरिएको ।
खरिद प्रक्रिया : कृषि सामग्री कम्पनी. लि. ले यस आ.व. मा गरेको रासायनिक मल, ढुवानी सेवा, परामर्श सेवा र अन्य खरिद सार्वजनिक खरिद ऐन, २०६३ र कम्पनीको खरिद नियम बमोजिम हुनुपर्ने । खरिद पक्रियाले कम्पनीमा एक मुख्य भुमिका खेलेको हुदाँ सोसँग सम्बन्धित पक्रिया, खरिद नीति तथा लेखाङ्कन गर्ने विधीहरुको पहिचान गर्नुपर्ने देखिएको ।	कम्पनीले गरेको खरिदको प्रक्रिया, औचित्यताको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधीहरु : १. खरिद ऐन तथा नियमावली बमोजिम भए नभएको चेकजाँच गरिएको । २. लागत अनुमान, बोलपत्र आह्वान तथा खरिद कर्ताको छनोटको प्रक्रिया । ३. खरिद सामग्रीको चेकजाँच तथा सो को पहिचान र लेखाङ्कनको चेकजाँच ।

विषय उपर जोड:

(क) कम्पनीले कर्मचारी कल्याण कोष व्यवस्था शीर्षक अन्तर्गत रहेको रु. १,२८७,४७६.६४ आ.व. २०६६ साल देखि कुनै परिवर्तन नभई जिम्मेवारी मात्र सार्दै ल्याएको देखिन्छ । कम्पनीले कर्मचारी कल्याण कोष व्यवस्था शीर्षक अर्न्तगत यस आ. व. २०७९/८० मा कुनै किसिमको थप व्यवस्था गरेको पाइएन । कर्मचारी कल्याण कोषमा प्रत्येक वर्ष कम्पनीबाट निश्चित रकम छुट्याउनुपर्नेमा नछुट्याउँदा नियमावलीको पालना नभएको देखिन्छ । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

(ख) कम्पनीले आ.व. २०७७/७८ मा पहिलो पटक NFRS लागु गर्ने क्रममा लगानी उद्देश्य भएको सम्पत्तिको WDV गणना गर्दा २०७८ को WDV बाट आ.व. २०७६ को WDV हिसाब गर्दा वार्षिक ह्रास रकम जोडि गणना गर्नुपर्नेमा आ.व. २०७६ को WDV गणना गर्दा वार्षिक ह्रास रकम घटाई हिसाब गरेको पाइयो । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

(ग) कृषि सामग्री कम्पनी. लि. अन्तर्गत रहेको कार्यालयहरुमा स्थिर सम्पत्ति तथा जिन्सी मौज्दातहरुको बीमा गर्नुपर्नेमा सम्पत्तिहरु मध्ये सवारी साधनहरुको मात्र तेस्रो पक्ष बीमा गरेको पाइयो । सम्पत्तिको बीमा नगरेको कारण विभिन्न जोखिमबाट हुने हानी नोक्सानीबाट उक्त सम्पत्ति सुर्रक्षित रहेको देखिएन । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

(घ) कम्पनीको स्वामित्वमा रहेका भवनको भौतिक परीक्षण गर्दा, गोदामघरहरु पुराना रहेको एवं पूर्वधारहरु कमजोर हुदैँ गएको साथैँ सबै कार्यालयहरुमा सि.सि टिभी क्यामेरा जडान नगरेको, कतिपय शाखाहरुको गोदाममा अति आवश्यक पर्न जाने बत्ती तथा विजुली, शौचालय समेत नभएको, भवनहरुको पर्खाल, ढोका, छत र भुइँहरुको मर्मत सम्भार गर्न जरुरी देखिन्छ । कम्पनीको स्वामित्वमा रहेका कतिपय जग्गा तथा भवनहरुमा हाल कार्यालय नरहेकाले सो जग्गाहरु बेवारिसे अवस्थामा रहेको, अन्य कार्यालयहरुले समेतले ओगटेको, अतिक्रमण भएको तथा सार्वजनिक बाटोको रुपमा प्रयोग भई रहेकोले गर्दा भवनहरुको वास्तविक स्थिति यकिन गर्न सकिएन । कतिपय शाखा कार्यलयहरुले सम्पत्ति रजिस्टरमा सम्पत्ति रहेको स्थान, परलमूल्य, ह्रास कट्टी रकम, बाँकी रकम तथा सम्पत्तिको हालको अवस्था अद्यावधिक समेत गरेको देखिएन । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

(ङ) मिति २०७८/०३/३१ गते यस संस्थाको हिसाब किताब सहजीकरण गर्ने मुख्य उद्देश्यको निमित्त सफ्टवेर बनाउने कम्पनीलाई रु. ३९,५०,००० को सेवा खरिद बापत अग्रीम पेश्की दिएको र सफ्टवेर सम्झौता भएको निकै लामो समय सम्म पनि पूर्ण रुपमा प्रयोगमा आउन सक्ने अवस्थामा नरहेको पाइयो । सफ्टवेर खरिद सम्बन्धमा संस्थाले गरेको अग्रीम भुक्तानीको प्रतिफल समयमै प्राप्त नहुदाँ संस्थाको रकमको उचित तवरले प्रयोग नभएको देखिन्छ । संस्थाले सफ्टवेर खरिदका लागि भुक्तानी गरेको र उद्देश्य प्राप्त नहुदाँ भुक्तानी भएको रकमको सदुपयोग नभएको देखिन्छ । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

(च) कम्पनीको प्रबन्धपत्र (MOA) को दफा ६ अनुसार कम्पनीको अधिकृत पूंजी रू १,०९,६५,४०,००० (रू १०० का दरले १,०९,६५,४०० शेयर) हुनेछ, जारी पूंजी रू १,००,५४,४०,००० हुनेछ र कम्पनीको चुक्ता पूंजी रू १,००,५४,४०,००० (रू १०० का दरले १,००,५४,४०० शेयर) हुनेछ भनी उल्लेख गरिएको पाइयो तर वित्तीय विवरणले प्रति शेयर १०० रुपैयाँको दरले ८९,१४,३८८ शेयरको चुक्ता पूंजी रू ८९,१४,३८,८०० भएको उल्लेख गर्दछ । साथै कम्पनीसँग कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरिएको चुक्ता पूंजी प्रमाणित गर्ने शेयर कागजातहरू उपलब्ध भएन । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

अन्य मामिला:

कम्पनी को खरिद प्रकिया अवलोकन गर्दा यस संस्थाले आफूसँग कति परिमाण मल छ, कति परिमाण चाँहिने हो र आफ्नो गोदाम घरले कति परिमाणको क्षमता सम्म थाम्न सक्छ यसको वैज्ञानिक तवरले अनुमान नगरी रासायनिक मलहरु सरकारले अनुदान दिएकै भरमा खरिद गरिएको पाइयो । तसर्थ प्रत्येक वर्ष समयमा मल आपूर्ति नभई किसानलाई मल अभाव हुने गरेकोमा त्यसमा सुधारको लागि कम्पनीले परिणाममुखी नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सो सम्बन्धी विषय वित्तीय विवरणमा प्रस्तुतीकरण तथा खुलासा गर्न आवश्यक छैन ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ । कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि संचालक समिति तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरु जिम्मेवारी छन् ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व :

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन् भन्ने आश्वस्त्ता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

(क) वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण

प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।

(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।

(ग) व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।

(घ) व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

(ङ) वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताह पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं ।

अन्य कानुनी र नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन :

कम्पनी ऐन २०६३ को दफा ११५(३) बमोजिम :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा कैफियत सहितको रायका आधारमा उल्लेखित राय बाहेक, हाम्रो रायमा कम्पनीको हिसाब किताब ऐन बमोजिम ठीकसँग राखिएको छ ।

(ग) कैफियत सहितको रायका आधारमा लेखेका बुँदा बाहेक यो प्रतिवेदनसँग सम्बन्धित वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) ले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्त रहेका छ ।

(घ) हामीले लेखा परिक्षणको समायमा कम्पनीको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।३।५ मा पठाइएको छ।**

दुग्ध विकास संस्थान (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

उपभोक्तालाई गुणस्तरयुक्त प्रशोधित दुध तथा दुग्ध पदार्थ आपूर्ति गर्ने उद्देश्यले तत्कालीन दुग्ध विकास बोर्ड संस्थान ऐन, २०२१ को व्यवस्थाअनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी २०२६।४।१ मा संस्थानको स्थापना भएको हो। संस्थानमा नेपाल सरकारबाट सेयर पुँजी बापत रु.३६ करोड ६४ लाख २५ हजार प्राप्त भएको छ। संस्थानले हालसम्म गण्डकी प्रदेश बाहेक ६ प्रदेशमा आयोजना सञ्चालन गरी दुध प्रशोधन तथा बिक्री वितरण, चिज उत्पादन कार्य गर्नुका साथै ८ दुध तथा दुग्ध पदार्थ वितरण आयोजना र एक पशु आहारा उत्पादन कारखाना सञ्चालनमा ल्याएको छ।

१. **वित्तीय स्थिति** - संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरणहरू	२,६५,७९,४२		२,६४,८७,०१	
ख्याति र अमूर्त सम्पत्ति	३,९६		३,९६	
सहायक कम्पनीमा लगानी	१,२७,५०		१,२७,५०	
अन्य लगानी	२,४०,००		२,३४,०८	
अन्य गैर चालु सम्पत्ति	१,३५,४४		२,७०,५९	
कुल गैर चालु सम्पत्ति		**२७०८६३१**		**२७१२३१४**
मौज्दात	५१,३९,६९		३०,२१,८०	
व्यापारिक आसामी	२२,३९,३७		१८,५६,३३	
नगद तथा नगद समान	१९,३३,०२		२९,६५,८२	
चालु कर सम्पत्ति	३,४७,२४		३,१९,९७	
अन्य चालु सम्पत्ति	१९,८८,१५		२०,७०,५८	
कुल चालु सम्पत्ति		**११६४७४८**		**१०२३४५०**
जम्मा सम्पत्ति		**३,८७,३३,७९**		**३,७३,५७,६४**
पुँजी तथा दायित्व				
नेपाल सरकारबाट प्राप्त कोष	३६,६४,२५		३६,६४,२५	
जगेडा तथा कोषहरू	२,३४,८२,६२		२,३४,८२,६२	
सञ्चित नाफा/नोक्सान	(१,८३,३१,८६)		(१,२१,६१,२३)	
कुल कोष तथा जगेडा		**८८१५०१**		**१४९८५६४**
ऋण सापटी	३५,००,००		३५,००,००	
व्यवस्थाहरू	१,३६,८५,७८		१,१७,९५,९६	
स्थगन कर दायित्व	८,५६,३८		१०,६८,१७	
कुल गैर चालु दायित्व		**१८०४२१६**		**१६३६४१३**
ऋण सापटी	१४,५५,४९		२०,०८,४९	
व्यापारिक साहु	५६,९९,०२		१६,४७,७४	
व्यवस्थाहरू	१,८७		१,८७	
अन्य चालु दायित्व	४७,२०,२४		२३,४९,७७	
कुल चालु दायित्व		**११८७६६२**		**६००७८७**
जम्मा पुँजी तथा दायित्व		**३,८७,३३,७९**		**३,७३,५७,६४**

संस्थानको पुँजी रु.३६ करोड ६४ लाख रहेकोमा सञ्चित नोक्सानी पुँजीको तुलनामा ५ गुणा बढी अर्थात् रु.१ अर्ब ८३ करोड ३१ लाख ८६ हजार रहेको छ ।

२. **सञ्चालन नतिजा -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री	३,६१,८७,१३		३,८८,९६,९६	
अन्य व्यावसायिक आम्दानी	३,५२,४८		३,८९,८९	
कुल आम्दानी		**३,६५,३९,६१**		**३,९२,८६,८५**
बिक्री लागत खर्च	३,४३,४७,८४		३,६६,५१,२०	
वितरण खर्च	१३,४६,२३		१३,२५,८१	
प्रशासनिक तथा अन्य सञ्चालन खर्चहरू	२६,५९,२२		२५,०२,७१	
ह्रास खर्च	४,९९,२२		५,२१,८१	
उपदान खर्च	१५,०९,४१		१४,१६,९९	
सञ्चित बिदा खर्च	६,६४,४१		३,३५,३५	
ब्याज खर्च	२,२५,३०		२,९६,२०	
कुल खर्च		**४,१२,५१,६३**		**४,३०,५०,०७**
कर अघिको नाफा/(नोक्सान)		**(४७,१२,०२)**		**(३७,६३,२२)**
स्थगन कर आम्दानी/(खर्च)	४४,७४		(३१,२१)	
कर पछिको नाफा (नोक्सान)		**(४६,६७,२८)**		**(३७,९४,४३)**

उल्लिखित विवरणअनुसार संस्थानको बिक्री आय गत वर्ष रु.३ अर्ब ९२ करोड ८६ लाख रहेकोमा यो वर्ष ७ प्रतिशतले न्यून भई घटी रु.३ अर्ब ६५ करोड ३९ लाख आम्दानी रहेको छ।

३. **क्षमता उपयोग -** यो वर्ष काठमाडौं, विराटनगर, हेटौंडा, जनकपुर, लुम्बिनी, नेपालगञ्ज र धनगढी दुग्ध वितरण आयोजनाहरूमा कच्चा दुध सङ्कलन क्रमशः १ करोड ७७ लाख ९९ हजार लिटर, ५९ लाख ७४ हजार लिटर, ४३ लाख २६ हजार लिटर, ९ लाख ४३ हजार लिटर, २० लाख ५२ हजार लिटर, २२ लाख ३५ हजार लिटर र १८ लाख ५६ हजार लिटर रहेको छ। यो वर्ष कच्चा दुधको सङ्कलन विवरणअनुसार उक्त आयोजनाहरूको वार्षिक क्षमता उपयोग (दैनिक ५ घण्टा पूर्ण रूपमा सञ्चालनमा रहँदा) क्रमशः ६५.०१, ६५.४७, ७९.०२, २५.८४, ३७.४९, १२२.४५ र १०१.७० प्रतिशत रहेको छ। सो आधारमा ४ आयोजनाले सङ्कलित कच्चा दुध जडित क्षमताको ७० प्रतिशतभन्दा न्यून उपयोग गरेको अवस्था छ। जडित क्षमताभन्दा कम क्षमतामा आयोजना सञ्चालन हुँदा दुध प्रशोधन खर्च बढ्न गएको, प्रशोधन क्षमताको पूर्ण उपयोग नभएको, क्षमताअनुसार कच्चा दुध सङ्कलन नभएको तथा नयाँ बजार प्रवर्धन प्रभावकारी नदेखिएको हुँदा व्यावसायिक कार्ययोजना बनाई जडित क्षमताको उपयोग गर्नुपर्दछ ।

त्यसैगरी संस्थानको पशु आहारा उत्पादन कारखाना आधाभन्दा कम क्षमतामा सञ्चालित छ। यसको वार्षिक क्षमता ७३ लाख किलोग्राम रहेकोमा २० लाख ९९ हजार किलोग्राम उत्पादन भएको छ। बजार प्रवर्धन गरी क्षमताअनुसार उत्पादन तथा बिक्री वितरण गर्नुपर्दछ ।

४. **भुक्तानी बाँकी -** संस्थानको नीति अनुरूप कृषकलाई कच्चा दुधको भुक्तानी १५ दिनमा गनुपर्दछ। संस्थानको काठमाडौं दुग्ध वितरण आयोजनामा रु.२७ करोड ५७ लाख ३४ हजार, विराटनगर दुग्ध वितरण आयोजनामा रु.१४ करोड ६२ लाख ४५ हजारसमेत ८ आयोजनामा कुल रु.५६ करोड ५७ लाख ६७ हजार कृषकलाई भुक्तानी दिन बाँकी रहेको देखिन्छ। संस्थानले यो वर्ष ८३ दिनको कच्चा दुध खरिद बापतको रु.२ अर्ब ४९ करोड २७ लाख १५ हजार भुक्तानी दिन बाँकी रहेको छ। भुक्तानी बाँकी सम्बन्धमा यकिन गरी संस्थानको नीतिअनुसार यथा समयमा भुक्तानी गर्नुपर्दछ ।

५. **अग्रिम भुक्तानी र दायित्व -** संस्थानको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ को विनियम १३२ मा प्रयोजन खुलाई अग्रिम भुक्तानीको विवरण राख्नुपर्ने र तोकिएको म्यादभित्र फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । संस्थानको केन्द्रीय कार्यालयको गत विगत वर्षदेखिको ३६ व्यक्ति तथा संस्थाको अग्रिम भुक्तानी रु.४ करोड ९४ लाख २६ हजार, काठमाडौं र जनकपुर दुग्ध वितरण आयोजनाको रु.३१ लाख ३६ हजार फर्स्यौंट हुन बाँकी रहेको तथा केन्द्रीय कार्यालयको ६१

व्यक्ति तथा संस्थाको रु.४ करोड ८० लाख ८० हजार दायित्वको प्रयोजन खुल्ने गरी हिसाब नराखेकोले अग्रिम भुक्तानी तथा दायित्वको हिसाब यथार्थ रूपमा प्रस्तुत गरी फरफारक गर्नुपर्दछ।

६. **हिसाब भिडान** - संस्थानको आन्तरिक नियन्त्रण प्रणालीबमोजिम बिक्री शाखाले राखेको बिक्रीबापतको लिन बाँकी हिसाब तथा लेखा शाखाले राखेको हिसाब मिलान हुनुपर्ने व्यवस्था छ । संस्थानका विभिन्न ६ दुग्ध वितरण आयोजनामा बिक्री शाखा र लेखा शाखाबिच पार्टीगत रुपमा रु.९ करोड ६९ लाख ८३ हजार हिसाब फरक परेको छ। उल्लिखित फरक रकम सम्बन्धमा यकिन गरी हिसाबमिलान गर्नुपर्दछ।

७. **उधारो बाँकी** - संस्थानले आयोजनाबाट नियमित रूपमा दुध तथा दुग्ध पदार्थ खरिद गर्ने खरिदकर्ताबाट बैङ्क जमानत तथा नगद धरौटी राखी उधारोमा बिक्री गर्नुपर्नेमा काठमाडौं दुग्ध वितरण आयोजनासमेत ३ आयोजनाको बैङ्क जमानत तथा नगद धरौटीभन्दा रु.८ करोड ४३ लाख ८० हजार बढी उधारो बाँकी राखेको पाइयो। यसमा सुधार गर्नुपर्दछ।

८. **घटी दाखिला** - हेटौंडा दुग्ध वितरण आयोजनाको दुध तथा दुग्ध पदार्थ बिक्रीबापत एक डिस्ट्रिव्युटर्सले दाखिला गर्नुपर्ने रकमभन्दा घटी रकम बैङ्क दाखिला गरेको पाइयो। उक्त बैङ्कको गत विगत वर्षदेखिको हिसाब भिडान गर्दा रु.१ करोड २० लाख घटी दाखिला गरेको देखिन्छ। सञ्चालक समितिको २०७८।१२।२८ को निर्णयबाट २०७९।१।१९ मा निज डिस्ट्रिब्युटर विरूद्ध नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिएकोमा उक्त मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

९. **व्यवस्था** - संस्थानको दायित्व अन्तर्गत परिभाषित कर्मचारी लाभ योजना दायित्व रु.१ अर्ब १० करोड ७५ लाख ११ हजार, सञ्चित विदा भुक्तानी व्यवस्था रु.२६ करोड ४८ हजार र शंकास्पद व्यवस्थाको लागी रु.१० लाख १९ हजार गरी रु.१ अर्ब ३६ करोड ८५ लाख ७८ हजार व्यवस्था रहेको छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको लेखापरीक्षकको राय

हामीले दुग्ध विकास संस्थान, लैनचौर काठमाण्डौंको यसै साथ संलग्न २०८० आषाढ ३१ को एकिकृत वित्तीय अवस्थाको विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सानको विवरण, नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

यसै साथ संलग्न कैफियत सहितको राय व्यक्त गर्ने आधार शिर्षक अन्तर्गत समावेश भएका विषय वस्तुले पार्ने असर बाहेक, हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरुको आधारमा माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा दुग्ध विकास संस्थानको मिति २०८० आषाढ ३१ गतेको वित्तीय अवस्था, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान, नगद प्रवाह, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानुन तथा व्यवस्था बमोजिम समग्रमा यथार्थ र उचित चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **मुद्दती खाता:** भारतको एक निकायबाट ४१५ मेट्रिक टन स्किम मिल्क पाउडर खरिद गर्न २०५३।१०।०१ मा राष्ट्रिय वाणिज्य बैंकमा प्रतितपत्र खोले अनुसार ८० प्रतिशत अग्रिम र बाँकी २० प्रतिशत सामान आयात भएपछि भुक्तानी पठाउनु पर्ने सम्झौता अनुरुपको गुणस्तर युक्त सामान नआएकोले २० प्रतिशत रकम भुक्तानी नदिई उक्त बैंकमा मौज्दात रहेको छ । राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको २०७६।०३।२७ र २०७६।०३।३० को बैठकले राष्ट्रिय वाणिज्य बैंकमा मुद्दती खातामा रहेको रकम उक्त मिल्क पाउडरको कारोबारबाट सृजित दायित्व सँग राफसाफ गरी मुद्दती खाताबाट रु १ करोड ३८ लाख कट्टा हुने निर्णय गरेको छ । यस सम्बन्धमा विगत बर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत रहेको छ ।

सो रकम दिनु नपर्ने विषयमा पुनरावेदन अदालत, पाटनबाट मिति २०५४।०८।१३ र सर्वोच्च अदालतबाट २०६०।०७।०७ मा भएको फैसला अनुसार उक्त धुलो दुधमा अखाद्य पदार्थ फेला परेकाले संस्थानले बाँकी २० प्रतिशत रकम भुक्तानी

दिन नपर्ने देखिन्छ । मध्यस्थताका लागि क्षेत्रिय केन्द्र क्वालालम्पुर मलेशियामा भएको उक्त निकायको दाबीमा समेत उक्त रकम र व्याज भुक्तानीको दावी अस्वीकृत भएको छ । संस्थानको निवेदन अनुसार नेपाल राष्ट्र बैंकले २०६६।०९।०५ मा राष्ट्रिय वाणिज्य बैंकले उक्त मुद्दती खाता फुकुवा गर्नु पर्ने र साँवा तथा ब्याज उक्त बैंकबाट असुल उपर गर्ने निर्देशन दिएको देखिन्छ । यसरी सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निर्णय भए तापनि सो विपरित राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक समितिले मुद्दतीमा रहेको रकमबाट हिसाब मिलान गरेको छ । यसरी नियम विपरीत भएको भुक्तानीलाई स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरेको हुँदा संस्थानलाई नोक्सानी भएको छ ।

यस सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल भई उक्त समितिको २२ औं प्रतिवेदनमा राष्ट्रिय वाणिज्य बैंकसँग समन्वय गरी उल्लेखित नोक्सानी र व्याज असुल गरि प्रमाण समितिमा पेश गर्न तथा बैंकको सञ्चालक समितिको निर्णयमा सहभागि संस्थानका सञ्चालक सदस्यहरुलाई सचेत गराउन निर्देशन दिएकोमा संस्थानबाट उक्त बैंकलाई २०७९।०५।०५ मा पत्र संख्या ७९।८० चलानी नं. ३१० मार्फत पत्राचार गरि सार्वजनिक लेखा समितिको निर्णय/निर्देशनको जानकारी गराइएको भएतापनी असुल गर्नुपर्ने रकम बारे ठोस पहल भएको पाइएन । संस्थानका सञ्चालक सदस्यहरुलाई उक्त निर्देशन बमोजिम सचेत गराउनु पर्नेमा सो गराइएको पाइएन । यस सम्बन्धमा विगत बर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत रहेको छ ।

२. **दुध तथा दुग्ध पदार्थको बिक्री रकम हिनामिना भएको :** विगत वर्षको लेखापरीक्षण प्रतिवेदन उल्लेख भएको हेटौंडा दुग्ध वितरण आयोजनाको दुध तथा दुग्ध पदार्थ बिक्री बापतको हिनामिना भएको देवेन्द्र तेल उद्योगसँग लिनु पर्ने रकम रु. १ करोड २० लाख हाल सम्म असुल भएको पाइएन । संस्थानले उक्त डिस्टिव्युटर विरुद्ध केन्द्रीय अनुसन्धान व्युरोमा उक्त रकम र व्याज सहितको क्षतिपुर्ति विगो राखि जाहेरी दिएकोमा केन्द्रिय अनुसन्धान व्युरोले देवेन्द्र तेल उद्योगलाई बिपक्षी राखि काठमाण्डौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

साथै, विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा कार्यरत एक कर्मचारीले संस्थानले विभिन्न मितिमा साल्ट ट्रेडिङ्ग लिमिटेड बाट रु ४,०९,९२४।२९ र युगेन डेरि उद्योग बाट रु ६५,००,००० को प्राप्त गरेको चेक निज संस्थाहरुको लिनु पर्ने मौज्दात नघटाई आफ्नो नाममा रहेको लिनु पर्ने रकम घटाएकोमा उक्त रकम आर्थिक वर्ष २०८०।८१ मा निज कर्मचारीबाट लिनु पर्ने देखाइ संस्थानको विनियमावली अनुसार कार्यवाही प्रकृया अगाडी बढाएको छ । २०८१।०१।०३ मा निज कर्मचारीसँग लिनु पर्ने बाँकि रकम रु. ८६,५९,७३६।६२ रहेको छ ।

३. **दुग्ध पदार्थ बिक्री रकम समयमै संकलन नभएको :** विगत वर्षहरु देखि कारोबार नरहेको तर बिक्री बापतको लिनु पर्ने रकम असुल भै नसकेको तथा संस्थानको नीति विपरित धरौटी र बैंक ग्यारेन्टिको सिमा भन्दा बढि उधारो राखि बिक्री गरि बाँकी देखाइरहेको रकम दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा रु. ५४,१५,३८१।१५, काठमाण्डौं दुग्ध वितरण आयोजनामा रु. १,१३,७३,३३४।३२, जनकपुर दुग्ध वितरण आयोजनामा रु. ३,७५,९६२।८१, विराटनगर दुग्ध वितरण आयोजनामा रु. १२,६५,५७८।६९, लुम्बिनी दुग्ध वितरण आयोजनामा रु. ७,०३,९३६।३९ र नेपालगँज दुग्ध वितरण आयोजनामा रु. ४,३६,९५६।७२ गरि जम्मा रु. १,९५,७१,१५०।०८ असुल गर्न बाँकी रहि रहेको छ । उक्त रकम समयमै असुल नहुँदा संस्थानलाई रकम असुलीको जोखिम तथा नगद प्रवाहमा समस्या हुने देखिन्छ ।

४. **बैंक हिसाब भिडान नगरिएको :** लेखा हिसाब अनुसारको बैंक मौज्दात, बैंक समर्थन पत्र र बैंक स्टेटमेण्ट सँग भिडान गरि अद्यावधिक गरि राख्नु पर्नेमा संस्थानले बैंक हिसाब भिडान गरेको पाइएन । संस्थानको दुध तथा दुग्ध पदार्थको बिक्री रकम जम्मा हुने बैंक खाताहरुको बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा बढि देखिएको रकम रु १,६१,३२,७०२ र बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा कम देखिएको रकम रु. १,८९,००,५७७ को हिसाब भिडान गरिएको छैन ।

साथै, खर्चका लागि खोलिएको बैंक खाताहरुको बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा बढि देखिएको रकम केन्द्रिय हिसाबमा रु ९,१६,८६९।११, जनकपुर दुग्ध वितरण आयोजनाको हिसाबमा रु ६६,०३,१७५।६४ र बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा कम देखिएको रकम केन्द्रीय कार्यालयको हिसाबमा रु. १,६७,६४३।१७ को हिसाब भिडान गरिएको छैन । यसरी बैंक हिसाब भिडान नभएको बैंक मौज्दातको हिसाब यथार्थ रहे नरहेको यकिन गर्न सकिएन ।

सञ्चालनमा नरहेको खाता पहिचान गरि समयमै खाता बन्दी नगरी राखेको र समर्थन पत्र समेत नलिएको पाइयो, लेखा हिसाबमा देखिएका केन्द्रीय हिसाबमा बैंक मौज्दात रु. २१,९३,३२०।२३, काठमाण्डौं दुग्ध वितरण आयोजनामा रु. ३१,२५,९३९।७६, हेटौडा दुग्ध वितरण आयोजनामा रु. ३,२१,९९१।७७, जनकपुर दुग्ध वितरण आयोजनामा रु. ९०,४१३।५५ गरि जम्मा मौज्दात रु. ५७,३१,६६५।३१ तथा केन्द्रिय हिसाबमा बैंक ओभरड्राप्ट मौज्दात रु. ४,८१,४८,९७०।९४ को समर्थन पत्र नलिएकोलो उक्त रकम यथार्थ रहे नरहेको यकिन गर्न सकिएन ।

५. **लगानी** : विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको यस संस्थानको विगत वर्षहरु देखि चितवन मिल्क लिमिटेडमा रु. २ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रु ४० लाख र दोलखा डेरी उद्योगमा रु १ करोड २७ लाख ५० हजार शेयर लगानी रहेकोमा चितवन मिल्क लिमिटेड र दोलखा डेरी उद्योगबाट हाल सम्म पनि शेयर प्रमाणपत्र जारी भएको पाइएन । लगानी रहेको उक्त संस्थाहरु विगत देखि नै घाटामा संचालन भैरहेकोले हालसम्म लाभांस पनि प्राप्त गरेको देखिदैन । विगत धेरै बर्षदेखि लगानी भएको तर लाभांस समेत प्राप्त नभएकोले सो लगानीहरुको विश्लेषण गरि उक्त लगानीहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम क्षयीकरण (Impairment) भए नभएको यकिन गरि आवश्यक क्षयीकरण बापत व्यवस्था गर्नु पर्नेमा सो गरेको पाइएन ।

६. **वित्तीय अवस्थाको एकीकृत विवरण :** विगत वर्षको लेखापरीक्षणमा प्रतीवेदन उल्लेख भएको यस संस्थानको दोलखा डेरी उद्योग लिमिटेडमा रु. १,२७,५०,०००।०० को शेयर लगानी भएकोमा यस संस्थाको उक्त उद्योगमा ५९.१६ प्रतिशत लगानी रहेको छ ।

उक्त डेरी स्थापना भए पश्चात मात्र संस्थानले लगानी गरेको हुनाले दोलखा डेरी सहितको एकीकृत विवरणमा सो डेरी खरिद गरे वापत ख्याति वा पुंजीगत जगेडा आउनुपर्नेमा सो सम्बन्धी कुनै पनि हिसाब नगरीएकोले एकीकृत विवरण नेपाल वित्तीय प्रतिवेदनमा (NFRS) बमोजिम नरहेको पाइयो ।

संस्थानको चितवन मिल्क लिमिटेडमा रु. २,००,००,००० को शेयर लगानी भएकोमा उक्त उद्योगमा भएको लगानी एसोसिएट्स कम्पनी अन्तर्गत आउंछ आउदैन यकिन गरि एकीकृत वित्तीय विवरण बनाउनु पर्नेमा सो सम्बन्धी आवश्यक विवरण लिइएको देखिदैन ।

७. **जग्गाहरुको स्वामित्व पुष्टि नभएको :** विगत वर्षको लेखापरीक्षण प्रतीवेदनमा उल्लेख भएको यस संस्थानको विभिन्न स्थानमा रहेको जग्गहरुको संस्थानले एकिकृत विवरण राखेको छैन । भक्तपुरको झौखेलको १६ रोपनी ५ आना जग्गा संस्थानको नाममा ल्याउन सञ्चालक समितिले दिएको निर्देशन बमोजिम कार्य भएको छैन । साथै भक्तपुरको ताथलीको १ रोपनी ९ आना, भक्तपुर बागेश्वरीको १ रोपनी १० आना, काभ्रेको ३ रोपनी, रामेछाप क्यामाको ३ रोपनी, र माइपोखरीको २ रोपनी र सर्लाही नवलपुरको १ बिघा जग्गाहरुको लालपुर्जा नहुदा वित्तीय विवरणमा उल्लेख गरेको छैन । उक्त जग्गाहरुको स्वामित्व अद्यावधिक गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

८. **चिज भण्डारणमा भएको क्षति असुल नभएको :** प्रशोधन शाखामा माल सामानको खपत तथा उत्पादन गर्दा र भण्डारणमा सामान भण्डार गरी राख्दा संस्थानले तोकेको न्युनतम मापदण्ड (नर्म्स) भन्दा बढि क्षति हुनु हुदैन । दुग्ध पदार्थ उत्पादन तथा बिक्री वितरण आयोजना अन्तर्गत चिज स्टोरमा नर्म्श भन्दा बढि देखिएको चिजको क्षति ३,५४०।७८ के.जी, मुल्य रु. ५६,८२,५७७।२० सम्बन्धित पदाधिकारीबाट असुल वा फरफारक गर्न विगत बर्षका प्रतिवेदनमा उल्लेख भएकोमा सो नगरी राखेको पाईयो ।

९. **अग्रिम भुक्तानी र पेश्की समयमै फरफाक नभएको :** अग्रिम भुक्तानी र पेश्की बापत दिएको रकम समयमै खर्च/खरिद लेखि वा खर्च/खरिद हुन नसक्दा असुल उपर गरि राफसाफ गर्नु पर्नेमा बिगत वर्षहरु देखिको रकम अग्रिम भुक्तानी र पेश्की भनि देखाएको छ । काठमाण्डौं दुग्ध वितरण आयोजनाको रु. ८,८८,६१४।४७, जनकपूर दुग्ध वितरण आयोजनाको रु. ७,१८,३७६।२९ र केन्द्रिय हिसाबमा रु ४,९४,२५,८८२।२० गरि जम्मा रु. ५,१०,३२,८७२।९६ गत विगत वर्षहरु देखि बाँकी रहि रहेको अग्रिम भुक्तानी र पेश्की फरफारक भएको छैन ।

१०. **उपदान र बिदा वापतको भुक्तानीका लागि सम्पत्ति नछुट्याएको :** यस आर्थिक वर्षमा संस्थानले कर्मचारीहरुको उपदान तथा बिदा बापत रु १९,४९,७२,००२ भुक्तानी गरेको छ । यस आर्थिक वर्ष सम्मको बीमाङ्कीय मूल्यांकन (Acturial Valuation) अनुसार दायित्व जम्मा रु. १ अर्ब ३६ करोड ७५ लाख रहेकोमा, संस्थानले सो दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि नागरिक लगानी कोषमा जम्मा रु ६ करोड ५८ लाख मात्र जम्मा गरेको पाइयो । संस्थानले आफ्ना कर्मचारी हरुको अवकास योजना अन्तर्गत दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि रु. १ अर्ब ३६ करोड ६९ लाख बराबरको सम्पत्ति छुट्याएको पाइएन । यती सारभूत दायित्व बराबरको सम्पत्ति नछुट्याउदा भविष्यमा तरलताको गम्भीर समस्या हुने देखिन्छ । बीमाङ्कीय मूल्यांकन अनुसारको दायित्व वापतको रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ ।

११. **सम्झौता विपरित वितरकसँग ठुलो रकम उधारो राखिएको :** नेपाली सेनाको १ नं. वाहिनी अड्डा, फष्ट रेञ्जर बटालियन, हिमालयन व्यारेक, छाउनी तथा विशेष फौज वाहिनी, लक्ष्मीनिवास, महाराजगञ्जमा दैनिक दुध तथा मासिक पनिर र दहि आपूर्ति गर्न श्री प्रभु आदित्य विजनेश प्रा.ली. भएको सम्झौता अनुसार उक्त प्रा.ली. सँग रु ४५ लाखको

बैंक जमानत लिई दुध दुग्ध पदार्थहरु उपलब्ध गराईदिन तथा उक्त दुध तथा दुग्ध पदार्थको हुने आसामी रकम प्रथम बिलको ४५ दिन भित्र तथा त्यस पछिको मासिक रुपमा उक्त प्रा.ली.बाट भुक्तानी लिन भनि मिति २०७७।०८।२५ मा उप महाप्रवन्धक स्तरको निर्णय भएको छ । वितरकसँगको उक्त कारोवारमा मासिक बिक्री रकम (औषत हिसाब अनुसार) रु ४० लाखमात्र बाँकी रहनुपर्नेमा डिष्ट्रिव्युटरले वर्षभरि ठुलो रकम भुक्तानी नगरी सम्झौता तथा नियम बिपरित बाँकी राखि राखेको पाइयो ।

यस आर्थिक वर्षको अन्त्यमा उक्त वितरकसँग नेपाली सेनालाई महाराजगञ्जमा दैनिक दुध तथा मासिक पनिर र दहि आपूर्ति गर्दाको लिनु पर्ने रकम रु. २,६३,७३,७६०।२२, काठमाण्डौं दुग्ध वितरण आयोजना अन्तर्गत विभिन्न रुटहरुमा दुध तथा दुग्ध पदार्थ वितरण कार्य गरे वापतको लिनुपर्ने रकम रु. ९८,९९,१२५।७५, ढुवानी भाडा वापत दिनु पर्ने रु. ८१,७६,४४९।२५ र संस्थानको दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा कुल बाँकी रकम रु. ८५,४९,८०९।२४ गरी जम्मा लिनु पर्ने बाँकी रकम रु. ३,६६,४६,२४५।९६ (अघिल्लो आ.व. मा रु. २,७९,९५,५८१) रहेको छ ।

जनकपुर दुग्ध वितरण आयोजना अन्तर्गतको वितरक श्री अन्जन जनरल स्टोरसँग रु. १८,०५,६०१।१८ तथा श्री एम.के. जनरल स्टोरसँग रु. १८,८४,०७७।७८ विगत देखिको लिन बाँकी रकम असुल उपर गरिएको छैन ।

दिनु पर्ने रकम नियम विपरित बाँकी राखि राखेकोमा निज वितरकहरुसँग ब्याज समेत उक्त रकम असुल उपर गर्नु पर्ने देखिन्छ ।

१२. **गत विगत देखि प्रयोगमा नआएको स्टोर मालसमानहरुको मुल्यांकन नेपाल वित्तीय प्रतिवेनदमान बमो**जिम **नभएको:** दुग्ध पदार्थ उत्पादन तथा विक्री वितरण आयोजनामा रु. २०,८८,८४५।५३, काठमाण्डौं दुग्ध वितरण आयोजनामा रु. ३९,४४,३९३।९७, हेटौडा दुग्ध वितरण आयोजनामा रु. ५,३३,६८०।७४, जनकपुर दुग्ध वितरण आयोजनामा रु. ५,५४,१४९।१५, विराटनगर दुग्ध वितरण आयोजनामा रु. ९३,११,११५।७४ गरि जम्मा रु. १,६४,३२,१८५।१३ गत विगत वर्षहरुदेखि प्रयोगमा नआई भण्डारणमा राखि रहेको र उक्त प्रयोगमा आउने सम्भावना नरहेको सामानहरु लागत मुल्यमै वित्तीय विवरणमा संलग्न गरिएको छ ।

नेपाल लेखामान २ बमोजिम बमोजिम व्यापार मौज्दातको मूल्यांकन लागत (Cost) वा प्राप्त गर्न सकिने मुल्य (Net Realizable Value) मध्ये को कम मूल्यमा मूल्यांकन गर्नु पर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्थाको समेत पालना भएको छैन । साथै प्रयोगमा नआउने मालसामान समयमै लिलाम नगर्दा संस्थानलाई भण्डारण लगायतका खर्चहरु समेत व्यर्होनु परेको पाइयो ।

१३. **समर्थन नभएको हिसाब :** काठमाण्डौ दुग्ध वितरण आयोजनाको लिनु पर्ने हिसाब (Sundry Debtors) मा लिनु पर्ने व्यक्ती वा संस्था पहिचान नभएको लिनु पर्ने रकम रु. १७,५६,०५९।०७ समावेश रहेको पाइयो । हेटौंडा दुग्ध वितरण आयोजनाको व्यवस्था अन्तर्गत समर्थन नभएको तथा कारोबारनै यकिन नभएको मौज्दात रु. ६३,०२७।५७ शंकास्पद भनि दिनु पर्ने हिसाब राखिएको पाइयो । साथै केन्द्रिय कार्यालयको व्यवस्था हिसाब अन्तर्गत समर्थन नभएको तथा कारोबारनै यकिन नभएको मौज्दात रु. ९,५५,७६२।९८ शंकास्पद भनि राखिएको पाइयो । समग्रमा रु. १७,५६,०५९।०७ को लिनु पर्ने रकम तथा रु. १०,१८,७९०।५५ को दिनु पर्ने रकम भनि राखिएको हिसाबको वास्तविकता यकिन भएन ।

१४. **बिक्री रकम भिडान नभएको:** दुग्ध पदार्थ बिक्री वितरण आयोजनाको लेखा हिसाब अनुसारको विक्री रु. ३६,८०,४६,०७२।१३ र बिक्री शाखा अनुसारको विक्री रु. ३७,१६,३४,५०९।५७ रहेकोमा विक्री शाखाको हिसाबमा बढि देखिएको बिक्री रकम रु. ३५,८८,४३७।८४ को हिसाब भिडान भएको छैन ।

१५. **नेपाल सरकारसँग लिएको ऋणको सावा तथा ब्याज हिसाब भिडान नभएको:** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प.सं. ०८०।०८१ च.नं. ३६९ को पत्र अनुसार नेपाल सरकारको आन्तरिक श्रोतबाट यस संस्थानमा रु. ३५ करोडको ऋण लगानी रहेको छ । सो पत्र अनुसार २०८० असार मसान्त सम्म नेपाल सरकारलाई उक्त ३५ करोड ऋण लगानी बापत भुक्तानी गर्न बाँकी साँवा किस्ता रु. ५,५०,००,०००।०० र व्याज रु. १,७५,००,००० रहेकोमा संस्थानले मिति २०८०।१२।२५ मा व्याज बापत रु. १,७५,००,००० भुक्तानी गरि सकेको छ भने साँवा किस्ता रु. ३,५०,००,००० भुक्तानी गरेको छैन । तिर्नु पर्ने दायित्व समयमा भुक्तानी गर्नु पर्दछ । उक्त पत्रमा उल्लेख गरिएको बाह्य श्रोतको कर्जा लगानी बापतको विगत देखिको बाँकी व्याज रु. २,४३,९८,५१० संस्थानको लेखा हिसाबसँग रुजू तथा भिडान भएको पाइएन ।

१६. **राष्ट्रिय बिमा संस्थानसँगको विगत देखिको हिसाब यकिन तथा फर्छ्यौट नभएको:** २०७८।०७९ देखि उक्त संस्थानलाई अग्रीम भुक्तानी देखाएको रकम रु. ३,६०,८८,५२१।७२ र तिर्नु पर्ने देखाएको रकम रु. ८०,१४,९३२।१० यस आर्थिक वर्ष

सम्म पनि फछ्यौट भएको छैन । उक्त अग्रीम भुक्तानी तथा तिर्नु पर्ने रकम कुन प्रयोजनका लागी हो यकिन हुन सक्ने गरि हिसाब राखिएको छैन ।

१७. **प्रयोगमा नआएको मख्खन मौज्दात :** सुजल डेरिबाट Conversion भई मौज्दातमा रहेको ९००० के.जी (बिक्री मुल्य रु. १,२४,२०,०००) मख्खन उपभोग्य मिति समाप्त भई प्रयोग गर्न नमिल्ने भनि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभगले जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरेको छ । जिल्ला प्रशासन कार्यालयले उक्त मख्खनबाट प्रशोधित दुग्ध पदार्थ बनाउन मिल्ने नमिल्ने भनि यकिन गर्न समिति गठन गरेकोमा उक्त समितिले जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन बुझाएको छैन । आयोजनाले हाल उक्त मख्खनलाई छुट्टै राख्दै आएको छ ।

हामीले लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी भएको पेशागत आचार संहिता बमोजिम हामी लेखापरीक्षण गरिएको संस्था सँग स्वतन्त्र छौं र हामीले सो आचारसंहिता बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरु, हाम्रो रायलाई पर्याप्त तथा उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

विषय उपर जोड (Emphasis of Matter) - संचालन तथा तरलता जोखिम

हामीले वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीहरुको बुँदा नं. ४.१ वित्तीय जोखिम प्रबन्धन अर्न्तगतको खुलासामा उल्लेखित विषयमा ध्यानकृष्ट गराउँदछौं । संस्थानको कारोवार कच्चा दुधको स्थानीय उत्पादनमा भर पर्ने तथा दुध र दुग्ध पदार्थ नाशवान प्रकृतिका कारण संस्थानले यस सम्बन्धमा संचालन जोखिम बहन गर्नु पर्ने हुन्छ ।

संस्थानले किसानहरुलाई सामान्यता हरेक १५ दिनमा कच्चा दुध खरिदको भुक्तानी दिनु पर्ने हुन्छ । किसानबाट उत्पादित कच्चा दुधको बजार सुरक्षित गर्न किसानहरुसँग तोकिएको मूल्यमा उत्पादित कच्चा दुध खरिद गर्नु पर्ने हुन्छ । संस्थानले किसानहरुलाई छोटो समयमै भुक्तानी दिनु पर्ने तर कच्चा दुध प्रशोधन गरि दुग्ध पदार्थ समयमै बिक्री नहुदा मौज्दात रहिरहने र बिक्री गरि नगद प्राप्त गर्न समय लाग्ने भएकाले संस्थानको तरलतामा जोखिम रहि रहेको छ ।

संस्थानको विगत देखि कच्चा दुध संकलन घटदै गइरहेको कारण संस्थानको कारोवार समेत घट्दो अवस्थामा रहेको छ । विगत ६ वर्षको (आर्थिक वर्ष २०७३।०७४ देखि) तुलनामा प्रशोधित दुधको बिक्री परिमाण ३० प्रतिशत भन्दा बढिले घटेको छ । संस्थानमा हाल रहेका मौजुदा मेशिनरिज र ढुवानी साधनहरु पुरानो भई न्युन क्षमतामा सञ्चालन भैरहेको र मर्मत संभारमा अत्याधिक रकम खर्च भैरहेको अवस्था छ । उल्लेखित विषयहरुले हाम्रो राय परिमार्जन गरेको छैन ।

अन्य मामिला

क) **सहायक कम्पनीको वित्तीय विवरण र लेखापरीक्षण:** संस्थानको सहायक कम्पनी रहेको दोलखा डेरी उद्योग लिमिटेडको हामीले लेखापरीक्षण गरेका छैनौं । उक्त कम्पनीको लेखापरीक्षण वेग्लै नियुक्ति भएको लेखापरीक्षकद्वारा गरिएको छ । हामीले उक्त कम्पनीको यस संस्थानसँग सम्बन्धित वित्तीय तथ्यांकको सम्बन्धमा उक्त वेग्लै लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा आधारित रहि लेखा परीक्षण सम्पन्न गरेको छौ ।

ख) **आन्तरिक नियन्त्रण प्रणाली:** संस्थानको वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, कानुन अनुरुप प्रस्तुतिकरण गर्न तथा सम्बन्धित ऐन, कानुन नियम बमोजिम दैनिक कार्य सञ्चालन गर्न व्यवस्थापनले अवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुने गरी स्थापना गर्नु पर्दछ । संस्थानको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत विभिन्न शाखा हिसाब तथा शाखा प्रगति विवरण भिडान हुनु पर्ने, आयोजनाबाट संकलित बिक्री बापतको रकम केन्द्र कार्यालयले बैंक जम्मा भए नभएको यकिन गरि पार्टि हिसाब कायम गर्नु पर्ने, अन्तर आयोजना हिसाब भिडान गर्नु पर्ने, भौतिक परीक्षणमा देखिएको फरक तथा मापदण्ड भन्दा बढि भएको खपत वा क्षति समयमै मिनहा वा असुल गरि फरफारक गर्नु पर्ने, उधारो बिक्री गर्दा धरौटी वा बैंक ग्यारेन्टी सम्मको सिमा भित्र रहि मात्र उधारो दिनु पर्ने, आयोजना तथा केन्द्रीय कार्यालयको समयमै आन्तरिक लेखापरीक्षण हुनुपर्ने, आन्तरिक तथा बाह्य लेखापरीक्षणमा देखिएको बेरुजुको लगत राखि समयमै असुल तथा फरफारक हुनू पर्ने, संस्थान अन्तर्गतको भौतिक सम्पत्ति तथा संरचनाहरु तथा धरौटी हिसाबको स्वामित्व पुष्टि गर्ने कागजातहरु संस्थानमा सुरक्षित रहनु पर्ने आदि वित्तीय विवरणको उचित प्रस्तुतिकरण तथा नियमित कार्य सञ्चालनका लागी आवश्यक संस्थानले राखेको नियन्त्रण प्रणाली बमोजिम कार्यहरु नभएकाले आन्तरिक नियन्त्रण प्रणाली अत्यन्त कमजोर रहेको पाइयो ।

लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

हाम्रो पेशागत विवेकको आधारमा, संस्थानको यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणलाई असर गर्ने अत्यन्त महत्वपुर्ण विषयहरु लेखापरीक्षणको मुख्य विषयको रुपमा लिइएको छ । यस्ता मुख्य विषयहरु लेखापरिक्षण तथा सोको राय व्यक्त गर्दा समग्रमा लिइएको छ, साथै उक्त मुख्य विषयहरुका लागी बैग्लै राय व्यक्त गरिएको छैन । लेखापरिक्षणका यी मुख्य विषयहरु देहाय बमोजिम पहिचान गरि, लेखा परीक्षण गरिएको छ :

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रकृया
उत्पादन र स्टोर सामानको खपतको मापन संस्थानले स्थानीय तहमा दुग्ध सहकारी मार्फत कच्चा दुध संकलन गरी उक्त कच्चा दुधको प्रशोधन गरी विभिन्न दुग्ध पदार्थ उत्पादन तथा बिक्री गर्ने गरेको छ । उत्पादनको लागत मापन तथा खपत भएको वस्तुहरुको खपत मुल्य निर्धारण गर्ने प्रकृयाको जटिलताका आधारमा उत्पादन र स्टोर सामानको खपतको मापनलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	क) स्टोर शाखाले देखाएको प्रशोधन निष्काशन नमुना आधारमा प्रशोधन शाखाले देखाएको खपत यथार्थ भए नभएको यकिन गरेका छौं । ख) स्टोर शाखामा क्षति भए नभएको यकिन गर्न स्टोर शाखाको मौज्दात विवरण र वर्षको अन्त्यमा गरिएको भौतिक परीक्षण नमुना आधारमा भिडान गरि हेरेका छौ ।
बिक्री रकमको संकलन तथा दाखिला संस्थानको उत्पादन देश भरि रहेका विभिन्न ८ दुग्ध पदार्थ वितरण आयोजना र एक पशु आहारा कारखाना र उक्त आयोजनाहरुबाट सञ्चालित डिष्ट्रिव्युटर, बुथ म्यान र मिल्कबारहरुबाट बिक्री गर्ने गरेको छ । बिक्री बापतको रकम आयोजनाहरुले आफै संकलन गर्ने र संकलित रकम केन्द्रीय मुल खातामा दाखिला गर्ने आन्तरिक प्रणाली अपनाएको छ । केन्द्रीय मुल खाता केन्द्रिय कार्यालयको अधीनमा रहन्छ र सो खाताबाट रकम निकाशा समेत केन्द्रीय कार्यालयको मातहतमा रहन्छ । बिकेन्द्रीकृत बिक्री र सो बिक्री रकमको संकलनमा हुने जटिलताका कारण बिक्री रकमको संकलन तथा दाखिलाको विषयलाई लेखापरीक्षणको मुख्य विषयका रुपमा लिइएको छ ।	क) बिक्री रकम दाखिला समयमै हुने गरे नगरेको यकिन गर्न आयोजनाहरुले देखाइएको बिक्री रकम असुली र सोको दाखिला आयोजनाको लेखा विवरण र केन्द्रिय मुल खाताको बैंक स्टेटमेण्ट नमुना आधारमा भिडान गरेका छौ । ख) आयोजनाको लेखा विवरणमा देखाएको कुल दाखिला र केन्द्रको लेखा विवरणमा देखिएको कुल जम्मा भिडान गरि वार्षिक बिक्री रकम दाखिलाको भिडान गरेका छौ । ग) वर्षको अन्त्यमा मुल खातामा लेखा हिसाबमा देखिएको मौज्दात र बैंक समर्थन पत्र अनुसारको मौज्दात भिडान गरी बैंक कारोवारमा फरक रहे नरहेको यकिन गरेका छौ ।
सुचना प्रविधि प्रणाली तथा उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरु संस्थानको वित्तीय प्रस्तुतिकरण, संस्थाले अपनाएको सूचना तथा तथ्यांक प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणमा आश्रित रहेको छ । तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यक्ता बमोजिम रहे नरहेको सुनिश्चित गर्न सुचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यकता बमोजिम पर्याप्त तथा उपयुक्त हुनु पर्दछ। लेखापरिक्षण प्रकृया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकाले उक्त विषयलाई लेखापरीक्षणको मुख्य बुँदाको रुपमा लिइएको छ ।	संस्थानले अपनाएको सुचना प्रविधि प्रणाली संस्थानको लेखा प्रयोजनका लागी उपयुक्त रहे नरहेको नेपाल लेखापरीक्षण मानको आधारमा जाँच गरिएको छ । उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरुको प्रतिलिपिहरुको आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । प्रणालीबाट निस्कने तथ्यांकहरुको नमुना आधारमा हिसाब गरि चेक जाँच गरिएको छ ।

वित्तीय विवरणहरु सम्बन्धमा व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयार गर्ने सिलसिलामा जालसाजी, त्रुटी लगायतका सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यन्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा लेखापरीक्षण गरिने संस्थाको विघटन हुने अवस्था, संचालन बन्द हुने अवस्था वा सोको व्यवहारिक विकल्प नभएको अवस्थामा बाहेक, अविच्छिन्न रुपमा संचालनमा रहने क्षमताको निर्धारण गर्ने, आवश्यकता बमोजिम

खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ।

संस्थानको वित्तीय सम्प्रेषण प्रणाली र सोको निरीक्षणको जिम्मेवारी संस्थाको व्यवस्थापन र सञ्चालक समितिमा रहेको छ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८१।५।१२ मा पठाइएको छ।**

नेपाल पशु चिकित्सा परिषद्

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

पशु चिकित्सा व्यवसायलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेस गर्ने, पशु चिकित्सकको योग्यता निर्धारण गरी नाम दर्ता तथा नियमन गर्ने, पशु चिकित्सकको आचारसंहिता लागु गर्नेजस्ता कार्य गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ५ अनुसार नेपाल सरकारबाट मनोनित पशु चिकित्सक अध्यक्षसमेत ११ सदस्यीय पदाधिकारी रहने गरी परिषद्को गठन भएको छ। परिषद् नेपाल सरकारबाट प्राप्त अनुदान र सेवा शुल्कलगायतको आम्दानीबाट सञ्चालन हुन्छ। परिषदमा ४ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
स्थिर सम्पत्ति	३,५३,०४		३,७०,११	
चालु सम्पत्ति	२,९२,३२		२,५४,६४	
जम्मा		**६,४५,३६**		**६,२४,७५**
कोष र दायित्व				
परिषद् कोष र सञ्चित बचत	२,८२,३७		२,४१,५८	
पुँजीगत अनुदान	३,६२,९९		३,८३,१७	
जम्मा		**६,४५,३६**		**६,२४,७५**

२. **सञ्चालन नतिजा** - परिषद्को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
नेपाल सरकारबाट प्राप्त अनुदान	१,६२,७२		१,५०,४१	
व्याज आय	१९,१८		१७,३३	
दर्ता शुल्कबाट आय	३१,९६		२९,२६	
उपदान कोषको लागि प्राप्त निकासा	८,४४		८,४४	
विविध आय	३,९५		५,०९	
अनुदानबाट प्राप्त सम्पत्तिको ह्रासकट्टी आम्दानीमा सारिएको	३३,९९		३३,३८	
कुल आम्दानी		**२,६०,२४**		**२,४३,९१**
प्रशासनिक खर्च	५४,९७		५५,७४	
कार्यालय सञ्चालन खर्च	८४,९१		७५,६६	
ह्रास खर्च	३६,१७		३४,५९	
कार्यक्रम खर्च	४३,४०		२४,६५	
कुल खर्च		**(२,१९,४५)**		**(१९०६४)**
बचत		**४०,७९**		**५३,२७**

यो वर्ष कार्यक्रम खर्च र कार्यालय सञ्चालन खर्च बढेको छ। गत वर्षको तुलनामा परिषद्को बचत २३.४३ प्रतिशतले घटेको छ।

३. **निरन्तर शिक्षा कार्यक्रम -** परिषद्मा दर्ता भएका सबै पशु चिकित्सक तथा विशेषज्ञसहित सबै तहका पशु सेवा प्राविधिकलाई विश्वमा भई रहेका पशु स्वास्थ्य सेवा सम्बन्धी प्रविधिबारे अद्यावधिक ज्ञान हासिल गर्न निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरी दक्षता तथा अनुभव हासिल गराउने परिषद्को मुख्य कार्य अनुरूप परिषद्ले स्मल एनिमल सर्जरी, एक्सरे, अल्ट्रासाउण्ड, फिड फर्मुलेसन, कृत्रिम गर्भाधान, जिल्लास्तरीय नमुना सङ्कलन जस्ता समसामयिक विषयमा तालिम सञ्चालन गर्दै आएको छ ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

राय

हामीले नेपाल पशु चिकित्सा परिषदको यसै साथ संलग्न २०८१ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय-व्ययको विवरण र नगद प्रवाहमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८१ असार मसान्तको वासलात, उक्त अवधिको आय-व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधारहरु

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित महालेखापरीक्षका कर्मचारीहरूको आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी परिषदको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि परिषद जिम्मेवार हुन्छ।

यर्थाथ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एंव प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटिबाट होस, सारभुत किसिमको गलत विवरण रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तीहरुको व्यवस्थापन र लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा परिषदको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागी अपरिहार्य हुन्छन् र विषयवस्तुको स्तरियता विचार गर्नुपर्ने वा अविच्छिन्नतासंगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनको रहेको छ । परिषदको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकिय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू देहाय बमोजिम रहेका छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस परिषद्मा २०८१।२।२५ मा पठाइएको छ।**

स्यार्पु कृषि कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

दुध सङ्कलन गरी रुकुमलाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने र दुध तथा दुग्धजन्य पदार्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने उद्देश्यले स्यार्पु पावर कम्पनीको पूर्ण स्वामित्वमा कम्पनीको स्थापना २०७७।११।२ मा भएको हो। आयोजनास्थल रुकुमपश्चिम जिल्लाको मुसिकोटमा रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	२,५२,५२		१,११,६६	
निर्माण कार्य प्रगति	७,०६,०१		४,०६,९८	
स्थगन कर सम्पत्ति	७,३९		४,०९	
कुल गैर चालु सम्पत्ति		**९,६५,९२**		**५,२२,७३**
जिन्सी मौज्दात	०		०	
प्राप्त हुनुपर्ने	०		०	
नगद र बैङ्क मौज्दात	१६,६२		५०,५२	
अन्य चालु सम्पत्ति	९०,१६		१,०८,७८	
कुल चालु सम्पत्ति		**१,०६,७८**		**१,५९,३०**
कुल सम्पत्ति		**१०,७२,७०**		**६,८२,०३**
सेयर पुँजी	२,३१,००		१,८१,००	
रिजर्भ तथा सरप्लस	(२७,३६)		(१८,७५)	
अन्य इक्विटी	(२५)		०	
कुल इक्विटी		**२,०३,३९**		**१,६२,२५**
उधारो	७,५६,२८		४,१२,०४	
कर्मचारी दायित्व	४,६७		०	
कुल गैर चालु दायित्वहरू		**७,६०,९५**		**४,१२,०४**
व्यापारिक भुक्तानी गर्नुपर्ने	४९		०	
अन्य चालु दायित्व	१,०७,२२		१,०५,६२	
कर्मचारी दायित्व	६५		२,१२	
कुल चालु दायित्व		**१,०८,३६**		**१,०७,७४**
कुल इक्विटी र दायित्वहरू		**१०,७२,७०**		**६,८२,०३**

कम्पनीको वासलातअनुसार सेयर पुँजी रु.२ करोड ३१ लाखसमेत कुल इक्विटी तथा दायित्व रु.१० करोड ७३ लाख, सम्पत्ति, प्लान्ट तथा उपकरण रु.२ करोड ५३ लाख, निर्माण कार्य प्रगती रु.७ करोड ६ लाख समेत रु.१० करोड ७३ लाख कुल सम्पत्ति रहेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरणहरू	२०८०।८१		२०७९।८०	
आम्दानी	०		०	
बिक्री लागत	०		०	
कुल नाफा/(नोक्सान)	०		०	
मूल्य ह्रास	१०,१९		२,०७	
प्रशासनिक तथा अन्य खर्च	१,७१		१,०९	
सञ्चालन नाफा/(नोक्सान)		**(११,९०)**		**(३,१६)**
बोनस अघिको नाफा/(नोक्सान)		**(११,९०)**		**(३,१६)**
कर अघिको नाफा/(नोक्सान)		**(११,९०)**		**(३,१६)**

स्थगन कर (खर्च)/आय	३,३०		३३	
खुद नाफा/(नोक्सान)		**(८,६०)**		**(२,८३)**

कम्पनीको दुग्ध उत्पादनका लागि डेरी भवन र मेशिनरी जडानको कार्य निर्माणाधिन रहेकाले यो वर्षको बिक्री आम्दानी शुन्य रहेको र खुद नोक्सानी रु. ९ लाख रहेको छ।

३. **कार्य प्रगति** - कम्पनीको डेरी भवन निर्माण कार्य २०७९।१।१६ मा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग २०७८।८।६ मा रु.७ करोड ८ लाखको सम्झौता भएकोमा म्याद थप समेतमा वित्तीय प्रगति ८३.३५ प्रतिशत रहेको छ। त्यस्तै मेशिनरी सामान खरिद तथा जडान कार्य २०८०।१।२७ मा सम्पन्न गर्नेगरी एक प्रालिसँग २०७९।७।२८ मा रु.११ करोड ३१ लाखको सम्झौता भएकोमा म्याद थप समेतमा वित्तीय प्रगति १३.३० प्रतिशत मात्र रहेको छ। समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत रहितको राय

हामीले स्यार्पु कृषि कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक स्यार्पु कृषि कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

कैफियत रहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

खास लेखापरीक्षकीय विषयवस्तुहरू त्यस्ता विषयहरू हुन्, जुन हाम्रो ठहरमा, कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरूलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरूमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हाम्रो यसै अनुच्छेदमा उल्लेख गरिएका विषयवस्तु बाहेक अन्य खास विषयवस्तुहरू नरहेको जानकारी गराउन चाहन्छौं।

मुख्य लेखापरीक्षण विषयहरु	**लेखापरीक्षणको क्रममा उक्त विषयहरु सम्बोधन गर्नका लागि अपनाइएका तरिकाहरु**
परियोजना कार्य प्रगति (Project WIP) - वित्तीय विवरणको अनुसूची ५, २०८१ असार ३१ गतेसम्म कम्पनीको परियोजना कार्य प्रगतिमा रु. ७,०६,०१,३१४ रहेकोमा परियोजना संचालन र कार्यान्वयनमा आउन बांकी रहेको छ ।	• कम्पनीको करार सम्झौताको अध्ययन गरियो। • खर्च र आय विवरण वा अन्य कुनै कागजातहरूलाई पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात अध्ययन गरियो। • बिल तथा भरपाई र कागजातहरु परीक्षण गरियो।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ। यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु निम्नानुसार छन्:

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यान आकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।

- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्वन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं:

क) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

ख) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ग) कम्पनिमा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१।१९ मा पठाइएको छ।**

खानेपानी मन्त्रालय

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ७ बमोजिम नेपाल सरकारले काठमाडौं उपत्यकाको नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न बोर्डको गठन गरेको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बोर्डको स्वीकृत कर्मचारी दरबन्दी ५३ रहेकोमा २२ करारसहित ४८ पदपूर्ति भएको छ।

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
पुँजीकोष तथा दायित्व				
स्थापनाको पुँजीकोष	१,०८,८३,०८		१,०८,८२,६९	
डेफर्ड अनुदान	१५,४७,५९,८३		१५,४५,३४,९५	
दीर्घकालीन ऋण (कुल)	२९,५९,९०,२३		३१,८५,६८,९३	
अवकाश पछिको सुविधा	४७,३५,८२		९६,१८,०१	
ऋण तथा ब्याज (चालु दायित्व)	६,५६,१०,०२		४,४७,०७,०५	
अन्य चालु दायित्व	१,८३,६९		१,१८,५५	
व्यवस्थाहरू	८,४७,७८		८,४७,७८	
सञ्चित नाफा/(नोक्सान)	(१,४९,५३,२४)		(१,६२,२६,४९)	
कुल दायित्व		**५१,८०,५७,२१**		**५२,३०,५१,४७**
सम्पत्ति				
स्थिर सम्पत्ति	१६,३१,०६,०२		६,१७,४८,६१	
निर्माणाधीन पुँजीगत सम्पत्ति	४८,७८,१६		४१,३९,०५	
ऋण लगानी	१,५०,४२,४०		१,३०,४२,४०	
जिन्सी मौज्दात	२,६९		३,५३	
नगद तथा बैङ्क मौज्दात	५,१७,१२,२३		१०,८५,३०,६४	
आसामी	३,३३,३९,०५		२,८४,८७,२२	
पेस्की	२४,९९,७६,६६		३०,७१,००,०२	
कुल सम्पत्ति		**५१,८०,५७,२१**		**५२,३०,५१,४७**

उल्लिखित विवरणअनुसार बोर्डको स्थिर सम्पत्ति गत वर्षको तुलनामा १६४.१४ प्रतिशतले वृद्धि भई यो वर्ष रु. १६ अर्ब ३१ करोड ६ लाख २ हजार पुगेको छ। त्यसैगरी आसामी गत वर्षको तुलनामा १७.०३ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ३३ करोड ३९ लाख ५ हजार पुगेको छ भने चालु दायित्वतर्फको ऋण तथा ब्याज ४६.७६ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ५६ करोड १० लाख २ हजार पुगेको देखिन्छ।

२. **सञ्चालन नतिजा** - बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आम्दानी	४५,४५,६३		४०,३७,२८	
अन्य आम्दानी	६३,४५		३८,७१	
वित्तीय आम्दानी	३०,४५,६१		१२,६२,००	
अनुदान आम्दानी	१,७५,६८		१,७५,६८	
जम्मा आम्दानी		**७८,३०,३७**		**५५,१३,६७**
कर्मचारी खर्च	१४,२२,५९		१२,३६,४७	

विवरण	२०७९।८०		२०७८।७९	
प्रशासनिक खर्च	३,३३,२५		३,३४,५२	
भूमिगत पानी व्यवस्थापन	८,८५,३५		६,८७,८०	
ह्रासकट्टी खर्च	४२,९९,६२		३१,०४,९४	
ब्याज खर्च	३१,८६,५५		३२,७६,४०	
इम्पेयरमेन्ट नोक्सान र (फिर्ता)	३,०३,५९		२,१३,३३	
जम्मा खर्च		**१,०४,३०,९५**		**८८,५३,४६**
खुद नाफा/(नोक्सानी)		(२६,००,५८)		(३३,३९,७९)

बोर्डको यो वर्षको जम्मा आम्दानी रु.७८ करोड ३० लाख ३७ हजार र जम्मा खर्च रु.१ खर्ब ४ अर्ब ३० करोड ९५ लाख भई खुद नोक्सानी रु.२६ अर्ब ५८ करोड कायम भएको छ। जुन गत वर्षको तुलनामा २२.१३ प्रतिशतले न्यून हो।

३. **ब्याज खर्च** - बोर्डले २०७९।८० मा एसियाली विकास बैङ्कलाई रु.१ अर्ब २२ करोड ७१ लाख ऋण भुक्तानी गरेकोमा सो ऋणमा सम्झौता अनुरुप तिर्नुपर्ने ब्याज रु.८ करोड ८४ लाख २१ हजार लेखाङ्कन गरेको देखिएन। ब्याज खर्च कम लेखाङ्कन भएकोले प्रस्तुत वित्तीय विवरणले सही र यथार्थ चित्रण गरेको छैन।

४. **बिमा कोष** - बोर्डले विगत वर्षहरूदेखि नै जीवन बिमा कोष व्यवस्था बापत रु.८ करोड ४७ लाख ७८ हजारको व्यवस्था जिम्मेवारी सार्दै ल्याएको छ। तर एक्च्युरीबाट प्रत्येक वर्ष प्रतिवेदन प्राप्त गरी परिभाषित सुविधा योजना दायित्वको व्यवस्था गरेका कारण २०७८।७९ देखि सो व्यवस्था आवश्यक देखिँदैन। अतः उक्त रकमलाई सुविधा योजनाको दायित्वमा समायोजन गर्नुपर्दछ।

५. **पेस्की** - आयोजना कार्यान्वयन निर्देशनालयलाई बोर्डले २०८० आषाढ मसान्तसम्म रु.२४ अर्ब ७६ करोड ५२ लाख पेस्की प्रदान गरेको छ। उक्त पेस्कीबाट निर्देशनालयले २०७९।८० मा रु.९ अर्ब ६२ करोडको पाइपलाइन शीर्षकमा सम्पत्ति पुँजीकरण गरेकोमा उक्त सम्पत्तिको एकाइ, दर र कार्य सम्पन्न मितिसहितको कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेस नभएकोले तोकिएको काममा खर्च भए नभएको सम्बन्धमा यकिन हनु सकेन।

६. **आसामी हिसाब** - आसामी अन्तर्गत रहेको अन्य आसामी रु.३ अर्ब ३२ करोड ७८ लाखमध्ये काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा गरिएको ऋण लगानीमा २०७९।८० सम्म पाउनु पर्ने ब्याज रु.२० करोड ३३ लाख ५२ हजार, प्राप्त हुनुपर्ने अनुमति दस्तुर रु.८ करोड ८२ लाख ४० हजार, लिज फी पार्ट ए वापत रु. ४४ करोड ८४ लाख ६५ हजार, लिज फी पार्ट बी बापत रु.२ अर्ब ३६ करोड ५८ हजार, जनसहभागिता आम्दानी रु.४६ लाख ३१ हजार, जिवन बिमा कोष बापत रु.१ करोड ६० लाख २० हजार र महसुल तथा जरिवानाबापत रु.२० करोड ७० लाख ५६ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएको र यस वर्षसमेत असुल नभएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७. **हिसाब भिडान** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०७९।११।२१ को पत्रानुसार बोर्ड र कार्यालयबिच म्याद नाघेको साँवा रु.८ करोड ८२ लाख ९२ हजार र ब्याज रु.१ अर्ब २० करोड २७ लाख ९७ हजारसमेत रु.१ अर्ब २९ करोड १० लाख ८९ हजारको हिसाब फरक परेकोले उक्त हिसाब भिडान गर्नुपर्दछ।

८. **बक्यौता महसुल -** बोर्डको २०७९।८० को कुल बक्यौता महसुल रु.६० करोड ८१ लाख ३० हजार रहेको छ। तत्कालीन खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको उक्त बक्यौता उठाउन बोर्डले पर्याप्त प्रयास गरेको देखिएन। बोर्डको कार्यकारी समितिको निर्णयबिना नै २०७९।८० को वित्तीय विवरणमा रु.६० करोड २० लाख ४९ हजार अर्थात् उक्त बक्यौताको ९९ प्रतिशत अनुमानित नोक्सानी व्यवस्था गरेको छ। असुल गर्न पर्याप्त पहलनगरी नोक्सानी व्यवस्था गरेको उचित देखिएन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा हामीलाई दिइएको जवाफ र स्पष्टीकरणहरुको अनुसार यस प्रतिवेदनको कैफियत सहितको राय ब्यक्त गर्ने आधार खण्डले पार्ने असर बाहेक माथि उल्लेखित वित्तीय विवरणहरुले सारभुत रुपमा संस्थाको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदन मान अनुसार उचित रुपमा चित्रण गर्दछन् ।

कैफियत सहितको राय ब्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय ब्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **कोष:** बोर्डले स्थापना हुँदाको समयमा पूँजीको लेखांकन गरिएको रकमको जिम्मेवारी सार्दै आएको छ । यस अन्तर्गत नेपाल सरकारको शेयर लगानी, तत्कालिन नेपाल खानेपानी संस्थानको काठमाडौं उपत्यकाको मिति २०६४।१०।२९ सम्मको खूद नोक्सानी, तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारबाट प्राप्त अनुदान तथा जाईका जापानको अनुदान समावेश गरिएको छ । शेयर लगानीको विस्तृत विवरण लेखापरीक्षणार्थ उपलब्ध भएन । बोर्डको कोष अन्तर्गत तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारबाट प्राप्त अनुदान रू.१८,३७,१६,०२६।- तथा जाईका जापानको अनुदान रकम रु.३८,७७,८१९।- प्रस्तुत गरेको भएतापनि उक्त रकमलाई प्रतिनिधित्व गर्ने सम्पत्तिको विवरण तथा अनुदान प्राप्त गर्ने समयका शर्त तथा अवस्थाहरु प्राप्त नभएको हुँदा यथाशिघ्र यी अनुदान रकमहरुको प्रयोग तथा हालको अवस्था यकिन गर्नुपर्ने देखिन्छ ।

२. **डिफर्ड अनुदान:** एशियाली विकास बैंक अन्तर्गत नेपाल सरकार बाट २०७८।७९ को अन्त्यसम्म बोर्डलाई प्राप्त भएको रु.१५,०२,९६,९१,४३७/- र २०७९।८० मा आयोजना कार्यानवयन निर्देशनालयलाई सोझै प्राप्त भएको रु.९,९०,८०,८५८/६७ समेत कुल रू.१५,१२,८७,७२,२९५/६० मध्ये निर्देशनालयले नेपाल सरकारलाई सोझै फिर्ता भुक्तानी गरेको रकम रु. ५,९०,२६,१६७/९६ घटाई २०८० अषाढ मसान्तमा बाँकी रहेको रकम रु. १५,०६,९७,४६,१२८/- र विगत वर्षहरुमा ओफिडबाट प्राप्त भएको रु.२५,८०,००,००० अनुदान रकमबाट कुनै परियोजना वा सम्पत्ति श्रृजित भएको प्रमाण वा विवरण प्राप्त नगरेको र कुनै पनि आम्दानी वा खर्च लेखांकन भएको पाइएन । सो अनुदान रकमबाट कुनै वर्ष पनि डिफर्ड आम्दानी लेखांकन नगरेको हुँदा नेपाल वित्तिय प्रतिवेदनमान NAS २० बमोजिम सरकारी अनुदान जुन उद्देश्यको लागि प्राप्त भएको सो सम्बन्धित खर्चको आधारमा अनुदान रकमलाई व्यवस्थित आधारमा नाफा नोक्सानमा आम्दानी लेखांकन गर्नुपर्ने देखिन्छ ।

३. **पुँजीगत अनुदान:** पूँजिगत अनुदान अन्तर्गत वित्तिय विवरणमा उल्लेख रु. १४,८२,३६,५५४।- रकमलाई प्रतिनिधित्व गर्ने जाय जेथा, प्लान्ट र उपकरण अन्तर्गत कुन कुन सम्पत्ति डिफर्ड अनुदान सँग सम्बन्धित हो सो को विस्तृत विवरण प्राप्त नभएको कारण सो रकम बराबरको सम्पत्तिहरुको वर्तमान अवस्था र अस्तित्व यकिन गर्न सकिएन । बोर्डले पूँजीगत अनुदानसँग सम्बन्धित स्थिर सम्पत्तिहरुको छुट्टै खाता / विवरणको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४. **दीर्घकालिन ऋण र ब्याज भुक्तानी:** बोर्डले आर्थिक वर्ष २०७९/८० को अन्तमा एसियाली विकास बैंक (एडिबि) ऋण शिर्षकमा प्रस्तुत गरेको रु.९,३६,१८,९९,७५१।- रकम मध्ये चालू आ.व.मा रु.९,९०,८०,८५९।- थप नयाँ कर्जा बोर्डलाई प्राप्त नभई सिधै आयोजना कार्यान्वयन निर्देशनालय लाई निकासा भई दिर्घकालिन ऋण अन्तर्गत बोर्डले

लेखांकन गरेको देखिन्छ । साथै चालु आ.व. २०७९।८० मा आयोजना कार्यान्वयन निर्देशनालयले सोझै एडिबि लाई रु. १,४७,५६,५४२ ।- ऋण फिर्ता भुक्तानी गरेको रकम बोर्डले ए.डि.बि लाई तिर्नु पर्ने ऋण रकमबाट घटाई प्रस्तुत गरेको देखिन्छ । बोर्डले चालु आ.व.मा रु.१,२२,७१,२९,९३८।- रकम एसियाली विकास बैंक (एडिबि) लाई ऋण फिर्ता भुक्तानी गरेको देखिन्छ तर सो ऋण रकममा सम्झौता अनुरुप तिर्नु पर्ने ब्याज खर्च रकम रु.८,८४,२१,४३७।०९ आय व्यय विवरणमा खर्च लेखांकन गरेको छैन ।

आ.व. २०७८।७९ को अन्तसम्ममा बिना ब्याज प्राप्त भएको ऋण रकम रु.१,७४,६२,२६,५८८।६१ मध्ये चालू आ.व.मा थप प्राप्त रकम रु९,९०,८०,८५९।- र ऋण भुक्तानी गरिएको रकम रु.१,४७,५६,५४२।- पश्चात आ.व.२०७९।८० को अन्तमा कायम रहको ऋण रकम रु.१,८३,०५,५०,९०५।- मा बजारको चल्ती ब्याज दर अनुसार हुने ब्याज फरक रकमलाई नेपाल लेखामान-२० मा उल्लेख भएको ब्यवस्था अनुसार अनुदान रकम लेखांकन गर्नुपर्ने देखिन्छ ।

५. **बीमा कोष व्यवस्थाः** यस आर्थिक वर्षको अन्तमा बोर्डले विगत वर्षहरुमा जस्तै जीवन बिमा कोष ब्यवस्था वापत रु.८,४७,७८,४१९।- को ब्यवस्था सार्दै ल्याएको देखिन्छ तर Actuary बाट प्रत्येक वर्ष प्रतिवेदन प्राप्त गरि परिभाषित सुविधा योजाना दायित्वको ब्यवस्था गरेको कारण अघिल्लो वर्षहरु देखि सो ब्यवस्थाको उपयोग भएको नदेखिएको हुँदा सो जविन विमा कोष व्यवस्थाको औचित्य पुष्टि गरि आवश्यक्ता अनुसार समायोजन गर्नुपर्ने देखिन्छ।

६. **जायजेथा, प्लान्ट र उपकरण र ह्रास कट्टीः** बोर्डले आ.व. २०७९।८० मा थप पूँजिकरण गरेको जायजेथा, प्लान्ट र उपकरण मध्ये केयुकेएल बाट निर्माण भएको भवन रु.१५,८०,७१२।२३ (ह्रास कट्टी दर २ प्रतिशत), केयुकेएल बाट निर्माण भएको पाइपलाइन सम्पत्ति रु.४५,८३,१२,४१६।३७ (ह्रास कट्टी दर २ प्रतिशत), ढल लाइन बिस्तार तर्फ केयुकेएल बाट निर्माण भएको सम्पत्ति रु.९,४६,४३,०९०।-(ह्रास कट्टी दर २ प्रतिशत), केयुकेएल बाट वेल शिर्षक अन्तर्गत निर्माण भएको थप रु.९,६८,३३,२६३।९४ (ह्रास कट्टी २ प्रतिशत) र प्लान्ट मेशीनरी शिर्षक अन्तर्गत केयुकेएल बाट थप गरिएको रु. ८,०८,५९,०४७।६० (ह्रास कट्टी दर ५ प्रतिशत) र अन्य सम्पत्ति शिर्षक अन्तर्गत केयुकेएल बाट थप गरिएको रु. १२,३४,५०,९८०।१६ (ह्रास कट्टी दर २० प्रतिशत) मा कुनै ह्रास कट्टी खर्च लेखांकन गरेको छैन ।

साथै पाइपलाइन विस्तार शिर्षक तर्फ आयोजना कार्यन्वयन निर्देशनालयबाट निर्माण भएको सम्पत्ति रु.९,६२,००,६१,५५६।२६ मा लाग्ने ह्रास कट्टी खर्च रु.८,६९,७५,८९९/- रकमलाई पाइपलाइन विस्तार उपशिर्षकमा ह्रास कट्टी नगरी अन्य सम्पत्तिमा ह्रास कट्टी गरि प्रस्तुत गरिएको छ । बोर्डले चालूवर्षमा थप गरेको सम्पतीमा ह्रास कट्टी रु.१,५०,४६१।७३ खर्च घटाउनु पर्ने देखिएको तर सो रकम के.यु.के.एल बाट थप भएको सम्पत्ति शिर्षकबाट घटाएको देखिन्छ ।

बोर्डको वित्तिय विवरणमा प्रस्तुत गरेको अधिकांश जग्गाहरु नेपाल खानेपानी संस्था र मेलम्ची खानेपानी आयोजनाको नाममा स्वामित्व कायम रहेको देखिन्छ । साथै बोर्डलाई विभिन्न समयमा तत्कालिन नेपाल खानेपानी संस्थान, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयबाट सवारी साधनहरु हस्तान्तरण भई आएको तर सो सवारी साधनहरु बोर्डको हकभोगमा रहेका भएता पनि हालसम्म स्वामित्व हस्तान्तरण भएको पाईएन। तसर्थ त्यस्ता सम्पूर्ण जग्गा र सवारी साधनहरु बोर्डको नाममा अबिलम्ब नामसारी गर्नु पर्ने देखिन्छ । संस्थानको विभिन्न आयोजनाहरुको नाममा प्रस्तुत गरिएका स्थीर सम्पत्तिहरु अवस्था यकिन हुने गरि भौतिक परीक्षण नभएको र विवरणमा समेत सम्पत्ति अनुसारको परल मोल एवं ह्रास कट्टी खुलेको देखिदैन । तसर्थ सम्पूर्ण स्थिर सम्पत्तिको अवस्था यकिन गरि व्यवस्थापनबाट प्रमाणित गराई नेपाल वित्तीय लेखामान बमोजिम लेखांकन गर्नु पर्ने देखिन्छ ।

७. **पुंजीगत कार्य प्रगतीः** निर्माणाधिन सम्पत्ति अन्तर्गत यस वर्ष काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड बाट रु.१०,४७,६२,०३,८३५।- र बोर्डबाट रु.१६,३३,७०,३९०।- थप रकम समावेश गरिएको छ । बोर्डले निर्माणाधिन सम्पत्तिबाट जायजेथा, प्लान्ट तथा उपकरण शिर्षकमा कार्य सम्पन्न भएको विवरण अनुसार यस वर्ष रु.१०,५६,५६,६३,०२०।- रकम पुँजीकृत गरेको छ । बोर्डले आयोजना कार्यान्वयन निर्देशनालयलाई २०८० आषाढ मसान्त सम्म रु. २४,७६,५२,०७,५०८।- पेश्की भुक्तानी गरेको भए तापनि हाल सम्म पनि पूर्जिकरण गर्नु

पर्ने कार्य प्रगति अन्तर्गत कुनै पनि रकम लेखांकन गरेको पाइएन । बोर्डले आयोजना कार्यान्वयन निर्देशनालयबाट अनिवार्य रुपमा कार्य प्रगति र निर्माण सम्पन्नको वार्षिक विवरण प्रमाणिकरण गरि पूजिँगत कार्य प्रगति लेखांकन गर्नु पर्ने देखिन्छ । काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड मार्फत गरिएका पुँजीगत तथा आयगत खर्चका कानुनी प्रक्रियासँग सम्बन्धित कानूनी निर्णयका कागजात तथा संस्थाका वित्तिय विवरण प्राप्त नभएकाले लेखांकन गरिएको रकमको यथार्थबारे यकिन गर्न सकिएन ।

८. **आयोजना कार्यान्वयन निर्देशनालय (PID) पेश्कीः** आयोजना कार्यान्वयन निर्देशनालय (PID) लाई बोर्डले २०८० आषाढ मसान्त सम्म रु. २४,७६,५२,०७,५०८/- पेश्की भुक्तानी गरेको छ । बोर्डले नेपाल सरकारबाट ऋण प्राप्त गरि आयोजना कार्यान्वयन निर्देशनालयलाई रकम निकासा गर्ने गरिएको सन्दर्भमा भुक्तानी गरिएको पेश्की रकम कुन हदसम्म कुन प्रक्रिया मार्फत खर्च भएको र निकासा रकम मध्ये कति रकम खर्च हुन बाँकी छ सो विषयलाई प्रमाणित गर्ने आर्थिक वा वित्तिय विवरण लेखापरीक्षणर्थ प्राप्त नभएको कारण सो लेखांकन रकमको यथार्थता यकिन गर्न सकिएन। साथै निर्देशनालयलाई हालसम्म भुक्तानी भएको लिनु पर्ने भनि प्रस्तुत गरिएको पेश्की रकमको मौज्दात समर्थनपत्र समेत प्राप्त गरेको पाइएन । आयोजना कार्यान्वयन निर्देशनालयलाई उपलब्ध गराएको पेश्की रकममा ब्याज प्रगति भुक्तानी रु.४,७३,०३,३९,२२९।- अन्तर्गत Qualifying Assets का लागि प्राप्त गरेको ऋणको व्याज पुँजीकृत गरेका देखिन्छ । बोर्डले पि.आई.डि लाई उपलब्ध गराएको पेश्की रकम बाट आ.व.२०७९।८० मा रु.९,६२,००,६१,५५६।२६ को पाइपलाइन शिर्षकमा सम्पत्ति थप पुजिँकरण गरेको देखिन्छ तर सो सम्पत्तिको प्रकृति, एकाई दर, लागत सहितको विस्तृत विवरण, र कुन मितिमा कार्य सम्पन्न भएको हो सो सम्बन्धमा कुनै विवरण प्राप्त गरेको देखिएन ।

९. **आसामीः** यस आ.व.को अन्त सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा गरिएको ऋण लगानीमा कुल पाउनु पर्ने ब्याज रु.२०,३३,५२,४६२ लेखांकन भएको छ तर सो रकम मध्ये यस अवधिमा के.यु.के.एलबाट कुनै ब्याज रकम भुक्तानी प्राप्त भएको छैन । अन्य उठाउनु पर्ने रकम रु.३,३२,७८,२२,९१५ मध्ये के.यु.के.एलबाट प्राप्त हुनुपर्ने अनुमति दस्तुर वापत रु.८८,२४०,१४६, लिज फि पार्ट A वापत रु. ४४,८४,६५,८३७ र लिज फि पार्ट B वापत रु.२,३६,००,५७,८०१।- अशूल हुन बाँकी देखिन्छ । साथै जनसहभागिता आम्दानी अन्तर्गत रु.४६,३१,१९२।५ र जिवन विमा कोष वापत रु.१६,०१९,७०८।७२ असुल गर्नु पर्ने आसामी मौज्दात बिगत वर्षहरु देखि अ.ल्या. सारेको देखिन्छ र सो अन्य उठाउनु पर्ने रकम मध्ये अधिकांश आसामीबाट यस वर्ष पनि कुनै रकम असुली नभएको हुँदा आयुगत विवरणको अध्ययन तथा विश्लेषण गरि उक्त रकमहरु असुली हुने हो या होईन यकिन असुलीमा तिब्रता दिनुपर्दछ ।

१०. **पेश्की र अन्य भुक्तानी पाउनु पर्ने रकमः** बोर्डद्धारा हालसम्म नेपाल खानेपानी संस्थान (उपत्यका बाहिर) लाई रु.१,८०२,४८९।-, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई रु. रु.१६,३२,३४,६९४।- र खानेपानी महशुल निर्धारण आयोगलाइ रु.३७,९३,३८२।- पेश्की भुक्तानी भएको पाउनु पर्ने रकम फर्छ्यौट भएको देखिएन । सो सम्पूर्ण पेश्की रकमहरुको आयुगत विवरण लेखापरीक्षणर्थ प्राप्त भएन । बोर्डले आ.व २०७९।८० मा मेलम्ची खानेपानी विकास समितिलाई रु. ५,८५,४८,३७२।- निकासा गरि उक्त रकम पेश्की शिर्षकमा लेखांकन गरेको छ। मेलम्ची खानेपानी विकास समितिसंग कुनै सम्झौता नभएको र पत्रमा सो कार्य गर्न सहमति भएको भनि उल्लेख भएतापनि उक्त सहमति पुष्टी गर्न कुनै कागजात तथा उक्त रकमको विवरण भने प्राप्त गरेको छैन, तसर्थ बोर्डले सो रकम निष्कासन गर्न ठोस कारण र सम्झौता बिना उक्त पेश्की भुक्तानी भएको देखिन्छ ।

११. **परिभाषित सुविधा योजना सम्पत्तिः** मिति २०७९।०४।०४ मा नागरिक लगानी कोष (CIT) को बैंक खाताबाट एक व्यक्तिलाई रु. २७,६४,६४३/- भुक्तानी गरिएको भएपनि उक्त भुक्तानी रकम बोर्डको बैंक लेजरमा लेखांकन गरेको देखिदैन । यसका कारण बोर्डको बैंक लेजरमा (लेखा अनुसार) आषाढ मसान्त २०८० को अन्तमा कायम रहेको बास्तविक बैंक (CIT) मौज्दात प्रमाणपत्र र बैंक विवरण भन्दा सोहि रकम बराबर बढी प्रस्तुत गरिएको छ। सो अधिक रकम समावेश गरि परिभाषित सुविधा योजना सम्पत्ति (Defined Benefit Plan Assets) गणना गरिएको कारण परिभाषित सुविधा योजना सम्पत्ति र सो बाट आर्जन हुने वित्तिय आम्दानी समेत यथार्थ र दुरुस्त प्रस्तुत नभएको देखिन्छ ।

१२. **अग्रीम कर कट्टी र आय विवरण सम्बन्धमा:** नेपाल सरकारको मिति २०६३ मसिंर ८ गते जारी गरेको खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ अन्तर्गत काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड एक स्वायत्त संस्थाको रुपमा स्थापना भई आएको संस्था हो । बोर्ड आयकर ऐन, २०५८ बमोजिम २०७८ चैत्र महिनामा दर्ता भएको देखिन्छ। बोर्डले हालसम्म कर छुटको प्रमाणपत्र प्राप्त गरेको छैन । साथै, बोर्डले हालसम्म कुनै पनि आय वर्षको आय विवरण समेत दाखिला गरेको देखिदैन । आयकर ऐन, २०५८ बमोजिम बोर्डले प्रत्येक आर्थिक वर्षको आय विवरण दाखिला गर्नु पर्ने देखिन्छ ।

साथै बोर्डले हालसम्म बैंकहरुले ब्याज आम्दानीमा गरेको अग्रीम कर कट्टी रकम फिर्ता दाबी नगरी सो करको शतप्रतिशत रकम अनुमानीत नोक्सानी ब्यवस्था गरेको देखिन्छ । बोर्डले आ.व.२०७९।८० मा ब्याज आम्दानी विवरण अनुसार रु.५४,५१,४२५।- बराबरको अग्रिम कर कट्टी रकम यस चालू वर्षमा कम लेखांकन गरेको कारण सोहि रकम बराबरको अनुमानित नोक्सान खर्च पनि कम लेखांकन भएको देखिन्छ ।

लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको क्रममा महत्व राख्ने विषय वस्तुलाई लेखापरीक्षणका प्रमुख विषयहरु भनिन्छ । हम्रो लेखापरीक्षणको क्रममा महत्वपूर्ण मानिएका निम्न प्रमूख विषयहरु र उक्त विषयलाई हामीले लेखापरीक्षणको क्रममा सम्बोधन गरि अवलम्बन गरिएको लेखापरीक्षण प्रक्रियालाई समेत प्रस्तुत गरेका छौ **:**

लेखापरीक्षणका प्रमुख विषयहरु	**लेखापरीक्षकको प्रतिक्रया**
क. ब्यवस्थित लेखा प्रणालीको अभावः बोर्डको लेखा प्रणाली पूर्ण रूपमा म्यानुअल रूपमा सञ्चालन भइरहेको छ, जसका कारण लेखा हिसाब किताब व्यवस्थित रूपमा राखिएको छैन । कुनै पनि डिजिटल वा कम्प्युटर प्रणाली अवलम्बन नगरिएकाले वित्तीय विवरण तथा आर्थिक कारोबार सम्बन्धी तथ्यांकहरू यथार्थपरक र सुव्यवस्थित रूपमा उपलब्ध छैनन्।, यसले वित्तीय अभिलेखहरूको विश्लेषण, पारदर्शिता तथा लेखापरीक्षण प्रक्रियामा चुनौती उत्पन्न गरेको छ । यस कारण, वित्तीय विवरणहरूको पूर्णता, शुद्धता तथा प्रमाणिकतामा जोखिम विद्यमान रहेको छ । वित्तीय कारोबारहरूको पर्याप्त विवरण अभावका कारण, प्रत्येक आर्थिक गतिविधिको सही परीक्षण गर्न कठिनाइ रहेको देखिन्छ ।	यसबाट लेखापरीक्षणको जोखिम न्यूनीकरण गर्न लेखापरीक्षण प्रक्रियामा निम्न उपायहरू अवलम्बन गरिएको छ **:** • प्रत्येक आर्थिक कारोबारको samling अनुसार भौचर जाँच गर्दै तथ्यहरूको जाँच । • अघिल्लो वर्षका वित्तीय विवरणहरूसँग हालको वर्षको कारोबार तुलना गरी वित्तीय प्रवृत्तिको मूल्याङ्कन । • हाल विद्यमान आर्थिक वर्षको वित्तीय कारोबारबाट लेखापरीक्षण गर्नु पर्ने आर्थिकवर्षको सम्बन्धित कारोबारको पहिचान गर्दै पारदर्शिता सुनिश्चित गर्ने प्रयास । • महत्वपूर्ण वित्तीय अभिलेखहरू, रसिद तथा बिल भर्पाइहरूको अभिलेख (Documentation) निरीक्षण गरि वित्तिय ब्यवस्थापन यथेष्ठ भए नभएको एकिन गर्ने । • यसरी, यथासम्भव विवरण सङ्कलन, वित्तीय कारोबारको विश्लेषण तथा अघिल्लो वर्षका तथ्यांकहरूसँग तुलना गरी लेखापरीक्षणमा हुने जोखिम न्यूनीकरण गरिएको छ । तर, लेखाप्रणाली व्यवस्थित बनाउन डिजिटल प्रणालीको अबिलम्ब अवलम्बन तथा यथेष्ठ हिसाबको अभिलेख सहित विस्तृत विवरण राख्ने प्रबन्ध गर्नुपर्ने देखिन्छ ।
ख. स्थिर सम्पत्ति (PPE)को फरक रकम समायोजन सम्बन्धमा : बोर्डले चालु आर्थिक वर्षमा रु. ३९,९८२ बराबरको स्थिर सम्पत्ति (PPE) को रकम वृद्धि गरि वित्तिय विवरण प्रस्तुत गरेको छ, जुन अघिल्लो वर्षहरुमा गर्नु पर्ने समायोजन रकम हो । तर, यस त्रुटीलाई NAS- ८ लेखा नीतिहरू, लेखा अनुमानहरूमा भएका परिवर्तनहरू, र त्रुटीहरू अनुसार पूर्वव्यापी (retrospective)) रूपमा समायोजन	लेखापरीक्षणको क्रममा जायजेथा, प्लान्ट र उपकरण शिर्षक अन्तर्गत जग्गा (भूमी) सम्बन्धित कागजात, लागत मूल्यको उपलब्त्र विवरणको आधारमा सो फरक बृद्धि रकमको जाँच गरिएको छ । सम्बन्धित वित्तिय प्रतिवेदन मान अनुसार बोर्डलाई सही लेखा प्रणाली अपनाउन, त्रुटीलाई अघिल्लो वर्षको वित्तीय विवरण पुनःसंशोधन गर्न, र वित्तीय विवरणको टिप्पणी (notes to accounts)मा पारदर्शि रूपमा खुलासा गर्न सिफारिस गरिएको छ ।

गर्नुपर्ने देखिन्छ । बोर्डले यसवर्ष सो फरक रकमलाई पुँजी कोष (Capital Fund) मा समायोजन गरेको छ । यसले वित्तीय विवरणमा गलत प्रस्तुतीकरण हुने जोखिम राख्छ, किनभने पूर्व अवधि त्रुटीहरूलाई चालु वर्षमा समायोजन नगरि अघिल्लो वर्षको वित्तीय विवरणमा पुनःसंशोधन (restate) गर्नुपर्दछ ।	

नेपाल वित्तिय प्रतिवेदनमानको पालना:

बोर्डले नेपाल वित्तिय प्रतिवेदनमान Nepal Financial Reporting Standards, NFRS बमोजिम नेपाल लेखामान १८ "Revenue" नेपाल लेखामान २० (Accounting for Government Grant and Disclosures of Government Assistance), नेपाल लेखामान ३८ "Impairment of Assets", नेपाल लेखामान २३ "Borrowing Cost" र नेपाल लेखामान ३७ "Provision, Contingent Liabilities and Contingent Assets" का व्यवस्थाहरु पूर्ण पालना गरेको छैन। साथै उल्लेखित नेपाल वित्तिय प्रतिवेदनमान पूर्ण रुपमा पालना नगरेको कारणबाट वित्तिय विवरणमा परेको असर सम्बन्धमा हामिले राय ब्यक्त गर्न असमर्थ छौ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवमं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापानमा रहेको छ । वित्तिय विवरण गहन रुपले जालसाजी वा गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने कार्यको लागि समेत ब्यवस्थापन जिम्मेवार हुन्छन् ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नु पर्दछ र सो सम्बन्धमा आवश्यक विषय र विवरणहरुको खुलासा गर्नुपर्दछ । संस्थालाई विघटन गर्ने वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको अन्य कुनै व्यवहारिक एवं यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको अविछिन्न सञ्चालनका लागी संस्थाको क्षमता मुल्याङकन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरु समग्र रुपमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट मुक्त छन् कि छैनन भन्ने बारे उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निश्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तिय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तिय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु :

१. वित्तिय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका यथेष्ठ प्रमाण संकलन गर्ने प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तिय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरीने लेखापरीक्षणको जोखिम मूल्यांकन ब्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।
२. लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षण राय ब्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. ब्यवस्थापनले वित्तिय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तिय विवरणहरुको समष्टिगत प्रस्तुतिकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालूरुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तिय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यकका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. ब्यवस्थापनले तयार पारेको वित्तिय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तिय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तिय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथ साथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा देखिएका महत्वपूर्ण कैफियतहरु शासकिय कार्यभार बहन गर्ने ब्यक्तिहरु (Those Charged with Governance) लाई सम्प्रेषण गरिन्छ ।

७. हामीले स्वतन्त्रता सम्बन्धि आचार संहिताको परिपालना गरेको र लेखापरीक्षण सम्पन्न गर्ने दौरानमा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकिय कार्यभार बहन गर्ने ब्यक्तिहरुलाई जानकारी गराइन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८१।२।२६ मा पठाइएको छ।**

नेपाल खानेपानी संस्थान (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउनु तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्न नेपाल खानेपानी संस्थान ऐन, २०४६ को व्यवस्थाअनुसार नेपाल खानेपानी संस्थान २०४६।११।१५ मा स्थापना भएको हो। नेपाल सरकार (खानेपानी मन्त्रालय) को पूर्ण स्वामित्वमा स्थापित संस्थानले २२ शाखा कार्यालयमार्फत सेवा पुऱ्याउदै आएको छ। संस्थानमा ८३४ कर्मचारीको दरबन्दी स्वीकृत भई स्थायी २९७ र करारमा ३१५ समेत ६१२ कर्मचारीहरू कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सम्पत्ति				
सम्पत्ति, प्लान्ट र उपकरण	९,९९,९०,११		९,४५,४९,८०	
पुँजीगत कार्य प्रगति	३,१९,०२,४०		२,७१,२३,२९	
अन्य गैर चालु सम्पत्ति	१,५३,२३		१,५३,२३	
सम्पत्ति प्रयोग अधिकार	३,०९		-	
कुल गैर चालु सम्पत्ति		**१३,२०,४८,८३**		**१२,१८,२६,३२**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	४५,२२,७५		६०,४१,२७	
व्यापारिक प्राप्य	७९,७१,१९		७३,३१,६६	
नगद तथा नगद सरह	३,३९,४८,११		४,१६,७६,१९	
अन्य कर प्राप्य	१५,३४,६०		१०,७७,३८	
अन्य चालु सम्पत्ति	२०,०३,०६		२२,२०,४५	
कुल चालु सम्पत्ति		**४,९९,७९,७१**		**५,८३,४६,९५**
कुल सम्पत्ति		**१८,२०,२८,५४**		**१८,०१,७३,२७**
इक्विटी				
सेयर पुँजी	३४,७५,७६		३४,७५,७६	
सञ्चित नाफा/(नोक्सान)	(७०,०३,७४)		(२७,४१,६७)	
फेयर भ्यालु रिजर्भ	२,८५,९४,९५		२,८५,९४,९५	
अन्य इक्विटी	५१,५४,७५		४९,८९,५२	
कुल इक्विटी		**३,०२,२१,७२**		**३,४३,१८,५६**
गैर चालु दायित्व				
ऋण र उधारो	१२,२३,५८,२९		१२,२२,३५,९३	
लिज दायित्व	-		-	
स्थगित अनुदान आय	१४,९१,४०		१४,७७,२२	
कर्मचारी सुविधा दायित्व व्यवस्था	४३,८४,१७		३८,०७,४०	
कुल गैर चालु दायित्व		**१२,८२,३३,८६**		**१२,७५,२०,५५**
चालु दायित्व				
ऋण र उधारो	३४,४९,८१		१४,२७,२९	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	१,९४,६४,२६		१,५१,७९,५२	
लिज दायित्व	३,१६		-	
कर्मचारी सुविधा दायित्व व्यवस्था	६,३५,०८		१७,२२,६७	
अन्य चालु दायित्व	२०,६५		४,६८	
कुल चालु दायित्व		**२,३५,७२,९६**		**१,८३,३४,१६**
कुल दायित्वहरू		**१५,१८,०६,८२**		**१४,५८,५४,७१**
कुल इक्विटी तथा दायित्व		**१८,२०,२८,५४**		**१८,०१,७३,२७**

संस्थानको सञ्चित नोक्सानी गत वर्षसम्म रु.२७ करोड ४१ लाख ६७ हजार रहेकोमा यो वर्षको कुल नोक्सानी रु.४० करोड ९६ लाख ८५ हजार र नेपाल वित्तीय प्रतिवेदनमानअनुसार विगतमा आम्दानी लेखाङ्कन गरिएको अनुदान रु.१ करोड ६५ लाख २३ हजारलाई अन्य पुँजी कोषमा स्थानान्तरण गर्दा सञ्चित नोक्सानी रु.७० करोड ३ लाख ७४ हजार पुगेको छ।

संस्थानले यो वर्ष स्थिर सम्पत्तिमा रु.९ अर्ब ९९ करोड ९० लाख ११ हजारको भवन, भूमि, सर्भिस रिजर्भ्वायर, पाइप लाइन, ढल, वेल, विद्युत उपकरण र अन्य गरी अनुसूचीमा उल्लेख गरेको छ। सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नं., जग्गाधनी नम्बर, ह्रासकट्टी रकम, प्रयोग भएको स्थान, सम्पत्तिहरूको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य, निर्माण सम्पन्न भएको मिति र कार्यसम्पन्न मूल्य, योजनाहरू रहेको स्थान आदि खुल्ने गरी स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक नरहेकोले स्थिर सम्पत्तिको उचित व्यवस्थापन तथा सदुपयोग हुन सकेको छैन।

२. **सञ्चालन नतिजा** - संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आय	७५,१७,२६		६९,३३,७०	
अन्य सञ्चालन आय	४,१०,२०		२,३६,७१	
कुल सञ्चालन आय		**७९,२७,४६**		**७१,७०,४१**
मौज्दात, उपभोग सामग्री र सञ्चालन लागत	१,०४,३१		८८,५५	
कर्मचारी लाभ खर्च	४०,४६,४३		३७,७०,२७	
बिक्री र वितरण खर्च	६,८९		८,५१	
बिजुली, इन्धन र उपयोगिताहरू	१०,८०,२७		६,३४,९२	
प्रशासनिक र परिचालन खर्च	६,०१,३१		५,२४,७०	
मर्मत तथा सम्भार खर्च	१७,३७,३७		१४,१६,२१	
हानी नोक्सानी	७१,०६		१५,०२	
अवमूल्यन र परिशोधन	२५,३४,६९		२०,०५,४७	
कुल सञ्चालन खर्च		**(१,०१,८२,३३)**		**(८४,६३,६५)**
सञ्चालनबाट नाफा/(नोक्सानी)		**(२२,५४,८७)**		**(१२,९३,२४)**
वित्त लागत	४९,५६,६८		४१,९९,६३	
वित्त आय	३०,८३,६३		२०,३६,२६	
नाफा/(नोक्सान)करबाहेक		**(४१,२७,९२)**		**(३४,५६,६१)**
चालु कर खर्च		-		-
यो वर्षको खुद नाफा/नोक्सान		**(४१,२७,९२)**		**(३४,५६,६१)**
सम्पत्ति पुनर्मूल्याङ्कनबाट प्राप्त नाफा/(नोक्सान)		**३१,०७**		**(४,०६,३५)**
कुल विस्तृत नाफा/(नोक्सानी)		**(४०,९६,८५)**		**(३८,६२,९६)**

कर्मचारी, इन्धन तथा मर्मतसम्भार खर्चमा गत वर्षभन्दा उल्लेखनीय वृद्धि भएकोले उक्त खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

संस्थानको खानेपानी महसुल निर्धारण आयोगले २०७०।११।१ मा निर्धारण गरेको महसुल दरबमोजिम महसुल उठाउँदै आएको छ। यो अवधिमा कर्मचारी खर्च, मर्मत खर्च, इन्धन खर्चलगायतमा वृद्धि भएको छ। राजविराज, जनकपुर, जलेश्वर, गौशाला, लाहान, मलंगवा, गौर, तौलिहवा, महेन्द्रनगर र बहादुरगञ्ज शाखाको खुद पानी महसुल प्रत्यक्ष लागतभन्दा निकै कम रहेको छ। केही शाखाको कुल नोक्सानी शतप्रतिशतभन्दा पनि बढी रहेको छ। कुल नाफा नकारात्मक छ। त्यस्तै केही शाखामा धाराहरूको सङ्ख्या विगतको तुलनामा यथावत रहेकोमा उक्त धाराबाट सङ्कलन हुने पानी महसुल गत वर्षभन्दा न्यून लेखाङ्कन भएको छ। उल्लिखित बेहोराले संस्थानको यथार्थ आयलाई प्रतिविम्बित गरेको छैन।

३. **लक्ष्य प्रगति** - संस्थानले यो वर्ष पुँजीगततर्फ रु.४ अर्ब ९० करोड ४ लाख खर्च गर्ने लक्ष्य राखेकोमा रु.१ अर्ब २० करोड ९४ लाख (२४.६८ प्रतिशत) खर्च गरेको देखियो। संस्थानले विनियोजनअनुसार खर्च गर्न नसक्नुका कारण पहिचान गरी सोको सुधारबाट निर्दिष्ट लक्ष्य हासिल गर्नुपर्दछ।

४. **खरिद व्यवस्थापन** - संस्थानले यो वर्ष मालसामन खरिद निर्माण तथा मर्मत कार्यका लागि रु.१ अर्ब २० करोड ९४ लाख खर्च गरेको छ। खरिद तथा निर्माण कार्य गर्दा संस्थानले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम खरिदको गुरु योजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसार गरेको पाइएन। सोही ऐनको दफा ५ बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा संस्थानको प्रधान कार्यालय, वीरगन्ज, धनगढी र बनेपा कार्यालयले रु.८७ लाख ५९ हजारको टुल्स तथा जी आई पाइप खरिद गर्दा लागत अनुमान तयार गरेको पाइएन। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार रु.१० लाखभन्दा बढी रु.२० लाखसम्मको निर्माण कार्य र मालसामान खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था विपरित संस्थानका पोखरा, विराटनगर, वीरगन्ज, गौशाला र बनेपा कार्यालयले समान प्रकृतिका कामलाई टुक्रा पारी रु.२ करोड ७२ लाख ५६ हजारको सामान खरिद तथा निर्माण कार्य गरेका छन्। नियमावलीको नियम ३१(१) बमोजिम २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा संस्थानको धनगढी शाखाले रु.७५ लाख ७ हजारको समान प्रकृतिका मालसामान खरिदको कार्यलाई टुक्रा पारी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। खरिद सम्बन्धी प्रचलित कानुनी प्रक्रिया विपरीतका खरिदमा आवश्यक छानविन हुनुपर्दछ। संस्थान र यसका शाखा कार्यालयहरूले खरिद कार्यलाई मितव्ययी र प्रतिस्पर्धी बनाउन सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमका प्रक्रिया अवलम्वन गरी खरिद कार्य सम्पन्न गर्नुपर्दछ।

५. **दीर्घकालीन ऋण तथा लगानी** - यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५.१. संस्थानमा नेपाल सरकार तथा विश्व बैङ्कले उपलब्ध गराएको ऋण समेत यस वर्षसम्म रु.१२ अर्ब २३ करोड ५८ लाख दीर्घकालीन ऋण र रु.३४ करोड ५० लाख चालु ऋणसमेत रु.१२ अर्ब ५८ करोड ८ लाख ऋण रहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०७९।८० को वार्षिक प्रतिवेदनअनुसार नेपाल खानेपानी संस्थानको २०८० असार मसान्तको वैदेशिक ऋण रु.५ अर्ब ३१ करोड ३३ लाख ७८ हजार रहेकोमा संस्थानको लेखा अनुसार जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाईका)को रु.१ अर्ब १६ करोड ९५ लाख ८७ हजार मात्र ऋण देखिएकोले रु.४ अर्ब १४ करोड ३७ लाख ९१ हजारको हिसाब फरक परेको छ। आन्तरिक ऋणतर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार २०८० असार मसान्तको ऋण रु. ११ अर्ब ४६ करोड ८४ लाख रहेकोमा संस्थानको लेखा अनुसार रु.११ अर्ब ४१ करोड १२ लाखमात्र ऋण देखिएकोले रु.५ करोड ७२ लाखको फरक परेको छ। उक्त फरक रकमको हिसाब मिलान गरी खाता अद्यावधिक गर्नुपर्दछ।

५.२. नेपाल सरकार तथा जाईकाबिच भएको अनुदान सम्झौताबमोजिम संस्थानले पोखरा खानेपानी सुधार आयोजनाको लागि रु.१ अर्ब १६ करोड ९५ लाख ८७ हजार दीर्घकालीन ऋण लिएकोमा निर्माणाधीन कार्यको विस्तृत सर्भे प्रतिवेदन, लागत अनुमान, खरिदलगायतका कुनैपनि कागजात लेखापरीक्षणमा उपलब्ध नभएकोले उक्त रकम यकिन गर्न सकिएन। संस्थानले २०७७।७८, २०७८।७९ र २०७९।८० मा यस शीर्षक अन्तर्गत कुनै पनि लेखाङ्कन नगरेकोले वर्षान्तमा कायम ऋण एवं पुँजीगत खर्च यकिन हुन सकेन।

६. **सेवा प्रवाह** - संस्थानले २२ शहरी क्षेत्रमा १ लाख ४६ हजार धारामार्फत नियमित रुपले खानेपानी सुविधा उपलब्ध गराउँदै आएको छ। खानेपानीको बिलिङ्ग विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था भए तापनि गुनासो लिखितरुपमा गर्नुपर्ने अवस्था छ। गुनासो सुनुवाईको अनलाईन व्यवस्था गरी ग्राहकको समस्या शिघ्र समाधान गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले नेपाल खानेपानी संस्थानको (यसपछि "संस्थान" समेत भनिएको) यसै साथ संलग्न २०८० आषाढ ३१ (१६ जुलाई २०२३) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा सबै तथ्यगत श्रोतहरूमा वित्तीय विवरणहरूले आषाढ ३१, २०८० को नेपाल खानेपानी संस्थानको वासलातले संस्थाको वित्तीय अवस्था, नाफा नोक्सान हिसाबले यसको वित्तीय कार्यसम्पादन, नगद प्रवाह विवरणले आर्थिक वर्षको नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका बुँदाहरुले वित्तीय विवरणमा पुऱ्याएको असर बाहेक, नेपाल वित्तीय प्रतिवेदन मानमा भएको व्यवस्था अनुरुप समुचित तथा यथार्थ रूपमा प्रस्तुत गरेको छ।

कैफियत सहितको रायको आधार :

निम्न लिखित आधारहरूले प्रस्तुत वित्तीय विवरणमा असर पार्ने व्यहोराहरू:

१. **नेपाल वित्तिय प्रतिवेदनमान कार्यान्वयन सम्बन्धमा**

नेपाल सरकारले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने व्यवस्था कायम गरेको र यस संस्थानले २०७९।८० बाट वित्तीय विवरणहरु उक्तमान बमोजिम तयार गरेता पनि देहायका अवस्थामा उक्त मानको उपयुक्त कार्यान्वयन भएको पाइएन ।

क. नेपाल वित्तीय प्रतिवेदनमान १३ बमोजिम बिक्रि हुन सक्ने आधारको उचित मूल्यांकन नगरी संस्थानले स्वामित्वमा रहेका अब्बल जग्गा सरह स्वामित्व नभएका जग्गाको मूल्यांकन गरेकोले जग्गाको लेखांकित रकमले यथार्तता चित्रण गरेको छैन।

ख. नेपाल लेखामान १६ बमोजिम संस्थानले पाइपलाइनहरू बाहेकका सम्पत्ति, प्लान्ट र उपकरणहरूको आवधिक पुनर्मूल्यांकन आधार प्रयोग गरि मापन गरेको भनी खुलासा गरेता पनि संस्थानको नियन्त्रणमा रहेका ढल र सर्भिसरिजर्भायरहरुको पुनर्मूल्यांकन नगरेको र सो सम्बन्धमा सम्पुर्ण कारोबारको लेखानीति तथा सम्बन्धी पर्याप्त जानकारी एवं खुलासाहरु नगरी सामान्य लेखानीति बमोजिम मात्र खुलासा गरेको छ । यसबाट संस्थानको सम्पत्तिको यथार्त चित्रण भएको छैन।

ग. संस्थानले जिन्सी मौज्यादको मूल्यांकन गर्दा लागत वा खुद प्राप्य रकममध्ये जुन कम हुन्छ सोमा मूल्यांकन गरेको खुलासा गरेता पनि नेपाल लेखामान २ बमोजिम खुद प्राप्य मूल्य पहिचान गर्न कुनै अभ्यास गरेको पाइएन । शंकास्पद जिन्सी व्यवस्थाको लागि संस्थानको स्पष्ट नीति रहेको छैन ।

घ. नेपाल वित्तिय प्रतिवेदनमान ९ अनुसार आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण र वस्तुगत आधारमा असुलीको सम्भावनाको मूल्यांकन समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नु पर्नेमा संस्थानले शंकास्पद आसामी व्यवस्था वापत २०८० आषाढ मसान्तमा कुल आसामी रु. ८८५,६८७,९२७ को १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था रु. ८८,५६८,७९३ गरेको छ । आयु विश्लेषण र वस्तुगत आधारमा असुलीको सम्भावनाको मूल्यांकनको आधारमा हेर्दा प्रश्तुत व्यवस्था रकम यथार्थ परक नभई न्युन भएको देखिन्छ।

ङ. ह्रास कट्टी, उपदान खर्च व्यवस्था, मर्मत संभार, तथा शंकास्पद आसामी व्यवस्था जस्ता खर्च दाबि गर्दा आयकर ऐन २०५८ अनुसार सोहि बर्षमा बित्तिय बिवरण अनुसार दाबि गरे अनुसार समान रकम खर्च दाबि गर्न नपाउने अवस्था छ । साथै संस्थान संचित नोक्सानीमा रहेकाले उक्त नोक्सानी रकम भविश्यमा हुने आयमा कट्टी गर्न पाउने व्यवस्था रहेको छ । यसरी खर्च दाबि गर्न मिल्ने आर्थिक बर्ष फरक परेको अवस्थामा यस्ता अस्थाई भिन्नता (temporary difference) को आधारमा बित्तिय बिवरणमा नेपाल लेखामान १२ अनुसार स्थगन कर सम्पती तथा दायित्वको लेखांकन गर्नुपर्नेमा सो नभएको पाइयो । यसबाट संस्थानको वित्तिय विवरणले यथार्थ चित्रण गरेको छैन।

२. संचालन नतिजा

संस्थानलाई यस बर्ष रु.४०,९६,८४,१११ नोक्सान (गत वर्षको संशोधित नोक्सानी रु.३८,६२,९६,४३२) भएकोमा गत वर्षसम्मको संचित नोक्सानी कोष रु. २७,४१,६६,५१८ मा रु १६५,२३,७३४ अदर कम्पोनेन्ट अफ इक्युटीमा समायोजन गरी हाल सम्मको संचित नोक्सानी कोष रु. ७०,०३,७४,३६४ भएको प्रस्तुत वित्तीय विवरणबाट देखिएको छ । संस्थानले खानेपानी महसुल निर्धारण आयोगबाट मिति २०७०।११।०१ मा कायम गरेको खानेपानी महसुल दर बमोजिम नै खानेपानी शुल्क उठाउँदै आएको छ । संस्थानले लाभ लागतको विश्लेषण नगर्ने, खर्चमा नियन्त्रण नगर्ने (लागत अनुमान तथा स्वीकृति समेत एकै कर्मचारीले गर्ने, योजनाको लागत टुक्राई निर्माण र निर्माण सामाग्री खरिद अलग-अलग गर्ने), प्रणाली मर्मतमा नियन्त्रण कमजोर रहन, प्रत्यक्ष लागत खर्च समेत महसुल आम्दानीले धान्न नसक्नु, व्याज खर्च वृद्धि हुनु, जस्ता कारणहरूबाट खुद नोक्सानमा वृद्धि हुँदै गएको छ । संस्थानका ५० प्रतिशत भन्दा अधिक शाखाहरूको कार्य संचालन खर्च बराबर समेत आम्दानी नभएको, महसुल असुलीमा यथार्थ परक हिसाब नगरेको भएबाट संस्थानको निरन्तरता/ अविछिन्नता सिद्धान्त बमोजिम संचालनमा जाने क्षमता समेत यकिन गर्न सकिने अवस्था छैन ।

३. संस्थानको पुँजी तथा कोष

संस्थानको अदर कम्पोनेन्ट अफ इक्युटी कोष अन्तर्गत नेपाल सरकारको अन्य अनुदान रु ४९८,१३६,०४९.९० मध्ये खा.पा. तथा ढल निकास विभागबाट रु. ६३,६३०,४९९।१३, आ.व २०६९।७० मा खानेपानी तथा ढल निकास विभागबाट मिति २०५६ श्रावण मसान्तमा हस्तान्तरित भई आएका १२ वटा शाखाहरू (भद्रपुर, राजविराज, लहान, जलेश्वर, मलंगवा, गौर, भरतपुर, तौलिहवा, कृष्णनगर, धनगढी, महेन्द्रनगर र कलैया) को ह्रास कट्टी पछिको खुद स्थिर सम्पत्ति बापतको रकम रु. ३७,५६,५८,६९९।०१ र नगद अनुदान रु. ५८,८४६,८५१।७६ रहेको छ। यसरी हस्तान्तरण भएको १५ वर्ष पश्चात् हिसाबमा लेखांकन गर्दा सो सम्पत्तिहरूको हालको वास्तविक अवस्था यकिन गरी स्थिर सम्पत्तिमा पुंजीकरण गर्न योग्य सम्पत्तिहरूलाई मात्र पुंजीकरण गर्नुपर्नेमा सो बमोजिम नगरी एकमुष्ठ रूपमा देखाइएकोले संस्थानको उपरोक्त कोष तथा सम्पत्तिको रकमले उचित एवं यथार्थ चित्रण गरेको छैन। उक्त व्यहोरा विगतका लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा समेत कुनै सुधार भएको छैन ।

४. ऋण

नेपाल सरकारबाट प्राप्त ऋण गत बर्षसम्म रु. १२,२२,३५,९३,०५७ रहेकोमा यस वर्ष थप रु. ४१४,४८८,८३४ ऋण प्राप्त भएको छ। साथै यस आर्थिक बर्षमा सावा रु. ५७,२७१,१५९।९४ भुक्तानी भइ बर्षान्तमा नेपाल सरकारलाई तिर्न पर्ने कुल ऋण दायित्व रकम रु. १२,५८०,८१०,७३१।०६ रहन गएको छ। संस्थानले कुल ऋणमध्ये रु. १२,२३५,८२९,३७५ लाई दीर्घकालीन ऋण र रु. ३४४,९८१,३५६ लाई चालु ऋण दायित्वमा वर्गिकरण गरेको छ । त्यस्तै विश्व बैकबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २९ हजारको आर्थिक वर्ष २०६९।७० देखि व्याज समेत भुक्तानी गर्न नसकेको र संस्थान निरन्तर नोक्सानमा गएको अवस्थामा उक्त ऋण रकम चालू दायित्वमा देखाएबाट प्रस्तुत वर्गीकरण यथार्थ परक देखिँदैन । साथै गत आ.व. सम्मको व्याज दायित्व रु. १ अर्ब १६ करोड ९८ लाख ४५ हजार रहेकोमा यस आ.व. मा संस्थानले नेपाल सरकारको व्याज रकम रु. ५६ करोड ४२ लाख ५७ हजार थप गरेकोमा यस आ.व. संस्थानले रु. १५ करोड भुक्तानी गरी वर्षान्तमा रु. १ अर्ब ५८ करोड ४१ लाख ३ हजार मौज्दात रहेको देखिन्छ । त्यस्तै विश्व बैकबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २९ हजारको संस्थानले भुक्तानी गरेता पनि महालेखा नियन्त्रक कार्यालयबाट भिडान गरि समर्थन नलिए बाट उक्त ऋण तथा सो भुक्तानी दिन बाँकी देखाइएको व्याज रकमले यथार्थ प्रस्तुत गर्ने अवस्था देखिएन ।

त्यस्तै, नेपाल सरकार तथा जापान अर्न्तराष्ट्रिय सहयोग संस्था "जाईका" बीच भएको अनुदान सम्झौता र संस्थानको लागि भएको ऋणको सहायक सम्झौता बमोजिम संस्थानले पोखरा खानेपानी सुधार आयोजनाको लागि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको विवरणको आधारमा रु.१ अर्ब १६ करोड ९५ लाख ८८ हजार बराबरको रकम आ.व. २०७६।७७ मा दीर्घकालीन ऋण अन्तर्गत प्रस्तुत गरेको छ । प्रस्तुत रकमको ऋण आर्थिक बर्ष २०७४।७५ देखि २०७६।७७ सम्ममा जाईका बाट प्राप्त भएको थियो।। ऋण सहायक सम्झौताको दफा ३.०१ अनुसार आयोजना कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारले संस्थानका महाप्रबन्धकलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको भन्ने कुरा खुलाइएको भएतापनि, उक्त निर्माणाधिन कार्यको लागि आयोजनाको ड्रइङ्ग,

डिजाइन, विस्तृत सर्भे प्रतिवेदन, लागत अनुमान, खरिद प्रकृयाका कागजात, निर्माण व्यवसायीसँग भएका सम्झौता, भुक्तानी प्रकृयाका कागजात तथा बिल बीजक, हालसम्म भएको कार्य प्रगति तथा मूल्यांकन विवरण लगायतका प्रमाण कागजात र सोको स्वीकृत भएको प्रमाणहरू, ऋण कायम गर्न सकिने रकम प्राप्ति तथा कार्यमा भएको भुक्तानीको विवरण लगायत आयोजनाको हालको अवस्था र लागेको लागतको यकिन गर्न भौतिक तथा वित्तीय प्रगतिको विवरण लेखापरीक्षणमा उपलब्ध नभएबाट प्राप्त रु.१ अर्ब १६ करोड ९५ लाख ८८ हजारको ऋण रकम र निर्माणाधिन सम्पत्तिमा प्रस्तुत गरेको उक्त रकमले वित्तीय विवरणलाई यथार्थता पुष्टि गर्न सकेको छैन । साथै गत आ.व. २०७७।७८, आ.व. २०७८।७९ एवम यस आ.व. २०७९।८० मा उक्त परियोजनाको निर्माणाधिन सम्पत्ति सम्बन्धी प्रगति विवरण प्राप्त भएको देखिदैंन तसर्थ वर्षान्तमा कायम ऋण रकम एवं पुँजीगत खर्च (निर्माणाधिन) यकिन हुन सकेन ।

साथै, सार्वजनिक ऋण कार्यालयको आ.व. २०७८।७९ को वार्षिक प्रतिवेदन (सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वेबसाइटमा राखेको) अनुसार नेपाल खानेपानी संस्थानको २०८० असार मसान्तको वैदेशिक ऋण रू.५,३१,३३,७८,३०५.७३ रहेकोमा संस्थानको लेखा अनुसार जाईकाको रु.१,१६,९५,८७,५४१ मात्र ऋण देखिएकोले फरक परेको रकम रु.४,१४,३७,९०,७६४.७३ को हिसाब मिलान गरी खाता अद्यावधिक गर्नुपर्ने देखिन्छ। त्यस्तै, आन्तरिक ऋण तर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय अनुसार २०८० असार मसान्तको ऋण रू.११,४६,८४,९४,३५० रहेकोमा संस्थानको लेखा अनुसार रु.११,४१,१२,२३,१९०.०६ मात्र ऋण देखिएकोले फरक परेको रकम रु.५,७२,७१,१५९.९४ को हिसाब मिलान गरी खाता अद्यावधिक गर्नुपर्ने देखिन्छ। त्यस्तै, ऋणको भाखा नाघेको व्याज तर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय अनुसार २०८० असार मसान्तको आन्तरिक ऋणको व्याज रू.१,६८,३३,८९,४५१.८३ र बाह्य ऋणको व्याज रु.३,३८,५३,५०,६०३.८३ गरी कुल व्याज रु.५,०६,८७,४०,०५५.६६ रहेकोमा संस्थानको लेखा अनुसार आन्तरिक र बाह्य ऋणको व्याज रु.१,५८,४१,०३,१५९ मात्र देखिएकोले फरक परेको रकम रु.३,४८,४६,३६,८९६.६६ को हिसाब मिलान गरी खाता अद्यावधिक गर्नुपर्ने देखिन्छ। साथै सार्वजनिक ऋण कार्यालयबाट समर्थन पत्र (कनफर्मेसन लेटर) प्राप्त भएको पाइएन ।

५. चालु दायित्व तथा व्यवस्था

५.१. चालु दायित्व

संस्थानको हिसाबमा रु. १ करोड ७६ लाख ६४ हजार विगत वर्षहरूबाट हिसाबमा जिम्मेवारी मात्र सर्दै आएको पाइयो । उक्त जिम्मेवारी सारी ल्याएको रकम मध्ये का. उ. खा. पा. व्यवस्थापन बोर्डको रकम रु १ करोड ७५ लाख २३ हजार विगत आ.व. २०७४।७५ मा भुक्तानी गर्न निर्देशन दिएकोमा हालसम्म सो रकम भुक्तानी गरिएको छैन। त्यस्तै लेखापरीक्षण खर्च व्यवस्थामा रु. १४१,२५० रहेको र सो रकम हालसम्म सो रकम भुक्तानी वा हिसाब समायोजन गरिएको छैन।

चालु दायित्वमा तिर्न पर्ने नपर्ने तथा विस्तृत विवरण समेत नभएकोमा विश्लेषण नगरी विगत वर्ष देखि "भुक्तानी गर्न बाँकी रकम (खर्च)" जिम्मेवारी आएका रकमहरूको गत वर्ष रु. ७ करोड २३ लाख ८७ हजार रहेकोमा यस आर्थिक वर्षमा रु. ८ करोड ५४ लाख ५७ हजार रहेको छ । उक्त रकमको संस्थानले भुक्तानी गर्नुपर्ने नपर्ने यकिन गर्न सकेको छैन । त्यस्ता मौज्दातहरूलाई दायित्व नरहेको यकिन गरे पश्चात् आय लेखाङ्कन गरेर वित्तीय विवरणमा समायोजन/सम्मिलित गर्नु पर्नेमा नगरेबाट संस्थानले वित्तीय विवरणमा प्रस्तुत गरेको कुल तिर्नुपर्ने बाँकी रकम/मौज्दात को वास्तविक अवस्था चित्रण गरेको देखिएन।

शंकास्पद जिन्सी व्यवस्थाको लागि संस्थानको स्पष्ट नीति रहेको छैन। संस्थानले विगत आर्थिक वर्ष देखि जिम्मेवारी सार्दै ल्याएको शंकास्पद जिन्सी रकम रु. ११ लाख ६९ हजार रहेको छ । शंकास्पद बैंक कोषको रु. १८,५०० दायित्व सम्बन्धि कुनै पनि विवरण प्रस्तुत नगरेबाट सो रकम/मौज्दात को वास्तविक अवस्था चित्रण गरेको देखिएन।

संस्थानकै अन्तर शाखाको जिन्सी हिसाब समायोजनको लागि केन्द्रको हिसाबमा शंकास्पद व्यवस्था गर्नु सामान्य लेखा सिद्धान्त विपरीत रहेबाट प्रस्तुत रकमले यथार्थ चित्रण गरेको छैन । साथै शंकास्पद अन्य मौज्दातले वास्तविक स्थिति यकिन गरेको देखिदैंन ।

५.२. धरौटी दायित्व

संस्थानले नयाँ धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैंक खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ। संस्थान हिसाब भिडान गरेको तथा प्रतिकृया बमोजिम समेत मिति २०८० आषाढ मसान्तमा नयाँ धारा धरौटी बापतको दायित्व रु १९ करोड ४८ हजार रहेको छ भने सम्बन्धित नगद तथा बैंक खातामा रु १९ करोड ०७ लाख १४ हजार भएबाट रु ६ लाख ६६ हजार बढी मौज्दात रहेको छ। रु २० हजार बढी मौज्दात रहेको थियो । संस्थानको नीति बमोजिम छुट्टै बैंक खातामा जम्मा नगरि खर्च खातामा रकम जम्मा हुने गरेबाट उक्त रकम फरक परेको व्यवस्थापनले जबाफ दिए तापनि सो हिसाब समायोजन नगरेबाट यथार्थता प्रस्तुत गरेको छैन।

बर्षान्तमा कुल तिर्न बाँकी अन्य धरौटी रु. ६ करोड ९१ लाख ५३ हजार संस्थानले वित्तीय विवरणमा प्रस्तुत गरे तापनि विगत देखि जिम्मेवारी सर्दै आएका रकमहरूको र शाखा कार्यालयहरूले आ.व २०५५/५६ देखि अ. ल्या गर्दै आइराखेको निर्माण व्यवसायीहरूको धरौटी रकमको विश्लेषण गरि आवश्यक समायोजन नगरिएकाले धरौटी दायित्वले यथार्थता प्रस्तुत गरेको छैन ।

५.३. शंकास्पद आसामी व्यवस्था तथा अग्रिम प्राप्त महसुल

संस्थानले शंकास्पद आसामी व्यवस्था बापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था गर्ने गरेको पाइयो । गत वर्ष सम्म शंकास्पद आसामी व्यवस्था बापत रु. ८ करोड १४ लाख ६२ हजार रहेकोमा यस वर्ष नाफा नोक्सान हिसाबमा रु. ७१ लाख ०५ हजार खर्च लेखी वर्षान्तमा रु. ८ करोड ८५ लाख ६८ हजार रहेको छ जुन संस्थानले यस आ.व.२०७९।८० मा लेखांकन गरेको महसुल रकमको १२ प्रतिशत हुन आउँछ। शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नु पर्नेमा सो गरिएको पाइएन ।

त्यस्तै, संस्थानले अग्रिम प्राप्त महशुल अन्तर्गत विगत वर्षबाट जिम्मेवारी सर्दै आएको दायित्वका रुपमा रहेका शंकास्पद अन्य धरौटी (कृष्णनगर) रु. ५०,१९३.८८ र शंकास्पद महशुल (लहान) रु. १२३,६५८.२५ लाई प्रश्तुत गरेकोले अग्रिम प्राप्त महशुलले यथार्थता प्रस्तुत गरेको छैन ।

६. जीवन बिमा तथा अवकाश कोष व्यवस्था

संस्थानको जीवन बीमा कोष व्यवस्था अन्तर्गत गत वर्ष (संशोधित) सम्म रु. १ करोड ९२ लाख ७९ हजार रहेकोमा यस वर्ष रु. २० लाख ६८ हजार थप र रु. ३५ लाख ९६ हजार भुक्तानी गरी वर्षान्तमा रु. १ करोड ७७ लाख ५१ हजार रहेकोमा एक्चुरियल प्रतिवेदन अनुसार रु २५ लाख ०८ हजार आम्दानी गरी आर्थिक बर्षको अन्त्यमा जीवन बिमा कोष व्यवस्था रु. १ करोड ५२ लाख ४३ हजार देखाइएको छ ।

अवकाश कोष व्यवस्था अन्तर्गत उपदान, औषधि उपचार, घर बिदा र बिरामी बिदा बापत सिर्जना हुने दायित्वमा गत वर्ष (संशोधित) सम्म रु. ५३ करोड ३७ लाख २७ हजार रहेकोमा यस वर्ष रु. ६ करोड १९ लाख ३६ हजार खर्च बापत थप गरी र रु. ११ करोड ६२ लाख ०८ हजार भुक्तानी गरी वर्षान्तमा रु. ४७ करोड ९४ लाख ५५ हजार रहेकोमा एक्चुरियल प्रतिवेदन अनुसार आवश्यक रु ७२ लाख २५ हजार खर्च (खर्च रु. ७८ लाख २४ हजार र आम्दानी ५ लाख ९९ हजार) लेखांकन गरी आर्थिक बर्षको अन्त्यमा अवकास कोष व्यवस्था (उ, औ.उ, घ.बि, बि.बि कोष व्यवस्था रु. ४८ करोड ६६ लाख ८० हजार अवकाश व्यवस्था रहेको छ ।

जीवन बीमा तथा अवकाश कोषको जम्मा व्यवस्था रु. ५० करोड १९ लाख २३ हजार रहेको छ। त्यस व्यवस्थाका लागि बैंक खातामा रु. ३ करोड ८४ लाख ८३ हजार मात्र लगानी गरेको पाइयो जुन कोषको दायित्व भन्दा रु. ४६ करोड ३४ लाख ४० हजार कम रहेको छ।

६.१. जीवन बिमा तथा अवकाश कोष सम्बन्धित पेस्की

जीवन बिमा कोषलाई दिएको पेस्की/सापटी रु. १ करोड ५३ लाख २३ हजार, विगत वर्ष देखि अ.ल्या. गरी ल्याइएको पाइयो । कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०४९ को विनियम ५१(७)(ग) अनुसार प्रत्येक महिना स्थायी कर्मचारीको तलव खर्चको ४% रकम बजेट व्यवस्था गरि सो कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहे तापनि सो रकम जम्मा गर्ने गरिएको पाइएन ।

यस वर्षान्तमा कर्मचारी कल्याण कोष पेस्की शीर्षकमा लिनु पर्ने रु. १ करोड ०४ लाख ८० हजार लेखांकन भएको पाइयो । संचालक समितिको २०६९।०२।२८ को निर्णयानुसार अवकाश भएका कर्मचारीहरूलाई निजले पाउने उपदान रकमको ५% ले हुने रकम कर्मचारी कल्याण कोष खाताबाट उपदान रकम थप गरी भुक्तानी गर्ने निर्णय भएको पाइयो। सो रकम कल्याणकारी कोष खाताबाट नभई बजेट तथा कोष शाखाको नागरिक लगानी कोष खाताबाट (बिमा, औ.उ, बिदा भुक्तान खाता) भुक्तानी भएको पाइयो । संस्थानले कर्मचारी कल्याण कोष पेस्की रकम सिघ्र रुपमा फछ्यौंट गर्नुपर्ने देखिन्छ ।

७. स्थिर सम्पत्ति

संस्थानले यस वर्ष स्थिर सम्पत्तिमा रु. ९ अर्ब ९९ करोड ९० लाख १० हजार प्रस्तुत गरेकोमा उक्त सम्पत्तिमा भवन, भूमि, सर्भिस रिजर्भायर, पाइप लाइन, ढल, वेल, विद्युत उपकरण र अन्य गरि अनुसूचीमा उल्लेख गरेको छ । नेपाल वित्तिय प्रतिवेदन मानअनुरुप वित्तिय विवरण तयार गर्ने क्रममा संस्थानको नियन्त्रणमा रहेका पाइपलाइनहरू, ढल र सर्भिसरिजर्भायरहरु बाहेक सबै सम्पत्ति, प्लान्ट र उपकरणहरूको आवधिक पुनर्मूल्यांकन आधार प्रयोग गरी मापन गर्दा आर्थिक बर्ष २०७८/७९ (२०७८/०४/०१) को सुरुको सम्पति मौज्दातमा रु.५,०१७,२४५,६८२ आर्थिक बर्ष २०७८/७९ को अन्त्य (२०७९/०३/३२) को सम्पति मौज्दात मा रु. ५,०२६,५३७,२६३ र आर्थिक बर्ष २०७९/८० को अन्त्य (२०८०/०३/३१) को सम्पति मौज्दातमा रु.५,०५०,९३२,०८० ले स्थिर सम्पतिको मूल्य बृद्धि हुन आएको छ । विगत वर्षका लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएतापनि संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिहरूको विस्तृत विवरणहरू जस्तै सम्पत्तिको नाम, कोड नं, ह्रास कट्टी रकम, प्रयोग भएको स्थान, हालको अवस्था, कार्य सम्पन्न मूल्य, योजना रहेको स्थान आदि खुल्ने गरी स्थिर सम्पत्तिको मूल्यांकन गरी अभिलेख तयार नगरेको अवस्थाबाट यर्थाथ चित्रण गरेको यकिन गर्न सकिएन।

क. संस्थानले प्लान्ट, उपकरण तथा अन्य सम्पतिहरूको उचित मूल्य मापनको माथि उल्लिखित आधारहरू प्रदान गरेको भए तापनि सो अनुसारको हरेक सम्पतीको सम्पति विवरण तथा पुनर्मूल्यांकन हिसाब खुल्ने गरी अभिलेख राखेको छैन ।

ख. संस्थानसँग डिप ट्युबेल र समरसीबल पम्प, वेल, ओभरहेड टंकी, सर्भिस रिजर्भायर अन्य बिधुतिकरण जस्ता विभिन्न सम्पत्ति र उपकरणहरू छन् जसको लागि सक्रिय बजार नभएकाले उचित बजार मूल्य प्राप्त गर्न सम्भव छैन । साथै यस्ता सम्पत्तिहरू प्रकृतिमा अत्यधिक विषेश खालका छन् त्यसैले व्यवस्थापनले सम्बन्धित क्षेत्रको स्वतन्त्र विशेषज्ञको सहयोग लिनु आवश्यक देखिन्छ ।

ग. यद्यपि व्यवस्थापन (शाखा कार्यालय) ले भूमि, प्लान्ट, उपकरण र अन्य सम्पत्तिहरूको पुनर्मूल्यांकन मोडेल प्रयोग गरेको भएपनि सम्बन्धित क्षेत्रका स्वतन्त्र विशेषज्ञहरूको सहयोगबाट सो सम्पतिहरुको मुल्यांकन गरेको पाइएन। यस्तो पुनर्मूल्यांकनले संगठनको सम्पत्तिको साँचो र निष्पक्ष स्थिति र समग्र रूपमा वित्तीय विवरणको सही र निष्पक्ष दृष्टिकोण तथा एकरुपता प्रदान गर्न सक्दैन ।

घ. नेपाल वित्तीय प्रतिवेदनमान १३ का अनुसार उचित मूल्य भनेको हालको बजार अवस्था (अर्थात् निकास मूल्य) अन्तर्गत मापन मितिमा मुख्य (वा सबैभन्दा लाभप्रद) बजारमा व्यवस्थित लेनदेनमा सम्पत्ति बिक्री गर्दा प्राप्त हुने मूल्य वा दायित्व स्थानान्तरण गर्न भुक्तानि गर्नुपर्ने मूल्यको अनुमान हो । तर संस्थानले हालको बजार अवस्था अन्तर्गत मापन नगरी २०७४/०३/३१ गतेलाई उचित मुल्यांकन आधार मानेको पाइएको छ । जसले २०७८/०४/०१ (Transition date) मा हुन आउने उचित मूल्य मापन नदेखिने अवस्था छ।

ङ. संस्थानको सम्पत्तिमा गणना गरिएका कतिपय पाइपलाइनहरु र ढल सडक विस्तारको क्रममा बिग्रे भत्केको र काम नलाग्ने अवस्थामा पुगेको बेहोरा जानकारी भए तापनि त्यस्ता सम्पत्ति हरुको लेखाजोखा गरि उचित तवर ले

अपलेखन गर्नुपर्नेमा नेपाल बित्तिय प्रतिवेदन मान अनुसार मुल्यांकन गर्दा पनि अरु सबै सम्पत्ति लाइ पुनर्मूल्यांकन बिधि अपनाएपनि पाइपलाइनहरु र ढलका सन्दर्भमा लागत (२०८० असार मसान्तमा पाइपलाइन रु. २,०९७,४३६,०७५ र ढल रु. ११,४०४,४५६) मा नै मुल्यांकन गरेको पाइयो । साथै, सर्भिस रिजर्भवायरलाई पनि पुनर्मूल्यांकन बिधि नअपनाई लागत (२०८० असार मसान्तमा सर्भिस रिजर्भवायर रु ५३२,३५२,४३५) मा नै मुल्यांकन गरेको पाइयो । यसरी बिग्रे भत्केका पाइपलाइनहरुको अपलेखन नगरी, तथा ढल र सर्भिस रिजर्भवायर सम्पत्तिको फेयर भ्यालुयसन नभई संस्थानले ने.वि.प्र.मा. पूर्णरुपमा लागु नगरेबाट वित्तिय विवरणमा हुने असरलाई यकिन गर्न सकिएन । साथै सो सम्बन्धमा सम्पुर्ण कारोबारको लेखानीति तथा सम्बन्धी पर्याप्त जानकारी एवं खुलासाहरु नगरी संस्थानले सामान्य लेखानीति बमोजिम मात्र खुलासा गरेको छ।

च. संस्थानले आफ्नो स्वामित्वमा रहेको वा नरहेको र भोगचलन गर्दै आइरहेको घर जग्गा मध्ये केही शाखाहरूमा लालपुर्जा लिन बाँकी रहेको र साथै भोगाधिकार कागजातहरू, नक्सा, फिल्ड उतार, वास्तविक क्षेत्रफल समेत उल्लेख गरिएका कागजात हरू संकलन तथा सुरक्षित राखी अद्यावधिक गर्न बाँकी रहेको अवस्था रहेको छ । संस्थानले भोगाधिकार गरि आएका सम्पत्तिहरू मध्ये संस्थानको स्वामित्वमा ल्याउन पर्ने सम्पत्तिहरूलाई संस्थाको स्वामित्वमा ल्याउने कार्य बाँकी रहेको अवस्था रहेको छ । विगत वर्षहरू देखी लगातार लेखापरीक्षणमा उल्लेख गरिएता पनि स्थिर सम्पत्तिको पुंजीकरण गर्दा शीर्षक उपशीर्षकगत सम्पूर्ण व्यहोरा सहितको विवरण तयार गरि कार्य सम्पन्नता तथा यथार्थ स्थिति समीक्षा गरि पुंजीकरण गरिएको पाइएन ।

छ. नेपाल लेखामान बमोजिम स्थिर सम्पत्तिहरूको ह्रासकट्टि दर सो सम्पत्तिको उपयोग आयुका आधारमा गर्नुपर्ने भनी निर्दिष्ट गरेको भएतापनि संस्थानले सम्पत्तिहरूको ह्रासकट्टि गर्दा सो बमोजिम गर्ने गरेको पाइएन । साथै, प्रस्तुत वर्ष थप गरिएका सम्पत्ति रु. ७९ करोड ७० लाख ३६ हजारमा ह्रास कट्टा गरेको भनी यकिन हुन सकेन ।

ज. संस्थानलाई विभिन्न निकायबाट हस्तान्तरण भई आएको स्थिर सम्पत्तिहरूको उचित मूल्याङ्कन एवं समीक्षा भएको देखिँदैन। हस्तान्तरित स्थिर सम्पत्तिहरू स्थगित अनुदान आय (दायित्व) को रूप भनी लेखांकन भई हरेक आ. व. ह्रास कट्टि रकम घटाई प्रस्तुत गरेको देखिन्छ। यो वर्ष रु. ४७ लाख ४२ हजार सम्पत्ति स्थगित अनुदाय आय (दायित्व) मा थप भएको तथा रु. ३३ लाख २५ हजार ह्रासकट्टि भई वर्षान्तमा रु. १४ करोड ९१ लाख ४० हजार कोषमा प्रस्तुत गरेको देखिन्छ। हस्तान्तरण भई सकेको वि.पी खा.पा. आयोजना कार्यको लागि प्राप्त रु. ८,४४४,७२९ र हेटौडा न.पा. ९ नं आयोजना तर्फ रु. १०१,४६८ लाई स्थगित अनुदान आय (दायित्व) अन्तर्गत देखाइएको छ ।

झ. संस्थानका विभिन्न शाखाका अधिन रहेका कुल रु. ५,७३३,२५५,३६६ जमिन मध्ये संस्थानको स्वामित्व नभएका रु. २,८५९,४९४,९२२ मूल्यका जमिनलाई संस्थानले गरेको भोगचलनका आधारमा सम्पत्ति कायम गरी सोही रकम बराबरको फेयर भ्यालु रिजर्भ कायम गरेको छ । लेखापरीक्षणका क्रममा त्यस्ता स्वामित्व नभएको तर भोगचलन रहेको जमिनको क्षे.फ. १८१,२२३।८२ ब.मि. हुने र सो जमिनको रु. २,६९५,२९१,०११ मूल्यांकन हुने देखिन्छ । बिक्री हुन नसक्ने त्यस्ता प्रकृतिका जग्गाको मूल्यांकन गर्दा ने.वि.प्र.मा.-१३ अनुसार बिक्रि हुन सक्ने आधारको उचित अनुमान नगरी स्वामित्वमा रहेका अब्बल जग्गा सरह संस्थानले जग्गाको मूल्यांकन गरेकोले सो कार्य ने.वि.प्र.मा. अनुरुप नरहेको देखिन्छ ।

८. निर्माणाधिन सम्पत्ति

वर्षान्तमा निर्माणाधिन सम्पत्तिमा रहेको रु. ३ अर्ब १९ करोड ०२ लाख ४० हजार मध्ये सम्पन्न भइसकेको आयोजनाहरू पुंजीकरण नगरिएको र अस्तित्वमा नरहेका सम्पत्तिहरू समेत उपरोक्त शीर्षकमा लेखांकन गरिएको छ। हेटौंडा खानेपानी योजनाको रु.१४ लाख ४२ हजार, भरतपुर खानेपानी योजना खानेपानी योजनाको रु. १९ लाख २९ हजार र वि.पी खा.पा. आयोजनाको २ करोड ३३ लाख ६१ हजार कार्य सम्पन्न भइसकेको तर कार्य सम्पन्न प्रमाणपत्र उपलब्ध नहुँदा पुँजीकरण नभएका र उक्त स्थानमा हाल संस्थानको कार्यक्षेत्र समेत नरहेकोमा संस्थानले औपचारिक हस्तान्तरण गरेको देखिँदैन । त्यस्तै जुगेडी आयोजनाको भौतिक पूर्वाधार नष्ट भएको रु. ३५ लाख २३ हजार र उत्पादन बृद्धि (बनेपा) मा आयोजना पुरा गर्न नसकिएकाले बीचमै छाडिएको रु. ३ लाख ९४ हजार तथा पूरा हुन नसकेको रोशी खोला आयोजना (बनेपा) को रु. ३० लाख ५५ हजर लाई समेत निर्माणाधिन सम्पत्तिमा प्रस्तुत गरेबाट उल्लिखित रकमले सम्पत्तिमा यथार्थ प्रस्तुत भएको पाइएन।

९. आसामी तथा बक्यौता

संस्थानको गत आ.व. रु. ८१ करोड ४६ लाख २९ हजार बक्यौता रहेकोमा यस आ.व. रु. ७ करोड रु. १० लाख ५८ हजारले वृद्धि भई बर्षान्तमा रु. ८८ करोड रु. ५६ लाख ८७ हजार पुगेको छ ।

संस्थानले यस आ.व. मा रु. ६८ करोड ३९ लाख ३६ हजार महसुल आम्दानी गर्दा वार्षिक महसुलको ११९।१० प्रतिशत असामी रहेको छ।

उपभोक्ताहरूबाट अग्रिम प्राप्त रकम दायित्वतर्फ प्रस्तुत नगरि (कलैया र विरगंज शाखाको अग्रिम प्राप्त महशूल बाहेक जुन दायित्व मा प्रस्तुत गरेको छ।) उक्त बक्यौतामा नै घटाई देखाएबाट संस्थानको बक्यौता प्रस्तुत गरेभन्दा बढी रहेको छ । लेखापरीक्षण गरिएका संस्थानका शाखा कार्यालयहरूले अग्रिम प्राप्तको हिसाब प्रस्तुत गर्न नसकेको, उठ्न बाँकी रकम मध्ये कतिपय रकमहरू लामो समय देखि असुल नभइ हिसाबमा जिम्मेवारी सर्दै आएका र संस्थानले कुल अग्रिम प्राप्त रकमको हिसाब गरि दायित्वमा नदेखाएबाट उक्त रकमको यकिन भइ यथार्थ प्रस्तुत भएको छैन।

लेखापरीक्षणका सिलसिलामा संस्थानका विभिन्न शाखाहरूको कम्प्यूटराइज्ड सिस्टम र लेखा अनुसार असामीको विवरण र असामीको मूल खातामा देखिएको मौज्दात रकम र असामीको सहायक खाताले देखाएको मौज्दात बीच हिसाब भिडान भएको पाइएन । उदाहरणको लागि लेखापरीक्षणको लागि छनोट भएको शाखाहरूमा निम्नानुसार भिन्नता रहेको देखिएकोले संस्थानको आसामी रकमको यर्थाथ प्रस्तुत नरहेको देखिन्छ।

शाखा	आय प्रतिवेदन अनुसार	कमप्युटर अनुसार	फरक
नेपालगंज	२२,३८३,२२२.७	२१,८५६,१०१.९२	५२७,१२०.७८
धनगढि	१५,०२४,३३२.६५	१७,११६,५९७.०६	(२,०९२,२६४.४१)
विराटनगर	४२,०४४,१९३.९७	३८,९५५,३८३.६१	३,०८८,८१०.३६
विरगंज	११७,४९०,१२४.३१	११९,९३६,७१७.५	(२,४४६,५९३.१९)
गौशाला	६,३२२,०१७.०५	५,९५०,१६१.००	३७१,८५६.०५

१०. पेस्की तथा धरौटी

संस्थानले आर्थिक वर्षको अन्तमा पेस्की तथा धरौटीमा रकम रु. २० करोड ०३ लाख ०५ हजार प्रस्तुत गरेकोमा गत विगत वर्षहरूबाट ५ शाखा कार्यालयहरूको पेस्की रु. ३१ लाख ६१ हजार जिम्मेवारी मात्र सर्दै आएको पाइयो । सरकारी कार्यालय तथा निकायहरूको पेस्की रकमको समर्थन पत्र नभएबाट उक्त प्रस्तुत रकम यकिन गर्न सकिएन ।

११. जिन्सी मौज्दात

क. नेपाल लेखामान बमोजिम जिन्सी सम्पत्तिको मूल्यांकन लागत वा खुद प्राप्य मूल्य मध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्यांकन गर्नु पर्ने व्यवस्था भए तापनि संस्थानले जिन्सी मौज्दातको मूल्यांकन खरिद मूल्यका आधारमा गरेको छ।

ख. संस्थानले जिन्सी मौज्दातको भौतिक परीक्षण गर्ने गरे तापनि भौतिक परीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरूलाई हिसाबमा समायोजन गर्नुपर्नेमा सो बमोजिम गर्ने गरेको पाइएन, साथै Non-moving, काम नलाग्ने सामानहरूको उचित समीक्षा गरि वित्तीय विवरणमा समायोजन गर्नुपर्ने देखिन्छ। शाखाहरूमा विभिन्न नगरपालिका तथा उपभोक्ता समितिहरूबाटै समय-समयमा विभिन्न पाइप लगायतका अन्य उपकरणहरू प्राप्त गरिने र जिन्सी विवरणमा बिना दर उल्लेख गर्ने गरिएको पाइयो जसले गर्दा वास्तविक जिन्सी मौज्दात रकम यकिन गर्न सकिएन ।

ग. संस्थानका अधिकांश शाखाहरूमा प्रणाली मर्मतमा सवमरसिवल पम्प/पानेल बोर्डहरू पटक—पटक प्रतिस्थापन भएकोमा पुरानो पम्प जिन्सी खातामा आम्दानी बाँधेको पाइएन र पुरानो सामानहरू सहायेक खातामा राख्ने

गरेको भनिए तापनि सोको अभिलेख प्राप्त हुन सकेन। काम नलाग्ने भई प्रतिस्थापन भएका उक्त मेसिनरी सामानहरू स्थिर सम्पत्तिमा समेत समावेश हुने हुँदा जिन्सी मौज्दात तथा स्थिर सम्पत्तिको यथार्थता यकिन गर्न सकिने अवस्था छैन ।

घ. शाखा कार्यालयको लेखापरीक्षणको त्रममा जिन्सी मौज्दात विवरण र भौतिक परीक्षण प्रतिवेदन अनुसारको कूल जिन्सी रकममा मेल नरहेको उदाहरण भेटियो। जस्तै केन्द्रीय कार्यालयमा जिन्सी मौज्दात विवरण/खर्च ट्रायल ब्यालेन्स अनुसार जिन्सी रकम रू. ९५५,३८७।०२ रहेको छ भने भौतिक परिक्षण प्रतिवेदन अनुसार रू ८,३५,८१७।४२ गरि जम्मा रु १,१९,८६९।६२ फरक रहेको देखियो।

१२. बैंक तथा नगद मौज्दात

क. विगत वर्ष देखि "उपत्यका भित्रका बैंक खाता रकम" मा रु. ३० लाख १८ हजार जिम्मेवारी सार्दै ल्याएकोमा सो को आवश्यक प्रमाण र कागजातहरू उपलब्ध हुन सकेन । बैंक रिकन्शिलेशन स्टेटमेन्टहरु राम्रोसँग तयार नभएका उदाहरणहरू भेटिएका कारण वित्तीय विवरणमा प्रस्तुत गरिएको बैंक मौज्दात यथार्थ परक रहेको यकिन गर्न सकिएन । विगत आ.व. देखि संस्थाको वित्तीय विवरणमा ऋणात्मक मार्गस्थ नगद रु. ८५,००० देखि रहेको छ जस बारे संस्थाबाट केही स्पष्टीकरण नआएकाले नगद मौज्दात यथार्थ परक रहेको यकिन गर्न सकिएन ।

ख. २०८० आषाढ मसान्तमा संस्थानको गौशाला शाखाको नगद मौज्दात रु. ८,२५,८९९।७० ऋणात्मक र राजविराज शाखाको नगद मौज्याद रु. ७,९९८।३१ ऋणात्मक रहेकोले सो मौज्दात के कारणले ऋणात्मक भएको हो भन्ने यकिन हुन सकेन । सर्वमान्य स्वीकार्य लेखा सिद्धान्त अनुसार नगद मौज्दात कहिल्यै ऋणात्मक हुनु हुँदैन ।

ग. नेपाल सरकारले श्रोतको अभावमा १३ प्रतिशत सम्म व्याज दरमा टेजरी बिल लगायतमा आन्तरिक ऋण लिएको छ भने सरकारी संस्थाहरूले स्थापनाको उदेश्य अनुसार बैकमा रकम निष्कृय राख्दा न्यून ब्याज आर्जन भएको अवस्था छ । यो संस्थानको हकमा कार्य योजना विश्लेषण गरी बाँकी रहने रकमलाई सुरक्षित एवं बढी प्रतिफल दिने गरी आय आर्जन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

घ. पोखरा शाखा अन्तर्गत अनलाइन भुक्तानी दाखिला हुन बाँकी भनि रु. १,७६७,८८५।६० को विवरणमा उल्लेख गरि हिसाब भिडान तथा रिकन्सीलासनको विस्तृत विवरण उपलब्ध नभएको एवम् पछि दाखिला भएको प्रमाण लेखापरीक्षणको त्रममा उपलब्ध हुन सकेन।

१३. आयकर तथा आयकरको परिपालना

संस्थानले आयकर ऐन, २०५८ को दफा ९६ ले व्यवस्था गरे बमोजिम आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गर्नु पर्ने व्यवस्था भएतापनि संस्थानले हालसम्म कुनै पनि आर्थिक वर्षको आय विवरण पेश गरेको पाइएन । संस्थानको हिसाबमा चालु सम्पत्ति शीर्षक अन्तर्गत अग्रिम आयकर शीर्षकमा रु. १५ करोड ३४ लाख ६० हजार देखाएको मध्ये यस वर्षको मात्रै रु. ४,५७,२१,९९८ अग्रिम आयकर कट्टी भएतापनि संस्थाको आन्तरिक राजस्व कार्यालयबाट प्राप्त अनुसूची १० को विवरण अनुसार आ.व. २०७९/८० को अग्रिम आयकर मात्र रु. ३,११,९२,९५२ दाखिला भएको देखिन्छ र बाँकी रकमलाई पुष्टि गर्ने कर दाखिला रसिद तथा प्रमाणहरू केही पनि उपलब्ध नभएकोले सो रकम संस्थाले तिर्नुपर्ने आयकर दायित्वमा मिलान गर्न सकिने आधार देखिएन । संस्थानले विगत वर्ष देखि आयकर ऐन बमोजिम आय विवरण दाखिला गरेको छैन भने नेपाल लेखामान बमोजिम स्थगन कर (Deferred Tax Asset/Liabilities) गणना समेत गरेको छैन ।

१४. मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम

मात्र भुक्तानी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा यस आर्थिक वर्षमा उक्त व्यवस्थाको पूर्ण रूपमा पालना भएको देखिएन ।

१५. शाखा हस्तान्तरण

संस्थानको संचालक समितिको २०७७।०५।१९ मा बसेको बैठक नं. ४३३ अनुसार धरान शाखाको मूल्यांकित सम्पत्ति बराबरको रकम नेपाल सरकारको ऋणबाट कट्टा हुने गरी हस्तान्तरण गर्ने निर्णय गरेको देखिन्छ । धरान शाखा मिति २०७७।११।१६ मा स्थानिय व्यवस्थापन बोर्डमा हस्तान्तरित भएता पनि ने.वि.प्र.मा. मा आ.व. ७९।८० को वित्तिय विवरण तयार गर्दा संस्थानले धरान शाखाका भुमि, भवन, वेल, विद्युतिय उपकरण र अन्य सम्पत्तिको निषर्गको कुनै पनि भौचर नउठाई सिधै वासलातमा सो सम्पत्ति हटाएको पाइयो । आ.व. ७८।७९ को लेखापरीक्षण प्रतिवेदन अनुसार हस्तान्तरण गर्दा उक्ता शाखाको कुल सम्पतिको रु. १,१२९,२२३,६२६।११ मुल्यांकन गरेको देखिन्छ ।

विगतका वर्षमा संस्थानको स्वामित्वमा रहेका हेटौंडा र भरतपुर शाखा, खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको भएतापनि सो शाखा अन्तर्गतका सम्पत्ति तथा दायित्वहरू घथ आ.व. ७८।८९ सम्म नेपाल खानेपानी संस्थानको वित्तीय विवरणमा प्रस्तुत भइ आएकोमा ने.वि.प्र.मा. मा आ.व. ७९।८० को वित्तिय विवरण तयार गर्दा संस्थानले उक्त शाखाहरुका भुमि, भवन, वेल, विद्युतिय उपकरण र अन्य सम्पत्तिको निषर्गको कुनै पनि भौचर नउठाई सिधै वासलातमा सो सम्पत्ति हटाएको पाइयो । हेटौंडा र भरतपुर शाखाको सम्पत्ति क्रमशः रु. १६,११,३०,०९९।३५ र रु. २०,४६,६३,८३३।१२ हुने देखिन्छ । लेखामा भौचर नबनाई सम्पत्तिको निषर्गबाट संस्थानको वित्तीय विवरणले उचित एवं यथार्थ वित्तीय स्थिति चित्रण नगर्ने देखिन्छ।

साथै, गौशाला नगरपालिका वडा नं ११ लक्ष्मीनियाँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट संचालनमा रहेको लक्ष्मीनियाँ खानेपानी आयोजना र गौशाला नगरपालिका वडा नं १ रामनगर खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट संचालनमा रहेको रामनगर खानेपानी आयोजना नेपाल खानेपानी संस्थानलाई २०७९।१०।०३ देखि लागु हुने गरी हस्तान्तरण छुट्टाछुटै सम्झौता गरेको पाइयो । सम्झौतामा उपरोक्त उपभोक्ता समितिका सम्पूर्ण सम्पत्ति तथा दायित्व नेपाल खानेपानी संस्थानले भोगचलन गर्ने व्यहोरा छ । नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ५ बमोजिम रहि सो परियोजना तथा शाखासँग सम्बन्धित सम्पत्ति तथा दायित्वको उचित मूल्यांकन गर्न का साथै वित्तीय विवरणमा समायोजन गरि अद्यावधिक गरेको देखिएन। लक्ष्मीनियाँ खानेपानी आयोजना तर्फ सार्वजनिक धारा १ वटा र नीजि धारा १४२१ वटा हस्तान्तरित भइ आएकोमा साविकमा उक्त समितिले नयाँ धारा जडान गर्दा धरौटी रु. १००० लिने गरेकोमा १४२१ धाराहरुको हुने रु. १४,२२१,००० संस्थानमा रकामान्तर नभएकोले सो धारा धरौटी दायित्व संस्थानले व्यहोर्नुपर्ने वा नपर्ने यकिन हुन सकेन । साविकको समितिमा रु. १५०,००० बैंक मौज्याद रहेता पनि कुनै पनि रकम संस्थानलाई रकामान्तर भएको छैन । संस्थानलाई हस्तान्तरण हुनुपूर्वको पुस मसान्त सम्मको विद्युत महाशुल बक्यौता रु. ६८६,६८७.५० र सोको जरिवाना रु. १८२,२००.२७ गरी कुल रु. ८६८,८८७.७७ हस्तान्तरण हुदाको समयमा दायित्व लेखांकन नगरी सिधै खर्च लेखांकन गरेबाट लेखाको सर्वमान्य सिद्धान्त अनुरुप रहेको छैन । त्यस्तै, रामनगर खानेपानी आयोजना तर्फ १०५६ वटा धारा हस्तान्तरित हस्तान्तरित भइ आएकोमा साविकमा उक्त समितिले नयाँ धारा जडान गर्दा धरौटी रु. २७५० लिने गरेकोमा १०५६ धाराहरुको हुने रु. २९,०४,००० संस्थानमा रकामान्तर नभएकोले सो धारा धरौटी दायित्व संस्थानले व्यहोर्नुपर्ने वा नपर्ने यकिन हुन सकेन । साविकको समितिमा रु. ७००,००० बैंक मौज्याद रहेता पनि कुनै पनि रकम संस्थानलाई रकामान्तर भएको छैन । नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ५.१.६ बमोजिम दुवै आयोजना हस्तान्तरण गरी लिने र सेवा प्रवाह गर्नेक्रममा नेपाल सरकारको निर्णय संलग्न रहेको छैन।

१६. महसुल तथा अन्य आम्दानी

संस्थाले यस आ.व. मा महसुल तथा अन्य आम्दानी तर्फ रु. १ अर्व १० करोड ११ लाख ९ हजार प्रस्तुत गरेको छ। नेपाल खानेपानी संस्थान ऐन,२०४६" मा उल्लेख गरिए तापनि ऐन बमोजिम काम कर्तव्यहरू, जस्तै संस्थानले खानेपानी योजना का अनुसार अनुवाद गर्ने, कार्यान्वयन ग र्ने, सेवा प्रदान गर्ने, सेवा शुल्क र महसुल वस्तुको वसुली

गर्ने, खानेपानी र ढल निकासको सुविधा प्रदान गर्ने, संस्थानले आफ्नो सञ्चालन खर्च स्वयं भुक्तान गर्ने, सेवा प्रदायकले उपभोक्तासँग महसुल निर्धारण गर्ने आयोग गठन गर्ने व्यवस्था रहेको, त्यस्तै खानेपानी र सरसफाइको सम्बन्धमा नेपाल सरकारको नीति, विदेशी मुद्राको विनिमय दर र अन्य विषयहरूको आधारमा महसुल निर्धारण गर्ने व्यवस्था, गरिएको पाइएन । तसर्थ संस्थानले "नेपाल खानेपानी संस्थान ऐन" मा भएका व्यवस्थाको अनुसार महसुल प्रस्ताव पेश गर्ने गरेको देखिएन ।

१७. खरिद व्यवस्थापन

संस्थानले खरिद ऐन र नियमावली बमोजिम खरिदको गुरु योजना र खरिद योजना तयार गरेको पाइएन। लागत अनुमान तयारीमा प्रभावकारी अनुगमन, गुणस्तर नियन्त्रण, मूल्य र मात्राको मूल्यांकन नभएको पाइयो। विस्तृत लागत अनुमान तयार गर्न प्राविधिक नर्म्स (Norms) तयार गर्ने आवश्यकता देखिन्छ। शाखागत प्रतिवेदनमा लागत अनुमान र वास्तविक स्थितिमा फरक आएकाले र शीर्षगत बजेटमा फरक देखिएका उदाहरणहरूले प्राविधिक स्वीकृति र उचित अनुगमनको आवश्यकता देखिन्छ। यसरी बजेट र वास्तविकमा फरक आएको पुष्टि भएपछि लागत अनुमान परिमार्जन गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ।

संस्थानले सार्वजनिक खरिद ऐन तथा नियमावली को पालनामा कडाई का साथै अन्तरिक नियन्त्रण सुढृद बनाउन आवश्यक प्रशिक्षण दिनुपर्ने देखिन्छ । संस्थानको बजेटको अख्तियारी बमोजिम सो को सहि सदुपयोग भए नभएको उचित अनुगमन गर्नका साथै खरिद प्रकृयाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भएको नभएको पुष्टि गर्नुपर्ने देखिन्छ। लेखापरिक्षणको क्रममा खरिद ऐन तथा नियमावली पालना नगरेको, एउटा परियोजना तथा कार्य टुक्राई गराउने, काम लाग्ने जिन्सी र सामानहरुको लेखाजोखा नगरि लागत अनुमान गर्ने, शाखाहरुले मौजुदा सूची तयार नगरेको, लागत व्यवस्थापन प्रभावकारी नभएको, कार्य सम्पन्न लागत अनुमान र सम्झौता (बोलपत्रदाता) सँग मेल नखाने, थोक वा दरभाउ/बोलपत्र बाट खरिद नगरि फुटकर खरिद गर्ने, बोलपत्रदाताको प्राविधिक क्षमता गणना नगर्ने आदि जस्ता कार्यहरुले कुल लागत बढाउनका साथै खर्चमा मितव्ययिता नरहने देखिन्छ।

वितरण प्रणाली मर्मत सुधार खर्चमा यस आ.व. रु. ११.३९ करोड (आ.व. २०७८/७९ मा रु. ९.२५ करोड र आ.व. २०७७/७८ मा रु. ९.२० करोड) खर्च देखिएको सम्बन्धमा विस्तृत कार्यविधि बनाई खर्च गर्ने गरेमा संस्थानको खर्च व्यवस्थापनमा मितव्ययीता आउन सक्ने देखिएकाले व्यवस्थापनको आवश्यक कार्यार्थ पुनः ध्यानाकर्षण गरिन्छ ।

१८. पूरानो करार अन्त्य नगरी नयाँ करार गरेको

शाखा कार्यालय नेपालगंजले डुडुवा खोलामा ट्रसब्रिज निर्माण गर्न मिति २०७६।०३।१५ मा रु. ५३,४९,८८२.८० को कार्यादेश दिएको देखिन्छ । उक्त कार्यको अवधि म्याद थप समेत २०८०।१२।३० रहेकोमा शाखा कार्यालयले ठेक्का नतोडी २०७७।१०।२५ मा उक्त कार्यको लागि रु १,५१,३४,५३५.१६ को नयाँ लागत अनुमान स्वीकृत गरी २०७८।०३।०४ मा रु. १,१३,३९,६३१.४६ को नया करार भएको पाइयो। ट्रसब्रिज निर्माणको २०८०।०३।२६ को कार्य सम्पन्न प्रमाण पत्र अनुसार ठेकेदारलाई रु. १,०६,३३,०८३.१२ भुक्तानी भएको र स्टोर तर्फ रु. १४१,१७७.६० खर्च भई कुल रु. १,०७,७४,२६०.७२ खर्च भएको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ऐनको दफा ५९(३)ख अनुसार खरिद समझौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणवाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च वापत निजले व्यहोर्नै पर्ने दायित्वको व्यवस्था छ । पूरानो सम्झौता अन्त्य नगरी नयाँ करार गरेको कारण शाखा कार्यालयले ऐनको पालना नगरेको पाइयो ।

१९. पोखरा ओभरहेड पानी टंकी

जापान सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको पोखरा खानेपानी सुधार आयोजनाको पोखरा महानगरपालिका १५ कोलपाटन स्थित २००० घनमिटर क्षमताको ओभरहेड पानी टंकीको जमिनको सतहदेखि २० (बीस) मिटरसम्मको कार्य सम्पन्न भएको अवस्थामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाईले संस्थानको पोखरा शाखालाई उक्त ओभरहेड पानी टंकी निर्माणस्थल क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको Obstacle

Limitation Surface भित्र परेको र सो ओभरहेड पानी टंकी Obstacle हुने स्थलगत निरीक्षणमा देखिएकोले निर्माण कार्य रोक्न अनुरोध गरेको थियो । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाईबाट सो संरचना Obstacle हुने भएकोले जमिनको सतहबाट अधिकतम उँचाइ १५.५७ मिटर नबढ्ने गरी निर्माण गर्न सकिने लेखी आएको थियो । तत्पश्चात् उक्त संरचना डिजाइन अनुसारको उँचाइमा निर्माण अघि बढाउन स्वीकृतिको लागी अनुरोध गरिएकोमा प्राधिकरणले जमिनको सतहबाट अधिकतम उँचाइ १५.५७ मिटर नबढ्ने गरी निर्माण गर्न सहमति दिएको भएता पनि हाल सम्म पुरानो संरचनाको उचाइ घटाउने र मापदण्ड अनुसार निर्माण गर्न कुनै कार्य भएको देखिएन ।

उक्त परियोजनाको परामर्शदाता याचिको इनजिनियरिङ्ग कं लि. को मार्च १९, २०२३ को पत्र अनुसार कोलपाटन ओभरहेड टंकीको ८८% भौतिक प्रगति र वित्तीय प्रगति (काम रोक्का रहेको जुन २०२१ सम्म) १७४.७६८ मिलियन जापानिज यन रहेको देखिन्छ । साथै, खानेपानी मन्त्रालयबाट गठित कार्य दलले मन्त्रालयमा बुझाएको मिति २०७८।११।१८ को प्रतिवेदनमा उक्त संरचना १० मिटर घटाउन करिब ९६ मिलियन जापानिज यन लाग्ने प्रारम्भिक लागत अनुमान तथा आवश्यक थप संरचना बनाउन थप लागत लाग्ने उल्लेख छ । यसरी आयोजनाको योजना निर्माण क्रममा नै Obstacle limit सम्बन्धी यकिन नगरि काम अगाडि बढाएकोले योजना (Plan) तथा निर्माण गर्न स्वीकृति दिने अधिकारीहरूलाई जबाफदेही बनाउनुपर्ने देखिन्छ।

२०. सम्पत्ति कर

नेपाल खानेपानी संस्थान, विराटनगर शाखा कार्यालयको नाममा रहेका विभिन्न स्थानका जग्गाहरुको रजिस्टर हाल सम्म अद्यावधिक गर्न बाँकी नै रहेको देखियो । यस कार्यालयको नाममा रहेका विभिन्न स्थानका सम्पत्तिहरूको सम्पत्ति कर र मालपोत दस्तुर भुक्तानी नगरेको पाईयो। विराटनगर महानगरपालिकाबाट २०७९।०८।१९ मा प्राप्त भएको पत्र अनुसार शाखाले आर्थिक वर्ष २०५७।५८ देखि २०७८।७९ सम्म सम्पत्ति कर र मालपोत दस्तुर भुक्तानी नगरेकोले बक्यौता रु. २,३४,६९,७९१।०० र जरिवाना रु. २३,२८,९८१।०० गरी कुल रु. २,५९,०९,५२९ रकम भुक्तानी गर्नुपर्ने र सो पत्रको आधारमा आ.व. २०७९।८० को सम्पत्तिकर रु. ११०,७५५ थप भुक्तानी गर्नुपर्ने देखिएतापनि संस्थानले उक्त रकमलाई दायित्व लेखांकन गरेको छैन। त्यस्तै, नेपालगंज उपमहानगरपालिकाबाट मिति २०८०।०३।२२ को पत्रानुसार आ.व. २०६९।७० देखि २०७९।८० सम्मको सम्पत्तिकर रु. २७,४४,४०३.१४ भुक्तानी गर्नुपर्ने माग देखिएतापनि संस्थानले उक्त रकमलाई दायित्व लेखांकन गरेको छैन। संस्थानका विभिन्न स्थानमा रहेका घर जग्गाको सम्पत्ति कर र मालपोत दस्तुर मूल्यांकन नभएकोले संस्थानले तिर्नपर्ने दायित्व यकिन हुन सकेन।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान अनुसार गरेका छौं। सोही मान अनुरुप हाम्रा अन्य दायित्व विस्तारमा लेखापरीक्षकको उत्तरदायित्व भनिने खण्डमा प्रस्तुत गरिएको छ। नेपालमा वित्तीय विवरणको लेखापरीक्षकका लागि उपयुक्त नैतिक आवश्यकता अनुसार हामी संस्थान बाट स्वतन्त्र रहेका छौं, तथा यस्तै अन्य आवश्यकता अनुसार आफ्ना जिम्मेवारीहरू पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरू हाम्रो कैफियत सहितको रायको आधार प्रदान गर्न पर्याप्त र उपयुक्त छन् ।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matter)

हाम्रो व्यवसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरू नै लेखापरीक्षणका मुख्य कुराहरू हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matter) छैनन् ।

वित्तीय विवरण उपर व्यवस्थापनको तथा शासकीय व्यवस्था वहन गर्ने अधिकारीको उत्तरदायित्व

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरूप यी वित्तीय विवरण तयारी गर्ने एवम् उचित रूपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभुत रूपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी

रूपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

व्यवस्थापनले संस्थानको खारेजी वा कारोबार बन्द गर्ने मनसाय राखेमा वा यस बाहेकका कुनै वास्तविक विकल्प नरहेको बाहेक वित्तीय विवरणहरू तयार गर्दा अविछिन्न संचालनमा जाने क्षमता मूल्यांकन गर्ने, अविछिन्न संचालन सम्बन्धित खुलासा गर्ने र अविछिन्नताको मान्यता आधारित लेखाङ्कन पद्धति अपनाउन समेत व्यवस्थापन उत्तरदायी हुन्छ।

शासकीय व्यवस्था वहन गर्ने अधिकारी संस्थानको वित्तीय विवरणहरू तयारी गर्ने प्रकृयाको सुपरिवेक्षण तथा अनुगमनको लागि जिम्मेवार हुन्छन् ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरिक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिब आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरिक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सिधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू

क. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधि वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्त्याइएको भन्दा अधिक हुन्छ ।

ख. लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

ग. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

घ. लेखापरीक्षणका क्रममा संस्थाले चालू रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणको आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ । तर भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८१।९।२५ मा पठाइएको छ।**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

गुठी संस्थान (२०७८।७९)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

देशभित्र रहेका राजगुठी, छुट गुठी, निजी गुठीलगायतका सबै गुठीको उचित व्यवस्था गर्ने उद्देश्यले संस्थान ऐन, २०२१ बमोजिम संस्थानको स्थापना भएको हो। संस्थान अन्तर्गत काठमाडौं उपत्यकामा कालमोचन, भद्रकाली, पशुपतिनाथ मन्दिर परिसर, भक्तपुर, ललितपुर, धुलिखेल, जनकपुरधाम, जलेश्वर र वीरगंजमा शाखा रहेका छन्। यसका साथै कुत तथा वाली असुली विभिन्न मालपोत कार्यालयबाट पनि हुने गरेको छ।

१. **आय व्यय विवरण** - संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७९		३२ आषाढ, २०७८	
गत वर्षको जिम्मेवारी		**४,७३,१४,८४**		**४,४२,६७,५१**
आय				
कर्मचारी कल्याण कोष	१,९१		१,३८	
घर जग्गा सापटी कोष	६०,३९		१,४८,८१	
पेन्सन उपदान कोष	१७,७३,६३		५,४३,७५	
अक्षय कोष	६,२०,६८		६,३४,४१	
शाखा आम्दानी	१४,९८,३५		१२,५९,८५	
मालपोत कार्यालय आम्दानी	१,३९,८२		३,४६,२६	
ब्याज	२९,८९,३४		२२,४१,९०	
घर भाडा	२,०९,५२		१,५८,३७	
शाखा निकाशा फिर्ता			२,०१,८९	
अन्य आय			७९,५३	
कुल आय		**५,४६,०८,४८**		**४,९८,८३,६६**
व्यय				
प्रशासनिक खर्च	१३,२७,४०		११,४९,४८	
पर्व पुजा खर्च	११,०२,६२		९,२६,९१	
निर्माण तथा मर्मत संभार	१,३६,७७		१,९१,९४	
विविध खर्च	४५,८२		२६,९५	
कुल खर्च		**(२६,१२,६१)**		**(२२,९५,२८)**
कोष खर्च				
कर्मचारी कल्याण तथा घरजग्गा सापटी कोष	१,५३		१	
पेन्सन उपदान/अक्षय कोष	१,६०,६६		२८	
गुठीकोष अन्य खर्च	६,०४,१८		२,७३,२५	
कुल कोष खर्च		**(७,६६,३७)**		**(२,७३,५४)**
आगामी वर्षको लागि जिम्मेवारी		**५,१२,२९,५०**		**४,७३,१४,८४**
कुल व्यय		**५,४६,०८,४८**		**४,९८,८३,६६**

२. **वित्तीय प्रतिवेदनमान** - सरकारी संस्थानले २०७३।७४ बाट लागू भएको वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। संस्थानले वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार नगरेकोले संस्थानको लेखा मार्गदर्शन परिमार्जन गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

३. **लेखा प्रणाली -** आर्थिक प्रशासन विनियमावली, २०६३ बमोजिम संस्थानले आर्थिक कार्यविधि तयार नगरेको र विनियम ४.१(१) अनुसार लेखा व्यवस्था दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित हुने उल्लेख भएकोमा सम्पत्ति, दायित्व, खर्च तथा आम्दानीको विवरण स्पष्टसँग नराखेको तथा सन्तुलन परीक्षण समेत तयार नगरेकाले दोहोरो लेखा प्रणालीको आधारमा लेखा राखेको छैन। आय तर्फ कुनै आय नगद तथा कुनै प्रोदभावी आधारमा लेखाङ्कन गरिएकाले आम्दानी लेखाङ्कनका आधारमा एकरुपता छैन। विनियोजनतर्फ निकासा दिएको रकमलाई खर्चमा देखाएको र निकासा फिर्तालाई आम्दानी देखाएकाले लेखाको सर्वमान्य सिद्धान्त अनुसार खर्च लेखेको पाइयो। हिसाब मिलान नभएको रकमलाई स्रोत नखुलेको आय भनी देखाएको छ।

संस्थानले पुँजीगत खर्चलाई सञ्चालन खर्चमा र पेश्कीलाई पेश्की फछ्यौंट नहुँदै खर्चमा समावेश गरेकाले पुँजीगत खर्च तथा सञ्चालन खर्च यथार्थपरक छैन। मातहतमा रहेका स्थिर सम्पत्तिलाई एकीकृत गरी अभिलेख नराखेको तथा वासलातसमेत तयार गरेको छैन।

४. **मालपोतबाट प्राप्त आम्दानी -** विभिन्न मालपोत कार्यालयबाट गुठी जग्गाहरूमा लाग्ने मालपोत र कुतवाली असुली रकम प्राप्त गरेतापनि सम्बन्धित मालपोत कार्यालयबाट मास्केवारी, टिप्पणी र बैङ्क दाखिला भौचर लिने गरेको छैन। मालपोत कार्यालयबाट गुठी कुतवाली रकम असुली गर्दा, पछिल्लो पटक तिरेको रसिद उपलब्ध नभएमा वक्यौतामा जरिबाना सहित हिसाब गरिने अभ्यास रहेको र रसिद भिडान नगर्दा कुतबाली र जरिबाना यथार्थपरक भएको भनि विश्वस्त हुने आधार छैन।

५. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को नियम १७(१) बमोजिम संस्थानले आफ्नो अधिकार क्षेत्रभित्रको जग्गा सम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। मुलुकभर ७० जिल्लामा संस्थानको जग्गा रहेको छ। संस्थानसँग जिल्लागत जग्गाको अभिलेख नभएको तथा जग्गाको विवरण अद्यावधिक रहेको छैन। संस्थानले ६८ जिल्लामध्ये पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० विगाह जग्गा गुठीको नाममा रहेको देखाएको छ। विभिन्न सरकारी निकायले प्रयोग गरिआएको जग्गाहरूको स्थान, कित्ता नम्बर तथा क्षेत्रफल तथा आफ्नो स्वामित्वमा रहेको गुठी तैनाथी, गुठी अधिनस्थ, गुठी रैतानी, गुठी नम्बरी र गुठी ऐलानी जग्गाको विस्तृत विवरण साथै मठमन्दिरमा रहेको अमूल्य गरगहना तथा सम्पत्तिको लगत व्यवस्थित रूपमा राखेको छैन। गुठी संस्थानको नाममा रहेका जग्गा तथा सम्पत्तिको अभिलेख र संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

६. **जग्गा अतिक्रमण -** संस्थानको अतिक्रमित जग्गाको सम्वन्धमा रहेका बेहोराहरू निम्नानुसार छन्:

६.१. अतिक्रमित जग्गाको व्यवस्थित अभिलेख नभए तापनि धनुषामा ४३ विगाहा ११ कट्ठा, महोत्तरीमा ९८ विगाहा ८ कट्ठा, बारामा २७ विगाहा, काठमाडौंमा १४ रोपनी, ललितपुरमा १२ रोपनी, पर्सामा ७ विगाहा, भक्तपुरमा २ रोपनी, जनकपुर क्षेत्र विकास परिषद् अन्तर्गतका राम मन्दिर गुठी, लक्ष्मण मन्दिर गुठी, रत्नसागर गुठी, दशरथ मन्दिर गुठी, हनुमान नगर गुठीलगायतका गुठीहरूको विभिन्न १ हजार १८८ कित्ता र दाङको नारायणपुरमा रहेको करिव १५७ रोपनी जग्गा अतिक्रमणमा परेको उल्लेख गरेको छ।

६.२. काठमाडौं महानगरपालिका वडा नं. ७, गुह्येश्वरी स्थित गुह्येश्वरी सिन्दुर चन्दन तैनाथी गुठी जग्गा कि.नं. ८४ को ४-९-२-२ क्षेत्रफल जग्गा अतिक्रमणमा रहेको देखिन्छ। उक्त जग्गाको दुबैतर्फ बाटो बनाइएको, पूर्वतर्फ अतिक्रमण गरी करिव १५/१६ साना ठूला घर (पक्की समेत), टहरा निर्माण गरेको, पश्चिमतर्फ टोल सुधार भवन र खेलमैदान बनाइएको र १-२-०-० रोपनी मात्र सुरक्षित रहेको छ। पछिल्लो पटक अतिक्रमण हटाउन २०७४।१२।१ मा संस्थानले पुनः निर्णय गरे तापनि हटाउन सकेको छैन।

६.३. भण्डारेश्वर गुठीको काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित कि.नं. ९ र १० को क्रमशः ३-२-३-० रोपनी र ५-९-२-१ रोपनी जग्गा अतिक्रमण भएकोमा गुठी जग्गा सन्यासीहरूको समाधीको लागि र पशुपतिमा दैनिक भीमसेनपाती

चढाउनका लागि स्थापना गरिएको संस्थानले जनाएको छ। जग्गाको स्थलगत निरीक्षण गर्दा स्थानीय बासिन्दाहरूले संस्थानको स्वीकृति बेगर जग्गाको बिचबाट मोटरबाटो तथा टहरा बनाई व्यवसाय सञ्चालन गरेको, ग्रील उद्योग समेत सञ्चालन गरेको पाइयो। संस्थानले अतिक्रमण हटाउन पटक पटक पत्राचार गरेतापनि स्थिति यथावत् छ।

६.४. का.म.न.पा.२ (क) कित्ता नं.४१ को टेकु जगन्नाथ मन्दिरको तैनाथी गुठी जग्गा अतिक्रमणमा परेको र संस्थानको स्वीकृति वेगर पुराना सामग्री संकलन गर्ने गरी व्यापारिक प्रयोजनार्थ उपयोग गरेको देखिन्छ। सोही जग्गामा रहेका मन्दिरका सत्तलहरूमा समेत केही परिवार बसोबास गरेको देखिन्छ।

गुठीको जग्गा अतिक्रमण भएको, रैकरमा परिणत भएको, सार्वजनिक बाटोको रूपमा प्रयोग भएको छ। लगत अद्यावधिक गरी अतिक्रमण हटाई जग्गा संरक्षण गर्नुपर्दछ।

७. **कानुनी निरोपण -** संस्थानसँग सम्वन्धित सर्वोच्च अदालतसमेतका ६ अदालतमा २०७७।७८ सम्मका २ हजार १०२ र सो पश्चात्का १२२ समेत २ हजार २२४ मुद्दा फैसला हुन बाँकी छन्। संस्थानसँग भएको लगतअनुसार २०५० सालदेखि बाँकी रहेका मुद्दा फर्स्यौंटको लागि संस्थानले प्रतिरक्षा गर्ने कार्यमा प्रभावकारिता देखाएको छैन। यसबाट संस्थानलाई पर्न सक्ने दायित्व यकिन हुन सकेको छैन।

८. **लगानी नीति -** संस्थानले लगानी नीति तर्जुमा नगरी अक्षय कोषको रु.३ अर्ब २८ करोड तथा पेन्सन कोषको रु.९३ करोड समेत रु.४ अर्ब २१ करोड मुद्दती खातामा राखेको छ। उक्त लगानीको स्थिति र प्रतिफलको विश्लेषण तथा समीक्षा भएको देखिएन। यसले गर्दा सम्भावित प्रतिफल आर्जन तर्फ संस्थान व्यवस्थापनले पर्याप्त ध्यान पुऱ्याएको देखिएन। विगतका वर्षहरू देखि नै संस्थान बचतमा रहेकाले अधिक प्रतिफल आउने सुरक्षित क्षेत्रमा लगानी गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत सहितको राय

हामीले गुठी संस्थानको २०७९ आषाढ मसान्तको आय-व्यय, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक गुठी संस्थानको २०७९ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ। कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **संस्थानको लेखा प्रणालीः** संस्थानको आर्थिक प्रशासन विनियमावली, २०६३ को विनियम ४.१(२) वमोजिम संस्थानले आर्थिक कार्यविधि तयार गरेको छैन। आर्थिक प्रशासन विनियमावली, २०६३ को विनियम ४.१(१) वमोजिम संस्थानको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित हुनेछ भन्ने व्यवस्था रहेकोमा, संस्थानले भौचर तयार गर्दा दोहोरो लेखा प्रणाली अवलम्बन गरेको भएता पनि कतिपय सम्पत्ति, दायित्व, खर्च तथा आम्दानीको विवरण स्पष्टसँग राख्ने नगरेको तथा सन्तुलन परीक्षण तयार नगरेको कारण संस्थानको लेखा ऐन र विनियमावली अनुरुप दोहोरो लेखा प्रणालीको आधारमा राखिएकोमा विश्वस्त हुने आधार देखिएन। गुठी संस्थानको आर्थिक प्रशासन विनियमावली २०६३ मा आम्दानी लेखाङ्कनका आधार किटान गरिएको छैन । साथै आर्थिक विवरणमा आम्दानी लेखाङ्कन आधारमा एकरुपता नभएको पाइयो । आय तर्फ कुनै आय नगद आधारमा तथा कुनै प्रोदभावी आधारमा लेखाङ्कन गरी प्रस्तूत गरिएको छ।

   विनियोजन हिसाब तर्फ निकासा दिएको रकमलाई नै खर्चमा देखाएको छ भने निकासा फिर्ता भएको रकमलाई आम्दानी देखाएको छ। यसले गर्दा असुल उपर हुने वा लेखाको सर्वमान्य सिद्धान्त अनुसार खर्च लेख्न नमिल्ने रकम समेत खर्च लेखेको पाइयो। समयमै बैंक विवरणलिई हिसाब मिलान नभएकोले हिसाब मिलान नभएको रकमलाई स्रोत नखुलेको आय वा अस्पष्ट आम्दानी भनी आयमा देखाएको छ। संस्थानले कतिपय बैंकमा रहेको खाताको बैंक नगदी किताब तयार गर्ने गरेको पाइएन।

२. **आम्दानीः** संस्थानले घर पसल बहाल, तैनाथी जग्गा, बगैचा, पोखरी, आदिको ठेक्का वापत प्राप्त गर्न बांकी रकम दुरुस्त देखिने गरी हिसाव राखेको छैन। संस्थानले समयमा नै बैंक हिसाव मिलान विवरण तयार नगर्ने तथा आवश्यक हिसाव समायोजन नगर्ने तथा कुनै आधार विना श्रोत नखुलेका बैंक दाखिला रकमलाई आर्थिक विवरणमा अस्पष्ट रुपमा आम्दानी गरेको छ। आर्थिक विवरणमा आयको लेखांकनको आधार खुलासा गरेको छैन। यसबाट आर्थिक विवरणमा प्रस्तुत आयले संस्थानको आयको यथार्थ चित्रण गर्नेमा विश्वस्त हुन सकिएन।

३. **स्थिर सम्पत्तीः** संस्थानले आफ्नो स्वामित्वमा भएको जग्गा, भवनहरु, कार्यालय उपकरणहरु तथा अन्य स्थीर चल तथा अचल सम्पत्तीको लगत दुरुस्त तथा अद्यावधिक राखेको छैन। संस्थानले आफ्नो सम्पत्तीको संरक्षण र नियन्त्रणको लागि भौतिक परीक्षण नगरेको तथा संकेत सहितको लगत राखेको छैन।

४. **बक्यौता आम्दानीः** संस्थानको जग्गा संस्थानको स्वीकृतीमा र स्वीकृती बेगर समेत विभिन्न व्यक्ति संघ संस्थाले उपयोग गरेकोमा रकम आ.व. २०७८।७९ सम्म रु.१६,७२,२४,९९,२८५ संस्थानले लिनु पर्ने भनी विवरण तयार गरेको छ। उपरोक्त वांकी बक्यौता रकम संस्थानले सरकारी बांकी सरह सम्वन्धित व्यक्ति र संस्थाका धितो वा अन्य जायजेथा लिलाम विक्री गरी असुल गर्नु पर्दछ।

५. **जग्गाको अतिक्रमणः** गुठी संस्थानको नाममा रहेका अतिक्रमण नहुने गरी कुनै कदम नचालिएको र संस्थानका जग्गाहरु अतिक्रमणको चपेटामा परेता पनि अतिक्रमित जग्गाको एकिकृत तथा अद्यावधिक लगत तयार गरेको छैन।

६. **आम्दानीः** संस्थानले घर पसल बहाल, तैनाथी जग्गा, बगैचा, पोखरी, आदिको ठेक्का वापत प्राप्त गर्न बांकी रकम दुरुस्त देखिने गरी हिसाव राखेको छैन। संस्थानले समयमा नै बैंक हिसाव मिलान विवरण तयार नगर्ने तथा आवश्यक हिसाव समायोजन नगर्ने तथा कुनै आधार विना श्रोत नखुलेका बैंक दाखिला रकमलाई आर्थिक विवरणमा अस्पष्ट आम्दानी गरेको छ। आर्थिक विवरणमा आयको लेखांकनको आधार खुलासा गरेको छैन । यसबाट आर्थिक विवरणमा प्रस्तुत आयले संस्थानको आयको चित्रण गर्नेमा विश्वस्त हुन सकिएन ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ । यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट

होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु निम्नानुसार छन्:

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यान आकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्वन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ:

क) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ख) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

ग) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

घ) माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८२।१।२४ मा पठाइएको छ।**

राष्ट्रिय सहकारी विकास बोर्ड (२०७८।७९)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ का आधारमा राष्ट्रिय स्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरूको विकासमा सघाउने उद्देश्यले बोर्डको स्थापना भएको हो। नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहत रहेको बोर्डले सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमामा सहयोग तथा सहकारी विकास सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने कार्य गर्दै आएको छ।

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०७९		३१ आषाढ २०७८	
कोष तथा दायित्व				
साधारण जगेडा कोष	२४,६६,९१		२६,५१,२९	
पुँजीगत जगेडा कोष	१,१०,३९,७८		१,१०,३९,७८	
सहकारी विकास कोष	१३,४३,१०		१३,१९,८५	
कर्मचारी उपदान कोष	३,०७,५६		३,०८,५१	
कल्याणकारी सापटी कोष	८०,०७		७८,६७	
शंकास्पद हिसाब	३,४७,९५		३,०२,३३	
भुक्तानी दिनुपर्ने संघ संस्था तथा व्यक्ति	९४,२०		९८,७३	
घरभाडा, संघ संस्था धरौटी तथा कर	१,२९,८९		१,१३,३१	
कुल कोष तथा दायित्व		**१,५८,०९,४६**		**१,५९,१२,४७**
सम्पत्ति				
स्थिर सम्पत्ति	१,२८,१७,२२		१,२९,१०,६०	
ऋण लगानी	१०,१३,४३		१०,५२,६२	
सेयर लगानी	७०,४८		७०,४८	
पाउनु पर्ने हिसाब	५,७०,४९		५,५२,३७	
बैङ्क मौज्दात	१३,३७,८४		१३,२६,४०	
कुल सम्पत्ति		**१,५८,०९,४६**		**१,५९,१२,४७**

२. **सञ्चालन नतिजा** - बोर्डको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७८।७९		२०७७।७८	
आय				
अनुदान प्राप्त	३०,९९		४,६०,७२	
घरभाडा	२,९१,९७		३,६२,४५	
व्याज	१०,४४		५,१०	
गौशाला	८४,१३		८४,२९	
विविध	८६		६,६३	
कुल आय		**४,१८,३९**		**९,१९,१९**
व्यय				
कर्मचारी तथा पदाधिकारी तलब तथा भत्ता	१,६१,२०		२,३०,२५	
कार्यालय सञ्चालन खर्च	२,५०,३३		३,१०,९९	
कार्यक्रम खर्च	१,६७,६७		२,०४,८४	

कुल व्यय		५,७९,२०		७,४६,०८
नाफा/(नोक्सान)		(१,६०,८१)		१,७३,११

बोर्ड गत वर्ष रु.१ करोड ७३ लाख ११ हजार सञ्चालन नाफामा रहेकोमा यो वर्ष रु.१ करोड ६० लाख ८१ हजार सञ्चालन घाटामा रहेको देखिन्छ।

३. **आयकर छुट** - आयकर ऐन, २०५८ अनुसार कुनै पनि संस्था आयकर मुक्त हुन आन्तरिक राजस्व कार्यालयबाट आयकर छुट प्रमाणपत्र लिनुपर्ने व्यवस्था छ। बोर्डले वित्तीय विवरणमा आयकर व्यवस्था नगरेको र हालसम्म आय विवरण पेस गरेको छैन। आयकर छुट प्रमाणपत्र प्राप्त नगरेको अवस्थामा कर दाखिला गर्नुपर्दछ।

४. **भरतपुर बसपार्क** - बोर्डको २०६०।८।२३ को निर्णयअनुसार भरतपुर नगरपालिकालाई बोर्डको स्वामित्वमा रहेको भरतपुर नगरपालिका वडा नम्वर ९ स्थित कित्ता नम्वर २४३६ को ४ बिगाहा ९ कट्ठा ११ धुर जग्गा एवं नगरपालिकाको स्वामित्वमा रहेको जग्गा समेत ७ विघा ९ कट्ठा ११ धुर जग्गामा बसपार्क टर्मिनल निर्माण गर्न नगरपालिकासँग २०६०।११।१५ मा सम्झौता भएको देखिन्छ। सम्झौताअनुसार भरतपुर नगरपालिकाको खर्चमा बसपार्क निमार्ण गरी बसपार्क सञ्चालन भए पश्चात् उक्त खर्च बापतको साँवा ब्याज र व्यवस्थापन खर्च समेत कटाई बचत रकममा दुबै पक्षको सेयरको अनुपातमा हिस्सा हुने र कम्पनी ऐन अनुसार बसपार्क सञ्चालन पश्चात् करार स्वतः रद्द हुने उल्लेख छ। तर सम्झौता अनुसार बसपार्कको आम्दानी खर्च तथा हक हिस्साको विवरण प्राप्त नभएकाले बोर्डको हिस्सा खुलाउन नसकिएको बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत छ।

भरतपुर नगरपालिकाको २०६६।१२।१५ को पत्रबाट बस टर्मिनल सम्पन्न भएकोमा बाँकी जग्गाको सम्पूर्ण आम्दानी नगरपालिकाले गर्ने गरी खाली भागमा यातायात व्यवसायसँग सम्वन्धित र थोक तरकारी तथा फलफूल बजार निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिएको छ। टर्मिनल र नारायणगढ बसपार्क व्यवस्थापनको लागि निजी क्षेत्रलाई सहभागी गराउने निर्णय गरी २०७५।७६ देखि ३ वर्षका लागि एक निर्माण व्यवसायीको रु.१० करोड ५ लाख स्वीकृत गरी आशयको सूचना प्रकाशन गरेको तर सम्झौता नहुँदा बोर्डलाई आम्दानी प्राप्त भएको छैन। बोर्डको नाममा बसपार्कको सेयर प्राप्त हुनुपर्ने र बजार क्षेत्रबाट प्राप्त हुनुपर्ने रकम असुल गर्नुपर्ने बेहोरा विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

५. **सेयर लगानी** - बोर्डको कुल सेयर लगानी रु.७० लाख ४८ हजार रहेको छ। सेयर लगानी गरिएका संस्थाबाट लाभांश प्राप्त नभएकोले उक्त संस्थाहरू सञ्चालनमा रहे नरहेको यकिन गरी बोर्डका तर्फबाट सञ्चालकको प्रतिनिधित्व गराई बोर्डको हक हित कायम राख्नुपर्ने देखिन्छ।

६. **कोष परिचालन** - बोर्डले २०७६।३।३० देखि कर्जा प्रवाह नगरेको तर पुरानो कर्जाहरूको साँवा र ब्याज नउठेकाले कर्जाको जोखिम उच्च छ। कर्जा प्रवाह पूर्व सहकारी संस्थाको वित्तीय अनुपातको विश्लेषण नगरेको, समयमा उठाउन पहल नगरेको तथा असुल गर्ने सम्बन्धमा कानुनी व्यवस्था नभएकोले २०७९।२।१८ को सहकारी विकास कोष, कार्य सञ्चालन कार्यविधि मस्यौदा समितिको बैठकले ऋण लगानी तथा असुली कार्यविधि, २०७९ को मस्यौदा सहितको प्रतिवेदन बोर्ड समक्ष पेस गरेको भए तापनि लेखापरीक्षण अवधिसम्म पारित भएको देखिएन।

७. **कर्जा लगानी** - बोर्डको लगानी गत वर्षसम्म रु.१० करोड ५३ लाख रहेकोमा यो वर्ष रु.४० लाखले न्यून भई रु.१० करोड १३ लाख रहेको छ। ऋण चुक्ता गर्नुपर्ने अवधि २०५९ श्रावण देखि २०७४ मंसिरसम्म रहेका

६ संस्थामा साँवा रु.५ करोड २४ लाख र ब्याज रु.३ करोड २ लाखसमेत उठाउनुपर्ने रु.८ करोड २६ लाख जोखिममा रहेको छ। साथै २०७९ आषाढ मसान्तसम्म ऋण चुक्ता गर्नुपर्ने भाखा नाघेका १९ संस्थाको साँवा रु.५ करोड ७८ लाख र ब्याज रु.३ करोड २७ लाखसमेत रु.९ करोड ५ लाख रहेकोमा असुलीको ठोस पहल गरेको देखिएन।

८. **निगौल गाई गौशाला -** यो वर्ष निगौल गाई गौशाला परियोजनामा रु.१ करोड ३३ लाख ५९ हजार खर्च भएको छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०६७।०२।१८ को निर्णयअनुसार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयमा स्वामित्व रहने गरी निगौल गाई गौशाला अन्तर्गतका सम्पूर्ण चलअचल सम्पत्ति हस्तान्तरण एवम् उक्त गौशालामा रहने गाई (गाई, गोरु, बाछा, बाछी) को वध नहुने सर्तमा सञ्चालनको जिम्मा बोर्डलाई दिइएकोमा सञ्चालन एवं व्यवस्थापन निर्देशिकाको व्यवस्था भएको देखिएन। सञ्चालन नतिजामा गौशालाको रु.८४ लाख आम्दानी उल्लेख गरेता पनि कुल जग्गा तथा भवन यकिन नभएको, सो मध्ये प्रयोग भएको अवस्था, क्षेत्रफलगत आम्दानी, स्वप्रयोग एवं विवादित क्षेत्रफल सहितको लगत विवरण पेस भएन। लगत अद्यावधिक गरी सो क्षेत्रबाट आय प्राप्त गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले राष्ट्रिय सहकारी विकास बोर्डको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको आम्दानी-खर्च हिसाब र आय-व्यय हिसाबको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

यसै साथ संलग्न कैफियत सहितको राय व्यक्त गर्ने आधार शिर्षक अन्तर्गत समावेश भएका विषयवस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिइएको स्पष्टीकरणहरुको आधारमा माथी उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा राष्ट्रिय सहकारी विकास वोर्डको मिति २०७९ आषाढ मसान्तको वित्तिय अवस्था, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको आम्दानी-खर्च हिसाब र आय-व्यय हिसाबले प्रचलित कानुन तथा व्यवस्था बमोजिम समग्रमा यथार्थ र उचित चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१) **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाले २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदनमान लागु गरेको छ । यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

२) **कर्मचारी उपदान कोषः** बोर्डको कर्मचारी प्रशासन विनियमवली, २०५० को विनियम ६४(१) अनुसार बोर्डको सेवामा नियुक्त भई पाँच वर्ष वा सो भन्दा बढी अबधी सेवा गर्ने कर्मचारीले भविष्यमा बोर्डको सेवाको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी सेवा वा पदबाट अलग भएमा बाहेक अन्य कुनै पनि कारणबाट सेवाबाट अलग भएमा पाँच वर्षदेखि दश वर्ष सेवा गरेका कर्मचारीले आफुले काम गरेको अवधिको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब, दश वर्ष देखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको अवधिको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब, पन्ध्र वर्ष देखि बीस वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको अवधिको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब र बीस वर्षभन्दा बढि जतिसुकै अवधिसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको अवधिको प्रत्येक वर्षको निमित्त आखिरी अढाई महिनाको तलब रकम उपदान पाउने उल्लेख छ । सो अनुसार उपदान कोषमा

रु.३,१८,९०,५९६/८० संचित भएको हुनु पर्ने देखिन्छ तर रु.३,०७,५५,८०६/२८ मात्र उपदान कोष व्यवस्था रहेकोले रु. ११,३४,७९०/५२ अपुग रहेको छ। कर्मचारी उपदान कोष व्यवस्था दीर्घकालीन सुविधा भएकाले नेपाल लेखामान अनुसार बीमाङ्कीय मुल्याङ्कनको प्रतिवेदन बिना व्यवस्थापनले गरेको कम व्यवस्थाको यथार्थता यकिन हुने सक्ने देखिएन।

३) **भरतपुर बसपार्कः** सहकारी विकास बोर्डको २०६०।८।२३ को निर्णय अनुसार साविक भरतपुर नगरपालिका (हाल भरतपुर महानगरपालिका)लाई बोर्डको स्वामित्वमा रहेको भरतपुर नगरपालिका वडा नम्वर ९ स्थित कित्ता नम्वर २४३६ को ४ बिगाहा ९ कट्ठा ११ धुर जग्गा एवं सो नगरपालिकाको स्वामित्वमा रहेको जग्गा समेत गरी जम्मा ७ विघा ९ कट्ठा ११ धुर जग्गामा बसपार्क टर्मिनल निर्माण गर्न बोर्ड र उक्त नगरपालिका बीच २०६०।११।१५ मा करार भए अनुसार बसपार्क निमार्ण गरी संचालन भएको देखिन्छ । करार अनुसार साविक भरतपुर नगरपालिकाको खर्चमा बसपार्क निमार्ण गरी बसपार्क संचालन भए पश्चात उक्त खर्च वापतको सांवा व्याज र व्यवस्थापनको खर्च समेत कटाई बचत रकममा दुवै पक्षको शेयरको अनुपातमा हिस्सा हुने उल्लेख छ । साथै बसपार्क कम्पनी ऐन अनुसार संचालन गर्ने र त्यसपछि यो करार स्वतः रद्द हुने उल्लेख छ । तर साविक भरतपुर नगरपालिका र बोर्डबिच भएको निर्णयानुसार बसपार्कको आम्दानी खर्च तथा हक हिस्साको विवरण प्राप्त नभएकोले बोंडको हिस्सा खुलाउन सकिएन । उल्लेखित व्यहोरा विगत वर्षमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

साविक भरतपुर नगरपालिकाको च.नं. १४७०६, मिति २०६६।१२।१५ को पत्रबाट नगरपालिकाको वडा नं. ९ स्थित नगरपालिका र राष्ट्रिय सहकारी बोर्डको जग्गामा केन्द्रीय बस टर्मिनल सम्पन्न भईसकेको जानकारी गराईसकेको र बांकी रहेको बोर्डको जग्गामा सम्पुर्ण आम्दानी नगरपालिकाले प्राप्त हुने गरी टर्मिनल संगै रहेको खाली भागमा यातायात व्यवसायसंग सम्वन्धित व्यवसायिक क्रियाकलाप र थोक तरकारी तथा फलफुल बजार (मण्डी) निमार्ण गरी संचालन गर्न स्वीकृति दिएको उल्लेख भएकोमा पुनः मिति २०७५।३।२६ को पत्रबाट हाल उल्लेखित बस टर्मिनल र नारायणगढ बसपार्क संचालन व्यवस्थापनको लागि निजी क्षेत्रलाई सहभागी गराई संचालन गर्ने निर्णयानुसार २०७५।७६ देखि २०७७।७८ सम्म ३ वर्षका लागि न्युनतम अंक रु ७ करोड ९८ लाख मात्र कायम गरी शिलबन्दी बोलपत्र माग गरिए बमोजिम उक्त ठेक्कामा भाग लिने फर्म मध्ये ए. के. इन्टरनेशनल कन्स्ट्रक्सन प्राईभेट लिमिटेडले सबैभन्दा बढी रकम रु.१० करोड ५ लाख कबोल गरेको र निजको बोलपत्र स्वीकृत गरी आशयको सुचना प्रकाशन गरिएतापनि हालसम्म सम्झौता हुनसकेको देखिएन। साथै भरतपुर नगरपालिका तथा बोर्ड बिचको विगतको सम्झौता अनुसार आगामी दिनमा दुबै पक्षको छलफल र सहकार्यमा बस टर्मिनल व्यवस्थित गरिने व्यहोरा उल्लेख छ । बसपार्क संचालन भैसकेतापनि बोर्डलाई कुनै आम्दानी प्राप्त भएको छैन । बोर्डको नाममा बसपार्कको शेयर हिस्सा तथा बसपार्क र थोक तरकारी तथा फलफुल बजार (मन्डी) बाट प्राप्त हुनुपर्ने आम्दानी प्राप्त गर्न गराउन बोर्डका सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । उल्लेखित व्यहोरा विगत वर्षमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

४) **अन्य जग्गाः** कारकांदो ७ नेपालगंज, बाँके स्थित बोर्डको जग्गामा नेपाल खाद्य संस्थानले भवन निर्माण गरेको हुँदा त्यसको सट्टामा जग्गा उपलब्ध गराईदिनका लागि लामो समय देखि खाद्य संस्थानलाई बोर्डबाट बारम्बार पत्राचार गरिएतापनी नेपाल खाद्य संस्थानबाट सट्टा जग्गा उपलब्ध गराउने कार्य गर्न सकेको छैन । बोर्डको स्वामित्वमा चितवनको भरतपुर तथा काठमाण्डौंको भोटाहिटी स्थित रहेको जग्गाहरुको मालपोत तथा घरजग्गा कर भुक्तानी गरी लगत अद्यावधिक गरेको छैन। यसैगरी काठमाण्डौ वडा नं. २४ कि. नं. ११८६ (क्षेत्रफल १—८—२—३) को जग्गाको स्थान र प्रयोगको अवस्था बारे खुल्दैन ।उल्लेखित व्यहोरा विगत वर्षमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

५) **शेयर लगानीः** वर्षान्तमा बोर्डको कुल शेयर लगानी रु. ७० लाख ४८ हजारलाई परल मुल्यमा देखाईएको छ। शेयर वापत लगानी गरिएका संस्थाहरुबाट लाभांश प्राप्त भएको नदेखिएकाले वास्तविक स्थिती पहिचान गरी संचालनमा रहे नरहेको एकिन गर्न तथा शेयर लगानी भएका संस्थाहरुमा बोर्डकातर्फबाट शेयर हक अनुपातमा संचालक प्रतिनिधित्व गराई बोर्डको हक हितका लागि संस्थाका सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

६) **कर्जा लगानीः** गत वर्ष बोर्डको लगानी रु १० करोड ५२ लाख ६१ हजार रहेकोमा यस वर्षान्तमा रु ३९ लाख १८ हजारले न्यून भई रु १० करोड १३ लाख ४३ हजार रहेको छ । कर्जा लगानी वापत कर्जा बर्गीकरण गरी कर्जा जोखिम व्यवस्था कायम गरेको देखिएन । कर्जा स्वीकृती गर्दा धितो सहितको स्वीकृत मुल्याङ्कन रकम उल्लेख गरेको छैन। कर्जा प्रवाह भएका ऋणहरुको धितो सुरक्षण पुनः मुल्याङ्कन गरी धितो नभएकोमा धितो तथा नपुग सम्बन्धमा थप धितो सुरक्षण लिने कार्य गर्नुपर्ने देखिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । यसै प्रतिबेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप बर्णन गरिएको छ । हामीले वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिता अनुसार हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौ । हामीले व्यक्त गर्ने कैफियत सहितको रायका लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौ ।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार र व्यवस्थापन पत्रमा उल्लेख गरेको बाहेक मुख्य लेखापरीक्षणका विषयहरु रहेका छैनन्।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुत हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आकंलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै बोर्डलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो वाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । बोर्डको व्यवस्थापनको लागि उत्तरदायि पक्षले बोर्डको वित्तिय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरणहरु जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य विषयहरु:

१) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३) व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५) व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७) शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८१।४।१३ मा पठाइएको छ।**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपालमा पूर्वाधारहरूको विकास, निर्माण र परामर्श सम्बन्धी कार्यलाई दिगो, सुरक्षित र विश्वसनीय ढङ्गबाट गर्न/गराउन नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०६३ अन्तर्गत यो कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब, जारी पुँजी रु.५ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब रहेकोमा हालसम्म रु.२५ करोड मात्र प्राप्त भएको देखिन्छ। कम्पनीमा हाल ८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति, मेसिन र उपकरण	४९,००		५६,६६	
प्रिपेड, एडभान्स र डिपोजिट	२२,६९,०५		२१,४८,०८	
व्यापारिक र अन्य प्राप्ति	११,५६		७,३४	
नगद र नगद सरहका अन्य सम्पत्ति	२,५४,७९		३,५५,८९	
कुल सम्पत्ति		**२५,८४,४०**		**२५,६७,९७**
सेयर पुँजी	२५,००,००		२५,००,००	
जगेडा तथा बचत	६७,०९		४३,३१	
असुरक्षित ऋण	९,१०		९,१०	
चालु दायित्व	२८		१५	
व्यवस्था	७,९३		१५,४१	
कुल सेयर पुँजी तथा दायित्व		**२५,८४,४०**		**२५,६७,९७**

उपर्युक्त तालिकाअनुसार कम्पनीको रिजर्भ तथा बचत गत वर्ष रु.४३ लाख ३१ हजार रहेकोमा यो वर्ष ५४.९१ प्रतिशतले वृद्धि भई रु.६७ लाख ९ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सेवा शुल्क	२५,७६		३५,७६	
सेवाको लागत	(५५,७७)		(५४,२१)	
कुल नाफा		**(३०,०१)**		**(१८,४५)**
प्रशासनिक खर्च	(४६,८७)		(३९,७२)	
कर्मचारी सुविधा खर्च	(५९,१७)		(१८,३७)	
सञ्चालन नाफा		**(१,३६,०५)**		**(७६,५४)**
ब्याज आम्दानी	१,७९,५३		१,८७,५८	
छुट आम्दानी	-		६	
ह्रास कट्टी	(११,७७)		(१३,४२)	
कुल गैर सञ्चालन आय		**१,६७,७६**		**१,७४,२२**
खुद नाफा		**३१,७१**		**९७,६८**
कर		**(७,९३)**		**(१५,४१)**
खुद नाफा		**२३,७८**		**८२,२७**

उल्लिखित विवरणअनुसार कम्पनीको खुद नाफामा गत वर्षको तुलनामा ७१.१० प्रतिशतले कमी आएको छ। आम्दानीका नयाँ स्रोतहरू पहिचान नभएको तथा सेवाको लागत र सञ्चालन खर्चमा अधिक वृद्धि हुँदा खुद नाफामा प्रभाव परेको देखिन्छ।

३. **बजेट तथा खर्च -** कम्पनीले यो वर्ष चालु खर्चतर्फ रु.१ करोड ८३ लाख ८० हजार तथा पुँजीगत खर्चतर्फ रु.३ करोड ५ लाखसमेत रु.४ करोड ८८ लाख ८० हजार खर्च गर्ने लक्ष्य राखेकोमा चालुतर्फ ६०.६७ प्रतिशत र पुँजीगततर्फ १३.७४ प्रतिशतसमेत समग्रमा ३१.३९ प्रतिशत मात्र खर्च भएको छ। कम्पनीको विगत ३ वर्षको बजेट र खर्चको तुलनात्मक विवरण देहायअनुसार छः

(रु. हजारमा)

आर्थिक वर्ष	बजेट रकम	खर्च रकम	खर्च प्रतिशत
२०७८।७९	२,७८,५०	१,०७,४५	३८.५८
२०७९।८०	३,२५,३०,	१,२६,२८	३८.८२
२०८०।८१	४,८८,८०	१,५३,४२	३१.३९

उल्लिखित विवरणअनुसार कम्पनीको विगत तीन वर्षको बजेट खर्चको प्रगति क्रमशः ३८.५८, ३८.८२ र ३१.३९ प्रतिशत रहेको देखिन्छ। लक्ष्यअनुसार प्रगति हासिल गर्न नसक्नुका कारणहरू पहिचान गरी आवश्यक सुधार गर्नुपर्दछ।

४. **कार्य सञ्चालन -** कम्पनीको प्रबन्धपत्रको बुँदा नं. ४ मा कम्पनीको उद्देश्यमा ईन्जिनियरिङ्ग विषयका क्षेत्रमा सम्भाव्यता अध्ययन, प्लानिङ, डिजाइन, निर्माण तथा सोको व्यवस्थापन सम्बन्धी व्यवसाय सञ्चालन गर्ने, सबै किसिमका ठेक्का व्यवसाय सञ्चालन गर्ने, विभिन्न क्षेत्रबाट आह्वान हुने बोलपत्र, दरभाउपत्रबाट आह्वान हुने निर्माण कार्यहरू गर्ने, व्यवसायी तथा ईन्जिनियरको हैसियतमा व्यवसाय सञ्चालन गर्ने, निर्माण उपकरण खरिद गरी परिचालन गर्ने लगायत रहेका छन्। तथापि कम्पनीले उल्लिखित उद्देश्यहरू हासिल हुने गरी दीर्घकालीन रणनीति तयार गरी कार्य सम्पादन गरेको देखिएन।

कम्पनी स्थापनादेखि यो वर्षसम्म स्वीकृत बजेटअनुसार रु.५ करोड ३ लाख ५४ हजार खर्च भए तापनि मुद्दती निक्षेपबाट रु.४ करोड ३९ लाख ७० हजार ब्याज आम्दानी भएको छ। कम्पनीले संस्थापक सेयरधनीबाट प्राप्त रु.२५ करोड मुद्दती खातामा जम्मा गरी सोको ब्याजबाट व्यवस्थापनका कार्य सञ्चालन गरिरहेको र केही परामर्शका कार्यहरू सरकारी निकायबाट वार्तामार्फत् प्राप्त गरी सो कार्य परामर्शदाताबाट गराउने बाहेक अन्य कार्य गरेको देखिएन। मुद्दती निक्षेपको ब्याज आयका आधारमा संस्था सञ्चालन गर्ने कार्यमा पुनरावलोकन गर्नुपर्दछ।

५. **सञ्चालक समिति -** कम्पनीको नियमावलीको नियम २७ मा ११ जनाको सञ्चालक समिति रहने, जसमध्ये ४ स्वतन्त्र सञ्चालक, ५ सरकारी क्षेत्रका सञ्चालक र २ निजी क्षेत्रका सञ्चालक रहने व्यवस्था छ। कम्पनीले वार्षिक साधारणसभाबाट सरकारी क्षेत्रका ४ जना मात्र सञ्चालक नियुक्त गरेकोले बाँकी ७ सञ्चालक नियुक्त गरी उद्देश्यअनुसारका कार्य अगाडि बढाउनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

राय

हामीले नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ असार मसान्तको वित्तीय स्थितिको विवरण (वासलात), सोही मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादनको विवरण (आय-व्ययको विवरण), नगद प्रवाह तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८१ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधारहरु

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित महालेखापरीक्षका कर्मचारीहरूको आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू देहाय बमोजिम रहेका छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।
२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।
३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरेगराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८१।११।९ मा पठाइएको छ।**

वन तथा वातावरण मन्त्रालय

नेपाल वन निगम (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय वन जङ्गलबाट काठ, दाउरा, सङ्कलन गरी बिक्री वितरण गर्ने उद्देश्यले स्थापना भएको यो निगम साविकको द टिम्बर कर्पोरेशन अफ नेपाल र वन पैदावर विकास समितिलाई गाभेर कम्पनी ऐन, २०६३ अनुसार २०७६।२।२३ देखि सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस निगमको चुक्ता पुँजी रु.११ करोड ६० लाख ८२ हजार रहेको छ। निगम अन्तर्गत ४ शाखा कार्यालय रहेका छन्। निगमको कार्य सञ्चालनको लागि कुल दरबन्दी २४७ रहेकोमा दैनिक ज्यालादारी तथा करारमा ७१ कर्मचारी सहित ९२ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२१,३०,३४		२१,५७,१८	
अमूर्त सम्पत्ति			२५	
स्थगन कर सम्पत्ति	२,७५,२१		५,६४,८८	
कुल गैर चालु सम्पत्ति		**२४,०५,५५**		**२७,२२,३१**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	२,४२,२६		६,८०,६३	
जिन्सी मौज्दात	९,३६,५८		१२,७४,६२	
प्रिपेड र निक्षेप सम्पत्ति	१८,०९,८२		२७,२७,८६	
चालु कर सम्पत्ति	१,९८,६४		१,९६,५१	
कुल चालु सम्पत्ति		**३१,८७,३०**		**४८,७९,६२**
कुल सम्पत्ति		**५५,९२,८५**		**७६,०१,९३**
दायित्व				
चालु दायित्व				
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१,५६,३१		२,२२,१०	
पेस्की तथा निक्षेप	३,२३,७४		३,४५,०७	
व्यवस्था	७,५२,५३		९,३७,३९	
आयकर दायित्व	९,४२		१०,९०	
अन्य चालु दायित्व	१५		१६	
कुल चालु दायित्व		**१२,४२,१५**		**१५,१५,६१**
गैर चालु दायित्व				
व्यवस्था	५,८२,०३		१५,५५,८८	
अन्य दायित्व	३,२२		६,९७	
स्थगन सरकारी अनुदान	१,५८,६३		१,७०,५५	
कुल गैर चालु दायित्व		**७,४३,८८**		**१७,३३,४०**
इक्विटी				
सेयर पुँजी	११,६०,८२		११,६०,८२	
सञ्चित नाफा	७,२१,७३		१४,६७,८३	
जगेडा कोष	१७,२४,२७		१७,२४,२७	
कुल इक्विटी		**३६,०६,८२**		**४३,५२,९२**
कुल इक्विटी तथा दायित्व		**५५,९२,८५**		**७६,०१,९३**

२. **सञ्चालन नतिजा** - निगमको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	९,०५,५८		१७,०३,१४	
बिक्रीको लागत	(१३,६३,०९)		(१३,६५,६७)	
कुल नाफा/(नोक्सान)		**(४,५७,५१)**		**३,३७,४७**
ह्रास कट्टी र अपलेखन खर्च	(३४,८७)		(४०,४९)	
अन्य आम्दानी	२,३७,४३		१९,७६	
कर्मचारी खर्च	(२,५२,८९)		(४,५१,६६)	
अन्य सञ्चालन खर्च	(९७,७५)		(३,८६,५४)	
कुल खर्च		**(१,४८,०८)**		**(८,५८,९३)**
सञ्चालन नाफा/(नोक्सान)		**(६,०५,५९)**		**(५,२१,४६)**
वित्तीय आम्दानी	१,४९,८९		१,७३,५०	
वित्तीय खर्च	(७३)		(८६)	
कुल वित्तीय आम्दानी		**१,४९,१६**		**१,७२,६४**
कर कट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**(४,५६,४३)**		**(३,४८,८२)**
चालु कर खर्च			४३	
स्थगन कर खर्च	२,८९,६७		१,१७,३५	
कुल कर खर्च		**(२,८९,६७)**		**(१,१७,७८)**
खुद नाफा/(नोक्सान)		**(७,४६,१०)**		**(४,६६,६०)**

३. **जिन्सी मौज्दात** - निगमको जिन्सी मौज्दात गत वर्ष रु.१२ करोड ७४ लाख ६२ हजार रहेकोमा यो वर्ष २६.५२ प्रतिशतले घटेर रु.९ करोड ३६ लाख ५७ हजार पुगेको छ। निगमको धनगढी, हेटौंडा र विराटनगर शाखा कार्यालयमा साल एवम् अन्य जातका गोलिया र चिरान समेत ९८ हजार ६८ घनफिट र अनसाइज काठ १ हजार ४४० क्विन्टल देखिएको छ। मौज्दातमा रहेको काठको बिक्री वितरणको व्यवस्था मिलाउनुपर्दछ।

४. **बैङ्क हिसाब** - निगमको स्रेस्ताअनुसार धरौटी तथा अग्रिम भुक्तानीबापत प्राप्त रकम रु.३ करोड ३७ लाख २९ हजार रहेकोमा रु.२५ लाख ७४ हजार मौज्दात रहेकोले रु.३ करोड ११ लाख ५५ हजार घटी रहेको देखियो। घटी रकमको हिसाव मिलान गरेको देखिएन।

५. **सम्पत्ति व्यवस्थापन** - निगमको केन्द्रीय भवन रहेको साविकको द टिम्बर कर्पोरेशन अफ नेपालको नाममा मोही उल्लेख गरी १९ रोपनी जग्गामध्ये करिब २ रोपनी ८ आना जग्गा भोगचलनमा रहेकोमा हालसम्म उक्त जग्गा निगमको नाममा हस्तान्तरण भएको देखिएन। यसैगरी बालकुमारी डिपो रहेको ४ रोपनी १२ आना जग्गाको दक्षिण पट्टिको भाग अतिक्रमणमा परेको देखिन्छ। जग्गाको स्वामित्व सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरी दर्ता गर्ने र अतिक्रमणमा परेको जग्गा संरक्षण गर्नुपर्दछ।

६. **सिजनिङ्ग/ट्रिटमेण्ट प्लान्ट** - निगमको काठ चिरान गरी माग भएअनुसार उपलब्ध गराउने, काठको रासायनिक प्रशोधन तथा सिजनिङ्ग गरी बढी टिकाउ बनाउने, ट्रिटेड काठ उत्पादन, बिक्री वितरण गरी गुणात्मक तथा परिमाणात्मक उपलब्धि हासिल गर्ने र नरम जातको काठलाई टिकाउ बनाई साल काठको विकल्पका रुपमा सदुपयोग गर्नका लागि निगमको चितवनस्थित भरतपुर शाखा कार्यालयको परिसरमा २०७४।७५ मा रु.२ करोड ३२ लाख ७३ हजारमा सिजनिङ्ग-ट्रिटमेण्ट प्लान्ट निर्माण गरी २०७५।१०।२५ सम्म सञ्चालनमा रहेकोमा उक्त प्लान्ट २०७५ फागुनदेखि सञ्चालनमा रहेको देखिएन। निगमले २०७५।१२।१५ मा सोही प्लान्टको लागि चाहिने रु.६२ लाख ४ हजारको कपर क्रोम बर्न भाग २ केमिकल खरिद गरी मौज्दातमा राखेको देखिन्छ। प्लान्ट प्रयोगमा नरहेकोले केमिकल पनि प्रयोगविहीन नै रहेको छ। उक्त प्लान्ट सञ्चालन गरी केमिकल उपयोग गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितका लेखापरीक्षकको राय

हामीले नेपाल वन निगम लिमिटेडको (साविक द टिम्बर कर्पोरेशन अफ नेपाल लि.) यसै साथ संलग्न ३१ असार २०८० को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब तथा अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो राय बुँदा नं. २ मा औल्याईएका विषयले वित्तीय विवरणमा पार्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard) बमोजिम नेपाल वन निगम लिमिटेडको २०८० आषाढ मसान्तको आर्थिक स्थिति तथा उक्त अवधिको आम्दानी र खर्चको विवरण र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर गर्ने व्यहोरा निम्नानुसार छन् :

१. निगमले नेपाल लेखामान १९ (NAS 19) बमोजिम कर्मचारीको विभिन्न दिर्घकालीन दायित्वहरुको Actuarial Valuation गर्नुपर्ने व्यवस्था भएकोमा निगमको कर्मचारीहरुको दिर्घकालीन दायित्वहरुको Actuarial Valuation गराएको पाइएन । निगमले आ.व. को अन्त्यमा कर्मचारी सेवा शर्त विनियमावलीमा भएको व्यवस्था बमोजिम समयावधिलाई गणना गरी दिर्घकालीन दायित्व लेखांकन गर्ने गरेको पाइयो ।

२. निगमको सम्पत्तिको मुल्याकंन नेपाल लेखामान १६ (NAS 16) ले गरेको व्यवस्था बमोजिम पुर्नमुल्याकंन मोडल (Revaluation Model) मा गर्नुपर्ने भएतापनी निगमले जग्गाको लेखाकंन आ.व. २०५८।५९ मा गरेको पुर्नमुल्याकंन रु.१७,२४,२७,२५९ को आधारमा प्रस्तुत गरेको पाइयो । आ.व. २०५८।५९ पछि निगमको जग्गाहरुको पुनर्मूल्याकंन गरेको पाइएन ।

३. निगमको आ. व. २०७९।८० मा जम्मा ३,२३,७४,४७० धरौटी तथा अग्रिम भुक्तानी बापतको रकम तिर्न देखिएता पनि निगमको नाममा संचालनमा रहेको एन.एम.बी (धरौटी खाता) मा २५,७३,८२२।०४ मात्र मौज्दात रहेको देखियो । श्रेस्ता अनुसारको बाँकी रकम अनुसार बैंक खातामा २,९८,००,६४७.८१ को कमि देखिएको छ ।

४. नेपाल सरकारबाट केन्द्रीय भवन भएको जग्गाको लागी टि.सी.एन को नाममा मोही भनि १९ रोपनी जग्गा रहेको जग्गा धनिको प्रमाणपुर्जाको प्रतिलिपि लेखापरीक्षणको लागि उपलब्ध गराइएको तर यथार्थमा टि.सी.एन.को भोग चलनमा करिब २.५ (अनुमानित) रोपनी मात्रै जग्गा रहेको देखिन्छ । उक्त जग्गामा टि.सी.एन. ले कार्यालय भवन निर्माण गरी भोग चलन गर्दै आएतापनि हालसम्म टि.सी.एन.को नाममा कुनै जग्गा नेपाल सरकारबाट हस्तान्तरण नभएको पाइयो ।

५. निगमको वर्षान्तमा असुल गर्न बाँकी कुल पेश्की रु.१८,०९,८२,४३१ मध्ये अन्य पेश्की रु. ४,७०,१०,०७१ को नाम सहितको विवरण भएतापनि सो पेश्की रकम लामो समयदेखि असुल उपर नभएकोले निगमको वास्तविक असुल गर्नुपर्ने रकमको यकिन गर्न सकिएन ।

६. निगममा २४७ कर्मचारीको स्थायी दरबन्दी रहेकोमा कुल २१ जना स्थायी कर्मचारी मात्र कार्यरत रहेको पाइयो । निगमले कार्य सम्पादनको सहजताको लागि कुल ७१ जना दैनिक ज्यालादारी तथा करारका कर्मचारीहरुबाट मुख्य काम तथा जिम्मेबारी दिई शाखा कार्यालय तथा डिपोको जिम्मेबारी दिएको देखिन्छ । निगममा तह ८ देखि ११ औं तहका नायब महाप्रबन्धकको पद खालि रहेको छ । यसरी कुल दरवन्दी बमोजिमको पदपुर्ति नहुँदा निगमको कार्यसम्पादनमा प्रभाव पर्ने देखिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमानको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गरेका छौं । ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरीएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले व्यपवसायिक एकाउन्टेन्टहरुका लागि उल्लेख गरेको वित्तीय विवरणको लेखापरीक्षणसंग

सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्बाह गरेको छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि यथोचित आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणका मुख्य विषयहरु हाम्रो निर्णयमा आधारित विषयहरु हुन् जुन वर्तमान अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सवैभन्दा महत्वपूर्ण छ, जसलाई समग्र रुपमा अन्तिम विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय निर्माण गर्न सम्बोधन गरिएको थियो । हामीले यी विषयहरुमा अलग राय प्रदान गर्दैनौं । संस्थाको लेखापरीक्षणको मुख्य विषयहरु छैन ।

वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजीको कारण त्रुटी रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा सस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने /नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्थाको कारोबारहरु बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रुपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरु सम्पूर्ण वित्तीय विवरणहरु सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आस्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गरी लेखापरीक्षणको प्रतिवेदन जारी गर्नु हो । उचित आस्वासन प्राप्त भएतापनि नेपाल लेखापरिक्षणमान अनुसार लेखापरिक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु ठगी, गल्ती वा जालसाजी निम्तिन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदि प्रयोगकर्ताहरुको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटी बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आस्वासन प्राप्त भएता पनि नेपाल लेखापरिक्षणमान अनुसार लेखापरिक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुको सो गलत वित्तीय विवरणलाई आधार मानी गरेको आर्थिक निर्णयमा प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ ।

लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु

- वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।
- लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिस्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिस्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरुको पालना सम्बन्धी प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं:

- हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौ ।
- यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।
- हामीले लेखापरीक्षण गरेका श्रेताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रुपमा संचालन भएको र संस्थाको अख्तियारीभन्दा बाहिर रहेर गरेको हाम्रो जानकारीमा आएन ।
- संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस निगममा २०८१।९।२५ मा पठाइएको छ।**

शहरी विकास मन्त्रालय

नगर विकास कोष

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नगरको पूर्वाधार विकासमा वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत गठन आदेश, २०४५ बमोजिम नेपाल सरकारको रु.१ करोड २९ लाख सेयर लगानीमा नगर विकास कोषको स्थापना भएकोमा हाल नगर विकास कोष ऐन, २०५३ बमोजिम कार्य गर्दै आएको छ। उक्त नगर विकास कोषले एक स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्थाको रूपमा कार्य गर्दै आएको छ। कोषमा ४६ कर्मचारीको दरबन्दीमध्ये स्थायी २२ र करार समेत ३२ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	७८,६८,६६		१,२३,९०,७९	
नगरपालिकालाई खुद ऋण र पेस्की	१०,०१,९१,९६		१०,१७,४३,१०	
कर्मचारीलाई ऋण र पेस्की	२,०४,५७		२,०५,२९	
लगानी	२,७५,००,००		२,२५,००,००	
चालु कर सम्पत्ति	३५,२६		०	
सम्पत्ति र उपकरण	१४,३४,४०		१४,५६,६६	
अदृश्य सम्पत्ति	५२		१,११	
स्थगन कर सम्पत्ति	१८,४७,२१		१८,९५,०९	
योगदान प्राप्य	१५		१५	
अन्य सम्पत्ति	४६,९४,१०		४,९१,९६	
कुल सम्पत्ति		**१४,३७,७६,८३**		**१४,०६,८४,१५**
दायित्व				
अनुदान पेस्की	३,६१,९३		३,६१,९३	
सापटी दायित्व	७,३४,४५,३५		७,१६,१६,२८	
चालु कर दायित्व	०		२,७६,८५	
अन्य दायित्व	३६,२२		५०,६०	
कुल दायित्व		**७,३८,४३,५०**		**७,२३,०५,६६**
इक्विटी				
सेयर पुँजी	२,७६,२९,८०		२,७६,२९,८०	
रेस्ट्रिक्टेड कोषहरू	२,०६,७१,५०		२,०८,८०,३१	
विशेष जगेडा	१५,५०,५७		१५,२७,४८	
सञ्चित नाफा	२,००,८१,४६		१,८३,४०,९०	
कुल इक्विटी		**६,९९,३३,३३**		**६,८३,७८,४९**
कुल दायित्व र इक्विटी		**१४,३७,७६,८३**		**१४,०६,८४,१५**

२. **सञ्चालन नतिजा -** कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	२०८०।८१		२०७९।८०	
ब्याज आम्दानी	७९,६३,७५		५५,०१,०२	
ब्याज खर्च	१२,८५,२९		८,०७,५८	
खुद ब्याज आम्दानी		**६६,७८,४६**		**४६,९३,४४**
फि र कमिसन आम्दानी	०		०	
फि र कमिसन खर्च	७		८	
खुद कमिशन आम्दानी/(खर्च)		**(७)**		**(८)**
अनुदान आम्दानी	५,९८,८२		७,४२,२२	
अन्य आम्दानी	४०,१०		३२,२५	
कुल आम्दानी		**७३,१७,३१**		**५४,६७,८३**
कर्मचारी खर्च	३,६१,२७		३,८३,७६	
लिज खर्च	३९,२०		३९,२०	
ह्रास र परिशोधन खर्च	२४,६६		४०,२२	
अन्य खर्च	३,६२,२३		३,६४,१२	
अनुदान खर्च	५,९८,८२		७,१५,९२	
कर्जा नोक्सानी व्यवस्था	२८,२५,२८		१४,९५,३६	
कर अघिको नाफा		**३१,०५,८५**		**२४,२९,२५**
आयकर खर्च	१७,५७,७५		७,६२,१५	
खुद नाफा/(नोक्सान)		**१३,४८,१०**		**१६,६७,१०**

कोषको यो वर्ष कर्जा नोक्सानी व्यवस्था गत वर्षको तुलनामा ८८.९४ प्रतिशतले वृद्धि भई रु.२८ करोड २५ लाख २८ हजार रहेको छ। त्यस्तै कोषको अनुदान आम्दानी रु.१ करोड ४३ लाख ४० हजार (१९.३२ प्रतिशत) ले घटेको र ब्याज खर्च रु.४ करोड ७७ लाख ७१ हजार (५९.१५ प्रतिशत) ले वृद्धि भएको छ।

३. **सेयर र ऋण हिसाब** - कोषले यस वर्षसम्म नेपाल सरकार र दातृ निकायसँग ऋण सम्झौता गरी रु.७ अर्ब ३४ करोड ४५ लाख ऋण लिएको देखिन्छ। नेपाल सरकारबाट विगत वर्षदेखि कोषका विभिन्न आयोजनामा सेयर तथा ऋण लगानी गरेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हिसाबसँग कोषको हिसाब फरक देखिएकोमध्ये रु.१ करोड २५ लाख ६२ हजार सञ्चित नाफामा समायोजन र नेपाल सरकारलाई ब्याजबापत रु.१४ करोड ९६ लाख ५५ हजार भुक्तानी गरी रु.१६ करोड २२ लाख १७ हजारको सेयर तथा ऋण हिसाब मिलान गरे तापनि कोषले साना शहरी खानेपानी तथा सरसफाई आयोजना (दोस्रो) अन्तर्गत प्राप्त रकम मन्त्रीपरिषद्को निर्णयअनुसार नेपाल सरकारको सेयर लगानी (इक्विटी) मा परिवर्तन नगरेको कारण रु.२४ करोड ८० लाख ७० हजारको हिसाब मिलान भएको छैन।

४. **ऋण लगानी** - कोषले २०८१ आषाढ मसान्तसम्म नगरपालिकालाई रु.१० अर्ब ७६ करोड ४३ लाख १० हजार, कर्मचारीलाई रु.२ करोड ४ लाख ५७ हजारसमेत रु.१० अर्ब ७८ करोड ४७ लाख ६७ हजारको ऋण प्रवाह गरेको छ। सोमध्ये भाखा नाघेको नगरपालिका तथा खानेपानी उपभोक्ता समितिसँग साँवा रु.७८ करोड ९४ लाख २९ हजार र ब्याज रु.४१ करोड ३८ लाख ६९ हजार रहेको छ। कोषले ऋण लगानी गरेका नगरपालिका तथा उपभोक्ता समितिको ऋण सम्झौता अवधि समाप्त भएपछि सबै ऋण चुक्ता हुनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले नगर विकास कोषको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, कैफियत सहितको रायका आधारहरूमा उल्लेख गरिएका विवरणहरूले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणहरूले कोषको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा/नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही कोषलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभुत रूपमा यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधार

१. कोषले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार लगानी भएका कर्जाहरूको Incurred Loss Model अनुसार क्षयीकरण गणना गरेको छ। यो वर्षसम्म कोषले ऋण तथा सापटीको क्षयीकरणको मूल्याङ्कन गर्दा Incurred Loss Model अनुसार रु.७४,५१,१३,५८३ क्षयीकरणको व्यवस्था गरेको छ। कोषले नेपाल वित्तीय प्रतिवेदनमान-९ अनुरूप Expected Credit Loss Model (ECL) अनुसारको क्षयीकरणको गणना गर्नुपर्दछ ।

२. कोषले सम्बन्धित आयोजनासँग भएको सम्झौता अनुसार सहूलियत अवधि सहित विभिन्न आयोजनालाई ऋण प्रवाह गर्ने गरेकोमा कोषले आयोजनामा सहुलियत अवधिको ब्याज रकम तथा अन्य निर्णय बमोजिमका रकम वार्षिक रूपमा पुँजीकृत गर्ने गरिएको छ । कोषले २०८०।८१ मा २३ आयोजनाको रू.९,७१,५४,४१४ ब्याज पुँजीकृत गरेको छ। कोषले २०८०।८१ मा ६ आयोजनाको ९ वटा ऋण पुनःतालिकीकरण तथा पुनर्संरचना गरेको छ। सो अवधीमा भाखा नाघेको ब्याज रकमको कम्तिमा २५ प्रतिशत असुलउपर गरी ऋण पुनःतालिकीकरण गर्नुपर्नेमा यस वर्षमा खानेपानी उपभोक्ता संस्थामा रू. १,७१,८३,८६१.४२ को भाखा नाघेको ब्याज र रू. १७,२९,६९,१३९.४१ को भाखा नाघेको साँवा पुनःतालिकीकरण गरेको देखियो । ब्याजको पूँजीकरण र ऋणको पुनर्संरचना गर्दा कोषको वित्तीय स्थितिमा प्रभाव पार्न सक्छ।

३. रत्ननगर नगरपालिकामा लगानी भएको BusBays परियोजनाको सडक लेन लगायतका संरचना विस्तारको क्रममा नष्ट भएकोले उक्त BusBays परियोजना हाल संचालनमा रहेको छैन । उक्त परियोजनाको रू.१,३७,९६,२४० साँवा र रू.११,५७,८०८ ब्याज भाखा नाघेको देखिएको छ। उक्त परियोजनाको लगानी जोखिममा परेको छ ।

हामीले लेखापरीक्षण ऐन, २०७५ र नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । यी ऐन/नियम र मान अन्तर्गतका हाम्रा दायित्वहरू यस प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरू हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य मामिलाहरु

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता बेहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन्। सो आधारभूत विषयहरु वित्तीय विवरणको लेखापरीक्षण कार्य र वित्तीय विवरण उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं। लेखापरीक्षण सम्बन्धी मुख्य बेहोराहरू नभएको जानकारी गराउँदछौं।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

सम्बन्धित ऐन/नियम र नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कोषको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रूपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कोषलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कोषको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त रहे नरहेको सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वस्तता प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वस्तता प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरू सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरू वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८२।१।११ मा पठाइएको छ।**

राष्ट्रिय आवास कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

शहरी क्षेत्रमा आवासको लागि परियोजना सञ्चालन गरी योजनाबद्ध बस्ती विकास गर्ने उद्देश्यले कम्पनीको स्थापना भएको हो। नेपाल पुनर्वास कम्पनीको रूपमा स्थापित भई २०२० देखि २०४६ सम्म कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालन गरेको नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको यो कम्पनी २०४६ मा ग्रामीण आवास कम्पनी र २०६९।३।२८ देखि राष्ट्रिय आवास कम्पनी लिमिटेडको रूपमा सञ्चालनमा रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
स्थिर सम्पत्ति	११,८२,२३		१२,०६,७२	
लगानी	१,७४,९१		६,८१,६८	
जम्मा गैर चालु सम्पत्ति		**१३,५७,१४**		**१८,८८,४०**
जग्गा मौज्दात	२,११,१४,६१		२,१०,२९,३२	
जिन्सी मौज्दात	६,१०		७,४६	
आसामी, पेस्की तथा सापटी	३,७७,५३		३,०५,४१	
नगद तथा बैङ्क मौज्दात	१६,५९,४२		१३,२३,६७	
स्थगन कर सम्पत्ति	९७,८०		१,३६,१२	
अग्रिम बिमा खर्च	१५		१,४२	
जम्मा चल सम्पत्ति		**२,३२,५५,६१**		**२,२८,०३,४०**
जम्मा सम्पत्ति		**२,४६,१२,७५**		**२,४६,९१,८०**
सेयर पुँजी	५,२०,००		५,२०,००	
जगेडा तथा मुनाफा	२,३२,४५,१८		२,३१,९३,७१	
जम्मा पुँजी		**२,३७,६५,१८**		**२,३७,१३,७१**
कर्मचारी दायित्व	७०,७८		७०,७८	
जम्मा गैर चालु दायित्व		**७०,७८**		**७०,७८**
व्यापारिक तथा अन्य दायित्व	७,७६,७९		९,०७,३१	
जम्मा चालु दायित्व		**७,७६,७९**		**९,०७,३१**
जम्मा		**२,४६,१२,७५**		**२,४६,९१,८०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	७,४८,३७		९,३४,७१	
बिक्री लागत	(१,१७,८८)		(३,०९,०२)	
कुल मुनाफा		**६,३०,४९**		**६,२५,६९**
अन्य आम्दानी	७९,१४		१,५७,०४	
प्रशासनिक खर्च	६,१९,३९		८,४९,५७	
खुद सञ्चालन नाफा/नोक्सान		**९०,२४**		**(६६,८४)**
आयकर पूर्व नाफा/नोक्सान		**९०,२४**		**(६६,८४)**
स्थगन कर आम्दानी(नोक्सान)	(३८,३२)		(१७,२५)	
खुद नाफा/नोक्सान		**५१,९२**		**(८४,०९)**

उल्लिखित तालिकाअनुसार कम्पनीको गत वर्ष खुद नोक्सानी रु.८४ लाख ९ हजार रहेकोमा यसवर्ष बिक्री लागत तथा प्रशासनिक खर्चमा कमी हुन गई रु.५१ लाख ९२ हजार खुद नाफा रहेको देखिन्छ।

३. **जग्गा अतिक्रमण -** कम्पनीको रु.२ अर्ब ११ करोड १४ लाख ६१ हजारको जग्गा मध्ये कञ्चनपुरको ५ कित्ताको ४२ हजार ८४२ वर्गमिटर, बर्दियाको ५ कित्ताको २९ हजार ३१५ वर्गमिटर, नवलपरासी बर्दघाट सुस्तापूर्वको २ कित्ताको ७ हजार ३६४ वर्गमिटर र झापाको १ कित्ताको २६४ वर्गमिटर समेत ७९ हजार ७८५ वर्गमिटर जग्गा अतिक्रमण भएकोले अतिक्रमित जग्गा संरक्षण गरी सो को मूल्य सहित वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

४. **फरक जग्गा -** कम्पनीको योजना कार्यालय, झापाको जग्गा धनिपुर्जा अनुसार जग्गाको क्षेत्रफल ७१ हजार ९८५.९९ वर्ग मिटर रहेकोमा जग्गा मौज्दात खाता अनुसार ३४ हजार ३७५.१५ वर्गमिटर मात्र रहेकोले ३७ हजार ६१०.८४ वर्गमिटर फरक पर्नुको आधार पेश भएन। योजनाले उक्त जग्गामा पार्क, मन्दिर, शपिंग कम्प्लेक्स, आदि निर्माण गरेको तथा निर्माणका लागि ११ कित्ता जग्गा छुट्याएकोमा उक्त जग्गाको १५ हजार ५६६ वर्गमिटरमा जग्गाधनीपुर्जा अनुसारको जग्गालाई सम्पत्तिमा लेखांकन गरेको छैन। फरक पर्नुको कारण पहिचान गरि जग्गाको क्षेत्रफल यकिन गर्नुपर्दछ।

५. **अनुदान -** नेपाल सरकारले कम्पनीलाई विगतका वर्षहरूमा योजना कार्यालय नवलपरासी, बर्दिया र कंचनपुर अन्तर्गतका विभिन्न स्थानमा प्रदान गरेको जग्गाको मूल्य रु. १ अर्ब ९८ करोड २० लाख रहेकोमा शेयर पुँजी र अनुदान अंश यकिन गरी हिसाव राखेको छैन | उक्त रकम यकिन गरी हिसाव अद्यावधिक गर्नुपर्दछ।

६. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको पूर्ण स्वामित्व रहेका कम्पनीले २०७३।७४ वाट लागु हुने गरी नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय प्रतिवेदन तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गर्नुपर्दछ।

७. **लेखापरीक्षण समिति** - कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसार रु. ३ करोड वा सो भन्दा बढी चुक्ता पुँजी भएको कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको संचालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नु पर्ने व्यवस्था भएकोमा हालसम्म सो समिति गठन गरेको छैन। लेखापरीक्षण समिति गठन गरी यसका कामलाई प्रभावकारी बनाउनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले राष्ट्रिय आवास कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

यसै साथ संलग्न कैफियत सहितको राय व्यक्त गर्ने आधार शीर्षक अन्तर्गत समावेश भएका विषयवस्तुले पार्ने असर वाहेक हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिइएको स्पस्टिकरणहरुको आधारमा माथि उल्लेखित वित्तिय विवरणहरुले सारभूत रुपमा राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हामीले लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयद्वारा जारी गरिएको निर्देशनका आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं। हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको

लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले २०७३।७४ बाट नेपाल सरकारको पूर्ण स्वामित्व रहेका कम्पनीलाई लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको यो वर्षको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **नेपाल सरकारको पुँजी तथा अनुदानः** नेपाल सरकारले कम्पनीलाई आफ्नो उद्देश्य बमोजिम काम गर्ने गरी विगतका वर्षहरुमा विभिन्न स्थानमा जग्गा प्रदान गरेको थियो जसको पुर्नामुल्याङ्कित रकम रु. १,९८,१९,५३,३४८.८९ (योजना कार्यालय नवलपरासी, बर्दिया र कंचनपुर अन्तर्गत) रहेको छ र यो रकम मध्यको कति रकम पुँजीबापत हो र कति रकम अनुदान वापत हो भनि यकिन गर्न सकिएन ।

३. **कर्मचारी पेस्कीः** कम्पनीको आर्थिक विनियमावलीको विनियम १७९ ले कम्पनीको काम काजको निमित्त कर्मचारीद्वारा पेस्की लिन सक्ने व्यवस्था गरेको छ। तर कर्मचारीहरुद्वारा विभिन्न व्यक्तिगत प्रयोजन देखाई ठूलो मात्रामा कम्पनीको रकम विभिन्न समयमा पेस्की स्वरूप लगेको तथा हालसम्म पनि फछ्यौंट नभएको पाइयो। यो वर्षको अन्त्य सम्ममा विभिन्न कर्मचारीहरुले रु.५४,९३,८६७ पेस्की लागेको पाइयो।

४. **कम्पनीको जग्गा अतिक्रमणः** कम्पनीको योजना कार्यालय झापा, नवलपरासी, बर्दिया तथा कंचनपुर अन्तर्गत रहेका जग्गाहरु (जम्मा अन्दाजीः ७९,७८४.८२ वर्ग मि.) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा अतिक्रमणमा परेको पाइयो।

५. **कर्मचारी सुविधा व्यवस्थाः** यस कम्पनीले स्थायी कर्मचारीको उपदान, जीवन वीमा तथा स्थायी एवं अस्थाई कर्मचारीको औषधी उपचार, संचित विधाबापत पाउने रकमबापत २०५६।५७ मा रु.९३,८०,७६०.३५ को व्यवस्था गरेकोमा २०८०।८१ सम्ममा रु.१५,७८,१४६ अवकाश पाएका कर्मचारीलाई भुक्तानी पश्चात बाँकी रहेको रकम रु.७०,७७,८४९.७२ मा विगतका वर्षहरुमा झैं यस वर्षसमेत थप व्यवस्था नगरी बाँकी व्यवस्थालाई जिम्मेवारी सारिएको छ र उक्त व्यवस्था रकम प्रयाप्त रहे वा नरहेको यकिन गर्न सकिएन। कर्मचारी उपदान व्यवस्था दीर्घकालीन दायित्व भएकाले नेपाल लेखमान १९ अनुसार बीमांकीय मूल्यांकन गराई लेखांकन गर्नुपर्नेमा सो नभएको पाइयो।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

खास लेखापरिक्षकीय विषयवस्तुहरू त्यस्ता विषयहरू हुन्, जुन हाम्रो ठहरमा, कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरूलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरूमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हाम्रो यसै प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधारको अनुच्छेदमा उल्लेख गरिएका विषयवस्तु बाहेक अन्य खास विषयवस्तुहरू नरहेको जानकारी गराउन चाहन्छौं।

अन्य विषय (Other Matters)

वित्तीय प्रतिवेदनमा प्रस्तुत गरिएका अथवा खुलासा गरिएका विषयहरू बाहेकका अन्य कुनै विषयहरू यदि लेखापरीक्षकको निष्कर्षमा वित्तीय प्रतिवेदनका प्रयोगकर्तालाई लेखापरीक्षण, लेखापरीक्षकको दायित्व अथवा लेखापरीक्षकको प्रतिवेदनका सम्बन्धमा प्रस्टसँग

बुझ्न महत्वपूर्ण लागेमा लेखापरीक्षकको प्रतिवेदनमा लेखापरीक्षण सम्बन्धित अन्य विषय अनुच्छेदमा समावेश गरिन्छ । त्यस्ता विषयहरु निम्नानुसार रहेका छन्:

- **सम्भावित दायित्वः** कम्पनीका विरुद्धमा देशका विभिन्न अदालतहरू तथा सरकारी निकायमा जग्गा सम्बन्धमा मुद्दा/छानबिन चलिरहेको पाइयो। नेपाल लेखामान ३७ को सिद्धान्त अनुसार कम्पनीका विरुद्ध विभिन्न अदालतमा चलिरहेका मुद्दाका सम्बन्धमा सिर्जना हुन सक्ने सम्भावित दायित्व समेत विस्तृत जानकारी कम्पनीको वार्षिक वित्तीय विवरणको टिप्पणी खण्डमा संलग्न गर्न आवश्यक भएता पनि सो नगरेको पाइयो।
- **सम्बन्धित पक्षसँग कारोबारको खुलासाः** कम्पनीले वार्षिक वित्तीय विवरणको टिप्पणी खण्डमा नेपाल लेखामान २४ को सिद्धान्त अनुसार सम्बन्धित पक्ष साथै महत्वपूर्ण व्यवस्थापन कर्मचारीको पहिचान तथा उक्त पक्षसँग भएको कारोबार र सेवा सुविधा भुक्तानी सम्बन्धमा रकम सहित खुलासा गर्न आवश्यक भएता पनि सो नगरेको पाइयो।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको उत्तरदायित्व

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्। वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरिक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण

प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ङ) माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१।२४ मा पठाइएको छ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय शिक्षा पद्धतिको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको प्रकाशन तथा उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले २०३५।६।८ मा केन्द्रको स्थापना भएकोमा कम्पनी ऐन, २०६३ अनुसार सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको केन्द्र अन्तर्गत ८ शाखा कार्यालय रहेका छन्। केन्द्रको कार्यसञ्चालनका लागि विभिन्न तह र पदका प्राविधिक एवम् अप्राविधिक समूहतर्फ कुल दरवन्दी ४५३ रहेकोमा करारमा ४७ कर्मचारी सहित ४७१ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** केन्द्रको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	८,२९,९२,७०		७,७७,८६,७९	
अमूर्त सम्पत्ति	१४,३४		११,७७	
सेयर लगानी	१,००		१,००	
कुल गैर चालु सम्पत्ति		**८,३०,०८,०४**		**७,७७,९९,५६**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	१,०६,७३,२०		३२,१०,०३	
व्यापारिक प्राप्य रकम	८,०१,८०		१,०५,८४	
नगद तथा बैङ्क मौज्दात	३२,३६,०१		५७,७२,६०	
अन्य वित्तीय सम्पत्ति	६,६५,४७		५,३०,३१	
अग्रिम आयकर	१२,१६,८८		५,९१,९१	
कुल चालु सम्पत्ति		**१,६५,९३,३६**		**१,०२,१०,६९**
कुल सम्पत्ति		**९,९६,०१,४०**		**८,८०,१०,२५**
इक्विटी				
सेयर पुँजी	४५,६३,८१		४५,६३,८०	
सञ्चित नाफा र जगेडा कोष	४,७१,५२,४४		३,९८,०२,३२	
कुल इक्विटी		**५,१७,१६,२५**		**४,४३,६६,१२**
दायित्व				
गैर चालु दायित्व				
ऋण तथा सापटी	१,३३,८२,८७		१,३९,००,००	
कर्मचारी सुविधा दायित्व	८२,२५,७३		७१,९१,१६	
स्थगन अनुदान दायित्व	५,८४,३७		६,१५,५९	
स्थगन कर दायित्व	१,६९,७६,५८		१,५९,६६,७६	
कुल गैर चालु दायित्व		**३,९१,६९,५५**		**३,७६,७३,५१**
चालु दायित्व				
ऋण तथा सापटी	०		५६	
व्यापारिक साहु भुक्तानी गर्नुपर्ने रकम	८,७६,५६		१०,९२,३६	
अन्य वित्तीय दायित्व	३८,४४,५१		३१,६८,४७	
कर्मचारी सुविधा दायित्व	१२,३३,९६		७,८१,१५	
अन्य चालु दायित्व	१०,०२,५२		८,१३,७२	

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
अल्पकालीन व्यवस्था	१७,५८,०५		१,१४,३६	
कुल चालु दायित्व		**८७,१५,६०**		**५९,७०,६२**
कुल इक्विटी तथा दायित्व		**९,९६,०१,४०**		**८,८०,१०,२५**

२. **सञ्चालन नतिजा -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आय	२,६३,६६,७३		२,०६,५०,०१	
अन्य आय	२३,११,८३		९,००,६४	
कुल आय		**२,८६,७८,५६**		**२,१५,५०,६५**
सञ्चालन खर्च	१,३६,२२,७१		१,०६,८१,४२	
कर्मचारी सुविधा खर्च	६१,११,२९		४८,७९,७७	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	१२,९२,६७		१२,७९,८७	
ह्रास खर्च	५९,३७		२,०२,७१	
परिशोधन/क्षयीकरण खर्च	३५		१,५६	
कुल खर्च		**२,१०,८६,३९**		**१,७०,४५,३३**
सञ्चालन नाफा/(नोक्सान)		**७५,९२,१७**		**४५,०५,३२**
वित्तीय खर्च		७,२२,४१		९,९८,४८
कर अघिको नाफा/(नोक्सान)		**६८,६९,७६**		**३५,०६,८४**
चालु कर खर्च	१६,५९,८४			
स्थगन कर खर्च	२,२२,३१		१३,१६,४४	
कुल कर खर्च		**१८,८२,१५**		**१३,१६,४४**
खुद नाफा/(नोक्सान)		**४९,८७,६१**		**२१,९०,४०**

३. **वित्तीय प्रतिवेदन मान -** नेपाल सरकारले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदन मान लागु गर्ने व्यवस्था गरेबमोजिम केन्द्रले नेपाल लेखा मानबमोजिम वित्तीय विवरण तयार गरे तापनि नेपाल लेखामानमा भएका देहायका व्यवस्था पूर्ण रूपमा पालना गरेको देखिएन।

३.१. केन्द्रले लिएको ऋणको ब्याजबापत यो वर्ष रु.७ करोड २२ लाख ४१ हजार खर्च लेखेको छ। उक्त ब्याज खर्चमा केन्द्रको विवरण अनुसार मुद्दती खातामा भएको ब्याज आम्दानी रु.८९ लाख ८५ हजारलाई ब्याज खर्चसँग मिलान गरी खुद ब्याज खर्च प्रस्तुत गरेको छ। ऋण सम्झौताअनुसार ब्याज भुक्तानी गर्ने र ब्याज आय छुट्टै प्रस्तुत गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३.२. केन्द्रले केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयको हिसाब किताब छुट्टाछुट्टै राखी सोको एकीकृत विवरण तयार गर्नुपर्नेमा सबै आय, बजेट, खर्च तथा जिन्सीलाई एउटै खातामा राखेको कारण प्रादेशिक हिसाब मिलान हुन नसकी रु.२ करोड ६ लाख ८९ हजार दायित्व हिसावमा देखाएको छ। उक्त हिसाव मिलान गर्नुपर्दछ।

३.३. केन्द्रले नेपाल सरकारबाट चालु पुँजीको लागि २०७५।७६ सम्म ५ प्रतिशत वार्षिक ब्याजदरले रु.१ अर्ब ३३ करोड ८२ लाख ८७ हजार ऋण लिएकोमा सोको ब्याज रु.३७ करोड ५१ लाख ७६ हजार दिनुपर्ने हिसाबमा खुलासा गरेको छ। केन्द्रले नेपाल लेखामान १ बमोजिम १२ महिनाभित्र भुक्तानी गर्न नसकिने रकम दीर्घकालीन दायित्व अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा चालु दायित्व प्रस्तुत गरेको छ। ऋण सम्झौताबमोजिम साँवा तथा ब्याज रकम भुक्तानी गर्नुपर्दछ।

४. **कर्मचारी सुविधा -** केन्द्रले कर्मचारीको सुविधाको दायित्वबापत २०७९।८० सम्म रु.८२ करोड २५ लाख ७३ हजार व्यवस्था गरेकोमा उक्त रकम सञ्चित भएको देखिने छुट्टै कोष रहेको देखिएन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको शर्तसहित राय

हामीले जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड (यसपछि "केन्द्र" समेत भनिएको) यसै साथ संलग्न २०८० आषाढ ३१ (१६ जुलाई २०२३) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको विस्तृत आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, हाम्रो प्रतिवेदनमा शर्तसहित राय व्यक्त गर्ने आधारको खण्डमा उल्लेख गरिएका बिषयहरुले पार्ने प्रभाव बाहेक यसैसाथ संलग्न केन्द्रको वासलातले वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको विस्तृत आय विवरणले वित्तीय नजिता र नगद प्रवाह विवरणले नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम यथार्थ चित्रण गर्दछ।

शर्तसहित रायका लागि आधार

केन्द्रले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards -NFRS) बमोजिम वित्तीय विवरण तयार गरेको खुलासा गरेको छ । केन्द्रले विवरण तयार गर्द अपनाएको लेखा नीति बमोजिम निम्न बिषयहरु नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गरेको पाइएन ।

१. **प्रादेशिक कार्यालयको हिसाब लेखाङ्कनः** नेपाल लेखामान १ (वित्तीय विवरणको प्रस्तुती) बमोजिम निर्धारित लेखामान ढाँचामा व्याख्या भए बमोजिम सम्पत्ति, दायित्व, खर्च र आयको पहिचान र प्रस्तुती गर्नुपर्नेमा केन्द्रले केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयको हिसाबकिताब छुट्टाछुट्टै राखी सोको एकिकृत विवरण तयार गर्दा प्रादेशिक हिसावमा मिलान हुन नसकेको रकम रु.२ करोड ६ लाख ८९ हजार दायित्व हिसावमा प्रस्तुत गरेको छ । उक्त प्रस्तुतले यो बर्षको विस्तृत आय विवरण र वित्तीय स्थितिले यथार्थता प्रस्तुत गर्न सकेको छैन ।

२. **ब्याज गणना र भुक्तानीः** केन्द्रले दैनिक कारोबार तथा चालु पुँजीका लागि विभिन्न वित्तीय संस्थाबाट ऋण लिई प्रत्येक वर्ष ऋणको साँवा तथा ब्याज रकम भुक्तानी गर्दै आएको अवस्था विद्यमान छ । यो वर्ष मात्र केन्द्रले ऋण लिएबापत सोको ब्याज रु. ७ करोड २२ लाख ४१ हजार खर्च लेखेको छ । उक्त ब्याज खर्चमा केन्द्रको विवरण अनुसार मुद्दती खातामा भएको ब्याज आम्दानी रु. ८९ लाख ८५ हजारलाई ब्याज खर्चसँग मिलान गरी खुद ब्याज खर्च प्रस्तुत गरिएको छ । केन्द्रले ब्याज खर्चको लेखाङ्कन गर्दा स्वयम् गणना नगरी वित्तीय संस्थाले गणना गरेको बैङ्क स्टेटमेन्टका आधारमा भुक्तानी गरेको अवस्था र ब्याज आम्दानीलाई खर्चसंग मिलान गरेको देखिंदा ब्याज आम्दानी तथा खर्च रकमले यथार्थता प्रस्तुत गरेको छैन ।

३. **आम्दानीमा हिसावः** केन्द्रको वित्तीय विवरण बमोजिम अनुसुची-२२ मा प्रस्तुत भए बमोजिम कुल खुद बिक्री आम्दानी रु. २ अर्ब ६३ करोड ६६ लाख ७३ हजार र अनुसुची २३ को अन्य आय अन्तर्गत पुस्तक लिलाम र अन्य बिक्री लगायतको आम्दानी रु. ६ करोड ७२ लाख २७ हजार समेत मुल्य अभिवृद्धि विवरणसँग सम्बन्धित जम्मा आम्दानी रु.२ अर्ब ७० करोड ३९ लाख १ हजार भएकोमा मुल्य अभिवृद्धि कर हिसावको प्राप्त विवरणमा आर्थिक बर्ष २०७९।८० मा करयोग्य बिक्री रु. ८६ करोड ४१ लाख ४४ हजार र कर छुटको बिक्री रु. १ अर्ब ९१ करोड ८२ लाख ७३ हजार गरी जम्मा बिक्री रु. २ अर्ब ७८ करोड २४ लाख १७ हजार देखाइएको छ । वित्तीय विवरणको हिसावसंग मुल्य अभिवृद्धि कर विवरणमा रु. ७ करोड ८५ लाख १६ हजार फरक देखिएबाट वित्तीय विवरणले यथार्थ आम्दानी प्रस्तुत गरेको यकिन गर्न सकिएन ।

४. **आयकर खर्च लेखाकंनः** लेखामान बमोजिम कुनै पनि निकायको आयमा सम्बन्धित बर्ष कर व्यवस्था गरी सो बमोजिम भुक्तानी गरेको कर रकम उक्त व्यवस्था गरेको रकममा समायोजन गर्नु पर्ने र आयकर ऐन, २०५८ को दफा १३ बमोजिम यस्तो भुक्तानी गरेको कर रकम खर्च कट्टि नपाउने व्यवस्था रहेको छ । केन्द्रले गत बर्षको कर बापत यो बर्ष

भुक्तानी गरेको कर रकम र जरिवाना समेत रु. १ करोड ८२ लाख अनुसूची-२६ अन्तर्गत प्रशासनिक खर्चमा प्रस्तुत गरेको हुँदा उक्त रकमले केन्द्रको खुद नाफा रकममा फरक पर्ने हुँदा प्रस्तुत नाफा नोक्सान विवरणले यथार्थ प्रस्तुत गरेको छैन ।

५. **स्थिर सम्पत्तिको मूल्याङ्कनः** केन्द्रले स्थिर सम्पत्तिमा विगत वर्षदेखि मूल्याङ्कनबाट थप भएको रकमसमेत समावेश गरेको छ र व्यवस्थापनले वार्षिकरूपमा यसको मूल्याङ्कनलाई पुनरावलोकन गर्ने लेखा नीतिमा उल्लेख गरेको छ । नेपाल लेखामान १६ को ३४ बमोजिम पूर्नमूल्याङ्कन मोडेलमा सम्पत्ति प्रस्तुत गर्दा कम्तिमा ३ वा ५ वर्षमा पूर्नमूल्याङ्कन गर्न सकिने उल्लेख गरिएको छ । त्यस्तै केन्द्रको लेखानीतिमा फ्रिहोल्ड जग्गा ४ वर्षको अन्तरालमा पूर्नमूल्याङ्कन गरिने उल्लेख भए तापनि २०७४ आषाढमा पहिलो पटक गरिएको थियो । हाल २०८० असार र भाद्रमा आएर फ्रिहोल्ड जग्गा र भवन (भरतपुर र पोखरा) को पूर्नमूल्याङ्कन गरिएको तर लेखामान तथा लेखानीति बमोजिम स्थिर सम्पत्तिको (सबै भवनको) मुल्याङ्कन गरिएको छैन, जसले नेपाल लेखामान तथा केन्द्रको लेखानीति बमोजिम वित्तीय विवरणले प्रस्तुत गरेको छैन ।

६. **चालु दायित्व प्रस्तुतिः** नेपाल सरकारबाट चालु पुँजीबापत २०७५।७६ सम्म ५ प्रतिशत वार्षिक ब्याजदरले रु.१ अर्ब ३३ करोड ८२ लाख ८७ हजार ऋण लिएकोमा सोको ब्याज रु.३७ करोड ५१ लाख ७६ हजार दिनुपर्ने हिसाबमा खुलासा गरेको छ । नेपाल लेखामान १ बमोजिम १२ महिनाभित्र भुक्तानी गर्न नसकिने रकम दिर्घकालीन दायित्व अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा चालु दायित्व अन्तर्गत वित्तीय दायित्वमा प्रस्तुत गरेको छ । केन्द्रले दायित्व रकमको समर्थन पत्र लिने गरेको समेत छैन ।

हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण कार्य सम्पादन गरीयो । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको "पेशागत लेखा व्यवसायीहरुको आचार सहिता, २०२३" अनुसार केन्द्रको लेखापरीक्षण गर्न स्वतन्त्र छौ र हामीले यी आवश्यकताहरु अनुरुप हाम्रा अन्य नैतिक जिम्मेवारीहरु निर्वाह गरेका छौं । हामीले शर्तसहितको राय व्यक्त गर्नका लागि हाम्रो लेखापरीक्षणले पर्याप्त र यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका बिषयहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण मामलाहरु भनेको हाम्रो व्यवसायिक निर्णयमा लेखापरीक्षणको क्रममा देखिएका सबैभन्दा बढि प्रभाव राख्ने मामलाहरु रहेका छन् । ती लेखापरीक्षण मामलाहरुको सम्बन्धमा वित्तीय विवरणको लेखापरीक्षणको क्रममा, लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने क्रममा उचित सम्बोधन गरिएको छ र ती मामलाहरुको सम्बन्धमा हामीले छुट्टै राय व्यक्त गरेका छैनौं । प्रत्येक त्यस्ता मामलाहरुको सम्बन्धमा तल प्रस्तुत भए बमोजिमका लेखापरीक्षण विधिहरुको प्रयोग गरी सम्बोधन गरेका छौं। तल प्रस्तुत गरिएका विधि समेत हाम्रो लेखापरीक्षणको क्रममा प्रयोग भएका विधिहरुले संलग्न वित्तीय विवरण उपर व्यक्त भएको हाम्रो लेखापरीक्षण प्रतिवेदनको आधारको काम गरेका छन् ।

मुख्य लेखापरीक्षण बिषयहरु	लेखापरीक्षणको क्रममा उक्त बिषयहरु सम्बोधन गर्नका लागि अपनाइएका तरीकाहरु
पुस्तक लगायत जिन्सीको यथार्थ मौज्दातको प्रस्तुती - केन्द्रले जिन्सीको लागि सरल सफ्टवेयर समेत प्रयोग गर्ने गरेकोमा श्रेस्तामा प्रस्तुत जिन्सी मौज्दात प्रयोग नगरी भौतिक परीक्षणको	श्रेस्तामा प्रस्तुत जिन्सी मौज्दात बमोजिम वित्तीय विवरणमा प्रस्तुत नगरी भौतिक परीक्षणका आधारमा प्रस्तुत भएका सम्बन्धमा केन्द्रिय कार्यालय तथा शाखा कार्यालयहरुले सरल सफ्टवेयरमा राखिएको हिसाव र भौतिक नियन्त्रण प्रणालीको अध्ययन गर्दा सबै कर्मचारीहरु सरल सफ्टवेयरमा अभ्यस्त नभएको तर कार्यालय प्रमुखहरु भौतिक नियन्त्रणमा बढी विश्वस्त रहेको, कार्यालय प्रमुखले जिन्सीको यथार्थ मौज्दात भौतिक मौज्दातलाई नै लिएको देखिएको र वित्तीय विवरणमा सोही बमोजिम

आधारमा जिन्सी मौज्दात प्रस्तुत गर्ने अभ्यास सम्बन्धमा	प्रस्तुत गरेको रकम यथार्थता भए नभएको निश्चित गरिएको छ । भौतिक परीक्षण समितिले यो बर्षको उत्पादन तथा जिन्सीमा प्राप्ति देखाएकोलाई नै आधार लिइएको छ ।
बिक्री आम्दानी - केन्द्रको केन्द्रिय तथा शाखा कार्यालयको सम्पुर्ण बिक्री हुने र सम्पुर्ण समान सेवाग्राही सम्म नपुगी बिक्री आम्दानी बाँधिने गरिएको सम्बन्धमा	बिक्री आम्दानीको सम्बन्धमा केन्द्रका केन्द्र तथा शाखा कार्यालयहरुमा रहेका सरल सफटवेयरमा लेखाकंन भएको रकमेका छड्के परीक्षण लगायत केन्द्रले लागू गरेको लेखा सिद्धान्त, त्यसको निरन्तरता र व्यवहारिक कार्यान्वयनमा भएको एकरुपतालाई मुल्यांकन गर्दा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरणको लागि प्रयाप्त रहेको यकिन गरिएको छ । मुल्य अभिवृद्धि कर विवरणसंग फरक परेको रकम प्रतिवेदनमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी केन्द्रको व्यवस्थापनमा रहेको छ । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती भएका छैनन भन्ने विश्वस्त हुनका लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्न व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले केन्द्रको अविछिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै केन्द्रलाई बन्द गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संचालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ ।

केन्द्रको व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ ।

हाम्रो उद्देश्य भनेको समग्रमा वित्तीय विवरणहरू सारभूत गलत विवरणबाट मुक्त छ छैनन, जालसाजी वा त्रुटिको कारणले हो कि होइन भन्ने बिषयमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिब आधार प्राप्त राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन भनेको उच्च स्तरको आश्वासन हो, तर नेपाल लेखापरीक्षण मान तथा नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा लेखापरीक्षणले सधैं कुनै वस्तुगत गलत विवरण अवस्थित हुँदा पत्ता लगाउनेछ भन्ने सुनिश्चितता गर्दैन । गलत विवरणहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यदि व्यक्तिगत रूपमा वा समग्रमा, यी वित्तीय विवरणहरूको आधारमा लिइएका प्रयोगकर्ताहरूको आर्थिक निर्णयहरूलाई प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ भने तिनलाई सारभूत मानिन्छ । नेपाल लेखापरीक्षणमान तथा सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षणको एक अंशको रूपमा, हामी व्यावसायिक निर्णयको अभ्यास गर्छौं र सम्पूर्ण लेखापरीक्षणमा व्यावसायिक कौशलतालाई कायम राख्छौं । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धमा अन्य बिषयहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाईका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरीने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक रहन्छ ।
२. लेखापरीक्षणबाट जोखिम मुल्यांङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रण प्रणालीको उपर्युक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन ।
३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपर्युक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मुल्यांङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

४. लेखापरीक्षणका क्रममा निकायले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण निकाय अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुती, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले निकायको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्यांङ्कन गरीन्छ ।

६. अन्य बिषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणका क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आंचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरीन्छ ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौः

१. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित असार ३१, २०८० को केन्द्रको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्षको विस्तृत आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र संलग्न अनुसूचीहरु नेपाल वित्तीय प्रतिवेदनमा अनुसार तयार गरिएका छन्, सो बमोजिम तयार नभएका व्यहोरा शर्तसहितको राय खण्डमा प्रस्तुत गरिएको छ ।

२. बोनस ऐन, २०७४ को दफा ४(१) अनुसार प्रत्येक प्रतिष्ठानको व्यवस्थापकले त्यस्तो प्रतिष्ठानको वासलात तथा नाफा नोक्सानीको विवरण कम्पनी ऐन, २०६३ बमोजिम तयार गरी आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिनाभित्र श्रम विभागमा पठाउनु पर्ने, त्यस्तै कम्पनी ऐनको दफा ८० अनुसार प्रत्येक कम्पनीले आर्थिक बर्ष पूरा भएको छ महिनाभित्र लेखापरीक्षकद्धारा प्रमाणित गरिएको लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणको एकप्रति कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । केन्द्रले ६ महिना भित्र उक्त विवरणहरु पेश गर्ने गरेको छैन।

३. केन्द्रले आयकर ऐन बमोजिम पेश गर्नु पर्ने आय विवरण नियमित पेश गरेको हामीलाई जानकारी प्राप्त भएको छ ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम जनक शिक्षा केन्द्रको खाताहरुको परीक्षण गर्दा केन्द्रको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा सम्पत्ति हिनामिना गरेको वा हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस केन्द्रमा २०८१।६।२ मा पठाइएको छ।**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

गोरखापत्र संस्थान (२०७८।७९)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सर्वसाधारण जनतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सरल, सुलभ र भरपर्दो किसिमले उपलब्ध गराउने उद्देश्यले संस्थान ऐन, २०१९ अनुसार २०२०।३।२५ मा नेपाल सरकारको पूर्ण स्वामित्वमा गोरखापत्र संस्थानको स्थापना भएको हो। संस्थानले नेपाली र अंग्रेजी गरी २ दैनिक पत्रिका एवं ३ मासिक पत्रिका प्रकाशन गर्दै आएको छ।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ अषाढ, २०७९		३१ अषाढ, २०७८	
अमूर्त सम्पत्ति	२२,९५		२२,४५	
सम्पत्ति, प्लाण्ट र उपकरण	९०,२५,१३		९१,८७,२७	
स्थगन कर सम्पत्ति	२,९३,२९		३,७४,४६	
गैर वित्तीय गैर चालु सम्पत्ति	१७,५१		२६,७६	
जम्मा गैर चालु सम्पत्ति		**९३,५८,८८**		**९६,१०,९४**
अन्तिम मौज्दात	३,९३,२६		१,८२,३९	
व्यापारिक आसामी	३५,१६,३२		३१,९९,५४	
पेश्की तथा अन्य चालु सम्पत्ति	२,६३,८८		७,९२,७१	
नगद वा बैङ्क मौज्दात	२६,०२,३५		३२,१३,९१	
जमा चालु सम्पत्ति		**६७,७५,८१**		**७३,८८,५५**
जम्मा सम्पत्ति		**१,६१,३४,६९**		**१,६९,९९,४९**
सेयर पुँजी	१,१५,१७		१,१५,१७	
पुनर्मूल्याङ्कन जगेडा	४७,८३,५६		४७,८३,५६	
सञ्चित नाफा/(नोक्सान)	(८,७०)		१,५०,६३	
साधारण जगेडा	२६,९९		२६,९९	
जम्मा पुँजी		**४९,१७,०२**		**५०,७६,३५**
स्थगन सरकारी अनुदान	१४,०२,७८		१५,३२,५६	
अवकाश सुविधा	६७,२९,६२		७२,४०,७८	
नेपाल सरकारबाट ऋण	-		६,२०,००	
गैरवित्तीय दायित्व	२,१६,५२		२,१३,५७	
जम्मा गैर चालु दायित्व		**८३,४८,९२**		**९६,०६,९१**
व्यापारिक साहु	६,४१,०७		२,७३,७६	
चालु दायित्व	२२,२७,६८		२०,४२,४७	
जम्मा चालु दायित्व		**२८,६८,७५**		**२३,१६,२३**
जम्मा पुँजी तथा दायित्व		**१,६१,३४,६९**		**१,६९,९९,४९**

२. **सञ्चालन नतिजा -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण		२०७८।७९		२०७७।७८
प्रत्यक्ष आम्दानी		६१,३०,१६		५४,६९,३२
उत्पादन खर्च	१०,१७,४३		७,८९,६६	
कर्मचारी खर्च	१२,१६,९९		१०,८१,४८	

विवरण		२०७८।७९		२०७७।७८
कुल प्रत्यक्ष खर्च		**२२,३४,४२**		**१८,७१,१४**
कुल नाफा		**३८,९५,७४**		**३५,९८,१८**
अन्य व्यावसायिक आम्दानी		२,७१,२१		२,५२,६१
प्रशासनिक तथा वितरण खर्च	७,३०,४६		५,४६,७९	
कर्मचारी खर्च	२२,३२,७५		२४,०२,४८	
ह्रासकट्टी तथा परिशोधन खर्च	३,२६,१७		३,५७,२३	
वित्तीय खर्च	९		३४,३०	
अन्य गैर सञ्चालन खर्च	७६		-	
कुल खर्च		**(३२,९०,२३)**		**(३३,४०,८०)**
कर अघिको नाफा/(नोक्सान)		**(८,७६,७२)**		**५,०९,९९**
कर खर्च				
चालु वर्षको कर	१,०८,१४		-	
विगत वर्षको कर	८,५५,१५		-	
स्थगन कर	८१,१७		(१,२४,२९)	
कुल कर खर्च		**१०,४४,४६**		**१,२४,२९**
कर पछीको नाफा/(नोक्सान)		**(१,६७,७४)**		**६,३४,२८**

३. **जग्गाको पुनर्मूल्याङ्कन -** संस्थानको स्वामित्वमा रहेका विभिन्न जग्गालाई २०७६।४।१ मा मूल्याङ्कन गरी रु. ६५ करोड ९७ लाख कायम गरेको छ। संस्थानको प्रत्येक तीन वर्षमा जग्गाको पुनर्मूल्याङ्कन गर्ने नीति रहेकोमा सोको पालना भएको छैन।साथै संस्थानले नेपाल लेखामान १ बमोजिम जग्गा रहेको स्थान र कित्तागत मूल्य खुलासा गरेको छैन।

४. **जिन्सी मूल्याङ्कन -** नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा भौतिक परीक्षण गरिएको परिमाणमा बजार मूल्य र लागतमध्ये जुन कम छ सोही रकममा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। संस्थानको यो वर्षको अन्तमा रु.३ करोड ९३ लाखको जिन्सी मौज्दात रहेकोमा नेपाल लेखामान २ अनुसार मूल्याङ्कन गरेको छैन।

५. **ह्रासकट्टी -** संस्थानले ह्रासकट्टी विधि र अनुमानित उपयोगी आयु प्रत्येक प्रतिवेदन अवधिमा समीक्षा गरी आवश्यकतानुसार समायोजन गरिने उल्लेख गरे तापनि जग्गाबाहेक वर्षान्तमा रु.२४ करोड २८ लाख रहेको स्थिर सम्पत्तिको आयु सम्बन्धमा समीक्षा गरेको छैन। संस्थानले नेपाल लेखामान १६ (सम्पत्ति तथा उपकरण) को प्रावधान अनुसार ह्रासकट्टी नगरी आयकर ऐन, २०५८ को प्रावधान अनुसार गरेको पाइयो। संस्थानले नेपाल लेखामान ३६ अनुसार प्रत्येक प्रतिवेदन मितिमा मूल्याङ्कन गर्नुपर्दछ।

६. **सम्पत्तिको हकभोग -** संस्थानको स्वामित्वमा मोरङ्गमा रहेको ७ कट्ठा १७ धुर जग्गामा स्थानीयले सार्वजनिक सडक निर्माण गरेको देखिन्छ। संस्थानले अतिक्रमण हटाई उक्त जग्गा उपयोग गरेको छैन।आफ्नो नाममा रहेको सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

७. **बोनस खर्च -** बोनस नियमावली, २०३९ को नियम ६(३) अनुसार नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले बोनस वितरण गर्नु पूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र स्वीकृति प्राप्त भएपछि सोको जानकारी सम्बन्धित श्रम कार्यालयलाई समेत दिनुपर्ने व्यवस्था छ। संस्थानले २०६४।६५ देखि २०७३।७४ सम्मको बोनसबापत रु. ३ करोड ७० लाख व्यवस्था गरेकोमा सोको स्वीकृति लिएको देखिएन।

८. **शंकास्पद आसामी -** संस्थानको आर्थिक विनियमावलीमा शंकास्पद आसामी, खराब ऋण, पुरानो बाँकी बक्यौताको मूल्याङ्कन गर्न एक सञ्चालक, लेखा प्रमुख, आन्तरिक लेखापरीक्षण शाखा प्रमुख र अन्य समेतको हिसाब मिलान उप-समिति गठन गर्न सक्ने र यसरी गठन भएको उप-समितिले दिएको प्रतिवेदनको आधारमा समितिले निर्णय लिने व्यवस्था छ। उपसमिति गठन नगरी संस्थानले वित्तीय विवरणमा शंकास्पद आसामीको लागि रु. ७९ लाख व्यवस्था गरेको पाइयो। यस वर्षको

अन्त्यमा कुल आसामी रु. ३५ करोड ९५ लाख रहेकोमा १ वर्ष भन्दा बढी अवधिको ८२.४० प्रतिशत र ५ वर्ष भन्दा बढी अवधिका ५४.२६ प्रतिशत आसामी रहेको देखियो। शंकास्पद आसामी बापतको पर्याप्त व्यवस्था भएको देखिएन। साथै आसामीको समर्थनपत्र नलिएकाले यथार्थपरक रहेको यकिन गर्न सकिएन।

९. **बैङ्क हिसाब मिलान -** संस्थानमा रहेका २० बैङ्क खातामा वर्षान्तमा रु. ३३ करोड ३४ लाख मौज्दात रहेकोमा श्रेस्ताअनुसार रु. २५ करोड ८८ लाख रहेकाले रु. ७ करोड ४६ लाख फरक परेको छ। संस्थानले मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत सहितको राय

हामीले गोरखापत्र संस्थानको २०७९ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक गोरखापत्र संस्थानको २०७९ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. नेपाल लेखामानले गरेको व्यवस्था प्रभावकारी रुपमा पालना नभएको:

संस्थानले वित्तीय विवरण तयार गर्दा अपनाएको लेखामानको कार्यान्वयनको अवस्था हेर्दा निम्नानुसारको कैफियत पाइयो:

१.१ **जग्गाको पुनर्मूल्याङ्कन -** संस्थानको स्वामित्वमा रहेका विभिन्न जग्गाहरुलाई २०७६।४।१ मा मूल्याङ्कन गरी रू. ६५ करोड ९७ लाख कायम गरेको छ । संस्थानले प्रत्येक तीन वर्षमा जग्गाको पुनर्मूल्याङ्कन गर्ने नीति रहेको उल्लेख गरेकोमा सो को पालना भएको छैन ।साथै नेपाल लेखामान १ बमोजिम जग्गा रहेको स्थान र कित्तागत मूल्य खुलासा गरेको छैन ।

१.२ **जिन्सी मूल्याङ्कन -** यस वर्षको अन्तमा रहेको रु.३ करोड ९३ लाखको जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा भौतिक परीक्षण गरिएको परिमाणमा बजार मूल्य र लागत मध्ये जुन कम छ सोही रकममा गर्नुपर्ने व्यवस्था रहेकोमा सो को यकिन नगरेकाले नेपाल लेखामान २ अनुसार मूल्याङ्कन गरेको छैन।

१.३ **एक्चुरल मूल्यांकन -** लेखापरिक्षणको प्रतिवेदनहरुलाई आधार मानी तथा NFRS को मापदण्ड अनुसार वित्तिय विवरण तयार गर्दा संस्थानले परिभाषित कर्मचारी लाभ योजना दायित्वहरुको Actuarial Valuation गरिएको र संस्थानले कर्मचारीको अवकाश पछिको भुक्तानी गर्नु पर्ने रकम निर्धारण गर्न ३/३ वर्षको अन्तरमा स्वतन्त्र र विज्ञ मूल्याङ्कनकर्ताबाट बिमाङ्कन मूल्याङ्कन (Actuarial Valuation) गरी सोको आवधिक पुनरावलोकन गराइ अध्यावधिक गर्ने निति अनुसार यस वर्षमा

कर्मचारी परिभाषित कर्मचारी लाभ (उपदान तथा बिदा) बापत रु.५८,०२,७७,५८३ व्यवस्था गरिएको तथा यस वर्षमा रु. ६४,८३,७२,४८८। रकम बराबरको दायित्व कायम गरिएको छ । दायित्व वापत व्यवस्था गरिएको रकम नेपाल लेखामान १९ (कर्मचारी सुबिधा) अनुसार नभएकोले व्यवस्था गरिएको कर्मचारी दायित्व यकिन गर्न सकिएन ।

विवरण	२०७८/७९	२०७७/७८
उपदान (परिभाषित कर्मचारी लाभ योजना सम्बन्धि दायित्व)	५८,०२,७७,५८३	६२,५८,८९,४६३
कर्मचारीको बिदाको दायित्व	६,८०,९४,९०५	९,८१,८८,६००
जम्मा	**६४,८३,७२,४८८**	**७२,४०,७८,०६३**

१.४ **ह्रासकट्टि-** संस्थानले ह्रासकट्टिको विधि र अनुमानित उपयोगी आयु प्रत्येक प्रतिवेदन अवधिमा समीक्षा गरी आवश्यकतानुसार समायोजन गरिने उल्लेख गरेतापनि जग्गा बाहेक स्थिर सम्पत्तिको वर्षान्तमा रहेको रु. २४ करोड २८ लाख समिक्षा गरेको छैन। नेपाल लेखामान १६ (सम्पत्ति तथा उपकरण) को प्रावधान अनुसार ह्रासकट्टि नगरी आयकर ऐन, २०५८ को प्रावधान अनुसार गरेको पाइयो। संस्थानले नेपाल लेखामान ३६ अनुसार प्रत्येक प्रतिवेदन मितिमा मूल्याङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको छैन।

१.५ **शंकास्पद आसामी-** संस्थानको आर्थिक विनियमावलीमा शंकास्पद आसामी, खराब ऋण, पुरानो बाँकी बक्यौताको मूल्याङ्कन गर्न एक सञ्चालक, लेखा प्रमुख, आन्तरिक लेखापरीक्षण शाखा प्रमुख र अन्य समेतको एक हिसाब मिलान उप-समिति गठन गर्न सक्ने र यसरी गठन भएको उप-समितिले दिएको प्रतिवेदनको आधारमा समितिले निर्णय लिने व्यवस्था छ । उपसमिति गठन नगरी संस्थानले वित्तिय विवरणमा शंकास्पद आसामीको लागि रु. ७९ लाख व्यवस्था गरेको पाइयो । यस वर्षको अन्त्यमा कुल आसामी रु. ३५ करोड ९५ लाख रहेकोमा शंकास्पद आसामीको लागि उक्त रकम घटाउदा खुद आसामी रु.३५ करोड १६ लाख रहेको देखिन्छ । वर्षान्तमा कुल आसामीमध्ये १ वर्ष भन्दा बढी अवधिका आसामी ८२.४० प्रतिशत र ५ वर्ष भन्दा बढी अवधिका ५४.२६ प्रतिशत रहेको देखियो । शंकास्पद आसामी वापतको पर्याप्त व्यवस्था भएको देखिएन ।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

खास लेखापरिक्षकीय विषयवस्तुहरू त्यस्ता विषयहरू हुन्, जुन हाम्रो ठहरमा, कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरूलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरूमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हाम्रो यसै प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधारको अनुच्छेदमा उल्लेख गरिएका विषयवस्तु बाहेक अन्य खास विषयवस्तुहरू नरहेको जानकारी गराउन चाहन्छौं।

लेखापरीक्षणको मुख्य विषय Key Audit Matter	लेखापरीक्षकको प्रतिक्रिया
आम्दानी लेखांकनः कारोबारको लेखांकन तथा हिसाव, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायहरुलाई आवश्यक प्रतिवेदनहरु बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली संस्थानको महत्वपूर्ण प्रक्रिया हो । त्यस्ता प्रतिवेदनहरु संस्थानको Software को प्रभावशिलतामा निर्भर रहन्छ । संस्थानमा समय समयमा Collecting Billing Accounting Software (CBAS) मा अवरोध आइरहने तथा सबै	हाम्रो लेखापरीक्षण प्रक्रियाहरूमा निम्न समावेश छनः • CBAS प्रणालीको प्राविधिक अवस्था तथा Software मा देखिने नियमित अवरोधहरूको कारण पहिचान गर्न संस्थाबाट संकलन गरेको विवरणहरुको मूल्याङ्कन गरियो । • शाखा र मुख्य कार्यालयबीचको वित्तीय नियन्त्रण प्रक्रियाहरू (जस्तै स्वीकृति प्रक्रिया, लेनदेन अनुमोदन) प्रभावकारी छन् वा छैनन् भनी मूल्याङ्कन गरियो ।

शाखाहरुलाई एकिकृत गर्ने Software नहुँदा आन्तरिक नियन्त्रणमा समस्या परेको पाइएकोले हामीले यसलाई हाम्रो लेखापरिक्षणको मुख्य बिषय मानेका छौं ।	• Software मा पहुँच (access) सम्बन्धी नीति तथा नियमहरूको जाँच गरी, सोही नीति तथा नियमअनुसार Software प्रयोग भए नभएको सुनिश्चित गरियो । • Software सम्बन्धी डेटा सुरक्षित राख्नका लागि नियमित Backup तथा आकस्मिक अवरोधका बेलामा Software को Recovery प्रणाली परीक्षण गरियो ।
क्षयिकरणको पहिचान तथा मापन (Impairment) संस्थानको स्वामित्वमा रहेको सम्पत्तिमा प्लान्ट, उपकरण र अन्य सम्पत्तिहरु समावेश छन् । संस्थान सञ्चालन भएको उद्योगको गतिशील प्रकृतिलाई ध्यानमा राखी अमूर्त सम्पत्ति, लगानी र अन्य सम्पत्तिमा भौतिक हानि हुन सक्ने जाखिम छ । सम्पत्ति वा नगद उत्पादन एकाइ (CGU) सँग सम्बन्धित कुनै कमजोरी छ वा छैन भन्ने निर्धारणमा भविष्यको नगद प्रवाह र यी सम्पत्तिहरु र CGU हरुका लागि योजनाहरुको बारेमा महत्वपूर्ण निर्णय समावेश छ ।	हामीले प्रत्येक सम्पत्तिहरुको क्षणिकरण नीति र प्रक्रियाको समीक्षा गर्यौं। हामीले नगद उत्पादन एकाइहरु (CGU) र तिनीहरुको कमजोरी मूल्याङ्कन र विशेष गरी आम्दानी र आसामीका लागि कमजोरी मोडेलहरु मूल्याङ्कन गर्न र छुट दर, वृद्धि दर र पुर्वानुमान वृद्धि अनुमानहरु सहित मुख्य अनुमानहरुको औचित्य मूल्याङ्कन गर्न प्रयोग गरिएको निर्धारणको मूल्याङ्कन गर्यौं । हामीले नगद प्रवाह प्रक्षेपणको वरिपरि संवेदनशीलता विश्लेषण गर्यौं । हामीले लगानी, आसामी र संस्थानको अन्य सम्पत्तिहरुमा क्षयिकरणको पर्याप्तता (adequacy) परिक्षण गर्यौं । हामीले सबै महत्वपूर्ण वर्गको सम्पत्तिको हानीको समीक्षा गरेका छौं ।

अन्य विषय (Other Matters)

वित्तीय प्रतिवेदनमा प्रस्तुत गरिएका अथवा खुलासा गरिएका विषयहरू बाहेकका अन्य कुनै विषयहरू यदि लेखापरीक्षकको निष्कर्षमा वित्तीय प्रतिवेदनका प्रयोगकर्तालाई लेखापरीक्षण, लेखापरीक्षकको दायित्व अथवा लेखापरीक्षकको प्रतिवेदनका सम्बन्धमा प्रस्टसँग बुझ्न महत्वपूर्ण लागेमा लेखापरीक्षकको प्रतिवेदनमा लेखापरीक्षण सम्बन्धित अन्य विषय अनुच्छेदमा समावेश गरिन्छ। त्यस्ता विषयहरु निम्नानुसार रहेका छन्:

क) वित्तीय विवरणमा संचालकहरु सबैले प्रमाणित गर्नुपर्नेमा विगत वर्षको प्रतिवेदन भएकोले बहुसंख्यकबाट प्रमाणित गरिएको अवस्थामा प्रतिवेदन संप्रेषण गरिएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ । यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ङ) माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८२।१।११ मा पठाइएको छ।**

प्रेस काउन्सिल नेपाल

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धन गर्नका लागि नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ बमोजिम २०२७।६।६ मा काउन्सिलको स्थापना भएको हो।

१. **वित्तीय स्थिति -** काउन्सिलको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
पुँजीकोष	६,२१,१८		६,१२,८६	
अवकाश कोष	७,४७,९५		६,६४,७२	
पत्रकारिता कोष	३९,६६		३८,५१	
पत्रकारिता पुरस्कार कोष	३२,८०		३०,९०	
पत्रकार कल्याण कोष	१,०५,९९		१,०४,२१	
प्रेस क्लीपिङ्ग सेवा	४०,२५		३८,४७	
मिडिया विकास कोष	४,८९,०७		४,९२,३५	
कर्मचारी सापटी कोष	९०,७८		८८,६१	
पुरस्कार अक्षय कोष	५०,१८		४६,९८	
योगदानमा आधारित अवकाश कोष	१०,१४		९,४५	
कुल पुँजी तथा दायित्व		**२२,२८,००**		**२१,२७,०६**
स्थिर सम्पत्ति		**१,५९,८०**		**१,८१,७०**
मुद्दती खाता - मिडिया विकास कोष	३,७१,००		४,७१,००	
आसामी तथा पेस्की	६९,१२		८०,३५	
धरौटी	१,१०		१,१०	
बैङ्क तथा नगद मौज्दात	१६,३४,५४		१३,९९,५२	
चालु दायित्व	(७,५६)		(६,६१)	
खुद चालु सम्पत्ति		**२०,६८,२०**		**१९,४५,३६**
कुल सम्पत्ति		**२२,२८,००**		**२१,२७,०६**

२. **सञ्चालन नतिजा -** काउन्सिलको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
प्रेस काउन्सिलको आम्दानी	५,८५,०२		५,६४,९४	
प्रेस क्लिपिङ्गको आम्दानी	१७,६१		३७,५८	
मिडिया विकास कोषको आम्दानी	३१,८७		४१,५७	
जम्मा आम्दानी		**६,३४,५०**		**६,४४,०९**
प्रेस काउन्सिलको खर्च	५,२१,८२		४,६९,५९	
प्रेस क्लिपिङ्गको खर्च	१५,८३		२८,३२	
मिडिया विकास कोषको खर्च	३४,७४		३३,६७	
जम्मा खर्च		**५,७२,३९**		**५,३१,५८**
बचत/ (घाटा)		**६२,११**		**१,१२,५१**

३. **प्रविधि सुरक्षा तथा संरक्षण -** काउन्सिलको सिंहदरबारमा एक र प्रधान कार्यालयमा चार समेत पाँच सर्भर रहेको छ। काउन्सिललले सर्भरको सुरक्षाका लागि फायरवाल जडान गरी टेलिभिजनको रेकर्डिङ, पत्रपत्रिका स्क्यान, रेडियो रेकर्डिङका साथै अनलाइन मिडिया र पत्रपत्रिका क्लिपिङ्गको गत विगत वर्षदेखि तथ्याङ्क भण्डारण गर्दै आएको, तर त्यस्ता तथ्याङ्कको कुनै पनि ब्याकअप स्टोरेज रहेको छैन। साथै काउन्सिलमा भएका स्थिर सम्पत्तिहरूको अङ्क/सङ्केत (कोडिङ) को व्यवस्था गरेको छैन।

४. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको पूर्ण स्वामित्व रहेका निकायले २०७३।७४ बाट लागु हुने गरी नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा काउन्सिललले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

५. **खर्च निर्देशिका -** काउन्सिलको आर्थिक प्रशासन विनियमावली, २०५७ को विनियम १२ बमोजिम मन्त्रालयको स्वीकृति लिएर आवश्यकता अनुसार काउन्सिललले अनुसूची हेरफेर गर्न सकिने व्यवस्था छ। काउन्सिललले २०७५।८।६ देखि लागु हुने गरी प्रेस काउन्सिल खर्च निर्देशिका, २०६९ को संशोधन गरी कार्यान्वयनमा ल्याएको छ। उक्त निर्देशिका अर्थ मन्त्रालयबाट स्वीकृत भएको देखिएन। स्वीकृत नभएको निर्देशिकाको आधारमा कर्मचारीहरूलाई थप टेलिफोन सुविधा रु.१ लाख ६३ हजार, पत्रपत्रिका सुविधा रु.२० हजार र इन्टरनेट सुविधा रु.१ लाख ९९ हजार भुक्तानी गरेकोले थप आर्थिक व्ययभार परेको छ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत सहितको राय

हामीले प्रेस काउन्सिल नेपालको २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक प्रेस काउन्सिल नेपालको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ। कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **खर्च निर्देशिका:** प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७ को विनियम १२ बमोजिम मन्त्रालयको स्वीकृतिमा आवश्यकता अनुसार काउन्सिललले अनुसूची हेरफेर गर्न सकिने व्यवस्था रहेको छ । २०७५/०८/०६ देखि लागु हुने गरी काउन्सिलको बैठकले प्रेस काउन्सिल नेपाल खर्च निर्देशिका, २०६९ को संशोधनलाई स्वीकृत गरी प्रेस काउन्सिल नेपाल

खर्च निर्देशिका,२०७५ कार्यान्वयनमा ल्याएको देखियो। काउन्सिलको उक्त खर्च निर्देशिका नेपाल सरकार अर्थ मन्त्रालयले तय गरेको मापदण्ड/निर्देशिका अनुरुप नरहेको र स्वीकृतिको लागि मन्त्रालयमा पठाएको जानकारी गराएतापनि हालसम्म निर्देशिका स्वीकृत भएको देखिएन । खर्च निर्देशिका, २०७५ ले खर्चको सीमा बढाएको र स्वीकृति बिना कार्यान्वयन गरिएकोले थप आर्थिक दायित्व बढाएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ। यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु निम्नानुसार छन्:

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण

प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्वन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ:

क) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ख) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

ग) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पत्ति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस काउन्सिलमा २०८२।१।१४ मा पठाइएको छ।**

राष्ट्रिय समाचार समिति

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अनुसार राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष, आधिकारिक, शुद्ध, विश्वसनीय एवम् वास्तविक समाचार सङ्कलन र वितरण गर्ने उद्देश्यले समितिको स्थापना भई सञ्चालनमा रहेको छ। समितिमा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको छ ।

१. **वित्तीय स्थिति** - समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ असार, २०८१		३१ असार, २०८०	
पुँजी तथा लगानी	२१,६८,२२		४,८१,७०	
सञ्चिति, जगेडा तथा अन्य कोष	१५,१४,३६		१६,१५,०१	
कर्मचारी दायित्व	२,१४		१,२३	
अन्य दायित्व	२४,२६		१८,२९	
समाचारदाता दायित्व	६,७३		६,२७	
भुक्तानी गर्नुपर्ने धरौटी	२४,२५		२२,१८	
कुल पुँजी तथा दायित्व		**३७,३९,९६**		**२१,४४,६८**
सम्पत्ति				
खुद स्थिर सम्पत्ति	२०,९४,८२		४,१६,८२	
कर्मचारी तलब सापटी	७९,२५		९५,३५	
कर्मचारी कल्याणकारी सापटी	९४,६१		८१,१३	
कर्मचारी उपचार खर्च सापटी	१,७१,२७		१,५२,७८	
पेस्की तथा धरौटी	३१,१		३,११	
समाचार आसामी	१,०६,८९		८३,६१	
अन्य आसामी	९९,७६		७५,७०	
नगद तथा बैङ्क मौज्दात	१०,९०,२५		१२,३६,१८	
कुल सम्पत्ति		**३७,३९,९६**		**२१,४४,६८**

समितिको पुँजीमा वृद्धि भएकोले खुद सम्पत्ति र दायित्व गत वर्षको तुलनामा ७४.३८ प्रतिशतले वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा** - समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
नेपाल सरकारको अनुदान	१६,७१,९२		१७,१८,७७	
समाचार आम्दानी	१,८४,४८		१,७९,९४	
अन्य आम्दानी	२,०४,४८		१,५४,२०	
जम्मा आम्दानी		**२०,६०,८८**		**२०,५२,९१**
खर्च				
प्रशासकीय खर्च	१९,३०,१७		१८,९८,९९	
ह्रासकट्टी	१,००,७१		७५,१९	
जम्मा खर्च		**२०,३०,८८**		**१९,७४,१८**
सञ्चालन बचत		**३०,००**		**७८,७३**

३. **भवन हस्तान्तरण** - समितिको २०७४।४।२६ मा निर्माण सम्झौता भई कार्य सम्पन्न भएको भवन केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बाट २०८१।१।३० मा समितिमा हस्तान्तरण भएको देखिन्छ। समितिले जिन्सी तथा सम्पत्ति व्यवस्थापन अन्तर्गतका सम्पत्ति तथा जिन्सी मालसामानको दाखिला प्रतिवेदन, सम्पत्ति खाता र सम्पत्तिको मूल्याङ्कन फाराम भरी राख्नुपर्नेमा सो राखेको पाइएन। समितिले निर्धारित ढाँचामा हस्तान्तरणको अभिलेखमा लागत मूल्यसहित आम्दानी बाँध्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले राष्ट्रिय समाचार समितिको यसै साथ संलग्न २०८१ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय-व्ययको विवरण, इक्विटिमा भएको परिवर्तनको विवरण र नगद प्रवाहमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ ।

हाम्रो रायमा यस प्रतिवेदनको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०८१ असार मसान्तको वासलात, उक्त अवधिको आय-व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधारहरु

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित महालेखापरीक्षका कर्मचारीहरूको आचारसंहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको वित्तीय विवरणको लेखापरीक्षणमा सवैभन्दा महत्वपुर्ण थियो। हामिले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियतसहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य वताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटिवाट होस, सारभुत किसिमको गलत विवरण रहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यन्वयन र सन्चालन गर्ने, सम्पत्तीहरुको व्यवस्थापन र लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन ।

वित्तीय विवरणहरु तयार गर्दा समितिको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुको स्तरियता विचार गर्नुपर्ने वा अविच्छिन्नतासंगै जानकारीहरुको खुलाशा गर्ने दायित्व व्यवस्थापनको रहेको छ । समितिको वित्तिय विवरणहरुको निरिक्षण गर्ने जिम्मेवारी शासकिय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण त्रुटि (Fraud) बाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले

सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण त्रुटी (Fraud)बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८१।१२।२५ मा पठाइएको छ।**

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल नागरिक उड्डयन प्राधिकरण

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपालमा नागरिक उड्डयन क्षेत्रको विकास, विस्तार, नियमन तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, सञ्चार, पथप्रदर्शन र हवाई सेवा, परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा २०५५।९।१६ मा प्राधिकरणको स्थापना भएको हो।

१. **वित्तीय स्थिति-** प्राधिकरणको वित्तीय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
पुँजी तथा दायित्व				
सेयर पुँजी	५९,८४,६१,६०		५९,८४,६१,६०	
जगेडा तथा संचित नाफा	३,०६,००,२२,९८		३,०५,२७,२९,५२	
जम्मा पुँजी		**३,६५,८४,८४,५८**		**३,६५,११,९१,१२**
ऋण तथा सापटी	३२,२८,४०,२५		२९,३०,२६,१९	
कर्मचारी सुविधा	४,०९,७९,२४		३,३७,५१,५०	
अन्य गैर चालु दायित्व	८,६१,०५		-	
स्थगन कर दायित्व	९१,८१,८४,१३		९३,५६,३७,९०	
कुल गैर-चालू दायित्व		**१,२८,२८,६४,६७**		**१,२६,२४,१५,५९**
ऋण र सापटी	२,३०,९३,६०		२,१५,९३,१२	
व्यापार भुक्तानी	१९,१६,६५		६,९३,०२	
कर्मचारी सुविधा	१९,३४,७७		२२,९३,०२	
अन्य व्यवस्थाहरू	३,७४,६५		४,७८,७०	
अन्य चालु दायित्व	९,८६,३३,१५		७,९८,७३,९९	
जम्मा चालु दायित्व		**१२,५९,५२,८२**		**१०,४९,३१,८५**
जम्मा		**५,०६,७३,०२,०७**		**५,०१,८५,३८,५६**
सम्पत्ति				
सम्पत्ति, मेशिनरी तथा उपकरण	४,८४,४६,०५,०६		४,७९,२९,८६,५१	
अदृश्य सम्पत्ति	९,८३,०२		७,०८,३२	
लागानीयोग्य सम्पत्ति	९७,७५,२६		३,०३,१७,८१	
जम्मा गैर-चालु सम्पत्ति		**४,८५,५३,६३,३४**		**४,८२,४०,१२,६४**
जिन्सी मौज्दात	९,६४,३२		६,३०,८१	
आसामी तथा अन्य प्राप्य रकम	१,६६,३९,१२		१,४०,३२,७८	
नगद तथा बैङ्क मौज्दात	१०,८२,२१,७९		९,३९,५७,९३	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
अन्य चालु सम्पत्ति	८,२३,६७,२२		८,५७,१८,५०	
आयकर सम्पत्ति	३७,४६,२८		१,८५,९०	
जम्मा चालु सम्पत्ति		**२१,१९,३८,७३**		**१९,४५,२५,९२**
जम्मा सम्पत्ति		**५,०६,७३,०२,०७**		**५,०१,८५,३८,५६**

प्राधिकरणका विमानस्थल कार्यालय, सचिवालय, निर्देशनालय, विभाग, आयोजना, प्रतिष्ठान तथा विभिन्न कोषको नाममा चालु व्यापारिक भुक्तानी गर्न रु.१९ करोड १७ लाख बाँकी रहेकोमा प्राधिकरणले साहुहरूको अवधि अनुसारको विस्तृत विवरण तयार नगरेको, लामो समयदेखि सो हिसाब फर्छ्यौंट नगरेको र वर्षान्तमा पुष्टि पत्र लिनेदिने नगरेकोले सो भुक्तानी गर्न बाँकी हिसाबको यथार्थता यकिन गर्ने अवस्था छैन।

२. **सञ्चालन नतिजा** -प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सेवाबाट प्राप्त आम्दानी	१३,९४,७९,९६		१२,४५,१९,७७	
अन्य आम्दानी	७८,४२,०९		९१,५५,२१	
कुल आम्दानी		**१४,७३,२२,०५**		**१३,३६,७४,९८**
कर्मचारी सुविधा खर्च	२,२४,४९,१७		२,२२,७२,३३	
ह्रास र क्षय नोक्सानी खर्च	५,४०,६८,४४		३,९३,८०,८४	
प्रशासनिक तथा अन्य सामान्य खर्च	२,००,३८,२०		१,७८,८८,२४	
कुल सञ्चालन खर्च		**(९,६५,५५,८१)**		**(७,९५,४१,४१)**
सञ्चालन नाफा		**५,०७,६६,२४**		**५,४१,३३,५७**
वित्त लागत		(१,३३,००,९६)		(६२,६३,७३)
कर अघिको नाफा		**३,७४,६५,२८**		**४,७८,६९,८४**
चालु कर	१,३९,९१,९७		१,७१,५०,९७	
स्थगन कर	(१,०३,८०,७६)		४३,४२,२१	
जम्मा आयकर खर्च		**(३६,११,२१)**		**(२,१४,९३,१८)**
खुद नाफा		**३,३८,५४,०७**		**२,६३,७६,६६**

३. **बैङ्क मौज्दात** - प्राधिकरणसँग नगद तथा बैङ्क मौज्दात रु. १० अर्ब ८२ करोड २२ लाख रहेकोमध्ये चालु खातामा निष्क्रिय मौज्दात रु. ३ अर्ब ४९ करोड ८० लाख रहेको छ। आयोजना सञ्चालन भुक्तानीको कार्यतालिकालाई मध्यनजर गरी नगद प्रवाहबाट प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४. **बैङ्क हिसाब मिलान** - प्राधिकरणले नियमित रूपमा बैङ्क हिसाब मिलान विवरण तयार गरी फरक रकमलाई समयमा नै मिलान गर्नुपर्दछ। विमानस्थल कार्यालय, विभाग तथा आयोजनाहरूले आफ्नो बैङ्क हिसाब मिलान विवरण तयार गर्दा सुरू मौज्दात तथा पुराना हिसाब समावेश नगरी यो वर्षको कारोबारको विवरण मात्र राखी तयार गरेको हुँदा बैङ्क मौज्दातको यथार्थ चित्रण भएको छैन। विगत वर्षदेखि हिसाब मिलान नभई बैङ्क खातामा रु.२९ करोड ७९ लाख र अमेरिकी डलर १ लाख ४३ हजार ८३७ घटी देखिएको छ। साथै बन्द भइसकेका खाताहरूमा अधिविकर्ष रु.१ करोड ७३ लाख र अमेरिकी डलर खातामा रु.१५ करोड ६७ लाख रहेको छ। खाता सञ्चालनमा नरहेका दुई बैङ्कमा मात्र रु.१० करोड ४४ लाख मौज्दात रहेको एवं कारोबार नरहेका अन्य २३ बैङ्कको खातामा रु.२ करोड ३८ लाख रहेको छ। ट्रान्जिट मौज्दातमा विगत वर्षदेखि नै रु.५१ करोड २४ लाख हिसाब मिलान नभई बाँकी रहेको देखिन्छ। प्रयोगमा नआएको वायुयान सञ्चालन कोष खातामा रु.९० करोड ३४ लाख मौज्दात रहेको छ। प्राधिकरणले बैङ्क हिसाब मिलान विवरण तयार गर्नुका साथै सो रकमको उचित व्यवस्थापन गर्नुपर्दछ।

५. **सेयर र ऋण हिसाब -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखमा सेयर पुँजी रु.६२ अर्ब ७४ करोड १८ लाख रहेकोमा प्राधिकरणको वित्तीय विवरणमा रु.५९ अर्ब ८४ करोड ६२ लाख रहेको देखिन्छ। जस अनुसार प्राधिकरणले रु.२ अर्ब ८९ करोड ५६ लाख सेयर पुँजी कम लेखाङ्कन गरेको देखिन्छ। नेपाल सरकारको ऋण रु.३५ अर्ब ११ करोड १८ लाख रहेकोमा वित्तीय विवरणमा ऋण रु.३४ अर्ब ५९ करोड ३४ लाख रहेकोले रु.५१ करोड ८४ लाख कम देखाएको छ।फरक सेयर पुँजी तथा ऋण रकम सम्बन्धमा तालुक निकायसँग समन्वय गरी हिसाब समायोजन गर्नुपर्दछ।

६. **बक्यौता असुली -** विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा सेवा प्रदायकले सेवा शुल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी समयमा नै प्राधिकरणलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न एयरलाइन्स, सरकारी तथा गैरसरकारी संस्थाहरूबाट गत वर्षसम्म रु.३ अर्ब १० करोड ४५ लाख प्राप्त हुन बाँकी रहेकोमा यो वर्ष ५.४७ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब २७ करोड ४३ लाख पुगेको छ। प्राप्त हुन बाँकी रकमको मौज्दात समर्थनपत्र लिएको छैन। सोमध्ये ६ महिनाभन्दा पुरानो असुल हुन बाँकी रु.१ अर्ब ६१ करोड ५ लाखलाई शंकास्पद आसामीको रूपमा शतप्रतिशत व्यवस्था गरी लेखाङ्कन गरेको पाइयो। कारोबार बन्द भई सम्पर्कमा नरहेका २२९ संस्थासँग लिनुपर्ने रु.३५ करोड ६९ लाख रहेको छ। बक्यौता असुली प्रभावकारी बनाउनुपर्दछ।

७. **स्थिर सम्पत्ति -** प्राधिकरणको स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ मा सम्पत्ति, मेशिनरी तथा उपकरणहरूको वार्षिक भौतिक परीक्षण, अनुगमन र मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणको स्वामित्वमा यस्ता स्थिर सम्पत्ति रु.४ खर्ब ८५ करोड ५४ लाख रहेको छ। प्राधिकरणले आफ्नो नाममा रहेको जग्गा लगायतका सम्पत्तिको मूल्य तथा ह्रास सहितको विवरण खुल्ने अभिलेख नराखेकोले प्राधिकरणको सम्पत्तिको मूल्यले यथार्थ चित्रण गरेको छैन।स्थिर सम्पत्तिको अद्यावधिक अभिलेख राखी उपयोग गर्नुपर्दछ।

८. **निर्माणाधीन सम्पत्ति -** निर्माणाधीन सम्पत्ति अन्तर्गत गत वर्ष रु.२९ अर्ब ४३ करोड २१ लाख रहेकोमा यो वर्ष रु.८ अर्ब ५८ करोड ४२ लाख थप तथा भवन, रनवे, सडकलगायतको रु.१३ अर्ब १३ करोड २६ लाख पुँजीकरण भई रु.२४ अर्ब ८८ करोड ३७ लाख रहेको देखिन्छ। प्राधिकरणले उक्त रकममध्ये पुँजीकृत हुन बाँकी रहेका विमानस्थल, विभाग एवं आयोजनाहरूको अद्यावधिक विवरण राखेको नेदेखिएकोले वित्तीय प्रतिवेदनमानको पालना गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

९. **जिन्सी मौज्दात -** प्राधिकरणको वासलातअनुसार गत वर्ष जिन्सी मौज्दात रु.६ करोड ३१ लाख रहेकोमा यो वर्ष रु.५२.७७ प्रतिशतले वृद्धि भई रु.९ करोड ६४ लाख पुगेको छ। जिन्सी खपतको हिसाब राख्ने प्रणाली नरहेकोले प्राधिकरणले वर्षान्तमा भौतिक परीक्षणको आधारमा जिन्सी मौज्दातको हिसाब राखी बाँकी रकमको खर्च लेखाङ्कन गर्ने गरेको देखिन्छ। स्पेनको एक व्यवसायी र प्राधिकरणबिच २०१२ डिसेम्बर २१ मा भएको सिमीकोट र रारा विमानस्थल सुधार कार्य सम्झौतामा विवाद भएपछि मध्यस्थताद्वारा रु.१ अर्ब ९८ करोड ५ लाख पाउने गरी प्राधिकरणको पक्षमा फैसला भएकोमा सो रकममध्ये रु.१ अर्ब ५४ करोड ३५ लाख बैङ्क जमानतबाट असुल भएको छ। बाँकी रु.४३ करोड ७० लाख परियोजना स्थलमा रहेका मौज्दात सामग्री तथा उपकरणबाट असुल गर्नुपर्नेमा ती सम्पत्तिको यथार्थ मूल्य रु.३२ करोड ९० लाख मात्र रहेकोले रु.१० करोड ८० लाख न्यून हुन गएको छ। प्राप्त हुन बाँकी रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

१०. **विविध आम्दानी -** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीले आयात तथा निर्यात गरिएका वस्तुहरूको प्रबन्ध गरेवापत सोको ६५ प्रतिशत रकम प्राधिकरणले सम्झौताको सर्तअनुसार २०८० पौषसम्म प्राप्त गर्नुपर्ने रु.६ करोड ४३ लाख प्राधिकरणले कर बीजक जारी नगरेकाले सो को मूल्य अभिवृद्धि कर रु.८४ लाख छुट्न गएको छ। साथै, गत वर्ष पनि रु.१३ करोड ६९ लाखको मूल्य अभिबृद्धि कर रु.१ करोड ७८ लाख छुट्न गएको छ। मूल्य अभिवृद्धि कर असुल हुनुपर्दछ।

११. **रोयल्टी आम्दानी -** विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम २७(२) अनुसार सेवा प्रदायक संस्थाले विमानस्थल क्षेत्रभित्र रहेका फर्म, संस्थासँग शुल्क लिई नियमावलीमा अन्यत्र व्यवस्था भए बाहेकका विमानस्थलमा उपयोग

हुने अन्य सेवा प्रदान गरेमा दुई पक्षबिच भएको सम्झौता रकमको १५ प्रतिशतले हुने रकम रोयल्टी वापत प्राधिकरणलाई बुझाउनु पर्ने व्यवस्था छ। यो वर्ष प्राधिकरणले रोयल्टी शीर्षकमा रु.५ करोड ३ लाख ३७ हजार आम्दानी गरेको छ। सो सेवा प्रदान गर्न ३ विदेशी संस्था र नेपाल एयरलाइन्स बाहेक अन्य कुनै पनि संस्थाले अनुमति लिएको देखिएन। यस्ता सेवा दिने/लिने अन्य विदेशी तथा स्वदेशी कम्पनीहरू समेत रहेकोमा प्राधिकरणले सो को अभिलेख राखी रोयल्टी असुल गरेको छैन। प्राधिकरणले स्वीकृति लिएका कम्पनीको कारोबार रकम माग गरी रोयल्टी आम्दानी यकिन नगरेको तथा स्वीकृति नलिई सेवा प्रदान गर्नेको अभिलेख नराखेका कारण रोयल्टी आम्दानी र मूल्य अभिवृद्धि कर छुट्न गएको छ। यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

१२. **ऋण भुक्तानी -** प्राधिकरणले भुक्तानी गर्नुपर्ने ऋण तथा सापटी रु.३४ अर्ब ५९ करोड र ब्याज भुक्तानी गर्न रु.७ अर्ब २ करोड रहेको छ। नेपाल सरकार र चीन सरकारबिच २०७२।१२।८ मा भएको आर्थिक तथा प्राविधिक सम्झौता अन्तर्गत पोखरा क्षेत्रीय विमानस्थल आयोजनाको लागि चीन सरकारले नेपाल सरकारलाई युआन ३५ करोड ५९ लाख ३० हजार निर्ब्याजी ऋण र एक्जिम बैङ्क, चीनबाट वार्षिक २ प्रतिशत ब्याजदरमा युआन १ अर्ब २ करोड २८ लाख १० हजार ऋण उपलब्ध गराउने समझदारी भएको थियो। नेपाल सरकारले उक्त युआन १ अर्ब ३७ करोड ८७ लाख ४० हजार बराबरको नेपाली मुद्रा प्राधिकरणलाई ऋण लगानी स्वरूप उपलब्ध गराउने गरी नेपाल सरकार तथा प्राधिकरणबिच २०७३।२।२३ मा सहायक ऋण सम्झौता भएको छ। सोबमोजिम उक्त ऋण तथा ब्याज वार्षिक ५ प्रतिशतका दरले ७ वर्षको ग्रेस अवधि सहित २० वर्ष अर्थात् २६ समान किस्तामा २०७९ चैत १ देखि प्रत्येक ६ महिनाको अन्तरालमा २०९२ आश्विन १ सम्म साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने देखिन्छ। प्राधिकरणले अग्रिम रुपमा स्क्रु एकाउण्टबाट व्याज भुक्तानी गरेको उल्लेख गरे तापनि नेपाल सरकारसँगको लिन-दिन बाँकी हिसाबमा समावेश गरेको देखिएन। जसबाट नेपाल सरकारले समग्र वैदेशिक ऋणको व्याज भुक्तानीको एकीकृत हिसाब समेत यकिन हुने अवस्था देखिएन।

१३. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) अनुसार बासिन्दा व्यक्तिले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले सम्झौता गर्दा विदेशी मुद्राको भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायीको नेपालस्थित बैंङ्क खातामा नगरी निजहरूको नियन्त्रित वैदेशिक निकायको खातामा रकम जम्मा गरेको देखिँदा सो मा ५ प्रतिशत कर कट्टी गर्नुपर्ने देखिन्छ। तथापि प्राधिकरणले १.५ प्रतिशत मात्र कर कट्टी गरेकोले राष्ट्रिय गौरवका तीन आयोजना र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई क्षमता अभिवृद्धि आयोजनाका २ व्यवसायीको छुट भएको कर रु.७७ करोड ८४ लाख र ९ व्यवसायीको रु.२० करोड ७२ लाखका सम्बन्धमा कर दायित्व यकिन गर्नुपर्दछ।

१४. **रिठ्ठेपानी डाँडा कटान कार्य -** चीन सरकारको सहयोगमा निर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको लागि तयार गरिएको फ्लाइट प्रोसिड्योर डिजाइनमा रनवेको अबस्ट्याकल हटाउन पूर्वतर्फ १.५ किलोमिटरमा रहेको रिठ्ठेपानी डाँडा काट्नुपर्ने उल्लेख गरी उक्त कार्यको लागि रु.३२ करोड ६८ लाखको लागत अनुमान तयार गरी एक संयुक्त उपक्रमसँग रु.३२ करोड ३० लाखको सम्झौता गरेको पाइयो। गतवर्षसम्म रु.२८ करोड ७९ लाख समेत अन्तिम बिलसम्म रु.३२ करोड २७ लाख भुक्तानी भएको छ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

१४.१. पोखरा महानगरपालिका, २६ नं. वडा कार्यालयको २०७५।९।१८ को पत्रानुसार रिठ्ठेपानी डाँडाका बासिन्दाहरू आफैंले उक्त डाँडाको माटो काट्न अनुमति मागेको उल्लेख छ। पोखरा क्षेत्रीय विमानस्थल आयोजनाले कटान गर्नुपर्ने कुल परिमाण र स्थानीय बासिन्दाले काट्ने परिमाणको स्पष्ट अभिलेख राखेको छैन। सो बेगर उक्त माटो काट्नका लागि आयोजनाले ठेक्का सम्झौता गरी खर्च लेखेको छ।

१४.२. निर्माण कार्यको लागि बोलपत्र पेस गर्ने १० बोलपत्रदाता मध्ये ९ को करचुक्ता प्रमाणपत्र र बिड बण्ड भेलिडिटी नदेखिएको उल्लेख गरी एक बोलपत्रदातासँग २०७९।७।२५ मा लागत अनुमानको हाराहारी (०.०९ प्रतिशत न्यूनमा) मा ठेक्का सम्झौता गरेको देखियो।

१४.३. उक्त ठेक्कामा ४ लाख २० हजार ४२८ घनमिटर माटो काट्ने र विसर्जन गर्ने कार्यको लागि निर्माण व्यवसायिले रु.२९ करोड ६९ लाख कबोल गरेकोमा रु.२९ करोड ५४ लाख (९९.४९ प्रतिशत) भुक्तानी भएको छ।

१५. **हवाई यातायात क्षमता अभिवृद्धि आयोजना -** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार कार्यका लागि निम्नानुसारका तीन प्याकेज बनाई निर्माण व्यवसायी तथा परामर्शदातासँग सम्झौता गरेको छ। लागत अनुमानका आधार र दर विश्लेषण सहित ठेक्का छनोटको मूल्याङ्कन प्रतिवेदन समेतका विवरण माग गरेकोमा सो को विस्तृत विवरण लेखापरीक्षणको क्रममा माग गरिएकोमा पेस भएन। दर विश्लेषण सहितको लागत अनुमान र ठेक्का प्रतिस्पर्धाबारे यकिन हुनुपर्दछ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

१५.१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एप्रोन र प्यारालल ट्याक्सी वेको विस्तार कार्यको लागत अनुमान मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम बाहेक रु.८ अर्ब ४ करोड ७७ लाख रहेकोमा रु.६ अर्ब ९२ करोड ७५ लाख (लागत अनुमानभन्दा १३.९२ प्रतिशत घटी) कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७९।१०।५ मा कार्यसम्पन्न गर्ने गरी २०७६।१०।६ मा सम्झौता भएको छ। सम्झौताअनुसार उक्त कार्य २०७९।१०।५ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा २०८१ आषाढ मसान्तसम्मको वित्तीय प्रगति ४३.०६ प्रतिशत रहेको देखिन्छ। खरिद सम्झौताको म्याद दोस्रो पटक २०८२।९।१० सम्म थप भएको देखिन्छ।

१५.२. रनवे २ को अन्तसँग जोडिने प्यारालल ट्याक्सी वेको विस्तार कार्यको लागत अनुमान रु.४ अर्ब ४६ करोड ९५ लाख रहेकोमा लागत अनुमानभन्दा २.२६ प्रतिशत घटी कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०८२।८।६ मा कार्यसम्पन्न गर्ने गरी २०७९।८।७ मा खरिद सम्झौता भएको छ। सो कार्यको म्याद २०८३।७।६ सम्म थप भएको र २०८१ आषाढ मसान्त सम्ममा वित्तीय प्रगति ११.२३ प्रतिशत रहेको छ।

१५.३. पूर्वतर्फको ह्याङ्गर विकास कार्यको लागत अनुमान रु.४ अर्ब ४९ करोड २९ लाख रहेकोमा लागत अनुमानभन्दा १८.९४ प्रतिशत घटी कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०८२।२।२६ मा कार्यसम्पन्न गर्ने गरी २०७९।२।२७ मा ठेक्का सम्झौता भएको छ। सो कार्यको म्याद २०८३।६।२५ सम्म थप भएको र २०८१ आषाढ मसान्तसम्मको वित्तीय प्रगति ११.२९ प्रतिशत रहेको देखिन्छ।

सम्झौता भएका ३ प्याकेजको निर्माण कार्यमा कार्यतालिका अनुसार कार्य प्रगति नभएकाले आयोजनाको समयावधि र मूल्य वृद्धि नहुने गरी कार्ययोजनाको आधारमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१६. **प्रोभिजनल सम -** हवाई यातायात क्षमता अभिवृद्धि आयोजना अन्तर्गत ३ निर्माण व्यवसायीसँगको सम्झौतामा देहायअनुसार प्रोभिजनल सम तथा जनरल आइटममा रु.१ अर्ब ९२ करोड ९४ लाख र परामर्शसेवाको कार्यका लागि अमेरिकी डलर ४ लाख ३२ हजार समावेश गरेको पाइयोः

क्र. सं.	कामको विवरण	मुद्रा	प्रोभिजनल सम	अन्य प्रोभिजनल सम तथा जनरल आइटम	कुल जम्मा
१	एप्रोन र प्यारालल ट्याक्सी वेको विस्तार	रु.(लाखमा)	१२,१०	५६,९८	**६९,०८**
२	रनवे २ को अन्तसँग जोडिने प्यारालल ट्याक्सी वेको विस्तार	रु.(लाखमा)	४०,००	१३,१५	**५३,१५**
३	पूर्वतर्फको ह्याङ्गर क्षेत्र विकास	रु.(लाखमा)	३५,००	३५,७१	**७०,७१**
जम्मा		**रु.(लाखमा)**	**८७,१०**	**१,०५,८४**	**१,९२,९४**
४	सि.नं. १ कामसँग सम्बन्धित परामर्श सेवा	अमेरिकी डलर	१,८२,२००	-	**१,८२,२००**
५	सि.नं. २ र ३ कामसँग सम्बन्धित परामर्श सेवा	अमेरिकी डलर	२,५०,०००	-	**२,५०,०००**
जम्मा		**अमेरिकी डलर**	**४,३२,२००**	**-**	**४,३२,२००**

तीन निर्माण व्यवसायीमध्ये पहिलो ठेक्कामा सेफ्टी व्यवस्थापकको लागि रु. ९० लाख र एकमुष्ट रु.११ करोड २० लाखसमेत १२ करोड १० लाख, दोस्रो ठेक्कामा विमानस्थल विस्तारमा रु.४० करोड र तेस्रो ठेक्कामा हेलिप्याड सञ्चालनमा रु.२५ करोड सहित रु.३५ करोडसमेत रु.८७ करोड १० लाख प्रोभिजनल सममा समावेश गरेको देखियो।

सो का अतिरिक्त अन्य प्रोभिजनल सम तथा जनरल आइटममा ३४ सवारी साधन सञ्चालनको लागि रु.५ करोड ६५ लाख, निर्माण क्षेत्र जडानमा रु.१५ करोड ४० लाख, सुरक्षा व्यवस्थापनमा रु.१० करोड २० लाख, गुणस्तर नियन्त्रणमा रु.६ करोड ६० लाख, फाइनल डिजाइनमा रु.१० करोड ५० लाख र इन्जिनियरिङ्ग सुविधामा रु.५ करोड ७० लाखसमेत थप रु.१ अर्ब ५ करोड ८४ लाख समावेश गरेको छ। प्रतिस्पर्धा गराउन सकिने आइटमहरूलाई समेत प्रोभिजनल सममा राखेको विषय औचित्यपूर्ण देखिँदैन।

१७. **परामर्श सेवा -**हवाई यातायात क्षमता अभिवृद्धि आयोजना अन्तर्गतका परामर्श सेवा खरिद कार्यमा देखिएका बेहोरा निम्नानुसार छन्:

१७.१. तीन निर्माण कार्यका लागि आयोजनाले दुई परामर्शदातासँग अमेरिकी डलर ६६ लाख ६५ हजारको सम्झौता गरेकोमा यस वर्षसम्म रु.६९ करोड ४ लाख भुक्तानी गरेको छ। प्राधिकरणसँग रहेको प्राविधिक जनशक्तिको प्रयोग गरी खर्चमा मितव्ययिता ल्याउनु पर्दछ।

१७.२. एप्रोन र प्यारालल ट्याक्सीवेको विस्तार कार्यको एक परामर्शदातासँग अमेरिकी डलर ३८ लाख ४७ हजारको शुरु सम्झौता भएकोमा ३ पटक सम्झौता संशोधन गरी ९ लाख ५६ हजार थप गरी सम्झौता रकम अमेरिकी डलर ४८ लाख ३ हजार कायम गरेको देखियो। सम्झौताको शुरु कार्यावधि २०७८।४।१६ सम्म रहेकोमा पटक पटक म्याद थप गरी २०८१।५।३ सम्म कायम गरेकोमा प्रोभिजनल सम तथा आकस्मिकतामा थप अमेरिकी डलर १ लाख ८२ हजारसमेत समावेश गरेको छ। लागत वृद्धि नहुने गरी कार्य गर्नुपर्दछ।

१८. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा सम्झौतामा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौतामा उल्लिखित अवधिमा कार्य सम्पन्न नभई बढी समय लागेको अवस्थामा मूल्य समायोजन नपाउने उल्लेख छ। हवाई यातायात क्षमता अभिवृद्धि आयोजना अन्तर्गतका तीन निर्माण सम्झौतामा रु.५४ करोड १७ लाख मूल्य समायोजन वापत भुक्तानी भएकोमध्ये विमानस्थलको एप्रोन र प्यारालल ट्याक्सीवेको विस्तार कार्यका एक निर्माण व्यवसायीले सुरु सम्झौताअनुसारको म्याद भित्र कार्यसम्पन्न नगरेको अवस्थामा म्याद थप अवधिको मूल्य समायोजन वापत २०८१ आषाढ मसान्तसम्ममा रु.३८ करोड ५१ लाखसमेत समावेश छ।

१९. **निजगढ अन्तर्राष्ट्रिय विमानस्थल -** विश्वकै तेस्रो ठूलो ग्रिनफिल्ड हबको रुपमा यो विमानस्थल रहेको र ८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गुरुयोजनामा उल्लेख छ। हालसम्म आयोजनामा रु.१ अर्ब ६ करोड २९ लाख खर्च भएको छ। यस सम्वन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१९.१. नेपाल सरकार मन्त्रीपरिषदको २०७९।४।२६ को निर्णयानुसार गठित विज्ञ समूहको अध्ययन प्रतिवेदनको निष्कर्ष, राय तथा सिफारिस एवं सञ्चालक समितिको २०८०।९।२० को बैठकबाट चार किल्ला तोक्ने कार्य प्राधिकरणले अगाडि बढाउने निर्णय भएको देखिन्छ। पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि चार किल्ला तोकी अन्तर्राष्ट्रिय विमानस्थलको नामकरणसमेत गर्ने व्यवस्थाका लागि २०८०।११।१ मा प्राधिकरणले मन्त्रालयसँग पत्राचार गरेकोमा चार किल्ला तोक्ने कार्य हालसम्म भएको देखिएन।

१९.२. जग्गा प्राप्ति ऐन, २०३४ अनुसार आयोजना निर्माणका लागि जग्गा प्राप्ति गर्न २०७४ आषाढ २७ देखि २०७९ वैशाख २२ सम्ममा ७० बिगाहा १९ कट्ठा २ धुर जग्गाको मुआब्जा वितरणमा रु.४७ करोड ७६ लाख १० हजार भुक्तानी भएको छ। जग्गाधनीहरूले मुआब्जा प्राप्त गरिसकेको भए तापनि हालसम्म उक्त क्षेत्रमा रहेको बस्ती हट्न नसकेकाले प्राधिकरणको स्वामित्व कायम हुन सकेको छैन। विमानस्थलको लागि निर्धारित जग्गामा प्राधिकरणको हकभोग हुने व्यवस्था मिलाउनु पर्दछ।

२०. **उपकरणको उपयोग -** आयोजनाबाट प्राप्त विवरणअनुसार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको लागि उपकरणतर्फ रु.५३ करोड ७३ लाख खर्च भएको उल्लेख गरी निर्माण सम्पन्न भएको छ। व्यावसायिक योजना अनुसार यी उपकरणहरू उपयोगमा ल्याई उडानको कार्य प्रभावकारी रुपमा भएको सुनिश्चित हुनुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरिक्षकको कैफियत सहितको राय

हामीले नेपाल नागरिक उड्डयन प्राधिकरणको २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक नेपाल नागरिक उड्डयन प्राधिकरणको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरुलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ। कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी मौज्दातः** नेपाल लेखामान २ अनुसार, मौज्दातहरुको मूल्यको मापन लागत मूल्य (Cost) र खुद प्राप्य मूल्य (Net Realizable Value) मध्ये जुन कम हुन्छ त्यसैमा मापन गर्नुपर्नेमा सो गरिएको पाइएन तथा मौज्दात हिसाबमा मध्यस्थताको न्यायाधिकरणद्धारा प्राधिकरणले दावी गरेको रकम मध्ये नगद तथा बैंक जमानतबाट असुल भएको बाहेक परियोजना स्थलमा राखिएका विभिन्न सामग्री तथा उपकरणहरुको उप समितिले गरेको मुल्याङ्कन रकम रु. ४३ करोड ७० लाखका सामानहरुको मुल्याङ्कन रु.१० करोड ८० लाखले फरक देखिएको, सामानहरु प्राधिकरणलाई काम नलाग्ने रही लिलामी गर्नुपरेबाट थप हानी हुन सक्ने देखिएको तथा यी सामानहरु हिसाबमा समावेश नगरेबाट यसको मूल्य प्राधिकरणको हिसाबमा नभएबाट प्राधिकरणको मौज्दात कम देखिन गई आम्दानी कम देखाईएको छ।

२. **जायजेथा, संयन्त्र र उपकरणको मूल्यांकन** -यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

२.१ सम्पूर्ण जग्गाको मूल्य वित्तिय विवरणमा समावेश नगरिएकोः प्राधिकरणको नाममा रहेका जग्गाको लगत अद्यावधिक राखेको देखिएन। विभिन्न विमानस्थल निर्माण गर्न जग्गा अधिग्रहण गरी मुआब्जा वितरण भइसकेका जग्गाहरूको जग्गाधनी दर्ता प्रमाणपत्र प्राप्त भएको, प्राप्त भएपश्चात लगत कट्टा गरेको र प्राप्त हुन बाँकीको अद्यावधिक अभिलेख राख्न सकेको देखिदैन। समग्रमा प्राधिकरणसँग आर्थिक वर्ष २०८०।८१ को आषाढ ३१ मा के कति वर्गमिटर जग्गा प्राधिकरणको नाममा छ, सो मध्ये कति जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राधिकरणको नाममा हस्तान्तरण भईसकेको र के कति जग्गाको पुर्जा लिन बाँकी रहेको छ सो को अभिलेख रहेको देखिदैन। यसर्थ प्राधिकरणले पेश गरेको वित्तीय विवरणमा प्राधिकरणको सम्पूर्ण जग्गा समावेश भए नभएको एकिन गर्न सकिएन।

२.२ अस्तित्वमा नरहेका सम्पत्तिको मूल्य अपलेखन नगरिएकोः प्राधिकरणको स्वामित्वमा रहेका कतिपय भवनहरू, रन वे, ट्याक्सी वे तथा एप्रोन निर्माण, पहुच सडक, स्यानिटेशन तथा ड्रेनेज, फेन्सिङ्गहरु, यान्त्रिक उपकरणहरु, सवारी साधनहरू

तथा अन्य सम्पत्तिहरू अस्तित्वमा नरहेतापनि यस्ता सम्पत्तिहरुको मूल्य अपलेखन नगरेबाट सम्पत्तिको मूल्य बढी देखिएको छ ।

नेपाल लेखामान १६ अनुसार Initial Recognition लागत मूल्यमा गर्ने र Subsequent Recognition Cost Model (लागत मूल्यमा सञ्चित ह्रासकट्टी र सञ्चित क्षय घटाई आएको मूल्य) वा Revaluation Model (Revalued Amount उचित मूल्यमा परिवर्ती सञ्चित ह्रासकट्टी र परिवर्ती सञ्चित क्षय घटाई आएको मूल्य) मध्ये कुनै एकमा गर्न सकिने उल्लेख गरिएको छ र प्राधिकरणले आफ्नो लेखा नीतिमा जग्गा तथा भवनलाई Fair Valuation विधि तथा अन्य जायजेथा, संयन्त्र र उपकरणलाई पहिलो ३ वर्ष Historical Cost र सो पश्चात प्रत्येक ५/५ वर्षमा Fair Valuation विधिमा जायजेथा, संयन्त्र र उपकरणको लेखाङ्कन गर्ने नीति लिएको देखिएकोमा सो अनुसार गरेको पाइएन। प्रस्तुत वर्ष Fair Valuation विधि बाट लेखाङ्कन गरेता पनि पर्याप्त विवरण उपलब्ध हुन नसकेको तथा पूर्ण रुपमा नेपाल लेखामान अनुसार नभएबाट जायजेथा, संयन्त्र र उपकरणको लेखाङ्कन लेखामान अनुसार भए नभएको एकिन गर्न सकिएन ।

२.३ **अनुमानित विघटन लागतः** नेपाल लेखामान १६ बमोजिम जायजेथा, संयन्त्र र उपकरणलाई लागत मूल्यमा लेखाङ्कन गर्दा भविष्यमा हुनसक्ने अनुमानित विघटन लागतको वर्तमान मूल्यलाई समेत समावेश गनुपर्नेमा सो गरिएको देखिएन।

२.४ **निर्माणाधिन विमानस्थल र कार्यको अभिलेखः** प्राधिकरणले निर्माणाधिन विमानस्थल र कार्यहरुको विस्तृत विवरणको अभिलेख राखेको पाइएन। योजना अथवा करार अनुसारको विस्तृत प्रगति विवरण नभएको कारणले आ.व. २०८०।८१ सम्मको निर्माणाधिन कार्य तथा आयोजना के कति छन् र प्रगति के छ भन्ने कुराको परीक्षण गर्न सकिएन। नेपाल लेखामान १६ अनुसार सम्पत्ति प्रयोगका लागि उपलब्ध भए पश्चात मात्र ह्रासकट्टी खर्च हुने भनी उल्लेख भएकोमा प्रगति विवरण नभएकाले निर्माणाधिन विमानस्थल र कार्यहरुको पूँजिकरण हुनु पर्ने वा नपर्ने र उक्त लेखामानको परिपालना भए नभएको एकिन गर्न सकिएन।

२.५ **लगानी योग्य सम्पत्तिः** नेपाल लेखामान ४०, लगानी योग्य सम्पत्ति अनुसार लगानी योग्य सम्पत्तिको शुरुमा लेखाङ्कन गर्दा ऐतिहासिक लागतको आधारमा गरिने र तत्पश्चात ऐतिहासिक लागत मोडेल वा उचित मूल्य मोडेल Fair Value Model को आधारमा लेखाङ्कन गर्न सकिने भन्ने उल्लेख रहेको छ। ऐतिहासिक लागतको आधारमा लेखाङ्कन गर्दा ह्रासकट्टी लेखाङ्कन गर्नुपर्छ भने उचित मूल्यमा लेखाङ्कन गर्दा आ.व.को अन्त्यमा उचित मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गर्नुपर्ने हुन्छ। प्राधिकरणले उचित मूल्यको आधारमा लेखाङ्कन गर्ने विधि अपनाएता पनि ऐतिहासिक लागतमा लेखाङ्कन गर्दा गरिने ह्रासकट्टि लेखाङ्कन पनि गर्नु नेपाल वित्तीय प्रतिवेदनमान अनुसार नभएको देखिन्छ। साथै परल मूल्यलाई परिवर्तित मूल्यमा लेखाङ्कन गरी परिवर्तन भएको रकम नाफा नोक्सान हिसाबमा लेखाङ्कन गर्नुपर्नेमा सो नगरेको पाइयो। लगानी योग्य सम्पत्तिमा वर्षान्तमा समायोजन भएको रकम रु.९९७,५२५,६९८ को विस्तृत विवरण प्राप्त नभएकाले वित्तीय स्थितिको विवरणमा प्रवृष्ट सो रकमलाई यकिन गर्न सकिएन।

३. **स्थगन करः** प्राधिकरणले सम्पत्तिको प्रयोगाधिकार (Right of Use Assets) को लेखा आधार रु. १,२७,७९,७०३ गणना गरी प्रस्तुत गरेकोमा कर आधार रु. १,००,००,०००।०० गणना गरेको देखियो । यद्यपी सम्पत्तिको प्रयोगाधिकारको लेखा आधार शुन्य हुनुपर्नेमा पशुपति विकास कोष लाई वार्षिक रु.१ करोडका दरले भुत्तानी गर्ने गरेको पट्टा खर्चलाई आधार मानी गलत प्रस्तुत गरिएको हुँदा लेखामान ले तोकेबमोजिम स्थगन कर हिसाब प्रस्तुत नगरिएको जसले गर्दा स्थगन कर दायित्वमा समेत फरक पर्न जान्छ तसर्थ नेपाल लेखामान १२ आयकर (Income Taxes) बमोजिम स्थगन कर (Deferred Tax) को सही लेखाङ्कन भएको देखिएन।

४. **चालु सम्पत्तिः** यस सम्बन्धी देखिएको व्यहोरा देहाय बमोजिम छन्:

४.१ **आसामी तथा अन्य प्राप्य रकमः** विभिन्न एयरलाइन्स, सरकारी तथा गैर सरकारी संस्थाहरुबाट प्राप्त हुन बाँकी रहेको रकम रु.१,६६३,९१२,१८० को सम्बन्धित आसामीहरुबाट समर्थन लिएको नदेखिएकोले सो बाँकी रकमको यथार्थता यकिन नभएको र असुल नभएमा सो रकमले नाफा र सम्पत्तीमा असर पर्ने देखिन्छ ।

४.२ **बैङ्कः** प्राधिकरणले सबै बैंक मौज्दातहरुको बैंक मौज्दात समर्थन पत्र प्राप्त नगरेको र बैंक हिसाब मिलान विवरण अद्यावधिक नगरेकोले बैंक मौज्दात रु.१०,८२२,१७८,६१८ यथार्थ हो भनि यकिन गर्न सकिदैन। बैंक हिसाब मिलानपछि यकिन भएको रकम अनुसार फरक पर्न गएको रकमले सम्पत्ति, दायित्व र नाफा नोक्सानमा असर पर्ने देखिन्छ।

साथै प्राधिकरणको विभिन्न कार्यालयहरुबाट नियमित रूपमा बैंक हिसाब मिलान विवरण तयार पारी फरक रकमलाई समयमा नै मिलान गर्ने गरेको देखिंदैन। विमानस्थलहरु, बिभागहरु, आयोजनाहरुले आफ्नो बैंक हिसाब भिडान विवरण तयार गर्दा शुरु मौज्दात तथा पुराना हिसाबहरू समावेश नगरी प्रस्तुत आ.ब (२०८०।८१) को कारोबारको विवरण मात्र राखी बैंक हिसाब भिडान विवरण तयार पारेको हुँदा बैंक हिसाब भिडानले बैंकहरुमा रहेको मौजदातहरुको वास्तवीक चित्रण गरेको छैन।

४.३ **ट्रान्जीट मौज्दातः** नगद तथा बैंक मौज्दात अन्तर्गत ट्रान्जीटमा रहेको रु.५१२,३८४,१५७ मा विगतका वर्षहरुमा हिसाब मिलान हुन नसकेको रकमहरू पनि समावेश भएकोले ट्रान्जीटमा रहेको रकमहरु समायोजन नहुदाँ सो रकमले बैंक मौज्दातको वास्तविक अवस्था तथा नाफा नोक्सानमा समेत असर पर्ने देखिन्छ।

४.४ **अन्तर कार्यालय तथा लेखा शिर्षकमा फरकः** यस हिसाबमा देखिएको रु. २४७,२१९,२१६.०० को फरक अन्तर कार्यालय एवंम विभिन्न लेखा शिर्षकमा भनिएकोमा सोको कुनै विवरण उपलब्ध नभएको कारण उक्त रकमलाई यथार्थ हो भनि यकिन गर्न सकिएन।

५. **शेयर पुँजीः** प्राधिकरणको आ.व. २०८०/०८१ को वित्तिय विवरण बमोजिम शेयर पूँजी रु.५९,८४,६१,६०,०५२ देखिएकोमा नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको "नेपाल सरकारको सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन (संशोधित) आ.व. २०८०/०८१" बमोजिम भने रु. ६२,७४१,७७९,१४५ जनाइएकोले वित्तिय विवरणमा शेयर पूँजी रु.२,८९५,६१९,०९३ ले न्यून रहेतापनि सम्बन्धित कार्यालयसंग समन्वय गरी आवश्यक समायोजन गरिएको छैन।

६. **ऋण तथा भुक्तानी गर्नुपर्ने व्याजः** प्राधिकरणको २०८०/०८१ को वित्तिय विवरण बमोजिम गैर-चालु ऋण तथा सापटी रु.३२,२८,४०,२५,१८९ र चालू ऋण तथा सापटी रु.२,३०,९३,५९,६४० गरी जम्मा रु.३४,५९,३३,८४,८२९ देखिएकोमा नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले "नेपाल सरकारको सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन (संशोधित) आ.व. २०८०/०८१" बमोजिम भने रु. ३५,११,१८,३६,५५९।०० जनाइएको देखिन्छ, जसले गर्दा वित्तिय विवरणमा ऋण तथा सापटी रु. ५१,८४,५१,७२९।०० ले न्यून रहेतापनि सम्बन्धित कार्यालयसंग समन्वय गरी आवश्यक समायोजन गरिएको छैन।

७. **अनुदान हिसाबः** वित्तिय विवरण अनुसार यस आ.व. सम्म जगेडा कोष (अनुदान) मा रु. ६८,०९,३४,६४० रहेको र जगेडा कोषमा बिना सर्त सम्पत्तिहरु प्राप्त गरिएको जानकारी प्राप्त भएको र उक्त रकम प्राप्त गरिएको आ.व.मै आम्दानी नजनाई सोझै अनुदान कोषमा राखिएको पाइयो र उक्त कोषबाट सम्पत्तिको ह्रास खर्चको आधारमा अनुदानलाई हरेक आ.व.मा आम्दानी बाँधेको देखिन्छ। यस आ.व.मा रु. २०,४९,३८९ अनुदान आम्दानी बाँधिएकोले अनुदान प्राप्त भएकै आ.व.को आयमा समावेश नगरी आयकर गणना नभएकोले आम्दानी बाँधेको वर्षमा मात्र आयकर गणना गरिएको छ।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

खास लेखापरिक्षकीय विषयवस्तुहरू त्यस्ता विषयहरू हुन्, जुन हाम्रो ठहरमा, कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरूलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरूमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हाम्रो यसै प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधारको अनुच्छेदमा उल्लेख गरिएका विषयवस्तु बाहेक अन्य खास विषयवस्तुहरू नरहेको जानकारी गराउन चाहन्छौं।

क्र.सं.	मुख्य लेखापरीक्षण विषयहरु	लेखापरीक्षणको क्रममा उक्त विषयहरु सम्वोधन गर्नका लागि अपनाइएका तरिकाहरु
१	**सम्पत्ति निर्माण, खरिद तथा व्यवस्थापनः** प्राधिकरणको देशभर रहेका विभिन्न विमानस्थलहरुमा निरन्तर रुपमा नयाँ निर्माण तथा खरिद कार्य हुने भएकाले सम्पत्ती, निर्माण, खरिद, व्यवस्थापन तथा अभिलेखिकरणलाई लेखापरीक्षणका मुख्य विषय मानिएको छ ।	खरिद तथा व्यवस्थापन र यस अभिलेखको सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती निम्न अनुसार रहेको छः • संस्थाको खरिद तथा अभिलेखका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली लागु हुने भएकोले यी ऐन तथा नियमावलीहरुका अध्ययन, नयाँ विमानस्थल निर्माण सम्बन्धी मापदण्डको अध्ययन, • प्राधिकरणको विभिन्न नियमहरुको अध्ययन, • प्राधिकरणका विमानस्थल निर्माण तथा मर्मत संभारका लागि गरिएका खरिदहरुका विस्तृत रुपमा निरीक्षण तथा सार्वजनिक खरिद ऐन र नियमावली पालना भए नभएको नित्क्यौल, • निर्माणाधीन आयोजनाहरुका भौतिक निरीक्षण, • विभिन्न रकमका खरिदहरु उपयुक्त रुपमा स्वीकृती प्राप्त भए नभएको परीक्षण, • खरिद गरिएका जग्गा तया अन्य सम्पत्तिहरुको स्वामित्व रहे नरहेको यकिन • खरिद तथा निर्माण गरिएका सम्पत्तिहरुको प्रभावकारी उपयोग भए नभएको सम्पत्ति यकिन।
२	**आम्दानी लेखाङ्कन तथा असुलीः** प्राधिकरणको देशैभरी रहेका विमानस्थलहरुले वायुसेवा कम्पनीहरुलाई प्रदान गर्ने अवतरण, विसान, संचार तथा उड्डयन सहाय सेवा लगायत अन्य सेवा वापतको शुल्कहरु आम्दानीको रुपमा लेखाङ्कन हुने गर्दछ। विमानस्थलहरुले प्रदान गरेका त्यस्ता सेवाहरुको सम्पूर्ण तथ्याङ्क सूचना प्रविधिमा आधारित नहुँदा कतिपय आम्दानी लेखाङ्कन छुट हुन जाने सम्भावना रहने तथा असुल गर्नुपर्ने रकम समयमा असुल नहुँदा प्राधिकरणलाई वित्तीय जोखिम बढ्न जाने हुँदा यसलाई पनि लेखापरीक्षणको मुख्य विषय मानिएको छ।	आम्दानी लेखाङ्कन तथा असुली सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दतीहरु निम्नानुसार रहेको छः • प्राधिकरणको विमानस्थल सेवा शुल्क नियमावलीको अध्ययन, • विमानस्थल कार्यालयहरुले प्रदान गर्ने सेवाहरु तथा सो को तथ्याङ्क प्रविष्ट गरी विजक जारी गर्ने प्रकृयाको अध्ययन, • प्राधिकरणले प्रदान गर्ने सेवाहरुको विस्तृत जानकारी प्राप्त गरी आम्दानी लेखाङ्कन गर्ने पद्दती र असुली प्रकृया तथा सो संग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको अध्ययन, • आवश्यक कागजातहरु तथा सूचनाहरु प्राप्त गरी आम्दानी लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यर्थाथ तथा पूर्ण रुपमा भए नभएको यकिन।

- **भुक्तानीमा कर —** आयकर ऐन, २०५८ को दफा ८९(३) अनुसार बासिन्दा व्यक्तिले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणले सम्झौता गर्दा विदेशी मुद्राको भुक्तानी सम्बन्धित निर्माण

व्यवसायीको नेपालस्थित बैंङ्क खातामा नगरी निजहरुको नियन्त्रित वैदेशिक निकायको खातामा रकम जम्मा गरेको देखिदा सो मा ५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कर कट्टी गरेकोले राष्ट्रिय गौरवका तीन आयोजना र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको हवाई क्षमता अभिबृद्धि आयोजनाका २ व्यवसायीको छुट भएको कर रु. ७७ करोड ८४ लाख छानबिन गरी असुल गर्नुपर्ने र ९ व्यवसायीको रु. २० करोड ७२ लाखका सम्वन्धमा छानविन गरी कर दायित्व यकिन गर्नुपर्दछ।

- **लागत अनुमान** – हवाई क्षमता अभिबृद्धि आयोजना तर्फ मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम वाहेक Expansion of International Apron, Parallel Taxiway कार्यको लागत अनुमान रु. ८ अर्व ४ करोड ७७ लाख रहेकोमा लागत अनुमानभन्दा १३.९२ प्रतिशत न्युन कवोल गर्ने China National Aero Technology International Engineering Corporation सँग २०७९।१०।५ मा कार्यसम्पन्न गर्ने गरी २०७६।१०।६ मा ठेक्का सम्झौता भएको छ। Extension of Parallel Taxiway to connect Runway 02 end कार्यको लागत अनुमान रु. ४ अर्व ४६ करोड ९५ लाख रहेकोमा लागत अनुमानभन्दा २.२६ प्रतिशत न्युन कवोल गर्ने Gansu Mechanized Construction Engineering Co. Ltd., China सँग २०८२।८।६ मा कार्यसम्पन्न गर्ने गरि २०७९।८।७ मा ठेक्का सम्झौता भएको छ । Hanger Area Development at East side कार्यको लागत अनुमान रु. ४ अर्व ४९ करोड २९ लाखभन्दा १८.९४ प्रतिशत न्युन कवोल गर्ने AVIC-KDN Airport Engineering Ltd and China Civil Engineering Construction सँग २०८२।२।२६ मा कार्यसम्पन्न गर्ने गरि २०७९।२।२७ मा ठेक्का सम्झौता भएको छ। लागत अनुमानका आधार र दर विश्लेषण सहित ठेक्का छनौटको मूल्यांकन प्रतिवेदन समेतका विवरण माग गरेकोमा सो को विस्तृत विवरण लेखापरीक्षणका लागि पेश भएन । दर विश्लेषण सहितको लागत अनुमान र ठेक्का प्रतिस्पर्धा वारे एकिन हुनुपर्दछ।

- **प्रोभिजनल सम** – हवाई यातायात क्षमता अभिबृद्धि आयोजना अन्तर्गत तीन निर्माण व्यवसायीसँगको सम्झौतामा प्रोभिजनल सम तथा जेनरल आइटममा रु.१ अर्ब ९२ करोड ९४ लाख र परामर्शसेवाको कार्यका लागि अमेरिकी डलर ४ लाख ३२ हजार समावेश गरेको विवरण निम्नानुसार छ ।

सि. नं.	कामको विवरण	मुद्रा	प्रोभिजनल सम	अन्य प्रोभिजनल सम तथा जेनरल आइटम	कुल जम्मा
१	एप्रोन र प्यारालल ट्याक्सिवेको विस्तार	रु. (लाखमा)	१२,१०	५६,९८	**६९,०८**
२	रनवे २ को अन्तसँग जोडिने प्यारालल ट्याक्सिवेको विस्तार	रु. (लाखमा)	४०,००	१३,१५	**५३,१५**
३	पूर्वतर्फको ह्यांगर क्षेत्र विकास	रु. (लाखमा)	३५,००	३५,७१	**७०,७१**
जम्मा		**रु. (लाखमा)**	**८७,१०**	**१,०५,८४**	**१,९२,९४**
४	सि.नं. १ कामसँग सम्वन्धित परामर्श सेवा	अमेरिकी डलर	१,८२,२००	-	**१,८२,२००**
५	सि.नं. २ र ३ कामसँग सम्वन्धित परामर्श सेवा	अमेरिकी डलर	२,५०,०००	-	**२,५०,०००**
जम्मा		**अमेरिकी डलर**	**४,३२,२००**	-	**४,३२,२००**

तिन निर्माण व्यवसायी मध्ये पहिलो ठेक्कामा सेफ्टि व्यवस्थापक व्यवस्थामा रु. ९० लाख र एकमुस्ट रु. ११ करोड २० लाख समेत १२ करोड १० लाख, दोश्रो ठेक्कामा विमानस्थल विस्तारमा रु. ४० करोड र तेश्रो ठेक्कामा हेलिप्याड सञ्चालनमा रु. २५ करोड सहित रु. ३५ करोड समेत रु. ८७ करोड १० लाख प्रोभिजनल सममा समावेश गरेको छ । सो का

अतिरिक्त अन्य प्रोभिजनल सम तथा जनरल आइटममा ३४ सवारी साधन सञ्चालनको लागि रु. ५ करोड ६५ लाख, निर्माण क्षेत्र जडान खर्च रु. १५ करोड ४० लाख, सुरक्षा व्यवस्थापनमा रु. १० करोड २० लाख, गुणस्तर नियन्त्रणमा रु. ६ करोड ६० लाख, फाइनल डिजाइनमा रु. १० करोड ५० लाख र इन्जिनियरिङ्ग सुविधामा रु. ५ करोड ७० लाखसमेत थप रु. १ अर्ब ५ करोड ८४ लाख समावेश गरेको छ । प्रतिस्पर्धि आइटमहरु समेत प्रोभिजनल सममा राखेको विषय औचित्यपूर्ण छैन ।

- **परामर्शदाताको खर्च** - तीन ठेक्का मार्फत सम्झौता भएका उपरोक्त निर्माण सम्वन्धी कार्यको रनिंग विल बनाउन र सुपरीवेक्षण गर्ने लगायतका कार्यका लागि आयोजनाले २ परामर्शदाताहरुसँग अमेरिको डलर ६६,६४,८०३ को ठेक्का सम्झौता गरी रु. ६९ करोड ४ लाख भुक्तानी गरेको देखिन्छ ।प्राधिकरणमा सिभिल इन्जिनियरिंग अन्तर्गत अलग्गै सिभिल, मेकानिकल, इलेक्ट्रिकल लगायतको प्राविधिक जनशक्ति रहेको छ ।विभागिय जनशक्तिको प्रयोग गरी संस्थागत स्मरण र अपनत्व सिर्जना गर्दै परामर्श खर्चमा मितव्ययिता ल्याउनुपर्दछ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ । यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ। व्यवस्थापनको लागि उत्तरदायी निगरानी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई सुपरीवेक्षण गर्नुपर्दछ ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु निम्नानुसार छन्:

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।

- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्वन्धमा प्रतिवेदन

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ङ) माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस प्राधिकरणमा २०८२।१।२३ मा पठाइएको छ।**

नेपाल वायुसेवा निगम (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम यस निगमको स्थापना भई राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालनमा रहेको छ। नेपालभित्र र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल १५ आन्तरिक र १० अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ। उक्त सेवाको लागि निगममा २ हजार ३६९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा स्थायी ८३६, करार २६९ र ज्यालादारी २३४ समेत १ हजार ३३९ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

सम्पत्ति	**३१ आषाढ, २०८०**		**३१ आषाढ, २०७९**	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	३६,६१,४७		३८,३०,८३	
अमूर्त सम्पत्ति	३,३४		४,२१	
सम्बद्ध कम्पनीमा लगानी	२६,४२		२२,०४	
वित्तीय लगानी	२६,२५		२५,५२	
स्थगन कर	३,५६,३३		३,११,९६	
कुल गैर चालु सम्पत्ति		**४०,७३,८१**		**४१,९४,५६**
चालु सम्पत्ति				
नगद र बैङ्क मौज्दात	१,६७,८८		८८,७४	
व्यापारिक प्राप्य	१,२२,७७		१,६०,२६	
जिन्सी मौज्दात	३,९९,०१		३,७५,२४	
पेस्की र निक्षेप	२,६८,३०		१,५८,४९	
चालु कर सम्पत्ति	३१,९५		२६,४९	
अन्य चालु सम्पत्ति	१२,८६		१०,३४	
कुल चालु सम्पत्ति		**१०,०२,७७**		**८,१९,५६**
कुल सम्पत्ति		**५०,७६,५८**		**५०,१४,१२**
सेयर होल्डर इक्विटी				
सेयर पुँजी	१६,२३		१६,२३	
अन्य इक्विटी	२,९४,१६		२,९४,१६	
सञ्चित नाफा/(नोक्सान)	(१५,६२,३७)		(१५,१८,१५)	
अन्य कोष	८,०४,०२		८,२९,३२	
कुल इक्विटी		**(४,४७,९६)**		**(३,७८,४४)**
गैर चालु दायित्व				
सापटी	३५,७०,६९		३६,०६,१२	
व्यवस्था	२,७०,२४		२,४४,८९	
अन्य गैर चालु दायित्व			२	
कुल गैर चालु दायित्व		**३८,४०,९३**		**३८,५१,०३**
चालु दायित्व				
अल्पकालीन सापटी	१२,९८,३७		११,७३,७५	
व्यापारिक दायित्व	२,२८,३४		१,८६,४७	
स्थगन आय	१,०७,५६		१,४३,५१	
व्यवस्था	४९,३४		३७,८०	
कुल चालु दायित्व		**१६,८३,६१**		**१५,४१,५३**

सम्पत्ति	३१ आषाढ, २०८०		३१ आषाढ, २०७९	
कुल पुँजी तथा दायित्व		**५०,७६,५८**		**५०,१४,१२**

२. **सञ्चालन नतिजा -** निगमको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आय	२३,३६,९७		१६,४६,३२	
बिक्रीको लागत	(१९,०४,०९)		(१३,२५,०८)	
खुद सञ्चालन आय		**४,३२,८८**		**३,२१,२४**
प्रशासनिक तथा साधारण खर्च	७२,०९		६०,२३	
कर्मचारी खर्च	१,२३,४९		१,०७,०४	
ह्रास कट्टी र परिशोधन खर्च	३,४७		४,०९	
अन्य सञ्चालन खर्च			१	
कुल सञ्चालन खर्च		**१,९९,०५**		**१,७१,३७**
कुल नाफा/(नोक्सान)		**२,३३,८३**		**१,४९,८७**
गैर सञ्चालन आय				
सम्बद्ध कम्पनीबाट प्राप्त आय	६,४३		३,७२	
गैर सञ्चालन आय	२३,६३		३९,२८	
वित्तीय आम्दानी	१२,६१		३,३६	
वित्तीय खर्च	(३,५९,५९)		(३,३४,९२)	
वैदेशिक मुद्रा विनिमय नाफा/(नोक्सान)	१,४८		३,१३	
कुल गैर सञ्चालन आय/(नोक्सान)		**(३,१५,४४)**		**(२,८५,४३)**
क्षयीकरण अघिको मुनाफा/ (नोक्सान)		**(८१,६१)**		**(१,३५,५६)**
क्षयीकरण (नोक्सान)/फिर्ता		**४,४३**		**(६,८८)**
कर अघिको मुनाफा/(नोक्सान)		**(७७,१८)**		**(१,४२,४४)**
आयकर खर्च	०		०	
स्थगन कर आय/(खर्च)		**३५,९४**		**(४३,२३)**
करपछि मुनाफा/(नोक्सान)		**(४१,२४)**		**(१,८५,६७)**

उपर्युक्त विवरण अनुसार निगमको सञ्चित नोक्सानी बढेको, ऋण पुँजीमा सुधार नभएको र गैर चालु सम्पत्ति घटेको स्थितिले निगमको समग्र वित्तीय स्थिति कमजोर रहेको देखिन्छ। निगमले विमानको प्रकृति तथा उडानको क्षेत्रअनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरी सञ्चालन रणनीति तय गरेको छैन। निगमको व्यवस्थापन दक्षता अभिवृद्धि गरी समग्र वित्तीय स्थितिमा सुधार ल्याउनुपर्दछ।

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** सरकारी संस्थालाई २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदन मान लागु हुने व्यवस्था छ। निगमले यस वर्षको वित्तीय विवरण उक्त मानबमोजिम तयार गरे तापनि नेपाल वित्तीय प्रतिवेदन मान ९ (वित्तीय उपकरण) अनुसार शंकास्पद आसामीको व्यवस्था गर्दा आसामीको समय अवधि र वस्तुगत आधारमा असुलीको सम्भावनाको मूल्याङ्कन गरी उचित नोक्सानी व्यवस्था लेखाङ्कन गर्नुपर्नेमा व्यक्तिगत आसामी क्षयीकरणमा गत वर्षको रु.२७ करोड १५ लाख २९ हजार जिम्मेवारी सारेको र सामूहिक क्षयीकरणमा गत वर्षको रु.११ करोड १३ लाख ९८ हजारमध्ये रु.६ करोड ७० लाख ८१ हजार जिम्मेवारी सारेको देखिन्छ। शंकास्पद आसामी लेखाङ्कन गर्दा आसामीको औसत सङ्कलन अवधि तथा अवधि विश्लेषणसमेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नुपर्दछ।

४. **पुँजी संरचना** - गत विगतमा निगमको सेयर पुँजी रु.२ अर्ब ९४ करोड १६ लाख नेपाल सरकारको लगानी शीर्षकअन्तर्गत वासलातमा देखाउँदै आएकोमा उक्त रकमलाई नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय विवरण तयार गर्दा अन्य पुँजी शीर्षकअन्तर्गत वर्गीकरण गरेको देखिएन। नेपाल सरकारको लगानीबापत निगमले नेपाल सरकारलाई जारी गरेको सेयरको लगत राखेको छैन। निगमको पुँजी संरचना देहायानुसार छः

(रु. लाखमा)

विवरण	यस वर्ष	गत वर्ष
अधिकृत पुँजी	३०,००	३०,००
चुक्ता पुँजी	१६,२३	१६,२३
अन्य पुँजी		
नेपाल सरकारको लगानी	२१,७०	२१,७०
नेपाल सरकारको लगानी (एम.ए-६० को लागि)	२,१३,८८	२,१३,८८
नेपाल सरकारको लगानी (वाई१२-ई को लागि)	५८,५७	५८,५७
अन्य पुँजी जम्मा	**२,९४,१५**	**२,९४,१५**

निगमको चुक्ता पुँजी रु.१६ करोड २३ लाख र अन्य सेयर पुँजी रु.२ अर्ब ९४ करोड १५ लाख रहेको र यो वर्षमा सेयर होल्डर्स इक्विटी रु.४ अर्ब ४७ करोड ९६ लाख ऋणात्मक अवस्थामा पुगेको छ। निगमको वित्तीय स्थिति सुधार सम्बन्धमा सञ्चालक समितिबाट उपयुक्त रणनीति तयार भएको छैन।

५. **विमानको अवस्था** - नेपाल वायु सेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३ अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने तथा सो प्रतिवेदनको आधारमा आवश्यकताअनुसार मर्मत, सम्भार, संरक्षण, लिलाम बिक्री वा मिनाहा गर्नुपर्ने व्यवस्था छ। निगमको २०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार निगमको स्वामित्वमा निम्नानुसारका १३ विमान रहेको देखिन्छः

क्र.सं.	विमानको प्रकार	संख्या	प्राप्त मिति	अवस्था
१	एयरबस ए३२०-२००	२	२०१५	सञ्चालनमा रहेको।
२	एयरबस ए३३०-२००	२	२०१८	सञ्चालनमा रहेको।
३	एम.ए. ६०	१	एम.ए. ६० (९एन.ए.के.क्यू.) २०१४	२०७७।३।१६ देखि सञ्चालनमा नरहेको।
		१	एम.ए. ६० (९एन.ए.के.आर.) २०१७	
४	वाई १२ ई	१	वाई १२ ई (९एन.ए.के.एस.) २०१४	सम्पूर्ण जहाजहरू २०७७।३।१६ बाट सञ्चालनमा नरहेको तथा ४ जहाजमध्ये १ जहाज दुर्घटना भई लगत कट्टा गरेको।
		१	वाई १२ ई (९एन.ए.के.टी.) २०१७	
		१	वाई १२ ई (९एन.ए.के.यू.) २०१८	
		१	वाई १२ ई (९एन.ए.के.भी.) २०१८	
५	डी.एच.सी. -६	३	डी.एच.सी. -६-३०० (९एन-ए.बी.टी. र ९एन-ए.बी.यू.) १९८४	एउटा विमान मात्र नियमित सञ्चालनमा रहेको।
			डी.एच.सी. -६-३०० (९एन-ए.बी.एक्स) १९८४	९एन-ए.बी.एक्स जहाज २०१२ अगष्ट देखि भूमिस्थ रहेको।

उपर्युक्त विवरणअनुसार निगमका १३ विमानमध्ये एक वाई १२ई जहाज दुर्घटना भई लगत कट्टा गरेको, ३ वाई १२ई, २ एम.ए. ६० र २ डी.एच.सी.-६ समेत ७ वटा जहाज सञ्चालनमा रहेका छैनन्। उल्लिखित विमानहरूको विङ्ग लाईफ एक्सटेन्सन गर्न बाँकी रहेको, जगेडा इन्जिन नभएको र एयर वर्थिनेस सर्टिफिकेट बाँकी रहेको जस्ता कारणले विमान सञ्चालनमा नभएको जिन्सी प्रतिवेदनमा उल्लेख छ। निगमले भूमिस्थ रहेका जहाजहरूको मर्मत सम्भार नगरेकोले जहाजहरूको भौतिक संरचनामा समेत ह्रास आएको छ। जहाजहरूलाई भूमिस्थ गरेर राख्दा एकातर्फ निगमको आन्तरिक उडानतर्फ आम्दानी घट्दै गएको र अर्कोतर्फ नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पार्किङ्ग शुल्क तिर्नुपर्दा निगमलाई थप व्ययभार परेको छ। जहाजहरू भूमिस्थ हुनुको कारण र असर विश्लेषण गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

६. **उडान लक्ष्य प्रगति -** निगमले आय वृद्धि र साख कायम गरी गुणस्तरीय सेवा प्रदान गर्न निर्धारित उडान तालिकाअनुसार विमान उडान गर्नुपर्दछ। निर्धारित उडान तालिकाको कार्यान्वयन अवस्था निम्नानुसार छः

क्षेत्र	शुरू उडान लक्ष्य	उडान भएको सङ्ख्या	उडान भएको प्रतिशत
अन्तर्राष्ट्रिय	३८४०	३५७९	९३.२०
आन्तरिक	२४६४	१५७४	६३.८८

उपर्युक्त विवरणअनुसार यो वर्ष अन्तर्राष्ट्रियतर्फ ३ हजार ८४० र आन्तरिकतर्फ २ हजार ४६४ उडान गर्ने लक्ष्य रहेकोमा अन्तर्राष्ट्रिय ३ हजार ५७९ र आन्तरिकतर्फ १ हजार ५७४ उडानमात्र भएको पाइयो। निगमको आन्तरिक उडानबाट रु.४२ करोड ४० लाख ८७ हजार आय प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.१२ करोड ६१ लाख (२९.७३ प्रतिशत) मात्र र अन्तर्राष्ट्रिय उडानबाट रु.२३ अर्ब ५२ करोड ९२ लाख आय प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.१८ अर्ब ६८ करोड ९१ लाख (७९.४३ प्रतिशत) प्राप्त भएको देखिन्छ। विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्रअनुसार लागत लाभ विश्लेषण गरी रणनीति तय गर्नुपर्नेमा सोअनुसार गरेको छैन। आन्तरिक र अन्तर्राष्ट्रिय गन्तव्यहरूमा कतिपय उडान घाटामा सञ्चालन भएको, मुनाफा हुने गन्तव्यमा सीमित उडान भएको देखिन्छ। प्रतिस्पर्धात्मक टिकट खरिद बिक्री प्रणालीलगायत गन्तव्यहरूको लाभ-लागत अनुपात विश्लेषण गरी उडान गर्नुपर्दछ।

७. **विमान खरिद ऋण -** निगमको वित्तीय विवरणअनुसार एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोषसँग लिएको ऋण रु.२० अर्ब ४६ करोड २९ लाख र नागरिक लगानी कोषसँग लिएको ऋण रु.१२ अर्ब पुगेको छ। यस सम्बन्धी बेहोरा निम्नानुसार छन्:

७.१. यो वर्ष निगमको सुरक्षित ऋण रु.१० करोडले घटेको छ। कर्मचारी सञ्चय कोष र नेपाल वायु सेवा निगमबिच २०७०।३।४ मा २ थान एयरबस ३२० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौताअनुसार १ थान एयरबस ३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाख ऋण प्रवाह भएकोमा निगमले नियमित रूपले किस्ता र ब्याज तिर्न नसकेकोले कर्मचारी सञ्चय कोषले ब्याज र पेनाल ब्याज पुँजीकृत गरी २०८० असार मसान्तमा साँवा रु.२३ अर्ब ५६ करोड १ लाख र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रु.५ अर्ब १ करोड ३४ लाखसमेत रु.२८ अर्ब ५७ करोड ३५ लाख देखाएको छ।

७.२. निगमको वाईडबडी एयरबस ए३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा २०७४।२।२९ मा नागरिक लगानी कोष र निगमबीच सम्झौता भई रु.१२ अर्ब ऋण प्रवाह भएको थियो। ऋण सम्झौताको सर्तबमोजिम निगमले कोषलाई १५ वर्षमा सम्पूर्ण रकम चुक्ता गर्ने गरी स्वीकृत भुक्तानी तालिकाबमोजिम त्रैमासिक रूपमा किस्ता बुझाउनुपर्ने शर्त रहेकोमा नियमित रूपले भुक्तानी नगरेका कारण ब्याज, पेनाल ब्याज पुँजीकृत गरी रु.१७ अर्ब ८३ करोड ९३ लाख पुगेको छ। निगमले पुँजीकृत ब्याजको ब्याज र पेनाल ब्याजको लेखाङ्कन गरेको छैन।

७.३. निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्न बाँकी ब्याज क्रमशः रु.६ अर्ब ९ करोड ४९ लाख र रु.४ अर्ब ५२ करोड ५६ लाख लेखाङ्कन गरेको छ। निगम र दुवै कोषबिचको ऋण र ब्याज हिसाबमा रु.३ अर्ब ३२ करोड ९४ लाखको फरक देखिएको छ। निगमले उक्त ऋण रकमसँग सम्बद्ध मौज्दात समर्थन गर्ने कागजात लिने गरेको देखिएन। दुई कोषबिचको ऋण हिसाब तालुक निकायसँग समन्वय गरी मिलान गर्ने तथा तोकिएको समयमा सम्झौतानुसार ऋणको साँवा/ब्याज चुक्ता गर्नुपर्दछ।

७.४. निगमले नेपाल सरकारसँग विभिन्न समयमा लिएको ऋणको सम्झौताबमोजिमको साँवा/ब्याज तिरेको छैन। यस्तो ऋण दायित्वलाई निगमले असुरक्षित ऋणअन्तर्गत यो वर्ष रु.२ अर्ब ३७ करोड ७५ लाख र अल्पकालीन ऋणअन्तर्गत अर्को वर्ष तिर्नुपर्ने ऋणमा रु.१ अर्ब २५ करोड ४४ लाखसमेत रु.३ अर्ब ६३ करोड १९ लाख देखाएको छ। गत वर्षदेखि नेपाल सरकारको ऋण, एम.ए-६० र वाई १२ ई विमानको ऋणबापतका ब्याजलाई तिर्न बाँकी ब्याजमा रु.६८ करोड १५ लाख जिम्मेवारी सार्दै ल्याएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार निगमलाई उपलब्ध

गराएको ट्विनअटर विमान खरिद ऋण रु.६५ लाखलाई वित्तीय विवरणमा समावेश गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट नेपाल सरकारले निगमलाई उपलब्ध गराएको ऋणको अभिलेखसँग निगमले लेखाङ्कन गरेको ऋण भिडान गर्नुपर्दछ।

८. **उपदान तथा कर्मचारी सुविधा -** निगमको कर्मचारी सेवा शर्त विनियमावली, २०५८ मा व्यवस्था भएबमोजिम गत वर्षसम्म उपदान व्यवस्था रु.१ अर्ब १६ करोड ८० लाख रहेकोमा बिमाङ्कीय मूल्याङ्कनको प्रतिवेदनअनुसार यो वर्ष रु.१ अर्ब ४१ करोड देखाएको छ। त्यस्तै, औषधी उपचार, बिदाबापत सिर्जना हुने दायित्व गत वर्षसम्म रु.१ अर्ब २८ करोड १० लाख रहेकोमा बिमाङ्कीय मूल्याङ्कनको प्रतिवेदनअनुसार यो वर्ष रु.१ अर्ब २९ करोड २३ लाख देखाएको छ। निगमले यो वर्ष कर्मचारी अवकास कोषलाई रु.३८ करोड रकम उपलब्ध गराएको छ। निगमको सेयर होल्डर इक्विटी रु.४ अर्ब ४७ करोड ९६ लाख ऋणात्मक रहेकाले सृजना भएको उक्त दायित्व रु.२ अर्ब ७० करोड २४ लाखले वृद्धि भएको छ।

९. **उडान बन्द -** निगमले २७ अप्रिल, २०१४ मा १ थान एम.ए.६० तथा नोभम्बर १४, २०१४ मा १ थान वाई-१२ई जहाज अनुदान स्वरुप प्राप्त गरेको र २६ जनवरी, २०१७ मा एक थान एम.ए.६०, १ फेब्रुअरी, २०१७ मा वाई-१२ई १ थान तथा १३ फेब्रुअरी, २०१८ मा २ थान विमानले खरिद गरेको देखिन्छ। निगमले सो विमान सञ्चालन गर्न प्रशिक्षक पाइलट समयमा नपठाएको, तत्काल स्पेयर पार्टस उपलब्ध नभएको, स्पेयर पार्ट्स महङ्गो भएको, मापदण्डबमोजिम धावनमार्ग नरहेको, पाइलट तथा इन्जिनियरको तालिम खर्च तथा अत्यधिक बिमा प्रिमियम जस्ता कारण देखाई सञ्चालक समितिको २०७७।३।१६ को निर्णयअनुसार सोही मितिदेखि यी सबै विमानको उडान बन्द गरेको छ। यो वर्ष बिमा, पार्किङ्ग, इन्धन, म्यानुअल रिभिजनसमेत एम.ए.-६० जहाजका लागि रु.११ करोड ८६ लाख र वाई-१२ई जहाजको लागि रु.८ करोड ५८ लाखसमेत रु.२० करोड ४४ लाख खर्च भएको छ।

जहाज खरिद गर्ने, सञ्चालन गर्ने र जहाज सञ्चालन नगर्ने निर्णय गर्दा आर्थिक एवम् साखमा पर्ने असर अध्ययन गरेको देखिएन। ती जहाजबाट कुनै आम्दानी नभएको अवस्थामा समेत निगमले निरन्तर खर्च गर्नु परेकोले थप व्ययभार परेको छ। सम्भाव्यता अध्ययन देखि विमान खरिद/सञ्चालन निर्णय गर्ने पदाधिकारीसमेतलाई सो नोक्सानी प्रति जवाफदेही बनाउनुपर्दछ।

१०. **व्यावसायिक योजना -** निगमको २०१४ देखि २०२१ सम्मको लागि अन्तरिम व्यावसायिक योजना २०१६, दश वर्षे योजना (२०१८-२०२८) र व्यावसायिक योजना (२०२१-२०३०) समेत तीन व्यावसायिक योजना रहेका छन्। निगमको पछिल्लो कार्य योजनानुसार सन् २०२४ सम्म अन्तर्राष्ट्रिय उडानको लागि न्यारोबडी ८ थान, वाइडबडी २ थान र आन्तरिक उडानको लागि ट्रङ्कमा ४ थान र स्टोलमा ४ थान विमान थप गरी विमानको सङ्ख्या १८ पुऱ्याउने लक्ष्य रहेको छ। उक्त योजनामा अन्तर्राष्ट्रियतर्फ १० वर्षको अवधिमा कुल सिट उत्पादनको ६८ प्रतिशत एसिया क्षेत्रमा, २६ प्रतिशत खाडी मुलुकहरूमा, ३.४ प्रतिशत युरोप र २.६ प्रतिशत अष्ट्रेलियामा केन्द्रित रहने उल्लेख छ। जोखिम विश्लेषण नगरेका कारण उक्त योजनाको कार्यान्वयन अवस्था कमजोर रहेको छ। निगमले बजार र प्रतिस्पर्धाको अवस्था अनुरूप अध्ययन, विश्लेषण गरी व्यावसायिक योजनाको पुनरावलोकन गर्नुपर्ने देखिएको छ।

११. **विमान सञ्चालन -** निगमको सञ्चालक समितिले २ वाइडबडी विमान सञ्चालनको लागि २०७३।६।८ मा व्यावसायिक योजना स्वीकृत गरी खरिद गरेका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापानको नारिता, चीनको ग्वाङ्जाउ र दक्षिण कोरियाको सोलमा २०७५ चैत्र मसान्तसम्म उडान गरिसक्ने लक्ष्य रहेकोमा नारिता बाहेक अन्य गन्तव्यमा यो वर्षको अन्त्यसम्म पनि उडान भएको देखिएन। न्यारोबडी २ विमान ए३२०-ए.के.डब्लु. र ए३२०-एएलजेडको उडान प्रति दिन १३.६ र १४ घण्टा मात्र रहेको छ। लामो दुरीको उडान गन्तव्यको अभावमा वाइडबडी विमान पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। वाइडबडी विमान ए३३०-ए.एल.वाई. र ए३३०-ए.एल.जेड. को उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा प्रति दिन क्रमशः ११.४ र ११.१ घण्टा मात्र उडान गरेको देखिन्छ। थप उडानका क्षेत्रहरू पहिचान गरी वाइडबडी विमानको अधिकतम उडान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१२. **उडानको अवस्था -** नेपाल टुरिजम स्टाटिस्टिक, २०२३ अनुसार नेपालबाट सन् २०२३ मा ३१ हजार ४६० अन्तर्राष्ट्रिय उडान भएकोमा निगमले ४ विमानबाट ३ हजार ७८१ (१२.०२ प्रतिशत), हिमालयन एयरले ४ विमानबाट ३ हजार ५५२ (११.२९ प्रतिशत) र बाँकी अन्य एयरलाइन्सले उडान गरेका छन्। सो अवधिमा नेपालबाट अन्तर्राष्ट्रिय उडानमा ४५ लाख ४१ हजार १३७ यात्रुले यात्रा गरेकोमा निगमको यात्रु सङ्ख्या ६ लाख ४५ हजार १६६ (१४.२१ प्रतिशत), हिमालयन एयरको ४ लाख ६२ हजार ७६४ (१०.१९ प्रतिशत) र बाँकी अन्य एयरलाइन्सबाट रहेका छन्।

आन्तरिक उडानतर्फ सन् २०२३ मा १ लाख ७० हजार ४८२ आन्तरिक उडान सञ्चालन भएकोमा निगमले ५४ वर्षअघि सम्वत् २०२७ सालमा खरिद गरेको डिएचसी-६, १९ सिटे दुई विमानबाट १ हजार ३८५ (०.८१ प्रतिशत) उडान गरेको छ। सो अवधिमा आन्तरिक उडानतर्फ ४१ लाख ५० हजार ३२६ यात्रुले यात्रा गरेकोमा निगमको विमानबाट १३ हजार २७८ (०.३२ प्रतिशत)ले र बाँकी (९९.६८ प्रतिशत)ले अन्य एयरलाइन्सबाट यात्रा गरेका छन्। यो वर्ष निगमले आन्तरिक उडानबाट रु.१२ करोड ६१ लाख आर्जन गरेकोमा उक्त अवधिमा हवाई इन्धनमा रु.८ करोड २७ लाख ३३ हजार, बिमामा रु.७ करोड ९९ लाख ८३ हजार, स्पेयर पार्ट्स खरिदमा रु.५ करोड २४ लाख ४४ हजार, कम्पोनेन्ट ओभरहलमा रु.२ करोड ३ लाख ८९ हजार, ल्याण्डिङ्ग पार्किङ र ओभर फलाइङ्गमा रु.४० लाख ६४ हजारसमेत रु.२३ करोड ९६ लाख १३ हजार खर्च भएको देखिन्छ। यसरी आन्तरिक उडानतर्फ आयभन्दा व्यय बढी भएको देखिन्छ। अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानतर्फ निगमको हिस्सा न्यून देखिएको र सञ्चालन खर्चसमेत धान्न नसकेको अवस्था देखिएकोले यसतर्फ सुधार गर्नुपर्दछ।

१३. **पुनर्मूल्याङ्कन तथा बिक्री -** सन् १९८८ मा खरिद भएको बोईङ ७५७।९ एन.ए.वि.सी. जहाजको इन्जिनको म्याद ३० वर्षको रहेकोले सन् २०१९ सम्म बिक्री गरिसक्नुपर्ने गरी निगमबाट लिलामी प्रक्रिया सुरू गरेको देखिन्छ। सोहीअनुसार सञ्चालक समितिबाट २०७५।२।२९ मा लिलामी प्रक्रिया बढाउन निर्देशन दिए तापनि व्यवस्थापनबाट लिलामी प्रक्रिया टुङ्गो लगाएको पाइएन। सञ्चालनमा नरहेको यो जहाजको मर्मत खर्च, इन्धन, बिमा, ल्याण्डिङ्ग र पार्किङ्ग तथा अन्य शुल्कबापत यो वर्ष रु.२ करोड ४३ लाख ४६ हजार खर्च भएको छ। यस्तै, उक्त विमानको २ हजार देखि २ हजार २०० साइकल घण्टा उडेको एउटा इन्जिन सन् २०१७ देखि मर्मतको लागि स्पेनस्थित आईबेरियाको वर्कशपमा रहेकोमा इन्जिन बिक्री प्रक्रियामा समावेश नगरेको तथा सो इन्जिन भण्डारण र भन्सार शुल्कबापत वर्कशपले २९ अक्टोबर, २०२२ मा अमेरिकी डलर ०.२५ मिलियन भुक्तानी माग गरेको छ।

१४. **सूचना प्रविधि -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली निर्देशिका, २०७१ को बुँदा नं. १८ मा सूचना प्रविधि प्रणालीको सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ। निगमले प्रयोगमा ल्याएका सूचना प्रविधिहरूको सम्परीक्षण गराएको छैन। हरेक वर्ष प्रणालीको सम्भाव्यता अध्ययन नगरी सफ्टवयेर खरिद गर्ने तथा तिनको मर्मत सम्भारमा खर्च लेख्ने गरेको छ। निगमले सफ्टवेयर खरिद र वार्षिक शुल्क तथा मर्मत शुल्कमा यो वर्ष रु.१० करोड ८० लाख ३४ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१. निगमको ईन्जिनियरिङ्ग विभागको कार्यसम्पादनका निम्ति निगम र एक भारतीय कम्पनीबिच २० फेब्रुअरी २०१८ मा ५ वर्षको लागि ए.आर.एम.एस. सफ्टवेयर सञ्चालन गर्न सम्झौता भएको देखिन्छ। निगमले उक्त कम्पनीलाई सेटअप खर्चबापत अमेरिकी डलर ३० हजार र सफ्टवेयर शुल्क वार्षिक अमेरिकी डलर १ लाख १४ हजार तिर्ने गरी सम्झौता गरेकोमा यो वर्ष रु.१ करोड २८ लाख ६८ हजार भुक्तानी गरेको छ। निगमको उक्त सफ्टवेयरको जडान इन्जिनियरिङ स्टोरमा गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनका लागि आवश्यक पर्ने विवरणहरू तयार नहुने अवस्था छ। सफ्टवेयरको उपयोगिता तथा विश्वसनीयता सम्बन्धमा परीक्षण तथा यकिन गरी प्रभावकारी ढङ्गले उपयोग गर्नुपर्दछ।

१४.२. निगमले आम्दानी र खर्चका लागि छुट्टाछुट्टै सफ्टवेयर प्रयोगमा ल्याएको छ। खर्चको लागि प्रयोगमा ल्याएको ओन्याकल सफ्टवेयरको सिरियल नम्बर एवं सोर्स कोर्ड नभएको र आन्तरिक तथा बाह्य स्टेशनको कारोबार म्यानुअल प्रविष्टि गरेको कारण यसको विश्वसनीयता प्रति आश्वस्त हुन सक्ने स्थिति देखिएन आम्दानीका लागि प्रयोगमा रहेको मोनालिसा सफ्टवेयरलाई प्रतिस्थापन गर्नको लागि एच.आई.टी.आई.टी. नामक यात्रु सेवा प्रणाली खरिद गरी ६ मे, २०२२ देखि

सञ्चालन गरेको भए तापनि हालसम्म पनि उक्त सफ्टवेयर प्रयोगमा ल्याई मर्मतसम्भार र प्रविधि होस्टिङ्ग शुल्कबापत यो वर्ष रु.४२ लाख खर्च गरेकोले निगमलाई थप व्ययभार परेको छ।

१५. **इन्जिन भाडा/लिज -** निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २२३(१) मा विशेष परिस्थितिमा वायु सेवा सञ्चालनका लागि तत्काल आवश्यक परेमा सम्बन्धित एजेन्सीहरूसँग विमानका इन्जिन तथा पार्टपूर्जाहरू भाडामा लिन सक्ने र त्यसरी भाडामा लिँदा वार्ताको आधारमा भाडा निर्धारण गर्ने, सामान्यतया त्यस्ता पार्टपूर्जाको परल मोलको ६० प्रतिशतभन्दा बढी भाडा मूल्य पर्ने गरी भाडामा लिन नपाइने र इन्जिनको हकमा २१ दिनसम्म कार्यकारी प्रमुखले स्वीकृति दिन सक्ने र सोभन्दा बढी समयको लागि इन्जिन भाडामा लिनु परेमा सञ्चालक समितिको स्वीकृति लिनुपर्ने उल्लेख छ। निगमको ए३२० विमान (९एन-ए.के.डब्लु.) २८ डिसेम्बर, २०२१ मा काठमाडौँबाट दोहा अवतरण गरेपछि बायाँ इन्जिन एस/एन भी१७५८४ मा खराबी आई मर्मत गर्न इजरायलस्थित एक कम्पनीमा पठाएको र अन्तर्राष्ट्रिय बोलपत्र माग नगरी ९ जनवरी, २०२२ मा इन्जिन भाडाको लागि सिलबन्दी दरभाउपत्रबाट छनोट भएको एक मेन्टिनेन्स लिज सर्भिस कम्पनीबाट ३ मार्च, २०२२ देखि लागु हुने गरी भी२५२७-ए५ र भी१०११२ इन्जिन बढीमा ९० दिनका लागि (अमेरिकी डलर-२ लाख ५० हजार) लिज दर दैनिक अमेरिकी डलर २ हजार, प्रति घण्टा प्रयोग शुल्क अमेरिकी डलर २९२ र प्रति उडान साइकल शुल्क अमेरिकी डलर २३९ को दरमा सम्झौता भई उडानमा ल्याएको पाइयो। उक्त इन्जिनको मूल्य अमेरिकी डलर ६० लाख उल्लेख गरेको छ। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

१५.१. निगमको ए३२० विमान (९एन-ए.के.डब्लु.) २८ डिसेम्बर, २०२१ देखि कतारमा बिग्रिँदा व्यवस्थापनले समयमा नै इन्जिन मर्मत सम्झौता नगर्दा ६४ दिन ग्राउण्डेड भएको देखिएको छ। एक मेन्टिनेन्स लिज सर्भिस कम्पनीबाट इन्जिन (भी२५२७-ए५, एस/एन भी१०११२) भाडामा लिएपश्चात् सोही विमानको अर्को इन्जिन एस/एन.भी १७५८५ बिग्रिएकोले पुनः ५१ दिन ग्राउण्डेड भएको र लिजमा लिएको इन्जिन फिर्ता पठाउन कतारमा २२ दिन ग्राउण्डेड भई ७३ दिन इन्जिन प्रयोगमा नल्याएको अवस्थामा दैनिक लिज दर प्रति दिन अमेरिकी डलर २०० तिर्नुपर्ने सर्तका कारण व्ययभार परेको छ।

१५.२. निगमको विमान ए३२०, ९एन-ए.के.डब्लु. को इन्जिन एस/एन भी१७५८५ जर्मनीस्थित एक विमान मर्मत सम्भार कम्पनीमा मर्मत सम्भारको कार्य समयमा हुन नसक्दा विमान भी२५२७-ए५, एस/एन भी१०११२ को लिज अवधि सञ्चालक समितिले पटक पटक गरी ३० जुन, २०२३ सम्म थप गरेको छ। सञ्चालक समितिको २०८०।१।९ को बैठकले लिज अवधि ३० जुन, २०२३ पश्चात् थप नगर्ने उल्लेख भए तापनि जहाजमा इन्जिन फेरबदल गर्न, लिज इन्जिन लेसर कम्पनीसम्म पुऱ्याउन र मर्मत भएको इन्जिन जर्मनीबाट इजरायलसम्म पुऱ्याउन लिज अवधि १४ अगस्ट, २०२३ सम्म पुनः थप भएको छ। निगमले सो बापत यो वर्ष रु.२७ करोड ६५ लाख ५२ हजार खर्च लेखेको छ। विमान १८ महिनासम्म लिजको इन्जिनबाट उडेको देखिन्छ। जगेडा इन्जिन प्रतिस्पर्धात्मक र लागत प्रभावी हुने गरी समयमा मर्मत सम्भार तथा व्यवस्थापन हुन नसक्दा अतिरिक्त खर्च गरेको देखिएकाले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१६. **इन्जिन मर्मत -** निगमको ए३२० विमान (९एन-ए.के.डब्लु.) २८ डिसेम्बर, २०२१ मा काठमाडौँ दोहा अवतरण गरेपछि बायाँ इन्जिन एस/एन १७५८४ मा खराबी आई मर्मत गर्न इजरायलस्थित एक विमान मर्मत सम्भार कम्पनीसँग २१ मार्च २०२२ मा अमेरिकी डलर ३६ लाख १९ हजार १६७ को सम्झौता भएकोमा यो वर्ष अमेरिकी डलर ३९ लाख १ हजारको हुने रु.५० करोड ६९ लाख १२ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१६.१. सम्झौता रकमभन्दा अमेरिकी डलर २ लाख ८१ हजार ८३३ बढी भुक्तानी सम्बन्धमा छानबिनको लागि २०७९।६।२ मा निगमले ७ सदस्यीय उपसमिति गठन गरेको र उक्त समितिले २०७९।१०।२८ मा प्रतिवेदन पेश गरे तापनि उक्त प्रतिवेदनको सुझाव कार्यान्वयन भएको छैन। बढी भुक्तानी भएको आइटमको नमुना परीक्षण गर्दा नयाँ पार्टस् जीर्ण भएको (इन्जिन टियर डाउन रिपोर्ट), खरिद बिल निगमले मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा इजरायलस्थित एक विमान मर्मत

सम्भार कम्पनीले पेश गरेको बिल/बीजकको आधारमा भुक्तानी गरेकोले अन्तिम बिल यथार्थपरक रहेको यकिन हुन सकेन। मूल्याङ्कन बेगर भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

१६.२. इजरायलस्थित एक विमान मर्मत सम्भार कम्पनी र निगमबिच २१ मार्च, २०२२ मा भएको सम्झौताको बुँदा ३.१ मा एरो स्पेसको बढीमा ५५ दिनसम्ममा इन्जिन मर्मत गर्ने प्रयास रहने र वास्तविक समय अवधि इन्जिनको क्षतिको अध्ययन गरी मेटालर्जिकल रिपोर्ट तयार गरेपश्चात् मात्र तोकिने उल्लेख छ। काबु बाहिरको परिस्थितिमा बाहेक समयमा इन्जिन मर्मत नगरेको खण्डमा प्रतिदिन अमेरिकी डलर २ हजारका दरले अधिकतम १० दिनको जरिबाना हुने उल्लेख छ। मेटालर्जिकल रिपोर्ट ६ जुन, २०२२ मा स्वीकृत भएको, २१ अगस्ट, २०२२ मा टेष्ट सेल रन पास गरेको र ३० सेप्टेम्बर, २०२२ मा इन्जिन फेरबदल गरी जहाज काठमाडौं फर्केको देखियो। इन्जिन मर्मत गर्न लागेको वास्तविक अवधि खुलाएको छैन। ढिला मर्मत भई गुमेको आम्दानी र पूर्वनिर्धारित क्षतिपूर्तिको रकम यकिन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१७. **पेस्की -** निगमको आर्थिक विनियमावली, २०६५ को विनियम ४८ मा निगमको कर्मचारीको नाममा रहेको पेस्की तोकिएको म्यादभित्र फर्स्यौट नगरेमा वा हुन नसकेमा सम्बन्धित कर्मचारीले पाउने तलब भत्तालगायत जुनसुकै सुविधा रकमबाट अग्रिम सूचना दिई वा नदिई वार्षिक १८ प्रतिशतले हुने ब्याजसमेत गणना गरी असुलउपर गरी विभागिय कारबाहीसमेत गरिने उल्लेख छ। निगमले गत विगत वर्षमा कर्मचारीहरूलाई दिएको पेस्की रु.४ करोड ८ लाख ६९ हजार फर्स्यौट हुन बाँकी देखिन्छ। उक्त विनियमबमोजिम कारबाही गरी पेस्की फर्स्यौट गर्नुपर्दछ। अन्यथा जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनु पर्दछ।

१८. **अतिरिक्त भत्ता -** नेपाल वायु सेवा निगम ऐन, २०१९ को दफा २७(क) मा आफ्नो सबै कामकारबाही व्यवस्थित गर्न यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधिनमा रही निगमले कर्मचारीहरूको तलब, भत्ता, उपदान, निवृत्तिभरण र कल्याणकारी कोष सम्बन्धी व्यवस्था गर्न विनियम बनाउन सक्ने र विनियम बनाउँदा निगमले नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। निगमले विगत वर्षदेखि नै घर भाडा, यातायात, जी.ई.एस.ए., सर्टिफिकेसन, मेन्टनेन्स, ईफिसिएन्सी, चेयर, स्टोल, टाईप एक्स.ई.ए., नाइट ए.आई. ए.एम., टिफिन, सी. एण्ड टी. पाइलट, अतिरिक्त समय, अड सिफ्ट, सिए, उडान, क्रु मिल, व्यवस्थापन लगायतका भत्ताहरू विनियममा उल्लेख गरी यो वर्ष रु.९० करोड ७५ लाख ९७ हजार खर्च लेखेको छ। यस्तो भत्ता उपलब्ध गराउँदा नेपाल सरकारको स्वीकृति लिएको छैन।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले नेपाल वायुसेवा निगमको यसै साथ संलग्न २०८० असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक निगमको वित्तीय विवरणले २०८० असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमानमा भएको व्यवस्था अनुरुप यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु :

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थाहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ । निगमले यस वर्षबाट संलग्न वित्तीय विवरण उक्त मान बमोजिम प्रथम पटक तयार गरी पेश गरेतापनि देहायका विषयमा उक्त मान अनुरुपको व्यवस्था कार्यान्वयन नभएकोले यसको प्रभाव अनिश्चित र महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

- नेपाल लेखामानको २ को अनुच्छेद ९ मा जिन्सी मौज्दातको मुल्यांकन गर्दा लागत वा खुद प्राप्य मुल्यमध्ये जुन कम हुन्छ सो मा मुल्यांकन गरिनु पर्छ । यसरी मुल्यांकन गर्दा फरक पर्ने रकम नाफा नोक्सान विवरणमा लेखांकन गरी लेखामा जिन्सी मौज्दात देखिने रकमले यथार्थ अवस्था देखाउने हुनुपर्दछ । निगमको जिन्सी सम्बन्धी विवरण अनुसार रु.३ अर्ब ९९ करोड २ लाख मौज्दात देखिन्छ । जिन्सी सामाग्रीको नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप मुल्याङ्कन तथा क्षयीकरण परीक्षण नहुँदा जिन्सी मौज्दातको यथार्थ चित्रण भएको छैन ।
- नेपाल लेखामान-१६ अनुसार Property, plant and equipment को बुँदा नं. ३६ मा "If an item of Property, plant and equipment is revalued, the entire class of property, plant and equipment to which the assets belongs shall be revalued" उल्लेख छ । यस्तै बुँदा नं. ३७ मा "a class of property, plant and equipment is a grouping of assets of a similar nature and use in an entity's operations the following are example of separate classes: (a) Land (b) Land and Buildings (c) Machinery (d) Ships (e) Aircraft (f) Motor Vehicles (g) Furniture and Fixtures (h) Office Equipment and (I) Bearer Plants समावेश गरेको छ । उक्त Nepal Accounting Standards – 16 बमोजिम निगमले Land र Land and Building बाहेक अन्य छुट्टै वर्गमा पर्ने (Separate Class) – Machinery, Aircrafts, Motor Vehicles, Furniture and Fixtures, Office Equipment को revaluation नगरेकोले पुर्नमूल्यांकन अद्यावधिक (up to date)र पूर्ण रहेको देखिएन ।

२. **सञ्चालन नतिजाः** सञ्चालन आम्दानी गत वर्ष रु.१६ अर्ब ४६ करोड ३२ लाख रहेकोमा यो वर्ष रु.२३ अर्ब ३६ करोड ९६ लाख पुगेको छ । गत वर्षको सञ्चालन आम्दानी मध्ये रु.१३ अर्ब २७ करोड ९४ लाख एयरक्राफ्ट अपरेसनबाट र रु.३ अर्ब १८ करोड ३९ लाख एयरक्राफ्ट ह्याण्डलिङ्ग सर्भिसबाट आम्दानी भएको थियो । यो वर्षको संचालन आम्दानी मध्ये रु.१८ अर्ब ६८ करोड ३७ लाख एयरक्राफ्ट अपरेसनबाट र रु. ४ अर्ब ६८ करोड ५९ लाख एयरक्राफ्ट ह्यान्डलिङ्ग सर्भिसबाट आम्दानी भएको देखिन्छ । एयरक्राफ्ट ह्यान्डलिङ्ग सर्भिसबाट कुल सञ्चालन आम्दानीको २० प्रतिशत हिस्सा रहेको देखिन्छ । गत वर्ष सञ्चालन मुनाफा रु.१ अर्ब ४९ करोड ८७ लाख, यो वर्ष रु.२ अर्ब ३३ करोड ८३ लाख पुगेको छ। गत वर्ष अन्तर्राष्ट्रियतर्फ १४९८ र राष्ट्रियतर्फ ८६९ उडान भएकोमा यो वर्ष बढेर अन्तर्राष्ट्रियतर्फ ३५७९ र राष्ट्रियतर्फ १५७४ उडान भएको देखिएको छ । अन्य आम्दानी भने गत वर्ष भन्दा यो वर्ष २१.७१ प्रतिशतले घटेर रु.५ करोड ४६ लाख पुगेको छ । वित्तीय खर्च गत वर्ष भन्दा यो वर्ष प्रतिशतले ७.३७ प्रतिशतले बढेर रु.३ अर्ब ५९ करोड ५९ लाख पुगेको छ । विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्र अनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरेर सञ्चालन रणनीति तय गर्नुपर्नेमा निगमले यसरी विश्लेषण गरेको कागजात उपलब्ध गराएको छैन । त्यसैले निगमको रणनैतिक व्यवस्थापन संतोषजनक रहेकोमा आश्वस्त हुन सकिएन ।

३. **सुरक्षित ऋणः** निगमले पेश गरेको वित्तीय विवरण अनुसार सुरक्षित ऋण (Secured Loan) देहायानुसार रहेको छ।

क्र.सं.	विवरण	यस वर्ष	गत वर्ष
१.	Loan from Employee Provident Fund (संचय कोषबाट प्राप्त ऋण)	२१,३५,१४,३८,२७८	२१,४५,१४,३८,२७८
२.	Loan from Citizen Investment Trust (नागरिक लगानी कोषबाट प्राप्त ऋण)	१२,००,००,००,०००	१२,००,००,००,०००
	जम्मा	**३३,३५,१४,३८,२७८**	**३३,४५,१४,३८,२७८**

यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

३.१. उक्त विवरण अनुसार यस वर्ष निगमको सुरक्षित ऋण रु.१० करोडले घटेको छ । कर्मचारी सञ्चय कोष र नेपाल वायुसेवा निगम बीच २०७०।३।४ मा एयरबस ३२० को २ थान विमान खरिद गर्नको लागि नेपाल सरकारको रु.१० अर्ब जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौता अनुसार एयरबस ३३० को १ थान विमान खरिद गर्न रु.१२ अर्बको नेपाल सरकारको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाख ऋण प्रवाह

भएकोमा निगमले नियमित रूपले किस्ता र ब्याज नतिरेकोले कर्मचारी सञ्चय कोषले ब्याज र पेनाल ब्याज पुँजीकृत गरी २०८० असार मसान्तमा रु.२३ अर्ब ५६ करोड १ लाख, तिर्न बाँकी ब्याज, पेनाल ब्याज रु.५ अर्ब १ करोड ३४ लाख समेत रु.२८ अर्ब ५७ करोड ३५ लाख देखाएको छ ।

३.२. निगमको वाईडबडी एयरबस ए ३३० विमान खरिद गर्न २०७५।२।२९ मा नेपाल सरकारको १२ अर्ब जमानीमा २०७४।२।२९ मा नागरिक लगानी कोष र निगमबीच सम्झौता भई रु.१२ अर्ब ऋण प्रवाह भएको थियो । ऋण सम्झौता शर्त बमोजिम निगमले कोषलाई १५ वर्षमा सम्पूर्ण रकम चुक्ता हुने गरी स्वीकृत भुक्तानी तालिका बमोजिम त्रैमासिक रुपमा किस्ता बुझाउनपर्ने सर्त रहेकोमा नियमित रुपले भुक्तानी नगरेको कारण ब्याज, पेनाल ब्याज पुँजीकृत गरी रु.१७ अर्ब ८३ करोड ९३ लाख पुगेको छ । निगमले पूँजीकृत ब्याजमा ब्याज र पेनाल ब्याजको लेखांकन गरेको छैन।

३.३. निगमले सञ्चय कोष र नागरीक लगानी कोषलाई क्रमश तिर्न बाँकी ब्याज रु.६ अर्ब ९ करोड ४९ लाख र रु.४ अर्ब ५२ करोड ५६ लाख लेखाँकन गरेको छ । निगमले पेश गरेको वित्तीय विवरणले तिर्नुपर्ने वास्तविक ऋण र ब्याजको यथार्थ अवस्था चित्रण गर्दैन । निगम र दुवै कोषबीचको ऋण र व्याज हिसाबमा रु.३ अर्ब ३२ करोड ९४ लाखको फरक देखिएको छ । लेखापरीक्षणको क्रममा उपरोक्त ऋण रकमसंग सम्बद्ध ब्यालेन्स कन्फर्मेसन कागजात उपलब्ध भएन । दुई कोषबीचको ऋण हिसाब तालुक निकायसँग समन्वय गरी मिलान गर्ने तथा तोकिएको समयमा सम्झौतानुसार ऋणको साँवा/ब्याज चुक्ता गर्ने तर्फ ध्यान दिनुपर्छ ।

३.४. निगमले नेपाल सरकारसँग विभिन्न समयमा लिएको ऋणको सम्झौता बमोजिमको ब्याज/साँवा तिरेको छैन । यस्तो ऋण दायित्वलाई निगमले Unsecured Loan अन्तर्गत यस वर्ष रु.२ अर्ब ३७ करोड ७५ लाख र Short Term Borrowing अन्तर्गत loan payable next year मा रु.१ अर्ब २५ करोड ४४ लाख गरी रु.३ अर्ब ६३ करोड १९ लाख देखाएको छ । गत बर्ष देखि नेपाल सरकारको ऋण, MA-६० र Y12-E विमानको ऋण तिर्न बाँकी व्याजमा रु.६८ करोड १५ लाख जिम्मेवारी सार्दै ल्याएको छ । यस्तै, ऋण व्यवस्थापन कार्यालयको अभिलेख अनुसार निगमलाई उपलब्ध गराएको टिवनटर खरिद ऋण रु.६५ लाखलाई वित्तीय विवरणमा समावेश गरेको छैन । ऋण व्यवस्थापन कार्यालयबाट नेपाल सरकारले निगमलाई उपलब्ध गराएको ऋणको अभिलेखसँग निगमले लेखांकन गरेको ऋण भिडान पनि गरेको छैन । ऋण दायित्वले स्पष्ट र यथार्थपरक चित्रण गरेको छैन ।

४. **उपदान, विदा तथा अन्य कर्मचारी सुविधा व्यवस्थाः** निगमको कर्मचारी सेवा शर्त विनियमावली, २०५८ मा व्यवस्था भए बमोजिमको गत वर्षसम्म उपदान (gratuity and lump sum benefits) व्यवस्था शीर्षकमा रु.१ अर्ब १६ करोड ८० लाख रहेकोमा यस वर्ष Actuarial Valuation को प्रतिवेदन अनुसार आर्थिक बर्षको अन्त्यमा रु.१ अर्ब ४१ करोड देखाइएको छ । औषधि उपचार, बिदा (leave and medical benefit) बापत सिर्जना हुने दायित्व गत वर्षसम्म रु.१ अर्ब २८ करोड १० लाख रहेकोमा Actuarial Valuation को प्रतिवेदन अनुसार आर्थिक बर्षको अन्त्यमा व्यवस्था रु.१ अर्ब २९ करोड २३ लाख देखाइएको छ । निगमले यस बर्ष अवकास कोषतर्फ रु.३८ करोड रकम उपलव्ध गराएको छ। निगमको वित्तिय स्थितिको विश्लेषण गर्दा शेयर होल्डर ईक्विटी रु.४ अर्ब ४७ करोड ९६ लाख ऋणात्मक (नोक्सानी) रहेकाले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सृजना भएको उक्त दायित्व रु.२ अर्ब ७० करोड २४ लाख थेग्न सक्ने अवस्था देखिँदैन ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । नेपाल वायुसेवा निगमको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

५. शेयर पूँजी र अन्य पूँजी : यस सम्बन्धी देखिएको व्यहोरा देहायनुसार छनः

गत बिगतमा निगमको शेयर पुँजीलाई नेपाल सरकारको लगानी शीर्षक अन्तर्गत रु.२ अर्ब ९४ करोड १५ लाख वासलातमा देखाउदै आएकोमा उक्त रकमलाई नेपाल वित्तिय प्रतिवेदनमान अन्तर्गतको वित्तीय विवरण तयार गर्दा अन्य पुँजी शीर्षक अन्तर्गत बर्गिकरण गरिएको छ । नेपाल सरकारको लगानी वापत निगमले कति शेयर मूल्यको कति कित्ता शेयर नेपाल सरकारलाई जारी गरेको भनी लगत राखेको छैन ।

विवरण	यस वर्ष	गत वर्ष
अधिकृत पूँजी	३०,००,००,०००.००	३०,००,००,०००.००
चुक्ता पूँजी	**१६,२२,८३,९१०.७२**	**१६,२२,८३,९१०.७२**
अन्य पूँजी		
नेपाल सरकारबाट लगानी	२१,६९,८२,२००.००	२१,६९,८२,२००.००
नेपाल सरकार (MA60) बाट लगानी	२,१३,८८,६१,७७८.००	२,१३,८८,६१,७८८.००
नेपाल सरकार (Y12E) बाट लगानी	५८,५७,०९,२१०.००	५८,५७,०९,२१०.००
अन्य पूँजी जम्मा	**२,९४,१५,५३,१८८.००**	**२,९४,१५,५३,१८८.००**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०७९।१।२ को च.नं. ६१० अनुसार नेपाल सरकारको निगममा शेयर लगानी रु.३७ करोड ९३ लाख मात्र रहेको पाईयो । निगमको वासलातमा शेयर पूँजीको रकम अधिकृत पूँजीको रकमभन्दा १० गुणा भन्दा बढी देखिएको छ ।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters):

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरीएको छ । हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं । कैफियत सहितको राय व्यक्त गर्ने आधारखण्डमा उल्लेखित व्यहोरा बाहेक सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरु छैन ।

अन्य व्यहोरा (Other matters):

१. **चाईनिज बिमान सञ्चालनः** निगमलाई सन् २०१४ अप्रिल २७ मा १ (एक) थान एम.ए.६० तथा सन् २०१४ नोभम्बर १४ मा १ (एक) थान वाई-१२ ई जहाज अनुदानवापत प्राप्त भएको थियो । खरिद गरेको १ थान एम.ए.६० २०१७ जनवरी २६, वाई १२ई जहाज ३ थानमध्ये १ थान, २०१७ फेब्रुवरी १ मा र अन्य बाँकी २ थान २०१८ फेब्रुवरी १३ मा निगमले प्राप्त गरेको देखिन्छ । सो विमानको सञ्चालन गर्दा प्रशिक्षक पाईलट समयमा नपठाएको, तत्काल स्पेयर पाट्र्स उपलब्ध नभएको, स्पेयर पाट्र्स महङ्गो भएको, मापदण्ड बमोजिम धावन मार्ग नरहेको, पाईलट तथा इन्जिनियरको महङ्गो तालिम खर्च तथा अत्याधिक बीमा प्रिमियम जस्ता कारण देखाई २०७७।३।१६ गते देखि यी सबै बिमान उडान बन्द गराएको देखियो । तर निगमले ऋणमा जहाज खरिद गरिनुभन्दा पहिले नै अनुदानबाट प्राप्त भएको जहाज सञ्चालनमा देखिएको समस्या समाधान नगरी जहाज खरिद तथा प्राप्ती गरेको देखियो । आर्थिक वर्ष २०७९।८० मा बीमा, पार्किङ्ग, इन्धन, म्यानुअल रिभिजन समेत एम.ए.-६० जहाजका लागि रु.११ करोड ८६ लाख र वाई-१२ ई जहाजमा रु.८ करोड ५८ लाख गरी जम्मा रु.२० करोड ४४ लाख (जहाजका पाईलटको पारिश्रमिक तथा तालिम खर्च बाहेक) खर्च भएको देखियो । जहाज खरिद गर्दा पर्याप्त अध्ययन, विश्लेषण नभएको, समस्या पहिचान नगरेको र जहाज सञ्चालन नगर्दा पर्ने असर अध्ययन वेगर ती जहाजहरु सञ्चालन नगर्ने निर्णय सञ्चालक समितिले २०७७।३।१६ मा गरेको छ । यसरी जहाज खरीद गर्ने, सञ्चालन गर्ने र जहाज सञ्चालन नगर्ने निर्णय गर्दा आर्थिक एवम् साखमा पर्ने असर अध्ययन गरेको देखिएन । यसरी ती जहाजहरुबाट कुनै आम्दानी नभई निगमले निरन्तर खर्च गरी थप व्ययभार व्यहोर्नु परेकोले सम्भाव्यता अध्ययन गर्ने देखी खरिद/सञ्चालन निर्णय गर्ने पदाधिकारीहरु समेतलाई सो नोक्सानि प्रति जवाफदेही बनाउनुपर्दछ ।

२. **व्यवसायिक योजनाः** निगमको २०१४ देखि २०२१ सम्ममा ३ वटा व्यवसायिक योजना क्रमशः (२०१८-२०२८) दश वर्षे योजना, अन्तरिम व्यवसायिक योजना २०१६ र (२०२१-२०३०) को व्यवसायिक योजना रहेका छन् । निगमको पछिल्लो कार्य योजनानुसार सन् २०२४ सम्ममा अन्तर्राष्ट्रिय उडानको लागि न्यारोबडी ८ थान, वाइडबडी २ थान र आन्तरिक उडानको लागि Trunk मा ४ थान र STOL मा ४ थान विमान थप गरी बिमानको संख्या १८ पुऱ्याउने योजना रहेको छ । उक्त योजनामा अन्तर्राष्ट्रियतर्फ दश वर्षको अवधिमा कुल सिट उत्पादनको ६८ प्रतिशत एशिया क्षेत्रमा, २६ प्रतिशत खाडी मुलुकहरुमा, ३.४ प्रतिशत युरोप र २.६ प्रतिशत अष्ट्रेलियामा केन्द्रित रहने लगायतका व्यहोरा उल्लेख छन्। जोखिम विश्लेषण वेगर तयार गरेको उक्त योजनाको कार्यान्वयन अवस्था कमजोर रहेको छ । निगमले बजार र प्रतिस्पर्धाको माग अनुरुप अध्ययन, विश्लेषण र पुनरावलोकन गरी व्यवसायिक योजना परिमार्जन गर्नुपर्ने देखिएको छ ।

३. **वाईडबडी विमान सञ्चालनः** निगमको सञ्चालक समितिले २ वाईडबडी विमान सञ्चालनको व्यावसायिक योजना २०७३।६।८ मा स्वीकृत गरी खरिद गरिएका जहाज निगमको स्वीकृत कार्यक्रम अनुसार जापान, चीनको ग्वाङजाउ र दक्षिण कोरियामा २०७५ चैत्र मसान्तसम्म उडान गरी सक्ने लक्ष्य रहेकोमा यस वर्षको अन्त्यसम्म पनि थप सेक्टरमा उडान नगरेको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ । न्यारोबडि २ बिमान A320-AKW र A330-ALZ को प्रति दिन १३.६ र १४ घण्टामात्र उडान गरेको छ । लामो दूरीको गन्तव्यको लागि वाइडबडी प्रयोग गरिने र यसको उडान अधिकतम समय भएमा तुलनात्मक रुपमा बढी लाभ उठाउन सकिन्छ । लामो दुरीको उडान गन्तव्यको अभावमा वाईडबडि पुर्ण क्षमतामा सञ्चालन गर्न सकिएको छैन । लामो दुरीको गन्तव्य नारिता, जापान बाहेक अन्य नहुनाले ए३३० बाट निगमले अपेक्षित फाईदा लिन सकेको छैन । वाईड बडी विमान A330-ALY र A330-ALZ को उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा प्रति दिन ११.४ र ११.१ घण्टामात्र उडान गरेको छ । यसबाट निगमको व्यवसायिक योजनाअनुसार आय प्राप्त हुन नसकेको, पूर्ण क्षमता अनुसार थप उडानका क्षेत्रहरु पहिचान गरी उडान गर्न नसकेको र विमान सञ्चालन तथा व्यवस्थापन कार्य प्रभावकारी रुपमा अगाडि बढाएको देखिदैन ।

४. **सांयोगिक दायित्व र विचाराधिन मुद्दाहरुः** निगमले आयकर ऐन, २०५८ को दफा ८७(१) अन्तर्गत कर्मचारीलाई छुट दिएको टिकट वापतको रु.४ करोड ३९ लाख कर्मचारीको आम्दानीमा ब्याज र जरिवाना सहित आन्तरिक राजस्व विभागले लगाएको मुद्दाको विरुद्धमा आयकर ऐन, २०५८ को दफा ११६ अन्तर्गत राजस्व न्यायधिकरणमा २०७६।२।३० मा निवेदन दिएकोमा निर्णय हुन बाँकी रहेको छ । निगमले आर्थिक वर्ष २०७२।७३ र २०७३।७४ को कर्मचारीलाई छुट टिकट वापतको आम्दानी रु.४ करोड २२ लाख र रु.२ करोड ९२ लाख अन्तर्गत निर्धारण गरिएको रकम भुक्तानी गरेको छैन । निगमले आन्तरिक राजस्व विभागले गरेको आर्थिक वर्ष २०७४।७५ को आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम जहाज मर्मतमा रु.१ करोड ६७ लाख र दफा ८७(१) बमोजिम कर्मचारीको छुट टिकटमा रु.२ करोड ४ लाख कर, ब्याज र जरिवाना निर्धारण गरेकोमा २०७९।५।७ मा दफा ११५ बमोजिम आन्तरिक राजस्व विभागमा प्रशासनिक पुनरावलोकनको लागि २५ प्रतिशत विवादित रकम दाखिला गरेकोमा २०८०।२।२४ मा थप रकम रु.४ करोड ५० लाख दाखिला गरी आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम राजस्व न्यायधिकरणमा निवेदन दिएको छ । लेखापरीक्षणको क्रममा निगमसँग सम्बन्धित २३ वटा मुद्दाहरु विभिन्न निकायमा अग्रिम आयकर, दोहोरो पारिश्रमिक, बढुवा, टिकट रकम, कम्पनीकरण विरुद्धको मुद्दा, ईन्जिन लिज/मर्मत आदि प्रकृतिका विषयहरु विचाराधिन रहेको पाईयो। यसरी विचाराधिन रहेका मुद्दाहरुबाट निगमलाई पर्न सक्ने सम्भावित नोक्सानीका लागि निगमले पर्याप्त सांयोगिक दायित्व (Contingent Liability) को व्यवस्था गरेको पाईएन ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी निगमको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले निगमको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै निगमलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। निगमको व्यवस्थापनको लागि उत्तरदायी पक्षले निगमको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन्/ छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस निगममा २०८१।९।१२ मा पठाइएको छ।**

सांस्कृतिक संस्थान

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

संस्कृतिमा नवजागरण ल्याई सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन गराउने, सांस्कृतिक कार्यक्रम तयार गरी त्यसको सजीव प्रदर्शन गर्ने लगायतका उद्देश्य राखी २०१८ सालमा स्थापित राष्ट्रिय नाचघरको नाम परिमार्जन गरी सञ्चार संस्थान ऐन, २०२८ अनुसार २०२९।३।५ मा यस संस्थानको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थानले नियमित कार्यक्रम अन्तर्गत निःशुल्क तथा सुपथ मूल्यमा टिकट बिक्री गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउन धार्मिक, सामाजिक तथा हाँस्य नाटकका अतिरिक्त गीति नाटक, नृत्य, नाटक, प्रहसन, लोक गीत, आधुनिक गीत एवम् परम्परागत शास्त्रीय नृत्य तथा लोक नृत्य कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। संस्थानमा स्थायी २४ र करार २३ गरी ४७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति तथा जायजेथा				
गैर चालु सम्पति				
स्थिर सम्पत्ति	८८,९३		६२,१३	
सम्पत्तिमा लगानी	९८,८५,१९		१२,४७,१४	
कुल गैर चालु सम्पति		**९९,७४,१३**		**१३,०९,२८**
चालु सम्पति				
धरौटी	४४		४४	
अन्य आसामी	१,९१,०७		७८,५०	
निक्षेप (सम्पत्ति)	५,४३		५,०४	
बैङ्क मौज्दात	८,७२		१५,२९	
कर्मचारी पेस्की	५,६३		८,००	
अग्रिम आयकर	१,६२,६७		२,३४,५८	
कुल चालु सम्पति		**३,७३,९५**		**३,४१,८४**
कुल सम्पति		**१,०३,४८,०८**		**१६,५१,१२**
पुँजी तथा दायित्व				
इक्विटी				
सेयर पुँजी	१,३२,०९		१,३२,०९	
पुँजीगत जगेडा कोष	३,१९		३,१९	
जगेडा कोष	(५२,९५,९१)		(२७,८८,७९)	
डिमोबिलाइजेशन कोष	५,००		५,००	
पुनर्मुल्याङ्कन कोष	८७,००,४१		०	
कुल इक्विटी		**३५,४४,७७**		**(२६,४८,५१)**
दायित्व				
गैर चालु दायित्व				
ऋण तथा सापटी	३,७५,०५		४,८५,२५	
कोष तथा अन्य व्यवस्था	१,७९,८५		६९,५२	
स्थगन कर दायित्व	२२,३७,७२		२०,४१	
कुल गैर चालु दायित्व		**२७,९२,६२**		**५,७५,१७**
चालु दायित्व				
नेपाल सरकारको ऋण	३५,४६,३९		३३,४१,१८	
कर दायित्व	१,०३,९३		१,१५,८४	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
हलबापतको धरौटी	२४,८८		२६,५९	
विविध दायित्व	४,०१		१९,९६	
उपदान दायित्व	३,००,६१		२,१६,३५	
अन्य दायित्व	३०,८६		४,५४	
कुल चालु दायित्व		**४०,१०,६९**		**३७,२४,४६**
कुल पुँजी तथा दायित्व		**१,०३,४८,०८**		**१६,५१,१२**

२. **सञ्चालन नतिजा -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
हल भाडा आम्दानी	१,६०,६९		१,३०,६०	
कार्यक्रम सञ्चालन आम्दानी	१,१५,७८		३२,०८	
कुल आम्दानी		**२,७६,४७**		**१,६२,६८**
गैर सञ्चालन आय				
अनुदान	१,६०,००		१,६०,००	
ब्याज आम्दानी	८९		९४	
घर बहाल आम्दानी	३,३६,४१		३,३८,८६	
अन्य आम्दानी	४५,७९		४१,४९	
कुल गैर सञ्चालन आय		**५,४३,०९**		**५,४१,२९**
खर्च				
कार्यक्रम सञ्चालन खर्च	१,२०,०५		५४,०८	
कार्यालय खर्च	६६,०८		४८,४६	
प्रशासनिक खर्च	९०,२३		६९,२०	
कर्मचारी खर्च	४,३५,७५		४,११,०४	
हल सञ्चालन खर्च	२५,२७		१९,६३	
ह्रास कट्टी, परिशोधन तथा क्षयीकरण	७७,०४		८१,३९	
कुल खर्च		**८,१४,४२**		**६,८३,८०**
खुद मुनाफा/(नोक्सान)		**५,१४**		**२०,१७**
वित्तीय खर्च		**९५,०१**		**९५,०१**
कर र बोनस अघिको मुनाफा/(नोक्सान)		**(८९,८७)**		**(७४,८४)**
स्थगन कर आम्दानी/(खर्च)		**(४०,४१)**		**(१८,४५)**
खुद मुनाफा/(नोक्सान)		**(१,३०,२८)**		**(९३,२९)**

३. **दायित्व व्यवस्थापन -** संस्थानको वित्तीय विवरणअनुसार दायित्व हिसाब अन्तर्गत पुँजीगत जगेडा कोष रु.३ लाख १९ हजार, डिमोबिलाइजेशन कोष रु.५ लाख, सञ्चित विदा तथा उपदान कोष रु.७ लाख ८० हजार, अक्षय कोष रु.५ लाख ९२ हजार र कर्मचारी कल्याण कोष रु.४ लाख ४५ हजारसमेत रु.२७ लाख रहेकोमा सो बराबर लगानी वा बैङ्क मौज्दात रहेको देखिएन।

४. **हल बुकिङ्ग धरौटी -** हल बुकिङ्गको लागि अग्रिम प्राप्त धरौटी दायित्व रु.२४ लाख ८८ हजार रहेकोमा धरौटीको बैङ्क खातामा रु.५ लाख ८८ हजार मात्र मौज्दात देखिन्छ। धरौटी रकम अन्य प्रयोजनमा खर्च गर्ने प्रवृत्ति नियन्त्रण गरी यस्तो दायित्व यथासमयमा फरफारक गर्नुपर्दछ।

५. **ऋण हिसाब -** संस्थानले नेपाल सरकारबाट लिएको ऋणको किस्ता तथा ब्याज तोकिएको भाखाभित्र बुझाउनुपर्नेमा सो नगरेकोले यो वर्ष तिर्नुपर्ने सावाँ रु.२० करोड २७ हजार र ब्याज रु.१५ करोड ४६ लाख १२ हजारसमेत रु.३५ करोड ४६ लाख ३९ हजार पुगेको छ। संस्थानलाई दक्षतापूर्वक सञ्चालन गर्न स्रोत परिचालन सहितको विकल्प पहिचान गर्नुपर्दछ।

❖ लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले सांस्कृतिक संस्थानको यसैसाथ संलग्न २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं । हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक सांस्कृतिक संस्थानको वित्तीय विवरणहरुले २०८१ आषाढ मसान्तको आर्थिक तथा उक्त अवधिको नाफा नोक्सान हिसाब यर्थाथ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. वित्तीय विवरणमा रहेको पुँजीगत जगेडा कोषको रू.३ लाख १९ हजार, डिमोलाइजेशन भ्यालुको रू.५ लाख, निर्माण व्यवसाय कोषको रू.६४ हजार, सञ्चित विदा तथा उपदान कोषको रू.७ लाख ८० हजार, अक्षय कोषको रू.५ लाख ९२ हजार र कर्मचारी कल्याण कोषको (तिर्नुपर्ने दायित्व अन्तर्गत रहेको) रू.४ लाख ४५ हजारसमेत जम्मा रू.२७ लाखको कोष खडा गरिएकोमा लगानी वा निश्चित बैङ्क खातामा सुरक्षित नरहेको हुँदा सो रकम पुष्टि हुन सकेन।

२. हल बुकिङ्ग धरौटी दायित्व रू.२४ लाख ८८ हजार पुगेको छ। संस्थानको धरौटी रकम दाखिला हुने एभरेष्ट बैङ्क लिमिटेडमा रू.५ लाख ८८ हजार मौज्दात देखिन्छ। यसरी देखिएको फरक रकमको हिसाब मिलान विवरणसमेत नभएकोले धरौटीबापतको रकम फिर्ता गर्न समस्या पर्ने देखिन्छ। हिसाब रकम मिलान हुनुपर्दछ।

३. आयकर ऐन, २०५८ को दफा ८५ अनुसार प्रत्येक अवधिको कट्टी गरेको अग्रिम कर त्यस महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्नेमा संस्थानले गत विगत वर्षदेखि पारिश्रमिक, उपदान, घरवहाल लगायतको भुक्तानीमा रू. १ करोड ३ लाख ९३ हजार करकट्टी गरी दाखिला गरेको देखिएन। संस्थानको आय स्रोतमा कमी र न्यून अनुदानलगायतका कारण कर दायित्व समयमा दाखिला गर्न नसकेको जवाफ प्राप्त भएको छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गरी सो मान अनुरुप हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षणको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । सांस्कृतिक संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यन्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मानसिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकार लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सँधै पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य मुख्य बुँदाहरु निम्नानुसार छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरिक्षणको जोखिम मूल्याँकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याँकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विशलेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८१।११।२५ मा पठाइएको छ।**

आंशिक स्वामित्व भएको सङ्गठीत संस्था

खण्ड-घः लेखापरीक्षण प्रतिवेदन
अधिकांश स्वामित्व भएका संगठित संस्था

अर्थ मन्त्रालय

आरविवि मर्चेन्ट बैङ्किङ लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको शतप्रतिशत इक्विटी होल्डिङ्ग भएको सहायक कम्पनीको रूपमा यो संस्था कम्पनी ऐन, २०६३ अनुसार २०७२।१०।१५ मा स्थापना भएको हो। कम्पनीले नेपाल धितोपत्र बोर्डद्वारा मर्चेन्ट बैङ्किङ सञ्चालन इजाजतपत्र प्राप्त गरी कार्य गर्दै आएको छ। कम्पनीको चुक्ता पुँजी रु.२० करोड रहेको छ। कम्पनीमा २५ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२९,९०		२८,७५	
अमूर्त सम्पत्ति	८,०१		११,२२	
लिज सम्पत्ति	३०,५६		४१,६७	
स्थगन कर सम्पत्ति	११,४६		३४,१८	
अन्य सम्पत्ति	२४,३७		६,२५	
कुल गैर चालु सम्पत्ति		**१,०४,३०**		**१,२२,०७**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१३,००,३४		११,७८,४८	
व्यावसायिक तथा अन्य प्राप्य रकम	१,२८,७५		१,४३,८६	
मुद्दती खाता लगानी	१८,२२,००		१७,९२,००	
अन्य आयमार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति	३,३८,५१		३,२२,२०	
नाफा वा नोक्सानमार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति	४,७९,९८		३,८५,९५	
पूर्व भुक्तानी खर्च र अन्य अग्रिम भुक्तानी	४,६२		२,८१	
चालु कर खर्च			१,१०	
कुल चालु सम्पत्ति		**४०,७४,२०**		**३८,२६,४०**
कुल सम्पत्ति		**४१,७८,५०**		**३९,४८,४७**
इक्विटी				
सेयर पुँजी	२०,००,००		२०,००,००	
अन्य जगेडा कोष	१,८३,०२		८२,७३	
सञ्चित नाफा	३,७७,९१		३,००,८६	
कुल इक्विटी		**२५,६०,९३**		**२३,८३,५९**
दायित्व				
गैर चालु दायित्व				
लिज दायित्व	३६,३९		४५,६७	
कुल गैर चालु दायित्व		**३६,३९**		**४५,६७**
चालु दायित्व				
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१४,७९,६६		१४,५६,६१	
कर्मचारी सुविधा दायित्व	३१,६६		२८,५१	
4	**Investment valuation and impairment** The bank's investments include holdings in government bonds, T-bills, and both quoted and unquoted equity instruments. The valuation of these securities is carried out in accordance with NFRS and NRB Directive requirements. Investments in government and NRB bonds, as well as T-bills, should be recognized at an amortized cost on the reporting date. Meanwhile, other equity investments, excluding those held for trading, are to be valued at fair value through Other Comprehensive Income. Due to the different valuation treatments based on the nature of cash flows, the adopted business model, the complexity of the calculations, and the materiality of the amounts involved, we have identified this as a Key Audit Matter.	Our audit approach regarding verification of the process of investment valuation, identification and impairment included: a. Review of the investment of the bank and its valuation having reference to NFRS and NRB Directive 4 read with 8. b. Assessing the nature of the expected cash flow of the investments as well as the business model adopted by the management on the basis of available evidence/circumstances and ensure that the classification of investment is commensurate with the nature of cash flow and management's intention of holding the investment. c. Test checking the effective interest rate and amortization schedule on a test basis for the investment valued at amortized cost. d. Ensuring that fair valuation has been done at the closing rate in NEPSE at the year-end for quoted investment and for the unquoted investment, net assets value based on the audited financial statements or latest available unaudited financial statements.

Information Other than Financial Statements and Auditor's Report Thereon

Management is responsible for the other information. The other information comprises the information included in the annual report but not included in the financial statements and our auditor's report thereon. The annual report is expected to be made available after the date of this auditor's report.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, we will consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit, or otherwise appears to be materially misstated.

When we read the annual report, if we conclude that there is a material misstatement therein, we are required to request management and those charged with governance to correct the material misstatement.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Bank or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As a part of audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the financial statements whether due to fraud or error, design and perform audit procedure responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide an opinion. The risk of not detecting an material misstatement resulting from fraud is higher than one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentation, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of internal control.
- Conclude an appropriateness of management use of going concern basis of accounting and, based in audit evidence obtained, whether a material uncertainty exists related to events or condition that may cast significant doubt on the Bank's ability to continue as going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Bank to cease to continue as going concern.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Evaluate the overall presentation, structure, and content of financial statement including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities to express an opinion on the financial statements. We remain solely responsible for our audit opinion.

We communicate with those charges with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related standards.

Report on Other Legal and Regulatory Requirement

We further report that:

- We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose for our audit.
- The financial statements including the statement of financial position, statement of profit or loss, statement of other comprehensive income, statement of changes in equity, statement of cash flows including a summary of significant accounting policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Company Act, 2063 and Bank and Financial Institution Act 2073, and they are in agreement with the books of accounts of the Bank; and the accounts and records of the Bank are properly maintained in accordance with the prevailing laws.
- The bank operates a centralized core accounting system, and while the statements received from the bank's branches not independently audited were adequate for the purpose of our audit.
- To the best of our information and according to the explanations given to us and from our examination of the books of account, we observed that the loans have been written off as specified, the business of the

bank was conducted satisfactorily, and Bank's transactions were found to be within the scope of its authority.

- We did not come across the cases of accounting related fraud and cases where the Board of Directors or any member thereof or any employee of the Bank have acted in contrary with the provisions of the law relating to accounts or caused loss or damage to the Bank or committed any misappropriation of the funds of the bank or violated any directive of Nepal Rastra Bank.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका संयुक्त लेखापरीक्षकले त्यस बैङ्कमा २०८१।९।२९ मा पेश गरेका छन्।**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा साविक कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था २०५० मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट सञ्चालन भइरहेको छ। यो कम्पनीले नेपालमा सङ्गठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ। नेप्से धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेन्ज हो। यस कम्पनीमा नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ९.५१ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्कको ११.२३ प्रतिशत, लक्ष्मी बैङ्क लिमिटेडको ५ प्रतिशत, प्रभु बैङ्क लिमिटेडको ५ प्रतिशत र अन्यको ०.६० प्रतिशत सेयर रहेको छ।

१. **वित्तीय प्रतिवेदन -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ २०८१		३१ अषाढ २०८०	
गैर चालु सम्पत्ति				
अमूर्त सम्पत्ति	७१८६		२८२०३	
सम्पत्ति, जायजेथा र उपकरणहरू	१०३६३९		१३३८६१	
पुँजीगत निर्माणाधीन सम्पत्ति	६३६४			
लगानी	५१८५४४१		४४४२२३१	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	५६७८०		५०५९३	
अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी	२७८		२७८	
जम्मा गैर चालु सम्पत्ति		**५३५९६८८**		**४६५५१६६**
चालु सम्पत्ति				
अग्रिम भुक्तानी, रकम सापटी र धरौटी	७३४७०		७४८५१	
लगानी	२६१००००		२२८००००	
आसामी	७५५२४		५७५८३	
आयकर सम्पत्ति (खुद)	१४९०८३		१०७४६२	
नगद तथा नगद सरह	२९०१३५		३९७२०९	
जम्मा चालु सम्पत्ति		**३१९८२१२**		**२९१७१०५**
जम्मा सम्पत्ति		**८५५७९००**		**७५७२२७१**
गैर चालु दायित्व				
निश्चित अवकाश सुविधा दायित्व	४८५१५		४२७३५	
स्थगन कर दायित्व (खुद)	१००१३७४		८४७६२२	
कुल गैर चालु दायित्व		**१०४९८८९**		**८९०३५७**
चालु दायित्व				
व्यवस्था	६५६०५		१५१३८१	
व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	३१०५४४		२४८१९७	
कुल चालु दायित्व		**३७६१४९**		**३९९५७८**
पुँजी				
सेयर पुँजी	१००००००		१००००००	
सञ्चित मुनाफा	१५०७०८०		१३४८७७७	
अन्य पुँजी तथा कोष	४६२४७८२		३९३३५५९	
कुल सेयरधनी पुँजी		**७१३१८६२**		**६२८२३३६**
कुल पुँजी तथा दायित्व		**८५५७९००**		**७५७२२७१**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आम्दानी				
धितोपत्र करोबारबाट आम्दानी	१०५२९४७		६९३८६५	
सङ्गठित सदस्यलाई दिइएको सेवाबाट आम्दानी	१४७२४५		१४७१६६	
कुल सञ्चालन आम्दानी		**१२००१९२**		**८४१०३१**
अन्य आम्दानी	५९६१९२		६२७९६८	
कुल आम्दानी		**१७९६३८४**		**१४६८९९८**
प्रशासनिक तथा अन्य खर्च				
धितोपत्र कारोबारमा कमिशन (सेवा शुल्क)	२६१०२०		१७०८१८	
कर्मचारी खर्च	६९३३६		६१७५८	
ह्रास कट्टी र परिशोधन खर्च	५४०११		५४२१५	
अन्य सञ्चालन खर्च	७१२५२		८३२६९	
कुल प्रशासनिक तथा अन्य खर्च		**४५५६१९**		**३७००६०**
आयकर, बोनस तथा अगाडिको मुनाफा		**१३४०७६५**		**१०९८९३९**
बोनस खर्च	१३२७५		५२३३०	
आयकर अगाडिको मुनाफा		**१३२७४९०**		**१०४६६०९**
आयकर खर्च	३१९२७४		२३४५२३	
स्थगन कर खर्च / (आम्दानी)	(५५०२)		(६५९७)	
खुद नाफा		**१०१३७१८**		**८१८६८३**

३. **पुँजीगत जगेडा र पुँजीगत अनुदान खाता मिलान -** नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सीएमसी, भारतबिच १२ सेप्टेम्बर, २०१० मा भएको सम्झौताबमोजिम नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको लागि सिएमसि, भारतबाट स्वचालित कारोबार सफ्टवेयर खरिद गरेको थियो। सोको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले नेपाल सरकारमार्फत भारत सरकारबाट प्राप्त अनुदान रकम रु.१४ करोड ७२ लाख खर्च गरेको र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई उक्त सफ्टवेयर हस्तान्तरण गरेबापत रु.१०० का दरले १४ लाख ७२ हजार कित्ता सेयर प्राप्त गरेको साथै नगद भुक्तानी गरी रु.१०० का दरले १५ लाख २८ हजार कित्ता सेयर प्राप्त गरेको छ। सो अनुदानको रकम स्टक एक्सचेञ्जले पुँजीगत जगेडा अनुदान खातामा जम्मा गरेको पाइयो। स्टक एक्सचेञ्जको पुँजीगत जगेडा र पुँजीगत अनुदान खातामा खर्च लेखी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको उक्त सेयर नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्दछ।

४. **सूचीकरण नियमावलीको परिपालना -** नेपाल स्टक एक्सचेञ्जको सूचीकरण नियमावली अनुसार सूचीबद्ध कम्पनीहरूले वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र तथा त्रैमासिक प्रतिवेदन ३० दिनभित्र नेपाल स्टक एक्सचेञ्जको वेबसाइटमा अपलोड गर्नुपर्ने व्यवस्था छ। संस्थाले उक्त नियम पालना नगर्ने कम्पनी विरुद्ध कुनै कारबाही गरेको देखिएन। यस्ता कम्पनीको कुल कारोबार यो वर्ष रु.१ अर्ब ५८ करोड रहेको छ। राष्ट्रिय बिमा कम्पनी र विशाल बजार कम्पनीले पटक-पटक नियम उल्लङ्घन गरे तापनि नेपाल स्टक एक्सचेञ्जले कारबाही गरेको देखिँदैन। विशाल बजार कम्पनीले लेखापरीक्षण भएको वित्तीय विवरण राख्नुपर्ने ठाउँमा २०८१।८।१४ मा लेखापरीक्षण नभएको वित्तीय विवरण अपलोड गरेको देखिएको छ। नियमावलीको पालना नगर्ने उपर आवश्यक कारबाही गर्नुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको राय

हामीले नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) (यस पछि 'कम्पनी' भनिएको) को वित्तीय विवरणहरूको लेखापरीक्षण गरेका छौं। जसमा अषाढ ३१, २०८१ (तदअनुसार जुलाई १६, २०२४) को मितिमा समाप्त हुने आर्थिक वर्षको वित्तीय स्थितिको विवरण, नाफा नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, र वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरू जसमा महत्वपूर्ण लेखा नीतिहरूको सारांश समेत समावेश छ।

हाम्रो रायमा, सलग्न वित्तीय विवरणहरुले समुहको २०८० आषाढ मसान्त (तदनुसार १५ जुलाई २०२४) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान तथा अन्य व्यापक आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही कम्पनीलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

रायको आधारहरु

हामीले नेपाल लेखापरीक्षगमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं। यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ति लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यसायीहरुको आचार संहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

लेखापरीक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरीक्षण सम्बन्धि मूख्य विषयहरु हुन। यी विषयहरु वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गरिएका लेखापरीक्षण सम्वन्धि मुख्य विषयहरूका रुपमा निर्धारण गरेका छौं।

लेखापरीक्षण सम्बन्धि मूख्य विषयहरु	लेखापरीक्षकको प्रतिकिया
१. लगानी पहिचान, मूल्याङ्कन तथा परिशोधन	
यस कम्पनीको लगानी अन्तर्गत सुचिकरण भएका वा नभएका शेयरमा लगानी ऋणपत्रमा लगानी र आवधिक बचतमा लगानी रहेको उल्लेखित लगानीहरुको मुल्यांकन गर्दा NAS ३९ र NAS ९ को अनुपालनमा गरिएको छ । ऋणपत्र र आवधिक बचतमा भएको लगानीलाई प्रतिसोधित लागत मूल्यमा उल्लेखित गर्नुपर्दछ र विक्री गर्ने मनासायले गरिएको शेयर लगानी बाहेक अन्य शेयर लगानीलाई अन्य व्यापक आयको विवरण मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिनुपर्दछ। नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्याङ्कन प्रद्धति, व्यवसायिक प्रणाली, गणनाको	लगानी पहिचान, मूल्याङ्कन र परिशोधन प्रमाणिकरणका सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती देहायबमोजिम रहेको छ: नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कम्पनीको लगानी र यसको मुल्याङ्कन सम्बन्धी विवरणहरूको जाँच गर्यो । उपलव्ध प्रमाणहरूको आधारमा हामीले लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति र व्यवसायिक प्रणालीको मूल्याङ्कन गरी र सोको आधारमा लगानीको वर्गीकरण भए नभएको बारेमा सुनिश्चित गर्यो । परिशोधित लागत अन्तर्गत मूल्याङ्कन गरिएको लगानीको मुल्याङ्कनका लागि हामीले नमुना छनौट गरी प्रभावकारी व्याजदर तथा परिशोधित तालिका बमोजिम लगानीको मूल्याङ्कन परीक्षण गर्यो ।

जटिलता र त्यस्ता लगानीहरुमा संलग्न रकमको महत्वलाई लेखापरीक्षणको मुख्य विषय मानिएको छ।	अन्य व्यापक आय मार्फत मूल्याङ्कन गरिएको सुचिकृत धितोपत्रको हकमा, हामीले कम्पनीमा २०८१ आषाढ मसान्त वा सो मितिमा उपलब्ध हुन नसकेको अवस्थामा सो कारोबार मूल्यको आधारमा र सुचिकृत नभएको लगानीको हकमा लगानीमा रहेको निहित जोखिम तथा अनुमानित प्रतिफलको संयोजन गरी उचित मुल्याङ्कन गरिएको बारे सुनिश्चित गर्यो।
२. सूचना प्रविधि (सामान्य नियन्त्रण)	
कम्पनीमा व्यवसाय सञ्चालनका लागि सूचना प्रविधि प्रणालीले महत्वपूर्ण भूमिका खेल्दछ। कम्पनीको अधिकांश व्यवसायिक कारोवारहरु कम्पनीको सूचना प्रविधि प्रणाली मार्फत भईरहेको तथा कम्पनीको सहज कार्य सम्पादन र वित्तीय विवरणहरुको यथार्थ चित्रणका लागि पनि सूचना प्रविधि पूर्वाधारहरु महत्वपूर्ण हुने गर्दछन् । कारोबारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरुका उत्पादनहरुको र विश्वसनीय सूचना प्रविधि, सफ्टवेयर तथा अन्य सम्बद्ध प्रणालीको प्रभावकारितामा भर पर्दछ। सूचना प्रविधि प्रणालीमा भएका त्रुटिहरु, गलत तथ्याङ्क तथा प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियमकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकोले हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयको रुपमा लिएका छौ।	कम्पनीको सूचना प्रविधि प्रणालीसम्बन्धी हाम्रो लेखापरीक्षण पद्दती देहायबमोजिम रहेको छ: कम्पनीद्वारा प्रयोग गरिएको सफ्टवेयरको कोडिङ प्रणाली बारे बुझ्यौं। कम्पनीमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरुको उत्पादन प्रक्रियाबारे बुझ्यौं। कम्पनीको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरणहरूको समेत परिमार्जन भएको सुनिश्चित गर्यौं । प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यो। हामीले कमिसन बापतको आय, सो बापतको खर्च र लगानीकर्ताको पूँजीगत लाभकरको गणना नमुना छनौट गरी सोको आधारमा सफ्टवेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यौं । कम्पनीद्वारा हामीलाई उपलब्ध गराईएको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा हामीले विश्वास गरी हाम्रो लेखापरीक्षण सम्पन्न गर्यौं ।

अन्य विषयहरु

१. पूँजीगत जगेडा/पूँजीगत अनुदान खाता मिलान

नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिएमसी, भारत विच १२ सेप्टेम्बर, २०१० मा भएको सम्झौता बमोजिम नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सिडिएस एण्ड क्लियरिङ लिमिटेडको लागि सिएमसी, भारतबाट स्वचालित कारोबार सफ्टवेयर खरिद गरीएको थियो। सोको लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडले नेपाल सरकार मार्फत भारत सरकारबाट प्राप्त अनुदान रकम रु. १४,७२,००,००० (चौध करोड बहत्तर लाख रुपैयाँ) खर्च गरेको र नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सिडिएस एण्ड क्लियरिङ लिमिटेडलाई उक्त सफ्टवेयर हस्तान्तरण गरे बापत रु. १०० दरको १४,७२,००० कित्ता शेयर प्राप्त गरेको साथै नगद भुक्तानी गरी रु. १०० दरको १५,२८,००० कित्ता शेयर प्राप्त गरेको छ। सो अनुदानको रकम नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पूँजीगत जगेडा पूँजीगत अनुदान खातामा जम्मा गरेको छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पूंजीगत जगेडा/पूँजीगत अनुदान खातामा खर्च लेखी रु. १४,७२,००,००० बराबरको रु. १०० दरको १४,७२,००० कित्ता सिडिएस एण्ड क्लियरिङ लिमिटेडको शेयर नेपाल सरकारलाई हस्तान्तरण गरी पूँजीगत जगेडा पूँजीगत अनुदानको रकम समायोजन गर्ने तर्फ आवश्यक निर्णय गर्न उपयुक्त देखिन्छ।

२. कर्मचारी कल्याण कोषको व्यवस्था

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले कर्मचारी कल्याणकारी कोषको व्यवस्था कर पछिको खुद मुनाफाको एक प्रतिशतले हिसाव गरी संचित मुनाफाबाट ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणबाट कर्मचारी कल्याणकारी कोषमा रकमान्तर गरी दायित्वमा देखाएको छ।

३. बोनस खर्च

कर्मचारीहरुलाई वोनस पेश्की स्वरुप ६ महिनाको तलब बराबरको रकम वितरण गरीएको छ। त्यसरी वितरण भएको पेश्की रकमलाई अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी अन्तर्गत प्रस्तुत गरीएको छ भने बोनस दायित्वको रकम व्यवस्था अन्तर्गत प्रस्तुत गरीएको छ ।

४. अन्य जानकारी (वित्तीय विवरण तथा त्यस उपरको लेखापरीक्षकको प्रतिवेदन बाहेकको)

अन्य सूचना तथा जानकारीका लागि व्यवस्थापन जिम्मेवार रहेको छ। अन्य जानकारीमा वार्षिक विवरण संगै प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक सञ्चालक समितिको प्रतिवेदन लगायतका प्रतिवेदनहरु पर्दछन। वार्षिक वित्तीय विवरण माथीको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन तथा निचोड व्यक्त गर्दैनौ।

वित्तीय विवरण उपर हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढि त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरूसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने या नदेखिने सम्बन्धमा विचार गर्नु हो। हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात् सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्ता सारभुत असंगत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सूचित गर्नेछौ।

वित्तीय विवरणहरूको लागि व्यवस्थापन र शासनसँग सम्बन्धित व्यक्तिहरूको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धित ऐन, नियम, अभ्यास अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ।

वित्तीय विवरण तयार गर्दा कम्पनीको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले कम्पनी खारेज वा सन्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

शासकीय भूमिका बहन गर्नेहरुले कम्पनीको वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन् ।

वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रोले उद्देश्य समग्रमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएको छैनन् भन्ने कुरामा मनासिव आश्वश्तता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ । मनासिव आश्वश्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षण सारभूतरूपमा गलत वर्णन भएको अवस्था सधै पत्ता लगाउँछ भन्ने प्रत्याभूति होइन। गलत वर्णन वा समष्टिमा जालसाजी वा त्रुटिवाट उत्पन्न हुन

सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक नियतलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र, सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं। यस क्रममा, हामीले

(क) जालसाजी या त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं। जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भूल गर्ने काम, गलत प्रस्तुती वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने 'सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटिको कारणले हुने 'सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिमभन्दा बढी हुन्छ।

(ख) कम्पनीको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षकको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन।

(ग) कम्पनीको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सन्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा कम्पनी अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौ। हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि कम्पनीको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न कम्पनीको वित्तीय जानकारी वा व्यवसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं।

शासकीय भूमिका बहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमीकमजोरीलगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं। शासकीय भूमिका बहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं। यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं।

अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन

कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्ध ऐन, २०६३ को आवश्यकता सम्बन्धित प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पूर्ण रुपमा पाएका छौं।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाव किताब बहिखाता श्रेस्ता र लेखासँग सारभुत रुपमा दुरुस्त रहेका छन्।

(ग) हाम्रो रायमा कम्पनीको हिसावकिताब ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

(घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको नमुना परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीको लेखासँग सम्बन्ध कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखा परीक्षणबाट हामीलाई जानकारीमा आएन।

❖ **माथि उल्लेखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८१।९।७ मा पेश गरेका छन्।**

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

उत्पादकत्वसँग सम्बन्धित सौहार्द्रपूर्ण औद्योगिक सम्बन्ध कायम गर्न तालिम, परामर्श सेवा र अध्ययन, अनुसन्धानमार्फत जनचेतना प्रवर्धन गर्ने उद्देश्यले यस केन्द्रको स्थापना भएको हो। केन्द्रमा नेपाल राष्ट्र बैङ्कको ३१.५२ प्रतिशत, नेपाल सरकारको २३.९५ प्रतिशत, साविकको नेपाल औद्योगिक विकास निगम (हाल राष्ट्रिय वाणिज्य बैङ्क)को १२.६० प्रतिशत, अन्य ८ सङ्गठित संस्थाको २८.१४ प्रतिशत र कर्मचारीको ३.७९ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** केन्द्रको वित्तीय स्थिति निम्नअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सेयर पुँजी	७९,३३		७९,३३	
जगेडा कोष	७६,३२		७६,३२	
नेपाल सरकारबाट प्राप्त ऋण	९,२९,५४		९,२९,५४	
कुल पुँजी तथा दायित्व		**१०,८५,१९**		**१०,८५,१९**
स्थिर सम्पत्ति -परल मूल्य	९०,०७		९०,०१	
ह्रास कट्टी	(८८,६१)		(८८,३२)	
खुद स्थिर सम्पत्ति	**१,४६**		**१,६९**	
जिन्सी मौज्दात	५१		७२	
नगद तथा बैङ्क मौज्दात	२,३४,२९		२,७८,९७	
पेस्की तथा सापटी	१०,४९		७,२६	
लगानी	३०,००		३०,००	
चालु सम्पत्ति	**२,७५,२९**		**३,१६,९५**	
न्यून चालु दायित्व तथा व्यवस्था	३,१७,५०		३,१९,२५	
खुद चालु सम्पत्ति		**(४२,२१)**		**(२,३०)**
नोक्सानी		**११,२५,९४**		**१०,८५,८०**
जम्मा सम्पत्ति		**१०,८५,१९**		**१०,८५,१९**

केन्द्रको वासलातअनुसार यस वर्षसम्मको सञ्चित नोक्सानी रु.१० करोड ४९ लाख ६१ हजार रहेकोमा वासलातमा रु.११ करोड २५ लाख ९४ हजार उल्लेख गरेको छ। रु.७६ लाख ३३ हजार सम्बन्धमा वित्तीय विवरणमा खुलासा गरेको छैन। सो सम्बन्धमा स्पष्ट गर्नुपर्दछ।

२. **सञ्चालन नतिजा -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
आम्दानी	२६,०८		१९,९१	
जम्मा आम्दानी		**२६,०८**		**१९,९१**
खर्च				
प्रशासनिक खर्च	६४,६१		६०,२३	
ह्रास खर्च	२९		३५	
जम्मा खर्च		**६४,९०**		**६०,५८**
सञ्चालन नोक्सानी		**(३८,८२)**		**(४०,६७)**
उपदान कोष खर्च व्यवस्था	३०,६२		१५,७९	
स्वास्थ्योपचार कोष व्यवस्था	६,४९		२,७२	

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चित बिदा कोष व्यवस्था	४,४७		३,९१	
कर्मचारी कल्याणकारी कोष व्यवस्था	४,७४		२,०२	
खुद नाफा/नोक्सान		**(८५,१४)**		**(६५,१२)**
नेपाल सरकारबाट अनुदान प्राप्त	४५,००		४०,००	
खुद नोक्सान		**(४०,१४)**		**(२५,१२)**
गत वर्षसम्मको सञ्चित नोक्सान		**(१०,०९,४७)**		**(९,८४,३५)**
जम्मा बाँडफाँट अघिको नोक्सानी		**(१०,४९,६१)**		**(१०,०९,४७)**

३. **सञ्चित नाफा/नोक्सानी -** केन्द्रले व्यवसाय निरन्तररुपमा कायम रहेको अनुमानको आधारमा वित्तीय विवरण तयार गरेको भए तापनि प्रत्येक वर्ष नोक्सान भएकोले सञ्चित नोक्सानी बढ्दै गएको छ। केन्द्रलाई पुनर्संरचना गरी व्यावसायिक कार्ययोजना अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

४. **वित्तीय प्रतिवेदनमान -** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेमा केन्द्रले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

५. **लगानीकर्ता संरक्षण कोष -** कम्पनी ऐन, २०६३ को दफा १८२(९) अनुसार साधारण सभाले पारित गरेको पाँच वर्षभित्र लाभांश वितरण गर्नुपर्ने र सो अवधिभित्र वितरण नभएमा लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा केन्द्रले पाँच वर्ष व्यतीत भै सकेको रु.२ लाख ७९ हजार लगानीकर्ता संरक्षण कोषमा जम्मा गरेको छैन। उक्त रकमलाई कोषमा दाखिला गर्नुपर्दछ।

६. **ऋण -** नेपाल सरकारबाट प्राप्त ऋण रु.९ करोड ३० लाखको ब्याज गणना गरी महालेखा नियन्त्रक कार्यालयले तोकेको तालिकाअनुसार ब्याज र साँवाको किस्ता भुक्तानी गर्नुपर्नेमा सो अनुसार भएको छैन। व्यावसायिक कार्यकुशलता अभिवृद्धि गरी ऋणको किस्ता तथा ब्याज तिर्नुपर्दछ।

७. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६ (१) अनुसार पब्लिक कम्पनीले कारोबार सुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने, तत्पश्चात आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा केन्द्रले यो वर्ष वार्षिक साधारण सभा गरेको छैन।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले श्री राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, काठमाण्डौको यसै साथ संलग्न २०८० असार ३१ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान खाता, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र त्यस सम्बन्धी प्रमुख लेखा नीतिहरु त्था लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक कम्पनीको यसै साथ संलग्न २०८०।३।३१ को विवरणले नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

कैफियत सहितको रायको लागि आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान बमोजिम सम्पन्न गरेका छौ । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी केन्द्रसँग स्वतन्त्र छौ र हामीले सो बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ ।

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसारका छन् :

१. कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ । कम्पनीले प्रस्ताव वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयार गरेको छैन । नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुन सक्छ ।

२. कम्पनीको व्यवसाय निरन्तररुपमा कायम रहेको (Going Concern) अनुमानको आधारमा वित्तिय विवरण तयार गरिएको भएतापनि प्रत्येक वर्ष आम्दानी भन्दा खर्च धेरै भई नोक्सान बढ्दै गएकोले समयमा नै केन्द्रलाई पुनः संरचना नगरिएमा नगद प्रवाह कम्जोर भई केन्द्रको निरन्तरता माथि नै शंका उत्पन्न हुन जाने देखिन्छ ।

३. नेपाल कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा ९ अनुसार साधारण सभाले पारित गरेको पाँच वर्ष भित्र वितरण गर्नुपर्ने र सो अवधि भित्र वितरण नभएमा लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा, पाँच वर्ष बितिसक्दा पनि रकम रु.२,७८,७९६।१८ लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको देखिदैन ।

४. प्रस्तावित लाभांश संचालक समितिले लाभांश वापत पारित गरेको रु. २३,७९,७५० धेरै वर्ष विति सकेको हकमा साधारण सभाबाट पारित भएको छैन ।

लेखापरीक्षणका मुख्य मामलाहरु

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वितीय विवरणको लेखापरीक्षणमा देखिएका धरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा वाहेक अन्य थप लेखापरीक्षणका विषय वस्तुहरु रहेको छैन ।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको उत्तरदायित्व

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमको त्रुटिरहित, बित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन गर्ने र लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा संबन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन ।

यथार्थ र उचिच चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत पर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यावसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषय वस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार वहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरण लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उदेश्य भनेको समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मूक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चत गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएतापनि लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । त्रटीहरु जलसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइनेछ ।

साथै,

१. वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु त्था खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्टयाईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छडके परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटीको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मुल्याङकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उदेश्य राखिएको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु व परिस्थितिहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अनिश्चितताको आधारमा उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तिय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित रहेको हन्छ तर भविष्यका घटनाहरु व परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुतिकरण, ढाँचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्याङकन गरिन्छ ।

६. अन्य विषयका साथ साथै लेखापरीक्षणमा योजना अनुसारको कार्यक्षेत्र, कार्य समस्या र लेखापरीक्षणको क्रममा पाईएका महत्वपुर्ण कैफियतहरु शसकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सम्पुर्ण सूचना तथा स्पष्टिकरणहरु र जवाफ पाएका छौ ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेष्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएझै ठीकसँग राखिएको छैन ।

ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब, किताब, वहिखाता श्रेष्ता र लेखासँग दुरुस्थ रहेका छन् ।

घ) हामीले लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाहरुको परीक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएका बाहेक संस्थाको संचालक समिति वा त्यसका सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

ङ) संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

च) कम्पनी ऐन २०६३ को दफा ७६ (१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८०(१) अनुसार प्रत्येक पब्लिध कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिन भित्र सो सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेको निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने उल्लेख भए बमोजिम पालना नभएकोले सोको पालना हुन पर्दछ ।

❖ **माथि उल्लेखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस केन्द्रमा २०८१।६।१५ मा पेश गरेका छन्।**

राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७५।७६)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय बिमा संस्थानले गर्दै आएको निर्जीवन बिमा व्यवसाय छुट्टै संस्थाबाट सञ्चालन गर्नको लागि २०७१ मा राष्ट्रिय बिमा कम्पनी लिमिटेड स्थापना भई निर्जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। २०७५।७६ मा कम्पनीको चुक्ता पुँजी रु. २६ करोड ६६ लाख ४९ हजार रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशत, कर्मचारी सञ्चयकोषको २२ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको १०.५६ प्रतिशत र सर्वसाधारणको १९.५४ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति**- कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७६		३२ आषाढ, २०७५	
चुक्ता पुँजी	२६,६६,३९		२६,६६,३९	
जगेडा तथा कोष	१,११,६५,४९		७७,५७,५१	
बिमा कोष	१,३१,५८,३९		८५,३२,०५	
महा-विपत्ति जगेडा	१७,७०,२४		८,७९,९४	
कुल स्रोत		**२,८७,६०,५१**		**१,९८,३५,८९**
उपयोग				
स्थीर सम्पत्ति (खूद)	३,१६,५६		३,३४,०६	
दीर्घकालीन लगानी	१,१४,६६,८९		८४,७८,६९	
दीर्घकालीन कर्जा	३५,६५,५९		३४,४५,४२	
कुल सम्पत्ति, लगानी र कर्जा		**१५३४९०४**		**१२२५८१७**
चालु सम्पत्ति, कर्जा तथा पेस्की				
नगद तथा बैङ्क मौज्दात	३६,२७,९६		३३,१३,९८	
अल्पकालीन लगानी	३,८०,००,००		३,३५,००,००	
अल्पकालीन कर्जा	-		-	
अन्य सम्पत्ति	१,१८,८३,८४		८७,८८,२९	
जम्मा चालु सम्पत्ति, कर्जा तथा पेस्की (क)	**५,३५,११,८०**		**४,५६,०२,२८**	
चालु दायित्व तथा व्यवस्था				
चालु दायित्व	७२,६३,२३		६१,०९,२३	
असमाप्त जोखिम वापत व्यवस्था	१७,३५,२०		१२,२४,२६	
भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	४१,९६,१५		५२,३८,४२	
अन्य व्यवस्था	२,६९,१४,३६		२,५४,६१,२४	
जम्मा चालु दायित्व तथा व्यवस्था (ख)	**४,०१,०८,९३**		**३,८०,३३,१६**	
खुद चालु सम्पत्ति (ग=क-ख)		**१,३४,०२,८७**		**७५,६९,१२**
अपलेखन वा समायोजन हुनबाँकी विविध खर्च		८,६०		८,६०
नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-		-	
कुल उपयोग		**२,८७,६०,५१**		**१,९८,३५,८९**

कम्पनीको जगेडा तथा कोष गत वर्षको तुलनामा ४३.९३ प्रतिशत वृद्धि भई रु.१ अर्ब ११ करोड ६५ लाख ४९ हजार पुगेको छ। बिमा कोष र महाविपत्ती जगेडा गत वर्षको तुलनामा क्रमशः ५४.२२ र १०१.१८ प्रतिशतले वृद्धि भई क्रमशः रु.१ अर्ब ३१ करोड ५८ लाख ३९ हजार र रु.१७ करोड ७० लाख २४ हजार पुगेको छ।कम्पनीको दीर्घकालीन लगानी ३५.२४ प्रतिशत वृद्धि भई रु.१ अर्ब १४ करोड ६६ लाख ८९ हजार पुगेको छ।त्यस्तै अन्य सम्पत्ति ३५.२२ प्रतिशत वृद्धि भई रु.१ अर्ब १८ करोड ८३ लाख ८४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७५।७६		२०७४।७५	
आय				

विवरण	२०७५।७६		२०७४।७५	
बिमा शुल्क (खुद)	२६,२४,४७		१८,५५,६७	
पुनर्बिमा कमिशन आय	२१,०६,२८		१३,६६,५७	
लगानी, कर्जा तथा अन्यबाट आय	३०,४८,२७		२५,३०,५२	
आर्थिक वर्षको शुरूको भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	५२,३८,४२		३७,९३,६५	
आर्थिक वर्षको शुरूको असमाप्त जोखिम वापत व्यवस्था	१२,२४,२६		१६,०१,२२	
जम्मा आम्दानी		**१,४२,४१,७०**		**१,११,४७,६३**
व्यय				
दाबी भुक्तानी (खुद)	७,१३,२०		६,६७,५१	
अभिकर्ता कमिशन	४७,८०		४०,७५	
पुनर्विमा कमिशन खर्च	१,७६		-	
सेवा शुल्क (खुद)	२६,२४		१८,५६	
व्यवस्थापन खर्च	१३,७६,८४		९,५५,८५	
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	४१,९६,१५		५२,३८,४२	
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम वापत व्यवस्था	१७,३५,२०		१२,२४,२६	
जम्मा व्यय		**८०,९७,१९**		**८१,४५,३५**
नाफा नोक्सान हिसाबमा सारेको बचत		**६१,४४,५१**		**३०,०२,२८**

कम्पनीको कुल आम्दानी गत वर्ष रु.१ अर्ब ११ करोड ४७ लाख र बचत रु.३ करोड २ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ४२ करोड ४२ लाख र बचत रु.६१ करोड ४४ लाख रहेको छ। कम्पनीले गत वर्ष रु.१८ करोड ५५ लाख खुद बिमाशुल्क आर्जन गरेकोमा यो वर्ष रु.२६ करोड २४ लाख आर्जन गरेको छ। कम्पनीको दाबी भुक्तानी गत वर्ष रु.६ करोड ६७ लाख रहेकोमा यस वर्ष रु.७ करोड १३ लाख रहेको छ।

३. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजा उपर लेखापरीक्षण राय स्थापित गर्न चाहिने विषयमा पर्याप्त तथा उचित प्रमाणहरू पेस नभएकोले कुनै राय व्यक्त गरेको छैन। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३.१ कम्पनीको यस वर्षको वित्तीय विवरणमा आरबिएस टु आरबिसीएल सस्पेन्स खाता शीर्षकमा रहेको रु.३३ करोड ६६ हजारलाई विविध आसामीमा समावेश गरेको पाइयो। उक्त रकमलाई विविध आसामीमा समावेश गर्न आवश्यक सहायक कागजात तथा राष्ट्रिय बिमा संस्थानबाट मौज्दात समर्थन प्रमाणपत्र प्राप्त गरेको छैन।

३.२ कम्पनीको गत वर्षको वित्तीय विवरणको विभिन्न खाता शीर्षकमा हिसाब मिलान नभएको र उक्त खाता शीर्षकहरूको हिसाब मिलान गर्न विविध भुक्तानी बाँकी खातामा रु.२५ करोड ४२ लाख ८७ हजार स्थानान्तरण गरेको छ। यस वर्ष विविध भुक्तानी बाँकी खातामा रु.२५ करोड ४२ लाख ८७ हजार (क्रेडिट मौज्दात) रहेको छ।

३.३ कम्पनीले यस वर्षको अन्त्यमा अन्य वित्तीय सम्पत्ती अन्तर्गत ड्यु फ्रम/टु लाईफ शीर्षकमा रु.५ करोड ९२ लाख ७९ हजार (क्रेडिट) देखाएको छ, जसको शुरू मौज्दातको रूपमा अघिल्लो वर्षबाट सारेको रु.५ करोड ९२ लाख ७८ हजार (क्रेडिट) दिनुपर्ने हिसाब देखाएको छ। त्यसैगरी स्टाफ लोन समायोजन शीर्षक अन्तर्गत रु.१ करोड २६ लाख ११ हजार (डेबिट) देखाएको छ। उक्त रकमहरूको वास्तविक विवरणको पूर्ण रूपमा समायोजन/हिसाबमिलान हुन नसकेको तथा सोलाई पुष्टि गर्ने प्रमाण पेस गरेको छैन।

३.४ कम्पनीको प्रणालीबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा विभिन्न बिमा पोलिसीहरूमा दुर्घटना र क्षति पश्चात लेखाङ्कन गर्नुपर्ने दाबी पटक पटक लेखाङ्कन गरेको र भुक्तानी दिन बाँकी बिमा दाबी लामो अबधिदेखि फर्स्यौट नभएकोले दाबी रकमहरूको यथार्थता यकिन गर्न सकिएन।

३.५ कम्पनीको २०७६ आषाढ मसान्तको वित्तीय विवरणमा स्थिर सम्पत्तिको मौज्दात रु.२ करोड ५७ लाख ७७ हजार रहेको छ। कम्पनीले अर्धवार्षिक रूपमा गर्नुपर्ने भौतिक परीक्षण, वार्षिक रूपमा गर्नुपर्ने सम्पत्तिको प्रतिवेदन तथा सम्पत्तिको रजिष्टर तयार गरेको देखिएन। स्थिर सम्पत्तिको बिमा सुरक्षण कागजात समेत पेस गरेको छैन।

३.६ बिमा ऐन, २०४९ को दफा २७ अनुसार बिमा शुल्क प्राप्त नगरेसम्म बिमा जोखिम स्वीकार गर्न नहुने र बिमा नियमावली, २०४९ को नियम ३६(ग) अनुसार बीमितले बिमाशुल्क नबुझाएसम्म बिमक र बिमितबिचमा कारोबार भएको नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बिमा प्रिमियम बाँकी राखी बिमा स्वीकार गरी उक्त प्रिमियम आम्दानी बाधेंको उपयुक्त देखिएन।

३.७ कम्पनीका विभिन्न खाताहरूको शुरू मौज्दातमा रु.६० लाख ७४ हजार फरक परेको छ।

३.८ कम्पनीका पुराना हिसाब मिलान नभएका खाताहरूलाई यथावत राखी नयाँ खाताको माध्यमबाट हिसाब मिलान गर्नुपर्नेमा कम्पनीले हिसाब मिलान नभएका खाताहरूलाई नै प्रयोग गरिरहेको देखियो। यसरी सालबसाली रूपमा एउटै खाता प्रयोग गरी शुरूवाती मौज्दातमा आएको फरक रकम वार्षिक रूपमा नै फरक पर्ने गरेकोले पुरानो हिसाब मिलान सम्बन्धमा कम्पनीको कार्य प्रभावकारी हुनसकेको देखिएन। कम्पनीको ५ लेजरमा रहेको डेविट मौज्दात रु. ९ करोड २१ लाख र ६ लेजरमा रहेको क्रेडिट मौज्दात रु. ८ करोड ४ लाख विगत लामो अबधिदेखि जिम्मेवारी सार्दै आएकोमा सो पुष्ट्याई हुने कागजात पेस गरेको छैन।

४. **सेयर संरचना** - कम्पनीको प्रबन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक सेयर र ३० प्रतिशत सर्वसाधारण सेयर रहने व्यवस्था रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशत समेत संस्थापकको ८०.४६ प्रतिशत र सर्वसाधारणको १९.५४ प्रतिशत सेयर रहेको छ।

५. **लेखापरीक्षण** - कम्पनीले २०७६।७७ बाट २०८०।८१ सम्म ५ वर्षको लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्तिका लागि परामर्श लिए तापनि सम्पन्न गर्न सकेको छैन।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

राय व्यक्त नगरिएको

हामी राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षण कार्य गर्न संलग्न भएका थियौँ, जसमा आषाढ ३१, २०७६ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, इक्यूटीमा भएको परिवर्तन विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण समावेश रहेका छन् ।

राय व्यक्त नगरिनुका आधार भन्ने अनुच्छेदमा राय व्यक्त गर्न नसकिनुका लागि वर्णन गरिएका विषयवस्तुहरूको महत्वको कारणले हुन जाने कूल प्रभावको पर्याप्त तथा उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न असमर्थ भएका छौं । तसर्थ, ती वित्तीय विवरणहरू उपर हामी राय व्यक्त गर्न नसक्ने अवस्थामा छौं ।

राय व्यक्त नगरिनुका आधार

लेखापरीक्षणबाट राय व्यक्त गर्न नसक्ने आधारका रूपमा वित्तीय विवरणहरूमा गहन असर पार्ने व्यहोराहरू निम्नानुसार रहेका छन् ।

१. **सस्पेन्स (Suspense) हिसाब**

१.१. कम्पनीको गत आ.व २०७४।७५ को वित्तीय विवरणमा "RBS to RBCL Suspense A/c" शीर्षकमा रहेको रु.३३०,०६६,५७६।०० लाई उल्ट्याएर विविध असामीमा समावेश गर्दा आवश्यक सहायक कागजात तथा राष्ट्रिय बिमा संस्थानबाट मौजदात समर्थन प्रमाणपत्र प्राप्त नभएको र उक्त कारोबारको असर यस आ.व. २०७५।७६ मा पनि प्रभावकारी रहेको छ ।

१.२. कम्पनीको गत आ.व. २०७४।७५ को वित्तीय विवरणको विभिन्न खाता शिर्षकमा हिसाब मिलान नभएको र उक्त खाता शिर्षकहरूको हिसाब मिलान गर्न Sundry Payable शिर्षकको खातामा खुद रकम रु.२५४,२८६,६९३।९४ स्थानान्तरण गरिएको छ । यस आ.व २०७५।७६ मा Sundry Payble शिर्षक खातामा रू. २५४,२८६,६९३।९४ (Cr.) मौज्दात रहेको ।

२. **राष्ट्रिय बीमा संस्थानसँगको हिसाब**

कम्पनीले यस आ.व.को अन्त्यमा 'अन्य वित्तिय सम्पत्ति' अन्तर्गत (Due From/To Life) शीर्षकमा ५९,२७९,४९१ (Cr), जसको शुरू मौज्दातको रूपमा अघिल्लो आ.व. बाट सारिएको रू.५९,२७७,८५७ अर्थात दिनुपर्ने देखाईएको छ । यसरी, Life Insurance Division शीर्षकमा यस वर्षमा रू.१,६३४ (Cr) समायोजन भएको देखिन्छ । त्यस्तै,

Staff Loan Adjustment (Life) शीर्षक अन्तर्गत रू.१२,६११,२७९।४० (Dr) देखाइएको छ । उक्त रकमहरूको वास्तविक विवरणको पूर्ण रूपमा समायोजन/हिसाब मिलान हुन नसकेको तथा सोलाई पुष्टि गर्ने कुनै प्रमाण हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन ।

३. बीमा दाबी रकम सम्बन्धमा

३.१. बीमा दाबी रकमको धेरै पटक लेखाङ्कन गरिएको

संस्थाको प्रणालीबाट निकालिएको डाटाको विश्लेषण गर्दा विभिन्न बीमा पोलिसीहरूमा दुर्घटना र क्षतिपश्चात् लेखाङ्कन गर्नु पर्ने दाबी (O/s claim) पटक–पटक गरिएको ।

३.२. लामो समय देखिको बिमा दाबी भुक्तानी नभएको

भुक्तानी दिन बाँकी बीमा दाबीहरु लामो अवधि देखि फर्छ्यौट नभएको र यी दाबी रकमहरुको यथार्थता यकिन गर्न नसकिएको ।

४. स्थिर सम्पत्ति

२०७६ आषाढ मसान्तको वित्तीय विवरणहरूमा स्थिर सम्पत्तिको मौज्दात रू. २५,७७७,४२०।२० रहेको छ । अर्ध वार्षिक रूपमा गर्नु पर्ने भौतिक परीक्षण, वार्षिक रूपमा गर्नुपर्ने सम्पत्तिको प्रतिवेदन तथा सम्पत्ति रजिष्टर तयार गरेको पाईएन । साथै, स्थिर सम्पत्तिको बीमा सुरक्षणका कागजात समेत लेखापरीक्षणको समयमा उपलब्ध नभएको ।

५. बीमा शुल्क प्राप्त नगरी बीमा जोखिम स्वीकार

बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली २०४९ को ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमित बीचमा कारोवार भएकै नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बीमा प्रिमियम रकम बाँकी राखी बीमा स्वीकार गरेको पाइयो । साथै, कतिपय अवस्थामा बीमा प्रिमियम प्राप्त नभई बीमा आम्दानी बाँधेको उपयुक्त देखिँदैन । साथै, उक्त रकमको पुष्टि गर्ने कुनै विवरण प्राप्त हुन सकेन ।

यस शीर्षक अन्तर्गत शुरू मौज्दातको रूपमा रु.३४,३३२,६८४ सारिएकोमा यस वर्ष रू.५०,७६३,३०४ समायोजन भई जम्मा रू.८५,०९५,९८९ हुन आएको देखिन्छ । उक्त शुरू मौज्दातको यस आ.व. मा उपयुक्त समायोजन गरेको देखिदैन ।

६. प्रवन्धपत्र अनुसारको शेयर संरचना नरहेको

कम्पनीको प्रवन्धपत्र अनुसार ७० प्रतिशत संस्थापक शेयर र ३० प्रतिशत सर्वसाधारण शेयर रहने व्यवस्था रहेको छ । साथै, ७० प्रतिशत संस्थापक शेयरमध्ये नेपाल सरकारको ४१।०३ प्रतिशत, कर्मचारी सञ्चय कोषको १९।३७ प्रतिशत तथा नेपाल बैङ्क लिमिटेडको ९।६० प्रतिशत शेयर रहने व्यवस्था रहेको छ । तर, २०७६ आषाढ मसान्तको कम्पनीको शेयर संरचना माथि उल्लेख गरे वमोजिम रहेको पाइएन । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित शेयर लगत हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन ।

शेयरधनीको विवरण	प्रवन्धपत्र अनुसार	२०७५ आषाढ मसान्तको शेयर संरचना
नेपाल सरकार	४१।०३ %	४७।५० %
कर्मचारी सञ्चय कोष	१९।३७ %	२२।०० %
नेपाल बैङ्क लिमिटेड	९।६० %	१०।९६ %
सर्वसाधारण	३०।०० %	१९।५४ %
जम्मा	१००।०० %	१००।०० %

७. सूचना प्रविधि पूर्वाधार र सफ्टवेयर प्रणाली

अन्तरिक नियन्त्रण प्रणाली, प्रयोगमा रहेको सफ्टवेयर प्रणाली र आवश्यक सूचना प्रविधि पूर्वाधारको व्यवस्था कमजोर रहनुका साथै यस आ.व मा कम्पनीले IT र IS Audit नगर्नु लगायतका कारणले कम्पनीको प्रणालीबाट प्राप्त गरिएका डाटामा निर्भर हुन नसकिएको ।

८. कम्पनीका विभिन्न बैंक खाताहरुको सुरुवाती मौज्दातमा भिन्नता देखिएको

कम्पनीको आ.व. २०७५।७६ को लेखापरीक्षणको अवधिमा कम्पनीका विभिन्न बैंक खाताहरुको Bank Reconciliation statement हेर्दा मिलान हुने रकममा बैंकको सुरुवाती मौज्दातमा फरक परेको रकम रु. ६,०७४,४७५।५७ रहेको छ ।

९. विभिन्न लेनादेना हिसाबमा गरिएको व्यवस्थाको अनुमान विश्वासीय नभएको

कम्पनीका विभिन्न पुराना हिसाबहरु मिलान गर्ने क्रममा हिसाब मिलान नभएका खाताहरुलाई यथावत नै राखी नयाँ खाताको माध्यमबाट हिसाब मिलान गर्नुपर्नेमा कम्पनीले हिसाब मिलान नभएका खाताहरुलाई नै प्रयोग गरिएको पाइयो । यसरी सालबसाल रुपमा एउटै खाता प्रयोग गरी सुरुवाती मौज्दातमा आएको फरक रकम बार्षिक रुपमा नै फरक पर्ने गरेको हुँदा पुराना हिसाब मिलान सम्बन्धमा संस्थाको कार्य प्रभावकारी नभएको । साथै निम्न खाताहरुमा रहेको रकम बिगत लामो अवधि देखि अ.ल्या. हुदै आएकोमा यस सम्बन्धि पुस्ट्याई हुने कागजात उपलब्ध हुन नसकेको ।

Account Head	Closing Amount
Reinsurers A/c	60,489,464 Dr.
Self-employed fund	300,000 Cr
Medical (Regular) short term advance	313,285 Dr.
Payable to Reinsurers	60,342,733 Cr.
Salary Saving Scheme	1,126,301 Cr.
Rastriya BeemaSansthan (S. Cr)	10,514,588 Cr.
S. Cr (Staffs)	3,810,903 Dr.
Clients A/c	14,888,210 Dr.
Deposit A/c	7,999,370 Cr.
S. DR (RBCL Staffs)	108,102 Cr.
Staff Loan Adj Life (Rastriya Beema Sansthan)	12,611,279 Dr.

१०. "Liability Adequacy Test (LAT)" रिर्पोटमा सीमितता

भुक्तानी दिन बाँकी दाबी रकम (O/s Claim) / Incurred But Not Reported (IBNR) कोयथेस्टता प्रमाणित गर्न आवश्यक पर्ने LAT report मा missing data का कारणले सीमितता सहित दाबीहरू (O/s claim) को पचास प्रतिशत लाई नै Incurred But Not Reported (IBNR) को रुपमा अनुमान गरि वित्तीय विवरणमा recognized भएको हुँदा missing data अनुसार देखाइएको IBNR को मूल्यांकनमा पर्ने फरक यकिन गर्न नसकेको ।

अन्य विषयहरु

यो स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनको रायका अतिरिक्त नेपाल बीमा प्राधिकरणको प्रयोगार्थ सोही मितिमा अर्को राय सहितको लेखापरीक्षकको प्रतिवेदनको जारी गरिएको छ ।

वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

विद्यमान सान्दर्भिक कानूनहरू, कम्पनी ऐन २०६३, बीमा ऐन २०७९ (तत्कालिन बीमा ऐन २०४९), नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) को निर्देशन अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरू तयार गर्दा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको व्यवसायको अविच्छिन्नताको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषय वस्तुहरूको स्तरीयता विवरण देखाउनु पर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरू खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको वित्तीय प्रतिवेदन प्रक्रिया सम्बन्धि जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ । राष्ट्रिय बीमा कम्पनी लिमिटेडको संचालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू जालसाजी वा भुलबाट मुक्त छन् वा छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ नै भन्ने हुँदैन । त्रुटिहरू जालसाजी वागल्तीबाट निम्तिन्छन र ती त्रुटिहरूले अलग–अलग वा समग्र रूपमा वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं ।

वित्तीय विवरणहरूको लेखापरीक्षणको उत्तरदायित्व सम्बन्धि अन्य कुराहरू :

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमताको प्रयोग गरेका छौं । वित्तीय विवरणहरू उपर जालसाजी वा भूलबाट हुन सक्ने भौतिक सारभूत त्रुटीहरूको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरू केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरू समेत अवलम्बन गरेका छौं ।
- भूलबाट हुने त्रुटीभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता नलाग्ने जोखिम अधिक हुन्छ । सस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई, निकाय सुहाँ उदो लेखापरीक्षण प्रक्रिया तयार गर्नका लागि सस्थाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि जानकारी लिएका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीति, लेखा अनुमान एवम् वित्तीय विवरणहरूसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्न्ताको निष्कर्षलाई हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरूको आधारमा मूल्याङ्कन गरेका छौं । भविष्यमा हुन सक्ने जोखिमको सम्भावनालाई नकार्न नसकिने हुनाले आगामी दिनहरूमा अविच्छिन्न्ता रहने कुराको आश्वासन दिन सकिदैन ।
- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरूको पूर्णरूपले पालना गरिएको तथा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विवरणहरू आएको खण्डमा सञ्चालक समितिलाई जानकारी गराउने भन्ने सूचित गरिएको ।

अन्य कानूनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हाम्रो छड्के लेखापरीक्षण तथा हामीले पाए सम्मको सूचना एवम् लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त जानकारी र स्पष्टिकरणहरूको आधारमा देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं :

(क) माथि बुँदा नं २ (**राय व्यक्त नगरिनुका आधार**) मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफहरू सन्तोषजनक पाएका छौं ।

(ख) माथि बुँदा नं २ (**राय व्यक्त नगरिनुका आधार**) मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा कम्पनीको हिसाब किताबहरू प्रचलित कानून बमोजिम ठीकसंग राखिएका छन् ।

(ग) माथि बुँदा नं २ (**राय व्यक्त नगरिनुका आधार**) मा उल्लेखित अवस्थाहरूले पार्ने प्रभाव बाहेक यस प्रतिवेदनका साथ संलग्न वासलात, नाफा-नोक्सान हिसाब, इक्युटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाब किताब बमोजिम छन् ।

(घ) लेखापरीक्षणको सिलसिलामा कम्पनीको सञ्चालक समिति वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीको हिसाब किताबहरूमा कुनै पनि जालसाजी गरिएको हाम्रो जानकारीमा आएन ।

(च) हाम्रो रायमा कम्पनीले असमाप्त जोखिमको लागि पर्याप्त जगेडा बीमा ऐन बमोजिम राखेको छ ।

(छ) कम्पनीले लेखासँग सम्बन्धित आधारभुत कागजातहरू व्यवस्थित तरिकाले नराख्नु, समयमा कागजातहरू उपलब्ध गराउन नसक्नु, कारोवार भएकै समयमा हिसाब किताबको लेखा नराख्नु, आवश्यक सूचना प्रविधि पूर्वाधारको व्यवस्था नहुनु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनु पर्ने तथा दिनुपर्ने रकमको तेश्रो पक्षबाट संस्थागत पुष्टिकरण समयमा नलिनु, बैङ्क खाताको समयमा हिसाब मिलान तथा आवश्यक समायोजन नगर्नु, स्थिर सम्पत्तिको सुरक्षाको लागि यथोचित व्यवस्था नगर्नु, आन्तरिक लेखापरीक्षण समयमा नगर्नु जस्ता आन्तरिक नियन्त्रण प्रणालीको कमजोरी देखिएकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा यथेष्ट सुधार गर्नुपर्ने देखिन्छ । उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको अभावमा कम्पनीको कार्यदक्षता, मित व्ययीता, कार्यकुशलता, जोखिम व्यवस्थापन प्रणाली तथा नीति नियमको परिपालनामा कमी रहेको दृष्टिगत गरिएको छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका संयुक्त लेखापरीक्षकले त्यस कम्पनीमा २०८१।८।१७ मा पेश गरेका छन्।**

राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७४।७५)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **वित्तीय स्थिति**- कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ, २०७५		३१ आषाढ, २०७४	
चुक्ता पुँजी	२६,६६,३९		१२,४४,३९	
जगेडा तथा कोष	७७,५७,५१		८०,३३,५४	
बिमा कोष	८५,३२,०५		६७,३८,६९	
महा-विपत्ति जगेडा	८,७९,९४		५,२०,३६	
कुल स्रोत		**१,९८,३५,८९**		**१,६५,३६,९८**
उपयोग				
स्थिर सम्पत्ति (खुद)	३,३४,०६		३,६८,७४	
दीर्घकालीन लगानी	८४,७८,६९		७६,३८,५४	
दीर्घकालीन कर्जा	३४,४५,४२		३५,२९,५२	
कुल सम्पत्ति, लगानी र कर्जा		**१,२२,५८,१७**		**१,१५,३६,८०**
चालु सम्पत्ति, कर्जा तथा पेस्की				
नगद तथा बैङ्क मौज्दात	३३,१३,९८		४९,२०,३५	
अल्पकालीन लगानी	३,३५,००,००		२,५०,००,००	
अल्पकालीन कर्जा	-		१,४३,३०	
अन्य सम्पत्ति	८७,८८,२९		६९,४६,४२	
जम्मा चालु सम्पत्ति, कर्जा तथा पेस्की (क)	**४,५६,०२,२८**		**३,७०,१०,०७**	
चालु दायित्व तथा व्यवस्थाहरू				
चालु दायित्व	६१,०९,२३		५४,३२,८२	
असमाप्त जोखिम बापत व्यवस्था	१२,२४,२६		१६,०१,२२	
भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	५२,३८,४२		३७,९३,६५	
अन्य व्यवस्था	२,५४,६१,२४		२,११,९०,८०	
जम्मा चालु दायित्व तथा व्यवस्थाहरू (ख)	**३,८०,३३,१६**		**३,२०,१८,५०**	
खुद चालु सम्पत्ति (ग=क-ख)		**७५,६९,१२**		**४९,९५,५८**
अपलेखन वा समायोजन हुनबाँकी विविध खर्च		८,६०		८,६०
कुल उपयोग		**१,९८,३५,८९**		**१,६५,३६,९८**

उल्लिखित विवरणअनुसार यो वर्ष कम्पनीको चुक्ता पुँजी ११४.२७ प्रतिशत वृद्धि भई रु.२६ करोड ६६ लाख ३९ हजार पुगेको छ। यसैगरी बिमा कोष र महा विपत्ति जगेडा क्रमशः २६.६१ र ६९.१० प्रतिशत वृद्धि भई रु.८५ करोड ३२ लाख ५ हजार र रु.८ करोड ७९ लाख ९४ हजार पुगेको छ। नगद मौज्दात ३२.६५ प्रतिशतले ह्रास आई रु.३३ करोड १३ लाख ९८ हजार र अल्पकालीन लगानी ३४ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ३५ करोड पुगेको छ। जोखिम बापतको व्यवस्था २३.५४ प्रतिशत ह्रास आई रु.१२ करोड २४ लाख २६ हजार र भुक्तानी हुन बाँकी दावी व्यवस्था ३८ प्रतिशत वृद्धि भई रु.५२ करोड ३८ लाख ४२ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा**- कम्पनीको आय-व्यय हिसाब निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७४।७५		२०७३।७४	
आय				
बिमाशुल्क (खुद)	१८,५५,६७		१७,२७,५८	
पुनर्बिमा कमिशन आय	१३,६६,५७		१२,३३,९६	
लगानी, कर्जा तथा अन्यबाट आय	२५,३०,५२		१२,४८,८३	
आर्थिक वर्षको शुरूको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	३७,९३,६५		२५,१७,७८	
आर्थिक वर्षको शुरूको असमाप्त जोखिम वापत व्यवस्था	१६,०१,२२		१०,०८,०३	

विवरण	२०७४।७५		२०७३।७४	
जम्मा आम्दानी		**१,११,४७,६३**		**७७,३६,१८**
व्यय				
दाबी भुक्तानी (खुद)	६,६७,५१		१०,०७,२४	
अभिकर्ता कमिशन	४०,७५		४१,२०	
सेवा शुल्क (खुद)	१८,५६		१७,२७	
व्यवस्थापन खर्च	९,५५,८५		१२,२०,१५	
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	५२,३८,४२		३७,९३,६५	
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम वापत व्यवस्था	१२,२४,२६		१६,०१,२२	
जम्मा व्यय		**८१,४५,३५**		**७६,८०,७३**
नाफा नोक्सान हिसाबमा सारेको बचत		**३०,०२,२८**		**५५,४५**

कम्पनीको कुल आम्दानी गत वर्ष रु.७७ करोड ३६ लाख र बचत रु.५५ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ११ करोड ४७ लाख र बचत रु.३० करोड २ लाख रहेको छ। कम्पनीले गत वर्ष रु.१७ करोड २७ लाख खुद बिमाशुल्क आर्जन गरेकोमा यो वर्ष रु.१८ करोड ५५ लाख आर्जन गरेको छ। कम्पनीको दाबी भुक्तानी गत वर्ष रु.१० करोड ७ लाख रहेकोमा यो वर्ष रु.६ करोड ६७ लाख रहेको छ।

३. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजा उपर लेखापरीक्षण राय स्थापित गर्न चाहिने विषयमा पर्याप्त तथा उचित प्रमाणहरू पेस नभएकोले कुनै राय व्यक्त गरेको छैन। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३.१ कम्पनीको यस वर्षको वित्तीय विवरणमा चालु दायित्वतर्फ बैङ्क रिकन्सिलेसन सस्पेन्स खाता अन्तर्गत रु.१ करोड ४१ लाख ३२ हजार डेबिट देखाएको छ। सो रकमलाई पुष्टि गर्ने विवरणहरू लेखापरीक्षणमा पेस गरेको छैन।

३.२ कम्पनीको शाखा हिसाबमा रु.८९ लाख २६ हजार शुरू मौज्दात देखिएको छ। यो वर्ष मिलान हुन नसकेको रु.३५ हजार तथा ब्रान्च सस्पेन्स खाताको मौज्दात रु.८९ लाख १२ हजारलाई समायोजन प्रविष्टि गरेकोमा सो रकमको फरफारक गर्ने विवरण पेस गरेको छैन। कम्पनीले उपयुक्त लेखा शीर्षकमा लेखाङ्कन नगरी सस्पेन्स खाता मार्फत लेखाङ्कन गरेका हिसाबहरूले कम्पनीको वित्तीय विवरणमा पार्न सक्ने प्रभाव यकिन गर्न सक्ने अवस्था देखिएन। उल्लिखित व्यवस्था गरिएको रकमको प्रयोजन यकिन गरी सम्बन्धित शीर्षकमा लेखाङ्कन गर्नुपर्दछ।

४. कम्पनीमा परेको दाबी, भुक्तानी भएको दाबी, भुक्तानी हुन बाँकी दाबी, पुनर्बीमकबाट प्राप्त गर्नुपर्ने तथा प्राप्त दाबी वापतको रकम, सर्भे फी लगायतका विवरणहरू उपलब्ध हुन नसकेकोले दाबी सम्बन्धी हिसाब यकिन गर्न सकिएन। साथै यस वर्षको अन्त्यमा कायम रहेको दाबी रकमको गणना गर्ने प्रयोजनको लागि दाबी रकमको शुरू मौज्दातमा यो वर्ष थप भएको र भुक्तानी भएको रकम मिलान गरी अन्तिम मौज्दात कायम गर्नुपर्नेमा सोबमोजिम गरेको पाइएन।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

राय व्यक्त नगरिएको

हामीले राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षण कार्य सम्पन्न गरेकाछौं जसमा आषाढ ३२, २०७५ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धि टिप्पणीहरूको लेखापरीक्षण समावेश रहेका छन् ।

राय व्यक्त नगरिनुका आधार भन्ने अनुच्छेदमा राय व्यक्त गर्न नसकिनुका लागि वर्णन गरिएका विषयवस्तुहरूको महत्वको कारणले हुन जाने कूल प्रभावको पर्याप्त तथा उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न असमर्थ भएकाछौं । तसर्थ, ती वित्तीय विवरणहरू उपर हामी राय व्यक्त गर्न सक्दैनौ ।

राय व्यक्त नगरिनुका आधार

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको "वित्तीय विवरणहरूप्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट

जारी "Handbook of the Code of Ethics for Professional Accountants" अनुरूप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेकाछौं । लेखापरीक्षणबाट राय व्यक्त गर्न नसक्ने आधारका रूपमा वित्तीय विवरणहरूमा गहन असर पार्ने व्यहोराहरू निम्नानुसार रहेका छन् :

१. सस्पेन्स (Suspense) हिसाब

१.१. कम्पनीको आ.व २०७४।७५ को वित्तीय विवरणमा *"RBS to RBCL Suspense A/c"* शीर्षकमा रहेको रु. ३३०,०६६,५७६।०० लाई उल्ट्याएर विविध आसामीमा समावेश गरेको पाइयो । उक्त रकमलाई विविध असामीमा समावेश गर्न आवश्यक सहायक कागजात तथा राष्ट्रिय बिमा संस्थानबाट मौज्दात समर्थन प्रमाणपत्र प्राप्त गरिएको छैन ।

१.२. कम्पनीको २०७४।७५ को वित्तीय विवरणहरूमा चालु दायित्व तर्फ Bank Reconciliation Suspense A/c शीर्षक अन्तर्गत रू.१४,१३१,६३७९६ (Dr.) देखाइएको छ । सो रकमलाई पुष्टि गर्ने विवरणहरू प्राप्त हुन सकेनन् ।

१.३. कम्पनीको शाखा हिसाबमा रू.८९,२६,२४१।०० (Dr.) शुरू मौज्दात देखिएको छ । यस आ.व.मा मिलान हुन नसकेको रकम रू. ३५,४५४।८५ तथा "Branch Suspense A/c" मौज्दात रू. ८९,१२,७८५।७० लाई adjustment entry गरी मिलान गरिएमा सो रकमको फरफारक गर्ने विवरण प्राप्त हुन सकेन ।

साथै, यसरी उपयुक्त लेखा शीर्षकहरूमा लेखाङ्कन नगरी Suspense A/c मार्फत लेखाङ्कन गरिएका हिसाबहरूको वित्तीय विवरणहरूमा पर्न सक्ने प्रभाव यकिन गर्न सकिएन ।

२. राष्ट्रिय बीमा संस्थानसँगको हिसाब

कम्पनीले यस आ.व. को अन्त्यमा 'अन्य वित्तिय सम्पत्ति अन्तर्गत (Due From/To Life) शीर्षकमा रू. ५९,२७७,८५७।०४ (Cr), जसको शुरू मौज्दातको रूपमा अघिल्लो आ.व. बाट सारिएको रू. ६०,३७१,४१९।६९ (Cr) अर्थात दिनुपर्ने देखाईएको छ । यसरी, Life Insurance Division शीर्षकमा यस वर्षमा रू. १,०९३,५६२।६५ (Dr) समायोजन भएको देखिन्छ । त्यस्तै, Staff Loan Adjustment (Life) शीर्षक अन्तर्गत रू. १२,६११,२७९।४० (Dr) देखाइएको छ । उक्त रकमहरूको वास्तविक विवरणको पूर्णरूपमा समायोजन/हिसाबमिलान हुन नसकेको तथा सोलाई पुष्टि गर्ने कुनै प्रमाण हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन ।

३. बीमा शुल्क प्राप्त नगरी बीमा जोखिम स्वीकार

बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली २०४९ को ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमित बीचमा कारोवार भएकै नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बीमा प्रिमियम रकम बाँकी राखी बीमा स्वीकार गरेको पाइयो । साथै, कतिपय अवस्थामा बीमा प्रिमियम प्राप्त नभई बीमा आम्दानी बाँधेको उपयुक्त देखिँदैन ।

४. प्रवन्धपत्र अनुसारको शेयर संरचना नरहेको

कम्पनीको प्रवन्धपत्र अनुसार ७० प्रतिशत संस्थापक शेयर र ३० प्रतिशत सर्वसाधारण शेयर रहने व्यवस्था रहेको छ । साथै, ७० प्रतिशत संस्थापक शेयरमध्ये नेपाल सरकारको ४१.०३ प्रतिशत, कर्मचारी सञ्चय कोषको १९.३७ प्रतिशत तथा नेपाल बैङ्क लिमिटेडको ९.६० प्रतिशत शेयर रहने व्यवस्था रहेको छ । तर, २०७५ आषाढ मसान्तको कम्पनीको शेयर संरचना माथि उल्लेख गरे वमोजिम रहेको पाइएन । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित शेयर लगत हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन ।

शेयरधनीको विवरण	प्रवन्धपत्र अनुसार	२०७५ आषाढ मसान्तको शेयर संरचना
नेपाल सरकार	४१।०३%	४७।५०%
कर्मचारी सञ्चय कोष	१९।३७%	२२।००%
नेपाल बैङ्क लिमिटेड	९।६०%	१०।९६%
सर्वसाधारण	३०।००%	१९।५४%
जम्मा	१००।००%	१००।००%

५. दावी

लेखापरीक्षणको क्रममा कम्पनीमा परेको दावी, भुक्तानी भएको दावी, भुक्तानी हुन बाँकी दावी, पुनर्बीमकबाट प्राप्त गर्नुपर्ने तथा प्राप्त दावी वापतको रकम, सर्भे फी लगायतको वास्तविकता यकिन हुन सक्ने गरी यथेष्ट विवरणहरू उपलब्ध हुन नसकेकोले दावी सम्बन्धित हिसाब किताबहरूको यर्थाथता यकिन गर्न सकिएन । साथै यस वर्षको अन्त्यमा कायम रहेको दावी रकमको गणना गर्ने प्रयोजनको लागी दावी रकमको शुरु मौज्दातमा यस वर्ष थप भएको र भुक्तानी

भएको रकम मिलान गरी अन्तिम मौज्दात कायम गर्नुपर्नेमा सो बमोजिम गरेको पाईएन । सो सम्बन्धमा आर्थिक वर्ष २०७५।७६, २०७६।७७, २०७७।७८, २०७८।७९, २०७९।८० र २०८०।८१ मा दावी भूक्तान भएका रकम मात्र भुक्तानी हुन बाँकी दावी रकममा समावेश गरेको पाईयो ।

मूख्य लेखापरीक्षणका विषय

माथि राय व्यक्त नगरिनुका आधार खण्डमा उल्लेखित विषयहरू बाहेक हामीले अन्य कुनै मूख्य लेखापरीक्षणको विषय निर्धारण गरेका छैनौं ।

वित्तीय विवरणहरू प्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

विद्यमान सान्दर्भिक कानूनहरू, कम्पनी ऐन २०६३, बीमा ऐन २०७९ (तत्कालिन बीमा ऐन २०४९), नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) का निर्देशनहरू तथा नेपाल वित्तिय प्रतिवेदनमान अनुसार यथार्थ र उचित चित्रण गर्ने, उल्लेखित वित्तीय विवरणहरू तयार गर्ने तथा तिनको सही प्रस्तुतिकरण गर्ने उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस सारभुत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखा नीतिहरूको छनोट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपूर्ण अनुमान गर्ने कार्यहरू पर्दछन ।

वित्तीय विवरणहरू तयार गर्दा कम्पनीको व्यवसायको अविच्छिन्नताको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुहरूको स्तरीयता विवरण देखाउनुपर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरू खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ ।

कम्पनीको वित्तीय प्रतिवेदन प्रक्रिया सम्बन्धि जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

वित्तीय विवरणहरू प्रति लेखापरीक्षकको जिम्मेवारी:

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू जालसाजी वा भुलबाट मुक्त छन् वा छैनन् भन्ने कुरा उचितरूपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ नै भन्ने हुँदैन । त्रुटिहरू जालसाजी वा गल्तीबाट निम्तिन्छन र ती त्रुटिहरूले अलग–अलग वा समग्र रूपमा वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

वित्तीय विवरणहरू को लेखापरीक्षणको जिम्मेवारी सम्बन्धि अन्य कुराहरू :

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमताको प्रयोग गरेका छौं । वित्तीय विवरणहरू उपर जालसाजी वा भूलबाट हुन सक्ने भौतिक सारभूत त्रुटीहरूको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरू केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरू समेत अवलम्बन गरेका छौं ।
- भूलबाट हुने त्रुटीभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता नलाग्ने जोखिम अधिक हुन्छ । सस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई, निकाय सुहाँउदो लेखापरीक्षण प्रक्रिया तयार गर्नका लागि सस्थाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि जानकारी लिएका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीति, लेखा अनुमान एवम् वित्तीय विवरणहरूसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्न्ताको निष्कर्षलाई हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरूको आधारमा मूल्याङ्कन गरेका छौं । भविष्यमा हुन सक्ने जोखिमको सम्भावनालाई नकार्न नसकिने हुनाले आगामी दिनहरूमा अविच्छिन्न्ता रहने कुराको आश्वासन दिन सकिदैन ।
- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरूको पूर्णरूपले पालना गरिएको तथा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विवरणहरू आएको खण्डमा सञ्चालक समितिलाई जानकारी गराउने भन्ने सूचित गरिएको ।

<u>अन्य कानूनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन</u>

हाम्रो छड्के लेखापरीक्षण तथा हामीले पाएसम्मको सूचना एवम् लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त जानकारी र स्पष्टिकरणहरूको आधारमा देहाय वमोजिम प्रतिवेदन पेश गर्दछौं :

(क) माथि बुँदा नं २ ***(राय व्यक्त नगरिनुका आधार)*** मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफहरू सन्तोषजनक पाएका छौं ।

(ख) माथि बुँदा नं २ ***(राय व्यक्त नगरिनुका आधार)*** मा उल्लेखित अवस्थाहरूमा वाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा कम्पनीको हिसाबकिताबहरू प्रचलित कानून वमोजिम ठीकसंग राखिएका छन् ।

(ग) माथि बुँदा नं २ ***(राय व्यक्त नगरिनुका आधार)*** मा उल्लेखित अवस्थाहरूले पार्ने प्रभाव बाहेक यस प्रतिवेदनका साथ संलग्न वासलात, नाफा-नोक्सान हिसाब, इक्युटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाबकिताब बमोजिम छन् ।

(घ) लेखापरीक्षणको सिलसिलामा कम्पनीको सञ्चालक समिति वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीको हिसाब किताबहरूमा कुनै पनि जालसाजी गरिएको हाम्रो जानकारीमा आएन ।

(च) हाम्रो रायमा कम्पनीले असमाप्त जोखिमको लागि पर्याप्त जगेडा बीमा ऐन बमोजिम राखेको छ ।

(छ) कम्पनीले लेखासँग सम्वन्धित आधारभुत कागजातहरू व्यवस्थित तरिकाले नराख्नु, समयमा कागजातहरू उपलब्ध गराउन नसक्नु, कारोवार भएकै समयमा हिसाव किताबको लेखा नराख्नु, आवश्यक सूचना प्रविधि पूर्वाधारको व्यवस्था नहुनु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनुपर्ने तथा दिनुपर्ने रकमको तेश्रो पक्षबाट संस्थागत पुष्टिकरण समयमा नलिनु, बैङ्क खाताको समयमा हिसाव मिलान तथा आवश्यक समायोजन नगर्नु, स्थिर सम्पत्तिको सुरक्षाको लागि यथोचित व्यवस्था नगर्नु, आन्तरिक लेखापरीक्षण समयमा नगर्नु जस्ता आन्तरिक नियन्त्रण प्रणालीको कमजोरी देखिएकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा यथेष्ट सुधार गर्नुपर्ने देखिन्छ । उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको अभावमा कम्पनीको कार्यदक्षता, मितव्ययीता, कार्यकुशलता, जोखिम व्यवस्थापन प्रणाली तथा नीति नियमको परिपालनामा कमी रहेको दृष्टिगत गरिएको छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका संयुक्त लेखापरीक्षकले त्यस कम्पनीमा २०८१।२।५ मा पेश गरेका छन्।**

राष्ट्रिय वाणिज्य बैङ्क

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सर्वसाधारणलाई बैङ्किङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंङ्क ऐन, २०२१ अन्तर्गत २०२२ साल माघ १० गते यो बैङ्क स्थापना भएको हो। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत सेयर स्वामित्व रहेको छ। बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतपत्र प्राप्त गरी ७७ जिल्लामा आफ्नो सेवा सञ्जाल विस्तार गरी बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय, ७ प्रदेश कार्यालय र २९४ शाखा कार्यालयमा २ हजार ६७८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा नगद सरहको सम्पत्ति	१३,८२,९२		९,७८,९५	
नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात	३५,६५,१२		२२,६७,५१	
व्युत्पन्न वित्तीय उपकरण	३,७५,०२		६५,८५	
बैङ्क तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	११,९५,१०		१५,६३,३०	
ग्राहकलाई दिएको कर्जा तथा सापटी	२,४५,५९,५५		२,२७,३०,९०	
लगानी उपकरण	१,५१,६१,११		७६,०९,०६	
चालु कर सम्पत्ति	५,४५,४९		४,८१,६६	
सहायक कम्पनीमा लगानी	४०,००		४०,००	
सम्बद्ध कम्पनीमा लगानी	८८,४९		८०,९४	
लगानी सम्पत्ति	३०,५६		१९,७०	
सम्पत्ति तथा उपकरण	३०,४६,७३		३०,३६,२१	
ख्याति तथा अमूर्त सम्पत्ति	३,१९		५,०५	
अन्य सम्पत्ति	९,२४,९२		५,८८,६२	
कुल सम्पत्ति		**५,०९,१८,२०**		**३,९४,६७,७५**
दायित्व				
बैङ्क तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	१,५२,७१		१,३२,९७	
व्युत्पन्न वित्तीय उपकरण	३,७३,५२		६५,५८	
ग्राहकबाट प्राप्त निक्षेप	४,२९,१८,७८		३,२१,६५,४९	
सापटी	६,००		६,००	
नोक्सानी व्यवस्था	३३,१४		३२,२५	
स्थगन कर दायित्व	७,०२,१७		७,४५,५०	
अन्य दायित्व	१४,५८,०९		९,९६,०७	
जारी गरेको ऋण पत्र	२,५०,०६		२,५०,०६	
कुल दायित्व		**४,५८,९४,४७**		**३,४३,९३,९२**
पुँजी				
सेयर पुँजी	१५,६३,७४		१५,६३,७४	
सञ्चित मुनाफा	(१,२२,२२)		९१,८४	
जगेडा तथा कोष	३५,८२,२१		३४,१८,२५	
कुल पुँजी		**५०,२३,७३**		**५०,७३,८३**
कुल पुँजी तथा दायित्व		**५,०९,१८,२०**		**३,९४,६७,७५**

बैङ्कको वासलातअनुसार नगद मौज्दात गत वर्ष रु.९ अर्ब ७८ करोड ९५ लाख रहेकोमा यो वर्ष २०८१ आषाढ मसान्तमा ४१ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ८२ करोड ९२ लाख पुगेको छ। यसैगरी, नेपाल राष्ट्र बैङ्कमा

रहेको मौज्दात गत वर्ष रु.२२ अर्ब ६७ करोड ५१ लाख रहेकोमा यो वर्ष ५७ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब ६५ करोड १२ लाख पुगेको छ। त्यस्तै, बैङ्कको लगानी उपकरण गत वर्ष रु.७६ अर्ब ९ करोड ६ लाख रहेकोमा यो वर्ष ९९.२५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५१ अर्ब ६१ करोड ११ लाख, बैङ्कको दायित्वतर्फ ग्राहकबाट प्राप्त निक्षेप गत वर्ष रु.३ खर्ब २१ अर्ब ६५ करोड ४९ लाख रहेकोमा यो वर्ष ३३ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २९ अर्ब १८ करोड ७८ लाख पुगेको छ। बैङ्कको सञ्चित नाफा गत वर्ष रु.९१ करोड ८४ लाख रहेकोमा यो वर्ष खुद नाफा रु.२ अर्ब ५५ करोड २५ लाख थप भई जगेडा कोषमा खुद रु.३ अर्ब ८३ करोड ३० लाख स्थानान्तरण र नगद लाभांश रु.८६ करोड १ लाख वितरण गर्दा यो वर्षको सञ्चित मुनाफा रु.१ अर्ब २२ करोड २२ लाख ऋणात्मक रहेको छ।

२. **सञ्चालन नतिजा -** बैङ्कको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
ब्याज आम्दानी	२९,७४,२६		३०,२७,२४	
ब्याज खर्च	१९,७१,२४		१८,४५,६२	
खुद ब्याज आम्दानी		**१०,०३,०२**		**११,८१,६२**
शुल्क तथा कमिशन आम्दानी	१,२२,५७		१,०९,१७	
शुल्क तथा कमिशन खर्च	४९,९७		४२,७२	
खुद शुल्क तथा कमिशन आम्दानी		**७२,६०**		**६६,४५**
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		**१०,७५,६३**		**१२,४८,०७**
खुद व्यापारिक आम्दानी	५,१२		(२९)	
अन्य सञ्चालन आम्दानी	७३,७४		७९,०५	
कुल सञ्चालन आम्दानी		**११,५४,४९**		**१३,२६,८३**
कर्जा तथा अन्य सम्पत्तिमा भएको नोक्सानी व्यवस्था/(फिर्ता)	१,१४,६५		२,६०,८६	
खुद सञ्चालन आम्दानी		**१०,३९,८४**		**१०,६५,९८**
सञ्चालन खर्च				
कर्मचारी खर्च	४,३४,९३		३,९६,७३	
अन्य सञ्चालन खर्च	१,३४,५५		१,१६,५७	
ह्रास कट्टी तथा परिशोधन	६१,३४		५६,४५	
सञ्चालन मुनाफा		**४,०९,०३**		**४,९६,२२**
गैर सञ्चालन आम्दानी	९,६९		११,५०	
गैर सञ्चालन खर्च	६७			
सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा		**४,१८,०५**		**५,०७,७२**
आयकर व्यवस्था	१,१२,१३		९९,४२	
स्थगन कर खर्च/(आम्दानी)	५०,६७		४८,७९	
खुद नाफा/(नोक्सान)		**२,५५,२५**		**३,५९,५१**

उल्लिखित विवरणअनुसार बैङ्कको ब्याज आम्दानी १.७५ प्रतिशतले घटेकोमा ब्याज खर्च ६.८ प्रतिशतले बढेको देखिन्छ। त्यसैगरी, कर्मचारी खर्च गत वर्ष रु.३ अर्ब ९६ करोड ७३ लाख रहेकोमा यो वर्ष ९.६ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ३४ करोड ९३ लाख रहेको छ। त्यस्तै, अन्य सञ्चालन खर्चसमेत गत वर्षको तुलनामा १५.४२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष खुद मुनाफा रु.३ अर्ब ५९ करोड ५१ लाख रहेकोमा यो वर्ष २९ प्रतिशतले ह्रास आई रु.२ अर्ब ५५ करोड २५ लाख रहेको छ। खुद मुनाफा घट्नुका कारणहरू विश्लेषण गरी सुधारका उपाय अपनाउनुपर्दछ।

३. **वित्तीय परिसूचक -** बैङ्कको प्रमुख वित्तीय परिसूचकको अनुपात देहायानुसार छः

क्र.सं.	विवरण	एकाइ	२०७८।७९	२०७९।८०	२०८०।८१
१	कुल आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	१८.५३	११.१४	८.०१
२	प्रति सेयर आम्दानी	रूपैयाँ	३४.८५	२४.२२	१६.३२

३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	४.२२	५.७१	४.५८
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	७.९३	१०.२७	९.४८
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	१८.९२	१४.५९	१५.७२
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.३०	०.९१	०.५०
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.०९	३.७७	४.२८

बैङ्कको कुल आम्दानीको अनुपातमा खुद मुनाफा, प्रति सेयर आम्दानी, निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च, ऋण लगानीको अनुपातमा प्राप्त ब्याज, कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा गत वर्षको तुलनामा यो वर्ष घटेकोमा सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च र ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा बढेको छ। माथिका ७ परिसूचक गत वर्षको तुलनामा यो वर्ष नकारात्मक रहेका छन्। बैङ्कको व्यवस्थापनमा सुधार गरी कार्य सम्पादनमा सकारात्मक सुधार ल्याउनुपर्दछ।

४. **अवकाश सुविधा** - बैङ्कको घोषित अवकाश सुविधा योजनाअन्तर्गत पेन्सन तथा उपदान कोषमा यो वर्षमा थप गरेको रु.४ अर्ब ६९ करोडसमेत २०८१ आषाढ मसान्तमा रु.२१ अर्ब ९६ करोड दायित्व लेखाङ्कन गरेको छ। उक्त कोषको योजना सम्पति रु.१७ अर्ब २७ करोड रहेको छ। बैङ्कको विगत ५ वर्षको औसत तलब र पेन्सन वृद्धि दर ७.५१ र ३.५९ प्रतिशत रहेकोमा पेन्सन तथा उपदानको दायित्व निर्धारण गर्नको लागि बिमाङ्कीय मूल्याङ्कन गराउँदा तलब वृद्धि दर ६ प्रतिशत तथा पेन्सन वृद्धि दर ३ प्रतिशतको अनुमान गरेको छ। बैङ्कले पेन्सन तथा उपदान दायित्व निर्धारण गर्न बिमाङ्कीय मूल्याङ्कन गर्न लिएको ब्याज दर, डिस्काउन्ट दर, तलब वृद्धि दर, पेन्सन वृद्धि दर, अवकाश दरलगायतका आधार खुलाएको छैन। बैङ्कको विगतको तथ्याङ्क तथा बजारमा प्रचलित दरसमेतको आधारमा विश्लेषण तथा पुनरावलोकन गरी यथार्थपरक अनुमान लिई बिमाङ्कीय मूल्याङ्कन गराई वास्तविक दायित्व निर्धारण तथा यसको असर यकिन गर्नुपर्दछ।

५. **लगानी हिसाब** - बैङ्कको सहायक तथा सहयोगी कम्पनीमा गरेको लगानी बाहेक नेपाल धितोपत्र बजारमा सूचीकृत भएका/नभएका सेयरमा रु.४ अर्ब ५१ करोड ९३ लाख तथा सरकारी ऋणपत्र/ट्रेजरी बिलमा रु.१ खर्ब ४७ अर्ब ९ करोड १७ लाख गरी रु.१ खर्ब ५१ अर्ब ६१ करोड ११ लाखको लगानी रहेको छ। साथै, सहायक कम्पनीमा रु.४० करोड र सम्बद्ध कम्पनीमा रु.८८ करोड ४९ लाख लगानी रहेको छ। बैङ्कको सहायक कम्पनी एक फुड लिमिटेड कम्पनीमा रु.५० लाख, सम्बद्ध कम्पनीअन्तर्गत समावेश भएको एक सिमेन्ट कम्पनीमा रु.३ करोड ६८ लाख ९२ हजार, एक सुती धागो उद्योगमा रु.२ करोड ५२ लाख १४ हजार र एक रबर उद्योग लिमिटेडमा रु.१ करोड ४९ लाख ८३ हजार लगानी भएकोमा ती कम्पनीहरू लामो समयदेखि सञ्चालनमा नरहेकोले उक्त लगानी जोखिममा रहेको छ। तसर्थ, लामो समयदेखि सञ्चालनमा नरहेका र लगानी जोखिममा रहेका उद्योगमा भएको लगानीको सुरक्षाका लागि बैङ्कले रणनीति बनाई कार्यान्वयन गर्नुपर्दछ।

नेपाल सरकारद्वारा २०७१।८।४ मा एक सिमेन्ट कम्पनी लिमिटेडको नाममा रहेको जग्गा आफ्नो स्वामित्वमा लिई उक्त कम्पनीको एन.आई.डी.सी. मा रहेको ऋणको साँवा र ब्याजको निम्ति रु.२५ करोड भुक्तानी गर्ने र एक सिमेन्ट कम्पनी लिमिटेडलाई लिक्विडेट गर्ने निर्णय भएको देखिन्छ। नेपाल सरकारले सो जग्गा अधिग्रहण गरिसकेको भए तापनि हालसम्म उक्त सिमेन्ट कम्पनी लिक्विडेसनको लागि लिक्विडेटर नियुक्ति गरेको छैन। बैङ्कले सो सिमेन्ट कम्पनीमा गरेको सेयर लगानीलाई शतप्रतिशत क्षय भएको जनाई शून्य मूल्य कायम गरेको छ।

६. **कर्जा लगानी** - बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थालाई रु.११ अर्ब ९५ करोड १० लाख र ग्राहकलाई रु.२ खर्ब ४५ अर्ब ५९ करोड ५५ लाख खुद कर्जा लगानी गरेको छ। बैङ्कले कर्जा नोक्सानीबापत व्यवस्था गरेको रु.११ अर्ब ५२ करोड ९० लाख, कर्मचारीलाई प्रदान गरेको कर्जा रु.५ अर्ब ३२ करोड ३९ लाखसमेत समायोजन गरी खुद कर्जा गणना गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

६.१. नेपाल राष्ट्र बैङ्कको निर्देशिका नं. २ को बुँदा ११(२) अनुसार यो वर्षमा रु.१ अर्ब ११ करोड १५ लाख ७२ हजार साँवा तथा रु.१ अर्ब ५१ करोड ७५ लाख १० हजार ब्याजसमेत रु.२ अर्ब ६२ करोड ९० लाख ८२ हजार कर्जा

असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नहुँदा आफैंले सकार गरी गैर बैङ्किङ्ग सम्पत्तिमा लेखाङ्कन गरेको छैन। उक्त सम्पत्ति सकार गरी बैङ्कको स्वामित्वमा नल्याइएको कारण गैर बैङ्किङ्ग सम्पत्तिको मूल्याङ्कन यथार्थ नहुनुका साथै सम्पत्तिको उचित उपयोग हुन सकेको छैन।

६.२. नेपाल राष्ट्र बैङ्कको निर्देशिका नं. ८ अनुसार बैङ्कले कुनै पनि कम्पनीमा सो कम्पनीको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने उल्लेख छ। बैङ्कले एक फुड कम्पनीमा ५७.४ प्रतिशत, एक डिजिटल पेमेन्ट कम्पनीमा ३७.७८ प्रतिशत, एक इन्स्योरेन्स कम्पनीमा १०.१२ प्रतिशत, अर्को इन्स्योरेन्स लिमिटेडमा १५ प्रतिशत, एक यन्त्रशाला कम्पनीमा १३.५० प्रतिशत, एक एक्सचेन्ज लिमिटेडमा ११.२३ प्रतिशत, एक सुती धागो कम्पनीमा २० प्रतिशत र एक सिमेन्ट उद्योगमा २६.७४ प्रतिशत लगानी गरेको छ।

६.३. बैङ्कको प्रचलित कर्मचारी विनियामवलीबमोजिम कर्मचारीहरूलाई प्रदान गरेको कर्जामध्ये यो वर्ष रु.९ करोड ३६ लाख ५४ हजारको भुक्तानी अवधि समाप्त भैसकेको भए तापनि राफसाफ भएको छैन।

७. **स्थिर सम्पत्ति -** बैङ्कको स्थिर सम्पत्तिको मूल्य रु.४ अर्ब २३ करोड ७६ लाख रहेकोमा केन्द्रीय कार्यालय १५ रोपनी १ आना ३ पैसा, लहानको जग्गा र मङ्गलसेन नगरपालिका वडा नं. ५, अछाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गरेको छैन। महालक्ष्मी नगरपालिका वडा नं. २, इमाडोल, ललितपुरमा अवस्थित बैङ्कको १ हजार ८२२.९५ वर्गमिटर क्षेत्रफलमा रहेको जग्गा (कित्ता नं. ६५), अतिक्रमणमा रहेको,पोखरामा अवस्थित जग्गामध्ये साविक एक विकास बैङ्क लिमिटेडको नाममा रहेको १ कित्ता जग्गा नगर विकास कोषले रोक्का गरेको र कानेपोखरी गाउँपालिका वडा नं. ४, मोरङ्गमा अवस्थित जग्गामध्ये यस बैङ्कको नाममा रहेको जग्गामा मोहियानी हक दाबी रहेको छ। बैङ्कले सम्पत्ति उपयोग योजना तयार गरी दरबारमार्ग, थापाथली, पोखरा, बुटवल, भरतपुर, धनगढी, सुर्खेत, विराटनगर, नेपालगञ्जलगायतका स्थानमा रहेका घरजग्गाको प्रभावकारी उपयोग गरी उचित प्रतिफल प्राप्त गर्नुपर्दछ।

८. **हिसाब मिलान -** बैङ्कले ग्राहकलाई प्रदान गर्दै आएको डेविट तथा क्रेडिट कार्ड कारोबार, एटीएम कारोबार, बिना सूचना भुक्तानी दिइएको ड्राफ्ट, आसामी र साहुतर्फको लामो समयदेखि राफसाफ नभएको तथा पहिचान नभएको रकम, एजेन्सी हिसाबअन्तर्गत हिसाब मिलान नभएको रकम, मार्गस्थ नगद रकम, दाबी नपरेको दायित्व, अन्य दायित्व, उज्राती खातालगायतको शीर्षकहरूमा बर्सेनि जिम्मेवारी सारी आएको रकममध्ये यो वर्षको अन्त्यमा खुद क्रेडिट रु.२४ करोड ३९ लाख (डेबिटतर्फ रु.२२ करोड ३६ लाख र क्रेडिटतर्फ रु.४६ करोड ७५ लाख) हिसाब मिलान हुन बाँकी रहेको छ। सोमध्ये बैङ्कको बिना सूचना ड्राफ्टको भुक्तानी हिसाबमा लामो समयदेखि रु.७ करोड ४ लाख ९९ हजार रहेकोमा २०६४।३।२० देखि पुमोरी सफ्टवेयरमा विद्युतीय लेखा राख्न शुरू गर्दा देखि नै सार्दै ल्याएको रकम हालसम्म पनि फस्यौंट नभई यथावत रहेको छ। यद्यपि उक्त रकमको लागि शतप्रतिशत नोक्सानी व्यवस्था गरेको छ। यस्तै, बैङ्कको दाबी नपरेको हिसाब रु.२४ करोड ९६ लाखमध्ये केन्द्रीय कार्यालयमा रु.४ करोड ३१ लाख, दरबारमार्ग शाखामा रु.१७ करोड १२ लाख र जुम्ला शाखामा रु.१ करोड ७ लाख दावी नपरेको दायित्व रकम रहेको छ। यस हिसाबमा विभिन्न व्यक्ति तथा संस्थालाई २०५२ देखिको भुक्तानी गर्नुपर्ने रकम रहेको छ।

गत वर्ष शाखा हिसाब मिलान हुन बाँकी रु.४६ करोड ७२ लाख रहेकोमा यो वर्ष रु.५७ करोड ५१ लाख (डेबिटतर्फ रु.६९ करोड ५४ लाख र क्रेडिटतर्फ रु.१ अर्ब २७ करोड ५ लाख) रहेको छ। हिसाब मिलान हुन नसकेको शाखा हिसाबको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरिएको छैन। त्यस्तो हिसाब समयमै मिलान गरी राफसाफ गर्नुपर्दछ।

९. **गैर बैङ्किङ्ग सम्पत्ति -** वर्षान्तमा रु.३० करोड ५५ लाख गैर बैङ्किङ्ग सम्पत्ति रहेको देखिन्छ। गैर बैङ्किङ्ग सम्पत्तिको असुलीमा कानुनी प्रक्रियाको पालना गर्दाको अवस्थामा सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको कारण बैङ्कहरूले वित्तीय नोक्सानीसमेत बेहोर्नुपर्ने जोखिम रहन्छ। बैङ्कले लामो समयदेखि सकार गरेको तर बिक्री गर्न नसकेको केही गैर बैङ्किङ्ग

सम्पत्तिमा विवाद रहेको, बैङ्कको कुनै नियन्त्रण नभएको तथा अघिल्लो साविक जग्गाधनी वा अन्य तेस्रो पक्षले प्रयोग/कब्जा गरेको देखिन्छ।

१०. **निष्क्रिय कर्जा -** बैङ्कको कुल कर्जा रु.२ खर्ब ६१ अर्ब ७९ करोड ३९ लाख ४३ हजारमध्ये असल कर्जा रु.२ खर्ब ३१ अर्ब १६ करोड ७७ लाख ३९ हजार र सुक्ष्म निगरानीमा रहेको कर्जा रु.१९ अर्ब ४२ करोड ३३ लाख ४ हजार सक्रिय कर्जाको रूपमा रहेको छ। यसैगरी, निष्क्रिय कर्जाअन्तर्गत पुनर्संरचना गरिएको कर्जा रु.१ अर्ब १९ करोड ६५ लाख ५१ हजार, कमसल कर्जा रु.१ अर्ब ८ करोड ७५ लाख ९२ हजार, शंकास्पद कर्जा रु.३ अर्ब २४ करोड ५४ लाख ५१ हजार र खराब कर्जा रु.५ अर्ब ६७ करोड ३३ लाख ६ हजार रहेको छ। सोअनुसार निष्क्रिय कर्जाको अनुपात गत वर्ष ३.७७ रहेकोमा यो वर्ष बढेर ४.२८ प्रतिशत पुगेको छ। यो वर्ष भाखा नाघेको कर्जाहरूको कुल कर्जा नोक्सानी रु.७ अर्ब ३५ करोड ८४ लाख ३० हजार पुगेको छ। ऋण सम्झौता र कानुनी प्रक्रियाअनुसार गुणस्तरीय कर्जा प्रवाह र असुलीमा जोड दिनुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

Qualified Opinion

We have audited the accompanying financial statements of Rastriya Banijya Bank Limited ("the Bank"), and Consolidated Financial Statements of the Group (the Bank and its subsidiary), which comprise the Consolidated Statement of Financial Position as at Ashadh 31, 2081 (corresponding to July 15, 2024), the Consolidated Statement of Profit or Loss, the Consolidated Statement of Other Comprehensive Income, the Consolidated Statement of Cash Flows, and the Consolidated Statement of Changes in Equity for the year then ended, along with Notes forming part of the Consolidated Financial Statements, and a summary of significant accounting policies.

In our opinion, except for the effects of the matters described in the Basis of Qualified Opinion section, the accompanying consolidated financial statements present fairly, in all material respects, the consolidated financial position of the Bank and the Group as at Ashadh 31, 2081 (July 15, 2024), and their consolidated financial performance and consolidated cash flows for the year then ended in accordance with the Nepal Financial Reporting Standards (NFRS).

Basis for Qualified Opinion

We conducted our audit of the consolidated financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the *Auditor's Responsibilities for the Audit of the Consolidated Financial Statements* section of our report. We are independent of the Group in accordance with the Handbook of the Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal (ICAN) and we have fulfilled other ethical responsibilities in accordance with ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the consolidated financial statements except the following:

(a) We were unable to obtain sufficient and appropriate audit evidence enabling us to determine the effect on equity of the Bank/Group in case of:

- Net balance of **un-reconciled inter-branch** transactions, amounting to NPR 575.13 million (Credit NPR 1,270.53 million and Debit NPR 695.41 million).
- **Unidentified and un-reconciled balances** of NPR 243.845 million in credit (Debit NPR 223.697 million and Credit NPR 467.542 million) have been carried forward for several years due to which probable recovery and obligation could not be identified. These balances are unclaimed liabilities, unidentified deposits and overdue/matured fixed deposits, bills payable, cash in transit, prepayments and advances, debit/credit card transactions, other liabilities etc.

(b) Bank's Property, Plant and Equipment consists of land at Head Office-Singha Durbar Plaza and Branch Office- Lahan where title deeds are not in bank's name [total market value NPR 4,237.65 million as per independent engineer's valuation in Ashad 2080], however, possession and use of such land (including building constructed over it) is with the bank.

(c) The Bank has made accumulated provision of NPR 21,966.91 million towards the Liabilities for Employee Defined Benefit Obligation (pension, gratuity, endowment life insurance fund and accumulated leave) as on 31 Ashad, 2081 including additional provision of NPR 4,697.94 million for the current financial year, based on the actuary valuation which has taken increment of 6% and 3% respectively for Salary and Pension. The factors, input and assumptions used in the valuation are not compatible with historical trends of the bank like average historical increment rate for salary and pension growth is 7.51% and 3.59% over the period of last five years. The fund provision requires technical expertise of actuary in addition to historical incremental trends to ascertain the impact in the financial statements. Thus, the amount of provision made will vary as the actuary considers several assumptions for valuation of Employee Defined Benefit Obligation such as discount rate, mortality, salary increment, retirement benefit increment and withdrawal, etc.

Other Matter

We did not audit the financial statements of subsidiary companies, namely RBB Merchant Banking Ltd and RBB Securities Company Limited. The financial statements and other financial information have been audited by other auditors whose reports have been furnished to us by the management. Our opinion on the financial statements so far as it relates to the accounts and disclosures included in respect of the subsidiary is based solely on the report of other auditors.

Our opinion on the consolidated financial statements is not modified in respect of the above matter.

Key Audit Matters

Key Audit Matters are those matters that, in our professional judgment, were of most significance in our audit of the Consolidated Financial Statements of the current period. These matters were addressed in the context of our audit of the Consolidated Financial Statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. Except for the matters described in the *Basis for Qualified Opinion* section, we have determined that the matters described below to be the key audit matters to be communicated in our report:

Key Audit Matter	**How the Key Audit Matter was Addressed**
a. Interest Recognition	
The interest income of the bank is recognized on an accrual basis and follows the Interest Income Recognition Guidelines issued by Nepal Rastra Bank. Recognition of interest income on bad loans involves the judgments on calculating the net realizable value of loans and advances. As an automated system is yet to be used to suspend recognition of income based on the overdue status of the loan and fair value of collateral as well as a review of fair valuation of collateral on a regular basis, manual intervention is required in the interest recognition process and hence create a risk of improper application of the guidelines and determination of the Fair Value of the collateral. Other liabilities include excess interest payable to loan customers reversing the interest income	Our audit approach regarding verification of the process of interest recognition included: a. Obtaining a clear understanding of the process of accrual of interest income on loans and advances in the Core Banking Software of the bank. b. For fair value of collateral, we relied on the latest available valuation report of the collateral and have test-checked it as per NRB Income Recognition Guidelines 2019. c. Test checked the interest income recording with manual computation on sampled borrowers. d. Test-checked the premium charged on sampled borrowers from the report provided and the basis taken by the management to arrive at the excess

which may vary when the bank commences the refund. This may, in turn, have an effect on the recognition of interest income of the bank thus, we have considered them as key audit matter. *(Ref. Note 3.14 and 4.29 of Financial Statements)*	interest payable. e. Review and verify the transactions relating to manual debit or credit of interest in the system. f. Understanding as to how the Bank's management monitors their business, analyze its credit portfolio and the interest income thereon.
b. Impairment of Loans and Advances to Customers	
As per NRB Directive 4, the bank shall measure impairment loss on loans and advances at the higher of: ▪ Amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provisioning; and ▪ Amount determined adopting Incurred Loss Model per the Carve out provided on NFRS 9 financial instruments -impairment. Impairment of loans and advances under the incurred loss model requires an assessment of future cash flows as well as historical loss experiences of portfolios. On the other hand, impairment of loans and advances under NRB norms for loan loss provisioning requires assessment of the overdue status of loans and advances and proper utilization of loans for the intended purpose. Significant estimates and assumptions are used by the management in such calculations. Hence, the assessment of the availability and accuracy of required data for impairment of loans and advances under incurred loss model as well as NRB provisioning norms are considered. Considering the significance of the above matter to the financial statements, we have identified this as a key audit matter. *(Ref. Note 4.6, 4.7 and 4.35 of Financial Statements)*	Our audit approach regarding verification of impairment of loans and advances included: a. Test the operating effectiveness of key controls established by the bank to identify loss events and for determining the extent of provisioning required against non-performing loans and advances. b. Review the overdue status of loans and advances by obtaining data from the system and matching the same with the NRB reports. c. Review of sampled credit files, among other things, from the perspective of the utilization of loans and advances for the intended purpose by way of scrutiny of financial statements, account movement, account turnover etc. including the business visits of the selected borrowers. d. Review of credit files of sampled borrowers for expected future cash flows with an indication of impairment is assessed based on the realizable value of collateral securities based on management estimate. Assess the grouping of a homogeneous group of loans based on the nature and purpose of loans including data of historical loss experience in portfolios based on past due data from the system as well as data of loan loss provisioning of the defined group in the past.
c. Information Technology System and Control over Financial Reporting	
IT controls with respect to recording transactions, generating various reports in compliance with NRB guidelines and other compliances to regulators is an important part of the process. Such reporting is heavily dependent on the effective working of Core Banking Software (CBS) and other allied systems. We have considered this a key audit matter as any control lapses, validation failures, incorrect input	Our audit approach regarding the information technology of the bank is based upon the Information Technology Guidelines issued by NRB and included: a. Understanding of the business processes, IT Systems used to generate and support those balances and associated IT application controls and IT dependencies in manual controls. b. Understanding the coding system adopted by the

data, and errors in the extraction of data may result in incorrect financial reporting.	bank for various categories of customers c. Evaluating and testing the design and operating effectiveness of certain control activities over the integrity of the material IT systems that the relevant to financial reporting. d. Understanding the feeding of the data in the system and going through the extraction of the financial information and statements from the IT system existing in the bank. e. Checking the user /authority matrix for any changes in the regulations/ policy of the bank f. Reviewed the reports generated by the system on a sample basis and verified the interest income and expense booking regarding loans and deposits on a test basis with the CBS of the bank.
d. Investment valuation and impairment	
Investment of the bank comprises investment in government bonds, T-bills, investment in quoted and unquoted equity instruments. The valuation of the aforesaid securities has been done in compliance with NFRS and NRB Directive. No financial statements have been available for investments in the Subsidiary (Everest Foods Ltd) and investment in associates (Butwal Suti Dhago Udhyog and Himal Cement Company Ltd) which have been fully impaired. The Bank also made investments in shares of companies unquoted, a few of them are not in operation. Investment in Himal Cement Company (HCC) was made by erstwhile NIDC Development Bank Ltd (NPR 36,892,100) which originally held 80.90% shares in HCC, which has been reduced to 26.74% after the Government of Nepal (Financial Comptroller General Officer) invested NPR 100 million in the year 2071 B.S. Land and buildings owned by HCC including at Chovar were taken over for Intermodal Container Depot and other facilities as per the decision of the government, however, liquidation of HCC is still in process with the agreed purchase consideration from the government thus bank's share in compensation is still to be determined and progressed. Given the varieties of treatments in the valuation of investment based on the nature of cash flow, the business model adopted, the complexity of calculations and the significance of the amount involved in such investments, we have considered	Our audit approach regarding verification of the process of investment valuation, identification and impairment included: a. Review of the investment of the bank and its valuation having reference to NFRS and NRB Directives. b. Assess the nature of the expected cash flow of the investments as well as the business model adopted by the management on the basis of available evidence/circumstances and ensured that the classification of investment is commensurate with the nature of cash flow and management's intention of holding the investment. c. Test check the effective interest rate and amortization schedule on a test basis for the investment valued at amortized cost. d. Review the decisions and correspondences made with HCC and Government of Nepal. e. Ensure that fair valuation has been done at the closing rate in NEPSE at the year-end for quoted investment and for the unquoted investment, net assets value based on the certified financial reports. f. Review the valuation report provided by independent valuator.

this a Key Audit Matter. *(Ref. Note 4.5, 4.8, 4.10, 4.11 5.8.4, 5.8.5 and 5.24 to the financial statements)*	
e. Property, Plant and Equipment (PPE)	
The valuation of Property, Plant and Equipment is a significant and complex area of the audit due to its materiality and the subjectivity involved in fair values. The bank's PPE includes significant assets subject to estimation uncertainties, particularly in determining fair values.	Our audit approach regarding verification of property, plant and equipment included: a. Confirm that PPE is initially recorded at historical cost and verify the accuracy of the cost basis by examining invoices, contracts and other relevant documentation. b. Confirm the existence and ownership of significant PPE by physically inspecting assets, reviewing title deeds, and confirming ownership documentation. c. Assessing the appropriateness of management's assumption and the application of professional judgement in the revaluation process. d. Evaluating the qualifications and experience of the independent valuators engaged by the bank for the valuation, including review of their methodologies. e. Ensure that the valuation methods applied are consistent with relevant accounting standards. f. Assessing the adequacy of supporting documentation including the valuation report and related evidence.

Information Other than the Consolidated Financial Statement and Auditors' Report Thereon

The Bank's Management is responsible for the other information. The other information comprises the information included in the Management Report, the Board of Directors, and Chairman's Statement but does not include the consolidated financial statements and our auditor's report thereon. Our opinion on the consolidated financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the consolidated financial statements, our responsibility is to read the other information and in doing so, consider whether the other information is materially inconsistent with the consolidated financial statements, or our knowledge obtained during our audit or otherwise appears to be materially misstated. As the other information documents are in the process of completion, the management has provided written representation that the final version of the documents will be provided when available thus we have nothing to report in this regard.

Responsibility of Management and Those Charged with Governance for the Consolidated Financial Statements

Management is responsible for the preparation and fair presentation of the consolidated financial statements in accordance with Nepal Financial Reporting Standards and for such internal control as management determines is necessary to enable the preparation of consolidated financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the consolidated financial statements, management is responsible for assessing the Group's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Group or to cease operations or has no realistic alternative but to do so. Those charged with Governance are responsible for overseeing the Group's financial reporting process.

Auditors' Responsibilities for the Audit of Consolidated Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the consolidated financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with Nepal Standards on Auditing (NSAs) will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these consolidated financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the consolidated financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purposes of expressing an opinion on the effectiveness of the Group's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management,
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Group's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated financial statements or if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Group to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the consolidated financial statements, including the disclosures, and whether the consolidated financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Group to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision, and performance of the group audit. We remain solely responsible for our audit opinion.

We have communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit. A separate management letter outlining such findings and deficiencies has been issued on this date.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

Report on Other Legal and Regulatory Requirements

We further report that:

- We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
- The consolidated financial statements including the consolidated statement of financial position, consolidated statement of profit or loss, consolidated statement of other comprehensive income,

consolidated statement of changes in equity, consolidated statement of cash flows including a summary of significant accounting policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Company Act, 2063, and they are in agreement with the books of accounts of the Bank; and the accounts and records of the Bank are properly maintained in accordance with the prevailing laws.

- In our opinion, the returns received from the branches of the bank are adequate for the audit purpose, though the statements are independently not audited.
- To the best of our information and according to the explanations given to us and from our examination of the books of account of the Bank, except as disclosed in Note 5.7.3 to the financial statements, we did not come across the cases where the Board of Directors or any member thereof or any employee of the Bank have acted deliberately in contrary with the provisions of the law relating to accounts or caused loss or damage to the Bank or committed any misappropriation or violated any directive of Nepal Rastra Bank.
- In our opinion, the business of the Bank was conducted within the scope of its authority.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका संयुक्त लेखापरीक्षकले त्यस बैङ्कमा २०८१।९।३ मा पेश गरेका छन्।**

विशालबजार कम्पनी लिमिटेड (२०७५।७६)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

नागरिकलाई दैनिक उपभोग्य सामग्री सर्वसुलभ रूपमा उपलब्ध गराउने, घरजग्गा भाडामा लिने दिने समेतका कार्यहरू गर्ने उद्देश्यले साविक कम्पनी ऐन, २०२१ अनुसार २०२६।०६।१४ मा कम्पनीको स्थापना भएको हो। कम्पनीमा अर्थ मन्त्रालयको ९८.७६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कृषि सामग्री कम्पनी लिमिटेड र साझा सेवा सहकारी संस्था लिमिटेडको ०.४२ प्रतिशत र सर्वसाधारणको ०.८२ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७६		३१ आषाढ, २०७५	
पुँजी	४,०१,००,००		४,०१०,०००	
जगेडा कोष र नाफा	६१,३६,३५		४८,७६,२०	
कुल पुँजी		**४,६२,३६,३५**		**४,४९,७६,२०**
सम्पत्ति				
स्थिर सम्पत्ति		**४,००,८४,६६**		**४,०१,३०,८१**
चालु सम्पत्ति				
व्यापारिक र अन्य प्राप्य	२,१९,७८		१,००,५४	
नगद तथा बैङ्क मौज्दात	१,८९,७१		७,७७,४३	
मुद्दती मौज्दात	५६,००,००		३७,५०,००	
अग्रिम भुक्तानी तथा पेस्की, सापटी	१८,४७,५८		१५,३०,१४	
जम्मा चालु सम्पत्ति	**७८,५७,०७**		**६१,५८,११**	
न्युनः चालु दायित्व तथा व्यवस्था				
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	५,७१,४३		३,९६,९१	
व्यवस्था	११,३३,९५		९,१५,८०	
जम्मा चालु दायित्व	**१७,०५,३८**		**१३,१२,७१**	
खुद चालु सम्पत्ति		**६१,५१,६९**		**४८,४५,३९**
जम्मा सम्पत्ति		**४,६२,३६,३५**		**४,४९,७६,२०**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	२०७५।७६		२०७४।७५	
बहाल तथा विद्युत आम्दानी	१८,४०,६२		१६,६२,२७	
प्रत्यक्ष खर्च	१,४२,३६		१,४७,०३	
कुल नाफा		**१६,९८,२६**		**१५,१५,२४**
अन्य आय	५,७९,१०		४,१०,७४	
प्रशासनिक खर्च	३,९६,१४		४,१३,०८	
सञ्चालन नाफा		**१८,८१,२२**		**१५,१२,९०**
ह्रास खर्च	५२,२०		५०,४९	
बोनस अगाडिको नाफा		**१८,२९,०२**		**१४,६२,४१**
कर्मचारी बोनस व्यवस्था	१,३५,४८		१,०८,३३	
आयकर पूर्वको नाफा		**१६,९३,५४**		**१३,५४,०८**
आयकर व्यवस्था	४,३३,४८		३,४२,०७	
खुद नाफा		**१२,६०,०६**		**१०,१२,०१**

३. **वित्तीय प्रतिवेदनमान** कम्पनीले नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा सोअनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

४. **सम्भावित दायित्व** - आन्तरिक राजस्व कार्यालयबाट २०५५।०५६ देखि २०६५।२०६६ सम्म रु. १२ करोड ८५ लाख आयकर निर्धारण भई दाखिला गर्न बाँकी रहेकोमा कम्पनीले सम्भावित दायित्व व्यवस्था गरेको छैन।

५. **स्थगन कर** - नेपाल लेखामान १२ (आयकर) अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएको कराधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखाआधार बिचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नुपर्नेमा गरेको छैन।

६. **बढी बोनस** - बोनस नियमावली, २०३९ को नियम ६(१) अनुसार ५ प्रतिशतले हुने रु. ८४ लाख ६७ हजारमात्र कर्मचारी बोनस व्यवस्था गर्नुपर्नेमा ८ प्रतिशतले हुने रु. १ करोड ३५ लाख ४८ हजार व्यवस्था गरेकोले रु. ५० लाख ८१ हजार बढी व्यवस्था गरेको छ। बढी व्यवस्था गरेको रकम समायोजन गर्नुपर्दछ।

७. **बहाल आम्दानी** - कम्पनीले बोलपत्र आह्वान गरी बहालमा लगाउदा प्रति वर्गफिट रु. ५०६.१० सम्मका दरले बहाल सम्झौता गरी असुल गरेको छ। तर विगतमा बहालमा लगाएका पसल भाडाको सम्झौता अवधि सकिएको अवस्थामा बोलपत्रको प्रकृयामा नगई साविककै व्यवसायीवाट प्रति वर्गफिट रु. ३५ देखि रु. ११७.१३ सम्मका दरमा बहाल उठाएको देखियो। साविकको सम्झौता अवधि सकिएपछि प्रतिस्पर्धा बेगर बहालमा दिएको र साबिककै दरमा बहाल उठाएको कारणले समान स्थलको बहाल रकममा वार्षिक रु.१३ करोड १६ लाख आय गुमेको छ। तसर्थ आयमा न्यूनीकरण हुने गरी बहाल लिने दिनेलाई जवाफदेही बनाउनुपर्दछ।

८. **साधारण सभा** - कम्पनी ऐन, २०६३ को दफा ७६(१) मा आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७२।७३ देखि वार्षिक साधारण सभा भएको छैन। कम्पनी ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिन भित्र सो सभामा उपस्थित शेयरधनीको सङ्ख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को दफा २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र तोकिए बमोजिमको वार्षिक प्रतिवेदन नेपाल धितोपत्र बोर्ड समक्ष पेस गर्नुपर्ने व्यवस्थाको पालनासमेत भएको देखिएन। नियमको परिपालना गर्नुपर्दछ।

९. **पसल, कबल भाडा** - कम्पनीबाट दायर भाडा असुली मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसलाबमोजिम दुई व्यक्तिसँग रु. १ करोड ४० लाख असुल गर्नुपर्ने र अर्को एक मुद्दामा भाडा रकम यकिन गरी दाखिला गर्नुपर्ने फैसला भएकोमा रकम लेखाङ्कन तथा असुल भएको छैन। सम्झौता तथा फैसला अनुसारको बहाल रकम कानुनी प्रक्रिया पुरा गरी असुल गर्नुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले विशाल बजार कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७६, आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणहरुले २०७६ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा नोक्सान र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाले आर्थिक वर्ष २०७४ बाट सबै सूचीकृत कम्पनीहरुमा लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ । यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ ।

२. **कबल भाडा फैसला कार्यान्वयनः**

क) **४०६७-CR-०२२२ को फैसला कार्यान्वयन गर्ने सम्बन्धमाः**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नेपाल सरकार वादी रहेको कम मुल्यमा कबल भाडामा दिई दिलाई बढी मुल्यमा भाडामा लगाई भ्रष्टाचार गरेको मुद्दा सम्मानित श्री सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसला बमोजिमको लगत तथा कार्य गर्न यस कम्पनीलाई २०७४।३।१६ र २०७४।३।१८ को पत्रबाट प्रेषित गरेको अवस्था छ । २०७३।८।२६ को फैसला अनुसार "प्रतिवादी रविन्द्रलाल श्रेष्ठलाई रु. १,०२,८४,४४९।७० जरिवाना भई बिगो रु. १,०२,८४,४४९।७० विशाल बजार कम्पनीले भरिपाउने र प्रतिवादी देवेन्द्रलाल श्रेष्ठबाट बिगो रु. ३६,७२,८७२।४२ विशाल बजार कम्पनीले भरी पाउने समेत ठहर गरेको अवस्था छ । उपरोक्त बिगो मुलुकी ऐन दण्ड सजायको ४२ नं. बमोजिम दिलाई भराई पाउन हाल प्रतिवादीहरुको जायजेथा फेला परेको अवस्था नहुँदा फेला परेका बखत सम्मानित अदालतलाई जानकारी गराउने भनी ४०६७-CR-०२२२ फैसला कार्यान्वयनको लागि कम्पनीले श्री काठमाडौं जिल्ला अदालतमा २०७४ चैत्र महिनामा निवेदनपत्र पेश गरेको देखिएको छ ।

ख) **४०६७-CI-०३२३ फैसला कार्यान्वयन गर्ने सम्बन्धमाः**

प्रस्तुत मुद्दा माथि दफा ३(क) मुद्दासंग अन्तरप्रभावी देखिंदा उक्त मुद्दामा उल्लिखित आधार कारणहरु समेतबाट प्रस्तुत मुद्दामा पनि अ.दु.नि.आ.बाट २०६५।११।२५ मा निर्णय भई तत्पश्चातका घरभाडा कम्पनीमा दाखिला गर्ने ठहर्याई भएको निर्णय सर्वोच्च अदालतको २०७३।८।२६ को फैसला ४०६७-CI-०३२३ बाट देखिंदा सो अनुसार २०६५ साल फाल्गुण पश्चातको भाडा कम्पनीमा दाखिला गर्न पर्ने ठहर भएको देखिएकोमा २०६५ चैत्र देखिको भाडा रकम सम्झौता कागजातहरुको आधारमा निक्यौंल गरी व्यवस्थापनले असुली गर्न पर्ने देखिएको छ । यस सम्बन्धमा कम्पनीले श्री काठमाडौं जिल्ला अदालतमा निवेदन पत्र पेश गरेको देखिएको र दुवै फैसला ४०६७-CR-०२२२ र ०६७-CI-०३२३ प्रतिवादी सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनमा गएको र प्रस्तुत वर्ष पश्चातः अनुमति प्रदान भई श्री सर्वोच्च अदालतमा मुद्धा विचारधिनमा रहेकोले फैसला कार्यान्वयन हुन नसकेको अवस्था रहेको कम्पनीले जनाएको छ ।

ग) सम्मानित सर्वोच्च अदालतको उपरोक्त दुवै फैसला बमोजिम लिन पर्ने रकमको लेखाङ्कन कम्पनीले गरेको छैन ।

३. २०७०।४।१० मा अनुसन्धानको सिलसिलामा कम्पनीको २०४२।२।४ देखि २०७०।३।३१ सम्मको निर्णय पुस्तिका, पसल कबल भाडामा दिने सम्झौता र अन्य कागजात अ.दु.अ.आयोगले माग गरे बमोजिम पठाईएको र अ.दु.अ.आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पठाउनु पर्ने भन्ने बुझिएकोले कम्पनीमा फिर्ता हुन नसकेको व्यहोरा कम्पनीले जानकारी दिएको अवस्था रहेको छ ।

४. २०५५।५६ र २०५६।५७ मा क्रमशः रु. ११,४२,१०८ र रु. २१,०२,२७७ गरि जम्मा रु. ३२,४४,३८५ माग भई आएको आयकर सम्भाव्य दायित्वमा देखाई सो वापत थप व्यवस्था गरिएको छैन । २०६४।६५ र २०६५।६६ को संशोधित आयकर निर्धारण भई खुद थप दाखिला गर्न बांकी रकम क्रमशः रु.४.४३ करोड र रु.४.०५ करोड गरि हुने जम्मा रु. ८.४८ करोड कम्पनीले सम्भावित दायित्व तर्फ देखाई सो वापत थप व्यवस्था गरिएको छैन । श्री आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २, बबरमहल विरुद्ध कम्पनीले २०७४।१।५ मा श्री सर्वोच्च अदालतमा दिएको पुनरावेदन मुद्दा विचाराधीन अवस्थामा रहेको छ ।

५. नेपाल लेखामान १२ "आयकर" अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएको कर आधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधार बीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नु पर्ने हुन्छ । यद्यपी कम्पनीले स्थगन कर गणना गरेको छैन ।

६. कम्पनीले जरिवाना आम्दानीको लेखांकन नीति प्रोदभावी आधारमा नगरी नगद प्राप्तीको आधारमा लेखांकन गरेको छ । जुन नेपाल लेखामान सिद्दान्त तथा नीति अनुरुप देखिदैन । प्रस्तुत आ.व. २०७५।०७६ मा जरिवाना प्रोदभावी आधारमा नभई नगद प्राप्तीको आधारमा आम्दानी गरिएकोले सो को प्रभाव वित्तिय विवरणमा पर्न गएको छ ।

७. मिती २०७५।५।२५ को चौथो संशोधन समेतको बोनस नियमावलीको नियम ६(१) अनुसार ५ प्रतिशतले हुने रकम रु ८४,६७,६८५।०० मात्र कर्मचारी बोनस व्यवस्था गर्नुपर्नेमा कम्पनीले प्रस्तुत आ.व. २०७५।०७६ को आय विवरणमा ८ प्रतिशतले रु १,३५,४८,२९७।०० व्यवस्था गरेको देखिएकाले बढी व्यवस्था गरेको रकम रु ५०,८०,६११।०० बोनस नियमावली अनुरुप देखिदैन । प्रस्तुत आ.व मा बढी व्यवस्था गरेको रकमको प्रभाव वित्तिय विवरणमा पर्न गएको छ ।

हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेका छौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षण संग सम्वन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो । हामीले निर्धारण गरेका छौ कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन ।

अन्य विषयहरु

पसल बहाल सम्बन्धमा:

क) कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुकुल हुने गरी कम्पनीको विद्यमान विनियमावली परिमार्जन गर्न कम्पनीमा कार्यरत कानुनी सल्लाहकार मार्फत यथाशीघ्र मस्यौदा तयार गर्न लगाई संचालक समितिमा पेश गर्न व्यवस्थापनलाई निर्देशन मिति २०७१।७।२८ मा दिइएको र कम्पनीको तर्फबाट श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग विरुद्ध सम्मानित सर्वोच्च अदालतमा २०६५ साल चैत्र महिनामा परेको रिट निवेदन पनि मिति २०७२।२।२६ मा खारेजी भइसकेको र उपरोक्त फैसलामा पनि कम्पनीको विनियमावलीमा आवश्यक सुधार गरी पसल कवल भाडामा लगाउने प्रक्रियामा सुधार गर्न सार्वजनिक खरिद ऐन नियमको प्रक्रिया अवलम्बन गर्न अ.दू.नि.आ.ले मिति २०६५।११।२५ मा निर्णय गरी दिएको निर्देशन कानून प्रतिकूल भन्न मिलेन भनी समेत यस कम्पनीको रिट निवेदन खारेज हुने ठहरेको विद्यमान अवस्थामा उपरोक्त विनियमावली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएको छैन ।

ख) कम्पनीको बहाल आम्दानी पछिल्लो पटक विभिन्न पसलहरुको टेण्डर आव्हान गरि बहालमा लगाईएका केहि पसलहरुको औषत टेण्डर आव्हान दर र बहालमा लगाइएका केहि पसलहरुको औषत दरले गणना गर्दा बार्षिक रु. १३,१५,९०,३३१ बहाल आम्दानी न्युन रहन गएको आंकलन गरिएको छ । आ.व. २०७५।७६ को आयकर निर्धारण गर्दा सो न्युन आम्दानी रकम रु. १३,१५,९०,३३१ वापत हूने रकम रु. ३२८९७५८३ आयकर सम्भाव्य दायित्वमा देखाई सो वापत थप व्यवस्था गरिएको छैन ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी व्यवस्थापनको हो । साथै वित्तीय विवरणहरु गहन रुपले जालसाजी वा त्रूटीवाट हुन सक्ने गलत प्रस्तुती हुनवाट बन्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यर्थाथपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन फर्म (Going Concern) लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ ।

कम्पनीको व्यवस्थापनका लागि उत्तरदायी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नु पर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफनो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी संधै पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ ।

नेपाल लेखापरीक्षणमान अन्तर्गतको लेखापरीक्षण अन्तर्गत लेखापरीक्षण अवधि भर हामी पेशागत निर्णय लिनुका साथै पेशागत सन्देहबाट पालना गर्छौं । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आंकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ ।

लेखापरीक्षणबाट जोखिम मुल्याकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतकिरणको मूल्याकन पनि लेखापरीक्षणमा समावेस हुन्छ ।

लेखापरीक्षणका क्रममा कम्पनीले अविच्छिन्न रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितीहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यान आकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण कम्पनी अविच्छिन्न नरहन पनि सक्दछ ।

व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुती, ढांचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ । अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाईएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

सुशासनको लागि जिम्मेवारहरु समक्ष जानकारी गराईएका विषयहरु यो अवधिको वित्तीय विवरणको लेखापरीक्षणका सर्वाधिक महत्वपूण विषयहरु भएको कारणले ती कुराहरु नै लेखापरीक्षणको मुख्य विषय भएको निर्धारण गरिएको छ । सो कुराहरु कानुन वा नियमनले छेकेको र एकदमै विरलै अवस्थामा सो कुरा प्रतिवेदनमा उल्लेख गरिएको कारणले हुने सार्वजनिक हित भन्दा त्यसको प्रतिकूल परिणाम भारी हुने निर्धारण गरिएको भन्दा बाहेकका अवस्थाहरुमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वर्णन गर्छौं ।

अन्य कानूनी र नियामक आवश्यकताहरु उपरको प्रतिवेदन

क) लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेका कुराहरुको जवाफ एवं स्पष्टिकरण उपलव्ध भएका छन् ।

ख) कम्पनीले हिसाव किताव श्रेस्ता प्रचलित कानून बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठीकसँग रोखेका छन् । संलग्न वित्तिय विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त रहेका छन् ।

ग) कम्पनी ऐन २०६३ को दफा ७६(१) अनुसार कम्पनीले प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पुरा भएको छ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा आर्थिक वर्ष २०७२।७३ बाट सो सभा नभएको तथा सोही ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिन भित्र सो सभामा उपस्थित शयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउन पर्ने उल्लेख भए बमोजिम पालना नभएको, कर्मचारी कल्याणकारी कोषको आ.व. २०७२।७३ देखि लेखा परीक्षण नभएको, धितोपत्र निश्काशन नियमावली २०७३ को दफा २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र तोकिए बमोजिमको वार्षिक प्रतिबेदन बोर्ड समक्ष पेश गर्न पर्ने व्यवस्थाहरुको पालना नगरिएको देखियो ।

(घ) कम्पनीले शेयर लाभांस भुक्तानी दिन बाँकि आ.व. २०४६।४७ देखि आ.व. २०६५।६६ सम्म रु. ३,०९०,७१३ रकम देखिएको छ । कम्पनी ऐन २०६३ को दफा १८२ अनुसार ५ वर्ष सम्म भुक्तानी दावी नभएको रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने प्रावधान भएकोले सो व्यवस्था पालना नगरिएको देखियो ।

(ङ) हाम्रो विचारमा तथा हामीलाई उपलव्ध गराइएका सूचना तथा जानकारी एवं स्पष्टीकरणको आधारमा कम्पनीको संचालक समिति वा प्रतिनिधिले कानून विरुद्ध कामकाज वा हानी नोक्सानी वा वेहिसाव गरेको देखिएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८१।७।१२ मा पेश गरेका छन्।**

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

धितोपत्रलाई विद्युतीय रुपमा परिवर्तन गरी निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रभावकारी विद्युतीय सेवा सञ्चालन गर्ने, निक्षेप सेवासँग आबद्ध सदस्यको सञ्जाल मार्फत कार्यगर्ने उद्देश्यले नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पूर्ण स्वामित्वमा २०६७।९।७ मा यस कम्पनीको स्थापना भएकोमा हाल नेपाल सरकारकोसमेत सेयर रहेको छ। कम्पनीको चुक्ता पुँजी ३० करोडमध्ये नेपाल सरकारको ४९.०७ प्रतिशत र नेपाल स्टक एक्सचेञ्जको ५०.९३ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैह्र चालु सम्पत्ति				
जायजेथा, प्लान्ट र उपकरण	११,२०,६५		१४,१६,६६	
पुँजीगत अमूर्त सम्पत्ति	५,८४,४०		८,१८,४०	
स्थगन कर सम्पत्ति	१,६६,७६		९४,४१	
कर्मचारी सापटी	२,६०,०७		२,२३,२२	
अग्रिम भुक्तानी तथा धरौटी	१८		१८	
दीर्घकालीन लगानी	३०,०८,४१		२४,७०,४४	
जम्मा गैह्र चालु सम्पत्ति		**५१,४०,४७**		**५०,२३,३१**
चालु सम्पत्ति				
अग्रिम बिमा भुक्तानी	१८,३२		१६,१०	
वित्तीय सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	६,४६,२१		४,५१,४२	
अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने	२०,१६,६६		१७,९६,९१	
अल्पकालीन लगानी	१,१८,००,००		१,०२,५०,००	
आयकर सम्पत्ति	१,७२,९९		६,२२,२२	
जम्मा चालु सम्पत्ति		**१,४६,५४,१८**		**१,३१,३६,६५**
जम्मा सम्पत्ति		**१,९७,९४,६५**		**१,८१,५९,९७**
पुँजी तथा दायित्व				
शेयर पुँजी	३०,००,००		३०,००,००	
अन्य जगेडा कोष (सञ्चित मुनाफा समेत)	१,३९,६७,११		१,२४,८४,४६	
कुल पुँजी		**१,६९,६७,११**		**१,५४,८४,४६**
दायित्व				
अवकाश सुविधा दायित्व	३,६२,६१		२,४९,९२	
कुल गैह्र चालु दायित्व		**३,६२,६१**		**२,४९,९२**
चालु दायित्व				
कर्मचारी बोनस व्यवस्था	२,५३,२१		२,९०,६४	
कर्मचारी बोनस समायोजित तथा अवितरित गत वर्षको	९,३१,३४		७,४५,७०	
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१२,८०,३७		१३,८९,२४	
कुल चालु दायित्व		**२४,६४,९३**		**२४,२५,५९**
जम्मा पुँजी तथा दायित्व		**१,९७,९४,६५**		**१,८१,५९,९७**

संस्थाको वासलातअनुसार २०८१ आषाढ मसान्तमा सेयर पुँजी रु.३० करोड, सञ्चित नाफा तथा जगेडा रु.१ अर्ब ३९ करोड ६७ लाख, दायित्व रु.२८ करोड २७ लाख, स्थिर सम्पत्ति रु.५१ करोड ४० लाख तथा चालु सम्पत्ति रु.१ अर्ब ४६ करोड ५४ लाख रहेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०/८१		२०७९/८०	
आम्दानी				
सञ्चालन आम्दानी	७२,०७,५८		६२,०९,१२	
अन्य आम्दानी	१४,३३,९४		१४,१३,८४	
कुल आम्दानी		**८६,४१,५२**		**७६,२२,९६**
प्रशासनिक तथा अन्य खर्च				
कर्मचारी खर्च	५,१८,८४		५,१२,१२	
प्रशासकिय तथा साधारण खर्च	८,१४,४३		७,०४,०२	
ह्रासकट्टी खर्च	३,१४,३५		१,२२,९७	
परिशोधन वा अपलेखन खर्च	२,४२,४३		१,८०,४२	
कुल प्रशासनिक तथा अन्य खर्च		**१८,९०,०५**		**१५,१९,५३**
कर तथा बोनस अघिको मुनाफा (क±ख±ग)		**६७,५१,४७**		**६१,०३,४३**
कर्मचारी बोनस व्यवस्था	२,५३,२१		२,९०,६४	
आयकर अगाडिको मुनाफा		**६४,९८,२५**		**५८,१२,७९**
चालु कर खर्च	(१९,८८,६७)		(१७,३९,२७)	
स्थगन कर आम्दानी/(खर्च)	७२,३४		१५,४२	
खुद मुनाफा/(नोक्सान)		**४५,८१,९२**		**४०,८८,९४**
निश्चित सुविधा योजनाको पुनः मापन समायोजन	(४९,३८)		(३२,५८)	
जम्मा नाफा		**४५,३२,५३**		**४०,५६,३६**

३. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ४७ (क) (१) बमोजिम गाभिई निसर्ग भएको निकायमा कायम रहेको शेयरधनीहरूले गाभिएको २ वर्ष भित्र आफ्नो शेयर निसर्ग गर्दा भएको लाभमा मात्र पुँजीगत लाभकर नलाग्ने व्यवस्था भएकोले अन्यले पुँजीगत लाभकर दाखिला गर्नुपर्दछ। बैङ्क तथा वित्तीय संस्थाहरू गाभिएको अवस्थामा गाभ्ने बैङ्क तथा वित्तीय संस्थाको सेयर खरिद बिक्रीमा भएको लाभको पुँजीगत कर गणना नगर्दा रु.१६ करोड १ लाख ८५ हजार कर छुट भएको बेहोरा गतवर्षसमेत औंल्याइकोमा स्थिति यथावत छ।

४. **सिडिएस एण्ड सिएनएस सफ्टवेयर** - कम्पनीले अनलाइन शेयर कारोबार गर्ने कार्यका लागि सन् २०११ मा भारतको एक सेवा प्रदायकसँग सफ्टवेयर खरिद गरी २०१५ देखि वार्षिक मर्मत सम्भार शुल्क भुक्तानी गर्दै आएको छ। कम्पनीले सन् २०१५ सेप्टेम्बर १५ देखि २०१८ सेप्टेम्बरसम्म मर्मत सम्भारको लागि उक्त संस्थासँग भारतीय रुपैयाँ ४५ लाख भुक्तानी गर्ने सम्झौता गरेकोमा २८ जनवरी, २०१९ मा १९ डिसेम्बर, २०१८ देखि ३१ मे, २०२० सम्मका लागि भारतीय रुपैयाँ १ करोड २ लाख ३३ हजारको र पुनः १ जुन २०२१ मा पहिलो वर्षको लागि रु.८१ लाख, दोस्रो वर्षको लागि रु. ८९ लाख, तेस्रो वर्षको लागि रु. ९८ लाख, चौथो वर्षको लागि रु. १ करोड ८ लाख र पाँचौ वर्ष अर्थात् ३१ मे, २०२६ को लागि भारतीय रुपैयाँ १ करोड १९ लाख र १५ प्रतिशत करकट्टी रकम तथा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम सिडिएसले बेहोर्ने गरी सम्झौता गरेको देखियो।

क्र.सं.	अवधि	शुल्क (भा.रु. हजारमा कर बाहेक)	वार्षिक वृद्धि(प्रतिशत)
१	१ जुन २०२१ - ३१ मे २०२२	८१,००	-
२	१ जुन २०२२ - ३१ मे २०२३	८९,००	९.८८

३	१ जुन २०२३ - ३१ मे २०२४	९८,००	१०.११
४	१ जुन २०२४ - ३१ मे २०२५	१,०८,००	१०.२०
५	१ जुन २०२५ - ३१ मे २०२६	१,१९,००	१०.१६

कम्पनीले सेवा प्रदायकसँग दीर्घकालीन सम्झौता गरी लागतमा न्यूनीकरण गर्नुपर्दछ।

५. **कार्य सम्पादन** - कम्पनीले यो वर्ष ३७ कम्पनीसँग धितोपत्र अभौतिकीकरणको लागि सम्झौता गरेको, ३१ कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरेको, ५ लाख ७४ हजार हितग्राही खाता खोल्ने कार्य गर्नुका साथै रु.१ अर्ब ९४ करोड ५० लाख धितोपत्र अभौतिकीकरण गरेको छ। त्यसैगरी मेरो शेयर एप्स प्रयोगकर्ताको संख्या यो वर्ष ५ लाख ४३ हजारले थप भई ५३ लाख ६९ हजार पुगेको छ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको कैफियत सहितको राय

हामीले यसै साथ संलग्न **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको** अषाढ ३१, २०८१ (तदनुसार जुलाई १५, २०२४) को वित्तीय स्थिति विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गर्न लेखापरीक्षकको रुपमा नियुक्त भएका छौं र सोहि अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं ।

मन्तव्यको आधार शिर्षक अर्न्तगत समावेश भएका विषयवस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरू बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरूले सारभूत रूपमा कम्पनीको मिति २०८१ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू प्रचलित कानूनका अधिनमा रही कम्पनी ऐन, २०६३ अनुरूप यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

- बोनस नियमावली २०३९ (चौथो संसेधन) को नियम ६(२) मा नेपाल सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्धेश्यले नेपाल सरकारले तोकिदिएको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानले आफुले आर्जन गरेको प्रत्येक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत बोनस छुट्याउनू पर्ने व्यवस्था रहेको छ तर कम्पनीले आ.व. २०८०।८१ को वित्तीय विवरणमा आयकर अघिको खुद नाफाको ४ प्रतिशत रकम कर्मचारी बोनस छुट्याई रु. १८,६३६,९७३।- बढि बोनस खर्च लेखांकन गरेकोले रु. १८,६३६,९७३।- ले नाफा घटेको पाइयो ।

हामीले नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको उत्तरदायित्व खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस कम्पनीबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पुरा गरेका छौं । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्य मामिला

कम्पनीले हरेक वर्षको नाफाबाट केही रकम शेयर धनीलाई लाभांशको रुपमा वितरण गरे पश्चात नाफाको अधिकांश रकम कम्पनीले संचित मूनाफा तथा अन्य कोषहरुमा रु.१,३९६,७११,०३९।- राखेको र सो रकम मध्ये कानूनी रुपमा नैं कोषहरुमा

राख्नु पर्ने रु. १८,९६६,४७४।- बाहेक शेयरधनीलाई लाभांश वितरण नगरी रु. १,३७७,७४४,५६५।- कम्पनीकै मुद्धती र कल तथा चालु खातामा राखेको तथा डिबेन्चरमा लगानी गरेको देखियो । यस विषयले हाम्रो राय परिमार्जन भएको छैन ।

लेखापरीक्षणका मुख्य मामिलाहरू - Key Audit Matter

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरू नै लेखापरीक्षणका मुख्य कुराहरू हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका विषयवस्तुहरू रहेको छैन ।

अन्य जानकारी वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरिक्षकको प्रतिवेदन बाहेकको

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकका अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेक अध्यक्षको प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा(४) अनुसारका प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभुत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभुत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभुत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएकामा त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात सोको अध्ययन गरी कुनै सारभुत असंगत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्तो सारभुत असंगत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सूचित गर्नेछौं ।

वित्तीय विवरण उपर व्यस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभुत रुपमा गलत आँकडा सहितको हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा कम्पनीको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत कम्पनीलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ । शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तिय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटी रहित छन् वा छैनन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च तहको आश्वासन भएतापनि सारभुत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरु अनुरुप लेखनपरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरु सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन र ती प्रस्तुतीहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र

रुपमा प्रभाव पार्न सक्ने उपयुक्त अपेक्षा गरिन्छ भन्ने उक्त गलत प्रस्तुतीलाई सारभुत रुपमा गलत प्रस्तुती भनिन्छ । नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामीलेपेशागत विवेक र व्यवसायीक सन्देह कायम राखी पेशागात अभ्यास गरेका छौं । यस क्रममा हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभुत गलत प्रस्तुतीहरुका जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागी पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गरेका छौं मिलीभगत, ठगी, जानाजानी चुक, जानाजान छोड्ने काम, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको उल्लंघन समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभुत गलत प्रस्तुतीहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागी लेखापरीक्षणमा प्रासंगिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्यांकन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेका व्यवसायको निरन्तरतामा आधारीत लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसँग सम्बन्धित सारभुत अनिश्चितताको कारणले कम्पनीको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेमा लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानकृष्ट गर्नुपर्दछ वा ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाको कारणले पनि कम्पनीको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरणको ढाँचा र खूलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गरेका छौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भुमिका वहन गर्नेहरु समक्ष अन्य विषयका अतिरिक्त लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराएका छौं । यस प्रतिवेदनमा उल्लेखित रायको अतिरिक्त व्यवस्थापनले सुधार गर्नूपर्ने अन्य व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

शासकीय भुमिका वहन गर्नेहरु समक्ष प्रासगिंक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा समेत जानकारी गराएका छौं ।

अन्य कानुनी तथा नियामक निकायका आवश्यकतासँग सम्बन्धित प्रतिवेदन

कम्पनी ऐन, २०६३ बमोजिमको थप व्यहोरा

कम्पनी ऐन, २०६३ को दफा ११५ बमोजिम देहायका व्यहोराहरु प्रमाणित गर्दछौं :

- हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरण सन्तोषजनक रुपमा प्राप्त गरेका छौं ।
- कम्पनीले कम्पनी ऐन, २०६३ अनुरुप आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ ।
- यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय स्थिति विवरण, नाफा नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरु तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाव किताव, वहिखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

- लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानून विरुद्ध कुनै कामकाज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।
- लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले लेखा सम्बन्धि कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८१।९।४ मा पेश गरेका छन्।**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

देशभित्र स्थापना गरिएका औद्योगिक क्षेत्रहरूको व्यवस्थापन एकीकृत रुपमा समन्वय तथा सम्पादन गरी नयाँ औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्य देखिएका स्थानमा सोसम्बन्धी कार्य गर्नका लागि कम्पनी ऐन अनुसार २०४५।४।१ देखि कम्पनी सञ्चालनमा रहेको छ। कम्पनीमा अर्थ मन्त्रालयको ५९.१६ प्रतिशत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ३८.९० प्रतिशत, महालेखा नियन्त्रक कार्यालयको १.६३ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्कको ०.३१ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लाण्ट र उपकरण	८१,१३,७५		७४,०१,७९	
निर्माणाधीन सम्पत्ति	१०,४६,५३		१०,०२,९६	
ख्याति र अमूर्त सम्पत्ति	५,५३		९,९९	
लगानी उद्देश्य भएका स्थिर सम्पत्ति	५५,६५,०३,४७		५५,६३,७३,८५	
पेस्की तथा सापटी	२,३०,११		२,२५,६६	
अन्य गैर चालु सम्पत्ति	१,०६,५१		९७,४८	
जम्मा गैर चालु सम्पत्ति		**५६,६०,०५,९०**		**५६,५१,११,७३**
व्यापारिक आसामी	७५,२१,६९		१७,९४,९३	
नगद तथा बैङ्क मौज्दात	१,१३,९६,८३		१,२२,६३,६६	
पेस्की तथा सापटी	२,०३,८२		१,९६,७६	
चालु कर सम्पत्ति	३,३७,२९		१३,४९,५१	
अन्य चालु सम्पत्ति	२,६६,९५		३,७८,१२	
जम्मा चालु सम्पत्ति		**१,९७,२६,५८**		**१,५९,८२,९८**
जम्मा सम्पत्ति		**५८,५७,३२,४८**		**५८,१०,९४,७१**
सेयर पुँजी	३,०६,८८,४२		३,०३,९३,४२	
सेयर लगानीबापत प्राप्त	०		२,९५,००	
सञ्चित मुनाफा तथा अन्य कोष	४१,८०,२०,७७		४१,३१,५२,०९	
जम्मा सेयर पुँजी		**४४,८७,०९,१९**		**४४,३८,४०,५१**
अन्य वित्तीय दायित्व	३१,९१		२४,०५	
व्यवस्था	२,२८,३१		१,७४,६१	
स्थगन कर दायित्व	१३,५४,६१,७४		१३,५६,६३,६३	
गैर चालु दायित्व		**१३,५७,२१,९६**		**१३,५८,६२,२९**
व्यापारिक साहु	६,४३,७१		३,८४,३४	
अन्य वित्तीय दायित्व	२,५९,३९		२,८७,५७	
व्यवस्था	५७		५७	
अन्य चालु दायित्व	३,९७,६६		७,१९,४३	
जम्मा चालु दायित्व		**१३,०१,३३**		**१३,९१,९१**
जम्मा कोष तथा दायित्व		**५८,५७,३२,४८**		**५८,१०,९४,७१**

कम्पनीको गैर चालु सम्पत्ति रु.५६ अर्ब ६० करोड ६ लाख, चालु सम्पत्ति रु.१ अर्ब ९७ करोड २७ लाख समेत रु.५८ अर्ब ५७ करोड ३३ लाखको सम्पत्ति रहेको छ। सेयर पुँजी रु.३ अर्ब ६ करोड ८८ लाख र सञ्चित मुनाफा तथा अन्य कोषहरू रु.४१ अर्ब ८० करोड २१ लाखसमेत सेयर पुँजी रु.४४ अर्ब ८७ करोड ९

लाख, गैर चालु दायित्व रु.१३ अर्ब ५७ करोड २२ लाख र चालु दायित्व रु.१३ करोड १ लाख समेत रु.१३ अर्ब ७० करोड २३ लाख दायित्व रहेको छ।

कम्पनीको सञ्चित मुनाफा तथा अन्य कोषमा रु.४१ अर्ब ८० करोड २१ लाख रहेकोमा पुनर्मूल्याङ्कन कोषमा रु.४० अर्ब ६८ करोड ६४ लाख र सञ्चित मुनाफा रु.१ अर्ब ११ करोड ५७ लाख रहेको छ। कार्यशील पुँजी बाहेकको रकम नेपाल सरकारलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८०।८१**		**२०७९।८०**	
सञ्चालन आम्दानी	२,०२,९०,४८		१,३२,५१,४१	
अन्य व्यावसायिक आम्दानी	१५,७२,९९		१८,२४,२६	
कुल आम्दानी		**२,१८,६३,४७**		**१,५०,७५,६७**
उपभोग भएको सामग्रीको लागत	१,०१,९६,४३		९८३७१५	
मर्मत तथा संभार खर्च	३,६१,३७		४,३५,८७	
कर्मचारी खर्च	२४,९१,९४		२३,५४,१०	
वित्त लागत	२५		२४	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	५,२८,१९		५,८०,८३	
ह्रास खर्च तथा परिशोधन	८,४२,४०		६,८४,२४	
हानी/नोक्सानीको व्यवस्था/(फिर्ता)	३,३५,१५		२,२५,७४	
कुल खर्च		**१,४७,५५,७३**		**१,४१,१८,१७**
कर अघिको मुनाफा/(घाटा)		**७१,०७,७४**		**९,५७,५०**
चालु वर्षको आयकर	१८,०८,०५		२,३६,१७	
स्थगन कर खर्च/(आम्दानी)	(१,५५,२५)		१,१४,३८	
कुल आयकर खर्च		**१६,५२,८०**		**३,५०,५५**
कर पछिको खुद मुनाफा/(घाटा)		**५४,५४,९४**		**६,०६,९५**

कम्पनीको यो वर्षको आम्दानी रु.२ अर्ब १८ करोड ६३ लाख र खर्च रु.१ अर्ब ४७ करोड ५६ लाख भई कर अघिको मुनाफा रु.७१ करोड ७ लाख रहेको छ। चालु वर्षको आयकर र स्थगन कर पछिको खुद मुनाफा रु.५४ करोड ५५ लाख रहेको छ।

३. **भौतिक परीक्षण** - कम्पनीले स्थिर सम्पत्तिहरूको भौतिक परीक्षण गरेको छैन। स्थिर सम्पत्तिको विवरण, स्थान, संकेत, अवस्था र लागतजस्ता सम्पत्तिहरूको विवरण समावेश नभएको र साङ्केतिकरण समेत गरेको छैन। वित्तीय विवरणमा उल्लिखित सम्पत्तिहरूको मूल्याङ्कन गरी स्वामित्वमा रहेको सम्पत्तिको यथार्थता यकिन गर्न सक्ने अवस्था छैन।

४. **महसुल कार्यविधि -** सञ्चालक समितिको २०७५।७।१६ को निर्णयअनुसार औद्योगिक क्षेत्रको पानीलगायत अन्य सेवा सुविधा उपलब्ध गराएबापत उद्योगहरूलाई लगाउने महसुल निर्धारण एवं असुल उपर गर्ने सम्बन्धी कार्यविधि तीन महिनाभित्र बनाई पेश गर्न व्यवस्थापनलाई निर्देशन दिए तापनि उक्त कार्यविधि बनेको छैन। यसले गर्दा समयानुकूल आय प्राप्त हुन सकेको छैन।

५. **बहाल वक्यौता** -बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तर्गत जमिन बहालबाट यो वर्ष रु ३४ करोड ७५ लाख आम्दानी गरेकोमा १०.३० प्रतिशत मात्र असुली भई हालसम्म उठ्न बाँकी बहाल रु.३७ करोड २८ लाख रहेकोले बक्यौता असुली पक्ष कमजोर रहेको छ। साथै, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तर्गत बहालबापतको उठ्न बाँकी रु.१ करोड ५२ लाख लामो समयदेखि उठ्न बाँकी रहेको देखिन्छ। अन्य औद्योगिक क्षेत्रको भाडा रकम समेत यकिन गरी असुल गर्नुपर्नेमा यस वर्षसम्म कुनै ठोस कदम चालेको छैन।

६. **भवनको उपयोग -** हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तर्गतको भवन बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारी आवासगृहको रुपमा प्रयोग गरेको र पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको भवन एक संस्थाले प्रयोग गर्दै आईरहेकोले उक्त भवनहरू उपयोग गरेको अवधिदेखिको बहाल रकम यकिन गरी असुल गर्नुपर्दछ।

७. **ग्रीन बेल्ट अतिक्रमण -** पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बिरेन्द्रनगर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय लगायतका औद्योगिक क्षेत्रहरूमा ग्रीन बेल्ट अतिक्रमण गर्ने, कोरिडोर एरियामा विभिन्न स्ट्रकचर तथा सामानहरू अव्यवस्थित रुपमा थुपार्ने, ग्रीन बेल्ट क्षेत्रमा फलामको कार्य गर्ने, कच्चा पदार्थ, उत्पादित वस्तु तथा फोहोरजन्य वस्तुहरू सडक छेउको नाली पुरिने गरी राख्ने लगायतका कार्यहरू गरेको पाइयो। केही उद्योगका सन्दर्भमा पत्राचार सम्म गरेको भए पनि लामो समयदेखि सम्झौता विपरित भएका यस्ता कार्यहरूमा कुनै कारबाही भएको छैन। उद्योगहरूसँग गरेको सम्झौताका सर्त तथा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ बमोजिम कारबाही गर्नुपर्दछ।

८. **सर्त पालना -** औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ र सम्झौताका सर्तअनुसार उद्योगहरूले कार्यसञ्चालन गर्नुपर्दछ। पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तरर्गतका उद्योगहरूले सम्झौता विपरित आवासीय प्रयोजनको लागि औद्योगिक क्षेत्रका सम्पत्तिको प्रयोग गरेको, सम्झौता अनुरुप जग्गा तथा भवनको उपयोग भएको लामो समय बितिसक्दा पनि सञ्चालनमा नआई उद्योग निर्माणाधीन अवस्थामा रहेको लगायत सम्झौताको सर्त विपरित कार्य गरेका छन्। सम्झौताको सर्त तथा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ बमोजिम उक्त उद्योगहरूलाई कारबाही गर्नुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

लेखापरीक्षकको रायः

हामीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०८१ (जुलाई १५, २०२४) को वित्तीय अवस्थाको विवरण सोहि समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान र अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानिति तथा लेखा टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा र हामीलाई दिइएको स्पष्टिकरण अनुसार, यस संस्थाको वित्तिय विवरणले आषाढ ३१, २०८१ (जुलाई १५, २०२४) को आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही कम्पनीलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभुत रुपमा यथार्थ चित्रण गर्दछ।

रायको आधार

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ। यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यसायीहरुको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौ र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौ। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

मुख्य लेखापरिक्षण विषयहरुः

मुख्य लेखापरीक्षण विषयहरु त्यस्ता विषयवस्तुहरु हुन जसले लेखापरिक्षकको पेशागत निर्णयमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण सिलासिला सबैभन्दा महत्वपूर्ण हुन्छन। मुख्य लेखापरीक्षण व्यहोराहरु सुशासन प्रति उत्तरदायित्व रहेका व्यक्तिहरुसंग संवादबाट छानिएका हुन्छन्।

लेखापरीक्षणको मुख्य विषय (Key Audit Matter)	लेखापरीक्षकको प्रतिक्रिया
आम्दानीको मापन : कारोबारको लेखांकन तथा हिसाव, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायहरुलाई आवश्यक प्रतिवेदनहरु बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली लिमिटेडको महत्वपूर्ण प्रक्रिया हो । त्यस्ता प्रतिवेदनहरु लिमिटेडको सफ्टवेयरको प्रभावशालितामा निर्भर रहन्छ। कुनै पनि नियन्त्रण असफलता, Validation Failures, गलत तथ्यांकको इन्ट्रि तथा तथ्यांकको गलत Extraction ले गर्दा व्यवस्थापन शेयरधनीहरुलाई गलत प्रतिवेदन हुन सक्ने भएको कारण हामीले यसलाई हाम्रो लेखापरीक्षणको मुख्य कुरा मानेका छौ ।	प्रणालीबाट उत्पन्न भएका प्रतिवेदनलाई नमुना छनोटबाट जाँच, आम्दानी र खर्च हिसाब प्रमाणीकरणको लागि लिमिटेडको सफ्टवेयरको नमुनाको आधारमा प्रतिक्रिया पेश गरेको छौ । हामीले विभिन्न विवरणहरू र भुक्तानीको प्रमाण जस्ता समर्थन प्रमाणहरू सहित सान्दर्भिक IT प्रणालीहरूको मूल्याङ्कन सहित सबै महत्त्वपूर्ण राजस्वहरुका मुख्य नियन्त्रणहरूको परिचालन प्रभावकारिताको मूल्याङ्कन गर्यौं। हामीले जग्गा, भवन, गोदाम, बिद्युत र पानीसँग सम्बन्धित सेवाहरू समावेश गरी कम्पनीले प्रदान गर्ने विभिन्न सेवाहरूको प्रकृतिको बारेमा बुझेका छौं।
क्षयिकरणको पहिचान तथा मापन (Impairment) कम्पनीको स्वामित्वमा रहेको सम्पत्तिमा प्लान्ट र उपकरण र अन्य सम्पत्तिहरू समावेश छन्। कम्पनी सञ्चालन भएको उद्योगको गतिशील प्रकृतिलाई ध्यानमा राखी अमूर्त सम्पत्ति, लगानी र अन्य सम्पत्तिमा भौतिक हानि हुन सक्ने जोखिम छ। सम्पत्ति वा नगद उत्पादन एकाइ (CGU) सँग सम्बन्धित कुनै कमजोरी छ वा छैन भन्ने निर्धारणमा भविष्यको नगद प्रवाह र यी सम्पत्तिहरू र CGU हरूका लागि योजनाहरूको बारेमा महत्त्वपूर्ण निर्णय समावेश छ।	हामीले प्रत्येक सम्पत्तिहरुको क्षयिकरण नीति र प्रक्रियाको समीक्षा गर्यौं। हामीले नगद उत्पादन इकाइहरू (CGU) र तिनीहरूको कमजोरी मूल्याङ्कन र विशेष गरी आम्दानी र आसामीको लागि कमजोरी मोडेलहरू मूल्याङ्कन गर्न र छुट दर, वृद्धि दर र पूर्वानुमान वृद्धि अनुमानहरू सहित मुख्य अनुमानहरूको औचित्य मूल्याङ्कन गर्न प्रयोग गरिएको निर्धारणको मूल्याङ्कन गर्यौं। हामीले नगद प्रवाह प्रक्षेपणको वरिपरि संवेदनशीलता विश्लेषण गर्यौं। हामीले लगानी, आसामी र कम्पनीको अन्य सम्पत्तिहरूमा क्षयिकरणको पर्याप्तता (adequacy) परीक्षण गर्‍यौं। हामीले सबै महत्त्वपूर्ण वर्गको सम्पत्तिको हानिको समीक्षा गरेका छौ।
उचित मूल्य मापन (Fair Value Measurement) सम्पत्ति प्लान्ट र उपकरणहरू मुख्यतया जग्गा, भवनहरू र अन्य सम्पत्तिहरू व्यवस्थापन लिमिटेडका प्राविधिक विज्ञहरूले स्वतन्त्र रूपमा मूल्याङ्कन गरि कम्पनीले उचित मूल्यमा रिपोर्टिङ मितिमा गरिएका सम्पत्ति वा दायित्वहरूलाई वर्गीकरण गरेको छ। उचित मूल्यको निर्धारण उच्च स्तरको निर्णय र डाटाबाट इन्पुटमा आधारित हुन्छ जुन बजारमा प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिँदैन। यसबाहेक, उचित मूल्य मूर्त सम्पत्तिहरूको भविष्यका लाभहरूको अपेक्षित ढाँचाबाट महत्त्वपूर्ण रूपमा प्रभावित हुन्छ।	हामीले सम्पत्ति वा दायित्वहरूको आधार र वर्गीकरण गर्न छुट नगद प्रवाह(discounted cash flow) को प्रमुख धारणाहरू सहित तीन-स्तरको पदानुक्रम प्रयोग गरी रिपोर्टिङ मितिमा सम्पत्ति वा दायित्वहरुको उचित मूल्य समीक्षा गर्यौं। समिति र विज्ञहरूको संलग्नतामा व्यवस्थापनले प्राप्त गरेको जग्गा र भवन पुनर्मूल्याङ्कन प्रतिवेदनहरूको समीक्षा गर्यौं। हामीले उचित मूल्य निर्धारण गर्न लागू गरिएको पद्धति र मान्यताहरूको मूल्याङ्कन गर्यौं। हामीले प्रक्रियामा संलग्न विशेषज्ञहरूको वस्तुनिष्ठता, स्वतन्त्रता र योग्यताको मूल्याङ्कन गरेका छौं।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारीः

नेपाल वित्तीय विवरण प्रतिवेदन मान (एन.एफ.आर.एस) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जाल साजी वा गल्तीबाट होस्, आधारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रयालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा वित्तीय विवरण उपर मन्तव्य गर्नु हाम्रो दायित्व हो। हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखा परीक्षणमान बमोजिम सम्पन्न गरेका छौं। ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु आधारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

- Account Receivables को प्रमाण उपलब्ध नभएको र हामीले समिक्षा गर्दा, सो रकमहरु अघिल्लो अवधिहरू देखि जारी राखेको देखियो, जुन संकलनयोग्य रहेको कुरा शङ्कास्पद छ । यदि यसमा अवमूल्यन प्रावधान गरिएको भए, वित्तीय प्रदर्शन र स्थितिमा फरक आउन सक्थ्यो ।
- विभिन्न खाता पुस्तक र रकम रिपोर्टको समिक्षामा, हामीले वित्तीय विवरणमा रिपोर्ट गरिएका अन्य प्राप्ती, ब्याज खर्च, अन्य दायित्व, कर्मचारी अग्रिम र शाखा खाता लगायतका विभिन्न खातामा महत्वपूर्ण भिन्नता देख्यौं । सहकारीले शाखागत रुपमा खाता पुस्तिका अलग राखे पनि, यसले सबै शाखाका खाताहरूको उचित रेकर्ड राखेको पाइएन । यसले वित्तीय विवरणको शुद्धतामा प्रभाव पारेको छ ।
- वित्तीय विवरणमा VAT Receivable रु.२६,१९०,२११।०८ देखाइएको छ, तर असार २०७८ को VAT प्रतिवेदनमा VAT Receivable रु.४,१७४,११९ मात्र देखाइएको छ, जसले रु.२२,०१६,०९२।१० को भिन्नता देखाउँछ । यसको सँगसँगै मिलानको प्रमाणपत्र उपलब्ध गराएको छैन र हामी यसबारे पुष्टि गर्न असमर्थ भयौं ।
- सहकारीले २०६८।६९ देखि २०७६।७७ सम्मको आर्थिक वर्षको कर विवरण पेश गरेको छैन, यद्यपि ती वर्षका वित्तीय विवरणहरूको लेखापरीक्षण गरिएको छ । हाम्रो समिक्षा अनुसार, कर पोर्टलमा सहकारीमाथि VAT को रु.१३,८९१,३८६ र आयकरको रु.११,३३७,०८८ को बक्यौता देखिन्छ, जसको लागि कुनै प्रावधान गरिएको छैन । यदि यसका लागि प्रावधान गरिएको भए, वित्तीय प्रदर्शन र स्थिति फरक हुन सक्थ्यो । साथै, आयकर ऐन २०५८ को धारा ११७ अनुसार २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि कारोबारको ०.१५ प्रतिशत जरिवाना लाग्नेछ, जसको खर्च र प्रावधान वित्तीय विवरणमा समायोजन गरिएको छैन ।

- सहकारीले रु.६९०,१५२।४६ को सम्बन्धित शाखा ब्यालेन्स वित्तीय विवरणको प्राप्त हुन बाँकी खातामा प्रस्तुत गरेको छ। यदि यसलाई मिलाइएको भए, यसले सहकारीको वित्तीय प्रदर्शन र स्थिति माथि प्रभाव पार्नसक्थ्यो ।
- हाम्रो लेखापरीक्षणको क्रममा हामीलाई विभिन्न बैंक खाता सम्बन्धी बैंक स्टेटमेन्ट उपलब्ध गराइएको थिएन, जसको कारणले हामी सहकारीको नगद र नगद समानको शेषको जाँच गर्न असमर्थ भयौं, र बैंक खातासम्बन्धी असमानताहरू वा गडबडहरूको जाँच गर्न सकिएन । सहकारीले वित्तीय विवरणमा रु.१४,२९२,४७९।७१ को बैंक ब्यालेन्स प्रस्तुत गरेको छ । यदि यसको वास्तविकता यकिन गर्न सकिएको भए, यसल संस्थाको वित्तीय प्रदर्शन र स्थिति माथि प्रभाव पार्नसक्थ्यो ।
- सहकारीले अर्थमन्त्रालय र अन्यबाट लिएका ऋणको लागि रु.१९,२३४,९५० को ब्याज खर्च बुक गरेको छ ।यो ऋणको कुल शेषको लागि वास्तविक ब्याज खर्चका कागजात हामीलाई उपलब्ध गराइएको थिएन, त्यसैले वास्तविक ब्याज खर्च (पेनल चार्जसहित) को पुष्टि गर्न सकिएन ।

माथिका बुँदाबाहेक, हामीले थप केही अन्य अवलोकनहरू हाम्रो व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरेका छौं जुन यस लेखापरीक्षण प्रतिवेदनसँगै जारी गरिएको छ ।

मुख्य लेखापरीक्षण मामिलाहरु

मुख्य लेखापरीक्षण मामिलाहरु भन्नाले संस्थाको चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षण गर्दा हाम्रो विचारमा सबैभन्दा महत्वपुर्ण विषयहरु हुन् । समग्रमा वित्तीय विवरणको लेखापरीक्षण र त्यसमाथि आफ्नो राय बनाउने सन्दर्भमा यी विषयहरुलाई सम्बोधन गरिएको थियो । यी विषयमा हामीले छुट्टै राय पेश गरेका छैनौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखामान तथा सामान्य लेखापरीक्षण अभ्यासको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा अभ्यास अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कनसहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षणको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्य कानूनी तथा नियमनकारी आवश्यकता माथिको प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरिक्षण तथा हामीले प्राप्त सबै सूचना तथा स्पष्टिकरणको आधारमा निम्नानूसार थप प्रतिवेदन पेश गर्दछौः

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरण प्राप्त गर्‍यौं।

ख. यो प्रतिवेदनसंग संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तनमा विवरण र संलग्न अनुसूचीहरु नेपाल लेखामान तथा लेखाका सर्वमान्य सिद्धान्तहरुको अनूसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब किताब, वही खाता श्रेस्ता र लेखासँग दूरुस्त रहेका छन ।

ग. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण र सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानूनविरुद्ध लेखासँग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा निक्षेपकर्ताहरुको हित विपरित हुने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, संस्थाको सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ. कम्पनीको शाखा कार्यालयबाट प्राप्त विवरणहरू हाम्रो लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त थिए यद्यपि विवरणहरू स्वतन्त्र रूपमा लेखापरीक्षित छैनन् ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस संस्थामा २०८१।९।१५ मा पेश गरेका छन्।**

साझा प्रकाशन सहकारी संस्था लिमिटेड (२०७६।७७)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

कैफियत सहितको राय

हामीले **श्री साझा प्रकाशन सहकारी संस्था लिमिटेड (सहकारी संस्था)** को यसै साथ संलग्न विवरणहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं जसमा २०७७ अषाढ मसान्तको वासलात, र सोही मितिमा समाप्त वर्षको विस्तृत नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश रहेका छन् ।

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, संलग्न वित्तीय विवरण तथा संस्थाको लेखा नीति र लेखासम्बन्धी टिप्पणी अध्ययन गर्दा, कैफियत सहितको रायको मामिलाहरुको प्रभाव बाहेक, संलग्न वासलातले **श्री साझा प्रकाशन सहकारी संस्था लिमिटेडको** २०७७ अषाढ ३१ को वित्तीय स्थिति, तथा सोही मितिमा समाप्त भएको अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्विटिका भएको परिवर्तन सम्बन्धी विवरणले क्रमशः संस्थाको नाफा नोक्सान, नगद प्रवाह र इक्विटिमा भएको परिवर्तन हामीले लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षणमान तथा लेखाका सर्वमान्य सिद्धान्तहरुको अनूरुप गरेका छौं । वित्तीय विवरण सारभुतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गनुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्टयाई गर्न प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले

गरेको महत्वपुर्ण अनुमान एंव वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

कैफियत सहितको रायको आधार

हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् । योग्य रायको आधारहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- नेपालको चार्टर्ड एकाउन्टेन्ट संस्थाले (ICAN) सहकारी संस्थाहरूको लागि लागू हुने वित्तीय रिपोर्टिङ मापदण्ड २०७३।७४ (2016-2017) को वित्तीय वर्षबाट नेपाल लेखा मापदण्ड (NAS) बाट नेपाल वित्तीय रिपोर्टिङ मापदण्ड (NFRS) मा परिवर्तन गरेको थियो। तथापि, सहकारीको वित्तीय विवरण नेपाल वित्तीय रिपोर्टिङ मापदण्ड (NFRS) को प्रावधानअनुसार तयार गरिएको छैन ।
- सहकारी संस्थाले निर्माणाधीन भवनको WIP रु.४१,८१०,८७९।८० देखाएको छ । हामीले लेखापरीक्षण समिक्षा गर्दा, यस रकमको निर्माणको सम्झौतासम्बन्धी कागजात र प्रगतिशील बिलिङको प्रमाण प्रदान गरिएको थिएन, जसको कारणले हामीलाई लेखापरीक्षण निष्कर्ष राख्न आवश्यक जानकारी सङ्कलन गर्न असमर्थ भयौं । संरचना वर्षा र पानीसँग सम्पर्कमा आइरहेको अवस्थामा नष्ट हुने अवस्थामा रहेको छ, जसका कारण यसको अवमूल्यन परीक्षण गर्नु आवश्यक छ । अवमूल्यन परीक्षण गर्दा वित्तीय विवरणमा देखाइएको मूल्य र नाफा वा नोक्सान फरक हुने सम्भावना रहन्छ ।
- सहकारी संस्थाले मौज्दातको लागत वा Net Realizable Value मध्ये जुन कम रहन्छ सोमा मूल्याङ्कन गर्नु पर्ने हो, तर हाम्रो समिक्षा अनुसार, सहकारीले तयार गरेको अन्तिम मौज्दातको मूल्याङ्कनमा केही प्रतिशतको छुटको आधारमा बिक्री मूल्य घटाएर मूल्यांकन गरिएको छ, जुन NAS 2 को प्रावधानसँग मेल खाँदैन । यदि NAS का प्रावधान पालना गरिएको भए, बेचेको वस्तुको लागत र मौज्दातको मूल्य वित्तीय विवरणमा देखिएको भन्दा फरक हुन सक्थ्यो ।
- हामीलाई ३१ असार २०७७ अघि सहकारीको लेखापरीक्षणको लागि नियुक्त गरिएको थिएन, त्यसकारण वर्षको अन्त्यमा भौतिक मौज्दातको गणना गर्न पाएनौं । त्यसकारण हामी ३१ असार २०७७ मा राखिएको मौज्दातको मात्राका बारेमा सन्तुष्ट हुन सक्दैनौं ।
- वित्तीय विवरणमा रु.१,९६,७०० को लगानी प्रस्तुत गरिएको थियो, जस मध्ये रु.५,००० को नवजीवन सहकारी संस्था लिमिटेडको लगानीका कागजात हामीलाई प्रदान गरिएन, र हामी यसबारे पुष्टि गर्न असमर्थ रहेका छौं ।
- Account Receivables को प्रमाण उपलब्ध नभएको र हामीले समिक्षा गर्दा, सो रकमहरु अघिल्लो अवधिहरू देखि जारी राखेको देखियो, जुन संकलनयोग्य रहेको कुरा शङ्कास्पद छ । यदि यसमा अवमूल्यन प्रावधान गरिएको भए, वित्तीय प्रदर्शन र स्थितिमा फरक आउन सक्थ्यो ।
- विभिन्न खाता पुस्तक र रकम रिपोर्टको समिक्षामा, हामीले वित्तीय विवरणमा रिपोर्ट गरिएका अन्य प्राप्ती, ब्याज खर्च, अन्य दायित्व, कर्मचारी अग्रिम र शाखा खाता लगायतका विभिन्न खातामा महत्वपूर्ण भिन्नता देख्यौं । सहकारीले शाखागत रुपमा खाता पुस्तिका अलग राखे पनि, यसले सबै शाखाका खाताहरूको उचित रेकर्ड राखेको पाइएन । यसले वित्तीय विवरणको शुद्धतामा प्रभाव पारेको छ ।
- वित्तीय विवरणमा VAT Receivable रु.२५,६०९,२८१।९१ देखाइएको छ, तर असार २०७७ को VAT प्रतिवेदनमा VAT Receivable रु.४,३८२,३४६ मात्र देखाइएको छ, जसले रु.२१,२२६,९३५।५० को भिन्नता देखाउँछ । यसको सँगसँगै मिलानको प्रमाणपत्र उपलब्ध गराइएको छैन र हामी यसबारे पुष्टि गर्न असमर्थ भयौं ।
- सहकारीले २०६८।६९ देखि २०७५।७६ सम्मको आर्थिक वर्षको कर विवरण पेश गरेको छैन, यद्यपि ती वर्षका वित्तीय विवरणहरूको लेखापरीक्षण गरिएको छ । हाम्रो समिक्षा अनुसार, कर पोर्टलमा सहकारीमाथि VAT को रु.१३,८९१,३८६ र आयकरको रु.११,३३७,०८८ को बक्यौता देखिन्छ, जसको लागि कुनै प्रावधान गरिएको छैन । यदि यसका लागि प्रावधान गरिएको भए, वित्तीय प्रदर्शन र स्थिति फरक हुन सक्थ्यो । साथै, आयकर ऐन २०५८ को धारा ११७ अनुसार

२०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि कारोबारको ०.१५ प्रतिशत जरिवाना लाग्नेछ, जसको खर्च र प्रावधान वित्तीय विवरणमा समायोजन गरिएको छैन ।

- सहकारीले रु.१,९४३,६४८।४१ को सम्बन्धित शाखा ब्यालेन्स वित्तीय विवरणको प्राप्त हुन बाँकी खातामा प्रस्तुत गरेको छ । यदि यसलाई मिलाइएको भए, यसले सहकारीको वित्तीय प्रदर्शन र स्थिति माथि प्रभाव पार्नसक्थ्यो ।
- हाम्रो लेखापरीक्षणको क्रममा हामीलाई विभिन्न बैंक खाता सम्बन्धी बैंक स्टेटमेन्ट उपलब्ध गराइएको थिएन, जस कारण हामीले सहकारीको नगद र नगद समानको शेषको जाँच गर्न असमर्थ भयौं, र बैंक खातासम्बन्धी असमानताहरू वा गडबडहरूको जाँच गर्न सकिएन । सहकारीले वित्तीय विवरणमा रु.८९,०५४,४९२।६० को बैंक ब्यालेन्स प्रस्तुत गरेको छ । यदि यसको वास्तविकता यकिन गर्न सकिएको भए, यसल संस्थाको वित्तीय प्रदर्शन र स्थिति माथि प्रभाव पार्न सक्थ्यो।
- सहकारीले अर्थ मन्त्रालय र अन्यबाट लिएका ऋणको लागि रु.१९,२७०,३६६।६८ को ब्याज खर्च बुक गरेको छ । यो ऋणको कुल शेषको लागि वास्तविक ब्याज खर्चका कागजात हामीलाई उपलब्ध गराइएको थिएन, त्यसैले वास्तविक ब्याज खर्च (पेनल चार्जसहित) को पुष्टि गर्न सकिएन ।

माथिका बुँदाबाहेक, हामीले थप केही अन्य अवलोकनहरू हाम्रो व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरेका छौं जुन यस लेखापरीक्षण प्रतिवेदनसँगै जारी गरिएको छ ।

मुख्य लेखापरीक्षण मामिलाहरु

मुख्य लेखापरीक्षण मामिलाहरु भन्नाले संस्थाको चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षण गर्दा हाम्रो विचारमा सबैभन्दा महत्वपुर्ण विषयहरु हुन् । समग्रमा वित्तीय विवरणको लेखापरीक्षण र त्यसमाथि आफ्नो राय बनाउने सन्दर्भमा यी विषयहरुलाई सम्बोधन गरिएको थियो । यी विषयमा हामीले छुट्टै राय पेश गरेका छैनौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपाल लेखामान तथा सामान्य लेखापरीक्षण अभ्यासको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा अभ्यास अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कनसहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त

गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षणको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्य कानूनी तथा नियमनकारी आवश्यकता माथिको प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरिक्षण तथा हामीले प्राप्त सबै सूचना तथा स्पष्टिकरणको आधारमा निम्नानूसार थप प्रतिवेदन पेश गर्दछौं ।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरण प्राप्त गर्‍यौं।

ख. यो प्रतिवेदनसंग संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तनमा विवरण र संलग्न अनुसूचिहरु नेपाल लेखामान तथा लेखाका सर्वमान्य सिद्धान्तहरुको अनूसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब किताब, वही खाता श्रेस्ता र लेखासँग दूरुस्त रहेका छन ।

ग. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण र सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानूनविरुद्ध लेखासँग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा निक्षेपकर्ताहरुको हित विपरित हुने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, संस्थाको सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ. कम्पनीको शाखा कार्यालयबाट प्राप्त विवरणहरू हाम्रो लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त थिए यद्यपि विवरणहरू स्वतन्त्र रूपमा लेखा परीक्षित छैनन् ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस संस्थामा २०८१।९।१५ मा पेश गरेका छन्।**

साझा प्रकाशन सहकारी संस्था लिमिटेड (२०७५।७६)

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले **श्री साझा प्रकाशन सहकारी संस्था लिमिटेड (सहकारी संस्था)** को यसै साथ संलग्न विवरणहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं जसमा २०७६ अषाढ मसान्तको वासलात, र सोही मितिमा समाप्त वर्षको विस्तृत नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश रहेका छन् ।

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, संलग्न वित्तीय विवरण तथा संस्थाको लेखा नीति र लेखासम्बन्धी टिप्पणी अध्ययन गर्दा, कैफियत सहितको रायको मामिलाहरुको प्रभाव बाहेक, संलग्न वासलातले **श्री साझा प्रकाशन सहकारी संस्था लिमिटेडको** २०७६ अषाढ ३१ को वित्तीय स्थिति, तथा सोही मितिमा समाप्त भएको अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्विटिका भएको परिवर्तन सम्बन्धी विवरणले क्रमशः संस्थाको नाफा नोक्सान, नगद प्रवाह र इक्विटिमा भएको परिवर्तन हामीले लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षणमान तथा लेखाका सर्वमान्य सिद्धान्तहरुको अनूरुप गरेका छौं । वित्तीय विवरण सारभुतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षण योजना

तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गनुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एंव वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

कैफियत सहितको रायको आधार

हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् । योग्य रायको आधारहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- नेपालको चार्टर्ड एकाउन्टेन्ट संस्थाले (ICAN) सहकारी संस्थाहरूको लागि लागू हुने वित्तीय रिपोर्टिङ मापदण्ड २०७३।७४ (2016-2017) को वित्तीय वर्षबाट नेपाल लेखा मापदण्ड (NAS) बाट नेपाल वित्तीय रिपोर्टिङ मापदण्ड (NFRS) मा परिवर्तन गरेको थियो। तथापि, सहकारीको वित्तीय विवरण नेपाल वित्तीय रिपोर्टिङ मापदण्ड (NFRS) को प्रावधानअनुसार तयार गरिएको छैन ।
- सहकारी संस्थाले निर्माणाधीन भवनको WIP रकम रु.४१,८१०,८७९।८० देखाएको छ । हामीले लेखापरीक्षण समिक्षा गर्दा यस रकमको निर्माणको सम्झौतासम्बन्धी कागजात र प्रगतिशील बिलिङको प्रमाण प्रदान गरिएको थिएन, जसको कारणले हामीलाई लेखापरीक्षण निष्कर्ष राख्न आवश्यक जानकारी सङ्कलन गर्न असमर्थ भयौं । संरचना वर्षा र पानीसँग सम्पर्कमा आइरहेको अवस्थामा नष्ट हुने अवस्थामा रहेको छ, जसका कारण यसको अवमूल्यन परीक्षण गर्नु आवश्यक छ ताकि यसको वास्तविक मूल्य झल्कियोस । अवमूल्यन परीक्षण गरिएको भए, वित्तीय विवरणमा देखाइएको मूल्य र नाफा वा नोक्सान फरक हुन सक्थ्यो ।
- सहकारी संस्थाले मौज्दातको लागत वा Net Realizable Value मध्ये जुन कम रहन्छ सोमा मूल्याङ्कन गर्नु पर्ने हो, तर हाम्रो समिक्षा अनुसार, सहकारीले तयार गरेको अन्तिम मौज्दातको मूल्याङ्कनमा केही प्रतिशतको छुटको आधारमा बिक्री मूल्य घटाएर मूल्यांकन गरिएको छ, जुन NAS 2 को प्रावधानसँग मेल खाँदैन । यदि NAS का प्रावधान पालना गरिएको भए, बेचेको वस्तुको लागत र मौज्दातको मूल्य वित्तीय विवरणमा देखिएको भन्दा फरक हुन सक्थ्यो ।
- हामीलाई ३१ असार २०७६ अघि सहकारीको लेखापरीक्षणको लागि नियुक्त गरिएको थिएन, त्यसकारण वर्षको अन्त्यमा भौतिक मौज्दातको गणना गर्न पाएनौं । त्यसकारण हामी ३१ असार २०७६ मा राखिएको मौज्दातको मात्राका बारेमा आत्मसन्तुष्ट हुन सक्दैनौं ।
- वित्तीय विवरणमा रु.१,९६,७०० को लगानी प्रस्तुत गरिएको थियो, जस मध्ये रु.५,००० को नवजीवन सहकारी संस्था लिमिटेडको लगानीका कागजात हामीलाई प्रदान गरिएन, र हामी यसबारे पुष्टि गर्न असमर्थ रहेका छौं ।
- Account Receivables को प्रमाण उपलब्ध नभएको र हामीले समिक्षा गर्दा, सो रकमहरु अघिल्लो अवधिहरू देखि जारी राखेको देखियो, जुन संकलनयोग्य रहेको कुरा शङ्कास्पद छ । यदि यसमा अवमूल्यन प्रावधान गरिएको भए, वित्तीय प्रदर्शन र स्थितिमा फरक आउन सक्थ्यो ।
- विभिन्न खाता पुस्तक र रकम रिपोर्टको समिक्षामा, हामीले वित्तीय विवरणमा रिपोर्ट गरिएका अन्य प्राप्ती, ब्याज खर्च, अन्य दायित्व, कर्मचारी अग्रिम र शाखा खाता लगायतका विभिन्न खातामा महत्वपूर्ण भिन्नता देख्यौं । सहकारीले शाखागत रुपमा खाता पुस्तिका अलग राखे पनि, यसले सबै शाखाका खाताहरूको उचित रेकर्ड राखेको पाइएन । यसले वित्तीय विवरणको शुद्धतामा प्रभाव पारेको छ ।
- वित्तीय विवरणमा VAT Receivable रु.२४,९५७,६११।३५ देखाइएको छ, तर असार २०७६ को VAT प्रतिवेदनमा VAT Receivable रु.४,३७१,५१३ मात्र देखाइएको छ, जसले रु.२०,५८६,०९८।३५ को भिन्नता देखाउँछ । यसको सँगसँगै मिलानको प्रमाणपत्र उपलब्ध गराइएको छैन र हामी यसबारे पुष्टि गर्न असमर्थ भयौं ।

- सहकारीले २०६८।६९ देखि २०७४।७५ सम्मको आर्थिक वर्षको कर विवरण पेश गरेको छैन, यद्यपि ती वर्षका वित्तीय विवरणहरूको लेखापरीक्षण गरिएको छ । हाम्रो समिक्षा अनुसार, कर पोर्टलमा सहकारीमाथि VAT को रु.१३,८९१,३८६ र आयकरको रु.११,३३७,०८८ को बक्यौता देखिन्छ, जसको लागि कुनै प्रावधान गरिएको छैन । यदि यसका लागि प्रावधान गरिएको भए, वित्तीय प्रदर्शन र स्थिति फरक हुन सक्थ्यो । साथै, आयकर ऐन २०५८ को धारा ११७ अनुसार २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि कारोबारको ०.१५ प्रतिशत जरिवाना लाग्नेछ, जसको खर्च र प्रावधान वित्तीय विवरणमा समायोजन गरिएको छैन ।
- सहकारीले रु.१,१४७,४४२।०५ को सम्बन्धित शाखा ब्यालेन्स वित्तीय विवरणको प्राप्त हुन बाँकी खातामा प्रस्तुत गरेको छ । यदि यसलाई मिलाइएको भए, यसले सहकारीको वित्तीय प्रदर्शन र स्थिति माथि प्रभाव पार्नसक्थ्यो ।
- हाम्रो लेखापरीक्षणको क्रममा हामीलाई विभिन्न बैंक खाता सम्बन्धी बैंक स्टेटमेन्ट उपलब्ध गराइएको थिएन, जसको कारणले हामी सहकारीको नगद र नगद समानको शेषको जाँच गर्न असमर्थ भयौं, र बैंक खातासम्बन्धी असमानताहरू वा गडबडहरूको जाँच गर्न सकिएन । सहकारीले वित्तीय विवरणमा रु.७,०६९,१४८।०३ को बैंक ब्यालेन्स प्रस्तुत गरेको छ । यदि यसको वास्तविकता यकिन गर्न सकिएको भए, यसल संस्थाको वित्तीय प्रदर्शन र स्थिति माथि प्रभाव पार्न सक्थ्यो ।
- सहकारीले अर्थ मन्त्रालय र अन्यबाट लिएका ऋणको लागि रु.१७,२२२,३३६।३० को ब्याज खर्च बुक गरेको छ ।यो ऋणको कुल शेषको लागि वास्तविक ब्याज खर्चका कागजात हामीलाई उपलब्ध गराइएको थिएन, त्यसैले वास्तविक ब्याज खर्च (पेनल चार्जसहित) को पुष्टि गर्न सकिएन ।

माथिका बुँदाबाहेक, हामीले थप केही अन्य अवलोकनहरू हाम्रो व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरेका छौं जुन यस लेखापरीक्षण प्रतिवेदनसँगै जारी गरिएको छ ।

मुख्य लेखापरीक्षण मामिलाहरु

मुख्य लेखापरीक्षण मामिलाहरु भन्नाले संस्थाको चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षण गर्दा हाम्रो विचारमा सबैभन्दा महत्वपुर्ण विषयहरु हुन् । समग्रमा वित्तीय विवरणको लेखापरीक्षण र त्यसमाथि आफ्नो राय बनाउने सन्दर्भमा यी विषयहरुलाई सम्बोधन गरिएको थियो । यी विषयमा हामीले छुट्टै राय पेश गरेका छैनौं ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारीता कायम राख्ने कार्यहरु पर्दछन र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणमा लेखापरीक्षकको दायित्व

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखामान तथा सामान्य लेखापरीक्षण अभ्यासको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा अभ्यास अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने

कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कनसहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षणको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्य कानूनी तथा नियमनकारी आवश्यकता माथिको प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरिक्षण तथा हामीले प्राप्त सबै सूचना तथा स्पष्टिकरणको आधारमा निम्नानुसार थप प्रतिवेदन पेश गर्दछौं ।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरण प्राप्त गर्‍यौं।

ख. यो प्रतिवेदनसंग संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, स्वामित्वमा भएको परिवर्तनमा विवरण र संलग्न अनुसूचिहरु नेपाल लेखामान तथा लेखाका सर्वमान्य सिद्धान्तहरुको अनूसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाब किताब, वही खाता श्रेस्ता र लेखासँग दूरुस्त रहेका छन ।

ग. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण र सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानूनविरुद्ध लेखासँग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा निक्षेपकर्ताहरुको हित विपरित हुने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, संस्थाको सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ. कम्पनीको शाखा कार्यालयबाट प्राप्त विवरणहरू हाम्रो लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त थिए यद्यपि विवरणहरू स्वतन्त्र रूपमा लेखापरीक्षित छैनन् ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस संस्थामा २०८१।९।१५ मा पेश गरेका छन्।**

साझा भण्डार सहकारी संस्था लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सदस्यहरूबिच आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले संस्थाको स्थापना २०२१ मा भएको हो। मूलतः सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका सर्वसाधारण उपभोक्ताहरूलाई दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, पेट्रोलियम पदार्थलगायतका वस्तुहरू उचित मूल्यमा सर्वसुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले तत्कालिन साझा केन्द्र हालको राष्ट्रिय सहकारी विकास वोर्डको सेयर लगानीमा यस संस्थाको स्थापना भएको हो। संस्थामा राष्ट्रिय सहकारी विकास बोर्डको ५७.५७ प्रतिशत र अन्य निकाय तथा सर्वसाधारणको ४२.४३ प्रतिशत सेयर लगानी रहेको छ।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति तथा जायजेथा				
स्थिर सम्पत्ति	१०,६९		११,७७	
लगानी	१४,९६		१४,९६	
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	८,७३		५,६४	
जिन्सी मौज्दात	४०		१५,२०	
आसामी, पेस्की तथा धरौटी हिसाब	२,४७,५५		२,४२,७८	
कुल सम्पत्ति		**२,८२,३३**		**२,९०,३५**
पुँजी तथा दायित्व				
सेयर पुँजी	३५,२५		३५,२५	
साधारण जगेडा तथा अन्य कोषहरू	(५६,२९)		(६६,५५)	
चालु दायित्व तथा व्यवस्था	३,०३,३७		३,२१,६५	
कुल पुँजी तथा दायित्व		**२,८२,३३**		**२,९०,३५**

२. **सञ्चालन नतिजा -** संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
बिक्री आम्दानी		**१९,८१**		**२६,१६,४६**
बिक्रीको लागत	१९,५१		२५,३३,२०	
जर्ती नोक्सानी	२५		२६,१८	
कुल बिक्री लागत		**१९,७६**		**२५,५९,३८**
खुद सञ्चालन आम्दानी/(नोक्सानी)		**५**		**५७,०८**
अन्य व्यावसायिक आम्दानी	१,००,७८		१,२४,८५	
कुल आम्दानी		**१,००,८३**		**१,८१,९३**
कर्मचारी खर्च	३२,५७		६६,८६	
प्रशासकीय खर्च	४३,३८		६८,८९	
ह्रासकट्टी खर्च	१,१३		१,३५	
पम्प सञ्चालन मुनाफा भुक्तानी खर्च	-		३५,९९	
कुल खर्च		**७७,०८**		**१,७३,०९**
आयकर अघिको खुद नाफा/(नोक्सान)		**२३,७५**		**८,८४**

संस्थाले गतवर्ष एक पेट्रोल पम्प भाडामा लिई सञ्चालन गरेकोमा यो वर्ष उक्त व्यवसाय बन्द भई सोसँग सम्बन्धित आम्दानी तथा खर्च घट्न गएको छ।

३. **बक्यौता -** बक्यौता, पेस्की र धरौटीमा रु.२ करोड ४८ लाख मौज्दात रहेकोमा उक्त रकम सम्पत्ति तथा जायजेथाको ८८ प्रतिशत रहेको छ।

४. **कानुनको पालना -** सहकारी ऐन, २०७४ को दफा ३९ मा साधारण सभा सम्बन्धी व्यवस्था छ। संस्थाले २०७६ देखि वार्षिक साधारण सभा गरेको छैन। व्यवस्थापनले सहकारी ऐनको दफा ७३ अनुसार रजिस्ट्रार कार्यालयमा प्रतिवेदन पेस नगरेकोले कानुनको पालना गरेको देखिएन। कानुनको परिपालना हुनुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय (Qualified Opinion)

हामीले साझा भण्डार सहकारी संस्था लिमिटेडको *(जसलाई यसपछि संस्था भनिएको)* यसै साथ संलग्न २०८१ आषाढ मसान्त को वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा/(नोक्सान) हिसाबको विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणले, कैफियत सहितको रायको आधारमा उल्लेख भएको विषयले पार्ने असर बाहेक २०८१ आषाढ ३१ गतेको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा/(नोक्सान) हिसाब र नगद प्रवाहको नेपाल लेखामान अनुसार सही र यर्थाथ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु (Basis of Qualified Opinion)

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पनि पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको स्थिर सम्पत्ती अन्तर्गत समूह 'घ' का मेशिनरी तथा औजार र पम्प मर्मत सुधारको चालु आ.व. को अ.ल्या रकम रु. ३५८,३७१.९५ को विस्तृत विवरण प्राप्त नभएको तर प्राप्त जानकारी अनुसार उक्त मेशिनरी तथा औजार र पम्प मर्मत सुधारको पूँजीगत खर्च स्वयम्भु पेट्रोल पम्पसँग सम्बन्धित रहेको पाइयो । उक्त पम्प संचालनको लागि करार अवधि समाप्त भएको तर नवीकरण नभएको र सम्बन्धित स्थिर सम्पत्तीहरु संस्थाको अधिनमा नरहेको हुँदा निसर्ग गर्नु पर्नेमा सो नगरेको हुँदा वित्तीय विवरणको यथार्थ चित्रण नभएको पाइयो । उक्त रकमको सही लेखाङ्कन गर्दा वासलातको सम्पत्ति तथा जायजेथा रु. ३५८,३७१.९५ ले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ ।

२. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको बैंक मौज्दात रु. ८७३,२३६.४५ मध्ये रु. २१४,१५३.२० को हिसाब मिलान नभएको पाइयो । उक्त रकम मध्ये रु. १६२,१७१.०२ कृषि विकास बैंक लि.को समर्थन पत्र र संस्थाको खातामा देखिएको मौज्दातको भिन्नता, रु. ३२,१८२.०३ विभिन्न बैंकहरुबाट समर्थन पत्र प्राप्त नभएको र हिसाब भिडान नभएको र रु. १९,८००.१५ कुन बैंकको खातामा जम्मा गरेको रकम हो भन्ने समेत एकिन हुन नसकेको पाइयो । सो रकमलाई खर्च लेखाङ्कन गर्दा वासलातको सम्पत्ति तथा जायजेथा रु. २१४,१५३.२० ले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ ।

३. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको आसामी, पेश्की र धरौटी हिसाब अन्तर्गत विभिन्न कर शिर्षकहरुमा रहेको अ.ल्या रकम रु. १७,९५,७२३ को यथार्थ प्रयोजन, कारोवारको यथार्थ समय जस्ता विवरणहरु प्राप्त हुन नसकेको र प्राप्त

जानकारी अनुसार सो रकम १० वर्ष भन्दा पहिले देखि नै अ.ल्या रकमको रुपमा सारिएको हुँदा सो रकमको सही लेखाङ्कन भए नभएको यकिन गर्न सकिएन । सो रकमलाई असुल हुन नसक्ने खराब रकम लेखाङ्कन गर्दा वासलातको सम्पत्ति तथा जायजेथा रु. १७,९५,७२३ ले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ ।

४. संस्थाले वित्तीय विवरणमा प्रस्तुत गरेको आसामी, पेश्की र धरौटी हिसाब अन्तर्गत लिन बाँकी घरबहाल रकम मिति २०६५ चैत्र ६ गतेको संचालक समितिको निर्णय अनुसार आ.व. २०७१/७२ मै व्यवस्था हिसाब गरिसक्नु पर्नेमा रु. ८०८,९२६ को व्यवस्था गर्न अझै बाँकी रहेको देखिन्छ । उल्लेखित निर्णय अनुसार आ.व. २०६७/६८ देखि २०७६/७७ सम्म व्यवस्था नगरेको हुँदा चालु आ.व.मा व्यवस्था भार बढेको पाइयो । सो रकमलाई असुल हुन नसक्ने खराब रकम लेखाङ्कन गर्दा वासलातको सम्पत्ति तथा जायजेथा रु. ८०८,९२६ ले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ ।

५. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको आसामी, पेश्की र धरौटी हिसाब अन्तर्गत विभिन्न ग्राहकहरुबाट पाउनु पर्ने रकम रु. ४५०,५५६, विगत ७/८ वर्ष अघि नै करार अवधि समाप्त भएका इन्द्रायणी आयल स्टोर र ऋषि एण्ड ब्रदर्सबाट पाउनु पर्ने रकम रु. ६,०४३,९०७, अन्यबाट पाउनु पर्ने रकम रु. ५०५,४२५, कर्मचारीबाट असुल गर्न बाँकी रु. १,२५६,२१४ रहेको र सो रकमहरु अन्यत्र उल्लेख गरे बाहेक विगत १० वर्ष भन्दा पहिले देखि नै अ.ल्या रकमको रुपमा सारिएको हुँदा असुलउपर हुने न्यून सम्भावना रहेको पाइयो । संस्थाले उक्त रकमहरुको व्यवस्था गरेको पाइएन । सो रकमहरुको व्यवस्था गर्दा वासलातको सम्पत्ति तथा जायजेथाको रु. ८,२५६,१०२ ले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ ।

६. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको शेयर पूँजी र संस्थाको अभिलेख अनुसार रु. ५९,००० को भिन्नता रहेको पाइयो । सो मध्ये रु. ३४,७०० निष्कासित शेयर सदस्यसँग सम्बन्धित र रु. २४,३०० को भिन्नताको वास्तवित कारण एकिन गर्न सकिएन । सो रकमलाई सही लेखाङ्कन गर्दा वासलातको पूँजी रु. २४,३०० ले घट्ने देखिन्छ ।

महत्वपूर्ण मामला (Emphasis of Matter)

हामी, लेखासँग सम्बन्धित टिप्पणीहरुको बुँदा नं ४.९.१ मा रहेको बिक्री आम्दानीमा ध्यानाकर्षण गराउन चाहन्छौं जहाँ संस्थाको प्रमुख कारोबारमा भारी गिरावट भएको र संस्थाले आम्दानीका अन्य वैकल्पिक स्रोत पहिचान गर्न नसकेको पाइयो । संस्थाले हाल मध्यपुर आयल सप्लायर्सको प्यान नं. बाट कारोबार संचालन गरेको र खुद मुनाफालाई बुँदा नं ४.९.२ अन्तर्गत अन्य व्यावसायिक आम्दानीमा प्रस्तुत गर्ने गरेको, संस्थाको मुख्य आम्दानीमा जग्गा र भवनबाट प्राप्त हुने बाहाल रकम रहेको र सो बाहेक संस्थाको नाममा अन्य कुनै व्यावसाय संचालनमा नरहेको पाइयो । उक्त टिप्पणीको सम्बन्धमा हाम्रो राय संसोधित नरहेको उल्लेख गदछौं ।

मुख्य लेखापरीक्षण मामलाहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण मामलाहरु, ती विषयहरू हुन्, जुन हाम्रो व्यावसायिक निर्णयमा, आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थिए । यी मामलाहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र वित्तीय विवरणमा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको छ, र हामीले यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं । हामीले निम्न उल्लेख गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा मुख्य लेखापरीक्षण मामलाहरुहरूको रूपमा निर्धारण गरेका छौं :

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रतिक्रिया
आसामी, पेश्की तथा धरौटी हिसाब संस्थाले विभिन्न व्यक्ति तथा कम्पनीहरुसँग असुल उपर गर्न बाँकी रकम तथा विगतका वर्षहरुमा समायोजन नभएका कर रकमहरु, कर्मचारीहरुसँग असुल गर्न बाँकी र र धरौटी रकम कुल सम्पत्ती तथा जायजेथाको ८० % भन्दा धेरै भएको हुँदा सो विषयलाई लेखा परिक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	आसामी, पेश्की तथा धरौटी हिसाबको सम्बन्धमा हाम्रो लेखा परीक्षणको प्रकृया देहाय बमोजिम रहेको छ : क) आसामी, पेश्की तथा धरौटी हिसाबका मापन प्रचलित लेखा पद्धति बमोजिम रहे नरहेको समीक्षा गरिएको । ख) उक्त रकमहरुको प्रयोजन यथार्थपरक रहे नरहेको र कारोबारको वास्तविक समय (आ.व.) जाँच गरिएको । ग) वित्तीय विवरणमा प्रस्तुत रकमहरुलाई संस्थाको भौतिक अभिलेखहरुसँग (लेजर तथा भौचर) जाँच गरिएको । घ) चालु आ.व.मा भएका कारोबारहरुको सम्पुष्टी हुने कागजातहरु जाँच गरिएको ।

	लेखापरीक्षणको नतिजा : कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा र प्रतिवेदनमा अन्यत्र उल्लेख भएका बाहेक संस्थाले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो ।
चालु दायित्व तथा व्यवस्थाहरु संस्थाले विभिन्न व्यक्ति तथा कम्पनीहरुसँग खरिद तथा खर्च बापत दिनु पर्ने बाँकी रकम, उपदान तथा औषधोपचार व्यवस्था, कर्मचारी दायित्व, धरौटी र अन्य दायित्व रकमहरु कुल पूँजी, जगेडा कोष तथा दायित्वको झण्डै शतप्रतिशत रकम भएको हुँदा सो विषयलाई लेखा परिक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	चालु दायित्व तथा व्यवस्थाहरुको सम्बन्धमा हाम्रो लेखा परीक्षणको प्रकृया देहाय बमोजिम रहेको छ : क) चालु दायित्व तथा व्यवस्थाहरुको मापन प्रचलित लेखा पद्धति बमोजिम रहे नरहेको समीक्षा गरिएको । ख) उक्त रकमहरुको प्रयोजन यथार्थपरक रहे नरहेको र कारोबारको वास्तविक समय (आ.व.) जाँच गरिएको । ग) वित्तीय विवरणमा प्रस्तुत रकमहरुलाई संस्थाको भौतिक अभिलेखहरुसँग (लेजर तथा भौचर) जाँच गरिएको । घ) चालु आ.व.मा भएका कारोबारहरुको सम्पुष्टी हुने कागजातहरु जाँच गरिएको । **लेखापरीक्षणको नतिजा :** प्रतिवेदनमा अन्यत्र उल्लेख भएका बाहेक संस्थाले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो ।

वित्तीय विवरणहरुका लागि व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी

नेपाल लेखामान (वा सम्बन्धित ऐन अन्य नियम कानून, अभ्यास) अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसँग सम्बधित आन्तरिक नियन्त्रणको खाका तयार गर्ने, कार्यान्वयन गर्ने, तथा कायम राख्ने कार्यहरु पर्दछन । जसमा वित्तीय विवरणहरु त्रुटि तथा जासाजीको कारणले सारभूत रुपमा गलत आकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्यांकन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतया: वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामानै तयार गर्ने र सोको उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेबारी निकायको वित्तीय प्रतिवेदन प्रकियाको रेखदेख गर्ने रहेको छ ।

वित्तीय लेखापरीक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व समष्टिगत रुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारबान गलत आँकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा सारबान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती हुँदैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगतकारणले त्यस्ता वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारवान ठहरिन्छ ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन

वित्तीय विवरण उपर प्रतिवेदनमा उल्लेख भएका कैफियतहरु बाहेक देहाएका व्यहोराहरु प्रतिवेदन गर्दछौ ।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त गर्‍यौं ।

ख. ऐन बमोजिम संस्थाले आफनो कारोबारको यथार्थ स्थिति सपष्ट हुने गरी लेखा राखेको छ ।

ग. यसै प्रतिवेदनको माथि कैफियतको बुँदाहरुमा र अन्यत्र उल्लेख भएको बाहेक, सलंग्न वासलात, नाफा नोक्सानीको हिसाव र नगद प्रवाह विवरण प्रचलित कानून बमोजिम निर्धारण गरिएको लेखा मापदण्ड अनुरुप तयार भएको छ । त्यस्ता विवरणहरु संस्थाले राखेको लेखासँग दुरुस्त रहेको छ ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, हाम्रो रायमा प्रस्तुत वासलातले संस्थाको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सानी हिसाब र नगद प्रवाह विवरणले क्रमशः संस्थाको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गर्दछ ।

ङ. संस्थामा चालु आ.व.मा लेखा सम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

च. लेखापरीक्षणको दौरानमा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमि कमजोरीहरु सुधारका व्यहोरा समेटिएको व्यवस्थापन पत्र छुट्टै जारी गरिएको छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस संस्थामा २०८१।८।२६ मा पेश गरेका छन्।**

साझा यातायात सहकारी संस्था लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सर्वसाधारण जनतामा सस्तो, सुलभ र भरपर्दो, जनप्रिय, विश्वसनीय यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले सहकारी संस्था ऐन, २०१६ बमोजिम २०१८ मा संस्थाको स्थापना भएको हो। संस्थाले ७१ डिजेल र ४० विद्युतीय बससमेत १११ बसबाट काठमाडौं उपत्यकाका ७ रुटहरू र उपत्यका बाहिरका लामो दुरीअन्तर्गत बाग्लुङ्ग र बेनीसम्म ४ डिलक्स बसको माध्यमबाट रात्री बस सेवा सञ्चालन गरी रहेको छ। साझा यातायातको कुल रु.३ अर्ब ५४ करोड सेयर लगानीमध्ये नेपाल सरकारको ९२.१८ प्रतिशत, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिकाको ७.७० प्रतिशत, अन्य संस्था र सर्वसाधारणको ०.१२ प्रतिशत सेयर लगानी रहेको छ।

१. **वित्तीय स्थिति** - संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
स्थिर सम्पत्ति (खुद)	७०,३३,०७		७६,३४,९०	
लगानी	३,४६,८०,३०		३,३०,३३,१६	
आसामी तथा पेस्की	१,४४,२९		२,५०,६६	
धरौटी	२६		२६	
अग्रिम आयकर	१६,६५,८३		१२,८७,२३	
नगद तथा बैङ्क मौज्दात	५,९१,७९		१४,७३,३५	
कुल सम्पत्ति		**४,४१,१५,५४**		**४,३६,७९,५६**
सेयर पुँजी	३,५३,८३,४७		३,५३,८३,४७	
कोषहरू	६५,५५,०९		५७,२३,०३	
स्थगित आय	१३,०१,२६		१३,२७,६४	
सेयरधनी कोष		**४,३२,३९,८२**		**४,२४,३४,१४**
स्थगन कर दायित्व	४,५२,२८		३,९३,४४	
विविध साहु	२,१४,५७		१,६९,२३	
अग्रिम प्राप्ति	५,४७		५,४२	
अन्य दायित्व तथा व्यवस्था	२,०३,४०		६,७७,३३	
कुल दायित्व		**८,७५,७२**		**१२,४५,४२**
कुल पुँजी तथा दायित्व		**४,४१,१५,५४**		**४,३६,७९,५६**

२. **सञ्चालन नतिजा** - संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बस सञ्चालन आम्दानी	२३,७५,८६		२१,८२,३०	
बस सञ्चालन खर्च	(३४,७७,१२)		(३०,८७,५१)	
बसको ह्रासकट्टी खर्च	(६,२३,६५)		(५,४७,७२)	
कुल नाफा/(नोक्सान)		**(१७,२४,९१)**		**(१४,५२,९३)**
बहाल, विज्ञापन, लगानी तथा अन्य आम्दानी	३०,३१,१६		३९,१७,०५	
जम्मा		**१३,०६,२५**		**२४,६४,१२**
कर्मचारी खर्च	(१,७८,५४)		(१,३९,९२)	
प्रशासनिक खर्च	(१,५७,४८)		(१,३०,१४)	
ह्रासकट्टी खर्च	(४१,५१)		(३३,६२)	
आयकर अघिको नाफा/(नोक्सान)		**९,२८,७२**		**२१,६०,४४**
आयकर खर्च	(१,२३,०२)		(३,४१,९६)	
खुद नाफा/(नोक्सानी)		**८,०५,७०**		**१८,१८,४८**

बस सञ्चालनतर्फ गत वर्ष रु.२१ करोड ८२ लाख आम्दानी रहेकोमा यो वर्ष रु.२३ करोड ७६ लाख रहेको छ। त्यस्तै बस सञ्चालन खर्च गत वर्ष रु.३६ करोड ३५ लाख रहेकोमा यस वर्ष रु.४१ करोड १ लाख रहेको छ। सञ्चालन आम्दानी भन्दा सञ्चालन खर्च ७३ प्रतिशत बढी भएकाले मुख्य व्यवसायको रुपमा रहेको बस सेवाको आम्दानीले बस सञ्चालन खर्चसमेत धानेको देखिएन। संस्थाले बस सञ्चालन आम्दानी बढाउन र खर्च घटाउन पहल गर्नुपर्दछ।

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको स्वामित्व भएको संस्थामा नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय प्रतिवेदन तयार गर्नुपर्नेमा संस्थाको वित्तीय विवरण सोअनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

४. **स्थिर सम्पत्ति -** नेपाल लेखामान-१६ (जायजेथा, संयन्त्र तथा उपकरण) अनुसार सम्पत्तिको उपयोगिता, आयु र अवशिष्ट मूल्यको आधारमा ह्रास दर निर्धारण नगरेको र सम्पत्तिको एकाइलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन। विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेको कारण स्थिर सम्पत्तिको वास्तविक अवस्था यकिन गर्न सक्ने अवस्था छैन। नेपाल लेखामान -३६ सम्पत्तिको क्षयीकरण अनुसार संस्थाले वार्षिक रुपमा सम्पत्तिको क्षयीकरण परिक्षण नगरेको र सोको आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था समेत गरेको छैन। नियमको परिपालना हुनुपर्दछ।

५. **जग्गा अभिलेखाङ्कन -** संस्थाले विगत वर्षहरूमा हस्तान्तरण भई आएको २२ रोपनी जग्गा लेखाङ्कन नगरेकाले संस्थाको सम्पत्ति न्यून देखिएको छ। नेपाल वित्तीय प्रतिवेदनमानअनुसार उक्त जग्गालाई उचित मूल्य वा लागत मूल्यमा वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ।

६. **बक्यौता -** चार फर्मका रु.४९ लाख ८५ हजार विगत देखिका बक्यौता रहेकोमा संस्थाले असुल नगरेको र सो असुल हुन नसकेको रकममा आवश्यक व्यवस्था समेत गरेको छैन। बक्यौता रकम असुल गर्नुपर्दछ।

७. **न्यून आम्दानी -** संस्थाको नाममा रहेको एक भवनको पहिलो तल्ला २०८० श्रावण देखि भाडामा नलागी खाली नै रहेको छ। उक्त तलाको यस अघि प्रति महिना रु.९ लाख ९८ हजार भाडा रहेकोमा सोअनुसार वार्षिक रु.१ करोड २० लाख बराबरको संस्थाको सम्भावित आम्दानी गुमेको छ।

८. **लाभका क्षेत्रहरू -** संस्थाको सेयर पुँजी यो वर्ष रु.३ अर्ब ५३ करोड ८३ लाख रहेकोमा मुद्दती खातामा लगानी रु.३ अर्ब ४६ करोड ७५ लाख रहेको छ। संस्थाले कार्ययोजना बनाई थप लगानीका क्षेत्रहरू पहिचान गरी लाभ हासिल गर्नुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले साझा यातायात सहकारी संस्था लि. पूल्चोक, ललितपुरको आषाढ ३१, २०८१ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र मुख्य लेखानीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, कैफियत सहितको रायको लागि आधारमा उल्लेख भएको विवरणको असर बाहेक संलग्न वित्तिय विवरणहरुले साझा यातायात सहकारी संस्था लि. पुल्चोक, ललितपुर को २०८१ आषाढ मसान्तको वित्तीय अवस्था र यसको वित्तीय कार्य सम्पादन तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम सही र उचित चित्रण गर्दछ ।

कैफियत सहितको रायको लागि आधार

लेखापरीक्षणबाट देखिएको कैफियत सहितको रायको लागि आधार (Basis for qualified opinion)

उपयुक्त आधारमा लेखापरीक्षणबाट निकालिएको प्रमुख कैफियत तथा त्यसबाट वित्तिय विवरणमा परेको असरहरु देहाय बमोजिम रहेका छन्:

क) नेपाल वित्तिय प्रतिवेदनमान NFRS सम्बन्धमा

नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले २०७३।७४ वाट लागू हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागू गरेको छ । यद्यपि संलग्न गरिएका २०८०।८१ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन, जसको प्रभाव निम्नानुसार सारभुत हुन सक्छ ।

अ) स्थिर सम्पत्ति

संस्थाले नेपाल लेखामान १६ जायजेथा, संयन्त्र तथा उपकरण अनूसार सम्पत्तिको उपयोगी आयू र अवशिष्ट मुल्यको आधारमा ह्रास दर निर्धारण गरेको छैन । सम्पतिको मुल्यमा महत्वपुर्ण हिस्सा ओगट्ने सम्पत्तिको एकाईलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन । संस्थाले विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेको कारण स्थिर सम्पत्तिको वास्तविक अवस्था एकिन भएको छैन । नेपाल लेखामान ३६ सम्पत्तिको क्षयिकरण अनूसार संस्थाले वार्षिक रुपमा सम्पत्तिको क्षयिकरण परिक्षण गरेको छैन र सोको आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन ।

आ) जग्गा सम्बन्धमा

सहकारीले विगत वर्षहरूमा हस्तान्तरण भई आएको २२ रोपनी जग्गा आफ्नो लेखा अभिलेखमा लेखांकन गरेको छैन। नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार उक्त जग्गालाई उचित मूल्य (Fair Value) वा लागत (Historical Costs) मा वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्छ । जसले गर्दा संस्थाको सम्पत्ति सोही रकमले कम प्रस्तुत भएको देखिन्छ ।

ई) सहकारीले हरेक आ.व.मा उपदान वापतको खर्च व्यवस्था गर्नुपर्नेमा कुनै पनि रकम व्यवस्था गरिएको देखिएन ।

ख) संस्थाको लामो समय देखि असुल हुन नसकेको देहाय बमोजिमका रकमहरु असुल गर्ने प्रकृया बढाएतापनि असुल हुन नसकेकोले आवश्यक व्यवस्था (provisions) गर्नु पर्नेमा गरिएको पाइएन् ।

विवरणहरुः	**रकम रु**
लिनुपर्ने बहाल	
फलानो लुगा प्रा.लि.	३४,१०,१६७
लिनुपर्ने अन्य	
क्याप्टेन आउटडोर प्रा.लि	६,२०,०००
तिब्बत गोरखा ट्रेडिङ्ग	५,३२,८२१
एमएस मिडिया सोलुसन्स	४,२२,४००
जम्मा	**४९,८५,३८८**

ग) कर्मचारी पेस्की अन्तर्गत श्री त्रिलोचन भट्टराईको रु.१२,४६,७९७ र श्री भिवोर थापाको रु.८,५०० को असुल प्रकृया बढाएतापनि असुल हुन नसकेकोले आवश्यक व्यवस्था (provisions) गर्नु पर्नेमा गरिएको छैन ।

घ) श्री फलानो लुगा प्रा.लि. संग घर बहाल वापत लिनुपर्ने रकम रु. ३४,१०,१६७ र उक्त संस्थाको धरौटी बापतको रकम रु.४,४९,०३० रहेको देखिन्छ । बहाल रकम असुलीको सम्बन्धमा विवाद भई उच्च अदालत पाटनबाट आदेश भए अनुसार मध्यस्थकर्ताको नियुक्ति गरी असुलीको लागि थप प्रक्रिया अगाडि बढाइएको पाइयो ।

ङ) सम्भावित दायित्व

संस्थाले सहकारीसंग सम्बधी मूद्दा र दाबी वापतको रकम सम्वन्धमा नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित सम्पत्ति बमोजिम सम्भावित दायित्व रकम निक्र्यौल गरी वित्तिय विवरणमा खुलासा गर्नुपर्नेमा सम्भावित दायित्वको प्रकृति उल्लेख भएको तर केही मुद्दाको सम्भावित दायित्वको रकम खुलासा गरेको छैन ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मानअनुसार हाम्रो जिम्मेवारी हामीले यस प्रतिवेदनको वित्तिय विवरणहरु प्रति "लेखापरीक्षकको जिम्मेवारी" शिर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टड एकाउन्टेन्ट संस्थाबाट जारी "Handbook of

Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामिलाहरु ती मामिलाहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयको आधारमा यस अबधिको वित्तिय विवरणको लेखापरीक्षणमा मुख्य महत्व राख्दछन् । यी मामलाहरु हाम्रो लेखापरीक्षणमा र हाम्रो राय जाहेर गर्नमा समग्ररुपमा लिईएको छ, साथै उक्त प्रमुख विषयहरुका लागि वेग्लै राय व्यक्त गरिएको छैन । लेखापरीक्षणका प्रमुख विषयहरु देहाय वमोजिम पहिचान गरि लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरिक्षकको प्रतिक्रया
१. सुचना प्रविधि प्रणालीवाट निस्किने तथ्यांक तथा विवरण संस्थाको वित्तीय प्रस्तुतिकरण, संस्थाले अपनाएको सुचना तथा तथ्यांक प्रणालीवाट निस्किने तथ्यांक तथा विवरणमा आश्रित रहेको छ । तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यकता वमोजिम रहे नरहेको सुनिश्चित गर्न सुचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यकता वमोजिम प्रयाप्त तथा उपयुक्त हुनुपर्दछ। लेखापरिक्षण प्रक्रिया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकोले उक्त विषयलाई लेखा परिक्षणको मुख्य वुदांको रुपमा लिईएको छ ।	१. संस्थाले अपनाएको सुचना प्रविधि प्रणाली संस्थाको लेखा प्रयोजनका लागि उपयुक्त रहे नरहेको नेपाल लेखापरिक्षणमानको आधारमा गरिएको । २. संस्थाले प्रयोजनमा ल्याएको लेखाप्रणाली ले दिने तथ्यांक तथा विवरणहरु नमुना आधारमा रुजु गरिएको ।
२। संस्थाको नाममा रहेको भवन पहिला नेपाल दुरसञ्चार कम्पनी लिमिटेडले प्रयोग गर्दै आएको र उक्त कम्पनीसंग २०८० श्रावण मसान्तमा सम्झौता समाप्त भए पश्चात उक्त भवनको भुई तलामा साझा यातायातको विद्युतीय बस चार्ज गर्ने प्रयोजनका लागि चार्जिङ्ग डिपो निर्माण गरि बस चार्ज गर्ने कार्य गरिएको छ भने पहिलो तला खाली रहेको पाइयो । भवन खाली हुनु अगाडी प्रति महिना रु.९,९८,४१० भाडा रकम रहेको र सो हिसाबले वार्षिक रु १.१९ करोड सम्भावित आम्दानी गुमेको देखिन्छ ।	विगत आ.व.मा गरिएको करारको वारेमा व्यवस्थापनबाट जानकारी लिईएको ।

अन्य मामिलाहरु

क) संस्थाले सवारी साधन तथा नगद बाहेक अन्य सम्पत्तिहरुको बीमा नगरेकाले जोखिम रहेको देखिन्छ ।

ख) संस्थाले आ.व. २०७७/७८ मा अपलेखन गरिएको रु.८५,०५,६७८ रकम अन्तर्गतका जिन्सी मौज्दातहरु व्यवस्थित गर्न उपसमिति गठन गरेतापनि व्यवस्थित भइसकेको पाईएन ।

ग) आन्तरिक राजश्व कार्यालयमा भ्याटको विवरण (भ्याट खरिद र विक्रि खाता) मासिक भिडान गरी पेश गर्नु पर्नेमा मासिक पेश नगरेको पाइयो ।

घ) बस सञ्चालन तर्फ गत आ.व. मा बस सञ्चालन आम्दानी रु. २१,८२,२९,७३१ हुंदा बस सञ्चालन नोक्सानी रु.१४,५२,९३,३७८ देखिन्छ भने यस आ.व. मा बस सञ्चालन आम्दानी रु.२३,७५,८५,८५९/- हुँदा बस सञ्चालन नोक्सानि रु.१७,२४,९१,४८८ देखिन्छ । संस्थाले बस सञ्चालन आम्दानी बढाउन र खर्च घटाउन ठोस पहल गरेको पाईएन ।

ङ) संस्थाको शेयर पुँजी यस आ.व.मा रु.३,५३,८३,४६,५०० रहेको देखिन्छ । संस्थाको मुद्धति खातामा लगानी रु.३,३०,२७,८६,००० देखिन्छ । संस्थाको आर्थिक क्षमता रहेतापनि उद्धेश्य अनुरुपको अन्य आवश्यक कार्यहरु गर्न

कार्य योजना बनाई थप कार्यक्रमहरु अगाडि बढाउनुपर्नेमा मुद्धति खातामा लगानी गरी थप लगानीका क्षेत्रहरु पहिचान गर्न पहल गरेको पाइएन ।

अन्य मामिला (पूर्ववर्ती लेखापरीक्षक)

कम्पनीका आषाढ ३१, २०८० को समाप्त आर्थिक वर्षका वित्तीय विवरणहरू पूर्ववर्ती लेखापरीक्षकद्वारा लेखापरीक्षण गरिएको थियो, जसले ती वित्तीय विवरणहरूमा माघ १६, २०८० मा कैफियत सहितको राय (Qualified Opinion) व्यक्त गरेका थिए। वर्तमान वर्षका वित्तीय विवरणहरूप्रति हाम्रो राय पूर्ववर्ती लेखापरीक्षकद्वारा प्रतिवेदित वित्तीय जानकारीसँग सम्बन्धित कुनै परिमार्जन समावेश गर्दैन ।

वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्थापन बहन गर्ने अख्तियारीको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखा नीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापन र शासकीय व्यवस्थापन बहन गर्ने अख्तियारीको उत्तरदायित्व रहेको छ । वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापन र शासकीय व्यवस्थापन बहन गर्ने अख्तियारीमा रहेको छ ।

वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसांजी वा गल्तीवाट होस् सारभूत रुपमा त्रुटीरहित छ वा छैन भन्नेवारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरि लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुती, जालसांजी वा त्रुटीवाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उचित उपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतीलाई सारभुत रुपमा गलत प्रस्तुती भनिन्छ ।

नेपाल लेखापरीक्षणमा अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमशः हामीले

- ✓ वित्तीय विवरणमा जालसांजी वा त्रुटीवाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्यांकन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसांजीबाट हुने सारभूत गलत प्रस्तूतीहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- ✓ संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रिया तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरिक प्रणालीको वारेमा जानकारी प्राप्त गर्दछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्वन्धि खुलासाहरुको मुल्यांकन गदछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेको व्यवसायको अविछिन्नतामा आधारित लेखा नितिको आचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्वन्धित सारभूत अनिश्चितताको कारणले सस्थाको व्यवसायिक निरन्तरतको क्षमतामा उल्लेख शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष

निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्वन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

- ✓ व्यवस्थापनले तयार पारेको विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्वन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्यांकन गरिन्छ ।
- ✓ हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत सस्थाको आन्तरिक नियत्रण प्रणाली रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं ।
- ✓ सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सवै सम्वन्ध तथा अन्य कुराहरु साथै सो सम्वन्धि प्रतिरोध वारेमा समेत जानकारी गराउंदछौं ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन

क) हामिलाई दिएको सुचना एवं स्पष्टिकरणको आधारमा हाम्रो रायमा कैफियत सहितको रायको आधारमा उल्लेखित कैफियत मा उल्लेखित विषयको समायोजनबाट वित्तिय विवरणमा पर्न सक्ने असर बाहेक संलग्न वित्तिय विवरणहरुले २०८१ आषाढ मसान्तको साझा यातायात सहकारी संस्था लि.को वित्तिय अवस्था र यसको वित्तिय कार्य सम्पादन र सोहि मितिमा समाप्त आर्थिक वर्षको नगद प्रवाहको विवरण नेपाल लेखामान बमोजिम भएको उचित रुपमा प्रस्तुत गरेको छ ।

ख) हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणका आधारमा देहाय बमोजिमको प्रतिवेदन पेश गर्दछौ ।

ग) हामिले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानि सोधिएका कैफियतका जवाफ तथा स्पष्टिकरणहरु सन्तोषजनक रुपमा पायौं ।

घ) हाम्रो रायमा संलग्न वित्तिय विवरणहरुले कैफियत सहितको रायको आधार "Basis for qualified opinion" अनुच्छेदमा उल्लेख भएका विषयवस्तुले वित्तिय विवरणमा पार्न सक्ने असर बाहेक वासलात, आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण सहकारी ऐन, २०७४ तथा सहकारी मापदण्ड, २०६८ बमोजिम तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबसंग दुरुस्त छन् ।

ङ) संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलित कानून तथा प्रचलन बमोजिम राखेको छ ।

च) संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

छ) हामिलाई प्राप्त जानकारी तथा स्पष्टिकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा कैफियत सहितको रायको आधाहरूमा "Basis for qualified opinion" उल्लेखित विषय बाहेक सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले लेखा सम्बन्धि तथा अन्य कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा हानि नोक्सानी पुऱ्याएको, सहकारी विभागले जारी गरेको निर्देशन पालना नगरेको वा संस्था तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौ ।

ज) संस्थानमा लेखा सम्वन्धि कुनै जालसाजी भएको हाम्रो जानकारीमा आएन ।

झ) लेखापरीक्षणको दौरानमा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमि कमजोरीहरु सुधारका व्यहोरा समेटिएको व्यवस्थापत्र छुट्टै जारी गरिएको छ ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस संस्थामा २०८१।११।६ मा पेश गरेका छन्।**

साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

जनसाधारणको स्वास्थ्य प्रति सचेत रहि औषधी क्षेत्रमा सहज, सरल, सुपथ र सुलभ रूपमा सेवा पुऱ्याउने उद्देश्यले २०२१।३।३ मा स्थापित यस संस्थाले सहकारी तथा केही निजी अस्पताल परिसरभित्र २८ बिक्री कक्षबाट जीवन रक्षक, मनोद्विपक औषधीलगायतका अत्यावश्क औषधी र स्वास्थ्य सामग्री बिक्री गर्दै आइरहेको छ। संस्थामा सहकारी विकास बोर्डको ५८ प्रतिशत र विभिन्न सङ्घ संस्था र सर्वसाधारणको ४२ प्रतिशत सेयर स्वामित्व रहेको छ। संस्थामा स्थायी र करारसमेत ११८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण		**३१ आषाढ २०८१**		**३१ आषाढ २०८०**
सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	७,०९,१८		७,१४,८२	
लगानी	१,५१		१,५१	
कुल गैर चालु सम्पत्ति		**७,१०,६९**		**७,१६,३३**
नगद तथा बैङ्क मौज्दात	४,०५,६१		१,८३,९३	
आसामी	१३,९७,०९		१२,८९,२५	
जिन्सी मौज्दात	१०,३५,३२		८,६०,७२	
अग्रिम भुक्तानी, पेस्की र धरौटी	५,२९,५९		५,९४,५३	
स्थगन कर सम्पत्ति	१,०८,५३		६२,१६	
कुल चालु सम्पत्ति		**३४,७६,१४**		**२९,९०,५९**
सञ्चित नोक्सानी		**१४,५२,४४**		**१६,६०,६७**
कुल सम्पत्ति		**५६,३९,२७**		**५३,६७,५९**
पुँजी तथा दायित्व				
सेयर पुँजी	१५,७९		१५,८९	
जगेडा कोष	८,८१,३३		८,८१,३३	
चालु दायित्त्व तथा व्यवस्था	४७,४२,१५		४४,७०,३७	
कुल पुँजी तथा दायित्व		**५६,३९,२७**		**५३,६७,५९**

संस्थाले सञ्चित नोक्सानी रु.१४ करोड ५२ लाख ४४ हजार सम्पत्तितर्फ प्रस्तुत गर्दा वासलातले सञ्चित नोक्सानीको दोब्बर वरावरले बढि सम्पत्ति तथा दायित्व देखाएको छ।

२. **सञ्चालन नतिजा -** संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८०।८१**		**२०७९।८०**	
सञ्चालन आय				
औषधी बिक्री आम्दानी	६६,८९,२२		५५,००,१६	
बिक्रीको लागत	५०,५२,६३		४१,८१,३४	
कुल नाफा		**१६,३६,५९**		**१३,१८,८२**
अन्य आम्दानी	२,७८,०५		२,४५,१३	
कुल सञ्चालन आम्दानी		**१९,१४,६४**		**१५,६३,९५**
बिक्री वितरण खर्च	९६		१,२४	
प्रशासनिक खर्च	१७,०८,१२		१५,०७,९९	
वित्तीय खर्च	५		२९	
ह्रास कट्टी	१६,४१		१८,७६	
आयकर अघिको मुनाफा		**१,८९,१०**		**३५,६७**

विवरण	२०८०।८१		२०७९।८०	
यस वर्षको आयकर	-		-	
स्थगन कर खर्च/(आम्दानी)	(४६,३७)		(१९,८९)	
विगत वर्षका कर	२७,२४		१०,७३	
खुद नाफा/(नोक्सान)		**२,०८,२३**		**४४,८३**

३. **वित्तीय प्रतिवेदनमान** - नेपाल सरकारको स्वामित्व भएका संस्थाहरूलाई २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेकोमा संस्थाले सोबमोजिम वित्तीय विवरण तयार गरेको छैन।

४. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.२५ लाखसम्मको औषधी सोझै खरिद, नियम ८४(१क) बमोजिम रु.५० लाखसम्मको खरिद सिलबन्दीबाट, रु.५० लाखभन्दा बढीको खरिद गर्नु परेमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। संस्थाले गत वर्ष रु.४३ करोड ५ लाख ४७ हजार र यो वर्ष रु.५२ करोड १६ लाख ९९ हजारको औषधी सोझै खरिद गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमको पालना गरी मितव्ययी तवरले औषधी खरिद गर्नुपर्दछ।

५. **बैङ्क हिसाब मिलान** - संस्थाको बैङ्क मौज्दात रु.३ करोड ७८ लाख ७४ हजारमध्ये ११ बैङ्कको रु.३ करोड ३८ लाख ३४ हजारको मात्र बैङ्क हिसाब भिडान भएको देखिन्छ। बाँकी रु.४० लाख ४० हजारको बैङ्क हिसाब भिडान गर्न आवश्यक कारबाही हुनुपर्दछ।

६. **आसामी** - संस्थाको यो वर्ष आसामी रु.१३ करोड ९७ लाख ९ हजार रहेको छ। अधिकांश आसामीको मौज्दात अस्तित्वमा नरहेको र विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको छ। संस्थाले उठाउन बाँकी उक्त आसामी रकम आवश्यक कारबाही गरी असुलउपर गर्नुपर्दछ।

७. **पेस्की** - संस्थाको कर्मचारी तथा आर्थिक प्रशासन नियमवाली, २०५४ को नियम ४१ बमोजिम पछि हिसाब फर्स्यौंट गर्ने गरी पेस्की उपलब्ध गराउने र नियम ४२ मा भ्रमणबाट फर्किएको ७ दिनभित्र बिल भरपाई पेश गरी फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। संस्थाको यो वर्षको अन्त्यसम्ममा कर्मचारी पेस्की रु.३८ लाख ७३ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। संस्थामा हाल कार्यरत नभएका कर्मचारीहरूको समेत पेस्की रकम फर्स्यौंट नभई हरेक वर्ष जिम्मेवारी सर्दै आएको छ। उक्त पेस्की नियमानुसार फर्स्यौंट गर्नुपर्दछ।

८. **घर बहाल** - संस्थाले घर बहाल सम्झौताअनुसार बहाल रकम असुली गर्नुपर्दछ। संस्थाको यो वर्षको अन्त्यसम्म रु.२ करोड ८८ लाख १० हजार घरभाडा असुल गर्न बाँकी रहेको छ। सो मध्ये हाल बहालमा रहेकाबाट रु.१ करोड ८ लाख ८५ हजार उठाउन बाँकी रहेको छ। सम्झौताअनुसार बाँकी रकम असुल गर्नुपर्दछ।

९. **शाखा हिसाब** - संस्थाले तोकिएको समयमा अन्तरशाखा हिसाब मिलान गरी वित्तीय विवरण तयार गर्नुपर्दछ। यो वर्ष अन्तरशाखा लिनुपर्ने (डेबिट) रु.३ अर्ब ४८ करोड १२ लाख ८ हजार र दिनुपर्ने (क्रेडिट) रु.३ अर्ब ५२ करोड ९८ लाख ३२ हजार रहेकोले खुद अन्तरशाखा हिसाब रु.४ करोड ८६ लाख २४ हजार दिनुपर्ने देखिएको छ। उक्त फरक रकम मिलान गर्नुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको यसै साथ संलग्न २०८१ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थाको वित्तीय विवरणले २०८१ असार मसान्तको वित्तीय स्थिति उक्त अवधिको नाफा नोक्सान तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाले २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ । यद्यपि संस्थाको संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन । जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ ।

२. **असामी**: संस्थाको वासलातमा गत वर्ष असामी रू.१२,८९,२५,३७०.५६ र यस वर्ष रू १३,९७,०८,६००.९९ रहेको छ । अधिकांश असामीको मौज्दात अस्तित्वमा नरहेको विगत वर्ष देखि जिम्मेवारी सर्दै आएको व्यवस्थापनको भनाई छ । संस्थाले उक्त रकम असुल गर्न प्रभावकारी प्रक्रिया अगाडी बढाउनु पर्दछ । साथै नउठ्ने असामी रकमको व्यवस्थापन सम्बन्धमा आवश्यक नीति बनाई व्यवस्था (Provisioning) गर्ने र छानविन गरी आवश्यक समायोजन गर्नुपर्दछ ।

३. **सण्ड्री क्रेडिटर्सः** सण्ड्री क्रेडिटर्स गत वर्ष रू. २३,२८,७७,५६७.३३ र यस वर्ष रू २४,१३,४३,५१०.५९ रहेको छ । यसमध्ये केही रकम संस्थाको प्रविष्टिमा भएको त्रुटिको कारण र केहि आपुर्तककर्ताहरुको हाल अस्तित्वमा नभएको कारण जिम्मेवारी सर्दै आएको देखिन्छ । यस सम्बन्धमा छानविन गरी आवश्यक समायोजन गर्नुपर्दछ ।

४. **बैंक हिसाबः** संस्थाको बैक मौज्दात गत वर्ष रू. ९,१८४,९७४.२१ र यस वर्ष रू. ३७,८७३,७६०.४८ रहेको छ। कुल ११७ बैंक खातामध्ये १०६ बैंक खाताको डेबिटतर्फ रू. ३१,८७,२५,०४२.३९ र क्रडिटतर्फ रू. ३१,४६,८५,०६८.६८ गरी कुल रू.४०,३९,९७३.७१ को बैंक समर्थन पत्र भेटिएन । संस्थाले समयमा डाटा प्रविष्टि नगरेको, नयाँ सफ्टवेयर प्रयोगमा ल्याउँदा सहि प्रविष्टि नभएको र बैंक खाता दोहोरो प्रविष्टि भएको आदि कारणले गर्दा बैंक हिसाव यथार्थ परक छैन । बैंक हिसाव भिडान ,कारोवार नभएको बैंक खाता बन्द गरी बैंकको हिसावकिताव अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

५. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१क) बमोजिम रु २५ लाख सम्मको औषधी सोझै खरिद, नियम ८४(१क) बमोजिम रु ५० लाख सम्मको खरिद सिलबन्दीबाट, रु.५० लाख भन्दा बढीको खरिद गर्नुपरेमा बोलपत्रवाट गर्नुपर्ने उल्लेख छ । तर संस्थाले गत वर्ष रु.४३,०५,४७,०१२.८४ र यस वर्ष रु.५२,१६,९९,८७७.८४ को खरिद सोझै खरिदको माध्यमबाट गरेको छ । संस्थाले उल्लेखित खरिद कानुन पालना हुने गरी औषधी खरिद गर्नुपर्दछ ।

६. **शाखा हिसाबः** संस्थाले तोकिएको समयमा अन्तर शाखा हिसाब मिलान गरी वित्तीय विवरण तयार गर्नुपर्दछ । यस वर्षको अन्त्यमा अन्तर शाखा लिनु पर्ने (डेविट) रु. ३,४८,१२,०८,०५१.७५ र दिनु पर्ने (क्रेडिट) रु. ३,५२,९८,३१,६७२.६८ रहेको छ । खुद अन्तर शाखा हिसाब रु. ४,८६,२३,६२०.९३ दिनुपर्ने रहेको देखिन्छ। फरक रकम यथाशीघ्र मिलान गर्नुपर्ने देखिन्छ । सो दायित्व वास्तविक नभए तापनि वासलातमा देखिएकाले संस्थाको वास्तविक स्थिती चित्रण नभएको पाइयो। मानवीय त्रुटी/सफ्टवेयरमा गलत दाखिलाका कारणले पनि सो समस्या आइपरेको देखिन्छ। समस्या समाधानका लागि यथाशीघ्र कार्य अगाडि बढाउनु पर्दछ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । यसै प्रतिबेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप बर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन् । यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ । हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं । कैफियत सहितको राय व्यक्त गर्ने आधार र व्यवस्थापन पत्रमा उल्लेख गरेको बाहेक मुख्य लेखापरीक्षणका विषयहरु रहेका छैनन् ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाद्वारा जारी गरिएका नेपाल वित्तीय प्रतिवेदन मान अनुरूप वित्तीय विवरणहरू यथार्थ र उचित चित्रण गर्ने तथा चाहे जालसाजी वा गल्तीवाट होस्, सारभुत रूपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने, सम्बन्धीत आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ। वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने,संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विक्लप नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरणहरू तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ। संस्थाको संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल वित्तीय प्रतिवेदन मानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

अन्य कानुनी तथा नियमक निकायको आवश्यकता सम्बन्धि प्रतिवेदन

१. हामीले लेखापरीक्षणका सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टीकरण सन्तोषजनक रूपमा पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ता हरूको आधारमा, हाम्रो रायमा संस्थाको हिसाव किताव तथा लेखा प्रचलित ऐन बमोजिम राखिएको छ। संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

३. यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र संलग्न अनुसूचीहरू तोके ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाव किताव, श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टिकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस संस्थामा २०८१।९।१९ मा पेश गरेका छन्।**

वन तथा वातावरण मन्त्रालय

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

स्वदेशी जडीबुटी सङ्कलन, उत्पादन तथा प्रशोधन गरी बहुउपयोगी औषधी उत्पादन गर्न, जडीबुटीको खेती विस्तार गरी स्वदेशी उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउने, आयात प्रतिस्थापन गरी प्रशोधित जडीबुटीजन्य औषधीको निर्यात गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने र कृषकलाई अभिप्रेरित गरी खेती विस्तारमा वृद्धि गराई आयस्रोत बढाउने उद्देश्यले कम्पनी ऐन, २०२१ अन्तर्गत २०३८ सालमा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा महालेखा नियन्त्रक कार्यालयको ८०.७३ प्रतिशत, वन पैदावार विकास समिति र नेपाल औषधी लिमिटेडको ६.७५ प्रतिशत, कृषि विकास बैङ्कको २.८९ प्रतिशत र सर्वसाधारणको ९.६३ प्रतिशत सेयर स्वामित्व रहने उल्लेख भएकोमा हालसम्म सर्वसाधारणमा सेयर जारी गरेको छैन।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सेयर पुँजी	२,७५,१७		२,७५,१७	
अग्रिम सेयर पुँजी	११,५५,५४		११,५५,५४	
सञ्चित नाफा/नोक्सान	२२,४१,१९		२७,०७,३२	
पुँजीगत अनुदान	१,५६		१,६५	
मध्यम तथा दीर्घकालीन ऋण	२४,९३,४८		१२,९३,४९	
कुल पुँजी तथा ऋण		**६१,६६,९४**		**५४,३३,१७**
स्थिर सम्पत्ति	१६,८०,६६		१६,८०,०८	
लगानी	३०,००,००		२२,००,००	
कुल अचल सम्पत्ति		**४६,८०,६६**		**३८,८०,०८**
जिन्सी मौज्दात	२३,२८,३७		२१,०४,६७	
व्यापारिक तथा अन्य प्राप्य रकम	२५		२५	
नगद र बैङ्क मौज्दात	७,९६,२१		१०,५९,४१	
उपदान कोष	५,५४,५७		५,९८,५५	
अग्रिम भुक्तानी, पेस्की, सापटी धरौटी	१४,१४,५७		१३,३०,८९	
कुल चालु सम्पत्ति	**५०,९३,९७**		**५०,९३,७७**	
न्यूनः चालु दायित्व र व्यवस्था				
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने दायित्व	४,९८,५४		३,६२,७३	
भुक्तानी गर्नुपर्ने दीर्घकालीन ऋण तथा ब्याजको व्यवस्था	१०,६८,९७		९,६८,७९	
उपदान तथा औषधी उपचार व्यवस्था	११,४२,६१		१३,११,५९	
आयकर व्यवस्था	८,८५,६१		८,८५,६१	
बोनस व्यवस्था	११,९६		११,९६	
जम्मा चालु दायित्व र व्यवस्था	**३६,०७,६९**		**३५,४०,६८**	
खुद चालु सम्पत्ति		**१४,८६,२८**		**१५,५३,०९**
कुल सम्पत्ति		**६१,६६,९४**		**५४,३३,१७**

नेपाल सरकारको २०५१।५।१३ को निर्णयानुसार खारेजीमा परेका जडीबुटी फर्म र कार्यालयको समितिबाट मूल्याङ्कन भएअनुसार जडीबुटी तथ्याङ्क सङ्कलन कार्यालय, महेन्द्रनगरको रु.२० लाख, जडिबुटी संरक्षण तथा प्रयोगशाला,

नेपालगञ्जको रु.३५ लाख र जडीबुटी उद्यान, तरहराको रु.१ करोडसमेत रु.१ करोड ५५ लाखको जायजेथा बेचबिखन गर्न नपाउने सर्तमा नेपाल सरकारको सेयर लगानी गर्ने निर्णय भई कम्पनीले भोगचलन गर्दै आएको र अर्थ मन्त्रालयबाट समेत हिसाब मिलान गरी महालेखा नियन्त्रक कार्यालयको नाममा अग्रिम सेयर पुँजी विगत वर्ष देखि नै जिम्मेवारी कायम गर्दै आएको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	१४,११,८१		१६,१५,६१	
बिक्री लागत	(१२,२४,२२)		(११,८५,९०)	
कुल नाफा		**१,८७,५९**		**४,२९,७१**
अन्य व्यावसायिक आम्दानी	१,८३		१८,२३	
वितरण खर्च	०		(२,१७)	
प्रशासनिक खर्च	(८,१२,९३)		(५,३७,३१)	
ब्याज खर्च	(१,००,१८)		(६९,६१)	
ह्रास खर्च	(१,६६,८६)		(१,७९,३४)	
सञ्चालनबाट नाफा		**(८,९०,५५)**		**(३,४०,४९)**
उपदान तथा औषधी व्यवस्था फिर्ता	१,६८,९८		०	
अन्य लगानीबाट प्राप्त आम्दानी	२,५५,४३		३,०७,६९	
उपदान तथा औषधी व्यवस्था	०		२,५१,५९	
बोनस तथा आयकर कट्टी पूर्वको नाफा		**(४,६६,१४)**		**(२,८४,३९)**
गत वर्षसम्मको नाफा/नोक्सान	२७,०७,३२		२९,९१,७१	
यस वर्षसम्मको नाफा/नोक्सान		**२२,४१,१८**		**२७,०७,३२**

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको स्वामित्व भएको संस्थामा नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेमा कम्पनीले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। वित्तीय प्रतिवेदनमानको पालना गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **कर्मचारी सुविधा -** नेपाल लेखामान १९ मा उल्लिखित कर्मचारी सुविधा अनुसार उपदान लगायतका सेवा निवृत्त पश्चातका सुविधाहरू बीमाङ्कीय मूल्याङ्कन गरी कायम गर्नुपर्नेमा कम्पनीले त्यस्तो मूल्याङ्कन बेगर उपदान तथा औषधी उपचारमा रु.११ करोड ४३ लाख व्यवस्था गरेको छ। यसरी सम्पत्तिले नखाम्ने गरी दायित्व सिर्जना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

५. **जिन्सी मौज्दात -** नेपाल लेखामान-२ अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा खुद प्राप्य मूल्य वा लागत मूल्यमध्येको न्यून मूल्यमा मापन गर्नुपर्नेमा। कम्पनीको जिन्सी मौज्दात रु.२३ करोड २८ लाखको मूल्याङ्कन गर्दा लागत मूल्यमा मात्र मापन गरेको छ। नेपाल लेखामानको परिपालना गर्नुपर्दछ।

६. **ट्रेडमार्क -** कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडीबुटी उत्पादन गर्ने सुत्र तथा बौद्धिक ज्ञान सम्पत्तिको रुपमा सन्चो बामको लोगो विकास गरेको छ। सो लोगो रीतपूर्वक दर्ता गरी कानुनी अधिकार सिर्जना नगरेकोले रोयल्टी जस्ता लाभबाट कम्पनी विमुख भएको छ।

७. **ऋण दायित्व तथा कर -** कम्पनीले एसियाली विकास बैङ्क र नेपाल सरकारबाट प्राप्त ऋण रु.२४ करोड ९३ लाखको तिर्नुपर्ने ब्याज व्यवस्था रु. १० करोड ६९ लाख र विगत वर्षको आयकर व्यवस्था रु.८ करोड ८६ लाख गरेकोमा सरकारलाई तिर्नुपर्ने ब्याज तथा कर दायित्व भुक्तानी गरेको छैन। कार्यतालिका अनुसार साँवाको किस्ता तथा ब्याज भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

❖ परामर्श दिइएको लेखापरीक्षकको राय सहितको प्रतिवेदन

कैफियत सहितको राय

हामीले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन विवरण एवं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर वाहेक कम्पनीको वित्तीय विवरणले २०८१ आषाढ मसान्तको वित्तीय तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम याथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरू

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छनः

१) **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरूलाई २०७३।७४ मा लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रूपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ।तर संलग्न गरिएको २०८०।८१ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

२) **कर्मचारी सुबिधाः** नेपाल लेखामान १९ "Employee Benefits अनुसार Post Employment Benefits हरू जस्तै, उपदान वापत व्यवस्थाको मूल्याङ्कन गर्दा संस्थाको संगठित विनियमावलीको अधिनमा रही बीमाङ्कीय मूल्याङ्कनद्वारा गराउनु पर्ने व्यवस्था रहेको छ । यद्यपी संस्थाको मूल्यांङ्कन वेगर उपदान तथा औषधी उपचार वापत वर्षान्तमा जम्मा व्यवस्था रू.११,४२,६१,३२५ गरेको पाईयो ।

३) **जिन्सीः** कम्पनीको वासलतमा जिन्सी मौज्दात रू.२३,२८,३६,७५९ रहेको छ । नेपाल लेखामान-२, जिन्सी अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा खुद प्राप्य मूल्य अथवा लागत मूल्य मध्ये जुनै कम आउँछ त्यसमा मापन गर्नुपर्ने हुन्छ। यद्दपि यस कम्पनीले जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा लागत मूल्यमा मात्र मापन गरिएको छ ।

४) **ह्रास कट्टीः** नेपाल लेखामान १६ "Property, Plant and Equipment" अनुसार कुनै पनि सम्पत्ति प्रयोगकालागि उपब्ध भएपछि सम्पत्तिको ह्रासकट्टि सोहि दिन देखि गरिनुपर्नेछ तर यस जडीबुटी कम्पनीमा सम्पत्ति प्रयोगका लागि उपलब्ध भएतापनि यसको ह्रासकट्टि भने सोहि वर्षमा नगरी नयाँ आर्थिक वर्ष देखि ह्रास कट्टि गरेको पाइयो ।

५) **आयकरः** नेपाल लेखामान १२ - आयकर अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका कर आधार तथा वित्तिय विवरणमा प्रस्तुत लेखा आधार बीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नुपर्नेछ । सामान्यतया स्थगन कर सबै करयोग्य अस्थायी भिन्नतामा गणना गर्नुपर्दछ । कट्टि योग्य अस्थायी भिन्नताको समायोजनको लागि करयोग्य आय उपलब्ध हुन सक्ने सम्भावना रहेको कट्टियोग्य अस्थायी भिन्नतामा समेत स्थगन कर गणना गर्नु पर्दछ । स्थगन कर गणना गर्दा त्यस्ता अस्थायी फरकहरू खपत हुने वा मुक्त हुने आर्थिक वर्षमा प्रभाव हुने करको दर प्रयोग गर्नुपर्नेछ । करको दरमा भएको परिवर्तनले परिवर्तन गर्ने स्थगन कर सम्पत्ति वा दायित्व करको दर परिवर्तन भएको वर्षमा समायोजन गर्न पर्दछ । यद्यपी यस कम्पनीले माथि उल्लेखित स्थगन कर गणना गरेको छैन ।

६) **साहुः** साहु संगको बाँकी मौज्दातको प्रमाणीकरणको लागि मौज्दात प्रमाणिकरणको निमित्त लेखापरिक्षकले माग गरेकोमा सो उपलब्ध गराउन नसकिने जबाफ प्राप्त भयो । जसले गर्दा साहुको वास्तविक स्थिति यकिन गर्न सकिएन । हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गयौ । ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय

विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका विषयहरू (Key Audit Matter):

मुख्य लेखापरीक्षण विषयहरू ती विषयहरू हुन जुन हालको अवधिको वित्तीय विवरणहरूका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन । यी विषयहरू हाम्रो लेखा परीक्षणको सन्दर्भमा र राय व्यक्त गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौ । कैफियत सहितको राय व्यक्त गर्ने आधार वाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा संचार गर्न कुनै मूख्य लेखापरीक्षणका विषयहरू छैन ।

व्यवस्थापनले महत्व दिनु पर्ने विषयहरू (Emphasis of Matter):

१. संचालक समितिको ३६१ औं निर्णय नं.३६१/१४५२ अनुसार यस कम्पनीको तामागढी शाखामा तत्कालिन महाप्रवन्धक माधव प्रसाद ओझाले कम्पनीको कर्मचारी सेवा शर्त नियमावली तथा अन्य नियम प्रकृया विपरित करारमा कर्मचारी नियुक्ति गरेको भनि श्री वन तथा वातावरण मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र तथा कम्पनीको बोर्डमा उजुरी परेकोमा उक्त सम्बन्धमा आवश्यक छानविन गर्न २०७५।१।५ मा सचिव स्तरिय निर्णयबाट छानविन कमिटी गठन भएको उक्त छानविन कमिटिले दिएको प्रतिवेदन निष्कर्षको बुँदा १ मा महाप्रवन्धकले कम्पनीको विद्यमान कर्मचारी सेवा शर्त नियमावलीको दफा २८ क को उपनियम २(क) विपरित करारमा तामागढी शाखामा कर्मचारी नियुक्त गरेको उल्लेख छ। महाप्रवन्धकले कर्मचारी सेवा शर्त विनियमावली विपरित कर्मचारी नियुक्त गरेको देखिँदा ६ जना कर्मचारीको करार सेवा २०७५।३।१ देखि रद्द गर्ने र कम्पनीको सेवा शर्त विनियमावलीको विनियम २८क उपविनियम ३ बमोजिम निज करार कर्मचारीहरूले खाएको तलव भत्ता यस्तो अनियमित नियुक्ति आदेश दिने महाप्रवन्धकबाट सरकारी बाँकी सरह असुल उपर गराउन निर्देशन दिने साथै यस्तो नियम विपरितको करार प्रकृयामा संलग्न कर्मचारीलाई विभागीय कारवाही गरी सञ्चालक समितिलाई जानकारी गराउने र यस्तो नियम विपरित अन्य करार नियुक्ती भएको भए सो समेत छानविन गर्न व्यवस्थानलाई निर्देशन दिने निर्णय गरेतापनि हालसम्म ती कर्मचारीलाई हटाएको वाहेक उक्त विषयमा कुनै कारवाही अघि वढाएको छैन ।

२. कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडीबुटी उत्पादन गर्ने शुत्र तथा बौद्धिक ज्ञान सम्पत्तीहरू सन्चो बामको लोगो जस्ता विकास गरेको भएता पनि सोको रित पूर्वक दर्ता गरी कानूनी अधिकार सृजना नगर्नाले सो बाट हुने लाभ जस्तै रोयल्टीबाट विमुख भएको छ । तसर्थ, यस तर्फ व्यवस्थापनको आवश्यक ध्याकर्षण हुनु पर्दछ ।

३. नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०५१।५।१३ को निर्णय अनुसार खारेजीमा परेका जडीबुटी फर्म र कार्यालयहरूको मूल्यांकन समितिबाट मूल्यांकन भए बमोजिम जडीबुटी तथ्यांक संकलन कार्यालय महेन्द्रनगरको रू.२०,०१,०८१, जडीबुटी संरक्षण तथा प्रयोगशाला नेपालगन्जको रू.३५,०३,४५४ र जडीबुटी उद्यान तरहराको रू. १,००,५०,२८८ समेत रू.१,५५,५४,८२३ बराबरको जायजेथा बेचविखन गर्न नपाउने शर्तमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा नेपाल सरकारको शेयरको रूपमा लगानी गर्ने निर्णय भएकोमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले मूल्यांकन बमोजिम बुझि भोगचलन गर्दै आइरहेको छ ।

नेपाल सरकार अर्थ मन्त्रालयबाट समेत हिसाव मिलान गरी महालेखा नियन्त्रक कार्यालयमा विवरण उपलब्ध गराउन पत्राचार गर्दै आई रहेको र अर्थ मन्त्रालयको २०७५।१२।४ को सचिव (राजश्व) स्तरीय निर्णय बमोजिम नेपाल सरकारबाट सार्वजनिक संस्थानहरूमा शेयर तथा ऋण लगानीको हिसाव भिडानका लागि गठित समितिले समेत अध्ययन गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय सम्वन्धी कम्पनीबाट कार्यान्वय नहुदा उक्त रकम नेपाल सरकारको नाममा शेयर कायम नभई हिसाव फरक परेको देखिन्छ भन्ने लेखि आएकोले उक्त नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार कार्यान्वयन नगर्दा आर्थिक विवरणमा नेपाल सरकार र कम्पनीको हिसाव फरक परी रहेको अवस्था छ । नेपाल

सरकार मन्त्रिपरिषदको २०५१।५।१३ को निर्णय बमोजिम नेपाल सरकारबाट प्राप्त शेयरको लगानी यस कम्पनीको वासलातमा समेत समाविष्ट गरी हिसाव मिलान गर्न मनासिव हुने देखिएकोले सोही अनुसार कम्पनीको वासलातमा समावेश गर्ने सन्चालक समितिको निर्णय ३७३/१५०५ अनुरूप रकम रू.१,५५,५४,००० अग्रिम शेयर पूंजीको रूपमा वासलातमा समावेश गरिएको छ ।

नेपाल सरकार (सचिवस्तर) को मिति २०७७/०३/०३ को निर्णय अनुसार मिति २०७७/०३/०४ माग गरिएको ऋण तमसुक साथै नेपाल सरकार अर्थ मन्त्रालयको पत्र संख्या ०७६/७७ च.नं. २३९ मिति २०७७/०३/०४ को पत्र अनुसार वार्षिक ५ प्रतिशत व्याज दरमा समान किस्तामा ७ वर्ष भित्र सावा ब्याज बुझाउने तरिकाले मिति २०७७/०३/०४ गते रु आठ करोड ऋण उपलब्ध भएको छ। अर्थ मन्त्रालय सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, काठमाडौंको २०८०/०९/२२ को लिखत अनुरुप रु. १२ करोड सात वर्ष (२०८७ पौष) भित्र वार्षिक ५ प्रतिशतका दरले पूर्वाधार विकास कार्यका लागि ऋण प्राप्त भएको देखिन्छ। उपरोक्त ऋणहरुमा लाग्ने ब्याज खर्चलाई दायित्व सृजित गरी लेखांकन गरिएको छ।

४. कम्पनीको उत्पादनमा प्रयोग हुने सन्चो वाम र सन्चो वामको लोगोको ट्रेर्डमार्क दर्ता आवेदन रोकी दर्ता आवेदन खारेज गरी सजाय समेत गरी पाउँ भनि उद्योग विभागमा २०७४।३।१३ मा बौद्धिक सम्पत्तीको लागि कानूनी व्यवसायीक मन्चको तर्फबाट दर्ता नं. १५४ र ६३७ मा उजुरी दर्ता भएकोले हालसम्म उक्त उजुरी प्रति कुनै काम कारवाही नभएको साथै उक्त उजुरी सम्बन्धमा कम्पनीको वित्तीय विवरण खुलासा गरेको छैन ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारीः

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो । साथै वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट बन्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविछिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आकलन गर्नु पर्दछ र सो सम्वन्धी आवश्यक कुराहरूको खुलासा गर्नु पर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा सन्चालन गर्ने नियत भएको वा सो वाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा वाहेक अविछिन्न फर्म (Going Concern) लाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नु पर्दछ । कम्पनीको व्यवस्थापनको लागि उत्तरदायि पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरिक्षण गर्नु पर्दछ ।

वित्तिय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारीः

हाम्रो उद्देश्य वित्तीय विवरणहरू त्रृटि वा जालसाजीको कारणले गहनरूपले गलत प्रदर्शन हुनबाट बन्चित छन भन्ने कुराको सम्वन्धमा उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय संलग्न भएको प्रतिवेदन पेश गर्नु हो । उचित आश्वस्तता भनेको उच्चस्तरको आश्वस्तता भए पनि नेपाल लेखापरीक्षणमानको आधारमा गरिएको लेखापरीक्षणले सम्पूर्ण गलत विवरण पत्ता लगाउछ भन्ने प्रत्याभुति होइन । गलत विवरण त्रृटि वा जालसाजीको कराणले हुनसक्छ र यदि यस्ता गलत विवरणले वित्तीय विवरणको प्रयोगकर्ताहरूको आर्थिक निर्णयहरू प्रभावित गर्न सक्छन भने त्यस्ता गलत विवरणलाई सारभूत रूपको गलत विवरण मानिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुसारको लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक व्यवसायिक निर्णय गर्नुका साथै व्यवसायिक सन्देहको प्रयोग गर्दछौं । साथै,

१. साथै वित्तीय विवरणहरू त्रृटि वा जालसाजीको कारण सारभूतरूपले गलत प्रदर्शन हुन सक्ने जोखिम विश्लेषण गरी आवश्यक लेखापरीक्षण विधिहरू अवलम्बन गर्दै हाम्रो रायको लागि यथोचित आधार प्रदान गर्नको लागि प्रयास र

उपयुक्त प्रमाण संकलन गर्दछौं । जालसाजीका कारणबाट हुने गलत विवरण त्रुटिका कारण उत्पन्न हुने गलत विवरणको तुलनामा पत्ता लगाउन गाह्रो हुन्छ ।

२. लेखापरीक्षणसँग सम्बन्धित संस्थाको आन्तिरक नियन्त्रण प्रणालीको वारेमा जानकारी प्राप्त गरी आवश्यक लेखापरीक्षण विधि तर्जुमा गरिने तर आन्तरिक नियन्त्रण प्रणालीको परीक्षणको उदेश्य सो प्रणालीको प्रभावकारिताको विषयमा राय प्रदान गर्नु होइन ।

३. व्यवसथापनले अवलम्बन गरेका लेखा सिदान्त तथा महत्वपूर्ण अनुमानहरू एवं वित्तीय विवरणको प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन गर्नु रहेको हुन्छ ।

४. प्राप्त प्रमाणहरूको आधारमा व्यस्थापनद्धारा लेखापालनको आधारको रूपमा प्रयोग गरेको अविछिन्नताको उपयुक्ताको वारेमा निर्णय गरिन्छ । यदि प्राप्त प्रमाणको आधारमा संस्थाको अविछिन्ताको वारेमा गहन रूपमा अनिश्चितता रहेको देखिएमा सो को वारेमा लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्ने वा सो खुलासा अपर्याप्त भएमा परिमार्जित राय प्रदान गरिन्छ । हाम्रो राय लेखापरीक्षण प्रतिवेदनको मितिसम्म प्रमाणहरूमा आधारित हुन्छ र भविष्यका घट्नाहरूले गर्दा संस्था अविछिन्न नरहन सक्छ ।

५. वित्तीय विवरणहरूको खुलासा लगाएतका समग्र ढाँचा, प्रस्तुती तथा विषयको मूल्यांकन गरी वित्तीय विवरणहरूले संस्थाका कारोवारहरूको प्रतिनिधित्व गरे नगरेको मूल्यांकन गर्नु रहेको हुन्छ ।

६. प्रस्तुत वित्तीय विवरणमा हामीले व्यक्त गर्ने रायको लागि वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरू तथा व्यावसायिक कारोवारको पुष्टयाई गर्ने पर्याप्त प्रमाण प्राप्त गर्नु रहेको हुन्छ । हामी हाम्रो लेखापरीक्षणलाई आवश्यक दिशा प्रदान गर्दै लेखापरीक्षण कार्य सम्पन्न गर्न जिम्मेवार छौं । साथै हामी हाम्रो रायको लागि पुर्ण रूपमा जिम्मेवार छौं ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरू पालना सम्बन्धी प्रतिवेदनः

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाको हिसाव किताव सम्वन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठिकसंग राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिवेदनसंग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्वन्धी टिप्पणीहरू संस्थाले राखेको हिसाव किताव, बहिखाता श्रेस्ता र लेखासंग दुरूस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समय दिइएको सूचना एवं स्पष्टिकरणका आधारमा एवं संस्थाको खाताहरूको परीक्षण गर्दा माथि संस्थाको संचालक समिति वा त्यसको सदस्यहरू वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारी प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ती हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्वन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८१।९।७ मा पेश गरेका छन्।**

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड (२०७९।८०)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

कैफियत सहितको राय

हामीले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन विवरण एवं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर वाहेक कम्पनीको वित्तीय विवरणले २०८० आषाढ मसान्तको वित्तीय तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम याथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरू

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छनः

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरूलाई २०७३।७४ मा लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रूपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

२. **कर्मचारी सुबिधाः** नेपाल लेखामान १९ "Employee Benefits अनुसार Post-Employment Benefits हरू जस्तै, उपदान वापत व्यवस्थाको मूल्याङ्कन गर्दा संस्थाको संगठित विनियमावलीको अधिनमा रही बीमाङ्कीय मूल्याङ्कन द्वारा गराउनु पर्ने व्यवस्था रहेको छ । यद्यपी संस्थाको मूल्यांङ्कन वेगर उपदान तथा औषधी उपचार वापतको रू.१,९८,०३,३७५। थप खर्च व्यवस्था गरी वर्षान्तमा जम्मा व्यवस्था रू.१३,११,५९,४४९ गरेको पाईयो ।

३. **जिन्सीः** कम्पनीको वासलतमा जिन्सी मौज्दात रू.२१,०४,६७,१४५।- रहेको छ । नेपाल लेखामान-२, जिन्सी अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा खुद प्राप्य मूल्य अथवा लागत मूल्य मध्ये जुनै कम आउँछ त्यसमा मापन गर्नुपर्ने हुन्छ। यद्दपि यस कम्पनीले जिन्सी मौज्दातको मूल्याङ्कन गर्द लागत मूल्यमा मात्र मापन गरिएको छ ।

५. **हास कट्टीः** नेपाल लेखामा १६ "Property, Plant and Equipment" अनुसार कुनै पनि सम्पत्ति प्रयोगका लागि उपब्ध भएपछि सम्पत्तिको ह्रासकट्टि सोहि दिन देखि गरिनुपर्नेछ तर यस जडीबुटी कम्पनीमा सम्पत्ति प्रयोगका लागि उपलब्ध भएतापनि यसको ह्रासकट्टि भने सोहि वर्षमा नगरी नयाँ आर्थिक वर्ष देखि हासकट्टि गरेको पाइयो ।

५. **आयकरः** नेपाल लेखामान १२-आयकर अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका कर आधार तथा वित्तिय विवरणमा प्रस्तुत लेखा आधार बीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नु पर्ने छ । सामान्यतया स्थगन कर सबै करयोग्य अस्थायी भिन्नतामा गणना गर्नु पर्दछ । कट्टीयोग्य अस्थायी भिन्नताको समायोजनको लागि करयोग्य आय उपलब्ध हुन सक्ने सम्भावना रहेको कट्टियोग्य अस्थायी भिन्नतामा समेत स्थगन कर गणना गर्नु पर्दछ । स्थगन कर गणना गर्दा त्यस्ता अस्थायी फरकहरू खपत हुने वा मुक्त हुने आर्थिक वर्षमा प्रभाव हुने करको दर प्रयोग गर्नु पर्ने छ । करको दरमा भएको परिवर्तनले परिवर्तन गर्ने स्थगन कर सम्पत्ति वा दायित्व करको दर परिवर्तन भएको वर्षमा समायोजन गर्न पर्दछ । यद्यपी यस कम्पनीले माथि उल्लेखित स्थगन कर गणना गरेको छैन ।

६. **साहुः** साहु संगको बाँकी मौज्दातको प्रमाणीकरणको लागि मौज्दात प्रमाणिकरणको निमित्त लेखापरीक्षकले माग गरेकोमा सो उपलब्ध गराउन नसकिने जबाफ प्राप्त भयो । जसले गर्दा साहुको वास्तविक स्थिति यकिन गर्न सकिएन । हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरूपको हाम्रो दायित्व

वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तर दायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौ ।

मुख्य लेखापरीक्षणका विषयहरू (Key Audit Matter):

मुख्य लेखापरीक्षण विषयहरू ती विषयहरू हुन जुन हालको अवधिको वित्तीय विवरणहरूका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन । यी विषयहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय व्यक्त गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौ । कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा संचार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरू छैन ।

व्यवस्थापनले महत्व दिनु पर्ने विषयहरू (Emphasis of Matter):

१. संचालक समितिको ३६१ औ निर्णय नं.३६१/१४५२ अनुसार यस कम्पनीको तामागढी शाखामा तत्कालिन महाप्रवन्धक माधव प्रसाद ओझाले कम्पनीको कर्मचारी सेवा शर्त नियमावली तथा अन्य नियम प्रकृया विपरित करारमा कर्मचारी नियुक्ति गरेको भनि श्री वन तथा वातावरण मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र तथा कम्पनीको बोर्डमा उजुरी परेकोमा उक्त सम्बन्धमा आवश्यक छानविन गर्न २०७५।१।५ मा सचिव स्तरिय निर्णयबाट छानविन कमिटी गठन भएको उक्त छानविन कमिटिले दिएको प्रतिवेदन निष्कर्षको बुँदा १ मा महाप्रवन्धकले कम्पनीको विद्यमान कर्मचारी सेवा शर्त नियमावलीको दफा २८ क को उप नियम २ (क) विपरित करारमा तामागढी शाखामा कर्मचारी नियुक्त गरेको उल्लेख छ। महाप्रवन्धकले कर्मचारी सेवा शर्त विनियमावली विपरित कर्मचारी नियुक्त गरेको देखिदा ६ जना कर्मचारीको करार सेवा २०७५।३।१ देखि रद्द गर्ने र कम्पनीको सेवा शर्त विनियमावलीको विनियम २८क उपविनियम ३ बमोजिम निज करार कर्मचारीहरूले खाएको तलव भत्ता यस्तो अनियमित नियुक्ति आदेश दिने महाप्रवन्धकबाट सरकारी बाँकी सरह असुल उपर गराउन निर्देशन दिने साथै यस्तो नियम विपरितको करार प्रकृयामा संलग्न कर्मचारीलाई विभागीय कारवाही गरी सन्चालक समितिलाई जानकारी गराउने र यस्तो नियम विपरित अन्य करार नियुक्ती भएको भए सो समेत छानविन गर्न व्यवस्थानलाई निर्देशन दिने निर्णय गरेता पनि हालसम्म ती कर्मचारीलाई हटाएको बाहेक उक्त विषयमा कुनै कारवाही अघि वढाएको छैन ।

२. कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडीबुटी उत्पादन गर्ने शुत्र तथा बौद्धिक ज्ञान सम्पत्तीहरू सन्चो बामको लोगो जस्ता विकास गरेको भएता पनि सो को रित पूर्वक दर्ता गरी कानूनी अधिकार सृजना नगर्नाले सो बाट हुने लाभ जस्तै रोयल्टीबाट विमुख भएको छ । तसर्थ, यस तर्फ व्यवस्थापनको आवश्यक ध्याकर्षण हुनु पर्दछ ।

२. नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०५१।५।१३ को निर्णय अनुसार खारेजीमा परेका जडीबुटी फर्म र कार्यालयहरूको मूल्यांकन समितिबाट मूल्यांकन भए बमोजिम जडीबुटी तथ्यांक संकलन कार्यालय महेन्द्रनगरको रू.२०,०१,०८१, जडीबुटी संरक्षण तथा प्रयोगशाला नेपालगन्जको रू. ३५,०३,४५४ र जडीबुटी उद्यान तरहराकोरू. १,००,५०,२८८ समेत रू. १,५५,५४,८२३ बराबरको जायजेथा बेचविखन गर्न नपाउने शर्तमा जडीबुटी उत्पादन प्रशोधन कम्पनी लिमिटेडमा नेपाल सरकारको शेयरको रूपमा लगानी गर्ने निर्णय भएकोमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले मूल्यांकन बमोजिम बुझि भोगचलन गर्दै आइरहेको छ ।

३. नेपाल सरकार अर्थ मन्त्रालयबाट समेत हिसाव मिलान गरी महालेखा नियन्त्रक कार्यालयमा विवरण उपलब्ध गराउन पत्राचार गर्दै आई रहेको र अर्थ मन्त्रालयको २०७५।१२।४ को सचिव (राजश्व) स्तरीय निर्णय बमोजिम नेपाल सकरारबाट सार्वजनिक संस्थानहरूमा शेयर तथा ऋण लगानीको हिसाव भिडानका लागि गठित समितिले समेत अध्ययन गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय सम्वन्धी कम्पनीबाट कार्यान्वय नहुदा उक्त रकम नेपाल सरकारको नाममा शेयर कायम नभई हिसाव फरक परेको देखिन्छ भन्ने लेखि आएकोले उक्त नेपाल सरकार मन्त्रिपरिषदको निर्णय

अनुसार कार्यान्वयन नगर्दा आर्थिक विवरणमा नेपाल सरकार र कम्पनीको हिसाव फरक परी रहेको अवस्था छ । नेपाल सरकार मन्त्रिपरिषदको २०५१।५।१३ को निर्णय बमोजिम नेपाल सरकारबाट प्राप्त शेयरको लगानी यस कम्पनीको वासलातमा समेत समाविष्ट गरी हिसाव मिलान गर्नमनासिव हुने देखिएकोले सोही अनुसार कम्पनीको वासलातमा समावेश गर्ने सञ्चालक समितिको निर्णय ३७३/१५०५ अनुरूप रकम रू. १,५५,५४,००० अग्रिम शेयर पुँजीको रूपमा वासलातमा समावेश गरिएको छ ।

४. कम्पनीको उत्पादनमा प्रयोग हुने सन्चो वाम र सन्चो वामको लोगोको ट्रेर्डमार्क दर्ता आवेदन रोकी दर्ता आवेदन खारेज गरी सजाय समेत गरी पाउँ भनि उद्योग विभागमा २०७४।३।१३ मा बौद्धिक सम्पत्तीको लागि कानूनी व्यवसायीक मन्चको तर्फबाट दर्ता नं. १५४ र ६३७ मा उजुरी दर्ता भएकोले हालसम्म उक्त उजुरी प्रति कुनै काम कारवाही नभएको साथै उक्त उजुरी सम्बन्धमा कम्पनीको वित्तीय विवरण खुलासा गरेको छैन ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारीः

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो । साथै वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट बन्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविछिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नु पर्दछ र सो सम्वन्धी आवश्यक कुराहरूको खुलासा गर्नु पर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा सन्चालन गर्ने नियत भएको वा सो वाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा वाहेक अविछिन्न फर्म (Going Concern) लाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नु पर्दछ । कम्पनीको व्यवस्थापनको लागि उत्तरदायि पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरिक्षण गर्नु पर्दछ ।

वित्तिय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारीः

हाम्रो उद्देश्य वित्तीय विवरणहरू त्रुटि वा जालसाजीको कारणले गहनरूपले गलत प्रदर्शन हुनबाट बन्चित छन भन्ने कुराको सम्वन्धमा उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय संलग्न भएको प्रतिवेदन पेश गर्नु हो । उचित आश्वस्तता भनेको उच्चस्तरको आश्वस्तता भए पनि नेपाल लेखापरीक्षकमानको आधारमा गरिएको लेखा परीक्षणले सम्पूर्ण गलत विवरण पत्ता लगाउछ भन्ने प्रत्याभुति होइन । गलत विवरण त्रुटि वा जालसाजीको कराणले हुनसक्छ र यदि यस्ता गलत विवरणले वित्तीय विवरणको प्रयोगकर्ताहरूको आर्थिक निर्णयहरू प्रभावित गर्न सक्छन भने त्यस्ता गलत विवरणलाई सारभूत रूपको गलत विवरण मानिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुसारको लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक व्यवसायिक निर्णय गर्नुका साथै व्यवसायिक सन्देहको प्रयोग गर्दछौ। साथै,

१. वित्तीय विवरणहरू त्रुटि वा जालसाजीको कारण सारभूतरूपले गलत प्रदर्शन हुन सक्ने जोखिम विश्लेषण गरी आवश्यक लेखापरीक्षण विधिहरू अवलम्बन गर्दै हाम्रो रायको लागि यथोचित आधार प्रदान गर्नको लागि प्रयाप्त र उपयुक्त प्रमाण संकलन गर्दछौं । जालसाजीका कारणबाट हुने गलत विवरण त्रुटिका कारण उत्पन्न हुने गलत विवरणको तुलनामा पत्ता लगाउन गाह्रो हुन्छ ।
२. लेखापरीक्षणसँग सम्बन्धित संस्थाको आन्तिरक नियन्त्रण प्रणालीको वारेमा जानकारी प्राप्त गरी आवश्यक लेखापरीक्षण विधि तर्जुमा गरिने तर आन्तरिक नियन्त्रण प्रणालीको परीक्षणको उदेश्य सो प्रणालीको प्रभावकारिताको विषयमा राय प्रदान गर्नु होइन ।
३. व्यवस्थापनले अवलम्बन गरेका लेखा सिद्धान्त तथा महत्वपूर्ण अनुमानहरू एवं वित्तीय विवरणको प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन गर्नु रहेको हुन्छ ।

४. प्राप्त प्रमाणहरूको आधारमा व्यवस्थापनद्वारा लेखापालनको आधारको रूपमा प्रयोग गरेको अविछिन्नताको उपयुक्ताको वारेमा निर्णय गरिन्छ । यदि प्राप्त प्रमाणको आधारमा संस्थाको अविछिन्ताको वारेमा गहन रूपमा अनिश्चितता रहेको देखिएमा सो को वारेमा लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्ने वा सो खुलासा अपर्याप्त भएमा परिमार्जित राय प्रदान गरिन्छ। हाम्रो राय लेखापरीक्षण प्रतिवेदनको मिति सम्म प्रमाणहरूमा आधारित हुन्छ र भविष्यका घट्नाहरूले संस्था अविछिन्न नरहन सक्छ ।

५. वित्तीय विवरणहरूको खुलासा लगाएतका समग्र ढाँचा, प्रस्तुती तथा विषयको मूल्यांकन गरी वित्तीय विवरणहरूले संस्थाका कारोवारहरूको प्रतिनिधित्व गरे नगरेको मूल्यांकन गर्नु रहेको हुन्छ ।

६. प्रस्तुत वित्तीय विवरणमा हामीले व्यक्त गर्ने रायको लागि वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरू तथा व्यावसायीक कारोवारको पुष्टयाई गर्ने पर्याप्त प्रमाण प्राप्त गर्नु रहेको हुन्छ । हामी हाम्रो लेखापरीक्षणलाई आवश्यक दिशा प्रदान गर्दै लेखापरीक्षण कार्य सम्पन्न गर्न जिम्मेवार छौं । साथै हामी हाम्रो रायको लागि पुर्ण रूपमा जिम्मेवार छौ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरू पालना सम्बन्धी प्रतिवेदनः

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौ ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाको हिसाव किताव सम्वन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठिकसंग राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिवेदनसंग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्वन्धी टिप्पणीहरू संस्थाले राखेको हिसाव किताव, बहिखाता श्रेस्ता र लेखासंग दुरूस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समय दिइएको सूचना एवं स्पष्टिकरणका आधारमा एवं संस्थाको खाताहरूको परीक्षण गर्दा माथि संस्थाको संचालक समिति वा त्यसको सदस्यहरू वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारी प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिसामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्वन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणवाट हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८०।११।२० मा पेश गरेका छन्।**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)

❖ लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सांविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा २०६१।१।१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई कम्पनीले दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ। कम्पनीमा नेपाल सरकारको ९१.५० प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत एवम् सर्वसाधारणको ८.४७ प्रतिशत सेयर स्वामित्व रहेको छ। कम्पनीमा ३ हजार ६७२ कर्मचारी कार्यरत रहेका छन्। कम्पनीअन्तर्गत् ७ प्रादेशिक निर्देशनालय र १६२ ग्राहक सेवा केन्द्र सञ्चालननमा रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

